अनि महाप्रजापति गौतमी सबै अलंकारहरूले अलंकृत भई, धाईहरूद्वारा परिवृत्त भई, आपनै शीरमा सुगन्धित वस्त्र राखी— भगवान्‌लाई वस्त्र-पूजार्थ न्यग्रोधारामका जानु भयो भन्ने कुरा पपञ्चसूदनीले उल्लेख गरेको छ[1] ।

सङ्घमा वस्त्र दिन लगाउनु भयो

न्यग्रोधारामका पुगेर महाप्रजापति गौतमीले आफूले लगेको वस्त्र भगवान्‌लाई चढाउनलाग्दा वहाँले महाप्रजापति गौतमीलाई "गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिंदा म पनि पूजित हुनेछु र सङ्घ पनि" भनी तीन तीन्चारसम्म भन्नु भयो । जुन कुरालाई तल उल्लिखित "दान विभाजन[2]" शीर्षकको मूल सूत्रले प्रष्ट गरेको छ ।

तलको मूल सूत्रको अध्ययन गर्दा हामीलाई स्वभावत यस्तो मनमा लाग्न सक्छ कि — भगवान्‌ले सो वस्त्र आफूले ग्रहण गर्नु नभई किन सङ्घलाई दिन लगाउनु भएको होला ? बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम भएकोले त्यस्तो गर्न लगाउनु भएको हो कि, क्या हो ?

भगवान्‌ले त्यसो भन्नु भएको को कारणहरू प्रष्ट पार्दै सोही सूत्रकं अर्थवर्णना पपञ्चसूदनीले सविस्तर कुराहरू समुल्लेख गरेको छ । यसमध्ये केही कुराहरू निम्नप्रकार छन्—

---

१. पपं. सू. IV. पृ. १९७ : दक्खिणाविभङ्गसुत्तावण्णना ।

२ म. नि. III. पृ. ३३९ : दक्खिणाविभङ्गसुत्तं ।

Downloaded from http://www.dhamma.digital

"बुद्धभन्दा सङ्घ ठूलो छ भन्ने भावनाले सङ्घमा दिन लगाउनु भएको पनि होइन, न त सङ्घमा दिंदा आफू पनि सङ्घमै सम्मिलित हुने भएकोले नै हो। परन्तु एक मात्र आमा प्रति भएको महत् करुणाको कारणले र सङ्घ प्रति श्रद्धा चेतना उत्पन्न गराइ दिनसकेमा आमालाई धेरै बढी कल्याण हुनेछ भन्ने कुरालाई ध्यानमा राखनु भई भगवान्‌ले 'सङ्घमा देऊ' भनी भन्नु भएको हो।" अझ अगाडि यस्तो पनि उल्लेख गरेको छ—

"मलाई 'वस्त्र प्रदान गर्छु भन्ने बुद्ध प्रतिको श्रद्धा चेतनाको कारणद्वारा महारानीको चित्तमा अनेक कुशल चेतनाहरू उत्पन्न भइ नै सकेका छन्। यदि मैले यहाँलाई सो वस्त्र सङ्घमा दिन लगाउन सकेमा यहाँको चित्तमा सङ्घ प्रति दान दिने श्रद्धा चित्त उत्पन्न हुनुको साथै अरू पनि कुशल-चेतनाहरू उत्पन्न भई यहाँको बढी कल्याण हुनेछ' भन्ने विचार भएको हुँदा भगवान् बुद्धले महाप्रजापति गौतमी महारानीलाई "सङ्घमा देऊ" भनी भन्नु भएको हो। यस्तो गराउँदा सङ्घको पनि गौरव हुने र भविष्यमा लोकजनहरूले सङ्घ प्रति गौरव राख्न पनि जान्ने छन् भन्ने आदि कुराहरूलाई पनि सोच्नु भई त्यस्तो भन्नु भएको हो[१]।"

यही कुरा सम्बन्धी प्रश्न मिलिन्द राजाले नागसेन महास्थविरसँग सोध्दा महास्थविरले पनि त्यस्तै नै उत्तर दिनु भएका

---

१. पपं. सू. IV. पृ. १९७–९८ : दक्खिणाविभङ्गसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

कुराहरू मिलिन्द प्रश्नमा[1] समुल्लेख भएको पाइन्छ। उक्त कुराको सिलसिलामा उदाहरण देखाउनु हुँदै नागसेन महास्थविरले मिलिन्द राजालाई यस्तो भन्नु भएको छ—

"महाराज ! कुनै पिताले आफ्नो छोराको बखान कुनै राजाको अगाडि गर्छ भने त्यसको मतलब यो हुन सक्दैन कि आफूभन्दा छोरा ठूलो छ। कुनै माता-पिताले आफ्नो बालकलाई नुहाउँछन्, काखमा राख्छन् भने त्यसको मतलब पनि यो होइन कि बालक आमा-बाबुभन्दा ठूलो छ। कुनै राजालाई कसैले चढाएको उपहार राजाले अरू कसै-लाई दिन्छन् भने त्यसको मतलब पनि यो होइन कि राजाभन्दा उ ठूलो छ[2]।"

अतः "सङ्घमा दिदा म पनि पूजित हुनेछु र सङ्घ पनि" भन्ने वाक्यको अर्थ कदाचित् बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम छ भनी भनिएको होइन, न त भगवान् बुद्ध सङ्घमा अन्तर्गत हुनु भएको हो। यदि यसो भएमा "बुद्ध, धर्म तथा सङ्घ" भन्ने मूल सिद्धान्तसँग बाझिन जाने छ। अतएव मूल सूत्रमा उल्लेख भएको सो वाक्यको अर्थ मूल सिद्धान्तसँग न बाझिने गरी बुझेर लिन सक्नुपर्छ भन्ने आदि कुराहरू पनि पपञ्चसूदनीमै समुल्लेख भएका पाइन्छन्[3]।

---

१. पृ. २९३–९५ मा (हिन्दी)।

२. हिन्दी मिलिन्द प्रश्न पृ. २९३–९५

३. पपं. सू. IV. पृ. १९७–९९; यस्तै कुराहरू कथा. व. पा. पृ. ४७७-८१ मा पनि समुल्लेख भएका पाइन्छन्।

Downloaded from http://www.dhamma.digital

बुद्धको आज्ञा शिरोपर गरी सङ्घमा वस्त्र दान दिई अत्यन्त प्रमुदित भई महाप्रजापति गौतमी महारानी राजदरबारमा फर्कनु भयो ।

भगवान् कपिलवस्तुमा पुग्नु भएको तेश्रो दिनमा[१] महाप्रजापति गौतमीको छोरा नन्द राजकुमारलाई प्रव्रजित गर्नु भयो र सातौं दिनमा आफ्नो छोरा राहुल कुमारलाई पनि प्रव्रजित गराउनु भयो[२] । आठौं दिनमा राजदरबारमा जानु हुँदा शुद्धोदन महाराजाले बुद्ध भगवान्‌सँग बितेका दिनहरूका अनेक कुराहरू संस्मरण गर्नु हुँदै कुशल वार्ता गर्नु भयो । यस समयमा भगवान्‌ले वहाँलाई महाधम्मपाल जातकका[३] कुराहरू सुनाउनु भई वहाँलाई अनागामी-मार्ग फलमा प्रतिष्ठित गर्नुभयो[४] । अनि केही दिन पछि भगवान् बुद्ध कपिलवस्तुबाट चारिका गर्नु हुँदै[५] क्रमशः मल्लराज्यको अनुप्रिय

---

१. अप. दा. अ. क. II. पृ. २६६ : नन्दथेरापदानं; थेर. गा. अ. क. I. पृ. २७७ : नन्दथेरगाथा ।

२. हेर बु. रा. पृ. १३९ र १४४ मा ।

३. जा. अ. क. IV पृ. ८०, नं. ४४७

४. जा. अ. क. I पृ. ७५; उदा. अ. क. पृ. १७७; अप. दा. अ. क. पृ. ७९; सम. पा. पृ. ७५२; बु. रा. पृ. १३८–४१

५. अं. नि. अ. क. I. पृ. १०८ : एतदग्गवण्णना, नन्दथेरकथा ।

Downloaded from http://www.dhamma.digital

भन्ने आम्रवन[1] तिर लाग्नु भयो र त्यहाँबाट राजगृहमै फर्कनु भयो ।

शुद्धोदनको परिनिर्वाण

सत्कायदृष्टि आदि पाँच-संयोजनहरू[2] निरुद्ध हुनु भएका, संसारमा बस्नु भएर पनि कमलको पातको पानी झैं संसारबाट निर्लिप्त चित्त हुनु भएका, कुनै विषय-वासनामा कत्ति पनि आशा नलिनु भएका महर्षि शुद्धोदन महाराजाले एक दिन, सबै शाक्यगणहरूलाई भेला गर्नु भई यस्तो अनुरोध गर्नुभयो—

"हे बन्धु हो ! यदि मेरो पुत्र गृहस्थीमा बसेको भए चक्रवर्ती राजा भई सप्तरत्न[3] सम्पन्न हुनेथिए होलान् । तपाइ क्षत्रीहरू पनि उनकै

---

१. यो आम्रवन उही आम्रवन हो जहाँ वहाँ अघि प्रव्रजित भएर एकहप्ता बिताउनु भएको थियो । जा. अ.क. I. पृ. ५५ : अविदूरेनिदानकथा; बु. व. अ.क. पृ. २२६ : गोतमबुद्धवंसवण्णना । D.P.P. I. पृ. १०२ मा यहाँ देखि कपिलवस्तु ३० योजन टाढा परेको तथा कपिलवस्तुदेखि तेश्रो राज्यमा यो वन परेको कुरा पनि समुल्लेख भएको छ । जस्तै—शाक्यराज्य, कोलीय राज्य अनि मल्लराज्य । यहाँबाट राजगृह पनि ३० योजन पर्छ ।

२. पाँच-संयोजनहरू भनेका के के हुन् भन्ने बारेमा बु. प. पृ. ३२७ को पादटिप्पणीमा हेर्नू ।

३. के के लाई सप्तरत्न भन्दछन् भन्ने कुरा बु. ब्रा. पृ. १६६ मा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

परिवार हुनुहुने थियो होला । मेरो नाती राहुल कुमार पनि धेरै क्षत्री-हरूका साथ उनकै परिवार हुने थिए होलान् । तर अब मेरो पुत्र जगत-गुरु भई सम्यक् सम्बुद्ध भइसक्नु भयो । तपाइहरूले यस कुरा माथि ध्यान दिनुहोस् । बुद्ध हुनु भएको मेरो छोराको परिवार हुनुहोस् । अतः तपाइहरूले एक एक पुत्र दिनुहोस् ।''

शुद्धोदन महाराजाको अपील सुन्नेबित्तिकै एक हजार क्षत्री-कुमारहरू प्रव्रजित हुन तयार भए र प्रव्रजित पनि भएर गए[१] ।

त्यस समय भगवान् बुद्ध वैशालीस्थित कूटागार शालामा बस्दै हुनु हुन्थ्यो । एक दिन कपिलवस्तुमा शुद्धोदन महाराजा बिरामी भएको कुरा थाहा पाउनु भई शाक्यमुनि बुद्ध भगवान् केही श्रावकहरू लिई वैशालीबाट कपिलवस्तु जानु भयो । अनि स्वेतच्छत्र-मनी बसीरहनु भएको शुद्धोदन महाराजालाई धर्मोपदेश सुनाउनु भई अरहत्वमा प्रतिष्ठित गराउनु भयो । अरहत्व प्राप्तगर्नु भएका शुद्धोदन महाराजा अरहत् भएको एकसाता भित्रै—रोइरहेका शाक्य परिवारहरूलाई शान्त्वना दिनुहुँदै परिनिर्वाण हुनु भयो[२] । त्यसपछि भगवान् पनि वैशालीमै फर्केर जानु भयो ।

---

१. अं. नि. अ. क. I. पृ. १०८ : नन्दथेर, एककनिपातवण्णना; अप. दा. अ. क. I. पृ. २२६-२७ : अनुरुद्धत्थेरापदानं ।

२. थेरी. गा. अ. क. पृ. ३ : निदानकथा; थेरी. गा. अ. क. पृ. १११ : महापजापति गोतमी थेरीगाथावण्णना; अं. नि. अ. क. I. पृ. १८६ : महापजापति गोतमी, एककनिपातवण्णना; अं. नि. अ. क. II. पृ. ७७४ : गोतमीसुत्तवण्णना; थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दा थेरीगाथावण्णना ।

Downloaded from http://www.dhamma.digital

प्रव्रज्या हुने इच्छा

पुत्रहरूबाट वियोग भएर बस्नु परेता पनि बुढा हुनु भएका शुद्धोदन महाराजाको सेवा र शुश्रूषा गरी बस्नु भएकी महाप्रजापति गौतमीलाई वहाँबाट पनि सधैंकोनिमित्त विछोड भएर बस्नुपर्दा वहाँको मनमा कति गहिरो दुःख लाग्यो होला भन्ने कुरा सबैले सोचन नसक्ने होइन। शोक र दुःख हुनु स्वाभाविकनै हो। नारीजातिलाई पति विना जिउनु पानी नभएको नदी जस्तो हो भनी पालिसाहित्यले भन्द छ। त्यत्रो राज्य-सुख ऐश्वर्यमा बसिरहनु भएकी महाप्रजापति गौतमी महारानीलाई वृद्धबँशमा पतिसंग विछोड भएर बस्नपर्दा कत्रो मानसिक पीडा भयो होला भन्ने कुरा पनि सबैले बुझन नै सक्ने कुरा हो। नारीजातिलाई जतिसुकै बाहिरी मान, मर्यादा अथवा सुख ऐश्वर्य भए ता पनि भित्री हृदयमा त उसको हृदय शोकरूपी ज्वालाले जलेकै हुन्छ र पति-वियोगको काँढो गढेकै हुन्छ। नारी जातिलाई पति-वियोग जस्तो ठूलो दुःख अरू के होला र! पति विना उसको जीवनमा कुनै आश्वासन नै हुन्न। जतिसुकै परिवारहरूलिई जतासुकै गए पनि उसको हृदयले त एकलै असहाय जस्तै अनुभव गरिहाल्छ। त्यसैले पालिसाहित्यले यस्तो उल्लेख गरेको छ—

१- "नग्गा नदी अनुदका, नग्गंरट्ठं अराजिकं।
इत्थीपि विधवा नग्गा, यस्सापि दसभातरो॥

२- "धजो रथस्स पञ्ञाणं,
धूमो पञ्ञाणमग्गीनो।

Downloaded from http://www.dhamma.digital

राजा रट्ठस्स पञ्ञाणं,
भत्ता पञ्ञाणमित्थिया[१] ॥"

अर्थ —

१— "पानी नभएको नदी नाङ्गो भए जस्तै राजा नभएको देश नाङ्गो हुन्छ; विधवी स्त्री पनि नाङ्गी हो चाहे उसका दशै दाजु-भाइहरू किन नहुन् ।

२— "रथको चिन्ह झण्डा हो, आगोको चिन्ह धुँवा हो; राष्ट्रको चिन्ह राजा हो तथा स्त्रीको चिन्ह पति हो ।"

यस्तै यस्ता कारणहरूले गर्दा विधवी महाप्रजापति गौतमी महारानीको मनमा त्यागी जीवन लिई भिक्षुणी हुने इच्छा उत्पन्न भयो[२] ।

रोहिणी नदीको कारणमा झगडा

शाक्य र कोलीय नगरहरूका बीचमा रोहिणी नदी रहेको कुरा माथि पनि उल्लेख भइसकेको छ । यस नदीको पानी लगी दुवै नगरवासीहरूले खेती गर्दथे । त्यस बखत जेठको महीना थियो । एक

१. जा. पा. II. पृ. ३४२ : वेस्सन्तरजातकं, अ. क. VII. पृ. ४४७

२. थेरी. गा. अ. क. पृ. ३: निदानकथा; अं. अ. क. 1. पृ. १८६: एककनिपातवण्णना, गोतमीकथा ।

Downloaded from http://www.dhamma.digital

दिन, दुवै नगरका कामदारहरू बाँध बाँध्ने विचारले नदीमा आए। अनि कोलीय नगरका कामदारहरूले यसो भने—

"यो नदीको पानी दुवैतिर लैजाँदा कसैको पनि खेतलाई पुग्ने छैन। हाम्रो खेतमा एकपटक पानी राखेमा हाम्रो खेतको बाली सप्रिने छ। अतः यो पानी हामीहरूलाई देऊ।"

अनि कपिलवस्तुका कामदारहरूले भने—

"अँ, त्यसो भए तिमीहरूको भकारी भरी, तिमीहरूलाई पैसा तिरी हामीहरूले तिमीहरूका देलामा थैलो थाप्न आउन पर्ला! यो कुरा हुन सक्तैन। हाम्रा खेतका बालीहरू पनि एक पटकको पानीले सप्रिने छन्। अतः यो पानी हामीलाई देऊ।"

"हामी दिन सक्तैनौं, हामी दिन सक्तैनौं" भन्दाभन्दै एक-ले अर्कोलाई हात छाडचो र हुँदा हुँदै राजकुलका जातियतामा समेत आक्षेप गरी कलह बढ्न थाल्यो। यत्तिकैमा कोलीयवासीहरूले—"श्रोण-शृगाल जस्तै आपनै बहिनीहरूसँग संवास गरी बस्ने कपिल-वस्तुवासीका हात्ती, घोडा तथा भालाहरूले हामीलाई के गर्न सक्ला र! जाऊ, तिमीहरू आपना कपिलवस्तुवासीहरू लिएर फर्क!" भन्दै मुख छाडे।

शाक्यहरूका कामदारहरूले पनि—"कुष्ठिका सन्तानहरू लिएर अनाथ भई कोलवृक्षमा बस्नेहरूका हात्ती, घोडा तथा भाला-

Downloaded from http://www.dhamma.digital

हरूले मात्र हामीहरूलाई के गर्न सक्ला र ! ; जाऊ, तिमीहरूका कुष्ठ सन्तानहरू लिएर कोलवृक्षमै !" भन्दै मुख छाडे ।

अनि शाक्यहरूका कामदारहरूले आफ्नो हाकिम अमात्यकहाँ गई यो कुरा सुनाए । अमात्यले राजकुललाई सुनाए। अनि शाक्य-हरू— "बहिनीहरूसँग संवास गर्नेहरूका शक्ति देखाउने छौं" भन्दै सुसज्जित भई, युद्धको तयारी गरी निस्के । उता कोलीयहरू पनि— "कोलवृक्षमा बस्ने कुष्ठीहरूका शक्ति देखाउने छौं" भन्दै सुसज्जित भई युद्धको तयारी गरी निस्के[1] ।

त्यस बखत भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामका बस्नु हुनुहुन्थ्यो[2] । सधैं जस्तै प्रातःकालमा "आज

---

१. कुनै कुनै अर्थकथाहरूमा आइमाइहरू पानी लिन जाँदा चुम्बट (=वीडा) को कारणले कलह शुरु भएको हो भन्ने कुरा पनि उल्लेख भएको पाइन्छ । जस्तै—पपं सू. Iv. पृ. २१५: नन्दकोवादसुत्तवण्णना, अं नि. अ. क. II. पृ. ७७४ : गोतमी-सुत्तवण्णना । तर रोहिणी नदीको कारणले झगडा शुरु भएको हो भन्ने कुरा नै बहुसंख्यक अर्थकथाहरूले मानेका छन् । जा. अ. क. VI. पृ. २४९ : कुणालजातकं; अं. अ. क. 1. पृ. एक-कनिपात, गोतमीकथा ।

२. सुत्त. नि. अ. क. पृ. ३०९ : सम्मापरिब्बाजनीयसुत्तवण्णनामा भने त्यस बखत भगवान् कपिलवस्तुमै हुनुहुन्थ्यो भन्ने कुरा समुल्लेख भएको पाइन्छ । तर अरू अर्थकथाहरूमा भने छैन ।

Downloaded from http://www.dhamma.digital

कसको उद्धार गर्न सकूँला'' भन्ने विचार गरी ध्यानद्वारा लोकमा हेर्दारहनु भएको बेलामा वहाँले ''शाक्य–कोलीयहरूका बीचमा झगडा हुनेछ र आफू त्यहाँ गएमा उनीहरूका झगडाहरू शान्त भई पाँचशय (५००) शाक्यकुमारहरू प्रव्रजित हुनेछन्, अनि कपिलवस्तुमा एक ठूलो समागम भई देव-मनुष्यहरूको समेत कल्याण हुनेछ'' भन्ने कुरा थाहा-पाउनु भयो। त्यस पछि श्रावस्तीमा भिक्षाटन गर्नुभई, भोजनोप्रान्त सन्ध्यासमयमा कसैलाई खबर नगरी, पात्र-चीवर ग्रहण गरी एकलै आकाशमार्गद्वारा कपिलवस्तु जानुभयो। त्यहाँ पुगेपछि युद्धको तयारी गरी बसिरहेका दुवै कुलहरूकाबीच–आकाशमा पल्टीमारी बस्नु-भयो। उनीहरूलाई संवेग (=वैराग) उत्पन्न गराउने उद्देश्यले आँखीभौंबाट नीलो रश्मी फैलाई अन्धकार पार्नुभयो[1]।

अकस्मात् आकाशमा अन्धकार भएर आएको देखी शाक्य र कोलीयहरू सारै त्रसित भए। जब उनीहरू भयभीत भएर बसे तब बुद्धले आफ्नो शरीरबाट छवर्ण-रश्मी[2] फैलाई आफ्नो शरीरलाई देखाउनु भयो। भगवान्लाई देखेपछि कपिलवस्तुवासी शाक्यहरूले— ''अवश्यनै भगवान्ले हामीहरू लड्न लागेको कुरा जान्नु भयो होला। त्यसैले वहाँ यहाँ आउनु भएको होला। वहाँको अगाडि हामीले कसरी अर्कामाथि शस्त्र-पात गर्यौं। चाहे कोलीयहरूले हामीहरूलाई किन न

---

१. जा. अ. क. 1. पृ. २४० : रुक्खधम्मजातकं।

२. छवर्ण-रश्मी भनेका के के हुन् भन्ने बारेमा लेखकको बु. श्रा. च. पृ. ३५ : मा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

काटुन्, किन न मारून्, किन्तु हामीहरूले भगवान्को अगाडि कुनै हालतमा पनि कसैमाथि शस्त्र-पात गर्न सक्तैनौं" भन्दै सबै हात हतियारहरू भुइमा राखे। कोलीय नगरवासीहरूले पनि त्यस्तै गरे। अनि भगवान् पनि बुद्धशरीरबाट अनुपम प्रभा फैलाउनु हुँदै आकाशबाट ओर्ल्हीं, रमणीय बगरमा बिच्छ्याइराखेको आसनमा बस्नु भयो। त्यस पछि उनीहरूलाई यस्तो भन्नु भयो—

"महाराजाहो ! किन तपाइहरू यहाँ आउनु भएको ?"

"भन्ते ! हामीहरू यहाँ न नदी हेर्नकोनिम्ति र न क्रीडागर्नकोनिम्ति आएका ह्वौं, परन्तु संग्राम गर्नकोनिम्ति आएका ह्वौं।"

"महाराजाहो ! के कारणले कलह हुन लागेको त ?"

"भन्ते ! पानीको कारणले।"

"महाराजाहो ! पानीको मोल कति छ त ?"

"थोरै छ, भन्ते !"

"महाराजाहो ! पृथ्वीको मोल कति छ त ?"

"भन्ते ! धेरै छ।"

"महाराजाहो ! क्षत्रीहरूको मोल कति छ त ?"

"भन्ते ! अनर्घ छ।"

"महाराजाहो ! त्यसो भए, थोरै मोलकोनिम्ति अनर्घ क्षत्रीहरूको नाशहुने काममा लाग्न योग्य छ त ?"

"योग्य छैन, भन्ते !"

Downloaded from http://www.dhamma.digital

"महाराजाहो ! के कलहबाट कुनै आश्वासन पाउन सकिन्छ त ?"

"सकिन्न भन्ते !"

"महाराजाहो ! अतीतकालमा पनि कलहको कारणलेगर्दा ज्ञाति-बन्धुहरूका कति हानी-नोक्सानी भए" भन्नु हुँदै फन्दनजातक[१], दद्दभजातक[२] तथा लटुकिक[३] जातकका कुराहरू सुनाउनु भई— "मेलमिलाप र संगठन बलियो भएमा कसैले पनि केही गर्न नसक्ने कुरामा जोड दिई, संगठित भएर बस्नु नै ठूलो सुख हो" भन्नु हुँदै रुक्खधम्मजातक[४] को उपदेश सुनाउनु भयो । फेरि "मेलमिलापमा खलल पार्नाले र आँच ल्याउनाले आफनै जातिहरूको विनाश हुन जान्छ" भन्नु हुँदै वट्टकजातक[५] को उदाहरण पनि सुनाउनु भयो । उपरोक्त पाँच जातकका उपदेशद्वारा युद्धको दुष्परिणामलाई औंल्याई त्यसबाट कसैको पनि भलो नभई बरु आ-आफनै नोक्सानी हुने कुरा-

---

१. जा. अ. क. IV. पृ. १९६, नं. ४७५

२. जा. अ. क. III. पृ. ५३, नं. ३२२; सिंहल र रोमनमा यस जातकको नाम 'दुद्दुभजातक' र 'दुद्दभजातक' भनी उल्लेख गरेको छ ।

३. जा. अ. क. III. पृ. १२०, नं. ३५७

४. जा. अ. क. I. पृ. २४०, नं. ७४

५. जा. अ. क. I. पृ. १५७, नं. ३३; यस जातकलाई मूलपालि र अट्ठकथाले 'सम्मोदमानजातक' भनी उल्लेख गरेका छन् ।

Downloaded from http://www.dhamma.digital

तिर ध्यानाकर्षित गराउनु भई सबैलाई निबेको आगोझैं शान्त पार्नु-भयो। अन्तमा लडाई-झगडाको कारणहरू देखाउनु हुँदै अत्तदन्त-सुत्त[1] को उपदेश पनि दिनु भयो।

उपदेश सुनीसके पछि दुवै थरीका शाक्यहरू अत्यन्त प्रफुल्लित भई— "यदि भगवान् यहाँ नआउनु भएको भए हामीहरूको विनाशहुने थियो र रगतको खोला बग्ने थियो। भगवान् यहाँ आउनु भएकोले हामीहरूका उद्धार भयो" भनी "भगवान् गृहस्थीमा हुनु भएको भए पनि हामीहरू वहाँकै क्षत्री परिवारहरू हुने थियौं र अहिले पनि हामीहरू वहाँकै परिवारनै ह्वौं" भन्दै दुवै पक्षले अढाइशय (२५०) अढाइशय क्षत्री राजकुमारहरू अर्पित गरे। भगवान्ले ती सबै क्षत्री-राजकुमारहरूलाई प्रव्रजित गराउनु भयो र कपिलवस्तुकै महावनमा जानु भयो[2]।

Dhamma.Digital

घर त्यागेर गए

ती दिनहरूमा भगवान् बुद्ध ती पाँचशय (५००) भिक्षुहरू लिई एक दिन कपिलवस्तु नगरमा र अर्कोदिन कोलीय नगरमा भिक्षा-

---

१ सुत्त. नि. पृ. ४१३, अ. क. पृ. ४५३

२ जा. अ. क. VI, पृ. २४९: कुणाल जातकं, नं. ५३६; सुत्त. नि. अ. क. पृ. ३०९: सम्मापरिब्बाजनीयसुत्तवण्णना; धम्म. प. अ. क. पृ. ४५९: ञातकानं कलह वूपसमनवत्थु, वर्ग–१५

Downloaded from http://www.dhamma.digital

टन् गरी कपिलवस्तुमै बस्नुहुन्थ्यो । दुवै नगरहरूमा वहाँहरूको ठूलो स्वागत भयो । यो दृश्य देखेर पाँचशय भिक्षुहरूका पहिलेका स्त्रीहरूले वहाँहरूलाई घरफर्कने अनुरोधगरी कसैले दूत पठाए र कसैले पत्र पठाए[१] । आ-आपना स्त्रीहरूबाट पाएको समाचार र पत्रहरूद्वारा वहाँहरूको मन घरफर्कनेतिर नै उत्कण्ठित हुनथाल्यो । यी कारणलाई बुझी एक दिन, भगवान्ले वहाँहरू सबैलाई हिमाल पहाडतिर[२] लैजानु भयो । त्यहाँ कुणाल जातकका कुराहरूद्वारा स्त्रीहरूका दुर्गुणहरू सुनाई, चतुरार्यसत्यको धर्मोपदेश पनि गरी वहाँहरूको मनबाट अनभिरत हटाई वहाँहरूसबैलाई भगवान्ले आर्यमार्ग-फलमा[३] प्रतिष्ठित गराउनु भयो । त्यस पछि महावनमा फर्केर पुनः उत्तरोत्तर ध्यानका कुराहरू सुनाउनु भयो र वहाँहरू सबैले अरहत्व साक्षात्कार गर्नु भयो[४] ।

जब वहाँहरूले फेरि आ-आपना अघिका स्त्रीहरूबाट पत्रहरू तथा

---

१. जा. अ. क. VI. पृ. २५१: कुणाल जातकं; सुत्त. नि अ. क. पृ. ३१०: सम्मापरिब्बाजनीयसुत्तवण्णना ।

२. पपं. सू. IV. पृ. २१५ र अं. अ. क. II. पृ. ७७४ मा वहाँहरूलाई हिमाल पहाडको कुणाल-दहमा लैजानु भयो भन्ने कुरा समुल्लेख भएको पाइन्छ ।

३. सबभन्दा तल्लो स्रोतापत्ति-फल र सबभन्दा माथिल्लो अनागामी-फललाई 'आर्यमार्ग फल' भन्दछन् । यसमध्ये वहाँहरू सबै स्रोतापत्ति–मार्ग–फलमा पुग्नुभयो । सुत्त. नि. अ. क. पृ. ३१०; अं. अ. क. II. पृ. ७७४.

४ जा अ. क. VI. पृ. २५१–५८; सुत्त. नि. अ क. पृ. ३१०.

Downloaded from http://www.dhamma.digital

समाचारहरू पाउनुभयो तब उनीहरूलाई– "अब हामीहरू घरफर्कने स्थितिमा छैनौं" भनी खबर पठाउनु भयो । यो खबर सुनी तो पाँचशय शाक्य स्त्रीहरूका मनमा— "त्यसोभए हामीहरू पनि महाप्रजापति गौतमी महारानीकहाँ गई, वहाँको आज्ञा लिई प्रव्रजित हुनुपर्‍यो" भन्ने विचारगरी उनीहरू सबै वहाँकहाँ गई सो कुरा विन्तिगरे[१] । यो कुरा सुनी विधवी महाप्रजापति गौतमीको प्रव्रज्याहुने इच्छालाई टेवा मिल्यो र त्यस पछि ती स्त्रीहरूका साथ भगवान्‌कहाँ गई वहाँले "नारीजातिको-निमित्त प्रव्रज्या दिलाई पाऊँ" भनी विन्तिगर्नु भयो । तर महाकारुणिक भगवान् बुद्धले अघि जस्तै[१] "गौतमी ! यस्तो इच्छा नराख" भनी जवाफ दिनुभयो[२] । तीन तीन पटक सम्म यस्तै जवाफ दिनुभए पछि महाप्रजापति गौतमी अत्यन्त दुःखी तथा दुर्मन भई फर्केर जानुभयो । जुन कुरा तल उल्लिखित "गौतमी प्रव्रज्या" शीर्षकमा समुल्लेख भएकोछ ।

भगवान् इच्छानुसार कपिलवस्तुमा बस्नु भई त्यस पछि अनुरित[३] चारिका गर्नुहुंदै क्रमसँग वैशालीमा पुगी उहीं बस्नुभयो । यो थियो वहाँको पञ्चम वर्षावास[४] ।

---

१. अं. नि. अ. क. I. पृ. १८६: एककनिपातवण्णना. महापजापतिगोतमी; थेरी. गा. अ. क. पृ. ३: निदानकथा ।

२. अं. नि. अ. क. II. पृ. ७७४: गोतमिसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. १८६.

३. अं. नि. अ. क. II. पृ. ७७५: गोतमीसुत्तवण्णना ।

४. हेर. बु. रा. पृ. १५२ को पादटिप्पणीमा ।

Downloaded from http://www.dhamma.digital

भगवान् बुद्ध वैशाली जानुभए पछि–अरू कुनै उपाय सोच्न न सक्नुभई, प्रव्रज्या माग्दा पनि भगवानले स्वीकृति दिनु न भएको कारणले गर्दा,[१] नाउलाई बोलाई केश क्षौरगरी,[२] भगवान् बुद्धकै उद्देशण लिई कषाय-वस्त्र धारणगरी, राजदरवारमै प्रव्रज्याभेष धारणगरी, ती पाँचशय शाक्यस्त्रीहरूलाई पनि कषाय-वस्त्र धारण गराई[३]–महाप्रजापति गौतमी वैशालीकोनिमित्त प्रस्थान गर्नु भयो[४] ।

राजदरवारबाट निस्केर जान लाग्नुहुँदा, शाक्य राजाहरूले वहाँको यात्राकोलागि सुवर्णमय पाल्की सहित चाहिने व्यवस्था सबै गरिदिए । किन्तु बुद्ध प्रति अटल श्रद्धाहुनु भएकी तथा त्याग बाहेक अरू कुनै आशा न राख्नु भएकी असीवर्षीया विधवी महारानी, राजाहरूले प्रबन्ध गरिदिएको पाल्कीमा जानु उचित नठानी, जतिबुकै सुकुमारीभई पैदल हिडने बानी न भए ता पनि कपिलवस्तुबाट वैशाली सम्मको

---

१. थेरी. गा अ. क. पृ. ३: निदानकथा; थेरी. गा. अ. क. पृ. १११; अं. अ. क. I. पृ. १८६.

२. अं. अ. क. I.पृ. १८६.

३. अ. अ. क. II, पृ. ७७५; थेरी. गा. अ. क. ३: निदानकथा; जा. अ. क. I. पृ. ६३९: अब्भन्तर जातकं, नं. २८१.

४. पपं. सू. IV. पृ. २१५: नन्दकोवादसुत्तावण्णनामा ती पाँचशय स्त्रीहरू महाप्रजापति गौतमीकहाँ प्रव्रजित भएकाथिए भन्ने कुरा समुल्लेख भएको पाइन्छ; अं. अ. क. I. पृ. १७३: एककनिपातवण्णना, नन्दकभिक्खु ।

Downloaded from http://www.dhamma.digital

एकाउन्न (५१) योजन[१] लामो बाटो पैदलनै हिंडेर जानुभयो। वहाँको रक्षाकोनिमित्त राजाहरूले अगाडि पछाडि अङ्गरक्षकहरू राखिदिए। भोजन तथा अरू व्यवस्थागर्नकोनिम्ति अनेकौं राजकर्मचारीहरू पनि साथमा खटाइदिए[२]।

जीवनमा कहीँल्यै पनि हिडनु न भएको महारानी अतिकठोरता-पूर्वक पाँचशय स्त्रीहरूकासाथ पैदल हिंडेर वैशालीमा आइपुग्नुहुँदा वहाँको खुट्टा सुन्निएकोथियो, ठाउँ ठाउँमा फोकाहरू पनि उठेका थिए र आँङभरी धूलै धूलो परेको थियो। जुन कुरा तल उल्लिखित "गौतमी-प्रव्रज्या" शीर्षकको मूलसूत्रले समुल्लेख गरेकोछ।

प्रव्रज्यात्व लाभ

वैशालीमा पुगेर महावन भित्रको कूटागार विहारमा जानुभई, भगवान् बस्ने कोठाको दैलो बाहिरै गहभरी आँसुपारी सुँक्क सुँक्क रूँदै महाप्रजापति गौतमी उभिइरहनुभयो। त्यसबेला वहाँको मनमा अनेक तर्क-वितर्कनाहरू भइरहेका थिए।

"तथागतको स्वीकृतिविना मैलेस्वयं कषाय-वस्त्र धारणगरी प्रव्रज्या-भेष धारणगरें। यो कुरा सारा जम्बुद्वीपमा फैलि पनि सक्यो।

---

१. एक योजनको चारकोस हुन्छ। अमरकोष पृ. ३०१; यसबारे बु. म. पृ. ३८ को पादटिप्पणीमा पनि हेर्नू।

२. अं. अ. क. II. पृ. ७७५: गोतमीसुत्तावण्णना।

Downloaded from http://www.dhamma.digital

यस्तो अवस्थामा यदि मैले भगवान्‌बाट स्वीकृत पाउनसकेत राम्रै भयो, यदि स्वीकृत पाउन सकिन भने मेरो के गति हुनेहोला, कसरी मैले समाज-लाई मुख देखाउने !" भन्ने जस्ता धन्दा मनमा लागेकोहुँदा एक्कासी भगवान्‌सँग भेट्ने साहस गर्न नसकी ढैलोनिरै उभिई वहाँ चिन्तामा डुबिरहनु भएकोहो[१]। त्यसैले तल उल्लिखित मूलसूत्रमा "कोठा बाहिरको ढैलोनिर उभिइरहनुभयो" भन्ने कुरा समुल्लेख भएकोहो।

त्यसबेला भगवान्‌को कोठाबाट बाहिर निस्कनुभएका आनन्द स्थविरले अकस्मात् त्यस्तो भेषलिई तथा सुन्नेको खुट्टालिई, गह्रभरि आँसुपारी, आङ्‌भरी धूलै धूलोपारी, सुँक्क सुँक्कगरीरूँदै उभिइरहनु-भएकी ठूलीआमा महाप्रजापतिको अनुहार देखेर वहाँलाई सारै आश्चर्य लाग्यो र वहाँको मनमा दुःख पनि लाग्यो। अनि वहाँले गौतमीसँग अत्यन्त सहानुभूति पूर्वक सोध्नुभएको प्रश्नको जवाफ दिनुहुँदै महाप्र-जापति गौतमीले यस्तो भन्नुभयो—

"भन्ते ! सबै पुत्रहरूसँग वियोगभई यस्तो उमेरमा पुगेकी, त्यसमाथि पनि विधवी हुनपरेको म अभागिनीले कसको मुख हेरेर बसूँ !, के आश्वासन लिई राजप्रासादमा बसूँ !; मेरोनिमित्त सर्वोत्तम शोभा भने पनि आश्वासनमने पनि भगवान्‌कै शासनमा प्रव्रजित भएर बस्नुबाहेक अरू के हुनसक्ला र !! यस्तै विचारगरेरनै मैले भगवान्-सँग नारीजातिकोनिम्ति प्रव्रज्या मागेको थिएँ। तर वहाँले तीन तीन पटकसम्म पनि अनुमति दिनचाहनुभएन। यस्तो परिस्थितिमा आफैले

१. अ. नि. अ. क. II. पृ. ७७५.

Downloaded from http://www.dhamma.digital

प्रव्रज्या-भेष धारणगर्ने बाहेक अरू केगरूँ र !"

यो कुरा सुन्नेबित्तिकै, मात्रो-स्नेहको कारणले भावुकतामा आउनु भएका आनन्द स्थविरले "त्यसो भए, भगवान्‌सँग स्त्रीजातिको-निम्ति प्रव्रज्याको अनुमति मागुञ्जेलसम्म तपाइ केहीछिन यहीँनै बस्नुहोस्" भनी उत्तिखेरै भगवान्‌कहाँ गई आनन्द स्थविरले नारीजातिकोनिम्ति प्रव्रज्या पाउने प्रार्थनागर्नु भयो ।

आनन्द स्थविरको सहानुभूतिपूर्ण वाक्य सुन्ने बित्तिकै गौतमी-को हृदय शोकाग्नि शान्तभयो, हृदय हलुँगो भयो, मनमा पूर्णाशाको लहर फैलियो तथा पूर्ण आश्वस्त भई हर्षित चित्त लिई उत्तरको प्रती-क्षामा उहींनै पर्खेर बस्नुभयो ।

यस पछिका अरू कुराहरू तल उल्लिखित "गौतमी प्रव्रज्या" शीर्षकको मूलसूत्रमै प्रष्ट भएकोहुँदा यहाँ उल्लेख गरिएको छैन । अनि अष्ट-गुरु-धर्महरूका मूलसिद्धान्त–नियमहरूलाई स्वीकारगरी महाप्र-जापति गौतमी बुद्धधर्ममा सर्वप्रथम भिक्षुणी हुनुभयो ।

भिक्षुणी बनाउनमा ढिलाई

तलका उक्त मूलसूत्र पढदा शायद कुनै पाठकको मनमा यस्तो-लाग्न सक्छ कि—"भगवान्‌ले नारीजातिकोनिम्ति अगाडिनै किन प्रव्रज्या दिनु नभएको होला ? यसमा किन ढिलाइ गर्नु भएको होला ?"

यस सम्बन्धमा अर्थकथाहरूले[१] यस्तो उल्लेख गरेकाछन्—

---

१. अं. अ. क. II. पृ. ७७५: गोतमीसुत्तावण्णना; सम. पा. पृ. ९५१: भिक्खुणीक्खन्धकवण्णना, चुल्लवग्गवण्णना ।

Downloaded from http://www.dhamma.digital

"नारीजाति स्वभावतः अल्पप्राज्ञी हुन्छन्[१] । अतः एकैचोटि अनुमतिदिदा राम्ररी धर्मलाई गौरव राख्नेछैनन् । बार बार याचना गरेपछि अनुमतिदिदा प्रव्रज्यात्वको बढी कदर हुनेछ र भविष्यकोनिमित्त आदर्श पनि रहनजानेछ भन्ने आदि कारणहरूलाई ध्यानमा राख्नुभई, महाकारुणिक बुद्धले एकैचोटि अनुमति दिनु नभएको हो । कष्टपूर्वक प्रव्रज्यात्वपाएपछि 'हामीहरूले बडो कष्टपूर्वक पाएका प्रव्रज्यात्वलाई प्राणसमान जीवनभर राम्ररी पालनगर्नु पर्छ' भन्ने जस्ता भावना तथा गौरव भिक्षुणीहरूमा हुनेछ र उनीहरूले प्रव्रज्याको नियमलाई अत्यन्त गौरव राख्न सकुन् भन्ने आदि कारणहरूलाई पनि ध्यानमा राख्नु भई यहाँले अनुकम्पापूर्वक नै एकैचोटि अनुमति दिनु नभएको हो ।"

उपरोक्ताकारले कठोरतापूर्वक अष्ट-गुरु-धर्मको नियमलाई जीवनभर कुनै त्रुटी नहुनेगरी पालनगर्ने करारगरी भिक्षुणी हुनुभएकी महाप्रजापति गौतमीले केही समय नबित्दैमा सो कुरालाई बिर्सनु भएको कुरा एक दिन, यहाँले आनन्द स्थविरकहाँ गई—"भिक्षु र भिक्षुणीहरूका बीच परस्पर वन्दना गराउनपाए बेशहुनेथियो[२]" भन्ने अभिलाषा व्यक्तगर्नु भएबाट पनि 'नारीजाति अल्पप्राज्ञी हुन्छन्' भन्ने

---

१. स्त्रीजाति अल्पप्राज्ञी हुन्छन् आदि भनेको कुरा बुझ्न अं. नि—४ पृ. ८७ कम्बोजसुत्तं; अं. नि—४. पृ. २१६: मल्लिकादेवीसुत्तं पनि हेर्नु बढिया हुनेछ ।

२. यो कुरा तल उल्लिखित 'वरयाचना' शीर्षकको मूलपालिमा समुल्लेख भएकोछ ।

Downloaded from http://www.dhamma.digital

कुराको स्वभाव झल्काउँछ ।

मोक्षप्राप्तिकोनिमित्त स्त्री-पुरुषत्वको कुनै भेद-भाव अथवा लिङ्ग-मर्यादाको आवश्यकता न रहेता पनि मनुष्यसमाजमा यसको मर्यादा त रहिनै रहनेछ । तत्कालीन समाजमा नारीजातिलाई भिक्षुणीत्वमा प्रवेश गराउँदा, उनीहरूको आरक्षाकोनिमित्त व्यवस्था मिलाउन पर्दा महाकारुणिक बुद्ध-भगवान् माथि कत्रो सामाजिक जवाफदेही आइपर्योहोला भन्ने कुराको अनुमान, निस्पक्षढंगले विचारगर्ने कुनै पनि बुद्धिजीवीले गर्नसक्नेछन् ।

स्त्रीत्वको स्वभावलाई जति गहिराइपनमा वहाँले बुझ्नसक्नुहुन्छ उति गहिराइपनमा पुगेर अरू कसैले बुझ्नसक्ला भनी भन्न गहारैछ । स्त्रीजातिको कमजोर स्वभावलाई तथा त्यसताकाका नारीसमाजलाई, राजपरिवारका स्त्रीहरूलाई, उनीहरूको सुरक्षालाई तथा भिक्षु र भिक्षुणी दुवै समाजको हितलाई समेत ध्यानमा राख्नुभई वहाँले दयापूर्वक, परिस्थिति अनुसार समय समयमा नियम र उपनियमहरू बनाई नारीजातिको ठूलो कल्याण गर्नुभयो । उनीहरू प्रति युक्तियुक्त ढंगले सहानुभूति दर्शाउनुभयो । मोक्षकोनिम्ति स्त्री-पुरुष दुवैको मार्ग खोलिदिनुभयो र समाजको उत्पीडनताबाट मुक्त हुने बाटो पनि उघारिदिनुभयो । यदि वहाँको मनमा नारीजाति प्रति पक्षपात अथवा अरू कुनैप्रकारको कुभावना रहेको भए वहाँले—"जबसम्म भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाहरू व्यक्त तथा समर्थ हुनेछैनन् तबसम्म म परिनिर्वाण हुनेछैन[१]" भन्ने

---

१. यो कुरा तल उल्लिखित 'मारयाचना' शीर्षकमा समुल्लेख भएकोछ ।

Downloaded from http://www.dhamma.digital

जस्ता कुराहरू मारलाई भन्नुनै हुनेथिएन ।

अरहत्व प्राप्ति

त्यस पछि महाप्रजापति गौतमी भिक्षुणीको मनमा आफूसँगै आएका ती पाँचशय शाक्य-स्त्रीहरूको बारेमा केगर्नु पर्ला भन्ने विचार भएपछि भगवान्कहाँ गई वहाँले सो कुरा विन्तिगर्नु भयो । भगवान्ले यसै सन्दर्भमा भिक्षुसंघलाई एकत्रित पार्नु भई—"भिक्षुहो ! स्त्रीहरूलाई उपसम्पन्न गर्ने[1] नियम प्रज्ञापन गर्छु" भनी नियम प्रज्ञापन गरिदिनु भयो । यो कुरा तल उल्लिखित 'भिक्षुणीहरूको उपसम्पदा' शीर्षकमा समुल्लेख भएको छ । त्यसपछि भिक्षुसङ्घले ती पाँचशय शाक्य-स्त्रीहरूलाई एकसाथ[2] विधिपूर्वक[3] उपसम्पन्न गरे ।

यसरी ती पाँचशय शाक्य-स्त्रीहरू पनि विधिपूर्वक उपसम्पन्न भए ।

---

१. पूर्ण भिक्षु वा भिक्षुणीत्वलाई 'उपसम्पन्न' भनिन्छ ।

२. सम. पा. पृ. ९५२: भिक्खुणीक्खन्धवण्णना, चुल्लवग्गवण्णना; थेरी. गा. अ. क. पृ. १११.

३. सम. पा. पृ. ९५२: उपसम्पन्न गर्ने सम्बन्धी विधिका कुराहरू; महा. व. पा. पृ. २३: पब्बज्जूपसम्पदाकथा; उहीं पृ. ५३: अत्तिचतुत्थकम्म उपसम्पदा; उहीं पृ. ६७: उपसम्पादेतब्बपञ्चकं; उहीं पृ. ७१: उपसम्पादेतब्बछक्कं तथा उहीं पृ. ८०: उपालि-दारकवत्थुमा पनि हेनुं बेशहुनेछ ।

Downloaded from http://www.dhamma.digital

एक दिन महाप्रजापति गौतमी भिक्षुणीको मनमा भिक्षु र भिक्षुणीहरूका नियमहरू सम्बन्धी विषयमा कस्तो व्यवहार गर्नुपर्ला भन्ने विचार आएपछि, भगवान्कहाँ गई त्यस सम्बन्धमा प्रश्न सोध्नुभयो। अनि भगवान्ले वहाँलाई त्यस सम्बन्धमा उत्तर दिनुभयो। जुन कुरा तल उल्लिखित "शिक्षापदबारेमा के गर्ने ?" शीर्षकमा समुल्लेखभएकोछ।

अर्को एक दिन, वहाँ वैशालीमै बसिरहनु भएको बेलामा वहाँको मनमा--"सागर समान गम्भीर र पृथ्वी समान महाविशाल बुद्धको सबै धर्म-विनयहरूलाई म जस्तो वृद्ध बैंश भएकीले कहीले सिक्न सकूँला र ! अतः भगवान्बाट संक्षेपरूपमा केही धर्मोपदेश सुन्नपाए हुन्थ्यो; जुन कुरा सुनी म एकान्तमा बसी ध्यान-भावना गर्नसकूँ" भन्ने लागेपछि भगवान्कहाँ गई सोही अनुसार बिन्तिगर्नुभयो र भगवान्ले पनि गौतमीको चित्ताचारलाई विचार गर्नुभई तथा वहाँले बुझ्नसक्नेगरी बुद्ध–धर्मको रुप-रेखालाई प्रवृत्ति र निवृत्ति दुइ अङ्गहरू देखाई, संक्षेपरुपमा धर्मोपदेश गर्नुभई, उपयुक्तहुने ध्यानको कुरा पनि सुनाउनुभयो[१]। जुन धर्मोपदेशका कुराहरू तल उल्लिखित "संक्षिप्तधर्म" शीर्षकमा समुल्लेख भएकाछन्। उपदेश सुनिसके पछि महाप्रजापति गौतमी भिक्षुणी एकान्त ध्यानमा तल्लीनभई बसिरहनु भएको बेलामा वहाँको चित्त आस्रवहरूबाट विनिर्मुक्त भई, यसै जीवनमा अनास्रवीभई

---

१. थेरी. गा. अ. क. पृ. १११.

Downloaded from http://www.dhamma.digital

वहाँले चतुप्रतिसम्भिदा[१] र षडभिज्ञ-ज्ञानहरू[२] सहित अरहत्व[३] साक्षात्कार गर्नुभयो[४] ।

कपिलवस्तुमा

त्यस बखत भिक्षुणीहरूका संख्या पनि निक्कै धेरै पुगिसकेको थियो । स्थविर भिक्षुहरूले भिक्षुणीहरूलाई अववाद-उपदेश दिने गर्दथे । यसद्वारा वहाँहरू लाभान्वित पनि हुन्थे । यो देखेर छवर्गीय भिक्षुहरूले पनि त्यस्तै गर्नथाले र उपदेशका कुराहरूभन्दा तिरश्चीनकथाहरू[५] सुनाई दिन बिताउँदथे । यो कारणलाई बुझ्नुभई भगवान्‌ले 'सम्मत[६]'

---

१. हेर लेखको बु. म. पृ. २०९ को पादटिप्पणीमा र बु. श्रा.च पृ. २२९ को पादटिप्पणीमा ।

२. हेर लेखकको बु. श्रा. च. पृ. २३० को पादटिप्पणीमा र बु. प. पृ. ४५८–६३ मा ।

३. 'अरहत्व' भनी भवचक्रको आवागमनबाटमुक्त, तृष्णाक्षय, निर्वाण प्राप्तिलाई भनिएको हो ।

४. सम. पा. पृ. ९५२; अं. नि. अ. क II. पृ. ७७७: संखित्त-सुत्तवण्णना; थेरी. गा. अ. क. पृ. १११; अं. अ. क. I. पृ. १८६: एककनिपातवण्णना, गोतमी ।

५. हेर लेखकको बु. प. पृ. ४२० मा ।

६. कस्ता भिक्षुलाई 'सम्मत' गर्नुपर्छ भन्ने कुरा तल "बिरामी गौतमी" शीर्षक अन्तर्गत पादटिप्पणीमा समुल्लेख गरेकोछु ।

Downloaded from http://www.dhamma.digital

प्राप्त न भएका भिक्षुहरूले अववाद-उपदेश दिन नहुने नियम बनाइ-दिनुभयो[१] ।

यस पछि छवर्गीय भिक्षुहरूले भिक्षुणीहरू बस्ने ठाउँमा (भिक्खुनुपस्सयं) गई अववाद-उपदेश दिन थाले । यसमा पनि प्रतिबन्ध लगाई भगवान्‌ले भिक्षुणीहरू बस्ने ठाउँमा गई अववाद-उपदेश दिन नहुने नियम बनाइ दिनु भयो[२] ।

कपिलवस्तुमा बसेकै समयमा महाप्रजापति गौतमी भिक्षुणी बिरामी हुनु भयो । भगवान् बुद्ध पनि कपिलवस्तुमै हुनु हुन्थ्यो । केही स्थविर भिक्षुहरू बिरामी गौतमीलाई हेर्न जानु भयो । त्यसबखत गौतमी भिक्षुणीले स्थविर भिक्षुहरूसँग उपदेश गर्ने अनुरोध गर्नुभयो । तर भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुले उपदेश गर्न नहुने नियम बनि-सकेको हुँदा सकोचमान्दै वहाँहरू उपदेश नगरी त्यसै फर्केर जानुभयो । यसबाट वहाँ चिन्तित हुनुहुन्थ्यो । किन भने अघि अघि बिरामीहुँदा स्थविर भिक्षुहरूबाट अववाद-उपदेश सुनेर नै वहाँको रोग सच्चो हुन्थ्यो । यस्तै अवस्थामा भगवान् बुद्ध पनि बिरामी गौतमीलाई हेर्न जानु भयो । भगवान्‌ले महाप्रजापति गौतमीसँग "अहिले कस्तो छ त ?" भनी सोध्नु हुँदा वहाँले भगवान्‌लाई यस्तो भन्नुभयो—

---

१. पाचि. पा. पृ. ७५: भिक्खुनोवादकसम्मन्नने, एकवीसतिम-पाचित्तियं ।

२. पाचि. पा. पृ. ८३: भिक्खुनुपस्सयुपसङ्कमने, तेवीसतिम पाचि-त्तियं ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! अघि अघि बिरामी हुँदा स्थविर भिक्षुहरूबाट धर्मोपदेश सुनेपछि मलाई सञ्चो हुन्थ्यो । अब भगवान्‌ले भिक्षुणीहरू-कहाँ गई उपदेश गर्न नहुने नियम बनाइदिनु भएको हुँदा स्थविर भिक्षुहरू आउनु भएता पनि उपदेश नगरीकनै फर्केर जानुहुन्छ; त्यसैले मलाई सञ्चो भएको छैन ।

त्यसपछि महाप्रजापति गौतमीलाई भगवान्‌ले धार्मिक कथा-द्वारा सन्तुष्ट पार्नु भई फर्केर जानु भयो । अनि यसै सन्दर्भमा भिक्षु सङ्घलाई एकत्रित पार्नुभई बिरामी भिक्षुणीकहाँ गई अववाद-उपदेश गर्नहुने उप-नियम बनाइ दिनुभयो । जुन कुरा तलको "बिरामी गौतमी" शीर्षकमा समुल्लेख भएको छ ।

कपिलवस्तुमा छँदा नै वहाँले भगवान्‌लाई स्त्रीहरू दुर्गन्धी हुन्छन् भन्ने र छवर्गीय भिक्षुहरूले भिक्षुणीहरू लगाई ऊन धुन लगाएका कुरा पनि सुनाउनु भएको थियो । जुन कुराहरू तलका "स्त्रीहरू दुर्गन्धी हुन्छन्" र "भिक्षुहरूले ऊन धुन लगाउँदछन्" शीर्षकहरूमा समुल्लेख भएका छन् ।

श्रावस्तीमा

एक दिन, श्रावस्तीमा भिक्षुणीहरूका बीच यस्तो कुरा चल्यो—

"महाप्रजापति गौतमी" आफैले कषाय-वस्त्र धारणगरी, आफै प्रव्रजित भई घरबाट आउनु भएको छ । वहाँको न आचार्य नै देखिन्छ न त उपाध्यायनै ।"

Downloaded from http://www.dhamma.digital

यस कुराबाट शंका र सन्देह उत्पन्नगरी भिक्षुणीहरूले वहाँलाई सम्मिलित गराई न उपोथ गरे[१] न त पवारणा[२] नै ।

भिक्षुणीहरूका यस कार्यबाट महाप्रजापति गौतमीलाई सारै अप्ठ्यारो लाग्यो । अनि वहाँले यस सम्बन्धमा भगवान्‌लाई विन्ति गर्नुभयो । भगवान्‌ले बेठाउँमा उठेका भिक्षुणीहरूका शंका र सन्देहलाई दूर गर्नुहुँदै यस्तो घोषणा गर्नुभयो—

"अष्ट-गुरु-धर्मका नियमहरू बनाई मैले गौतमीलाई दिएँ । ती नियमहरूलाई पालन गर्ने स्वीकार गरेकै बेलादेखि गौतमी उपसम्पन्ना भिक्षुणी भइन् । उनको उपाध्याय भने पनि आचार्य भने पनि म नै हुँ । कायदुश्चरित्रादिबाट सुदूर भई बस्ने क्षीणास्रवी भिक्षुणी प्रति कुनै शंका वा सन्देह गर्नु पर्दैन[३] ।"

यसपछि भगवान्‌ले निम्न गाथा पनि सुनाउनु भयो—

'यस्स कायेन वाचाय, मनसा नत्थि दुक्कतं ।
संवुतं तीहिठानेहि, तमहं ब्रूमि ब्राह्मणं' ति[४] ।।"

---

१. प्रत्येक दुइहप्तामा एक विशेष स्थानमा बसी भिक्षु, भिक्षुणी-हरूले गर्ने शुद्धिकर्मलाई 'उपोसथ' भनिएको हो ।

२. वर्षावास सिद्धिएको दिनमा भिक्षु, भिक्षुणीहरूद्वारा गरिने उपोसथ कर्मलाई 'पवारणा' वा 'प्रवारणा' भनिएको हो ।

३. धम्म. प. अ. क. पृ. ६२९ : महापजापति गोतमीयावत्थु, ब्राह्मणवर्ग-२६

४. धम्म. प. पा. पृ. ५४ : ब्राह्मणवग्गो–२६, गा. नं. ३९१

Downloaded from http://www.dhamma.digital

अर्थ—

"जसको कायले, वचनले, तथा चित्तले कुनै दुष्कर्महरू गर्दैन; जो तीनै द्वारहरूमा सुसंयमी छ—त्यसैलाई म ब्राह्मण भन्दछु।"

एक दिन, कौशाम्बिक[१] झगडालु भिक्षुहरू श्रावस्तीमा आउँदै छन् भन्ने खबर सुनेर उनीहरू प्रति कस्तो व्यवहार गर्नुपर्ला भन्ने कुरा महाप्रजापति गौतमीले भगवान्‌सँग सोध्दा जुन कुरा भगवान्‌ले जवाफ दिनुभयो सो कुरा तलकै "कौशाम्बिक भिक्षुहरू" शीर्षक अन्तर्गत उल्लेख भएको छ।

भिक्षुणीहरूलाई अववाद-उपदेश दिने बारेमा बनेको नियमहरूको सम्बन्धमा माथि चर्चा गरिसकेकै छ। यस पछि भिक्षुसङ्घले क्रमैसित पालो पालो गरी उपदेश गर्न जाने भिक्षु तोकीदिने नियम बनेको कुरा पनि पाचित्तियपालिबाट थाहा हुन्छ[२]। त्यस्तो तोकिएको भिक्षुले सूर्य अस्त हुनु अगाडि नै फर्कनुपर्ने नियम पनि बनेको कुरा उहीं नै समुल्लेख भएको पाइन्छ।

एक दिन, महाप्रजापति गौतमीसँग प्रव्रजित भएका पांचशय भिक्षुणीहरूकहाँ गई उपदेश गर्ने पालो आयुष्मान् नन्दकको पर्‍यो।

---

१. कौशम्बिक भिक्षुहरू भनेका को हुन् भन्ने बारेमा हेर्नू बु. म. पृ. १२२ को पादटिप्पणीमा।

२. पाचि. पा. पृ. ८१: अत्थङ्गते सुरिये ओवादाने, बावीसतिम-पाचित्तियं, अ. क. पृ. ५८७ : पाचित्तियवण्णना।

Downloaded from http://www.dhamma.digital

तर वहाँ उपदेशगर्न त्यहाँ जान चाहनु हुन्नथ्यो र यो उपदेश गर्न जाने कामलाई वहाँ प्रपञ्च जस्तै ठान्नु हुन्थ्यो[1]। वहाँले भिक्षुसङ्घलाई यो कुरा अवगत पनि गराउनु हुन्थ्यो। तल उल्लिखित नन्दकोवाद-सूत्रको अर्थवर्णनाले र अरू अर्थकथाहरूले यसको कारणहरू प्रष्ट-पार्दै यस्तो उल्लेख गरेका छन्।

उपदेश गर्न जाने भिक्षु प्रति भिक्षुणीहरूको चित्त प्रसन्न न भएमा अथवा धर्मकथिकको अनुहार देखेर चित्त प्रसन्न नभएमा उनी-हरूको चित्त एकाग्र नभई उपदेशको प्रतिफल पाउन गहारो हुनसक्छ। जस्तै—जब चूलपन्थक भिक्षुको पालो आउँथ्यो तब भिक्षुणीहरूले यस्तो भन्दथे— "आजको उपदेश भने साफल्य हुने छैन। वहाँले त त्यही गाथा एउटा मात्र सुनाउनु हुनेछ[2]।" भगवान् भने आयुष्मान् नन्दकलाई पठाई तो पाँचशय भिक्षुणीहरूलाई उपदेश गराउन चाहनु हुन्थ्यो। किन कि भगवान्लाई थाहाथियो कि नन्दक भिक्षुलाई देखी उनीहरूको चित्त प्रसन्न हुनेछ र त्यसबाट उनीहरूले चित्त एकाग्र पनि गर्न सक्ने छन्। तर आयुष्मान् नन्दक भने आफ्नो पालोपर्दा कहीले टाढा गई चीवर सिउने काममा लाग्नु हुन्थ्यो, कहीले कुनै अर्के

---

१. यो कुरा तल उल्लिखित 'नन्दकको उपदेश' शीर्षकको मूलसूत्रमा समुल्लेख भएको छ।

२. पाचि. पा. पृ. ८१ : अत्थङ्गतेसुरिये ओवादाने, बावीसतिम-पाचित्तियं।

Downloaded from http://www.dhamma.digital

काममा व्यस्त भई अर्को भिक्षुलाई पठाउनु हुन्थ्यो[1] र भिक्षुणीहरूकहाँ गई उपदेश गर्न जान चाहनु हुन्थ्यो। तो भिक्षुणीहरूकहाँ गई उपदेश गर्न नचाहनुको वास्तविक कारण के थियो भने--

"धेरै धेरै जन्म अगाडि वहाँ पाँचशय दाशहरूका नाइके भएको वेलामा महाप्रजापति गौतमी सहित तो पाँचशय भिक्षुणीहरू पनि दासी थिए र महाप्रजापति गौतमी सो नाइकेकी पत्नी थिइन्। त्यस पछि अर्को जन्ममा आयुष्मान् नन्दक राजा भई जन्मिदा महाप्रजापति गौतमी राजाकी अग्रमहिषी र तो पाँचशय भिक्षुणीहरू राजदरबारका रनवासी स्त्रीहरू (ओरोधा) भएका थिए। जुन कुरा महाप्रजापति गौतमीले तल उल्लिखित "गौतमी अपदान" शीर्षकको गाथा नं ११४ मा संकेत गर्नु भएको छ। अतः तो भिक्षुणीहरूकहाँ गई उपदेश गर्न जाँदा पूर्वनिवासानुस्मृति ज्ञान हुने अरू भिक्षुहरूले 'पहिलेका स्त्रीहरूलाई अहिलेसम्म पनि छाड्न सकेको छैन' भनी भनाउन पर्ला भन्ने आदि कारणलाई मनमा राखु भई आयुष्मान् नन्दक उपदेश गर्न जान न चाहनु भएको हो[2]।"

तर नन्दक भिक्षुको उपदेश सुनेर नै तो पाँचशय भिक्षुणीहरूलाई धर्मविबोध हुनसक्ने कुरा भगवान् बुद्धले जान्नु भएको थियो। त्यसैले पछि वहाँले नन्दक भिक्षुलाई आफ्नो पालोमा अरूलाई नपठाई

---

१. अं. अ. क. I, पृ. १७३ : एककनिपातवण्णना, नन्दकथेर।

२. पपं. सू. IV. पृ. २१३; अं. अ. क. I. पृ. १८५

Downloaded from http://www.dhamma.digital

आफं जानुपर्ने कुराको पनि सूचित गर्नुभयो[१]। यही कुराको संकेत तल उल्लिखित "नन्दकको उपदेश" शीर्षकको मूलसूत्रमा भगवान्ले नन्दक भिक्षुलाई "नन्दक ! ब्राह्मण भएका तिमीले भिक्षुणीहरूलाई अववाद-उपदेश गर ! ..." भनी भन्नु भएको हो। यस आज्ञाबाट बाध्यभई नन्दक भिक्षु ती पाँचशय भिक्षुणीहरूकहाँ गई पहिलो पटक अमावास्यको चतुर्दशी उपोसथको दिनमा र दोश्रोपटक पूर्णिमाको उपोसथको दिनमा उपदेश गर्न जानुभयो। दुइपटक उपदेश सुनिसकेपछि केही भिक्षुणीहरू अरहत् पनि भए[२]। प्रव्रजित भएको सातौं वर्षमा ती भिक्षुणीहरूले आर्य-मार्ग-फल प्राप्तगरे भन्ने कुराको संकेत तल "गौतमी-अपदान" शीर्षकको गाथा नं. ६९ ले गरेको छ। थेरीगाथा र अङ्गुत्तरनिकायार्थकथानुसार नन्दक भिक्षुको उपदेश सुनिसके पछि उनीहरू सबै षडभिज्ञलाभी अरहत् पनि भए[३]।

भगवान् बुद्ध श्रावस्तीमै छँदा एक दिन, भिक्षु भिक्षुणी, उपासक तथा उपासिकाहरूका बीच महाप्रजापति गौतमी नै सबभन्दा पहिली मेरी भिक्षुणी श्राविका हुन् भन्नु हुँदै वहाँले सभाको बीचमा महाप्रजापति गौतमीलाई 'रात्रज्ञा' को अग्रस्थानमा राख्नु हुँदै

---

१. अं. अ क. I पृ. १७३

२. अं. अ क. I. पृ. १७३; पप. सू IV. पृ. २१६

३. थेरी. गा. अ. क. पृ. ३ : निदानकथा र पृ. १११ : महापजापति थेरीगाथा; अं. अ. क. I. पृ. १८६–८७ : एककनिपातवण्णना।

Downloaded from http://www.dhamma.digital

औपचारिक घोषणा गर्नुभयो[1] । जुन कुरा तल "अग्रपद" शीर्षकको मूलसूत्रमा समुल्लेख भएको छ ।

महाप्रजापति गौतमी श्रावस्तीमै छँदा एक दिन, वहाँ विमुक्ति सुख-ध्यानको रसपान गरिरहनु भएको बेलामा वहाँको मनमा "यो विमुक्तिसुख-रस प्राप्तगर्न सकेको महाकारुणिक बुद्ध भगवान्‌कै आशिर्वादले हो" भन्ने लागेर वहाँ प्रति कृतज्ञताभाव व्यक्तगर्नु हुँदै वहाँले उदानद्वारा बुद्धको स्तुति गर्नुहुँदै गाथाहरू प्रकट गर्नुभयो । जुन गाथाहरू तलको "गौतमीगाथा" शीर्षकमा समुल्लेख भएका छन् ।

वैशालीमा

एक समय, भगवान् बुद्ध वैशालीस्थित महावनको कूटागार शालामा बस्नु भएको थियो । त्यस बखत महाप्रजापति गौतमी पनि महावनस्थित कूटागार शालाको एक भिक्षुणी निवासस्थानमा बसिरहनु भएको थियो ।

एक दिन, वैशालीमा भिक्षाटन् गरी, भोजनोप्रान्त दिवाविहार गर्ने आफ्नो ठाउँमा बसी काल परिच्छेदगरी वहाँ फलसमापत्ति-ध्यानमा बस्नु भयो । त्यसपछि समाधिबाट उठ्नु भई वहाँले आफ्नो प्रतिपत्ति सम्बन्धमा चिन्तन गर्नु भयो । एकशय बीसवर्ष हुनु भएको वहाँले आफ्नो आयुसंस्कारलाई पनि हेर्नु भयो । यस्तो विचार गर्नुहुँदा

---

१. अं. अ. क. I. प १८७; थेरी. गा. अ.क. प. १११

Downloaded from http://www.dhamma.digital

वहाँले आपनो आयुसंस्कार सिद्धिएको कारणलाई ध्यानचित्तले देख्नु भई यस्तो विचार गर्नुभयो—

"त्यसो भए अब म विहारमा गई भगवान्‌सँग सोधी वहाँको आज्ञा लिई तथा आदरणीय सबै सब्रह्मचारी स्थविरहरूलाई पनि भेटी वहाँहरूलाई पनि सूचित गरी यहीं फर्की परिनिर्वाण हुनु पर्‍यो[1]।"

वहाँको मनमा यस्तो पनि कल्पना उठ्यो—

"मैले भगवान् बुद्ध र युगल अग्रश्रावकहरू परिनिर्वाण भएको देख्न पाउने छैन, न त राहुल, नन्द, आनन्द, तथा महा-काश्यप स्थविरहरू परिनिर्वाण भएको नै देख्न पाउने छु[2]।"

उपरोक्त विचारले चिन्तन भएको बेलामा भूकम्प पनि भएको थियो भन्ने कुरा अपदान पालिले समुल्लेख गरेको छ। जुन कुरा तलको "गौतमी-अपदान" शीर्षकको गाथा नं. ८ मा समुल्लेख भएको छ।

अनि त्यस्तैगरी वहाँका पाँचशय भिक्षुणीहरूले पनि यस्तै कल्पना गरेका थिए भन्ने कुरा थेरीगाथा अर्थकथाले समुल्लेख गरेको छ[3] र महाप्रजापति गौतमी अपदानले पनि।

---

१. थेरी. गा. अ. क. पृ. ११३: महापजापतीथेरीगाथा।

२ थेरी. अप दा. पा. पृ. २०० : महापजापति गोतमी थेरी अप-दान। यसको अनुवाद तल गरिदिएको छु।

३. थेरी. गा. अ. क. पृ. ११३

Downloaded from http://www.dhamma.digital

त्यसपछि महाप्रजापति गौतमी ती पाँचशय भिक्षुणीहरूका साथ भगवान् बसिरहनु भएको विहारमा जानु भयो ।

क्षमा याचना

महाप्रजापति गौतमी परिनिर्वाण हुने खबर सुनेर अवीतरागी स्त्रीहरू छाती पिट्दै विरहगर्नथाले । जब वहाँ भगवान्कहाँ जान बाटोलाग्नु भयो तब श्रद्धालु उपासिकाहरू घरबाट बाहिर निस्कँदै वहाँको पाउमा ढोग्दै विलापगर्नथाले । विलापगर्ने ती सबै श्रद्धालु उपासिकाहरूलाई वहाँले अति मार्मिक शब्दले करुणापूर्वक सम्झाउनु हुँदै धैर्य गराउनु भयो । त्यस बखतको दृश्य सारै हृदयस्पर्शी तथा सबैको मन रुवाउने खालको थियो । विलाप नगरी बस्नसक्ने कुनै पनि अवीतरागी स्त्रीहरू थिएनन् ।

विहारमा पुगेपछि भगवान्को पाउमा ढोगी वहाँले आफूले कल्पना गरेका सबै कुराहरू भगवान्समक्ष पोख्नु भयो र भगवान्सँग क्षमा प्रार्थना गर्नुहुँदै अनेक कविताद्वारा यस्तो बिन्ति गर्नु भयो—

"भन्ते भगवान् ! आज यो मेरो तपाइसँगको अन्तिम भेट्घाट् हो । त्यसैले तपाइको चक्राङ्कित सुकोमल पाउमा ढोग्न चाहन्छु । हुन त म तपाइकी आमा हुँ, तर अर्को दृष्टिले हेर्ने हो भने तपाई मेरो पिता पनि हुनुहुन्छ; किनभने तपाइकै धर्मको कारणले गर्दा म तपाइको शासनमा धर्मदायाद प्राप्तगरी तपाइकी धर्मपुत्री भएँ । जस्तो मैले तपाइको रूप-कायलाई संवर्धन गरें त्यस्तै तपाइले पनि

Downloaded from http://www.dhamma.digital

मेरो धर्मकायलाई संवर्धन गराइदिनु भयो। केही छिनको तीर्खा मेटिने दूध खवाई मैले तपाइको पालन गरें तर तपाइले सँधै तीर्खा मेटिने अजरामरणरूपी दूध खवाउनुभई मलाई पालन गर्नु भयो। भन्ते! यो ससारमा स्त्रीजातिले मान्धाता जस्ता राजाका महिषी वा माता भनाउनु कुनै दुर्लभको कुरा होइन, किन्तु यो संसारमा बुद्ध माता भनाउन पाउनुनै परम दुर्लभको कुरा हो। त्यो दुर्लभ बुद्ध-माताको नाम पनि मैले आपनो प्रणिधानको कारणले पाइसकें। भन्ते! त्यसो हुनाले अब म परिनिर्वाण हुन चाहन्छु। यदि मबाट कुनै स्याना वा ठूला अपराध वा त्रुटी हुनगएको रहेछ भने अनुकम्पापूर्वक क्षमा दिनुहोस्। मलाई थाहा छ कि यो संसारमा स्त्रीहरूनै सबै दोषकारी हुन् भन्ने कुरा; यस्तो भएर पनि मैले तपाइसँग बार बार स्त्री जातिकोनिमित्त प्रव्रज्यात्व मागें तथा जोर पनि लगाएँ। अत: यस सम्बन्धमा यदि मेरो कुनै गल्ती छ भने महाकारुणिक भगवान्ले मलाई क्षमा गर्नुहोस्। अनि फेरि मैले तपाइको आज्ञा मुताबिक भिक्षुणीहरूको परिहरण गरें; कस्तो परिहरण गरें, के गरें वा गरिन—यसमा पनि कुनै त्रुटी छ भने त्यसमा पनि मलाई क्षमा नै गर्नुहोस्!!"

महाप्रजापति गौतमीको कुरा सुन्नुभई महाकारुणिक बुद्ध भगवान्ले यस्तो भन्नु भयो—

"क्षमा नगरिनेलाई त क्षमा गर्नुपर्छ भने गुणभूषित हुने, त्यसमा पनि परिनिर्वाण हुन चाहनेलाई बढता के भनूँ र।"

Downloaded from http://www.dhamma.digital

आनन्दको विलाप

यसै प्रकारले महाप्रजापति गौतमीले राहुल, नन्द तथा आनन्द स्थविरहरूलाई पनि वन्दना गरी आफू परिनिर्वाण हुने कुरा सुनाउनु भयो। यो कुरा सुन्नु भई राहुल र नन्द स्थविरहरूले धर्मको स्मरण गर्नुभयो तर अनास्रवी हुनुभएका आनन्द[1] स्थविरले भने अति दुःखमानी गहभरी आँसु पारी विलाप गर्नु भयो।

"केराको बोट जस्तै निस्सार भएको यो संस्कृत लोकलाई धिक्कार छ! हरे! भगवान्‌की सानीआमा बुद्ध-पोषिका महाप्रजापति गौतमी परिनिर्वाण हुँदै हुनुहुन्छ!!"

यसै कुरालाई वर्णनागर्दै थेरीअपदानले यस्तो उल्लेख गरेको छ—

"धिरत्थु सङ्खतं लोकं, असारं कदलूपमं।
मायामरीचिसदिसं, इतरं अनवट्ठितं॥

यत्थ नाम जिनस्सायं, मातुच्छा बुद्धपोसिका।
गोतमी निधनं याति, अनिच्चं सब्बसङ्खतं॥

आनन्दो च तदा सेखो, सोकट्टो जिनवच्छलो।
तत्थस्सूनि करोन्तो सो, करुणं परिदेवति[2]।"

---

१. आनन्द स्थविर महाप्रजापति गौतमीका देवरका छोरा हुनु हुन्छ।

२. अप. दा. पा. पृ. २०५ : गा. नं. ६२, ६३, ६४

Downloaded from http://www.dhamma.digital

महाप्रजापति गौतमी परिनिर्वाण हुने कुरासुनी आनन्द स्थविरलाई दोहोरो चिन्ता लागेको अनुमान हुन्छ । एक त महाप्रजापति जस्ता वयोवृद्धा स्त्रीले पनि आस्रवक्षयगरी परिनिर्वाण हुनु हुँदैछ भन्ने कुरा, अर्को चाहिं आफूले भने त्यस बेलासम्म पनि आस्रवक्षीण गरी अरहत् हुन नसकेको कुरा । यीनै दुइ कारणहरूलाई सम्झी वहाँको हृदय रोएको हो भन्ने कुरा अध्ययनबाट थाहा हुन्छ । अनि महाप्रजापति गौतमीले वहाँलाई आश्वासन दिनुहुँदै यस्तो भन्नु भयो—

"हे श्रुतसागर हुनु भएका ! तपाइ बुद्धको प्रमुख उपस्थाक हुनुहुन्छ । तपाइले शोक गर्नु हुन्न । तपाइकै कारणद्वारा हामी नारी-जातिले बुद्धको शासनमा प्रव्रज्यात्व पायौं । हे पुत्र ! तपाइ धर्म-भण्डागारीक हुनहुन्छ, शोक नगर्नुहोस् ! तपाइको परिश्रम अवश्यनै साफल्य हुनेछ ।"

यस पछि भगवान् बुद्धले "स्त्रीहरूले धर्मावबोध गर्नसक्ने कुरामा शंका र सन्देह राख्नेहरूका शंका र सन्देह दूरपार्न तिमीले आफ्नो ऋद्धि-प्रातिहार्य देखाऊ[१]" भनी महाप्रजापति गौतमीलाई भन्नु भएपछि वहाँले अनेकविध ऋद्धि-प्रातिहार्य देखाउनु भयो । अनि वहाँले देखाउनु भएका ऋद्धि-प्रातिहार्यलाई देखेर आश्चर्य भएको परिषद्ले "हे आर्या ! कसरी तपाइले यस्तो आश्चर्यजनक ऋद्धि-प्रातिहार्य प्राप्त गर्नसक्नु भएको हो ? तपाइले अतीतकालमा कस्तो प्रणिधान गरेर आउनु

---

१. यो कुरा तलको "गौतमी-अपदान" शीर्षकको गा. नं. ८२ मा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

भएको थियो ?" भन्ने आदि कुराहरू सोधेपछि वहाँले आफूले अघि अघिका बुद्धका पालादेखिनै प्रणिधानहरू गर्दै आएका कुराहरू र वर्तमानका कुराहरू पनि परिषद्लाई सुनाउनु भयो। जुन कुराहरू तल "गौतमी-अपदान" शीर्षकमा अनुदित भएका छन्।

अन्तिम-सत्कार

अनि महाप्रजापति गौतमीले भगवान्को कोमल चरणकमलमा पुनः ढोगी आफू बस्ने ठाउँमा फर्कन लाग्नु हुँदा, वहाँलाई स्वयं बुद्धले विशाल परिषदका साथ वहाँ बस्ने कोठासम्म पुऱ्याउन जानु भयो। यो थियो सानीआमा प्रति दर्शाइएको बुद्धको अन्तिम सत्कार।

आफ्नो कोठामा पुग्नुभई अर्धपलेटीमारी वहाँ आसनमा बस्नु भयो। वहाँ परिनिर्वाणहुने खबर थाहापाई वहाँको दर्शन गर्न आएका उपासिकाहरू त्यसबखत पनि अनगिन्ति नै थिए। वहाँकहाँ आई छाती-पिट्दै रोइरहेका विशाल उपासिकाहरूलाई वहाँले— "पुत्रीहो! मारबन्धनमापरी तिमीहरू विलाप नगर! सबै संस्कृत पदार्थहरू अनित्य नै हुन्। सबै चलाचल वस्तुहरूको अन्त वियोगमै हुन्छ[1]" भन्नु हुँदै सम्झाउनु भयो। त्यसैले थेरीअपदानले यस्तो उल्लेख गरेको हो—

---

१. यी कुराहरू तल मूलपालिको अनुवादमा पनि समुल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

"अलं पुत्ता विलापेन, मारपासानु वत्तिना।
अनिच्चं सङ्खतं सब्बं, वियोगन्तं चलाचलं॥"

त्यसपछि वहाँ प्रथमध्यानमा तल्लीन हुनुभई क्रमैसँग माथि-माथिका ध्यानमा पुग्नुभई, त्यसै क्रमानुसार तलको प्रथमध्यानमा आउनु भई पुनः माथिल्लो ध्यानमा जानु भयो। यस्तैगरी माथि र तलगई ध्यानमा समाधिष्ठ हुनुभई अन्तमा चतुर्थध्यानमा समाधिष्ठभई बस्नु भयो र त्यहाँबाट परिनिर्वाण हुनुभयो।

यसरी चालीस वर्षको उमेरमा छोरा पाई, असी वर्षको उमेरमा भिक्षुणी भई, एकशय बीसवर्षको उमेरमा महाप्रजापति गौतमी स्थविरा निभेको बत्तीको ज्वाला कुन दिशातिर गयो भन्न नसकिने ऊँ परिनिर्वाण हुनुभयो।

भूमिकम्पगरी परिनिर्वाण हुँदाको त्यसबखतको वायुमण्डल कस्तो थियो भन्ने बारेका वर्णन तल अनुदित "गौतमी-अपदान" शीर्षकमै समुल्लेख भएको छ।

त्यस पछि बुद्ध भगवान्‌ले आनन्द स्थविरलाई आमन्त्रण गर्नुभई मातृ-परिनिर्वाणको खबर सबैलाई घोषणा गर्ने आज्ञा दिनु भयो र सो बमोजिम वहाँले घोषणा गर्नु भएपछि चारैदिशाबाट भिक्षु तथा भिक्षुणीहरू भेला भए। महाप्रजापति गौतमी स्थविराको शव-यात्रामा बुद्ध सहित दुवै अग्रश्रावकहरू, राहुल, नन्द, आनन्द, तथा महाकाश्यपहरूका साथ धेरै भिक्षु र भिक्षुणीहरू सम्मिलित भएका थिए; उपासक र उपासिकाहरूको त के कुरा। कुनै शव-यात्राको

Downloaded from http://www.dhamma.digital

पछि पछि बुद्ध जानुभएको छ भने त्यो महाप्रजापति गौतमीको शव-यात्रामा जानुभएको छ। बुद्ध कालमा यो जस्तो ठूलो शव-यात्रा बुद्धको बाहेक—अरू कुनै पनि श्रावक वा श्राविकाहरूको भएको छैन। शव-यात्राको वर्णन पनि तलकै "गौतमी-अपदान" शीर्षक अन्तर्गत उल्लेख भएको छ।

गौतमी-प्रशंसा

दाह-संस्कार सिद्धिए पछि भगवान् बुद्धले महाप्रजापति गौतमीको अस्तिधातु हातमा लिनुभई उपस्थित परिषद्लाई यस्तो भन्नुभयो—

"संसाररूपी सागरबाट उत्तीर्ण भएकी महाप्रजापति गौतमी शान्तिपूर्वक परिनिर्वाण हुनुभयो। भिक्षुणीहरू मध्येमा यहाँ रात्रज्ञा हुनुहुन्थ्यो। यहाँले ऋद्धि-प्रातिहार्यलाई आफ्नो वशमा राख्नु भएको थियो। यहाँ षडभिज्ञा हुनुहुन्थ्यो र यहाँको पुनर्भव पनि निरुद्ध भयो। अतएव मुक्तिहुन चाहने प्राणीहरूले आत्मद्वीपभई बस्न सक्नु पर्छ र सतिपट्ठान तथा सप्तबोध्यङ्गहरू भाविता गरेमा दुःखबाट मुक्ति पाउन सकिनेछ।"

अरू कुराहरू तल संग्रहित चौध (१४) मूलसूत्रहरूमै प्रष्ट भएका छन्।

गौतमीसँगै निस्केका भिक्षुणीहरू

महाप्रजापति गौतमीकासाथ राजदरबारबाट एकसाथ निस्के-

Downloaded from http://www.dhamma.digital

का केही भिक्षुणीहरूका नामहरू यस प्रकार छन्—

(१) धीरा भिक्षुणी[१], (२) वीरा भिक्षुणी[२], (३) मित्ता भिक्षुणी[३], (४) भद्रा भिक्षुणी[४], (५) उपसमा भिक्षुणी[५], (६) तिस्सा भिक्षुणी[६], (७) विसाखा भिक्षुणी[७], (८) सुमना भिक्षुणी[८], तथा (९) उत्तरा भिक्षुणी[९]।

महाप्रजापति गौतमीका समक्ष प्रव्रजित भएका केही भिक्षुणी हरूका नामहरू यसप्रकार छन् —

(१) थेरीका भिक्षुणी[१०], (२) मुत्ता भिक्षुणी[११], (३) पुण्णा

---

१. थेरी गा. अ. क. पृ. ९ : तिस्सादिथेरीगाथट्ठकथा; तल अनुदित "गौतमी–अपदान" शीर्षक अन्तर्गत नं. १२१ मा पनि समुल्लेख भएको पाइन्छ।

२. थेरी. गा. अ. क. पृ. ९ : तिस्सादिथेरीगाथट्ठकथा।

३. थेरी गा. अ क. पृ. ९ : तिस्सादिथेरीगाथट्ठकथा।

४. थेरी. गा. अ. क. पृ. ९ : तिस्सादिथेरीगाथट्ठकथा।

५. थेरी. गा. अ. क. पृ. ९ : तिस्सादिथेरीगाथट्ठकथा।

६. थेरी. गा. अ. क. पृ. ९ : तिस्साय थेरिया गाथावण्णना।

७. थेरी. गा. अ. क. पृ. १६ : विसाखाय थेरिया गाथावण्णना।

८. थेरी. गा. अ क. पृ. १६ : सुमनाय थेरिया गाथावण्णना।

९. थेरी. गा. अ. क. पृ. १७ : उत्तराय थेरिया गाथावण्णना।

१०. थेरी. गा. अ. क. पृ. ४ : अञ्ञतराय थेरिया गाथावण्णना।

११. " " " पृ. ६ : मुत्ता थेरिया गाथावण्णना।

Downloaded from http://www.dhamma.digital

भिक्षुणी[१], (४) चित्ता भिक्षुणी[२], (५) मित्ता भिक्षुणी[३], (६) दन्तिका भिक्षुणी[४], (७) भद्राकापिलानी भिक्षुणी[५], (८) गुत्ता भिक्षुणी[६], (९) सुभा भिक्षुणी[७] तथा (१०) नन्दा भिक्षुणी[८]।

अघिल्ला जन्महरू

परापूर्वकालमा एक पटक महाप्रजापति गौतमी चन्द्रादेवी नामले महाप्रताप भन्ने राजाकी महिषी भएकी थिइन्। उनीहरूका धम्मपाल भन्ने छोरा थिए जो स्वयं गौतम बुद्ध हुनुहुन्थ्यो र महाप्रताप राजा देवदत्त भिक्षु थिए। सो राजाले आफ्नो छोरा धम्म-

---

१. थेरी.गा. अ. क. पृ. ८ : पुण्णाय थेरिया गाथावण्णना।
२. " " " पृः २६ : चित्ताय थेरिया गाथावण्णना।
३. " " " पृ. २९ : मेत्ताय थेरिया गाथावण्णना।
४. " " " पृ. ४१ : दन्तिकाय थेरिया गाथावण्णना।
५. " " " पृ. ५३ : भद्दायकापिलानिया थेरिया गाथावण्णना।
६. " " " पृ. १२५: गुत्ताय थेरिया गाथावण्णना।
७. " " " पृ. १९१: सुभाय थेरिया गाथावण्णना।
८. अ. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना। यिनी महाप्रजापति गौतमी महारानीकी छोरी नन्दा हुन्। रूपनन्दा पनि भन्दछन्। यिनैलाई पछि जनपद कल्याणी पनि भन्न थाले।

Downloaded from http://www.dhamma.digital

पाललाई टुक्रा टुक्रा पारी मारेको थियो[1] । अर्को एक जन्ममा महा-प्रजापति गौतमी नन्दिय भन्ने बाँदरको माता भएको थिइन् । नन्दीय भन्ने बांदर स्वयं गौतम बुद्ध हुनुहुन्थ्यो । ती बाँदरहरूलाई मार्ने व्याधा देवदत्त नै भएका थिए[2] ।

प्रजापति गौतमी नामहरू

१. प्रजापति (पजापति)—यिनी संयुत्तनिकायको धजग्गसुत्तं मा समुल्लेख भएका एक देवपुत्र हुन् । यिनी शक्रदेवेन्द्रको जस्तो रूप, वर्ण तथा आयु भएका देवता हुन् । देवसभामा यिनले शक्रदेवेन्द्रभन्दा तल्लो आसन पाउँछन् । सं.

---

१. जा. अ. क. III. पृ. १२६ : चूलधम्मपाल जातकं; नं. ३५८

२. जा. अ. क. I-II. पृ. ५१२ : चुल्लनन्दियजातकं, नं. २२२; देवदत्तले गौतम बुद्धलाई अघिल्ला जन्महरूमा पाँच पटकसम्म मारेका कुराहरू जातकट्ठकथा III पृ. १२३ मा समुल्लेख भएको पाइन्छ । ती जातकहरू हुन्—चूलधम्मपाल जातक; जा. अ. क. III. पृ. १२, नं. ३०४ : दद्दरजातक; जा. अ. क. III. पृ. २८ नं. ३१३: खन्तिवादीजातक; चूलनन्दीय जातक र जा. अ. क. III. पृ. २६०, नं. ४०७ : महाकपीजातक ।

Downloaded from http://www.dhamma.digital

नि. I, पृ. २२० : धजग्गसुत्तं र अ. क. I. पृ. २६२

२. प्रजापति— यिनी मज्झिमनिकायको मूलपरियायसुत्तं-मा उल्लेख भएका 'मार' हुन् । म. नि. I. पृ. ४ : मूलपरियायसुत्तं । सबै प्राणीहरू माथि प्रभुत्व जमाउने भएकोले 'प्रजापति' भनिएको हो भनी पपं. सू. I. पृ. ३१ : मूलपरियायसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. प्रजापति— यिनी गौतम बुद्धकी सानीआमा र शुद्धोदन महाराजाकी कान्छी बडामहारानी महा-प्रजापति गौतमी हुन् । यिनकै कुराहरू यस संग्रहमा समुल्लेख भएका छन् ।

१. गौतमी (गोतमी)—यिनी वेस्सभू बुद्धको अग्र उपस्थाविका उपासिका हुन् । बु. वं. पा. पृ. ३७० : वेस्सभू बुद्धवंसो ।

२. गौतमी (गोतमी)—यिनी गौतम बुद्धकी सानीआमा र शुद्धोदन महाराजाकी कान्छी बडामहारानी हुन् । यिनकै कुराहरू यस संग्रहमा संग्रहित भएका छन् ।

३. गौतमी-सूत्र—यो सूत्र अं. नि-८ पृ. ३६८ मा समुल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

४. गौतमी-सूत्र, अथवा किसागोतमीसुत्तं—यो सूत्र सं. नि. I. पृ. १२९ मा समुल्लेख भएको पाइन्छ।

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

१—दान-विभाजन

यस्तो मैले सुने[1] ।

एक समय भगवान्, शाक्य जनपद्को कपिलवस्तुस्थित न्यग्रोधारामभा बस्नु भएको थियो । अनि महाप्रजापति गौतमी एकजोर नयाँ कपडा लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो विन्ति गर्नुभयो ।

वस्त्र-दान

"भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्कोनिमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेकी हुँ । भन्ते ! अनुकम्पापूर्वक

---

१. म. नि. III. पृ. ३३९ : दक्खिणाविभङ्गसुत्तं, अ. क. IV. पृ. १९६

Downloaded from http://www.dhamma.digital

यो मेरो कपडा भगवान्‌ले स्वीकार गर्नुहोस्[१] ।"

यस्तो भन्नुहुँदा, भगवान्‌ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो—

"गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिदा म पनि पूजित हुनेछु र सङ्घ पनि ।"

दोश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌लाई यस्तो विन्ति गर्नुभयो—

"भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्‌कोनिमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेको हुँ । भन्ते ! अनुकम्पापूर्वक यो मेरो कपडा भगवान्‌ले स्वीकार गर्नुहोस् ।"

दोश्रोपटक पनि भगवान्‌ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो—

"गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिदा म पनि पूजित हुनेछु र सङ्घ पनि ।"

तेश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌लाई यस्तो विन्ति गर्नुभयो—

---

१. भगवान् बुद्ध, बुद्ध भइसकनु भएपछि पहिलो पटक कपिलवस्तुमा जानु हुँदा महाप्रजापति गौतमीले यो वस्त्र-दान गरेकी हुन् भनी पपं. सू. IV. पृ. १९७ मा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

"भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्‌कोनिमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेको हुँ । भन्ते ! अनुकम्पापूर्वक यो मेरो कपडा भगवान्‌ले स्वीकार गर्नुहोस् ।"

तेश्रोपटक पनि भगवान्‌ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो—

"गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिंदा म पनि पूजित हुनेछु र सङ्घ पनि[1] ।"

---

१. 'सङ्घमा देऊ...' भनी भन्नु भएको मतलव यो होइन कि बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम छ; न त सङ्घमा दिंदा बुद्ध पनि सङ्घमा सम्मिलित भएको हुनेछ भन्ने अर्थ हो । सङ्घमा दिन लगाउँदा भविष्यमा सङ्घ प्रति गौरव राख्ने कुरा सिकाउन र सङ्घको गौरव बढाउने विचारले त्यसो भन्नु भएको हो भनी पपं. सू. IV. पृ. १९७ मा उल्लेख भएको पाइन्छ । त्यहीं नै यो कुरा पनि समुल्लेख भएको पाइन्छ कि सङ्घमा दिन लगाउँदा महाप्रजापति गौतमी—जसले बुद्धलाई पालन पोषण गर्‍यो त्यसको हृदयमा सङ्घ प्रति दानदिने दान-चेतना उत्पन्न भई वहाँको ठूलो हित र कल्याण हुनेछ भन्ने वहाँ प्रति महत् अनुकम्पा राखनु भएर नै सङ्घलाई दिन लगाउनु भएको हो । पपं. सू. IV. पृ. १९७–९८

Downloaded from http://www.dhamma.digital

बहूपकारी भगवान्

यस्तो भन्नुहुँदा, आयुष्मान् आनन्दले[१] भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

"भन्ते ! महाप्रजापति गौतमीको एकजोर नयाँ कपडा भगवान्ले स्वीकार गर्नुहोस् । भन्ते ! भगवान्की सानीआमा महाप्रजापति गौतमी भगवानको बहूपकारी हुनु हुन्छ । भगवान्लाई वहाँले पालन गर्नु भयो, पोषण गर्नु भयो र दूध दिनु भयो तथा भगवान्की आमा स्वर्गवास भइसके पछि वहाँले (तपाइलाई) दूध पनि पियाउनु भयो । भगवान् पनि महाप्रजापति गौतमीको बहूपकारी हुनु हुन्छ । (१) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी बुद्धको शरणमा जानुभयो, धर्मको शरणमा जानुभयो तथा सङ्घको शरणमा

---

१. भगवान् बुद्ध पहिलो पटक कपिलवस्तुमा आई त्यहाँ बाट फर्केर अनुप्रिय भन्ने मल्लहरूका निगममा बस्नु भएको बेलामा आनन्दादि ६ शाक्यकुमारहरू प्रव्रजित भएका कुरा चुल्ल. व. पा. पृ. २७९ : सङ्घभेदक्खन्धकंको 'छ सक्यपब्बज्जा कथा' बाट प्रष्ट बुझिन्छ; त्यस्तै अं. अ. क. I. पृ. १६३; अप. दा. अ. क. पृ. २५९ र थेर. गा अ. क. II. पृ. १२३ बाट पनि । त्यसो हुनाले यो घटना पहिलो पटक बुद्ध कपिलवस्तुमा जानुहुँदा घटेको नभई अर्को कुनै अवस्थामा घटेको हो कि भन्ने विचार गर्ने ठाउँ छ ।

Downloaded from http://www.dhamma.digital

जानुभयो। (२) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी प्राणीघातबाट विरत हुनुभयो, अदिन्नादानबाट विरत हुनुभयो, काममिथ्याचारबाट विरत हुनुभयो, मृषावादबाट विरत हुनुभयो तथा सुरामेरय मद्य-प्रमादस्थानबाट विरत हुनुभयो। (३) भन्ते ! भगवानकहाँ आएर नै महाप्रजापति गौतमी आर्यकान्त शीलले युक्त भई बुद्ध प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो, धर्म प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो र सङ्घ प्रति पनि उत्कृष्ट प्रसन्नतालि सम्पन्न हुनुभयो। (४) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी दुःख (सत्य) मा निःशंकी हुनुभयो, दुःख समुदय (सत्य) मा निःशंकी हुनुभयो, दुःख निरोध (सत्य) मा निःशंकी हुनुभयो तथा दुःख निरोध गामिनी प्रतिपदा (सत्य) मा पनि निःशंकी हुनुभयो[१]। भन्ते ! भगवान् पनि महाप्रजापति गौतमीको बहूपकारी नै हुनु हुन्छ।

१– "आनन्द ! त्यस्तै हो। आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई बुद्धको शरणमा जान्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई—अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म, सामीचिकर्म, अथवा चीवर, भिक्षा भोजन, शयनासन तथा ग्लानप्रत्यय भैषज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन।

२– "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई प्राणीहिंसाबाट

---

१. यी चार कारणहरूद्वारा महाप्रजापति गौतमी स्रोतापन्न भएको कुरा प्रकट गरिन्छ।

Downloaded from http://www.dhamma.digital

विरत रहन्छ, आदिन्नादानबाट विरत रहन्छ, काममिथ्याचारबाट विरत रहन्छ, मृषावादबाट विरत रहन्छ तथा सुरा मेरय मद्य-प्रमादस्थान-बाट विरत रहन्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई—अभिवादन, प्रत्युत्थान,...तथा ग्लानप्रत्यय भैषज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रति-कार गर्नसक्छ भनी भन्दिन ।

३— "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई आर्यकान्त शीलले युक्त भई बुद्ध प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ, धर्म प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ तथा सङ्घ प्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई—अभिवादन, प्रत्युत्थान,...तथा ग्लानप्रत्यय भैषज्य परिष्कारहरूको प्रदानद्वारा सुप्र-तिकार गर्नसक्छ भनी भन्दिन ।

४— "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई दुःख (सत्य) मा निःशंकी हुन्छ, दुःख समुदय (सत्य) मा निःशंकी हुन्छ, दुःख निरोध (सत्य) मा निःशंकी हुन्छ तथा दुःख निरोध गामिनी प्रतिपदा (सत्य) मा पनि निःशंकी हुन्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई अभि-वादन, प्रत्युत्थान,...तथा ग्लानप्रत्यय भैषज्य परिष्कारहरूको प्रदान-द्वारा सुप्रतिकार गर्न सक्छ भनी भन्दिन ।"

चौध प्रति-पौद्गलिक-दान

"आनन्द ! यी चौध प्रकारका प्रति-पौद्गलिक (=व्यक्तिगत) दानहरू छन् । कुन चौध भने ?—

Downloaded from http://www.dhamma.digital

१– 'तथागत अरहन्त सम्यक् सम्बुद्धलाई दान दिन्छ—यो पहिलो प्रति-पौद्गलिक-दान हो ।

२– 'प्रत्येक बुद्धलाई दान दिन्छ—यो दोश्रो प्रति-पौद्गलिक-दान हो ।

३– 'तथागतका अरहत् श्रावकलाई दान दिन्छ—यो तेश्रो प्रति-पौद्गलिक-दान हो ।

४– 'अरहत्-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ—यो चौथो प्रति-पौद्गलिक-दान हो ।

५– 'अनागामी भएकोलाई दान दिन्छ—यो पाँचौ प्रति-पौद्गलिक-दान हो ।

६– 'अनागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ—यो छैटौं प्रति-पौद्गलिक-दान हो ।

७– 'सकृदागामी भएकोलाई दान दिन्छ—यो सातौं प्रति-पौद्गलिक-दान हो ।

८– 'सकृदागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ—यो आठौं प्रति-पौद्गलिक-दान हो ।

९– 'स्रोतापन्न भएकोलाई दान दिन्छ—यो नवौं प्रति-पौद्गलिक-दान हो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

१०– 'स्रोतापत्ति-फल साक्षात्कार गर्ने मार्गमा लागेको-लाई दान दिन्छ—यो दशौं प्रति-पौद्गलिक-दान हो ।

११– 'कामविषयबाट विरत हुने बाहिरकालाई[1] दान दिन्छ—यो एघारौं प्रति-पौद्गलिक-दान हो ।

१२– 'शीलवान्-पृथग्जनलाई[2] दान दिन्छ—यो बाह्रौं प्रति-पौद्गलिक-दान हो ।

१३– 'दुःशील-पृथग्जनलाई[3] दान दिन्छ—यो तेह्रौं प्रति-पौद्गलिक-दान हो ।

१४– 'तिरश्चीनलाई दान दिन्छ[4]—यो चौधौं प्रति-पौद्गलिक-दान हो ।'

---

१. कर्मवादी, क्रियावादी लौकिक पञ्चाभिज्ञलाभीहरूलाई 'बाहिरका' भनिएको हो । पपं. सू. IV. पृ. २००

२. गो-व्रतादि गर्ने, कसैलाई हिंसा-पीडा नगर्ने तथा छलकपट रहित सोरत्ररूपले गृही-जीवन बिताउनेलाई 'शीलवान्-पृथग्जन' भनिएको हो । पपं. सू. IV. पृ. २००

३. अर्काको हिंसागरी माछा आदि मार्ने कामद्वारा जीविका बिताउनेलाई 'दुःशील-पृथग्जन' भनिएको हो । पपं. सू. IV. पृ. २००

४. कुकुर आदि कुनै पशुलाई दयाचित्त राखी पेटभरी खुवाउने । पपं. सू. IV. पृ. २००

Downloaded from http://www.dhamma.digital

"आनन्द ! त्यहाँ, (१) तिरश्चीन हुनेलाई दिएको दानबाट शयपटकसम्म फलको आशा राखिन्छ; (२) दुःशील पृथग्जन हुनेलाई दिएको दानबाट हजार पटकसम्म फलको आशा राखिन्छ; (३) शीलवान् पृथग्जन हुनेलाई दिएको दानबाट एकलाख पटकसम्म फलको आशा राखिन्छ; (४) कामविषयबाट विरतहुने बाहिरकालाई दिएको दानबाट हजारकोटी पटकसम्म फलको आशा राखिन्छ; (५) स्रोतापत्ति-फल साक्षात्कारगर्ने मार्गमा लागेकोलाई दिएको दानबाट असंख्येय र अप्रमेय पटकसम्म फलको आशा राखिन्छ[१]; (६) स्रोतापन्न भएकोलाई दिएको दान-फलको त के कुरा; (७) सकृदागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (८) सकृदागामी भएकोलाई दिएको दान-फलको त के कुरा; (९) अनागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (१०) अनागामी भएकोलाई दिएको दान-फलको त के कुरा; (११) अरहत्-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (१२) अरहन्त भएकोलाई दिएको दान-फलको त के कुरा; (१३) प्रत्येक बुद्धलाई दिएको दान-फलको त के कुरा तथा (१४) तथागत अरहन्त सम्यक् सम्बुद्धलाई दिएको दान-फलको त के कुरा !!"

सातप्रकारका सङ्घ-दान

"आनन्द ! यी सात प्रकारका सङ्घगत-दानहरू छन् । कुन

---

१. यी दान विभाजन सम्बन्धीका कुराहरू अझ बढी जान्नचाहने धर्मकथिकहरूले पपं. सू. IV. पृ. २०० मा हेर्नु योग्य छ ।

Downloaded from http://www.dhamma.digital

सात भने ?—

१– 'बुद्ध प्रमुख दुवै सङ्घलाई (=भिक्षु र भिक्षुणी सङ्घलाई) दान दिन्छ—यो पहिलो सङ्घगत-दान हो ।

२– 'तथागतको परिनिर्वाण पछि दुवै सङ्घलाई (=भिक्षु र भिक्षुणी सङ्घलाई) दान दिन्छ—यो दोश्रो सङ्घगत-दान हो ।

३– 'भिक्षु सङ्घलाई दान दिन्छ—यो तेश्रो सङ्घगत-दान हो ।

४– 'भिक्षुणी सङ्घलाई दान दिन्छ—यो चौथो सङ्घगत-दान हो ।

५– 'सङ्घको तरफबाट 'यतिजना भिक्षु र यतिजना भिक्षुणी-हरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ—यो पाँचौ सङ्घगत-दान हो ।

६– 'सङ्घको तरफबाट 'यति भिक्षुहरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ—यो छैटौं सङ्घगत-दान हो ।

७– 'सङ्घको तरफबाट 'यति भिक्षुणीहरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ—यो सातौं सङ्घगत-दान हो ।'

"आनन्द ! भविष्यकालमा गोत्रभू (=भिक्षु नाम धारी), काषाय-कण्ठधारी (=कषाय वस्त्रको टुक्रा घांटीमा लगाउने) तथा दुःशील पापधर्मी (मानिसहरू) हुनेछन् । ती दुःशीलहरूलाई

Downloaded from http://www.dhamma.digital

सङ्घको उद्देश्य गरी दान दिनेछन् । आनन्द ! त्यसबखत पनि सङ्घगत दानको फल असंख्येय र अप्रमेय हुनेछ भनी म भन्दछु[1] । आनन्द ! कुनै पनि प्रकारले सङ्घगत दानको अगाडि प्रति-पौद्गलिक-दानलाई

---

१. सङ्घगत दिएको दानको फल कसरी महत्फल हुन्छ भन्ने बारेमा पपञ्चसूदनीले यस्तो उल्लेख गरेको छ—

"सङ्घ प्रति महत् प्रसन्नचित्त राख्न सक्नेले मात्र सङ्घगत दानद्वारा महत्फल पाउन सक्छ । सङ्घ प्रति महत् प्रसन्न चित्त राख्नु भनेको अति कठीन छ । भनौ कि—सङ्घगत-दान दिन्छु भनी दान-वस्तुहरू तयार पारी, विहारमा गई 'सङ्घको तरफबाट एक भिक्षु पाऊँ' भनी माग्दा सङ्घको तरफबाट एक श्रामणेर पाई 'श्रामणेर पो रहेछ !' भन्ने ठानेमा अथवा स्थविर भिक्षु पाई 'स्थविर भिक्षु पाए" भनी चित्त फुलाएमा पनि सङ्घगत-दान दिएको हुन सक्दैन अर्थात् 'सङ्घ' भनी जुन प्रसन्नचित्तले दान दिंदा पाइने प्रतिफल हो सो पाउन सक्ने छैन भनी भनेको हो । 'सङ्घको तरफबाट भिक्षु पाऊँ' भनी माग्दा सङ्घको तरफबाट चाहे श्रामणेर होस्, चाहे भिक्षु होस् , चाहे नवयुवक होस, चाहे वयोवृद्ध होस् अथवा पण्डित, मूर्ख जोसुकै पाए पनि चित्तमा अन्यथाभाव उत्पन्न नगरी, अकम्प्य चित्त राखी, एकमात्र 'सङ्घ' भन्ने भावना-लाई मनमा अटल गरी राखी तथा सङ्घ प्रति राखिने पूर्ण गौरव, भक्ति र निश्चल श्रद्धा राखी दिएमा मात्र 'सङ्घगत-

Downloaded from http://www.dhamma.digital

म महत्फलतर भनी भन्दिन ।"

दान-विशुद्धिका कारणहरू

"आनन्द ! दान-विशुद्धिका चार कारणहरू छन् । कुन चार भने ?—

दान' हुनसक्छ र त्यसबाट महत्फल पाउन सक्छ ।" यसको उदाहरण देखाउँदै उहीं यस्तो पनि उल्लेख गरेको छ—

"एक उपासकले 'सङ्घगत-दान' दिने इच्छा गरी विहारमा गई सङ्घको तरफबाट एक भिक्षु माग्यो । उसले एक दुःशील भिक्षु पायो । 'दुःशील भिक्षु पाएँ' भनी कत्ति पनि चित्त न बिगारी, सङ्घको परिशुद्ध गुणहरूलाई अनुस्मरण गरी उसले सो भिक्षुलाई आफूले गर्नसक्दो स्वागत-सम्मान गरी तथा श्रद्धाराखी अत्यन्त श्रेष्ठाकारले दान दियो । अर्को दिन सो भिक्षु, अघिल्लो दिनको स्वागत-सम्मानबाट अत्यन्त प्रभावित भई उसकहाँ गई एक कोदालो माग्न गए । अनि उपासकले कोदालो टाढैबाट फ्याँकिदियो । यो कारणदेखी छरछिमेकीहरूले 'हिजो भने यी भिक्षुलाई त्यत्रो सम्मान गरी दान दियौ; आज भने तिमी आसनबाट पनि उठेनौ' भनी भन्दा उसले 'हिजो त मैले सङ्घलाई दान दिएको थिएँ न कि यी भिक्षुलाई' भनी जवाफ दियो' ।" पपं. सू. IV. पृ. २०२ : दक्खिणाविभङ्गसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

'(१) आनन्द ! दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहक-बाट हुन्न; (२) आनन्द ! प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न; (३) आनन्द ! दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न; (४) आनन्द ! दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्छ !'

१– "आनन्द ! कसरी दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुन्न भने––आनन्द ! यहाँ दायक हुने शीलवान् कल्याण-धर्मी हुन्छ; प्रतिग्राहक हुने भने दुःशील तथा पापधर्मी हुन्छ। आनन्द ! यसरी दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुन्न ।

२– "आनन्द ! कसरी प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न भने आनन्द ! यहाँ प्रतिग्राहक हुने शीलवान् कल्याण-धर्मी हुन्छ; दायक हुने भने दुःशील तथा पापधर्मी हुन्छ। आनन्द ! यसरी प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न ।

३– "आनन्द ! कसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न भने—आनन्द ! यहाँ दायकहुने पनि दुःशील तथा पापधर्मी हुन्छ, प्रतिग्राहकहुने पनि दुःशील तथा पापधर्मी हुन्छ। आनन्द ! यसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न ।

४– "आनन्द ! कसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान विशुद्धि हुन्छ भने – आनन्द ! यहाँ दायकहुने पनि शीलवान् तथा

Downloaded from http://www.dhamma.digital

कल्याणधर्मी हुन्छ, प्रतिग्राहकहुने पनि शीलवान् तथा कल्याणधर्मी हुन्छ। आनन्द ! यसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्छ।

"आनन्द ! यिनीहरू नै दान-विशुद्धिका चार कारणहरू हुन्।"

भगवान्ले यति भन्नुभयो। यति भनिसक्नुभए पछि सुगतले फेरि यस्तो भन्नुभयो—

१– "यो सीलवा दुस्सीलेसु ददाति दानं,
धम्मेन लद्धं[१] सुपसन्नचित्तो।
अभिसद्दहं कम्मफलं उलारं,
सा दक्खिणा दायकतो विसुज्झति॥

२– "यो दुस्सीलो सीलवन्तेसु ददाति दानं,
अधम्मेन लद्धं अप्पसन्नचित्तो।
अनभिसद्दहं कम्मफलं उलारं,
सा दक्खिणा पटिग्गाहकतो विसुज्झति॥

३– "यो दुस्सीलो दुस्सीलेसु ददाति दानं,
अधम्मेन लद्धं अप्पसन्नचित्तो।
अनभिसद्दहं कम्मफलं उलारं,
न[२] तं दानं विपुलफलं ति ब्रूमि[२]॥

---

१. सिंहल र रोमनमाः 'लद्धा'।

२. २–२ रोमनमाः 'सा दक्खिणा नेवुभतो विसुज्झति'।

Downloaded from http://www.dhamma.digital

४– "यो सीलवा सीलवन्तेसु ददाति दानं,
धम्मेन लद्धं सुपसन्नचित्तो ।
अभिसद्दहं कम्मफलं उलारं,
तं वे दानं विपुलफ्फलं[1] ति ब्रूमि ।।

५– "यो वीतरागो वीतरागेसु ददाति दानं,
धम्मेन लद्धं सुपसन्नचित्तो ।
अभिसद्दहं कम्मफलं उलारं,
तं वे दानं आमिसदानानमग्गं[2] ति ।।"

अर्थ—

१– "सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभ गरेको वस्तु, जो शीलवान्‌ले दुःशीललाई दान दिन्छ— त्यो दान दायकको तरफबाट विशुद्ध हुन्छ ।

२– "अप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास नगरी अधर्मपूर्वक लाभ गरेको वस्तु, जो दुःशीलले शीलवान्‌लाई दान दिन्छ— त्यो दान प्रतिग्राहकको तरफबाट विशुद्ध हुन्छ ।

---

१. स्याममा: 'विपुलफलं' ।

२. सिंहलमा: 'विपुलं ति ब्रूमि'; रोमनमा: 'आमिसदानं विपुलं ति ब्रूमि' ।

Downloaded from http://www.dhamma.digital

३– "अप्रसन्न चित्त राखी, उदारकर्मफलमा विश्वास नगरी, अधर्मपूर्वक लाभगरेको वस्तु, जो दुःशीलले दुःशीललाई दान दिन्छ—त्यो दान विपुलफलदायी हुन्न भनी भन्दछु ।

४– "सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभगरेको वस्तु, जो शीलवान्‌ले शीलवान्‌लाई दान दिन्छ—त्यो दान विपुलफलदायी हुन्छ भनी भन्दछु ।

५– "सुप्रसन्न चित्त राखी, उदारकर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभ गरेको वस्तु, जो वीतरागीले[1] वीतरागीलाई दान दिन्छ—त्यो दान नै आमिषदानहरूमध्येमा श्रेष्ठ हुन्छ ।"

× × ×

१. यहाँ वीतरागी भनी अनागामी भएकोलाई भनिएको हो । विशुद्ध वीतरागी भनी अरहन्तलाई भन्दछन् । पपं. सू. IV. पृ. २०४ : दक्खिणाविभङ्गसुत्तावण्णना ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

२–गौतमी-प्रव्रज्या

त्यस समय बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधाराममा बस्नु भएको थियो[१] ।

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नु भएकी महाप्रजापति गौतमीले भगवान्सँग यस्तो विन्ति गर्नुभयो—

प्रव्रज्या याचना

"भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए बेश हुने थियो ।"

---

१. चुल्ल व. पा. पृ. ३७३ : महापजापतीगोतमीवत्थु, अ. क. पृ. ९५१; यो कुरा अङ्गुत्तरनिकायको अट्ठकनिपातमा 'गोतमी-सुत्तं' नामले समुल्लेख भएको पाइन्छ । पृ. ३६८, अ. क. II. पृ. ७७४

Downloaded from http://www.dhamma.digital

"गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमीले इच्छा नराख, भइहाल्यो ।"

दोश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌सँग यस्तो विन्ति गर्नुभयो—

"भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए बेश हुने थियो ।'

"गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमीले इच्छा नराख, भइहाल्यो ।"

तेश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌सँग यस्तो विन्ति गर्नुभयो —

"भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए बेश हुने थियो ।"

"गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमीले इच्छा नराख, भइहाल्यो ।"

अनि महाप्रजापति गौतमी-- "भगवान्‌ले स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुहुन्न" भन्दै दुःखी दुर्मन भई गहभरी आँसु पारी रुँदै, भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानुभयो ।

Downloaded from http://www.dhamma.digital

आफैले कषाय-वस्त्र धारणगरिन्

भगवान् कपिलवस्तुमा इच्छानुसार विहार गर्नु भई त्यस पछि वैशालीकोनिम्ति चारिका गर्नुभयो । चारिकागर्दै क्रमशः जहाँ वैशाली हो त्यहाँ पुग्नु भयो । अनि भगवान् वैशालीस्थित महावनको[१] कूटागारशालामा बस्नु भयो ।

त्यस समय महाप्रजापति गौतमी केश क्षौर गराई, कषाय-वस्त्र धारणगरी धेरै शाक्य-स्त्रीहरूका साथ जहाँ वैशाली हो त्यहाँ जानु भयो । अनि क्रमैसँग जहाँ वैशालीको महावनस्थित कूटागार-शालाहो त्यहाँ पुग्नु भयो । त्यसपछि महाप्रजापति गौतमी सुन्निएको खुट्टा लिई, धूलैधूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु पारी रुँदै कोठाबाहिरको ढलोनिर उभिइरहनु भयो ।

त्यस बखत आयुष्मान् आनन्दले—सुन्निएको खुट्टा लिई, धूलै धूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु

---

१. यो महावन भन्ने वन कपिलवस्तुमा पनि छ । म.नि.I.पृ. १४६: मधुपिण्डिकसुत्तं; दी. नि. II. पृ. १८९ : महासमयसुत्तं; बु. गृ. पृ. ७, १२७, ४६८; मल्लराज्यको उरुवेलकप्पमा पनि छ । अं. नि-९ पृ. ७४ : तपुस्ससुत्तं; तथा नेरञ्जरा नदीको तीरमा पनि 'महावन' भन्ने वन रहेको कुरा धम्म. सं. अ. क. पृ. ६० को निदानकथामा समुल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

पारी रुँदै कोठाबाहिरको दैलोनिर उभिइरहनु भएकी महाप्रजापति गौतमीलाई देख्नु भयो । देखेर महाप्रजापति गौतमीलाई यस्तो भन्नु भयो—

"गौतमी ! किन तपाइ सुन्निएको खुट्टा लिई, धूलै धूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु पारी रुँदै कोठा-बाहिरको दैलोनिर उभिइरहनु भएको ?"

"भन्ते आनन्द ! के गरूँ त, भगवान्ले स्त्रीजातिलाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनु हुन्न भने !"

बुद्धसँग आनन्दको प्रार्थना

"गौतमी ! त्यसोभए, भगवान्संग मैले स्त्रीजातिकोनिमित्त तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने आज्ञा मागुन्जेल्सम्म तपाइ केहीछिन् यहीं नै बस्नुहोस् ।"

अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

"भन्ते ! यी महाप्रजापति गौतमी— 'भगवानले स्त्रीजाति-लाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने

Downloaded from http://www.dhamma.digital

अनुमति दिनु हुन्न' भन्दै सुम्निएको खुट्टा लिई, धूलै धूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई गहभरी आँसु पारी रुँदै कोठाबाहिरको दैलोनिर उभिइरहेकी छन् । भन्ते ! स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुभए बेश हुने थियो ।"

"आनन्द ! तथागतको धर्म-विनयमा स्त्रीजातिकोनिमित्त घरछाडी अनगारिका भई प्रव्रजित गराउने कुरामा तिमीले रुचि न राख, भइहाल्यो ।

दोश्रोपटक पनि...तेश्रोपटक पनि आयुष्मान् आनन्दले भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

"भन्ते ! स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुभए बेश हुने थियो ।"

"आनन्द ! तथागतको धर्म-विनयमा स्त्रीजातिकोनिमित्त घरछाडी अनगारिका भई प्रव्रजित गराउने कुरामा तिमीले रुचि नराख, भइहाल्यो ।"

अनि आयुष्मान् आनन्दले— "भगवान्ले स्त्रीजातिलाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनुहुन्न; अतः किन मैले भगवान्सँग अर्के तरिकाले (अञ्ञेन पि परियायेन) स्त्रीजातिकोनिमित्त तथागतको धर्म-विनयमा घर-

Downloaded from http://www.dhamma.digital

छाडी अनगारिका भई प्रव्रजित हुने अनुमति नमागूँ" भन्ने सोच्नु भई भगवान्‌लाई यस्तो भन्नुभयो—

"भन्ते ! घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामी-फल र अरहत्-फल साक्षात्कार गर्न सक्छे के ?"

"आनन्द ! सक्छे । तथागतको धर्म विनयमा घरछाडी, अनगारिका भई प्रव्रजित हुने स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामी-फल र अरहत्-फल साक्षात्कार गर्न सक्छे ।"

"भन्ते ! यदि घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामी-फल तथा अरहत्-फल पनि साक्षात्कार गर्नसक्छे भने, भन्ते ! भगवान्‌की सानीआमा (मातुच्छा) महाप्रजापति गौतमी भगवान्‌को बहूपकारी हुनु हुन्छ । वहाँले भगवान्‌लाई पालन गर्नुभयो, पोषण गर्नुभयो, दूध दिनु भयो र भगवान्‌की आमा स्वर्गवास भएपछि वहाँले तपाइलाई दूध पनि पियाउनु भयो । भन्ते ! त्यसोहुनाले, स्त्रीजातिलाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनु भए बेश हुने थियो ।"

अष्ट-गुरु-धर्म

"आनन्द ! यदि महाप्रजापति गौतमीले निम्न आठ-गुरु-

Downloaded from http://www.dhamma.digital

धर्महरूलाई स्वीकार गर्छिन् भने सोही नै उनको उपसम्पदा होस् । (आठ-गुरु-धर्म यी हुन्)—

१– "उपसम्पदाद्वारा शयवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई पनि अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म (= सम्मान सत्कार) गर्नु पर्छ । यो धर्म (=नियम) लाई सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नु हुन्न ।

२– "भिक्षु नभएको आवास-गृहमा[१] अर्थात् भिक्षुणी बस्ने ठाउँ नजिकै कुनै भिक्षु नभएमा त्यस्तो ठाउँमा भिक्षुणीले वर्षावास (= वर्षाद् समय) बस्नु हुन्न । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नु हुन्न ।

३– "प्रत्येक आधा महीनामा भिक्षुणीले भिक्षु सङ्घबाट दुइ धर्म (= कारण) हरूको प्रतीक्षा गर्नु पर्छ—उपोसथ कहीले हो भनी सोध्ने र अववाद-उपदेशकोनिमित्त जाने । यो धर्मलाई पनि सत्कारपूर्वक-

---

१. 'भिक्षु नभएको आवास-गृहमा' भन्नाको अर्थ हो—भिक्षुणी बस्ने ठाउँबाट घटीमा आधायोजन भित्र कुनै अववाद दिने भिक्षु नभएको ठाउँ । भनाइको तात्पर्य कुनै पनि भिक्षुणीले वर्षावास बस्दा घटीमा आधायोजन भित्र कुनै भिक्षु भएको ठाउँमा वर्षावास बस्नुपर्छ भनी भनिएको हो । यसको व्याख्या सम. पा. पृ. ५८० मा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नु हुन्न ।

४– "वर्षावास बसिसकेकी भिक्षुणीले ... 'देखेको भए, सुनेको भए तथा शंका भएको भए भन्तुहोस्[1]' भनी यीनै तीन प्रकारले प्रवारणा (=याचना) गर्नुपर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक,... जीवनभर उल्लंघन गर्नु हुन्न ।

५– "गुरुधर्म[2] (=गरूंगो दोष) प्राप्त भिक्षुणीले दुवै सङ्घ (=भिक्षु र भिक्षुणीसङ्घ) मा पक्ष-मानत्त[3] लिनु पर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक,... जीवनभर उल्लंघन गर्नु हुन्न ।

---

१ यसो भन्नाको मतलब कथंकदाचित् देखेबाट, सुनेबाट अथवा शंकै भएबाट कुनै त्रुटी वा दोष औंल्याइदिएको खण्डमा त्यसको प्रतिकार गर्नेछु भन्ने अभिप्रायले त्यसो भनिएको हो ।

२. यहाँ 'गुरुधर्म' भन्नाको मतलब भिक्षुणी-प्रातिमोक्ष शिक्षापद-हरू मध्येमा 'संघादिशेष' भन्ने दोषलाई भनिएको हो । अं. नि. अ. क. II. पृ. ७७६; यस विषयका अरू कुराहरू सम. पा. पृ. ५७९, ९७२ मा हेर्नू ।

३. उक्त संघादिशेष दोषबाट विशुद्ध हुनु अगावै घमण्ड हटाउने उद्देश्यले पालन गर्नु पर्ने नियमलाई 'पक्ष-मानत्त' भनिएको हो । यो मानत्त कसरी दिइन्छ भन्ने इत्यादि कुरा बुझ्न चुल्ल. व. पा. पृ. ८६: समुच्चयक्खन्धकं, तथा सम. पा. पृ: ८६७, ८७७ मा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

६– "दुइवर्षसम्म ६ धर्महरू[१] (=शिक्षाहरू) सिकिसकेको शिक्षमाणाले दुवै सङ्घ (=भिक्षु र भिक्षुणी सङ्घ) मा उपसम्पदा हुनुपर्छ। यो धर्मलाई पनि सत्कारपूर्वक,···जीवनभर उल्लंघन गर्नु हुन्न।

७– "कुनै पनि प्रकारले भिक्षुर्णाले भिक्षुलाई आक्रोश, परिभाष गर्नु हुन्न। यो धर्मलाई पनि सत्कारपूर्वक,···जीवनभर उल्लंघन गर्नु हुन्न।

८– "आजदेखि भिक्षू प्रति भिक्षुर्णाको वचन-पथ बन्द गरियो तथा भिक्षुणी प्रति भिक्षुको वचन-पथ बन्द गरिएन[२]। यो धर्मलाई

---

१. प्राणीहिंसा नगर्ने, अदिन्नादान नलिने, ब्रह्मचर्य पालन गर्ने, मृषावाद नबोल्ने, सुरापान न गर्ने र विकाल भोजन नगर्ने– यी छ शिक्षालाई 'छ धर्महरू' भनिएको हो। अं अ. क. II. पृ ७७६: गोतमीसुत्तवण्णना।

२. 'वचन-पथ बन्द गरियो तथा वचन-पथ बन्द गरिएन' भन्नाले भिक्षुणीले भिक्षुलाई कुनै पनि कुरा भन्न नपाइने भनी भनिएको होइन। केवल जुन किशिमले भिक्षुणीलाई भिक्षुले अववाद-उपदेश गर्न पाइने हो त्यस प्रकार भिक्षुणीले भिक्षुलाई अव-वाद-उपदेश दिन न पाइने भनिएको हो। अर्थात् भिक्षुणीले भिक्षुहरूलाई शिक्षा सिकाउन नपाउने भनिएको हो। तर कुनै गल्ती देखेमा भिक्षुलाई गल्ती देखाउन पनि पाईँदैन भनिएको होइन। हेर. सम. पा. पृ. ५८६: ओवादसिक्खापदवण्णना, पाचित्तिय।

Downloaded from http://www.dhamma.digital

पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नु हुन्न ।

"आनन्द ! यदि महाप्रजापति गौतमीले यी आठगुरु (अट्ठगरु) धर्महरू (=नियमहरू) लाई स्वीकार गर्छिन् भने सोही नै उनको उपसम्पदा होस् ।"

उपसम्पन्ना भइन्

अनि भगवान्का समक्ष यी अष्ट-गुरु-धर्महरू उद्ग्रहण गर्नु भई आयुष्मान् आनन्द जहाँ महाप्रजापति गौतमी हुनु हुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि महाप्रजापति गौतमीलाई यसो भन्नु भयो—

"गौतमी ! यदि तपाइले निम्न आठ-गुरु-धर्महरूलाई स्वीकार गर्नु हुन्छ भने सोही नै तपाइको उपसम्पदा हुनेछ । (ती आठ-गुरु-धर्महरू हुन्) —

१— 'उपसम्पदाद्वारा शतवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई पनि अभिवादन, प्रत्युत्थान, अञ्जली-कर्म तथा सामीचिकर्म गर्नुपर्छ । यो धर्म (=नियम) लाई सत्कार पूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नु हुन्न ।'

(माथि पृ. ७९ मा उल्लेख भएका सबै आठ नियमहरू दोहऱ्याइ पढ्नू ।)

Downloaded from http://www.dhamma.digital

"गौतमी ! यदि तपाइले यी आठ-गुरु-धर्महरूलाई स्वीकारे गर्नु हुन्छ भने सोहीले नै तपाइको उपसम्पदा हुनेछ।"

"भन्ते आनन्द ! जस्तै कुनै ढाचा पार्न पर्ने तरुण, युवा स्त्री वा पुरुष शीर नुहाई बसेको बेलामा—उत्पलको माला, जूहीको माला अथवा मोतीको माला, पाउँदा—उसले दुवै हातमा थापी लिई शीरमा राख्छ त्यस्तै भन्ते आनन्द ! मैले पनि यी आठ-गुरु (=अष्ट गुरु) धर्महरू (=नियमहरू) लाई जीवनभर उल्लंघन नहुने गरी स्वीकार गर्छु।"

अनि आयुष्मान् आनन्द, जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्-लाई यस्तो भन्नु भयो—

"भन्ते ! महाप्रजापति गौतमीले तो अष्ट-गुरु-धर्महरूलाई स्वीकार गर्नु भयो। अब, भगवान्की सानीआमा उपसम्पन्ना हुनु भयो।"

बुद्धशासनको आयु

"आनन्द ! यदि स्त्रीजातिले तथागतको धर्म-विनयमा घर-छाडी अनगारिका भई प्रव्रजित हुन नपाएको भए, आनन्द ! यो ब्रह्म-चर्य (=बुद्धधर्म) चिरस्थायी हुने थियो—हजारवर्षसम्म सद्धर्म रहने

Downloaded from http://www.dhamma.digital

थियो। आनन्द ! जबदेखि स्त्रीजातिले घरछाडी, अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुनपाए तब देखि आनन्द ! यो ब्रह्मचर्य चिरस्थायी हुने छैन। आनन्द ! अब यो सद्धर्म पाँचशय[१] वर्षसम्म रहनेछ।

---

१. यहाँनिर अङ्गुत्तरनिकाय अर्थकथाले पाँचशयवर्ष र हजार-वर्ष उल्लेख भएको सम्बन्धमा अर्थ प्रष्टपार्दै यस्तो उल्लेख गरेको छ—

स्त्रीजातिले प्रव्रज्या नपाएको भए सद्धर्म हजारवर्ष रहने थियो। स्त्रीजातिले प्रव्रज्या पाएकोले पाँचशय वर्ष सद्धर्म रहनेमा बुद्ध भगवान्‌ले भिक्षुणीहरूकानिम्ति अगाडि नै अष्टगुरु (अट्ठगरु) धर्म बनाइदिनु भएको हुँदा हजारवर्षको हजारवर्ष नै रहने गराइदिनु भयो। त्यसैले वहाँले पोखरीमा परखाल बनाई पानीको आरक्षा गर्नेहेँ अगाडि नै नियम बनाउनु भएको कुरा अगाडि उल्लेख गर्नु भएको हो।

'हजारवर्षसम्म सद्धर्म रहने छ' को अर्थ हो प्रतिवेध शासन हजार वर्षसम्म रहने छ। यसको विभाजन गर्दा पाँच-हजारवर्ष भन्ने अर्थ हुन आउँछ। जस्तै – (१) प्रतिसम्भिदाज्ञान सहित अरहन्त हुने हजारवर्ष, (२) शुष्कविपश्यक क्षीणास्रवी हुने हजारवर्ष, (३) अनागामीहुने हजारवर्ष, (४) सकृदागामी हुने हजारवर्ष तथा (५) स्रोतापन्नहुने हजारवर्ष। यसरी पाँच-

Downloaded from http://www.dhamma.digital

१– "आनन्द ! जस्तै—धेरै स्त्रीहरू भएका र थोरै पुरुषहरू भएका जुनसुकै कुलमा पनि चोरहरूद्वारा वा कुम्भचोर[1] हरूद्वारा चाँडैनै विध्वंस पार्न सक्छ । आनन्द ! त्यस्तै जुन धर्म-विनय-मा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रव्रज्यात्व पाउँछे—त्यो ब्रह्मचर्य (=धर्म) चिरस्थायी हुन्न ।

२– "आनन्द ! जस्तै––कुनै सधीक धानको खेतमा सेतट्ठिका भन्ने रोग लागेमा त्यो धानको खेत चिरस्थायी हुन्न । आनन्द ! त्यस्तै––जुन धर्म-विनयमा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रवज्यात्व पाउँछे––त्यो ब्रह्मचर्य चिरस्थायी हुन्न ।

हजारवर्ष हुन्छ । परियत्ति (=अध्ययन) शासन (=धर्म) पनि उत्ति नै रहन्छ जति प्रतिवेध-शासन रहन्छ । परियत्ति न रहिकन प्रतिवेध रहन सक्दैन । परियत्ति-शासन (=धर्म अध्ययनको परम्परा) लोप भएर पनि बुद्धधर्मको चिनु धेरै समयसम्म रहिनै रहने छ । अं. नि. अ. क. II. पृ. ७७७: गोतमीसुत्तावण्णना; सम. पा. पृ ९५१: भिक्खुणीखन्धवण्णना-१०, चुल्लवग्गो । कसरी सद्धर्म लोपभएर जानेछ भन्ने बारेमा हेर्नू दी नि. अ. क. II पृ ६५४: सम्पसादनीयसुत्तावण्णनामा र स. नि. अ क. II. पृ १५१: कस्सपसंयुत्तवण्णनामा ।

१. हाँडोभित्र बत्तीबाली घरफोर्नेहरूलाई 'कुम्भचोर' भनिन्छ । अं. नि. अ. क II. पृ ७७६

Downloaded from http://www.dhamma.digital

३– "आनन्द ! जस्तै––सधोक उखूको खेतमा मजेठी (मञ्जिट्ठिका) भन्ने रोग लागेमा त्यो उखूको खेत चिरस्थायी हुन्न । आनन्द ! त्यस्तै––जुन धर्म-विनयमा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रव्रज्यात्व पाउँछे––त्यो ब्रह्मचर्य चिरस्थायी हुन्न ।

४– "आनन्द ! जस्तै––कुनै विशाल पोखरीको पानीलाई बाहिर जान नदिन परखालहरू लगाउँछन् । आनन्द ! त्यस्तै––पहिलेनै मैले भिक्षुणीहरूलाई जीवनभर उल्लंघन गर्न नहुने गरी अष्ट-गुरु-धर्महरूको नियम प्रज्ञापन गरिदिएँ ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३–भिक्षुणीहरूको उपसम्पदा

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ भगवान् हुनु हुन्थ्यो, त्यहाँ जानु भयो[१] । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिइरहनु भयो । एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले भगवान्‌लाई यस्तो बिन्ति गर्नु भयो—

"भन्ते ! यी शाक्य स्त्रीहरू प्रति मैले कस्तो व्यवहार गरूँ ?"

अनि महाप्रजापति गौतमीलाई भगवान्‌ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । महाप्रजापति गौतमी भगवान्‌को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानु भयो । त्यसपछि भगवान्‌ले यसै कारणमा, यसै सन्दर्भमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

"भिक्षुहो ! भिक्षुहरूले भिक्षुणीहरूलाई उपसम्पदागर्ने अनुमति दिन्छु ।"

---

१. चुल्ल. व. पा. पृ. ३७७: भिक्खुनीउपसम्पदानुजानना, अ. क. पृ. ९५२

Downloaded from http://www.dhamma.digital

अनि ती भिक्षुणीहरूले महाप्रजापति गौतमीलाई यस्तो भने–

"आर्या अनुपसम्पन्ना हुनुहुन्छ, हामीहरूमात्रै उपसम्पन्ना हुौं। यसरी नै भगवान्‌ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा[१] गर्ने (नियम) प्रज्ञापन गर्नु भएको छ।"

अनि महाप्रजापति गौतमी जहाँ आयुष्मान् आनन्द हुनु हुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगे पछि आयुष्मान् आनन्दलाई अभिवादनगरी एक छेउमा उभिइरहनुभयो। एक छेउमा उभिइरहनु

---

१. 'उपसम्पदा' भनेको भिक्षुसंघद्वारा सम्मत गरिने पूर्ण भिक्षुत्व वा भिक्षुणीत्व-पद हो। महाप्रजापति गौतमीको मनोभावलाई बुझ्नु भई भगवान्‌ले भिक्षुहरूलाई—भिक्षुणीहरूलाई उपसम्पदा गर्ने अनुमति दिनुभयो। यस अनुमति पछि भिक्षुसंघले महाप्रजापति गौतमीसँगै आएका ती पाँचशय शाक्य स्त्रीहरूलाई विधिवत् उपसम्पदा गरे। यसरी विधिवत् उपसम्पन्ना भइसके पछि ती भिक्षुणीहरूले महाप्रजापति गौतमी विधिवत् उपसम्पन्ना न भएको कारणलाई ध्यानमा राखी 'आर्या अनुपसम्पन्ना हुनु हुन्छ, हामी मात्रै उपसम्पन्ना हुौं' भनी भनेका हुन्। अल्प-बुद्धिको कारणले अथवा अदूरदर्शिताको कारणले गर्दा ती पाँचशय शाक्यभिक्षुणीहरूले महाप्रजापति गौतमीलाई भगवान्‌ले अष्ट-गुरु-धर्मद्वारा उपसम्पन्ना गर्नु भएको कुरालाई चटक्कै बिर्से।

Downloaded from http://www.dhamma.digital

भएको महाप्रजापति गौतमीले आयुष्मान् आनन्दलाई यसो भन्नु-भयो—

"भन्ते आनन्द ! यी भिक्षुणीहरूले मलाई— 'आर्या अनुपसम्पन्ना हुनुहुन्छ, हामीहरू मात्रै उपसम्पन्ना हौं। यसरी नै भगवान्ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा गर्ने (नियम) प्रज्ञापन गर्नु भएको छ' भनी भन्छिन्।"

यति कुरा सुनी, आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो। त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्लाई [illegible]तो भन्नुभयो—

"भन्ते ! महाप्रजापति गौतमीले यसो भन्नु हुन्छ— भन्ते आनन्द ! यी भिक्षुणीहरूले मलाई— 'आर्या अनुसम्पन्ना हुनुहुन्छ, हामीहरू मात्रै उपसम्पन्ना हौं। यसरी नै भगवान्ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा गर्ने (नियम) प्रज्ञापन गर्नु भएको छ' भनी भन्छिन्।"

"आनन्द ! जुनबेला महाप्रजापति गौतमीले अष्ट-गुरु-धर्म-हरूलाई स्वीकार गरिन् उसै बेलामै उनी उपसम्पन्ना भइसकिन्।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि –

४–वर-याचना

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ जानु भयो[१] । त्यहाँ पुगे पछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा उभिइरहनु भयो । एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—

"भन्ते आनन्द ! भगवान्‌सँग एउटा वर माँग्न चाहन्छु । भन्ते ! भगवान्‌ले भिक्षुहरू र भिक्षुणीहरूको परस्परमा वयोवृद्धानुसार अभिवादन, प्रत्युत्थान, अञ्जली कर्म तथा सामीचिकर्म गर्ने अनुमति दिनुभए वेश हुनेथियो ।"

त्यस पछि, आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो भन्नु भयो—

"भन्ते ! महाप्रजापति गौतमीले मलाई यस्तो भन्नुभयो— 'भन्ते आनन्द ! भगवान्‌सँग एउटा वर माग्न चाहन्छु । भन्ते ! भग-

---

१. चुल्ल. व. पा. पृ. ३७८ : महापजापतिया वरयाचनादि ।

Downloaded from http://www.dhamma.digital

वान्‌ले भिक्षुहरू र भिक्षुणीहरूको परस्परमा वयोवृद्धानुसार अभिवादन, प्रत्युत्थान, अञ्जली कर्म तथा सामीचिकर्म गर्ने अनुमति दिनुभए वेश हुनेथियो' ।"

"आनन्द ! तथागतले स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जली कर्म तथा सामीचिकर्म गर्नुपर्छ भनी कहील्यै भन्न सक्तैन, यस्तो भन्नुको कुनै कारण छैन । आनन्द ! यो दुराख्यात धर्म भएका अन्य-तीर्थीयहरूले पनि स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जली कर्म तथा सामीचिकर्म गर्दैनन् भने—तथागतले स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जली कर्म तथा सामीचिकर्म गर्नुपर्छ भनी कसरी अनुमति देला र !"

अनि, भगवान्‌ले यसै कारणमा यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! स्त्रीलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्नु पर्दैन; जसले गर्छ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

५–शिक्षापद बारेमा के गर्ने ?

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ जानुभयो[१]। त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरहनु भयो। एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग समान छन्, भन्ते ! त्यस्ता शिक्षापदहरूका सम्बन्धमा हामीले कस्तो व्यवहार गर्नुपर्ला ?"

"गौतमी ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग समान छन्, ती शिक्षापदहरूलाई भिक्षुहरूले जस्तै पालन गर्नू।"

"भन्ते ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग असमान छन्, त्यस्ता शिक्षापदहरूका सम्बन्धमा हामीले कस्तो व्यवहार गर्नुपर्ला त ?"

---

१. चुल्ल. व. पा. पृ. ३७९

Downloaded from http://www.dhamma.digital

"गौतमी ! जो तौ भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग असमान छन्, त्यस्ता शिक्षापदहरूलाई प्रज्ञापन गरेका शिक्षापद अनुसार पालन गर्नू ।"

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

६—संक्षिप्त-धर्म

एक समय भगवान् वैशालीस्थित महावनको कूटागार-शालामा बस्नु भएको थियो[१]।

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी महाप्रजापति गौतमी एक छेउमा उभिइरहनु भयो। एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

"भन्ते ! भगवान्ले मलाई संक्षेपरूपमा धर्मोपदेश गर्नु भए बेश हुनेथियो, जुन धर्मलाई सुनी एकान्तमा बसी अप्रमत्तमा चित्त लगाई म विहार गर्न सकूँ।"

"गौतमी ! जुन धर्मलाई तिमीले— 'यी धर्महरूले सरागमा पुऱ्याउँछन् वीतरागमा होइन; संयोगमा पुऱ्याउँछन् विसंयोगमा होइन; संसारवृद्धिमा पुऱ्याउँछन् संसार अवृद्धिमा होइन; महालोभमा

---

१. अं. नि-८ पृ. ३७४ : सङ्खित्तसुत्तं, अ. क. II. पृ. ७७७; यही सूत्रको कुरा चुल्ल. व. पा. पृ. ३७९ मा पनि समुल्लेख भएको छ, अ. क. पृ. ९५२

Downloaded from http://www.dhamma.digital

पुऱ्याउँछन् निर्लोभमा होइन; असन्तोषमा पुऱ्याउँछन् सन्तोषमा होइन; प्रपञ्चवासमा पुऱ्याउँछन् एकान्तवासमा होइन; आलस्यतामा पुऱ्याउँछन् निरालसतामा होइन; तथा दुर्भरतामा पुऱ्याउँछन् सुभरतामा होइन' भन्ने जान्नेछयौ, गौतमी ! तब तिमीले अवश्य नै यस्तो धारणा (=विश्वास) गर कि— 'न यो धर्म हो, न यो विनय हो, न यो शास्ताको शासन नै हो।'

"गौतमी ! जुन धर्मलाई तिमीले— 'यो धर्महरूले विरागमा पुऱ्याउँछन् सरागमा होइन; विसंयोगमा पुऱ्याउँछन् संयोगमा होइन; संसार अवृद्धिमा पुऱ्याउँछन् संसारवृद्धिमा होइन; निर्लोभमा पुऱ्याउँछन् महालोभमा होइन; सन्तोषमा पुऱ्याउँछन् असन्तोषमा होइन; एकान्तवासमा पुऱ्याउँछन् प्रपञ्चवासमा होइन; निरालसतामा पुऱ्याउँछन् आलस्यतामा होइन तथा सुभरतामा पुऱ्याउँछन् दुर्भरतामा होइन' भन्ने जान्नेछयौ, गौतमी ! तब तिमीले अवश्य नै यस्तो धारणा (=विश्वास) गर कि— 'यही धर्म हो, यही विनय हो, यही शास्ताको शासन पनि हो'।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

७—बिरामी गौतमी

त्यस बखत बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुको न्यग्रोधारामका बस्नु भएको थियो[१] ।

भिक्षुणी बस्ने ठाउँमा जानु हुन्न

त्यस बखत छवर्गीय भिक्षहरू भिक्षुणीहरू बस्ने ठाउँमा गई छवर्गीया भिक्षुणीहरूलाई अववाद-उपदेश दिन्थे । (एक दिन) भिक्षुणीहरूले छवर्गीया भिक्षुणीहरूलाई भने—

"आर्या ! आउनुहोस्, अववाद-उपदेश सुन्न जाऊँ ।"

"आर्या ! जुन अववाद-उपदेशकोनिम्ति (विहारमा) जानु पर्ने हो सो अववाद-उपदेश हामीलाई छवर्गीय भिक्षुहरूले यहीं नै दिनुहुन्छ ।"

यो कुरा सुनी ती भिक्षुणीहरू "कस्ता रहेछन् यी छवर्गीय भिक्षुहरू जो भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश दिन्छन्" भन्दै कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न पनि

---

१. पाचि. पा. पृ. ८३ : तेवीसतिमपाचित्तियं, अ. क. पृ. ५८९

Downloaded from http://www.dhamma.digital

थाले । अनि तौ भिक्षुणीहरूले यो कुरा भिक्षुहरूलाई सुनाए । जो तौ भिक्षुहरू अल्पेच्छो थिए तिनीहरू पनि "कस्ता होलान् यी छवर्गीय भिक्षुहरू ! जो भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश गर्छन् !" भन्दै कराउन थाले, खिन्नहुन थाले र धिक्कार्न पनि थाले । त्यस पछि तौ भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए । भगवान्ले यसै कारणमा, यसै प्रसंगमा भिक्षुसङ्घलाई एकत्रित पार्नुभई छवर्गीय भिक्षुहरूसँग सोध्नु भयो—

"भिक्षुहो ! तिमीहरूले भिक्षुणीहरू बस्ने ठाउँमागई भिक्षुणीहरूलाई अववाद-उपदेश गरेका कुरा साँच्चै हो ?"

"भन्ते ! साँच्चै हो ।"

अनि भगवान्ले निन्दा गर्नुभयो— "कस्ता रहेछौ तिमीहरू, मोघपुरुषहो ! जो कि भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश गर्छौ ! यस कार्यद्वारा न अप्रसन्न हुनेको चित्त प्रसन्न हुन सक्छ; न त प्रसन्न हुनेको चित्त नै बढी प्रसन्न हुन सक्छ... ।" अनि भगवान्ले— 'भिक्षुहो ! यसरी यो शिक्षापद सिक्नुपर्छ' भनी यस्तो भन्न भयो—

"जो भिक्षुले भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद गर्छ[१], उसलाई पाचित्तिय दोष लाग्ने छ ।"

---

१. भिक्षुणीहरूकहाँ गई उपदेश गर्ने सम्मत पाएकाले बाहेक अरू भिक्षुहरूले उपदेश गर्न नहुने नियम हो । यदि सम्मत नपाएको भिक्षुले भिक्षुणीहरूकहाँ गई अष्ट-गुरु-धर्म' द्वारा अववाद गर्छ

Downloaded from http://www.dhamma.digital

भने उसलाई पाचित्तिय दोष लाग्छ। अरू धर्मद्वारा अववाद गर्छ भने 'दुष्कृत्य आपत्ति' लाग्छ। सम. पा. पृ. ५८९ : पाचित्तियवण्णना, भिक्खुणीउपस्सय सिक्खापदं ततियं।

निम्न आठ गुणहरूले सम्पन्न भएका भिक्षुलाई भिक्षुणी-कहाँ गई अववाद गर्ने सम्मत दिइन्छ—

१. "आचार गोचर सम्पन्न भई अणुमात्र दोषलाई पनि भय मान्ने र प्रातिमोक्ष शीललाई राम्ररी पालन गर्ने;

२. "आदि-मध्य-पर्यवशान कल्याण हुने बुद्धको धर्मलाई राम्ररी उद्ग्रहण गरी त्यसको अर्थलाई समेत राम्ररी मनमा विचार गरी असल दृष्टि हुने तथा बहुश्रुत, श्रुतधर आदि गुण हुने;

३. "दुवै प्रातिमोक्ष-शिक्षापदहरू अध्ययन गरी, परि-शीलनगरी तथा त्यसको अर्थहरू सूत्र र विनय अनुसार राम्ररी बुझन सक्ने;

४. "कल्याण-भाषी;

५. "भिक्षुणीहरूले मन पराउने;

६. "भिक्षुणीहरूलाई सम्झाउन-बुझाउन समर्थ हुने;

७. "चीवर-वस्त्र पहिरी भिक्षु भइसके पछि कहीँल्यै पनि 'गुरु-दोष' अर्थात् सङ्घादिशेष-दोष नगरेको;

Downloaded from http://www.dhamma.digital

यसरी भगवान्‌ले भिक्षुहरूलाई शिक्षापद प्रज्ञापन गर्नुभयो ।

बिरामी भिक्षुणीलाई उपदेश दिन हुन्छ

त्यस समय महाप्रजापति गौतमी बिरामी हुनुहुन्थ्यो । स्थविर भिक्षुहरू जहाँ महाप्रजापति गौतमी हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो—

"गौतमी ! के तपाइलाई क्षेमनीय र यापनीय छैन ?"

"आर्य ! मलाई क्षेमनीय र यापनीय छैन । आर्य ! धर्मोपदेश गनु भए बेशहुने थियो ।"

"भगिनी ! भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई उपदेश गर्नु हुन्न" भन्नु हुँदै संकोच मान्दै धर्मोपदेश गरेनन् । त्यसपछि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ महाप्रजापति गौतमी हुनुहुन्थ्यो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुग्नु भएपछि बिच्छ्याइराखेको आसनमा बस्नु भयो । अनि भगवान्‌ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो—

---

८. "उपसम्पन्नताले बीसवर्ष वा सोभन्दा बढी भइसकेको ।" पाचि. पा. पृ. ७७ : भिक्खुनोवादसम्मन्नने, एकवीसतिम पाचित्तियं, सम. पा. पृ. ५७६–७९; अं. नि-८ पृ. ३७३: ओवादसुत्तं, अ. क. II. पृ. ७७७

Downloaded from http://www.dhamma.digital

"गौतमी ! के तिमीलाई क्षेमनीय र यापनीय छैन ?"

"भन्ते ! अघि अघि स्थविर भिक्षुहरू आई धर्मोपदेश गर्नु हुन्थ्यो र त्यसबाट मलाई सन्चो हुन्थ्यो । अहिले त 'भगवान्‌ले प्रतिक्षेप गर्नु भएको छ' भन्नु हुँदै संकोचमानी (यहाँहरूले) उपदेश गर्नु हुन्न । त्यसैले मलाई सन्चो हुन्न ।"

अनि भगवान्‌ले महाप्रजापति गौतमीलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई आसनबाट उठी फर्केर जानुभयो ।

अनि भगवान्‌ले यसै कारणमा, यसै प्रसंगमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"भिक्षुहो ! भिक्षुणीहरू बस्ने ठाउँमा गई (भिक्खुनुपस्सयं) भिक्षुणीहरूलाई उपदेश गर्ने अनुमति दिन्छु । भिक्षुहो ! यसरी यो शिक्षापद उद्दिशण गर्नू--

"जो भिक्षुले, भिक्षुणीहरू[१] बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई विशेष समय बाहेक उपदेश[२] (=ओवाद) गर्छ--उसलाई पाचित्तिय

---

१. यहाँ भिक्षुणी भनी भिक्षुसङ्घ र भिक्षुणीसङ्घद्वारा उपसम्पन्न भएकी 'भिक्षुणी' लाई भिक्षुणी भनेको हो । पाचि. पा. पृ. ८४ : विभङ्गो ।

२. अष्ट-गुरु-धर्मद्वारा अति-उपदेश दिनुलाई यहाँ 'उपदेश' भनिएको हो । पाचि. पा. पृ. ८४: विभङ्गो ।

Downloaded from http://www.dhamma.digital

दोष लाग्ने छ । विशेष समय मनेको भिक्षुणी बिरामी हुन्छे । यही नै यहाँ विशेष समय हो ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

८–स्त्रीहरू दुर्गन्धी हुन्छन्

त्यस समय बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तु-स्थित न्यग्रोधाराममा बस्नु भएको थियो[१]।

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी— "भगवान्! स्त्रीहरू दुर्गन्धी हुन्छन्" भन्दै अधोवात (=तलतिर हावा लाग्ने ठाउँ) मा उभिइरहनु भयो। अनि भगवान्ले "भिक्षुणीहरूले उदक-शुद्धिक[२] लिनु पर्छ" भन्नु हुँदै महाप्रजापति गौतमीलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो। अनि महाप्रजापति गौतमी भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानुभयो। त्यस पछि भगवान्ले यसै कारणमा,

---

१. पाचि पा. पृ. ३५६ : पञ्चमपाचित्तियं, अ. क. पृ. ६८७

२. स्त्रीहरूको मूत्रद्वार धुनेकार्यलाई 'उदक-शुद्धिक' भनिएको हो। पाचि. पा. पृ. ३५७ : विभङ्गो।

Downloaded from http://www.dhamma.digital

यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

"भिक्षुहो ! भिक्षुणीहरूलाई उदक-शुद्धिक लिने अनुमति दिन्छु ।"

त्यस समय एक भिक्षुणीले "भगवान्‌ले उदक-शुद्धिक लिने अनुमति दिनुभएको छ" भनी अति गम्भीर (गहिरो) उदक-शुद्धिक लिंदा मूत्रद्वारमा घाउ पारेन् । अनि ती भिक्षुणीले यो कुरा भिक्षुणी-हरूलाई बताइन् । जो भिक्षुणीहरू अल्पेच्छी थिए...उनीहरू 'कसरी अति गम्भीर उदक-शुद्धिक लिएकी होलिन्' भन्दै कराउन थाले... । भिक्षुणीहरूले यो कुरा भिक्षुहरूलाई सुनाए । भिक्षुहरूले यो कुरा भगवान्‌लाई सुनाए । ... भगवान्‌ले "भिक्षुहो ! साँच्चै हो के भिक्षुणी-हरूले अति गम्भीर उदक-शुद्धिक लिएका ?" भनी सोध्नु भयो ।

"साँच्चै हो, भगवान् !"

अनि भगवान्‌ले निन्दा गर्नु भयो...र यसो भन्नुभयो—

"भिक्षुहो ! त्यसो भए यसरी यो शिक्षापद उद्देशण गर्नू—

"उदक-शुद्धिक लिने भिक्षुणीले दुइ औंलाको दुइखण्ड (द्वङ्गुल-पब्ब परमं) मात्र पसाल्नु पर्छ । त्यो भन्दा बढता पसालेमा पाचित्तिय-दोष लाग्ने छ ।"

× × ÷

Downloaded from http://www.dhamma.digital

मूल पालि—

९–भिक्षुणीहरूले ऊन धुन लगाउँछन्

त्यस समय बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामका बस्नु भएको थियो[१]।

त्यस बखत छवर्गीय भिक्षुहरूले भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाउँदथे, रंगाउन लगाउँदथे तथा डाँखलाहरू पनि छुटचाउन लगाउँदथे। भेडाका ऊनहरू धुँदा धुँदै, रँगाउँदा रँगाउँदै तथा डाँखलाहरू छुटचाउँदा छुटचाउँदै––अधिशील, अधिचित्त तथा अधिप्रज्ञा सम्बन्धी सोध्-पूछ गर्ने वा सिक्ने समय हुँदैनथ्यो। अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरहनु भयो। एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीलाई भगवान्ले यस्तो भन्नु भयो––

"गौतमी! भिक्षुणीहरू अप्रमत्तभई आतप्ततामा चित्त लगाई विहार गरिरहेका छन् त?"

"भन्ते! कहाँ अप्रमत्तभई भिक्षुणीहरू विहारगर्ने सक्छन् र!

---

१. पारा. पा. पृ. ३३५ : सत्तरसनिस्सग्गियं, अ. क. पृ. ४९८

Downloaded from http://www.dhamma.digital

आर्य छवर्गीय भिक्षुहरूले भिक्षुणीहरूलाई भेडाका ऊनहरू धुन लगाउनु हुन्छ, रँगाउन लगाउनु हुन्छ तथा डाँखलाहरू छुटयाउन पनि लगाउनु हुन्छ । भेडाका ऊनहरू धुँदा धुँदै, रँगाउँदा रँगाउँदै तथा डाँखलाहरू छुटयाउँदा छुटयाउँदै—अधिशील, अधिचित्त तथा अधिप्रज्ञा सम्बन्धी सोध्–पूछ गर्ने वा सिक्ने समय नै हुँदैन ।"

अनि भगवान्ले महाप्रजापति गौतमीलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई, भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी महाप्रजापति गौतमी फर्केर जानुभयो ।

त्यस पछि भगवान्ले यसै कारणमा, यसै सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई छवर्गीय भिक्षुहरूसँग सोध्नु भयो—

"भिक्षुहो ! साँच्चै हो के तिमीहरूले भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाएका, रँगाउन लगाएका तथा डाँखलाहरू छुटयाउन लगाएका ?"

"भन्ते ! साँच्चै हो ।"

"भिक्षुहो ! (तौ भिक्षुणीहरू) तिमीहरूका ज्ञातिहरू हुन् कि अज्ञातिहरू हुन् ?"

"भन्ते ! अज्ञातिहरू हुन् ।"

Downloaded from http://www.dhamma.digital

"मोघपुरुष ! अज्ञातिहरूले अज्ञातिहरू लगाई (धुन लगाउन) हुन्छ वा हुन्न, प्रतिरूप छ वा अप्रतिरूप छ, प्रासादिक छ वा अप्रासादिक छ भन्ने कुरा पनि जान्न सक्दैनौ ? मोघपुरुष ! जहाँ कि तिमीहरूले अज्ञाति भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाउँछौ, रँगाउन लगाउँछौ तथा डाँखलाहरू पनि छुटयाउन लगाउँछौ । मोघपुरुष ! यो कार्यद्वारा न अप्रसन्न हुनेको चित्त प्रसन्न हुनसक्छ, न त प्रसन्न हुनेको चित्त नै बढी प्रसन्न हुन सक्छ ..अतएव यसरी यो शिक्षापद उद्देशण गर्नू—

'जो भिक्षुले अज्ञाति[1] भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाउँछ, रँगाउन लगाउँछ अथवा डाँखलाहरू छुटयाउन लगाउँछ, उसलाई नैसर्गीय[2] पाचित्तिय लाग्नेछ ।"

× × ×

१. आमाबाट वा बाबुबाट अथवा सातपुस्तासम्मका बाजे बराज्यू-हरूबाट समेत सम्बन्ध नपर्नेलाई 'अज्ञाति' भनिएको हो । पारा. पा. पृ. ३३६ : विभङ्गो ।

२. जुन कारणले गर्दा पाचित्तिय दोष लागेको हो सो कारण वा वस्तुलाई त्यागि दिनेलाई 'नैसर्गीय' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

मूल पालि--

१०—कौशम्बिक भिक्षुहरू

त्यस बेला महाप्रजापति गौतमीले सुन्नु भयो कि— "सङ्घमा झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने तथा अधिकरण चलाउने ती कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदै छन्[१]।"

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो। त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइ-रहनु भयो। एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो भन्नु भयो—

"भन्ते! सङ्घमा झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने तथा अधिकरण चलाउने ती कौशम्बिक भिक्षुहरू[२] श्रावस्ती-मा आउँदै छन्। भन्ते! उनीहरू प्रति मैले कस्तो व्यवहार गर्नुपर्ला?"

"गौतमी! त्यसो भए, बुर्वतिरका धर्महरू सुन। बुर्वतिरका

---

१. महा. व. पा. पृ. ३८६ : अट्ठारसवत्थुकथा, कोसम्बककखन्धकं।

२. यी कौशम्बिक भिक्षुहरू भनेका को हुन् भन्ने बारेमा लेखकको बु. म. पृ. १२२ को पादटिप्पणीमा हेनूं।

Downloaded from http://www.dhamma.digital

धर्महरू सुनिसके पछि त्यसमध्ये जुन भिक्षुहरू धर्मवादी हुन्[१] उनीहरूका

१. निम्न अठार कारणहरूद्वारा 'धर्मवादी' भनी जान्नुपर्छ—"(१) अधर्मलाई अधर्म भनी भन्द छ, (२) धर्मलाई धर्म भनी भन्द छ, (३) अविनयलाई अविनय भनी भन्द छ, (४) विनयलाई विनय भनी भन्द छ, (५) तथागतले न भनेको तथा न बोलेकोलाई तथागतले न भनेको तथा न बोलेको भनी भन्द छ, (६) तथागतले भनेको र बोलेकोलाई तथागतले भनेको तथा बोलेको भनी भन्द छ, (७) तथागतले अभ्यास न गरेकोलाई तथागतले अभ्यास नगरेको भनी भन्द छ, (८) तथागतले अभ्यास गरेकोलाई तथागतले अभ्यास गरेको भनी भन्द छ, (९) तथागतले प्रज्ञापन नगरेकोलाई तथागतले प्रज्ञापन नगरेको भनी भन्द छ, (१०) तथागतले प्रज्ञापन गरेकोलाई तथागतले प्रज्ञापन गरेको भनी भन्दछ, (११) अनापत्ति (=निर्दोष)लाई अनापत्ति भनी भन्द छ, (१२) आपत्ति (=सदोष) लाई आपत्ति भनी भन्द छ, (१३) लहुक आपत्ति (=हलकादोष) लाई लहुक आपत्ति भनी भन्दछ, (१४) गुरु आपत्ति (=गरुँगो दोष) लाई गुरु आपत्ति भनी भन्द छ, (१५) सावशेष आपत्ति लाई सावशेष आपत्ति भनी भन्द छ, (१६) निरवशेष आपत्तिलाई निरवशेष आपत्ति भनी भन्द छ, (१७) दुट्ठुल्ल आपत्ति (=ठूलो दोष) लाई दुट्ठुल्ल आपत्ति भनी भन्द छ, तथा (१८) अदुट्ठुल्ल आपत्तिलाई अदुट्ठुल्ल आपत्ति भनी भन्द छ।" यी अठार प्रकारका विपरीत कारणहरूद्वारा अधर्मवादी भन्ने बुझ्नुपर्छ। महा. व. पा. पृ. ३८५ : अट्ठारसवत्थुकथा।

Downloaded from http://www.dhamma.digital

दृष्टि, धारणा तथा विचारलाई रोज। भिक्षुणी सङ्घले भिक्षुसङ्घबाट जुन आशा लिनु पर्दछ ती सबै धर्मवादीहरूबाटै लिनु पर्दछ।''

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

११—नन्दकको उपदेश

यस्तो मैले सुने[1] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । अनि महाप्रजापति गौतमी पांचशय भिक्षुणीहरूका साथ जहाँ भगवान् हुनुहुथ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरहनु भयो । एक छेउमा उभिइरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

"भन्ते ! भगवान्ले भिक्षुणीहरूलाई अववाद दिनुहोस; भन्ते ! भगवान्ले भिक्षुणीहरूलाई अनुशासन गर्नु होस्; भन्ते ! भगवान्ले भिक्षुणीहरूलाई धार्मिक कथा सुनाउनु होस् ।"

त्यस समय स्थविर भिक्षुहरूले पालैसित भिक्षुणीहरूलाई अववाद उपदेश गर्दथे । आयुष्मान् नन्दक आपनो पालोमा भिक्षुणीहरूलाई अववाद-उपदेश गर्न चाहनु हुन्नथ्यो । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नु भयो—

---

१. म. नि, III. पृ. ३६१ : नन्दकोवादसुत्तं, अ. क. IV. पृ. २१६

Downloaded from http://www.dhamma.digital

"आनन्द ! आज भिक्षुणीहरूलाई अववाद-उपदेश गर्ने पालो कसको हो ?"

"भन्ते ! पालो अनुसार भिक्षुणीहरूलाई अववाद-उपदेश गर्ने पालो सबैले सिध्याइसके । भन्ते ! यी आयुष्मान् नन्दक आफ्नो पालोमा भिक्षुणीहरूलाई अववाद-उपदेश गर्न चाहनु हुन्न[1] ।"

अनि भगवान्‌ले आयुष्मान् नन्दकलाई आमन्त्रण गर्नुभयो—

"नन्दक ! भिक्षुणीहरूलाई अववाद-उपदेश गर; नन्दक ! भिक्षुणीहरूलाई अनुशासन गर; नन्दक ! ब्राह्मण[2] भएका तिमीले भिक्षुणीहरूलाई धार्मिक कुरा सुनाऊ !"

"हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई आयुष्मान् नन्दक पूर्वाह्ण समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन् जानुभयो । श्रावस्तीमा भिक्षाटन् गरी, भिक्षाटन् बाट फर्किसके पछि भोजनोपरान्त आफू समेत दुइ जना भई जहाँ राजकाराम[3] हो त्यहाँ जानुभयो । तो भिक्षुणीहरूले टाढैदेखि आयु-

---

१. आयुष्मान् नन्दकले किन उपदेश गर्न चाहनु हुन्न भन्ने कुरा माथि परिचय (पृ. ३९) मा उल्लेख गरिसकेकै छु ।

२. यहाँ 'ब्राह्मण' भन्नाले जातीय ब्राह्मण नभई 'बाहित पापो ति ब्राह्मणो' अर्थात् निक्लेशी भएको हुनाले 'ब्राह्मण' भनिएको हो ।

३. यो 'राजकाराम' विहार कसले बनाएको थियो र कहाँनिर छ भन्ने बारेमा हेर, लेखकको बु. रा. पृ. १५२ र १६३ मा ।

Downloaded from http://www.dhamma.digital

ष्मान् नन्दकलाई आइरहनु भएको देखे । देखेपछि आसन बिच्छ्याए । पानी र पीरा पनि राखे । अनि आयुष्मान् नन्दक बिच्छ्याइराखेको आसनमा बस्नु भयो । बस्नु भएपछि खुट्टा पनि पखाल्नु भयो । तो भिक्षुणीहरू पनि आयुष्मान् नन्दकलाई अभिवादन गरी एक छेउमा बसे ।

अनात्म-कथा

एक छेउमा बसेका ती भिक्षुणीहरूलाई आयुष्मान् नन्दकले यस्तो भन्नु भयो—

"भगिनी हो ! प्रतिपृच्छा अर्थात् सोधी सोधी कुरा हुनेछ । त्यहाँ, जान्नेले 'जान्दछु' भनी भन्नु पर्छ; न जान्नेले 'जान्दिन' भनी भन्नु पर्छ । जसलाई सन्देह वा विमति हुन्छ उसले 'भन्ते ! यो कसरी हुन्छ, यसको अर्थ के हो ?' भनी मसँग प्रति-प्रश्न गर्नु पर्छ ।"

(उनीहरूले भने)— "आयुष्मान् नन्दकले हामीहरूलाई 'न बुझेको सोध्नू' भनी जुन कुरा भन्नु भयो—यत्तिकैले पनि हामीहरू आयुष्मान् प्रति सन्तुष्ट र खुशी नै भएका छौं ।"

(क) १– "भगिनीहो ! के भन्छौ त, चक्षु नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

Downloaded from http://www.dhamma.digital

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको (=परिवर्तनशील) हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

२— "भगिनीहो ! के भन्छौ त, श्रोत नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभाको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

३— "भगिनीहो ! के भन्छौ त, घ्राण नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

Downloaded from http://www.dhamma.digital

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

४– "भगिनीहो ! के भन्छौ त, जिह्वा नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

५– "भगिनीहो ! के भन्छौ त, काय नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

Downloaded from http://www.dhamma.digital

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

६— "भगिनीहो ! के भन्छौ त, मन नित्य हो कि अनित्य हो त ?

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यो छ आध्यात्मिक (=भित्री) आयतन-

Downloaded from http://www.dhamma.digital

हरूलाई अनित्य हुन्' भनी हामीहरूले यथार्थत सम्यक् प्रज्ञाद्वारा देखि-सकेका छौं ।"

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थत सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।"

(ख) १– "भगिनीहो ! के भन्छौ त, रूप नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो––त्यसलाई –– 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

२– "भगिनीहो ! के भन्छौ त, शब्द नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

Downloaded from http://www.dhamma.digital

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

३- "भगिनीहो ! के भन्छौ त, गन्ध नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

४- "भगिनीहो ! के भन्छौ त, रस (=स्वाद) नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

Downloaded from http://www.dhamma.digital

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

५– "भगिनीहो ! के भन्छौ त, स्पर्श नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

६– "भगिनीहो ! के भन्छौ त, धर्म (=चित्तविषय) नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

Downloaded from http://www.dhamma.digital

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यो छ बाहिरी आयतनहरूलाई अनित्य हुन्' भनी हामीहरूले यथार्थत सम्यक् प्रज्ञाद्वारा देखिसकेका छौं ।"

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थत सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।

(ग) १– "भगिनीहो ! के भन्छौ त, चक्षुविज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

Downloaded from http://www.dhamma.digital

२– "भगिनीहो ! केभन्छौ त, श्रोतविज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो– त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

३– "भगिनीहो ! के भन्छौ त, घ्राणविज्ञान नित्य हो कि अनित्य हो त ?

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो– त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

Downloaded from http://www.dhamma.digital

४– "भगिनीहो ! के भन्छौ त, जिह्वाविज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो— त्यसलाई— यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

५– "भगिनीहो ! के भन्छौ त, कायविज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो— त्यसलाई— 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ।"

"भन्ते ! ठीक छैन ।"

Downloaded from http://www.dhamma.digital

६– "भगिनीहो ! के भन्छौ त, मनःविज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको हो—त्यसलाई— 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यो छ विज्ञान-कायहरूलाई अनित्य हुन्' भनी हामीहरूले यथार्थत सम्यक् प्रज्ञाद्वारा देखि सकेका छौं ।"

"साधु, साधु भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थत सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।"

उपमाहरू

१– "भगिनीहो ! जस्तै—बलिरहेको तेल-प्रदीपको तेल पनि अनित्य हो, विपरिणाम धर्म हो; बत्ती (वर्ट्टि) पनि अनित्य हो, विपरिणाम धर्म हो; अर्चि (=ज्वाला) पनि अनित्य हो,

Downloaded from http://www.dhamma.digital

विपरिणाम धर्म हो; आभा (=प्रकाश=चमक) पनि अनित्य हो, विपरिणाम धर्म हो। भगिनीहो ! तर कसैले— 'यो बलिरहेको तेल-प्रदीपको तेल पनि अनित्य हो विपरिणाम धर्म हो; बत्ती पनि अनित्य हो विपरिणाम धर्म हो; अर्चि पनि अनित्य हो विपरिणाम धर्म हो; परन्तु जुन त्यसको आभा हो त्यो भने नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो (=अपरिवर्तन शील हो)' भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न।"

"किन नि ?"

"भन्ते ! त्यो बलिरहेको तेल-प्रदीपको तेल पनि अनित्य हो, विपरिणाम धर्म हो; बत्ती पनि अनित्य हो, विपरिणाम धर्म हो; अर्चि पनि अनित्य हो, विपरिणाम धर्म हो; आभा त अगाडि नै अनित्य तथा विपरिणाम धर्म भइनै सकेको छ।"

"भगिनीहो ! त्यस्तै—यदि कसैले— 'यी छ आध्यात्मिक आयतनहरू अनित्य हुन्; तर जो ती छ आध्यात्मिक आयतनहरूको कारणद्वारा प्रतिसंविदित हुने सुख, दुःख अथवा अदुःख असुख हो— 'त्यो नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो' भनी भन्दछ भने, भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न।"

Downloaded from http://www.dhamma.digital

"किन नि ?"

"भन्ते ! त्यस त्यस प्रत्ययको कारणद्वारा त्यस त्यस वेदना उत्पन्न हुन्छ । त्यस त्यस प्रत्ययको कारण निरोधबाट त्यस त्यस वेदना पनि निरुद्ध हुन्छ ।"

"साधु, साधु भगिनीहो ! त्यस्तैहो; भगिनीहो ! यथार्थत सम्यक्प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।

२– "भगिनीहो ! जस्तै—खडा भइरहेको सारवान् महा-वृक्षको मूल (= फेद) पनि अनित्य हो, विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो, विपरिणाम धर्म हो; शाखा-पातहरू पनि अनित्य हुन्, विपरिणाम धर्म हुन्; छायाँ पनि अनित्य हो, विपरिणाम धर्म हो । भगिनीहो ! तर कसैले— 'त्यो खडा भइरहेको सारवान् महावृक्षको मूल पनि अनित्य हो विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो विपरिणाम धर्म हो; शाखा-पातहरू पनि अनित्य हुन् विपरिणाम धर्म हुन्; परन्तु जुन त्यसको छायाँ हो त्यो भने नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो' भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यो खडा भइरहेको सारवान् महावृक्षको मूल पनि अनित्य हो, विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो, विपरिणाम

Downloaded from http://www.dhamma.digital

धर्म हो, शाखा-पातहरू पनि अनित्य हुन्, विपरिणाम धर्म हुन छायाँ त अगाडि नै अनित्य तथा विपरिणाम धर्म भइसै सकेको छ।"

"भगिनीहो ! त्यस्तै—यदि कसैले— यी छ बाहिरी आयतनहरू अनित्य हुन्; तर जो ती छ बाहिरी आयतनहरूको कारणद्वारा प्रतिसंविदित हुने सुख, दुःख अथवा अदुःख असुख हो— 'त्यो नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो' भनी भन्दछ भने, भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न।"

"किन नि ?"

"भन्ते ! त्यस त्यस प्रत्ययको कारणद्वारा त्यस त्यस वेदना उत्पन्न हुन्छ। त्यस त्यस प्रत्ययको कारण निरोधबाट त्यस त्यस वेदना पनि निरुद्ध हुन्छ।"

"साधु, साधु भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थत सम्यक् प्रज्ञाद्वारा देखने आर्यश्रावकलाई त्यस्तै हुन्छ।

३— "भगिनीहो ! जस्तै—कुनै चतुर गोघातक वा गोघातक अन्तेवासीले गाई मारी, गाईकाट्ने धार भएको चूपीले भित्री मासु (अन्तरं मंसकायं) पनि न काटी, बाहिरी छाला (बाहिरं चम्मकायं) पनि नकाटी—गाईलाई काट्छ। त्यहाँ जुन् जुन् छालामा टाँसिएका भित्री मासु (अन्तर बिलिमंस) हुन्, जुन् जुन् भित्री नसाहरू हुन्, जुन् जुन् भित्री गाँठाहरू हुन्—तिनीहरूलाई गाई काट्ने धार भएको चूपीले सबैतिरबाट चुँडाली काट्छ। त्यस पछि सोही बाहिरको छालाले मोरी 'यो गाई त्यस्तैगरी छालाले युक्त छ (जस्तै पहिले जिउँदोमा

Downloaded from http://www.dhamma.digital

थियो)' भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यो चतुर गोघातक वा गोघातक अन्तेवासीले गाई मारी, गाईकाट्ने धार भएको चूपीले भित्री मासु पनि न काटी, बाहिरी छाला पनि न काटी—गाईलाई काट्छ । त्यहाँ जुन् जुन् छालामा टाँसिएका भित्री मासु हुन्, जुन् जुन् भित्री नसाहरू हुन् जुन् जुन् गाँठाहरू हुन्—तिनीहरूलाई गाईकाट्ने धार भएको चूपीले सबैतिरबाट चुँडाली काट्छ । त्यस पछि सोही बाहिरको छालाले मोरी 'यो गाई त्यस्तैगरी छालाले युक्त छ' भनी भनेता पनि सो गाई सोही छालाबाट विसंयुक्त नै भइसकेको छ ।"

"भगिनीहो ! अर्थबोध गराउनाकोनिमित्त मैले यो उपमामात्र दिएको हुँ । यसको अर्थ यो हुन्—भगिनीहो ! 'भित्री मासु' भनी छ-आध्यात्मिक-आयतनहरूलाई नै भनिएको हो; भगिनीहो ! 'बाहिरी छाला' भनी छ-बाहिरी-आयतनहरूलाई नै भनिएको हो; भगिनीहो ! 'छालामा टाँसिएका भित्री मासु, भित्री नसाहरू तथा भित्री गाँठाहरू' भनी नन्दीरागलाई नै भनिएको हो; भगिनीहो ! 'गाई काट्ने धार भएको चूपी' भनी आर्यप्रज्ञालाई नै भनिएको हो;—यही आर्य-प्रज्ञाले भित्री क्लेश, भित्री-संयोजन तथा भित्री-बन्धनलाई राम्ररी छेदनगर्छ, छुटचाउँछ, तथा छिन्नभिन्न पार्छ ।

Downloaded from http://www.dhamma.digital

सप्तबोध्यङ्ग

"भगिनहो ! यी सप्तबोध्यङ्गहरू हुन्। जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आस्रवक्षयगरी अनास्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई[1] यसै जीवनमा (दिट्ठेव धम्मे) स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ। कुन सात भने ?—

" (१) भगिनीहो ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी स्मृतिसम्बोध्यङ्गको भाविता गर्छ, (२) यहाँ भिक्षुले विवेकनिश्रित विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी धर्मविचयसम्बोध्यङ्गको भाविता गर्छ, (३) यहाँ भिक्षुले विवेकनिश्रित,...तथा उत्सर्गगामी वीर्यसम्बोध्यङ्गको भाविता गर्छ, (४) यहाँ भिक्षुले विवेकनिश्रित,...प्रीतिसम्बोध्यङ्गको भाविता गर्छ, (५) यहाँ भिक्षुले विवेकनिश्रित,...प्रश्रब्धिसम्बोध्यङ्गको भाविता गर्छ, (६) यहाँ भिक्षुले विवेकनिश्रित,...समाधिसम्बोध्यङ्गको भाविता गर्छ, (७) यहाँ भिक्षुले विवेकनिश्रित,...उपेक्षासम्बोध्यङ्गको भाविता गर्छ।

"भगिनीहो ! यीनै सप्तबोध्यङ्गहरू हुन्। जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आस्रवक्षय गरी अनास्रवी भई, चित्तविमुक्ति,

---

१. चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भनेको के हो भन्ने बारेमा लेखकको बु. प. पृ. ३२८ को पादटिप्पणीमा हेर्नू।

Downloaded from http://www.dhamma.digital

प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ ।"

अनि आयुष्मान् नन्दकले यो उपदेशद्वारा अववाद गरी तो भिक्षुणीहरूलाई "भगिनीहो ! जानुहोस्, समय भयो" भनी भन्नु भयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी आयुष्मान् नन्दकलाई अभिवादन र प्रदक्षिणागरी जहाँ भगवान् हुनुहुन्थ्यो त्याहाँ गए । त्याहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरहे । एक छेउमा उभिइरहेका ती भिक्षुणीहरूलाई भगवान्ले यस्तो भन्नुभयो—

"भिक्षुणीहो ! जाऊ, समय भयो ।"

अनि भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी ती भिक्षुणीहरू फर्केर गए ।

ती भिक्षुणीहरू गइसकेको केहीछिन पछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! जस्तै—चतुर्दशी (अमावास्या) को उपोसथ दिनमै धेरै मानिसहरूलाई 'चन्द्रमा कम (ऊनो) छ कि पूर्ण छ' भन्ने शंका वा विमति नै हुन्न; किनभने त्यस दिनमा चन्द्रमा कम नै भएको हुन्छ । भिक्षुहो ! त्यस्तैगरी नन्दकको उपदेश सुनी ती भिक्षुणीहरू सन्तुष्ट नै भएका छन् तर परिपूर्ण सङ्कल्प भने होइन ।

Downloaded from http://www.dhamma.digital

दोश्रोपटक पनि उपदेश दिन पठाए

अनि भगवान्‌ले आयुष्मान् नन्दकलाई आमन्त्रण गर्नुभयो—

"नन्दक ! त्यसोभए भोलि पनि ती भिक्षुणीहरूलाई सोही नै उपदेशद्वारा अववाद गर[१] ।"

"हवस् भन्ते !" भनी आयुष्मान् नन्दकले भगवान्‌लाई प्रत्युत्तर दिनु भयो ।

अनि त्यस रात बितिसके पछि आयुष्मान् नन्दक पूर्वाण्ह-समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन् जानुभयो । श्रावस्तीमा भिक्षाटन् गरी फर्कनु भइसके पछि भोजनो-परान्त आफू समेत दुइजना भई जहाँ राजकाराम हो त्यहाँ जानुभयो । ती भिक्षुणीहरूले टाढैदेखि आयुष्मान् नन्दकलाई आइरहनु भएको देखे । देखे पछि आसन बिच्छ्याए । पानी र पोरा पनि राखे । अनि आयुष्मान् नन्दक बिच्छ्याइराखेको आसनमा बस्नुभयो । बस्नु भएपछि खुट्टा पनि पखाल्नु भयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकलाई अभिवादन गरी एक छेउमा बसे ।

एक छेउमा बसेका ती भिक्षुणीहरूलाई आयुष्मान् नन्दकले यस्तो भन्नु भयो—

---

१. "तेन हि त्वं, नन्दक, स्वे पि ता भिक्खुनियो तेनेववादेन ओवदेय्यासी' ति ।" म. नि. III. पृ. ३६८ : नन्दकोवादसुत्तं ।

Downloaded from http://www.dhamma.digital

"भगिनीहो ! प्रतिपृच्छा अर्थात् सोधी सोधी कुरा हुनेछ । त्यहाँ, जान्नेले 'जान्द छु' भनी भन्नुपर्छ; न जान्नेले 'जान्दिन' भनी भन्नुपर्छ । जसलाई सन्देह वा विमति हुन्छ उसले 'भन्ते ! यो कसरी हो, यसको अर्थ के हो ?' भनी मसँग प्रति-प्रश्न गर्नुपर्छ ।"

(उनीहरूले भने)-- आयुष्मान् नन्दकले हामीहरूलाई 'न बुझेको सोध्नू' भनी जुन कुरा भन्नुभयो--यत्तिकैले पनि हामीहरू आयुष्मान् प्रति सन्तुष्ट र खुशी नै भएका छौं ।

(क) १- "भगिनीहो ! के भन्छौ त, चक्षु नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

(यस पछिका जस्मै कुराहरू माथि पृ. ११२ देखि १२६ सम्म उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।)

"भगिनीहो ! यी सप्तबोध्यङ्गहरू हुन् । जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आस्रवक्षय गरी अनास्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ । कुन सात भने--

(यस पछिका सबै कुराहरू माथि पृ. १२७ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।)

अनि आयुष्मान् नन्दकले यी उपदेशद्वारा अववाद गरी तो भिक्षुणीहरूलाई "भगिनीहो ! जानु होस्, समय भयो" भनी भन्नु

Downloaded from http://www.dhamma.digital

भयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी आयुष्मान् नन्दकलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरहे । एक छेउमा उभिइरहेका ती भिक्षुणीहरूलाई भगवान्ले यस्तो भन्नुभयो--

"भिक्षुणीहो ! जाऊ, समय भयो ।"

अनि भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी ती भिक्षुणीहरू फर्केर गए ।

ती भिक्षुणीहरू गइसकेको केहीछिनपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"भिक्षुहो ! जस्तै--पूर्णिमाको उपोसथ दिनमै धेरै मानिसहरूलाई 'चन्द्रमा कम छ कि पूर्ण छ' भन्ने शंका वा विमति नै हुन्न; किनभने त्यस दिनमा चन्द्रमा पूर्ण नै भएको हुन्छ । भिक्षुहो ! त्यस्तै-गरी नन्दकको उपदेश सुनी ती भिक्षुणीहरू सन्तुष्ट पनि छन् परिपूर्ण सङ्कल्प पनि[1] । भिक्षुहो ! ती पाँचशय भिक्षुणीहरूमध्येमा जो सबभन्दा

---

१. आयुष्मान् नन्दकले दुइ पटक दिनु भएका उपदेशहरू मध्ये पहिलो उपदेश अमावास्याको चतुर्दशी उपोसथको दिनमा र दोश्रो उपदेश पूर्णिमाको उपोसथको दिनमा दिनु भएको हो भनी अं. अ. क. I. पृ. १७३–७४ : एककनिपातवण्णना, नन्दक थेरको कथामा समुल्लेख भएको पाइन्छ । यस सम्बन्धमा नन्दकोवादसुत्तवण्णनाले केही पनि उल्लेख गरेको छैन । दुइ उपोसथ

Downloaded from http://www.dhamma.digital

पछिल्ला हुन् ती भिक्षुणीहरू स्रोतापन्न अविनिपातीछन्[१] तथा निश्चय नै सम्बोधि प्राप्त हुने भएकाछन्[२] ।"

भगवान्‌ले यति भन्नु भएपछि सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

× × ×

दिनहरूमा भएको हुनाले भगवान्‌ले एक दृष्टान्त अमावास्यको र अर्को दृष्टान्त पूर्णिमाको दिन दिनु भएको हो । भिक्षुणी-हरूकहाँ गई उपदेश गर्न जाने नियम पनि प्रत्येक उपोसथको दिन मै हो ।

१ केही स्रोतापन्न, केही सकृदागामी, केही अनागामी तथा केही अरहन्त पनि भए भनी पपं. सू. IV. पृ. २१६ : नन्दकोवाद-सुत्तवण्णनामा समुल्लेख भएको छ ।

२. पछि ती सबै भिक्षुणीहरू षडभिज्ञलाभी अरहत् भए भन्ने कुरा थेरी. गा. अ. क. पृ. ३ : निदानकथामा र उहीं पृ. १११ महापजापति थेरीगाथा वर्णनामा समुल्लेख भएको पाइन्छ । प्रव्रजित भएको सातौं वर्षमा ती सबैले अरहत्व प्राप्त गरेका कुरा तल उल्लिखित "गौतमी-अपदान" को गाथा नं. ६९ बाट प्रष्ट बुझिन्छ ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र--

१२—अग्रपद

"एतदग्गं, भिक्खवे ! ममसाविकानं भिक्खुनीनं रत्तञ्ञूनं यदिदं महापजापति गोतमी[1] ।"

अर्थ--

"भिक्षुहो ! मेरा रात्रज्ञा भिक्षुणी श्राविकाहरूमध्येमा महा-प्रजापति गौतमी अग्रछिन् ।"

× × ×

Dhamma.Digital

१. अं. नि –१ पृ. २५: एतदग्गवग्गो, अ. क. I. पृ १८५

Downloaded from http://www.dhamma.digital

मूल पालि –

१३–गौतमी-गाथा

१– "बुद्ध वीर नमोत्यत्थु, सब्बसत्तानमुत्तम ।
यो मं दुक्खा पमोचेसि, अञ्ञं च बहुकं जनं ॥

२– "सब्बदुक्खं परिञ्ञातं, हेतुतण्हा विसोसिता ।
भावितो[1] अट्ठङ्गिको[1] मग्गो, निरोधो फुसितो मया ॥

३– "माता पुत्तो पिता भाता, अय्यका[2] च पुरे अहूं ।
यथाभुच्चमजानन्ती, संसरिहं[3] अनिब्बिसं ॥

४– "दिट्ठो हि मे सो भगवा, अन्तिमोयं समुस्सयो ।
विक्खीणो जातिसंसारो, नत्थि दानि पुनब्भवो ॥

५– "आरद्धविरिये[4] पहितत्ते, निच्चं दळ्हपरक्कमे ।
समग्गे सावके पस्से[5], एसा बुद्धान वन्दना ॥

---

१. सिंहल र रोमनमाः 'अरियट्ठङ्गिको' ।
२. स्याम र रोमनमाः 'अय्यिका' ।
३. सिंहलमाः 'संसरी' ।
४. बर्मीमाः 'आरद्धवीरिये' ।
५. स्याम र रोमनमाः 'पस्स' ।

Downloaded from http://www.dhamma.digital

६– "बहूनं[१] वत अत्थाय, माया जनयि गोतमं।
ब्याधिमरणतुन्नानं, दुक्खक्खन्धं व्यपानुदो[२]' ति ॥"

अर्थ—

१– "सबै सत्वहरूमन्दा श्रेष्ठहुनु भएका बुद्ध-वीरलाई मेरो नमस्कार छ; जसले मलाई र अरू पनि धेरै जनतालाई[३] दुःखबाट प्रमुक्त पार्नु भयो ।

२– "सबै दुःखलाई परिज्ञात गरें, तृष्णाको हेतुलाई सुकाइदिएं, अष्टाङ्गिकमार्गलाई भावितागरें अनि निरोधलाई पनि साक्षात्कार गरें ।

३– "यथार्थरूपले न जान्नाको कारणले यो अनादिसंसाररूपी सागरमा अघि घुमफिर गर्दा म आमा, बाबु, छोरा, भाइ तथा बाजेबज्यै पनि भइसकें ।

४– "वहाँ भगवान्लाई मैले देखिसकें, समुच्चयको यो अन्त हो, जन्मरूपी संसार क्षीण भइसक्यो, अबउप्रान्त पुनर्भव पनि छैन ।

५– "वीर्यवान्, नित्य पराक्रममा दत्तचित्त हुने, समगी (=मेल-

---

१. सिंहलमा: 'बहुन्नं' ।

२. सिंहलमा: 'व्यपानुदी' ।

३. थेरी. गा. पा. पृ. ४२५ : महापजापति गोतमी थेरीगाथा, अ. क. पृ. ११०

Downloaded from http://www.dhamma.digital

मिलाप) भएका श्रावकहरूलाई देख्नु नै—बुद्ध-वन्दना गर्नु हो[1] ।

६– "धेरैको हितकोनिमित्त मायादेवीले गौतमलाई जन्माउनु भयो; व्याधि-मरणबाट उत्तीर्ण हुनेहरूले दुःखस्कन्धलाई दूर गर्छन् ।"

× × ×

Dhamma.Digital

१. भनाइको तात्पर्य आर्य धर्मलाई स्वयं साक्षात्कार गर्नु नै साँच्चैको बुद्ध-वन्दना गर्नु हो । थेरी. गा. अ. क. पृ. ११२

Downloaded from http://www.dhamma.digital

मूल पालि –

१४–गौतमी-अपदान

१- "[1]एकसमय लोक-प्रदीप नरसारथी भगवान् बुद्ध वैशालीस्थित महावनको कूटागार-शालामा बस्नु भएको थियो[2]।

परिनिर्वाण हुने सङ्कल्प

२-३– "त्यस समय भगवान्‌को सानीआमा महाप्रजापति गौतमी भिक्षुणी पनि पाँचशय भिक्षुणीहरूकासाथ सोही महावनमा रहेको भिक्षुणी-निवासस्थानमा बस्नु भएको थियो[3]। अनि एकान्तमा बसिरहँदा वहाँको चित्तमा यस्तो वितर्कना उठ्यो—

---

१. थेरी. अप. दा. पा. पृ. २०० : महापजापति गोतमी थेरी अपदानं।

२. "एकदा लोकपज्जोतो, वेसालियं महावने।
कूटागारे सुसालायं, वसते नरसारथि॥" थेरी. अप. दा. पा. पृ. २००

३. "तथा जिनस्स मातुच्छा, महागोतमी भिक्खुनी।
तहिं कते पुरे रम्मे, वसी भिक्खुनुपस्सये॥" थेरी. अप. दा. पा. पृ. २००

Downloaded from http://www.dhamma.digital

४– "बुद्धको, युगलश्रावकहरूको तथा राहुल, आनन्द, नन्दको परिनिर्वाण भएको मैले देखने छैन[१] ।

५-६– "बुद्ध, युगलश्रावकहरू, महाकाश्यप, नन्द, आनन्द तथा राहुलहरूको परिनिर्वाणहुनुभन्दा अगाडि नै,[२] आयु संस्कार सिध्याई परिनिर्वाण हुने छु; यसको लागि लोकनाथको पनि अनुमति लिनेछु ।'

७– "ती पाँचशय भिक्षुणीहरूले पनि यस्तै वितर्कना गरे । क्षेमादि भिक्षुणीहरूले पनि यस्तै वितर्कना गरे ।

८– "त्यस बखत भूकम्प भयो, शोकले पीडित भएका निवास-स्थानमा बस्ने देवताहरूले देव-दुन्दुभी बजाए ।

९-१०– "आँसु खसाल्दै करुण-रुदन गर्दै, गौतमीकहाँ गई मित्र भिक्षुणीहरूले अत्यन्त भक्तिपूर्वक पाउमा शीरले ढोगी यस्तो भने—

११– 'आर्या गौतमी ! एकान्तमा बसीरहँदा हामीहरूले कोइली कराएको, भूकम्प भएको, देवदुन्दुभी-नाद गरेको तथा रोइ-रहेका आवाजहरू सुन्यौं; किन होला ?'

१२– "अनि त्यसको कारण बताउनुहुँदै वहाँले आफूले वितर्कना गर्नु भएका सबै कुराहरू सुनाउनु भयो । त्यस पछि उनीहरूले

---

१. "बुद्धस्स परिनिब्बान, सावकग्गयुगस्स वा ।
राहुलानन्दनन्दानं, नाहं लच्छामि पस्सितुं ।।" थेरी. अ. प. दा. पा. पृ. २००

२-२. यति वाक्यहरू स्यामपुस्तकमा देखिदैनन् ।

Downloaded from http://www.dhamma.digital

पनि आ-आफूहरूले वितर्कना गरेका कुराहरू सुनाई यस्तो पनि विन्ति गरे—

१३-१४– 'आर्या ! यदि तपाई परिनिर्वाणहुन चाहनु हुन्छ भने हामी सबै पनि बुद्धको वचन लिई परिनिर्वाण हुनेछौं । संसारबाट पनि, घरबाट पनि हामी सबै एकैसाथ निस्केका थियौं अतः उत्तम निर्वाण पदमा पनि हामी सबै एकैसाथ जाने छौं[1] ।'

१५– "अनि वहांले भन्नुभयो 'परिनिर्वाण हुनेछौं' भन्नेलाई म के भनूं । त्यस पछि सबै भिक्षुणीहरूसंगै भिक्षुणी निवासस्थानबाट बाहिर निस्कनु भयो ।

१६-१७– " (वहांले भन्नुभयो)— 'जो देवताहरू वासस्थान-मा बसेका छन्, ती देवताहरूले मलाई क्षमा गरून्; भिक्षुणीहरू निवास गर्ने ठाउंमा अब यो मेरो अन्तिम बसाई हो । जहां जरा, मरण तथा अप्रिय-समागम छैन, जहां प्रियबाँग वियोग पनि छैन— त्यस असंस्कृत (असङ्खतं) तामा जानेछु[2] ।'

---

१. "यदि ते रुचितं अय्ये, निब्बानं परमं सिवं ।
निब्बायिस्साम सब्बा पि, बुद्धानुञ्ञाय सुब्बते ।।
मयं सहा व निक्खन्ता, घरा पि च भवा पि च ।
सहायेव गमिस्साम, निब्बानं पदमुत्तमं ।।" थेरी. अप दा. पा. पृ. २०१

२. "न जरा मच्चु वा यत्थ, अप्पियेहि समागमो ।
पियेहि न वियोगोत्थि, तं वजिस्सं असङ्खत ।।" थेरी. अप. दा. पा. पृ. २०१

Downloaded from http://www.dhamma.digital

१८-१९-२०– "सुगत-पुत्रीको यो कुरा सुनी, अवीतरागीहरू 'हरे ! हामीहरू अल्पपुण्यवान् रहेछौं !' भन्दै शोकले आर्त्तिदै विलापगर्न थाले । प्रभातकालमा ताराहरू नदेखिने झैं जिनरस हुनुभएका वहाँहरू विना भिक्षुणी-निवास शून्य नै हुनेछ । नदीहरूका साथ पाँचशय गङ्गाहरू सागरमा जानेझैं पाँचशय भिक्षुणीहरूका साथ महाप्रजापति गौतमी परिनिर्वाण हुँदै हुनुहुन्छ ।

२१-२२– "सडकमा गइरहनु भएका महाप्रजापति गौतमी सहित भिक्षुणीहरूलाई देखी, श्रद्धालु उपासिकाहरू घरबाट निस्की प्रजापति गौतमीको पाउमा अत्यन्त भक्तिपूर्वक ढोगी— 'महाभोग सम्पत्ति भएर पनि अनाथ पारी हामीहरूलाई छाडी, तपाइ परिनिर्वाण हुनुहुन्न' भन्दै कराउँदै उनीहरू इच्छा हुनुञ्जेलसम्म रुनथाले ।

आश्वासन

२३– "उनीहरूको शोक निवारणार्थ सुमधुर स्वरद्वारा वहाँले भन्नुभयो— 'पुत्री हो ! हर्षको बेलामा आज तिमीहरू किन रुन्छौ, भइहाल्यो न रोऊ !

२४– 'मैले दुःखलाई अवबोध गरिसकें, दुःखको हेतुलाई छाडी सकें, निरोधलाई साक्षात्कार गरिसकें तथा मार्गलाई पनि राम्रैसँग भाविता गरिसकें[१] ।

---

१. "परिञ्ञातं मया दुक्खं, दुक्खहेतु विवज्जितो ।
निरोधो मे सच्छिकतो, मग्गो चापि सुभावितो ।।" थेरी. अप. दा. पा पृ. २०२

Downloaded from http://www.dhamma.digital

२५– 'शास्ताज्ञाई मैले चिनीसकें, बुद्धशासनको कामलाई पूरागरीसकें, गरुंगो-भार बिसाइसकें, भवचक्रको जाललाई पनि चुंडालीसकें[1]।

२६– 'जसकोनिमित्त घरछाडी अनगारिका भई म प्रव्रजित भएको थिएं, त्यो मेरो अर्थ पूरा भइसक्यो; सबै संयोजनहरू पनि क्षय भइसके[2]।

२७– 'बुद्ध तथा बहाँको सद्धर्म आज पनि छँदैछ, यसमा कुनै कमी छैन; यो मेरो परिनिर्वाण समय हो, पुत्री हो! यसमा शोक न गर!

२८– 'भगवान् बुद्ध, कौडिन्य, नन्द, तथा आनन्दादि राहुल हुँदै हुनुहुन्छ; संहित सङ्घ सुखी छ; तीर्थीयहरू मात्र दुःखी छन्।

२९– 'मारलाई मर्दनगरी ओक्काक वंशको यश उँच्च भएको छ; पुत्री हो! मेरो परिनिर्वाण हुने समय भयो, होइन त?

---

१. "परिचिण्णो मया सत्था, कतं बुद्धस्स सासनं।
ओहितो गरुको भारो, भवनेत्ति समूहता॥" थेरी. अप. दा. पा. पृ. २०२

२. "यस्सत्थाय पब्बजिता, अगारस्मानगारियं।
सो मे अत्थो अनुप्पत्तो, सब्बसंयोजनक्खयो॥" थेरी. अप. दा. पा. पृ. २०२

Downloaded from http://www.dhamma.digital

३०– 'धेरै दिनदेखिको मेरो प्रार्थना आज सिद्ध हुँदैछ; आजको यो समय आनन्द-भेरी बजाउने समय हो; पुत्री हो ! आँखामा आँसु न राख ।

३१– 'यदि म माथि दया छ भने, यदि कृतज्ञता पनि छ भने— सद्धर्म-चिरस्थायीकोनिमित्त सकेसम्म बल गर[१] !

३२– 'मेरो याचनाद्वारा सम्यक् सम्बुद्धले नारीहरूलाई प्रव्रज्यात्व दिनुभयो; अतः जति म आनन्दित छु उतिनै यो शासन थीर रहोस्[२] !'

क्षमायाचना

३३– "यसरी उनीहरूलाई अनुशासन गरी, सम्झाई, भिक्षुणी-हरूको अगाडि हिंड्दै, बुद्धकहाँ पुगी वन्दनागरी (गौतमीले) यस्तो विन्ति गर्नुभयो —

३४– 'हे सुगत ! म तपाइकी माताहुँ, तपाइ मेरो पिता

---

१. "सचे मयि दया अत्थि, यदि चत्थि कतञ्ञुता ।
सद्धम्मट्ठितिया सब्बा, करोथ विरियं दल्हं ।।" थेरी, अप. दा. पा पृ. २०३

२. 'थीनं अदासि पब्बज्जं, सम्बुद्धो याचितो मया ।
तस्मा यथाहं नन्दिस्सं, तथा तमनुतिट्ठथ ।।" थेरी. अप. दा. पा. पृ. २०३

Downloaded from http://www.dhamma.digital

पनि हुनुहुन्छ; हे गौतम ! तपाइद्वारा म सुखदिने सद्धर्मको नाथ बन्न पाएँ[१] ।

३५– 'हे सुगत ! तपाइको रूप-कायलाई मैले संवर्धन गरें; अनिन्दनीय मेरो सद्धर्मकायलाई तपाइले संवर्धन गर्नुभयो[२] ।

३६– 'मैले तपाइलाई क्षणिक तृष्णा दूरहुने दूध पियाएँ, तर तपाइले मलाई अत्यन्त शान्तिहुने धर्मको दूध पियाउनु भयो[३] ।

३७– 'मेरो बन्धनबाट अऋणी हुनुभएका तपाइ जस्ता सुपुत्र पनि पुत्र कामना गर्ने स्त्रीहरूले पाउन सक्दा रहेछन् ।

३८– 'मान्धातादि राजाहरूका आमा भई जुन म संसाररूपी सागरमा डुब्दै थिएँ, अब तपाइले मलाई त्यस भुमरीबाट उत्तीर्ण गराइ दिनुभयो ।

---

१. "अहं सुगत ते माता, त्वं च वीर पिता मम ।
सद्धम्मसुखद नाथ, तया जातम्हि गोतम ।।" थेरी. अप. दा. पा. पृ. २०३

२. "संवद्धितोयं सुगत, रूपकायो मया तव ।
अनिन्दितो धम्मकायो, मम संवद्धितो तया ।।" थेरी. अप. दा. पा. पृ. २०३

३. "मुहुत्तं तण्हासमणं, खीरं त्वं पायितो मया ।
तयाहं सन्तमच्चन्तं, धम्मखीरं हि पायिता ।।" थेरी. अप. दा. पा. पृ. २०३

Downloaded from http://www.dhamma.digital

३९– "राज-माता र राज-महिषी भन्ने आदि नामहरू स्त्री-हरूलाई सुलभ नै छ, तर 'बुद्ध-माता' भन्ने जुन नाम हो त्यो पाउनुनै परम दुर्लभ छ[१]।

४०– 'हे महावीर! त्यो दुर्लभ नाम पनि पाएँ; तपाइको कारणद्वारा स्याना वा ठूला सबै मेरा प्रणिधानहरू पनि पूरा भइ-सके।

४१-४३– 'म यो कलेबरलाई छाडी परिनिर्वाण हुन चाहन्छु; हे वीर! हे दुःखान्तकर नायक! अनुमोदन गर्नु होस्। चक्र कुश-ध्वजादि अंकित भएका तपाइका कोमल पाउहरू पसार्नुहोस्; हे उत्तम पुत्र! प्रणाम गर्नेछु। राम्ररी देखिने गरी सुवर्णरासी समान तपाइको शरीर प्रकट गर्नुहोस्; हे नायक! अब म शान्तिमा जाने छु।'

४४– "अनि भगवान्ले आफ्नो सानीआमालाई बादलबाट मुक्त भएको चन्द्रमा जस्तै बत्तीसलक्षणहरूले[२] प्रतिमण्डित आफ्नो शरीर देखाउनु भयो।

---

१. "रञ्ञो माता महेसी ति, सुलभं नाममित्थनं।
बुद्धमाता ति यं नामं, एतं परमदुल्लभं॥" थेरी. अप दा. पा. पृ. २०३

२. बत्तीस लक्षणहरू भनेका कुन् कुन् हुन् भन्ने कुरा लेखकको बु. ब्रा. पृ. १६८ मा समुल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

४५– "त्यस पछि प्रभा सहित तरुण आदित्य झैं प्रतिमण्डित भएका कमल-फूल रूपी चक्राङ्कित दुइ पाउमा महाप्रजापति गौतमीले शीरद्वारा ढोग्नु भयो।

४६– "हे आदित्यनर! हे आदित्य-कुलकेतु! यो मेरो आखिरी मरणको प्रणाम हो; अब उप्रान्त म फेरि देखिने छैन।

४७– "हे लोकाग्र! स्त्रीहरू नै सबै दोषगर्नेहुन् भनी भनिन्छ; हे करुणाकर! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस्[१]।

४८– "स्त्रीहरूको प्रव्रज्याकोनिमित्त मैले तपाइसँग याचना गरें; हे नरासभ! यदि त्यसमा मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नु होस्[२]।

४९– "हे वीर! तपाइको अनुमति अनुसार मैले भिक्षुणीहरूको अनुशासन गरें; हे क्षमाधिप! यदि त्यसमा मेरो कुनै गल्ती छ भने मलाई क्षमा गर्नु होस्।"

---

१. "इत्थियो नाम लोकग्ग, सब्बदोसाकरा मता।
यदि को चत्थि दोसो मे, खमस्सु करुणाकर।।" थेरी. अप.दा. पा. पृ. २०४

२. "इत्थिकानं च पब्बज्जं, हं तं याचिं पुनप्पुनं।
तत्थ चे अत्थि दोसो मे, तं खमस्सु नरासभ।।" थेरी. अप. दा. पा. पृ. २०४

Downloaded from http://www.dhamma.digital

५०-५१- "(बुद्धले भन्नुभयो)— 'क्षमा नगर्नेलाई पनि क्षमा गरिन्छ भने गुणभूषित हुनेलाई त के कुरा ! परिनिर्वाण हुने तिमीलाई यस बाहेक अरू के भनूँ र । प्रभातकालको कीरणद्वारा तेज निष्क्रीय भएको चन्द्रमा जस्तै—लोकबाट पारतर्ने तथा कुनै कमी नभएको मेरो भिक्षुसङ्घलाई क्षमा नै छ ।'

५२- "अनि ती भिक्षुणीहरूले पनि, सुमेरुमा पुग्ने चन्द्रमाको अनुगमन गर्ने ताराहरूले झैं जिनाग्रलाई प्रदक्षिणागरी वहाँको दुइ पाउमा ढोगी, वहाँकै श्रीमुख हेर्दै बसे । (अनि उभिइरहनु भएकी प्रजापति गौतमीले यसो भन्नु भयो)—

५३- 'अघि मलाई तपाइको दर्शनद्वारा तृप्ति हुँदैनथ्यो, न त तपाइको भाषण सुनेर नै तृप्ति हुन्थ्यो; एकमात्र धर्मरसद्वारा नै मेरो चित्त तृप्ति हुन्थ्यो ।

५४- 'बाजा बजाउने जस्तै परिषद्लाई नाद गर्नु हुने तपाइको श्रीमुख जसले देख्छन् तो नरपुङ्गवहरू पनि धन्य हुन् ।

५५- 'हे गुणन्धर ! राम्रा तथा लामा कुर्कुच्चा भएका, दीर्घाङ्गुलिमा ताम्रवर्ण नख भएका तपाइका पाउमा जसले ढोग्छन्— उनीहरू पनि धन्य हुन् ।

५६- 'हे नरोत्तम ! प्रहर्षित गराउने, मधुर तथा दोषरहित तपाइको हितवाक्यलाई जसले सुन्दछन्—उनीहरू पनि धन्य हुन् ।

Downloaded from http://www.dhamma.digital

५७– 'हे महावीर ! पाद पूजाकोनिमित्त तत्पर रहेकी म पनि धन्य नै छु जो तपाइकै श्रीवाक्यद्वारा संसाररूपी कान्तारबाट उत्तीर्ण भएँ ।'

राहुल तथा नन्दहरूसँग बिदा याचना

५८– "यसरी तथागत सहित भिक्षुसङ्घलाई अनुश्रावण गरी— राहुल, नन्द तथा आनन्दहरूलाई पनि वन्दना गरी प्रजापति गौतमीले यस्तो भन्नुभयो—

५९-६०– 'विषालय समान तथा रोगालय भएको यो कलेवर (=शरीर) हो; सँधै दुःखयुक्त भएको, जरामरण-गोचर भएको, नानाप्रकारका घृणित मलहरूले भरिपूर्ण भएको तथा पराधीन भएको यो शरीर हो; हे पुत्रहो ! त्यसैले म परिनिर्वाण हुन चाहन्छु, अनुमत गर्नु होस् ।'

६१-६३– "(यो कुराहरू सुनी) नन्द, तथा राहुल जो वीत-शोकी र अनास्रवी हुनुहुन्छ— धर्मतालाई चिन्तन गर्नु हुँदै, स्थिर तथा अचल-स्थितिमा थिर भई वहाँहरू रहनु भयो । अनि वहाँहरूले यस्तो विचार गर्नु भयो — 'केराको बोट झैं असार भएको यो संस्कृत लोक पनि धिक्कारै हो; मायामरीचि जस्तै कुनै वस्तु स्थिर छैन; जहाँ कि जिनकी सानीआमा, बुद्धपोषिका गौतमी पनि निधन हुँदै हुनुहुन्छ; सबै संस्कारहरू अनित्य नै हुन्[१] ।'

---

१. 'यत्थ नाम जिनस्सायं, मातुच्छा बुद्धपोसिका ।
गोतमी निधनं याति, अनिच्चं सब्बसङ्खतं ।।" थेरी. अप. दा. पा. पृ. २०५

Downloaded from http://www.dhamma.digital

विरही आनन्दलाई आश्वासन

६४– "त्यस बखत शैक्ष[1] हुनु भएका जिनवत्सल आनन्द मात्र शोकाकुलित भई आँसु खसाल्दै, दयालाग्ने गरी विलाप गर्नु भएको थियो[2]।

६५– "हाय ! गौतमी शान्तीमा जाँदै हुनुहुन्छ; अवश्य नै बुद्ध पनि दाउरा सकिएको आगो झैं चाँडै नै परिनिर्वाण हुनु हुनेछ होला[3]।

६६-६७– "यसरी विलाप गरिरहनु भएका आनन्दलाई गौतमीले यसो भन्नुभयो— 'गम्भीर श्रुतसागर हुनु भएका, बुद्धोपस्थानमा तत्पर रहनु भएका हे पुत्र ! हर्षको बेलामा शोक गर्नु योग्य छैन; हे पुत्र ! तपाइकै कारणले मैले बुद्धको शरणमा गई निर्वाण

---

१. स्रोतापत्ति-फलमा शिक्षित हुनु भएकोले 'शैक्ष' भनिएको हो। शैक्ष क-कसलाई भनिन्छ भन्ने बारेमा लेखकको बु. गृ. पृ. ७५ को पादटिप्पणीमा समुल्लेख भएको छ।

२. "आनन्दो च तदा सेखो, सोकट्टो जिनवच्छलो।
तत्थस्सूनि करोन्तो सो, करुणं परिदेवति ।।" थेरी. अप. दा. पा. पृ. २०५

३. "हा सन्ति गोतमी याति, नून बुद्धो पि निब्बुतिं।
गच्छति न चिरेनेव, अग्गिरिव निरन्धनो ।।" थेरी. अप. दा. पा. पृ. २०५

Downloaded from http://www.dhamma.digital

प्राप्त गरेकी हुँ[1] ।

६८– 'हे तात ! तपाइकं समर्थनबाट बुद्धले हामी नारी-जाति-हरूलाई प्रव्रज्या अनुमत गर्नुभयो; हे पुत्र ! त्यसो हुनाले विमन नहुनु होस्, तपाइको परिश्रम सफल नै हुनेछ[2] ।

६९– 'पहिलेका तीर्थीकाचार्यहरूले पनि देख्न नसकेका जुन् शान्ति-पद हो त्यसलाई सुकुमारीहरूले सातवर्षमा विदित गरे[3] ।

७०– 'बुद्धशासन पालनगर्ने तपाइसँगको यो मेरो अन्तिम दर्शन हो; हे पुत्र ! म त्यहाँ जानेछु जहाँ गएको देखिंदैन[4] ।

---

१. "न युत्तं सोचितुं पुत्त, हासकाले उपट्ठिते ।
तया मे सरणं पुत्त, निब्बानं तमुपागतं ।" थेरी. अप. दा. पा. पृ. २०६

२. "तया तात समज्झिट्ठो, पब्बज्जं अनुजानि नो ।
मा पुत्तो विमनो होहि, सफलो ते परिस्समो ।।" थेरी. अप. दा. पा. पृ. २०६

३. "यं न दिट्ठं पुराणेहि, तित्थिकाचरियेहि पि ।
तं पदं सुकुमारीहि, सत्तवस्साहि वेदितं ।।" थेरी. अप. दा. पा. पृ. २०६

४. "बुद्धसासन पालेत, पच्छिमं दस्सनं तव ।
तत्थ गच्छामहं पुत्त, गतो यत्थ न दिस्सते ।।" थेरी. अप. दा. पा. पृ. २०६

Downloaded from http://www.dhamma.digital

७१– 'धर्म देशना गरिरहनु भएको कुनै कुनै बेलामा जब लोकाग्र-नायकले हाछ्यूँ गर्नु हुन्थ्यो तब मैले वहाँ प्रति अनुकम्पा-राखी यस्तो आशिसना वाचा भन्द थें—

७२– 'हे महावीर ! चिरञ्जीवि हुनुहोस्, हे महामुनि ! कल्पसम्म बाँच्नुहोस्, सबै लोककानिमित्त अजरामरण हुनुहोस्[1] ।'

७३– 'अनि त्यस्तो भन्ने मलाई बुद्धले यस्तो भन्नुभयो— 'गौतमी ! बुद्धलाई यसरी वन्दना गरिदैन, जसरी तिमी वन्दना गछ्यौं ।'

७४– 'हे नाथ ! कसरी सर्वज्ञलाई वन्दना गर्नु पर्छ त ? कसरी बुद्धलाई वन्दना गरिदैन त ? मलाई बताई दिनुहोस् ।' (भगवान्ले भन्नु भयो) —

७५– 'वीर्यगर्नु तिर मन लगाई, सँधै पराक्रमी भई, समगी श्रावकलाई देख्न सक, यही नै बुद्ध-वन्दना हो ।'

७६-७८– 'अनि निवासस्थानमा गई मैले एकलै चिन्तन गरें, हे नाथ ! समगी परिषद्लाई देखी त्रि-भव[2]– अन्त प्राप्तगरें । त्यस

---

१ "चिरं जीव महावीर, कप्पं तिट्ठ महामुने ।
सब्बलोकस्स अत्थाय, भवस्सु अजरामरो ।।" थेरी. अप. दा. पा. पृ. २०६

२ कामभव, रूपभव तथा अरूपभव ।

Downloaded from http://www.dhamma.digital

पछि परिनिर्वाण हुनेछु भन्ने विचार गरी ऋषिसप्तमकहाँ[1] गई यो कुरा मैले बहाँलाई विन्तिगरें। बहाँले पनि 'समय जान' भनी भन्नु भयो।

७९– 'मेरा सबै क्लेशहरू भस्म भइसकेका छन्, सबै भव-तृष्णाहरू नाश भइसकेका छन्, बन्धन चुँडाली बस्ने नाग (हात्ती) जस्तै अनास्रवी भई मैले विहार गरेकी छु[2]।

८०– 'मेरा बुद्धका अगाडि मेरो स्वागत नै थियो; मैले तीन-विद्या[3] प्राप्तगरी बुद्धशासन पूरागरेकी छु[4]।

८१– 'चार-प्रतिसम्भिदा[5], आठ विमोक्ष[6], तथा छ-अभिज्ञान-

---

१. विपश्वी बुद्धदेखि लिएर सातौं बुद्ध हुनु भएका गौतम बुद्धलाई 'ऋषिसप्तम' भनी भनिएको हो। अं. अ. क. III पृ. ६७

२. "किलेसा झापिता मय्हं, भवा सब्बे समूहता।
नागो व बन्धनं छेत्वा, विहरामि अनासवो॥" थेरी. अप. दा. पा. पृ. २०७

३. पूर्वेनिवासानुस्मृति, दिव्यचक्षु तथा आस्रवक्षय-ज्ञानहरूलाई 'तीन-विद्या' भनिएको हो। हेर. बु प. पृ. ५१०

४. "स्वागतं वत मे आसि, मम बुद्धस्स सन्तिके।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं॥" थेरी. अप. दा. पा पृ २०७

५. यसको अर्थ लेखकको 'बुद्धकालीन महिला' पृ. २०९ को पाद-टिप्पणीमा समुल्लेख भएको छ।

६. यसको अर्थ लेखकको 'बुद्धकालीन परिव्राजक' पृ. ४४८ मा समुल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

हरू[१] समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु[२]।

८२– "(अनि भगवान्ले भन्नुभयो)— 'स्त्रीहरूले धर्मावबोध गर्ने सम्बन्धमा शंका र विमति गर्ने मूर्खहरूको दृष्टि र शंकालाई निवारणार्थ गौतमी ! तिमीले ऋद्धि प्रातिहार्य देखाऊ[३]।'

प्रातिहार्य-प्रदर्शन

८३– "अनि सम्बुद्धलाई वन्दना गरी, वहाँको पनि आज्ञा लिई, आकाशमा गई अनेक ऋद्धि-प्रातिहार्य देखाउनु भयो[४]।

---

१. छ-अभिज्ञान अथवा षडभिज्ञ भनेको— (१) ऋद्धि विध-ज्ञान, (२) दिव्यश्रोत-ज्ञान, (३) दिव्यचक्षु-ज्ञान, (४) चेतोपरिय-ज्ञान, (५) पूर्वेनिवासानुस्मृति-ज्ञान, तथा (६) आस्रवक्षय-ज्ञानहरू हुन्। पटि. म. अ. क. पृ. ९६; यी कुराहरू बु. प. पृ. ५९२–९४ मा पनि अर्थसमेत खोली उल्लेख भएका छन्।

२. "पटिसम्भिदा चतस्सो, विमोक्खा पि च अट्ठमे।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥" थेरी. अप. दा. पा. पृ. २०७

३. "थीनं धम्माभिसमये, ये बाला विमतिं गता।
तेसं दिट्ठिप्पहानत्थं, इद्धि दस्सेहि गोतमी ॥" थेरी. अप. दा. पा. पृ. २०७

४. "तदा निपच्च सम्बुद्धं, उप्पतित्वान अम्बरं।
इद्धि अनेका दस्सेसि, बुद्धानुञ्ञाय गोतमी ॥" थेरी. अप. दा. पा. पृ. २०७

Downloaded from http://www.dhamma.digital

८४-८८– "देखिने गरेर पनि, न देखिने गरेर पनि; एकबाट पनि धेरै भएर, धेरैबाट पनि एक भएर; पर्खालको उता पनि, पर्वतको उता पनि नछोइकन जानुभयो; पृथ्वीमा डुब्की लगाउनु भयो, भूमिमा हिंडे जस्तै पानीमा पनि पानीले नभिज्नेगरी हिंड्नु भयो; चराहरू आकाशमा उडे जस्तै पलेटोमारी आकाशमा जानुभयो; आफ्नो शरीर-द्वारा ब्रह्मलोकसम्मलाई पनि वशमा राख्नु भयो।

८९-९३ "सुमेरु पर्वतलाई लट्ठी बनाई, महामहीलाई छाता बनाई–त्यो छाता ओढी–आकाशमा चंक्रमण गर्नु भयो। युगान्तको समय-मा आकाशमा कालोबादलले ढाके जस्तै गरी अन्धकार बनाई लोकलाई आकुल-व्याकुल गराउनु भयो। मुचलिन्द, महाशैल, सुमेरुपर्वत आदि-लाई सर्स्यौं जत्रै पारी मुट्ठीभित्र राख्नु भयो। औंलाको टुप्पोले चन्द्र-सूर्यलाई ढाकीदिनु भयो। चार महासागरलाई हातमा लिई, पर्वतबाट पानी बगे जस्तैगरी वर्षाद् गराउनु भयो। परिषद् सहित संसार-चक्रलाई आकाशमा निर्माण गरी— गरुड, हात्ती तथा सिंहहरूका दाँतहरू देखा-उनु भयो। एउटी भिक्षुणी र अप्रमेय भिक्षुणीहरू निर्माण गरी फेरि अन्तर्धान गराउनु भयो। अनि आफू एकलीले भगवान्लाई यस्तो भन्नु भयो—

९४– 'हे महावीर! तपाइको शासनकारिका सानीआमाले आफ्नो अर्थ प्राप्तगरी सकेकीछे; हे चक्षुमान्! तपाइको पाउमा वन्दना गर्दछु[1]।'

---

१. "मातुच्छा ते महावीर, तव सासनकारिका।
अनुप्पत्ता सकं अत्थं, पादे वन्दामि चक्खुम॥" थेरी. अप. दा. पा. पृ २०८

Downloaded from http://www.dhamma.digital

९५– "यस प्रकार विविध प्रकारका ऋद्धि देखाउनु भई, आकाशबाट ओर्ल्ही, लोक प्रद्योत भगवान् बुद्धलाई वन्दना गरी वहाँ एक छेउमा बस्नु भयो ।

९६– " 'हे महामुने ! सो म जन्मले एकशय बीसवर्ष (१२०) पुगेकी मलाई यत्तिले पुग्यो; अब म परिनिर्वाण हुन चाहन्छु' भनी वहाँले महामुनिलाई विन्ति गर्नु भयो[१] ।

९७– "विस्मित भई त्यहाँ भेला भइरहेका सबै परिषद्ले 'हे आर्या ! यस्तो अतुल ऋद्धि तपाइले कसरी पाउनु भयो नि !" भन्दै हातजोरी वहाँसँग विन्तिगरे ।

पूर्वकथा

९८– "यहाँदेखि शयहजार कल्प अघि पद्मोत्तर (पदुमुत्तर) भन्ने सर्वज्ञ बुद्ध जन्मिनु भएको थियो ।

९९-१०२– "त्यस समय म हंसवती नगरवासी एक महाधनी अमात्य कुलमा जन्मेकी थिएँ । त्यस बखत दासीहरू सहित म मेरा पतिसँग बुद्धकहाँ गएँ । त्यहाँ, धर्मोपदेश गर्नु हुँदै बुद्धले वहाँकी सानीआमालाई अग्रस्थानमा राख्नुभएको देखेर तथा बुद्धोपदेश सुनेर मेरो चित्त अत्यन्त प्रसन्न भयो ।

---

१. "सा वीसवस्स सतिका, जातियाहं महामुने ।
अलमेत्तावता वीर, निब्बायिस्सामि नायक ।।" थेरी. अप. दा. पा. पृ. २०८

Downloaded from http://www.dhamma.digital

१०३-१०४– "अनि मैले बुद्ध सहित भिक्षुसङ्घलाई अनेक परिष्कारहरू सहित एक सातासम्म दान दिएँ । त्यसै समयमा मैले यति त्यस्तै अग्रस्थान पाउनकोनिमित्त बुद्धको पाउमा परी प्रार्थना गरें । अनि बुद्धले परिषद्को अगाडि यस्तो भन्नु भयो—

१०५– 'बुद्ध प्रमुख भिक्षुसङ्घलाई जसले एकसातासम्म दान दिए त्यसको बारेमा केही वर्णना गर्नेछु ।

१०६-१०७– 'आजदेखि एकशय हजार कल्प पछि ओक्काक कुलोत्पन्न 'गौतम' गोत्रको नामले लोकमा एक शास्ता हुनुहुनेछ । यहाँको धर्मदायाद प्राप्त गरी (तिमी) 'गौतमी' भन्ने गौतम बुद्धका श्राविका हुनेछ्यौ ।

१०८– 'यहाँ बुद्धको जीवनयापिका सानीआमाले भिक्षुणीहरू मध्येमा रात्रज्ञाको अग्रस्थान पाउने छिन् ।'

१०९-११२– "त्यो भविष्यवाणी सुनी, अत्यन्त प्रसन्न भई, जीवनभर मैले अनेक प्रत्ययद्वारा बुद्धको उपस्थान गरें । त्यहाँबाट च्युत भई—सबै इच्छा पूर्ण हुने त्रयस्त्रिंश देवलोकमा—रूप, शब्द, गन्ध, रस, स्पर्श, आयु, वर्ण, सुख, यश तथा आधिपत्यादि कारणहरूद्वारा अरू माथि प्रभुत्व जमाउन सक्नेभई म जन्मिएँ । त्यहाँ म अमरेन्द्रकी महिषी भएकी थिएँ ।

११३– "यसरी संसारमा विचरण गरिरहँदा एक दिन मलाई कर्मवायुले काशी राजाको एक दाश गाउँमा जन्माई दियो ।

Downloaded from http://www.dhamma.digital

११४– "त्यस गाउँमा पाँचशय दाशहरू बस्थे। तिनीहरू मध्येमा जो सबभन्दा जेठो थियो उसकै भार्या हुन पुगें।

११५-११६– "पाँचशय स्वयम्भूहरू (=प्रत्येकबुद्धहरू) त्यस गाउँमा आइरहनु भएको देखेर सारै खुशी भएँ। अनि सबै स्त्री-हरूको नाइकिनी भएकी म लगायत हामी सबैले चार महीनासम्म, आ-आफ्ना पतिहरूका साथ वहाँहरूको उपस्थान गर्यौं, त्रिचीवरहरू पनि दान दियौं; यसरी पतिसहित हामीहरूले संसारमा विचरण गर्यौं।

वर्तमान-कथा

११७– "त्यहाँबाट च्युत भई हामी सबै त्रयस्त्रिंशभवनमा पुग्यौं। यो अन्तिम जन्ममा हामी सबै देवदह पुरमा जन्म्यौं[1]।

११८– "मेरो पिता अञ्जन शाक्य हुनुहुन्छ र माता सुल-क्षणा हुनुहुन्छ। त्यस पछि म कपिलवस्तुमा शुद्धोदनको घरमा गएँ[2]।

---

१. "ततो चुता सब्बा पि ता, तावतिसगता मय।
पच्छिमे च भवे दानि, जाता देवदह पुरे॥" थेरी. अप. दा. पा. पृ. २०९

२. "पिता अञ्जनसक्को मे, माता मम सुलक्खणा।
ततो कपिलवत्थुम्हि, सुद्धोदनघरं गता॥" थेरी. अप. दा. पा. पृ. २१०

Downloaded from http://www.dhamma.digital

११९– "शाक्य कुलहरूमा जन्मेका बाँकी सबै पनि शाक्यहरूका घरहरूमा नै गए। तो सबैभन्दा विशिष्ट भएको म जिन-पोषिका भएँ।

१२०– "अभिनिष्क्रमण गरेपछि मेरो पुत्र बुद्ध हुनु भयो। त्यस पछि म पनि पाँचशय स्त्रीहरू लिई प्रव्रजित भएँ[१]।

१२१-१२२– "धीरा शाक्यनीहरू सँगै शान्तिसुख प्राप्त गरें। पूर्व जन्मका सहपुण्यकारी—जो हाम्रा स्वामीहरू हुनुहुन्थ्यो—वहाँहरूले पनि सुगतको अनुकम्पाद्वारा अरहत्व प्राप्त गर्नु भयो।

१२३– "जो ती भिक्षुणीहरू हुन् उनीहरू पनि ऋद्धिको प्रभाव द्वारा ताराहरू जस्तै चम्किए।

१२४– "जस्तै सुशिक्षित सुनारले सुनका अनेक आभूषणहरू बनाउँछ त्यस्तै उनीहरूले पनि अनेक प्रकारका ऋद्धि-चमत्कारहरू देखाए।

१२५-१२६– "अनेक विध विचित्र ऋद्धि-प्रातिहार्यहरू देखाई सपरिषद् हामीहरूले वादीवर बुद्धलाई सन्तुष्ट पारी, परिवार सहित गगनबाट ओर्ल्यौं, ऋषिसप्रम मुनिलाई वन्दना गरी वहाँको आज्ञानुसार यथास्थानमा बस्यौं।

---

१. "मम पुत्तोभिनिक्खम्म, बुद्धो आसि विनायको।
पच्छाहं पब्बजित्वान, सतेहि सह पञ्चहि॥" थेरी. अप. दा. पा. पृ. २१०

Downloaded from http://www.dhamma.digital

भिक्षुणीहरूको उद्‌गार

१२७– "हामीहरू प्रति सँधै अनुकम्पा राख्ने अहो गौतमी ! तपाइको पुण्य वासनाले गर्दा हामीहरूले पनि आस्रवक्षय प्राप्त गर्‍यौं ।

१२८– "हाम्रा क्लेशहरू सबै भस्म भइसकेका छन्, भव-तृष्णा हरू सबै नष्ट भइसकेका छन्, बन्धनहरू चुँडाली बसीरहेका नागिनी (हात्तिनी) हरू झैं हामीहरूले विहार गरेका छौं ।

१२९– "बुद्धको अगाडि हामीहरूका स्वागत भएकै छ, त्रि-विद्या पारंगत गरी हामीहरूले पनि बुद्धशासन पालन गरेकै छौं ।

१३०– "चतु-प्रतिसम्भिदा, अष्ट-विमोक्ष तथा षडभिज्ञ-ज्ञानहरू पनि साक्षात्कार गरी हामीहरूले बुद्धशासन पालन गरेकै छौं ।

१३१– "दिव्य-श्रोतादि ऋद्धि पनि हाम्रा वशमा छन्, हे महामुनि ! चेतोपरिय-ज्ञान पनि हाम्रा अधिनमा छ ।

१३२– "पूर्वेनिवास-ज्ञान जान्दछौं, दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू पनि क्षीण भइसकेका छन् र हामीहरूका पुनर्भवहरू पनि छैनन् ।

१३३– "हे महावीर ! तपाइको आश्रयबाट अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण भन्ने चार ज्ञानहरू पनि प्राप्त गरेकै छौं ।

१३४– "हे नायक ! हामीहरू मैत्री चित्तसँग पनि परिचित

Downloaded from http://www.dhamma.digital

छौं, हे महामुनि ! हामी सबैलाई पनि परिनिर्वाण हुने वचन दिनु होस् ।"

१३५– "परिनिर्वाण हुन चाहन्छौं भनी भन्नेहरूलाई 'जस्तो तिमीहरू उचित सम्झन्छौ' भन्ने बाहेक अरू के भनूं र भनी जिनले भन्नुभयो ।"

गौतमीलाई पुऱ्याउन गए

१३६– "आसनबाट उठी जिनलाई वन्दना गरी गौतमी सहित ती भिक्षुणीहरू फर्केर जानु भयो ।

१३७– "वीरपुरुष हुनु भएका लोकाग्रनायक पनि महत् जन-कायहरूसँगै सानीआमालाई वहाँको कोठासम्म पुऱ्याउन जानुभयो[१] ।

१३८– "त्यसबेला ती भिक्षुणीहरूसँगै गौतमीले पनि लोक-बन्धुको पाउमा शीरले अन्तिम वन्दना गर्नु भयो र यस्तो भन्नुभयो—

१३९-१४०– 'यो मेरो लोकनाथको अन्तिम दर्शन हो, फेरि तपाइको अमृताकार मुखलाई देख्ने छैन; हे वीर ! अब उप्रान्त तपाइको सुकोमल पाउ मेरो वन्दनाले स्पर्शित हुने छैन; आज शान्तिमा जाने

---

१. "महता जनकायेन, सह लोकग्गनायको ।
अनुसंयायी सो वीरो, मातुच्छं यावकोट्ठकं ।।" थेरी. अप. दा. पा. पृ. २११

Downloaded from http://www.dhamma.digital

छु[१] ।'

१४१– " (अनि भगवान्ले भन्नुभयो)— 'यसै जीवनमै यथार्थ धर्मलाई देखिसके पछि तिमीलाई यो रूपले के गर्छ र; सबै संस्कृत नै हुन्, सबै अनाश्वासिक नै हुन्[२] ।'

१४२– "अनि, वहाँ (=महाप्रजापति गौतमी) ती भिक्षुणी-हरूका साथ आपनो भिक्षुणी-निवासस्थानमा पुग्नु भई, अर्ध-पलेटीमारी (अड्ढपल्लङ्कमाभुज्ज) उत्तम आसनमा बस्नु भयो[३] ।

परिनिर्वाण

१४३– "यो प्रवृत्ति सुनी त्यस बखत—पादवन्दना गर्न बुद्ध

---

१. "इदं पच्छिमकं मय्हं, लोकनाथस्स दस्सनं ।
न पुनो अमताकारं, पस्सिस्सामि मुखं तव ।।
न च पे वन्दनं वीर, तव पादे सुकोमले ।
सम्फुसिस्सति लोकग्ग, अज्ज गच्छामि निब्बुतिं ।।" थेरी. अप. दा. पा. पृ. २११

२. "रूपेन किं तवानेन, दिट्ठे धम्मे यथातथे ।
सब्बं सङ्खतमेवेतं, अनस्सासिकमित्तरं ।।" थेरी. अप. दा. पा. पृ. २११

३. "सा सह ताहि गन्त्वान, भिक्खुनुपस्सयं सकं ।
अड्ढपल्लङ्कमाभुज्ज, निसीदि परमासने ।।" थेरी. अप. दा. पा. पृ. २११

Downloaded from http://www.dhamma.digital

शासनका वत्सला उपासिकाहरू त्यहाँ गए[१]।

१४४– "हातले छाती पिट्दै, करुण-स्वरले विलापगर्दै, तथा चुँडिएको लताझैं शोकले विह्वलभई, भुइँमा पछारिने उपासिकाहरूले विलाप गर्दै यस्तो भने[२]—

१४५– 'हे शरणदिने नाथ! हामीलाई छाडेर शान्तिमा न जानुहोस्; शीरले ढोगी हामी सबैले याचना गर्छौं'[३]।'

१४६– "तिनीहरू मध्येमा श्रद्धा तथा प्रज्ञाले प्रधानतमा जो उपासिका हुन्, उनको शीरमा सुस्मुस्याई गौतमीले यसो भन्नुभयो—

१४७– 'हे पुत्रीहो! मारको पासोमा परी विलाप नगर, सबै संस्कृत वस्तुहरू अनित्यनै हुन्, सबै चलाचल वस्तुहरूको अन्त

---

१. "तदा उपासिका तत्थ, बुद्धसासनवच्छला।
तस्सा पवत्ति सुत्वान, उपेसुं पादवन्दिका॥" थेरी. अप. दा. पा. पृ. २११

२. "करेहि उरं पहन्ता, छिन्नमूला यथा लता।
रोदन्ता करुणं रवं, सोकट्टा भूमिं पातिता॥" थेरी. अप. दा. पा. पृ. २१२

३. "मा नो सरणदे नाथे, विहाय गमि निब्बुतिं।
निपतित्वान याचाम, सब्बायो सिरसा मयं॥" थेरी. अप. दा. पा. पृ. २१२

Downloaded from http://www.dhamma.digital

वियोगमै हुन्छ[१] ।'

१४८– "त्यस पछि उनलाई छाडी प्रथम, द्वितीय, तृतीय तथा चतुर्थध्यानमा तल्लीन हुनुभयो[२] ।

१४९– "अनि क्रमैसँग आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, अकिञ्चन्यायतन तथा नैवसंज्ञानासंज्ञायतन ध्यानमा पनि तल्लीन हुनुभयो ।

१५०– "पुनः प्रतिलोम गरी ध्यानहरू गर्नु भई गौतमी प्रथमध्यानमा बस्नु भयो; फेरि त्यस ध्यानबाट चतुर्थ ध्यानमा पुग्नु-भयो ।

१५१– "त्यस पछि त्यस ध्यानबाट उठ्नु भई तेल सकिएको बत्तीझैं परिनिर्वाण हुनुभयो; त्यस बखत नभबाट बिजुली चम्की भूकम्प पनि भयो[३] ।

---

१. "अलं पुत्ता विसादेन, मारपासानुवत्तिना ।
अनिच्चं सङ्खतं सब्बं, वियोगन्तं चलाचलं ।।" थेरी. अप. दा. पा. पृ. २१२

२. "ततो सा ता विसज्जित्वा, पठमं झानमुत्तमं ।
दुतियं च ततियं च, समापज्जि चतुत्थकं ।।" थेरी. अप. दा. पा. पृ. २१२

३. "ततो उट्ठाय निब्बायि, दीपच्ची व निरासवा ।
भूमिचालो महा आसि, नभसा विज्जुता पति ।।" थेरी. अप. दा. पा. पृ. २१२

Downloaded from http://www.dhamma.digital

१५२-१५४– "त्यस बखत दुन्दुभि नादगर्दै देवताहरू रुनथाले; गगनबाट पुष्पवृष्टिका साथ वर्षाद् पनि भयो। रङ्गमञ्चमा नाच्ने झैं मेरु कम्पा हुन थाल्यो र सागर पनि कराउन थाल्यो। त्यस बखत 'सबै संस्कारहरू अनित्यै रहेछन्' भन्दै देव, नाग, असुर तथा ब्रह्माहरू विरक्त हुनथाले।

१५५– "जसले प्रजापति गौतमीलाई परिवृत्त गरी बस्थे तीं शासनकारी सबै भिक्षुणीहरू पनि अनुपादि निर्वाणमा निवृत्त भए।

१५६– "अहो, सबै संयोगहरू वियोगबाटै अन्त हुँदा रहेछन्! अहो, सबै संस्कृत वस्तुहरू अनित्य नै रहेछन्!! अहो, अनि विनाश-बाट नै जीवन पनि अन्तहुँदो रहेछ!!!' भन्ने नै सबैको मुखबाट विरह-वाक्य निस्केका थिए[1]।

१५७– "अनि ऋषिसप्तमकहाँ गई लोक धर्ममा अनुवर्तित हुने देवता तथा ब्रह्माहरूले कालानुरूप कर्तव्य पालन गरे[2]।

---

१. "हा योगा विप्पयोगन्ता, हानिच्चं सब्बसङ्खतं।
हा जीवितं विनासन्तं, इच्चासि परिदेवना॥" थेरी. अप. दा. पा. पृ. २१२

२. "ततो देवा च ब्रह्मा च, लोकधम्मानवत्तनं।
कालानुरूपं कुब्बन्ति, उपेत्वा इसिसत्तमं॥" थेरी. अप. दा. पा. पृ. २१३

Downloaded from http://www.dhamma.digital

अन्तिम-सत्कार

१५८– "त्यस बखत शास्ताले श्रुतसागर आनन्दलाई आमन्त्रण गर्नु भयो— 'हे आनन्द ! जाऊ, भिक्षुहरूलाई माता परिनिर्वाण हुनु भएको कुरा निवेदन गर[१] ।'

१५९-१६३– "अनि अनानन्द भएका आनन्दले गहभरी आँसु लिई, गर्गर स्वरले यस्तो भन्नुभयो— 'भिक्षुहो ! एकत्रित हुनुहोस् ! पूर्व, दक्षिण, पश्चिम, उत्तर तथा नजिकका भिक्षुहो ! एकत्रित हुनु होस् ! हे सुगतरत्न हुनु भएका भिक्षुहो ! मेरो कुरा सुन्नुहोस् ! मुनिको अन्तिम शरीरलाई जसले दूधद्वारा संवर्धन गराउनुभयो— वहाँ गौतमी—सूर्योदय समयमा ताराझैं शान्तिमा जानुभयो । बुद्धमाता भन्ने प्रज्ञप्ति राख्नु भएकी गौतमी स्वयं पनि त्यस स्थानमा जानु भयो, जुन स्थानमा पुग्नेको गतिलाई पञ्चनेत्र[२] हुने नायकले पनि देख्न सक्नु हुन्न । सुगत प्रति जसको श्रद्धा छ, जो महामुनिका

---

१. "तदा आमन्तयी सत्था, आनन्दं सुतसागरं ।
गच्छानन्द निवेदेहि, भिक्खूनं मातु निब्बुतिं ।।" थेरी. अप. दा. पा पृ. २१३

२. पञ्चनेत्र भनेको— (१) बुद्धचक्षु, (२) समन्तचक्षु, (३) ज्ञानचक्षु, (४) दिव्यचक्षु तथा (५) धर्मचक्षुलाई नै पञ्चचक्षु अथवा पञ्चनेत्र भनिएको हो । धम्म. सं. अ. क. पृ. २६६ : रूपकण्डवण्णना; पटि. म. अ. क. पृ. ५४ : अभिञ्ञेय्यनिद्देसवारवण्णना ।

Downloaded from http://www.dhamma.digital

प्रिय शिष्य हुनुहुन्छ, हे सुगतरस ! तपाइहरू सबैले बुद्धमाताको सत्कार गर्नुहोस[१] ।

१६४– यो घोषणा सुनी – केही बुद्धको प्रभावद्वारा, केही आफ्नै प्रभावद्वारा सुदूरस्थानबाट समेत भिक्षुहरू तुरन्तै आइपुगे ।

१६५– "सुवर्णमय रमणीय कूटागारमा राखिएको खाटमा गौतमीलाई सुताइएको थियो ।

१६६-१७४– "त्यो खाट भएको कूटागार चारलोकपालहरूले काँधमा बोकेका थिए; बाँकी कूटागारहरू शक्रादि देवताहरूले बोकेका थिए । विश्वकर्मद्वारा बनाइएका शरदादिवर्णहरूका पाँचशय कूटागार-

---

१. "तदानन्दो निरानन्दो, अस्सुना पुण्ण लोचनो ।
गग्गरेन सरेनाह, 'समागच्छन्तु भिक्खवो ।।
पुब्बदक्खिणपच्छासु, उत्तराय च सन्तिके ।
सुणन्तु भासितं मय्हं, भिक्खवो सुगतोरसा ।।
या वड्ढयि पयत्तेन, सरीरं पच्छिमं मुने ।
सा गोतमी गता सन्ति, तारा व सूरियोदये ।।
बुद्धमाता ति पञ्ञत्ति, ठपयित्वा गतासयं ।
न यत्थ पञ्चनेत्तो पि, गतिं दक्खति नायको ।।
यस्सत्थि सुगते सद्धा, यो च पियो महामुने ।
बुद्धमातस्स सक्कार, करोतु सुगतो रसो' ।।" थेरी. अप. दा. पा. पृ. २१३

Downloaded from http://www.dhamma.digital

हरूमा राखिएका खाट्हरूमा ती सबै भिक्षुणीहरूलाई सुताइएका थिए । देवताहरूका काँध काँधबाट क्रमैसँग यात्रा चलाइएको थियो । आकाशमा भीत राखिएको थियो; तारागणहरू सहित चन्द्र-सूर्यहरूले कनकमय पताकाहरू लिएका थिए । अनेक फूलहरूका गुच्छाहरूले आकाश ढाकिएको थियो । चन्द्र-सूर्य तथा ताराहरू चम्किन्थे; मध्यमा रहेको सूर्यको ताप चन्द्रको कीरण झैं शीतल थियो । देवताहरूले दिव्य-नृत्य-वाद्य तथा गीतद्वारा पूजा गरे । निवृत्त हुनु भएकी बुद्धमाता लगिएको रथलाई नाग, असुर तथा ब्रह्मादिहरूले पनि यथाशक्य पूजा गरे । निवृत्त भएका सबै सुगतरस भिक्षुणीहरूलाई अगाडि राखी, बुद्धपोषिका गौतमीज्यू सत्कारपूर्वक पछि पछि लगे ।

१७५-१७७– "अघिल्तिर देवमनुज तथा नागासुर ब्रह्मादिहरू, पछिल्तिर माताको पूजार्थ सश्रावक स्वयं बुद्ध जाँदै हुनु हुन्थ्यो । बुद्धको परिनिर्वाणमा पनि त्यस्तो आश्चर्य थिएन जस्तो आश्चर्य गौतमीको परिनिर्वाणमा थियो । भिक्षुहो ! बुद्धको परिनिर्वाणमा कुनै अनुगमन गर्ने बुद्ध थिएन; तर गौतमीको परिनिर्वाणमा स्वयं बुद्ध र सारिपुत्रादि श्रावकहरू पनि थिए[१] ।

---

१. "पुरतो देवमनुजा, सनागासुरब्रह्मका ।
पच्छा ससावको बुद्धो, पूजनत्थं याति मातुया ॥
बुद्धस्स परिनिब्बानं, नेदिसं आसि यादिसं ।
गोतमी परिनिब्बानं, अतेवच्छरियं अहु ॥
बुद्धो बुद्धस्स निब्बाने, नोपटियादि भिक्खवो ।
बुद्धो गोतमिनिब्बाने, सारिपुत्तादिका तथा ॥" थेरी, अप. दा. पा. पृ. २१४

Downloaded from http://www.dhamma.digital

१७८– "सुगन्ध चूर्णहरू छरिएका तथा सुगन्धयुक्त चिताहरूमा वहाँहरूलाई राखी सबैलाई जलाइदिए।

१७९-१८०– "हाडहरू बाहेक शरीरका अरू बाँकी भागहरू जम्मै जले; त्यस बखत आनन्दले अत्यन्त संवेगजनक (=मनमा खुल खुल हुने विरक्ति) वचन प्रकट गर्नुभयो— 'गौतमी निधन हुनु भयो; वहाँको शरीरमा भएका जम्मै भागहरू जलेर गए (तर हाडहरू जलेनन्); शायद यो बुद्ध पनि चाँडै नै परिनिर्वाण हुने लक्षणको संकेत हो[१]।'

गौतमी-वर्णना

१८१– "अनि भगवान्‌ले भन्नु भएपछि आनन्दले वहाँको पात्रमा अट्ने जति गौतमीका धातुहरू राखी भगवान्‌लाई दिनु भयो[२]।

---

१. "सेस भागानि डय्हिंसु, अट्ठी सेसानि सब्बसो।
आनन्दो च तदावोच, संवेगजनकं वचो॥
गोतमी निधनं याता, डय्हं चस्सा सरीरकं।
सङ्केतं बुद्धनिब्बानं, न चिरेन भविस्सति॥" थेरी. अप. दा. पा. पृ. २१४

२. "ततो गोतमि धातूनि, तस्सा पत्तगतानि सो।
उपनामेसि नाथस्स, आनन्दो बुद्धचोदितो॥" थेरी. अप. दा. पा. पृ. २१५

Downloaded from http://www.dhamma.digital

१८२-१८३– "सो पात्र लिई ऋषिसप्तम बुद्धले यसो भन्नु-भयो— 'जस्तै सारवान् महान् वृक्ष रहेर पनि त्यसको महा स्कन्धहरू अनित्य भएर जान्छन्, त्यस्तै—भिक्षुणीसङ्घ रहेर पनि गौतमीको परिनिर्वाण भयो[१]।

१८४– 'अहो आश्चर्य ! माताको निवृत्तहुँदा पनि मेरो शरीर सहित चित्तलाई पनि कुनै शोक र परिदेव छैन[२]।

१८५– 'संसार सागरबाट उत्तीर्ण भएकी, सन्तापबाट दूर भएकी तथा शोक नभएकी ती गौतमी शीतलपूर्वक परिनिर्वाण भइन्।

१८६– 'उनी पण्डित्नी, महाप्राज्ञी र पृथुल-प्राज्ञी[३] (=पृथु-

१-२. "पाणिना तानि पग्गय्ह, अवोच इसिसत्तमो।
महतो सारवन्तस्स, यथा रुक्खस्स तिट्ठतो॥
"यो सो महन्तरो खन्धो, पलुज्जेय्य अनिच्चता।
तथा भिक्खुनिसङ्घस्स, गोतमी परिनिब्बुता॥
"अहो अच्छरियं मय्हं, निब्बुताय पि मातुया।
सरीरमत्तसेसाय, नत्थि सोकपरिद्दवो॥" थेरी. अप. दा. पा. पृ. २१५

३. (१) अनित्यानुपश्यनालाई भाविता र बहुलिकृत गरी 'जवन-प्रज्ञा' परिपूर्ण गर्छ, (२) दुःखानुपश्यनालाई भाविता र बहु-लिकृत गरी 'निर्वेधिकप्रज्ञा' (निब्बेधिकपञ्ञा) परिपूर्ण गर्छ, (३) अनात्मानुपश्यनालाई भाविता र बहुलिकृत गरी 'महाप्रज्ञा' परिपूर्ण गर्छ, (४) निर्वेदानुपश्यनालाई भाविता र बहुलिकृत

Downloaded from http://www.dhamma.digital

पञ्ञा) थिइन्; हे भिक्षुहो ! उनी भिक्षुणीहरूमध्येमा रात्रज्ञा पनि थिइन् भनी धारण गर[१] ।

१८७– 'ऋद्धिविध ज्ञानमा उनको वश थियो तथा दिव्यश्रोत

गरी 'तीक्ष्णप्रज्ञा' परिपूर्ण गर्छ, (५) विरागानुपश्यनालाई भाविता र बहुलिकृत गरी 'विपुलप्रज्ञा' परिपूर्ण गर्छ, (६) निरोधानुपश्यनालाई भाविता र बहुलिकृत गरी 'गम्भीरप्रज्ञा' परिपूर्ण गर्छ, (७)प्रतिनैसर्ग्यानुपश्यनालाई भाविता र बहुलिकृत गरी 'असामन्त प्रज्ञा' परिपूर्ण गर्छ (८) यी सात प्रज्ञाहरूलाई भाविता र बहुलिकृत गरी 'पाण्डित्यता' परिपूर्ण गर्छ, (९) यी आठ प्रज्ञाहरूलाई भाविता र बहुलिकृत गरी 'पृथुल प्रज्ञा' परिपूर्ण गर्छ, (१०) यी नवै प्रज्ञाहरूलाई भाविता र बहुलिकृत गरी 'महाप्रज्ञा' परिपूर्ण गर्छ । पटि. म. पा. पृ. ४४६ : महापञ्ञाकथा, पञ्ञावग्गो, अ. क. पृ. ४६५। अतएव यहाँ 'पृथुलप्राज्ञी' भन्नाले उपरोक्त विभिन्न प्रज्ञाहरूका विभाजनहरूमध्येमा नवौं प्रज्ञा भएकी भनी भनिएको हो ।

उपरोक्त प्रत्येक प्रज्ञा शब्दका व्याख्याहरू पनि पटि. म. पा. पृ. ४४८-६६ मा समुल्लेख भएको पाइन्छ । यी प्रज्ञाहरू वृद्धि गर्नकानिमित्त के के गर्नुपर्छ भन्ने बारेका कुराहरू पनि उहीं पृ. ४५०-५१ मा समुल्लेख भएको पाइन्छ ।

१. "पण्डितासि महापञ्ञा, पुथुपञ्ञा तथेव च ।
रत्ताञ्ञू भिक्खुनीनं सा, एवं धारेहि भिक्खवो ।। थेरी. अप. दा. पा. पृ. २१५

Downloaded from http://www.dhamma.digital

धातुहरूमा पनि; गौतमीले चेतोपरियज्ञान[1] लाई पनि आफ्नो वशमा राखेकी थिइन् ।

१८८– 'पूर्वेनिवास ज्ञानलाई पनि जानेकी थिइन्, दिव्य-चक्षु-लाई विशुद्ध पारेकी थिइन् तथा सबै आस्रवहरूलाई पनि क्षयगरेकी थिइन्; उनको पुनर्भव पनि छैन ।

१८९– 'अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण भन्ने चारै ज्ञानहरू पनि उनमा थिए र उनको ज्ञान विशुद्ध पनि थियो; त्यसैले उनमा कुनै शोक हुने कारण पनि थिएन ।

१९०-१९१– 'जस्तै —पोलेको फलामको डल्लो तथा बलिरहेको आगो क्रमैसँग शान्त हुन्छ र त्यसको गति ज्ञात हुन्न, त्यस्तै – सम्यक्-रूपले विमुक्त भइसकेका, कामओघ[2]-बन्धनबाट तरिसकेका तथा अचल सुख प्राप्त भएकाहरूको प्रज्ञापन गर्ने गति नै छैन[3] ।

---

१. 'चेतोपरिय ज्ञान' भनेको परचित्त-ज्ञान हो । हेर लेखकको बु. प. पृ. ५९३ मा । अरू विस्तर जानकारीको लागि हेर पटि. म. पा. पृ. १२६ : चेतोपरियञाणनिद्देस्सो ।

२. 'ओघ' भनी केलाई भनिएको हो र कति प्रकारका ओघहरू छन् भन्ने बारेमा लेखकको बु. प. पृ. ३९१ मा समुल्लेख भएको पाइन्छ ।

३. "अयोघन हतस्सेव, जलतो जातवेदस्स ।
अनुपुब्बूपसन्तस्स, यथा न आयते गति ।।
"एवं सम्मा विमुत्तानं, कामबन्धोघ तारिनं ।
पञ्ञापेतुं गति नत्थि, पत्तानं अचलं सुखं ।।" थेरी. अप. दा. पा. पृ. २१५

Downloaded from http://www.dhamma.digital

१९२– 'हे भिक्षुहो ! त्यसैले आत्मद्वीप (=आत्म निर्भर) बन; सतिपट्ठान[1] गोचर गरी, सप्तबोध्यङ्गलाई भाविता गरी दुःखको अन्त गर[2] !' "

Dhamma.Digital

---

१. सतिपट्ठान भनेको के हो भन्ने बारेमा बु. प. पृ. ४६ को पाद-टिप्पणीमा समुल्लेख भएको छ।

२. "अत्तदीप ततो होथ, सतिपट्ठानगोचरा।
भावेत्वा सत्तबोज्झङ्गे, दुक्खस्सन्तं करिस्सथ ।।" थेरी. अप, दा. पा. पृ. २१५

Downloaded from http://www.dhamma.digital

२. क्षेमा स्थविरा

प रि च य

भिक्षुणी हुनुमन्दा अगाडि क्षेमा (=क्षेमा) स्थविरा मगध देशका राजा बिम्बिसारका महिषीहरूमध्ये एक थिइन्। पछि क्षेमा महारानी भिक्षुणी भएर गइन्। यसै सम्बन्धमा त्रिपिटक पालि तथा अर्थकथाहरूमा उपलब्ध कारणहरू एकत्रित पारी यहाँ परिचय दिने प्रयास गरिएको छ।

बुद्ध भगवान्‌को पालामा मगधदेश, त्यसताकाका समस्त भारतमा अति प्रभावशाली तथा शक्ति सम्पन्न राज्य थियो भन्ने कुरा यो भन्दा अघि प्रकाशित भएको "बुद्धकालीन राजपरिवार" अध्ययन गर्दा ज्ञात हुन्छ[1]। बुद्धको समयमा मगध राज्यमा बिम्बिसार राजाले राज्य गर्दथे।

जन्म र विवाह

क्षेमा राजकुमारीको जन्म मद्र (=मद्र) देशको शागल[2] नगरमा

---

१. हेर लेखकको बु. रा. पृ. ३ देखि 'राजाबिम्बिसार' शीर्षकमा।

२. हाल भारतको पन्जाब प्रान्तको स्यालकोट नगर हो। हेर. बु. रा. पृ. ३ को पादटिप्पणीमा।

Downloaded from http://www.dhamma.digital

भएको थियो। थेरीअपदानपालि अनुसार राजकुमारीको पिताको नाउँ मद्र राजा हो[1]। आमाको नाम भने कतै उल्लेख भएको पाइँदैन। राजकुमारी जन्मिदा नगरमा भइरहेका भयहरू दूर भएर गएका कारणहरूले गर्दा राजकुमारीको नाम 'क्षेमा = खेमा' भन्ने रहन गएको हो। यो कुरा स्वयं क्षेमा स्थविराले थेरीअपदानपालिमा उल्लेख गर्नु भएको छ—

"सह मे जातमत्तम्हि, खेमं तम्हि पुरे अहु।
ततो खेमा ति नामं मे, गुणतो उपपज्जथ[2]॥"

मद्रराजाको अति प्रिया पुत्री भई शागल नगरको राजदरवारमा क्षेमा राजकुमारीको जीवन हुर्कियो। यौवन अवस्थामा पुगेपछि राजकुमारी यति राम्री भइन् कि सबै जसो अर्थकथाहरूले 'सुवर्णवर्ण समान सुन्दरी थिइन्' भनी उल्लेख गरेका छन्[3]। अनि उनको विवाह मद्रराजाले मगधराजा बिम्बिसारसँग गरिदिए। यही कुरालाई क्षेमा स्थविराले स्वयं यसो भन्नु हुन्छ—

---

१. थेरी. अप. दा. पा. पृ. २१८ : खेमाथेरी अपदानं, गा.नं. ३६; यो अपदान यसैमा तल अनुदित भएको छ।

२. थेरी. अप. दा. पा. पृ. २१८, गा. नं. ३७

३. अं. नि. अ. क. I. पृ. १८७; थेरी. गा. अ. क. पृ. १००; धम्म. प. अ. क. प. ५८५

Downloaded from http://www.dhamma.digital

"यदाहं योब्बनं पत्ता, रूपलावञ्ञ भूसिता।
तदा अदासि मं तातो, बिम्बिसारस्स राजिनो[१] ॥"

क्षेमा महारानी बिम्बिसार राजाकी अति प्रिया थिइन्। मगधदेश जस्तो शक्ति सम्पन्न राज्यको राजाकी महिषी हुन पाउँदा स्वभावतः क्षेमा महारानी अति हर्षित भएकी थिइन्। क्षेमा महारानी आफ्नो रूपलावण्यतामा निक्कै अभिमान् गर्थिन्। रूपलावण्यता बारेमा कसैबाट पनि कुनै गुनासो सुन्न चाहन्न थिन्।

उता सिद्धार्थ गौतम, बुद्धत्व-ज्ञान प्राप्त गर्नु भइसकेपछि चारिकागर्दै क्रमैसित वहाँ राजगृहमा आइपुग्नु भयो। "बुद्ध भगवान् राजगृहमा आइपुग्नु भयो" भन्ने खबर सुनी बिम्बिसार राजा अनेकौं परिषद्हरू लिई बुद्धकहाँ गई वहाँको धर्मोपदेश सुनी, अत्यन्त प्रभावित भई, बिम्बिसार राजा विशाल परिषद्का साथ बुद्धको शरणमा परी बुद्धको अनुयायी भक्त होइन बुद्धको एक ठूलो उपस्थाक तथा संरक्षक पनि भए[२]। सोही बखत राजाले आफ्नो अति रमणीय वेणुवन (=वेलुवनं) पनि बुद्धलाई प्रदान गरी त्यहाँ अनेकौं भव्य विहार (=घर) हरू पनि बनाइदिए। बिम्बिसार राजा बुद्धको यति भक्त थिए कि बुद्ध-धर्म प्रचार कार्यमा समेत स्वयं राजाले सक्रीय भाग लिएका कुराहरू "बुद्धकालीन राजपरिवार" को परिचयमा 'धर्म-

---

१. थेरी. अप. दा. पा. पृ. २१८, गा. नं. ३८

२. हेर विस्तृत कुरा बु. रा. पृ. १२-२० मा।

Downloaded from http://www.dhamma.digital

सन्देश' शीर्षक (पृ. २२) अध्ययन गर्दा प्रष्टैसँग अवबोध हुन्छ। बिम्बिसार राजाको हृदयमा बुद्ध, धर्म तथा सङ्घ प्रति यति गहिरो श्रद्धा बसिसकेको थियो कि राजा—बुद्ध, धर्म तथा सङ्घ बाहेक अरू कसैको शरणमा पर्नै सक्तैनथे। उनको हृदयमा अटल-श्रद्धाको जग बसिसकेको र उनले स्रोतापत्तिमार्ग-फल साक्षात्कार गरिसकेका थिए।

वेणुवनमा

क्षेमा महारानी स्वभावतः अति रूपाभिमानी थिइन् भन्ने कुरा माथि उल्लेख भइसकेकै छ। अतः "बुद्धले रूप-सौन्दर्यताको अवर्णना गर्नु हुन्छ" भन्ने हल्ला सुनि राखेको हुँदा र "कहीं आफ्नै रूपलाई पनि खोट् लगाएको कुरा सुन्न पर्ला[२]" भन्ने विचारले राजाले प्रदान गरेको वेणुवनमा बस्नु भएका बुद्धको दर्शन गर्न समेत जाँदैन थिइन्[२]। क्षेमा महारानीको यस प्रक्रियाबाट बिम्बिसार राजा निक्कै चिन्तित भएका थिए। आफूले रुचाएका कुराहरू आफ्नो प्रेमीकाले

---

१. अं. नि. अ. क. I. पृ. १८७

२. क्षेमा महारानी जस्तै आफ्नो रूपाभिमानको कारणले बुद्धकहाँ जान नचाहने राजपरिवारका स्त्रीहरू खेमकस्सप शाक्यकी छोरी अभिरूपनन्दा राजकुमारी (थेरी. गा. अ. क. पृ. २०) र जनपदकल्याणी नन्दा शाक्यकुमारी पनि हुन्। (थेरी. गा. अ. क पृ. ६४)

Downloaded from http://www.dhamma.digital

पनि रुचाओस् भन्ने आशा र इच्छा सबै प्रेमी र प्रेमीकाहरूका हृदयमा हुने जस्तै बिम्बिसार राजा पनि आफ्नो महिषी क्षेमालाई वेणुवनमा विहार गरिरहनु भएको बुद्धकहाँ पठाउन अति उत्सुक थिए। किन्तु राजा यस कार्यमा सफल हुन सकेका थिएनन्। "बुद्धको अग्र-उपस्थाक भएका राजाकी महिषी नै वेणुवनमा गई बुद्धको दर्शन गर्न जाँदैनन्" भन्ने कुरा सुन्न पर्ला कि भन्ने शंका पनि राजाको मनमा लाग्दथ्यो[१]।

यस्तो परिस्थितिमा राजाले एक दिन यस्तो सोचे—

"वेणुवनमा गई बुद्धको दर्शन गरेर आऊ भनी भनिरहनुभन्दा वेणुवनमा जाने इच्छा उत्पन्न गराइदिन सकेको खण्डमा महारानीको बढी कल्याण हुने थियो।"

यति सोचेर राजाले एक दिन, केही दक्ष संगीतकारहरूलाई बोलाउन लगाई क्षेमा महारानीलाई वेणुवनको विशिष्टता र त्यसको रमणीयताको वर्णन गरी, खूब राम्रो लय राखी तथा अति मधुर स्वरले गीत सुनाउन लगाए। संगीतकारहरूका कलापूर्ण सुमधुर गीत सुनेर, आफ्नै उद्यान र आफूले अघि देखिसकेकै वेणुवन सम्बन्धी गीत सुनेको भएता पनि, त्यस कलापूर्ण तथा सुमधुर गीत स्वरको प्रभावले गर्दा क्षेमा महारानीको मनमा "सो उद्यान आफूले अघि कहीँ पनि न देखेको हो कि भन्ने जस्तो" लागी "कुन उद्यानको बारेमा तिमीहरूले

---

१. अं. नि. अ. क. I. पृ. १८७: एककनिपातवण्णना।

Downloaded from http://www.dhamma.digital

गीत गाएका ह्वौ ?" भन्ने समेत सोधको कुरा धम्मपदट्ठकथाले उल्लेख गरेको छ[१]। "अहा ! कस्तो सुन्दर तथा रमणीय उद्यान होला जसको वर्णन यी संगीतकारहरू खूब रसिला स्वरमा गाइरहे छन् !!" भन्ने प्रभाव मनमा परेपछि महारानीको हृदयमा "अवश्य नै वेणुवन हेर्न जानु पऱ्यो" भन्ने इच्छा उत्पन्न भयो। त्यस पछि एकदिन राजाको आज्ञा लिई राजपरिवारहरूका साथ क्षेमा महारानी वेणुवन उद्यान हेर्न गइन्। त्यस बखत राजाले "वेणुवन गएर बुद्धको पनि दर्शन गरेर आउनू" भनी महारानीलाई सुनाए। तर त्यसको कुनै पनि उत्तर नदिई महारानी वेणुवनतिर लागिन् भनी अङ्गुत्तरअट्ठकथाले उल्लेख गरेको छ[२]। "यदि महारानी बुद्धको दर्शन नगरी फर्केर आउँन लाग्छिन् भने आउन नदिनू" भनी राजाले राजपुरुषहरूलाई अह्राएका थिए भन्ने कुरा पनि थेरीगाथा अट्ठकथाले उल्लेख गरेको छ[३]। यस सम्बन्धमा अङ्ग अगाडि "यदि महारानी बुद्धको दर्शन गरी फर्किन्छिन् भने बेश भयो। अन्यथा राजाज्ञा लाग्नेछ भनी सुनाउनू" भनी राजपुरुषहरूलाई राजाले सूचित गरेका थिए भन्ने कुरा पनि अङ्गुत्तरअट्ठकथाले उल्लेख गरेको छ[४]।

अनि सुरम्य वेणुवनमा पुगेपछि क्षेमा महारानी सहेलीहरू

---

१. धम्म. प. अ. क. पृ. ५८५-८६ : खेमात्थेरियावत्थु।

२. अं. अ. क. I. पृ. १८७

३. थेरी. गा. अ. क. पृ. १०० : खेमाथेरीगाथट्ठकथा।

४. अं. अ. क. I. पृ. १८७ : एककनिपातवण्णना।

Downloaded from http://www.dhamma.digital

तथा राजपरिवारहरूका साथ क्रीडागर्दै उद्यानमा डुल्न थालिन् । दिन बित्न थाले पछि उद्यानबाट फर्कनलाग्दा राजपुरुषहरूले रानीको इच्छा विना नै बुद्ध बसिरहनु भएको स्थानमा लगे[१] ।

बुद्धकहाँ

महारानी आउँदा बुद्ध भगवान्ले ऋद्धिद्वारा अप्सरा जस्ती एक अलौकिक सुन्दरी स्त्री निर्माण गरी आफूलाई पंखा हम्काइ रहेको दृश्य देखाउनु भयो । यो देवकन्या जस्तै निर्मित रूप देखी महारानीको मनमा यस्तो लाग्यो—

"अहो ! यी लोकजनहरूका कूटा कुरा सुनेर, बुद्ध भगवान्ले स्त्री-रूपको निन्दा गर्नु हुन्छ भन्ने विचार गरी म बुद्धकहाँ आउन न चाहेकी थिएँ र बुद्धप्रति गलत धारणा लिएकी थिएँ । यदि यहाँले स्त्री-रूपको निन्दा गर्नु हुने भएको भए यस्ती सुन्दरी स्त्रीलाई पंखा हम्काउन लगाई बस्नु नै हुने थिएन होला । अहा ! कति सुन्दरी रहिछन् यी स्त्री ! यस्तो स्त्रीरूप त मेरो आँखाले अघि कहिल्यै पनि देखेको थिएन[२] ।"

यस्तो मनमा सोच्दै बुद्ध प्रति आकर्षित हुनुभन्दा पनि बढी ती स्त्री-रूपमा आकर्षित भई बसिन् । यस्तो पनि सोचिन् कि— "यी

---

१. अं. नि. अ. क. I. पृ. १८७; थेरी. गा. अ. क. पृ. १००

२. धम्म. प. अ. क. पृ. ५८६

Downloaded from http://www.dhamma.digital

स्त्रीको अगाडि त म उनकी दासी पनि बन्न सुहाउँदिन । नाहकमा नै मैले बुद्ध प्रति द्वेषभावले हेरेकी रहेछु ।" यस्तो कल्पना गर्दै स्त्रीकै रूपमै मुग्ध भएर नै आकर्षित भई बसिन्[१] ।

भगवान्‌ले आफ्नो ध्यानाधिष्ठानको प्रभावद्वारा सो रूपलाई फूल ओईलिए जस्तै गरी देखाइदिनु भयो । रूपमा मुग्धभई हेरीरहेकी महारानीले हेर्दाहेर्दै सो निर्मित रूप क्रमशः बेंश ढल्किदै बुढी भई चाउरी पर्दै गएकी मात्र होइन उभिइरहन समेत नसकी भुइमा लड्न गएको समेत देख्दा[२] पूर्व संस्कारको कुशल हेतुवासनालेगर्दा महारानीको मनमा अनित्यताको सञ्चा आई "अहो, यो मेरो रूप पनि त एकदिन यस्तै भएर जानेछ !" भन्ने विरागसंज्ञा उठी रूपाभिमानबाट चित्त हटिरहेको बेलामा भगवान् बुद्धले दक्ष कामीले पोलेको फलामलाई पीट्ने झैं क्षेमा महारानीलाई अनेक प्रकारले करुणापूर्वक उपदेश सुनाउनु हुँदै निम्न गाथाहरू भन्नुभयो—

"आतुरं असुचिं पूतिं, पस्स खेमे समुस्सयं ।
उग्घरन्तं पग्घरन्तं, बालानं अभिनन्दितं ॥

---

१. अं. नि. अ. क. I. पृ. १८७; थेरी गा. अ. क. पृ. १०१; धम्म. प. अ. क. पृ. ५८६

२. यी कुराहरू स्वयं क्षेमा स्थविराले पनि तल उल्लिखित 'क्षेमा स्थविरापदान' शीर्षकमा उल्लेख गर्नु भएको छ ।

Downloaded from http://www.dhamma.digital

"असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं।
सति कायगतात्यत्थु, निब्बिदा बहुलाभव[१] ॥"

यो गाथाहरू सुनाउनु भएपछि बुद्ध भगवान्ले महानिदान-सूत्र[२] को धर्मोपदेश पनि सुनाउनु भयो। अनि स्रोतापत्तिमार्ग-फलमा प्रतिष्ठितभई क्षेमा महारानीले धर्मचक्षु लाभ गरिन्[३] भन्ने कुरा पनि थेरीअपदानपालिले नं उल्लेख गरेको छ। जुन कुराहरू तल अनुदित भएकै छन्।

थेरीअपदानपालिको अध्ययन गर्दा क्षेमा महारानीले बुद्धसँग प्रव्रज्या माग्दा वहाँले उनलाई "हतारो नमान, पछि" भनी भन्नु भएको कुरा बुझिन्छ[४]। भगवान्को कुराको संकेतलाई बुझी,

---

१. थेरी. अप. दा.पा.पृ. २२१. यी गाथाहरू तथा अरू पनि उपदेश-ला गाथाहरूको अर्थ तल 'क्षेमा स्थविरापदान' शीर्षकमा अनुवाद गरिदिएको छु।

२. थेरी. अप. दा. पा. पृ. २२१; गा. नं. ७०; यो सूत्रका कुराहरू दी. नि. II. पृ ४४ मा उल्लेख भएका छन्।

३. थेरी. अप. दा. पा. पृ. २२१, गा. नं. ७१; धम्म. प. अ. क. पृ. ५८६

४. "तदा मधुरनिग्घोसा, महाकारुणिको जिनो।
अवोच 'तिट्ठ खेमे ति', सिञ्चन्तो अमतेन मं।' थेरी. अप. दा. पा. पृ. २२२, गा. नं. ७८

Downloaded from http://www.dhamma.digital

राजदरबारमा फर्केर महारानीले बिम्बिसार राजासँग प्रव्रज्या हुने अनुमति मागिन । रानीको कुरा सुनी राजा अत्यन्त प्रफुल्लितभई क्षेमा महारानीलाई भिक्षुणी बन्ने अनुमति मात्र प्रदान गरेका होइनन् राजदरबारदेखि वेणुवन विहारसम्म सिंगार पटार गराई ठूलो उत्सवका साथ पालकीमा राखी क्षेमा महारानीलाई वेणुवनमा पुऱ्याइ दिए[१] ।

अङ्गुत्तरअट्ठकथाले—"क्षेमाले उपरोक्त गाथाहरू सुन्नेबित्तिकै अरहत्व प्राप्त गरेकी थिइन् र अरहत् हुने व्यक्ति सातदिनभन्दा बढता गृहस्थी भेषमा बस्न नसक्ने र त्यस पछि बाँच्ने आयु रहेमा प्रव्रजित हुने स्वभाव धर्म भएको हुँदा अरहत्व प्राप्तगरिसकेपछि आफ्नो आयु-संस्कार पनि बाँकी नै रहेको हुँदा क्षेमाले प्रव्रज्या हुने इच्छा प्रकटगर्दै राजासँग अनुमति माग्दा "महाराज ! तपाइले बुद्धलाई कम मात्र देख्नु भएको छ मैले त बुद्धलाई पूरै देखिसकेकी छु" भन्ने समेत भनेकी थिइन् र अनि अनुमति पाई प्रव्रजित भएकी हुन् भनी उल्लेख गरेको छ । गृहस्थी मै छँदा अरहत्व प्राप्त गरेको हुनाले क्षेमालाई पछि भगवानले 'महाप्रज्ञावती' को अग्रस्थान प्रदान गर्नु भएको हो" भन्ने कुरा पनि उहीं नै समुल्लेख भएको पाइन्छ[२] । यस्तै कुराको सूचना थेरीगाथट्ठकथाले पनि समुल्लेख गरेको छ[३] ।

---

१. अं. नि. अ. क I. पृ. १८८ : एककनिपातवण्णना ।

२. अ. नि. अ क. I पृ. १८८ : एककनिपातवण्णना ।

३. थेरी. गा. अ. क. पृ. १०१ : खेमाथेरीगाथठ्ठकथा ।

Downloaded from http://www.dhamma.digital

धम्मपदट्ठकथाले—यस सम्बन्धमा उपरोक्त गाथाहरूमध्ये "आतुरं असुचिं पूतिं" भन्ने गाथाको अन्तमा स्रोतापन्न र "ये राग-रत्तानुपतन्ति सोतं[१]" भन्ने गाथाको अन्तमा अरहत् भएको थिइन् भन्ने मात्र नभई "अरहत् भएको क्षेमा या त परिनिर्वाण हुनुपर्छ या त प्रव्रजित हुनुपर्छ" भनी बुद्धले भन्नु हुँदा बिम्बिसार राजाले प्रव्रजित गराउने इच्छा प्रकट गरेका कुराहरू पनि उहीं नै समुल्लेख गरेका छन्[२]।

थेरीअपदानपालिमा भने प्रव्रजित भइसकेर अरहत्व साक्षात्कार गरेका कुरा स्वयं उल्लेख गर्नु हुँदै क्षेमा स्थविरा यस्तो भन्नु हुन्छ—

"पब्बजित्वा तदा चाहं, अद्धमासे उपट्ठिते।
दीपोदयं च भेदं च, दिस्वा संविग्ग मानसा॥

"निब्बिन्न सब्बसङ्खारे, पच्चयाकारकोविदा।
चतुरोघो अतिक्कम्म, अरहत्तमपापुणिं[३]॥"

अर्थात्— "अनि, प्रव्रजित भएको आधा महीना पुगदा, बत्तीको ज्वालामा भएको भेदलाई देखेर मेरो मनमा संवेग (=वैराग्य) उत्पन्न

---

१. थेरी. अप. दा. पा. पृ. २२१, गा. नं. ६९
२. धम्म प. अ. क. पृ. ५८६ : खेमाथेरियावत्थु।
३. थेरी. अप. दा. पा. पृ. २२२, गा. नं. ८३, ८४

Downloaded from http://www.dhamma.digital

भयो । अनि, सबै संस्कारहरूबाट विरक्तभई, प्रत्ययाकारमा कोविदा भई, चार ओघहरूबाट उत्तीर्ण भई अरहत्व प्राप्त गरें ।"

भिक्षुणी भइन्

आ-आपना शैलीमा उपर्युक्त **अर्थकथाहरूले** जेसुकै उल्लेख गरेता पनि **थेरीअपदानपालि** अनुसार क्षेमा स्थविराले पहिले स्रोतापत्तिफल प्राप्तगरी, भिक्षुणी भएको दुइहप्ता हुँदा तेलको बत्तीको ज्वाला उदयास्त भएर गइरहेको कारणतिर ध्यानदिदा, त्यसैमा आरम्मण चित्त राखी अनित्य, दुःख तथा अनात्म-लक्षणहरूमध्येमा विशेषतः **अनात्म-लक्षण**मा ध्यान गरी, बत्तीको ज्वाला लुप्त भएर गए जस्तै आपना सबै क्लेशहरू पनि लुप्तपारी अरहत्व साक्षात्कार गर्नु भयो[1] । अनात्म-लक्षणको भावना गरेर अरहत् हुनु भएको हुनाले यही गुणलाई सर्वोपरी राखी बुद्धले पछि यहाँलाई प्रज्ञावती हुनेहरूमध्येमा **अग्रस्थान** दिनु भएको हो ।

समाधिको दृष्टिकोणले कस्तालाई 'प्रज्ञावान्' र कस्तालाई 'महाप्रज्ञावान्' भन्दा रहेछन् भन्ने कुरा बुझ्न माथि महाप्रजापति गौतमी चरितको 'गौतमी-अपदान' शीर्षक अन्तर्गत 'गौतमी वर्णना'

---

१. बुद्धका अग्रश्रावक हुनु भएका तथा प्रज्ञावान्हरूमध्येमा अग्रस्थान प्राप्त गर्नु भएका सारिपुत्र महास्थविरले पनि भिक्षु भएको दुइ हप्ता हुँदा अरहत्व प्राप्त गर्नु भएको थियो । हेर. बु. प. पू. ३५२

Downloaded from http://www.dhamma.digital

उपशीर्षकको पादटिप्पणी (पृ.१६८) मा हेर्नुं । क्षेमा स्थविराले न केवल अरहत्व मात्र साक्षात्कार गर्नु भएको हो बल्कि चतुऋद्धिपाद, दिव्यचक्षु, दिव्यश्रोत, चतुप्रतिसम्भिदा तथा षडभिज्ञ-ज्ञानहरू पनि प्राप्त गर्नु भएको छ[१] ।

प्रज्ञाविशेषता

जस्तो भिक्षुहरूमध्येमा **ज्ञात-कौडिन्य स्थविर** भगवान् बुद्धको सर्वप्रथम भिक्षु-शिष्य हुनुहुन्थ्यो त्यस्तै **महाप्रजापति गौतमी स्थविरा** पनि भिक्षुणीहरूमध्येमा सर्वप्रथम भिक्षुणी-शिष्या हुनुहुन्छ । जस्तै भिक्षु-हरूमध्येमा **सारिपुत्र स्थविर** भगवान्को अग्रश्रावक तथा प्रज्ञावान् भिक्षुहरूमध्येमा अग्र हुनुहुन्थ्यो त्यस्तै भिक्षुणीहरूमध्येमा **क्षेमा स्थविरा** पनि अग्रश्राविका[२] तथा प्रज्ञावती भिक्षुणीहरूमध्येमा अग्र हुनुहुन्छ ।

अनात्मलक्षणको भावना गरी अरहत्व प्राप्त गरेको, अधिदेखि कृताधिकार पूरा गरेको,[३] तथा अहिले पनि वहाँमा प्रज्ञा वैपुल्यता भएको र धर्म सम्बन्धी अति गम्भीर ज्ञान पनि भएका आदि गुणहरूले गर्दा नै वहाँलाई प्रज्ञावती भनिएको हो ।

एक दिन, **प्रसेनजित् कोशल राजा साकेत (= अयोध्या)**

---

१. थेरी. अप. दा. पा. पृ. २२२

२. "खेमा उप्पलवण्णा च, भिक्खुनी अग्गसाविका" बु. वं. पा. पृ. ३८१

३. थेरी. गा. अ. क. पृ. १०७ : खेमाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

बाट श्रावस्ती फर्किरहँदा तोरणवास्तु भन्ने एक गाउँमा बासबस्दा राजाले त्यस दिन सत्सगतगर्न त्यसै गाउँमा बसिरहेकी क्षेमा स्थविरा-कहाँ गई केही प्रश्नहरू सोधेका थिए। क्षेमा स्थविराले दिएको जवाफ सुनी प्रसेनजित् राजा अति प्रभावित भएका मात्र होइनन् श्रावस्ती पुगेपछि भगवान्कहाँ गई सोही प्रश्नहरू सोध्दा भगवानले पनि त्यस्तै नै जवाफ दिनुभएको कुरा सुन्न पाउँदा क्षेमा स्थविरा प्रति अत्यन्त खुशी भई आपनो खुशीको कुरा व्यक्त गर्दै राजाले — "आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते !! जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्र-पदमा—अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मेल खान्छ, समान छ र परस्पर कुनै विरोध छैन" भनी बुद्धलाई सुनाएका कुरा तल अनुदित "प्रसेनजित् कोशलसँग" शीर्षकको मूलसूत्रमा समुल्लेख भएको छ। यसै पाण्डित्यतामा सन्तुष्टभई भगवान्ले क्षेमा स्थविरालाई अग्र-स्थान प्रदान गर्नुभएको थियो भनी स्वयं क्षेमा स्थविराले पनि आपनो अपदान (=चरितकथा) मा उल्लेख गर्नु भएको छ[१]। जुन कुराहरू तल उल्लेख भएकै छन्।

"क्षेमा स्थविरा कथावस्तु-विशारदा पनि हुनु हुन्छ। कुराकानी गर्ने कलामा पनि वहाँले विशेषता प्राप्त गर्नु भएको छ" भन्ने कुरा पनि थेरीअपदानमै समुल्लेख भएको पाइन्छ[२]। कसैसँग कुराकानी

१. "जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं।" थेरी. अप. दा. पा. पृ. २२३

२. "कुसलाहं विमुद्धिसु, कथावत्थुविसारदा।" थेरी. अप. दा. पा. पृ. २२३

Downloaded from http://www.dhamma.digital

गर्दा वहाँले कहील्यै पनि—भन्नेलाई पनि सुन्नेलाई पनि—अनर्थ हुने गरी कुरा गर्नु हुन्न, न त वहाँले कसैको कुरामा दोष नै खोज्नु हुन्छ। भूत, भविष्य तथा वर्तमान—जुनसुकै कालको कुरा गर्नु भए पनि अर्थ-संहित कुरा नै गर्नु हुन्छ। कस्ता गुणहरूले युक्त हुनेलाई कथावस्तु-कुशल अथवा कथावस्तु-विशारद भन्दछन् भन्ने बारेका कुराहरू अङ्गुत्तरनिकायमा समुल्लेख भएको पाइन्छ[1]।

क्रमानुरूप भिक्षु र भिक्षुणीहरूको गुणानुसार अग्रस्थानको घोषणा औपचारिक रूपले गर्ने सिलसिलामा भगवान्‌ले एक दिन, श्रावस्तीको जेतवनारामका प्रज्ञावती भिक्षुणीहरूमध्येमा क्षेमा स्थविरालाई अग्रस्थानमा राख्ने औपचारिक घोषणा गर्नु भयो। अनि एक दिन, क्षेमा स्थविरा श्रावस्तीमै कतै एक रुखमनी बसीरहनु भएको बेलामा मारपुत्रले कामवासनाद्वारा प्रलोभनका कुरा सुनाउँदा वहाँले दृढताकासाथ आफूमा काम-वासना भन्ने नै उच्छेद भइसकेको छ भनी मारलाई सुनाएका कुराहरू यसमा तल "क्षेमा स्थविरा गाथा" शीर्षकको मूल पालिमा अनुदित भएको छ।

एक समय, भगवान् बुद्ध गृद्धकूट पर्वतमा बसिरहनु भएको थियो। त्यस बखत त्यहाँ देव-परिषद्‌का साथ शक्रदेवेन्द्र आई भगवान्‌संग कुशलक्षेम कुरा गरी भगवान्‌बाट सारणीयधर्मका[2] उपदेश-

---

१. हेर. अ. नि-३ पृ. १८२ : कथावत्थुसुत्त, अ. क. I. पृ. ४२०

२. देखिने गरी पनि न देखिने गरी पनि कायिक तथा वाचसिक मैत्री कर्म राख्ने सम्बन्धका कुरालाई 'सारणीय धर्म भन्दछन्'। यसको सविस्तर कुराहरू अं. नि-६ पृ. ११ : पठम सारणीयसुत्तं,

Downloaded from http://www.dhamma.digital

हरू सुन्दै थिए । त्यस बेला क्षेमा स्थविरा भगवान्को दर्शन गर्न गृद्धकूट पर्वतमा जाँदा भगवान् बुद्ध शक्रदेवेन्द्रहरूका बीच सारणीय धर्मका उपदेश गरिरहनु भएको देखेर आकाशमै बसी भगवान्लाई वन्दना गरी फर्केर जानुभयो ।

यो घटना देखेर शक्रदेवेन्द्रले भगवान्सँग – "भन्ते ! को रहेछिन यी भिक्षुणी जो आकाशमै बसी वन्दना गरी फर्केर गइन् ?" भनी सोध्दा भगवानले क्षेमा स्थविराको बयान सुनाउनु भई— "महाराज ! यी मेरी पुत्री महाप्रज्ञावती तथा मार्गामार्ग-ज्ञान कोविदा क्षेमा भिक्षुणी हुन्" भनी भन्नु भई निम्न गाथा पनि सुनाउनु भयो—

"गम्भीरपञ्ञं मेधाविं, मग्गामग्गस्स कोविदं ।
उत्तमत्थं अनुप्पत्तं, तमहं ब्रूमि ब्राह्मण' न्ति[1] ।।"

अर्थात—गम्भीर प्रज्ञाहुने, मेधावी, कुमार्ग र सुमार्गलाई जान्ने, उत्तमार्थ प्राप्त गरिसकेकालाई म ब्राह्मण भन्दछु ।

यो उपदेश सुनेर धेरैले स्रोतापन्नादि मार्गफल पनि साक्षात्कार गरे[2] ।

अ. क. II. पृ ६५१; उहीं पृ. १२: दुतिय सारणीयसुत्तं, अ.क. II पृ. ६५६; उहीं पृ. १३: तिस्सारणीयसुत्तं, अ क. II पृ. ६५६; परि. वा. पा. पृ. १७०, अ. क. पृ. ९७० मा हेर्नू ।

१. धम्म. प. पा. पृ ५५: ब्राह्मणवर्ग, गा. नं. ४०३

२. धम्म. प. अ. क, पृ. ६३७ : खेमाभिक्खुणियावत्थु ।

Downloaded from http://www.dhamma.digital

यसरी हामी, क्षेमा (=खेमा) स्थविराको महत्ताको बारेमा केही कुराहरू बुझ्न सक्छौं। अरू भगवान्‌ले क्षेमा स्थविराको बारेमा जुन "प्रमाणकर हो तथा तुलादण्ड हो" भनी भन्नु भएको छ, त्यो वाक्यले त वहाँको सद्‌गुण कति महानरहेछ भने कुराको अनुमान सजिलैसँग लगाउन सकिन्छ। यदि कुनै श्रद्धालु उपासिका प्रव्रजित हुन चाहन्छे भने उसले "क्षेमा भिक्षुणी जस्तै हुन सकूँ" भनी प्रार्थना गर्न सक्नुपर्छ भनी क्षेमालाई मापदण्डको रूपमा राख्नु भएबाट पनि वहाँको महत्तालाई प्रष्ट देखाइ दिएको छ। यी कुराहरू पनि तल "आयाचना" र "मापदण्ड" शीर्षकमा अनुवाद गरिदिएको छु।

क्षेमा स्थविराकी गृहस्थीकी एक सहायिका "क्षेमा प्रव्रजित भएर जानुभयो" भन्ने खबर सुनी "महारानी जस्ती त प्रव्रजित भएर गइन् भने म जस्तीले के घरमा बस्नू" भन्ने विचार गरी एक दिन उ क्षेमा स्थविराकहाँ गई उपदेश सुन्न गई। उपदेश सुनेर उ वहाँकहाँ नै प्रव्रजित भई। पालिसाहित्यले यिनलाई विजया भिक्षुणी भन्दछ[१]।

केही अतीतका घटनाहरू

(१) उरगजातक अनुसार – एक समय गौतम बुद्ध वाराणशी देशको द्वारगाउँमा एक ब्राह्मणको कुलमा जन्मिनु भएको थियो। सो ब्राह्मणले कृषीकर्मद्वारा जीविका गरी आफ्नो कुटुम्बहरूको पालन-

१. थेरी. गा. अ. क. पृ. १२७ : विजयाथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

पोषण गर्दथे । त्यस समय उनकी पत्नी क्षेमा भिक्षुणी, पुत्र राहुल-कुमार तथा पुत्री उत्पलवर्णा भिक्षुणी भएका थिए[१] ।

(२) मनोजजातक अनुसार— एक समय गौतम बुद्ध सिंह भएर जन्मिनु भएको थियो । त्यस समय सो सिंहकी पत्नी यशोधरा-देवी, पुत्र राहुलकुमार, पुत्री उत्पलवर्णा भिक्षुणी र बुहारी क्षेमा भिक्षुणी भएका थिए[२] ।

(३) रोहन्तजातक अनुसार— एक समय गौतम बुद्ध सुवर्ण-मय मृग भई जन्मिनु भएको थियो । त्यस बखत वाराणशीका राजा सारिपुत्र स्थविर भएका थिए र उनकी महारानी क्षेमा भिक्षुणी भएकी थिइन् । मृगकी सहोदरी सुतना भन्ने मृगी उत्पलवर्णा भिक्षुणी र सहोदर चित्रमृग आनन्द स्थविर भएका थिए[३] ।

(४) चूलहंस जातक अनुसार—त्यस बखत वाराणशी देशका राजा सारिपुत्र स्थविर र महारानी क्षेमा भिक्षुणी भएका थिए । गौतम बुद्ध हंस योनीमा जन्मिनु भएको थियो । सुमुख भन्ने हंस आनन्द स्थविर थिए[४] ।

---

१. जा. अ. क. III. पृ. ११२ : उरगजातकं, नं. ३५४

२. जा. अ. क. III. पृ. २२५ : मनोजजातकं, नं. ३९७

३. जा अ. क. V. पृ. १०३ : रोहन्तमिगजातकं, नं. ५०१

४. जा. अ. क. V. पृ. ११० : चूलहंसजातकं, नं. ५०२

Downloaded from http://www.dhamma.digital

(५) अर्को एक जन्ममा बोधिसत्व धृतराष्ट्र हंस भई जन्मिनु भएको थियो। त्यस बखत वाराणशीका संयम भन्ने राजा सारिपुत्र स्थविर र महारानी क्षेमा भिक्षुणी भएका थिए। आनन्द स्थविर सुमुख भन्ने हंस भएका थिए[१]।

(६) महाजनकजातक अनुसार—बोधिसत्व महाजनक राजा र महारानी शीवलीदेवी यशोधरादेवी भएका थिए। पछि महाजनक राजाले आफ्नो पुत्र दीघावुकुमारलाई राज्य सुम्पी तपस्वी भेष धारण गरी जाँदा रानी पनि साथमा लागेकी थिइन्। दुवै तपस्वी स्त्री-पुरुषहरू साथ साथमा हिंडिरहेका देखेर खेलिरहेकी एक कुमारीले श्रमणजाति भई स्त्री-पुरुष दुवै साथमा हिंडनु शोभादिन्न भन्ने कुमारी क्षेमा भिक्षुणी नै थिइन्[२]।

(७) पद्मोत्तर बुद्धको पालामा क्षेमा भिक्षुणी हंसवती नगरमा एक दाश कुलमा जन्मिनु भएको थियो। त्यस बखत पद्मोत्तर बुद्धको सुजात भन्ने अग्रश्रावक भिक्षाटन् आएको देखी आफूसँग भएका तीनवटा रोटी चढाई सोही दिनमै आफ्नो चुल्ठो बेची स्थविरलाई दान दिई "अनागतकालमा प्रज्ञावती बुद्ध-श्राविका हुनसकूँ" भनी प्रार्थना गरेको कुरा अङ्गुत्तर अट्ठकथामा उल्लेख भएको पाइन्छ[३]।

× × ×

---

१. जा. अ. क. VI. पृ. २०१ : महाहंसजातकं, नं. ५३४

२. जा. अ. क. VII. पृ. ५७ : महाजनकजातकं, नं. ५३९

३. अं. नि. अ. क. I. पृ. १८७: एककनिपातवण्णना; थेरी. गा. अ. क. पृ. १०० : खेमाथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

क्षेमा स्थविराको परिनिर्वाण सम्बन्धी कुराहरू त्रिपिटक पालि तथा अर्थकथाहरूमा कतै पनि समुल्लेख भएको कुरा मैले भेट्टाउन सकेको छैन । हो, महाप्रजापति गोतमी थेरीअपदान अनुसार– गौतमी स्थविराले आफू परिनिर्वाण हुने कल्पना गर्नु भएको बेलामा, वहाँका अरू पाँचशय भिक्षुणीहरूले पनि त्यस्तै कल्पना गरेका थिए भन्ने र यसै सिललिलामा क्षेमादि भिक्षुणीहरूको पनि उस्तै वितर्कना उठेको थियो[1] भन्ने कुरा भने प्रष्टसँगै अपदानमा उल्लेख भएको पाइन्छ ।

यो कुरालाई ध्यानमा राख्दा क्षेमा स्थविरा पनि महाप्रजापति गौतमी स्थविराका साथ साथमै परिनिर्वाण हुनु भयो भनी भन्न सकिन्छ ।

× × ×

क्षेमा नामका केही पात्रहरू

(१) क्षेमा स्थविरा (खेमा थेरी) – यिनी, धर्मदर्शी बुद्ध भगवान्का बुद्ध अग्रश्राविकाहरूमध्ये प्रथम अग्रश्राविका थिइन् । बु. वं. पा.पृ. ३५५; धम्मदस्सीबुद्धवंसो ।

---

१. "तथा पञ्चसतानं पि, भिक्खुनीनं वितक्किकतं ।
आसि खेमादिकानं पि, एतदेव वितक्किकतं ।" थेरी. अप. दा. पा. पृ. २०१; हेर माथि पृ. १३८ गा. नं. ७ मा ।

Downloaded from http://www.dhamma.digital

(२) क्षेमा—यिनी, अङ्गुत्तरनिकायको अट्ठकनिपातको सामञ्ञवग्गमा उल्लिखित उपासिका हुन् । अं. नि-८ पृ. ४२८: सामञ्ञवग्गो ।

(३) क्षेमा— यिनी, जातककालीन वाराणशी राजाकी महिषी थिइन् । एक दिन यिनले काञ्चनवर्ण मयूरको मुखबाट धर्मोपदेश सुनेको स्वप्न देखिन् । अनि राजालाई त्यस्तो मयूर ल्याइदिनकोनिमित्त आग्रह गरिन् । राजाले सिकारीहरूलाई भेला गराई त्यस्तो मयूर पाउन सकिन्छ कि, भनी सोध्दा एक सिकारीले त्यस्तो मयूर दण्डक-पर्वततिर पाउन सकिन्छ भनी भनेको हुँदा उसलाई नै सो मयूर लिन पठाए । सातवर्ष-सम्म सो मयूर समात्ने प्रयत्न गर्दा पनि उसले समात्न सकेन । यसै बीच क्षेमा महारानीको पनि मृत्यु भयो । जा. अ. क. I. पृ. ४०२ : मोरजातकं, नं. १५९

(४) क्षेमा-- यिनी पनि जातककालीन वाराणशी राजाकी महिषी थिइन् । त्यस बखत क्षेमा महारानीले सुवर्णवण एक मृगबाट उपदेश सुनेको स्वप्न देखिन । अनि महारानीले त्यस्तो मृग ल्याइ-दिनकोनिमित्त राजासँग अनुरोध गरिन्। राजाले

Downloaded from http://www.dhamma.digital

जसले त्यस्तो मृग देखाइ दिनेछ उसलाई धन पुरस्कार दिने घोषणा गरे। त्यस बखत गौतम बुद्ध सुवर्णवर्ण मृग भएर जन्मिनु भएको थियो। एक दिन सो मृगले नदीमा एक पुरुषलाई बगाई लगिरहेको देखेर उसलाई उद्धार गऱ्यो। त्यो पुरुष फर्केर जाँदा मृगले उसबाट आफ्नो कुरा कसैलाई पनि न बताउने प्रतिज्ञा लिएको थियो। पछि सोही पुरुषले नै धनको लोभले मृगलाई देखाइ दियो। जा. अ क. IV. पृ. २३१ : रुरुमिगजातकं, नं. ४८२

(५) क्षेमा— यिनी पनि जातककालीन एक राजाकी महिषी थिइन। अरू कुरा जम्मै नं. ३ को जस्तै हो। जा.अ.क.V.पृ. ४३: महामोरजातकं, नं. ४९१

(६) क्षेमा— यिनी पनि जातककालीन वाराणशी राजाकी एक महिषी थिइन्। त्यस बखत क्षेमा महारानीले काञ्चनवर्ण एक मृगलाई स्वप्नमा देखिन्। त्यस बखत बोधिसत्व काञ्चनवर्ण मृग जातीमा जन्मी आफ्ना अन्धा भएका आमा बाबुहरूका सेवा गरिरहेका थिए। क्षेमा महारानीको स्वप्न बमोजिम सोही मृग समात्न सिकारी जङ्गलमा गयो। जा. अ. क. V. पृ. १०३: रोहन्तमिगजातकं, नं. ५०१

Downloaded from http://www.dhamma.digital

(७) क्षेमा— यिनी, जातककालीन संयम भन्ने वाराणशी राजाकी महिषी थिइन् । त्यस समय बोधिसत्व धृतराष्ट्र सुवर्णहंस भएर जन्मेका थिए । क्षेमा महारानीले सो हंसको मुखबाट धर्मोपदेश सुनेको स्वप्न देखी त्यस्तो हंस खोज्न पठाइन् । जा. अ. क. VI. पृ. २०१ : महाहंसजातकं, न. ५३४

(८) क्षेमा— यो एक नदीको नाम हो । जा. अ. क. VI. पृ. ७५: नलिनीकाजातकं, नं. ५२६ मा यस नदीको नाम समुल्लेख भएको पाइन्छ ।

(९) क्षेमा स्थविरा (= खेमाथेरी)—यिनी, बुद्धका अग्रश्राविका भिक्षुणीहरूमध्ये प्रथम अग्रश्राविका हुन् । यिनी प्रज्ञावती भिक्षुणीहरूमध्ये अग्र पनि छिन् । यिनकं कुरा यसमा समुल्लेख भएको छ । यिनी मद्रदेशका मद्रराजाकी छोरी हुन् । यिनको जन्म मद्रदेशको शागल नगरमा भएको थियो । पछि मगधदेशका बिम्बिसार राजाकी महिषी पनि भएकी थिइन् ।

(१०) क्षेमा सूत्र (= खेमा सुत्तं)—यो सूत्र सं. नि. III. पृ. ३०१ मा समुल्लेख भएको छ ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

१–प्रसेनजित् कोशलराजासँग

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतबनाराममा बस्नु भएको थियो[१] ।

त्यस बखत क्षेमा भिक्षुणी कोशल प्रदेशमा चारिकागर्दै श्रावस्ती र साकेत[२] बीचको तोरणवस्तु भन्ने गाउँमा बास बसेकी थिइन् ।

एक दिन, प्रसेनजित् कोशलराजा साकेतबाट श्रावस्ती गइरहेको बेलामा साकेत र श्रावस्तीको बीच तोरणवस्तु भन्ने गाउँमा एक रात बास बसे । त्यसबेला प्रसेनजित् कोशलराजाले एक पुरुषलाई आमन्त्रणगरी भने—

"अम्भो पुरुष ! यता आऊ, तिमी तोरणवस्तुमा घुमी कुनै श्रमण वा ब्राह्मणछन् कि भनी बुझ, जोसँग आज म सत्संगतगर्न सकूँ ।"

---

१. सं. नि. III. पृ. ३२१ : खेमासुत्तं, अ. क. III. पृ. १०६

२. वर्तमान भारतको अयोध्या । G. D. पृ. १७४

Downloaded from http://www.dhamma.digital

"हवस्, देव" भनी प्रसेनजित् राजालाई प्रत्युत्तर दिई सो पुरुषले त्यारा तोरणवस्तु घुम्दा पनि त्यस्ता कुनै श्रमण वा ब्राह्मणलाई देखेन जोसँग राजा प्रसेनजित् कोशलले सत्संगत गर्न सकुन् । उसले क्षेमा भिक्षुणीलाई तोरणवस्तुमा बास बसिरहेको देख्यो । अनि जहाँ राजा प्रसेनजित् कोशल थिए त्यहाँ गयो; त्यहाँ पुगेपछि राजा प्रसेनजित् कोशललाई यस्तो बिन्ति गऱ्यो—

"हे देव ! तोरणवस्तुमा त्यस्ता कुनै श्रमण वा ब्राह्मण छैनन् जोसँग देवले सत्संगत गर्न सक्नु हुन्छ । देव ! तर क्षेमा भन्ने एक भिक्षुणी छन् जो भगवान् अरहत् सम्यक् सम्बुद्धका श्राविका हुन् । तो आर्याको यस्तो कल्याणकीर्ति शब्द फैलिएको छ— 'पण्डित्नी, व्यक्ता, मेधाविनी, बहुश्रुता, चित्रकथिका तथा कल्याण भाषिणी ।' उनकै सत्संगत गर्नुहोस ।"

अनि राजा प्रसेनजित् कोशल जहाँ क्षेमा भिक्षुणी हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि क्षेमा भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका राजा प्रसेनजित् कोशलले क्षेमा भिक्षुणीलाई यस्तो भने—

मरणपछि तथागत हुन्छ के ?

(अ) "हे आर्या ! मरणपछि तथागत हुन्छ के ?"

"महाराज ! भगवान्ले 'मरण पछि तथागत हुन्छ' भन्ने कुरा बताउनु भएको छैन (= अव्याकतं) ।

Downloaded from http://www.dhamma.digital

(आ) "हे आर्या ! के त, मरणपछि तथागत हुन्न त ?"

"महाराज ! भगवान्‌ले 'मरणपछि तथागत हुन्न' भन्ने कुरा पनि बताउनु भएको छैन ।"

(इ) "हे आर्या ! के त, मरणपछि तथागत हुन्छ पनि हुन्न पनि ?"

"महाराज ! भगवान्‌ले 'मरणपछि तथागत हुन्छ पनि हुन्न पनि' भन्ने कुरा पनि बताउनु भएको छैन ।"

(ई) "हे आर्या ! के त, मरणपछि तथागत न त हुन्छ, न त हुन्न त ?"

"महाराज ! भगवान्‌ले 'मरणपछि तथागत न त हुन्छ, न त हुन्न' भन्ने कुरा पनि बताउनु भएको छैन ।"

"हे आर्या ! किन नि ? 'मरणपछि तथागत हुन्छ के' ? भनी सोध्दा 'महाराज ! भगवान्‌ले मरणपछि तथागत हुन्छ भन्ने कुरा बताउनु भएको छैन' भनी (तपाइ) भन्नु हुन्छ । 'हे आर्या ! के त, मरणपछि तथागत हुन्न त ?' भनी सोध्दा 'महाराज ! भगवान्‌ले मरण पछि तथागत हुन्न भन्ने कुरा पनि बताउनु भएको छैन' भनी (तपाइ) भन्नु हुन्छ । 'हे आर्या ! के त, मरणपछि तथागत हुन्छ पनि हुन्न पनि ?' भनी सोध्दा 'महाराज ! भगवान्‌ले मरणपछि तथागत हुन्छ पनि हुन्न पनि भन्ने कुरा पनि भन्नु भएको छैन' भनी (तपाइ) भन्नु

Downloaded from http://www.dhamma.digital

हुन्छ । 'हे आर्या ! के त, मरणपछि तथागत न त हुन्छ, न त हुन्न त ?' भनी सोध्दा 'महाराज ! भगवान्ले मरणपछि तथागत न त हुन्छ, न त हुन्न भन्ने कुरा पनि भन्नु भएको छैन' भनी (तपाइ) भन्नु हुन्छ । हे आर्या ! त्यसो भए, भगवान्ले तो कुराहरू न बताउनाको के हेतु हो त ? के प्रत्यय हो त ?"

"महाराज ! त्यसोभए, तपाइसँगै सोध्ने छु । जस्तो तपाइलाई लाग्नेछ त्यस्तै त्यो कुरा भन्नुहोस् । महाराज ! के भन्नु हुन्छ नि, के तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ (= हातमा गिन्ती गर्न जान्ने) अथवा संख्याज्ञ छ ? जसले गङ्गाको बालुवालाई यति छ, यति शय छ, यति हजार छ अथवा यति लाख छ भनी गिन्ती गर्न सकोस् ?"

"हे आर्या ! छैन ।"

"महाराज ! त्यसोभए, तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले महासमुद्रको पानी यति छ, यति पाथी छ, यति शय पाथी छ । यति हजार पाथी छ अथवा यति लाख पाथी छ भनी नाप्न सकोस् ।"

"हे आर्या ! छैन ।"

"त्यसो किन नि ?"

"हे आर्या ! समुद्र महान् छ, गम्भीर छ, अप्रमेय छ तथा दुष्परिग्राह्य (=अन्तलिन गहारो) छ ।"

(१) "महाराज ! त्यस्तैगरी, जुन रूपद्वारा तथागतलाई

Downloaded from http://www.dhamma.digital

प्रज्ञापन गरिने हो सो रूप तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइ-सक्यो, छेदन गरेको तालवृक्ष झैं असम्भाव्य भई पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत रूप-सङ्ख्या (=संज्ञा) बाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। त्यसैले 'मरणपछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; 'मरणपछि तथागत हुन्न' भन्न पनि मिल्दैन; 'मरणपछि तथागत हुन्छ पनि हुन्न पनि' भन्न पनि मिल्दैन; 'मरणपछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।

(२) "महाराज ! जुन वेदनाद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो वेदना तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो, ...पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत वेदना-संख्याबाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। त्यसैले 'मरणपछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; ... 'मरणपछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।

(३) "महाराज ! जुन संज्ञाद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो संज्ञा तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो,...पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत संज्ञा-संख्याबाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। त्यसैले 'मरणपछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; ... 'मरणपछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।

(४) "महाराज ! जुन संस्कारद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो संस्कार तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो,

Downloaded from http://www.dhamma.digital

...पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत संस्कार-संख्याबाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। त्यसैले 'मरणपछि तथागत हुन्छ, भन्न पनि मिल्दैन; ... 'मरणपछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।

(५) "महाराज ! जुन विज्ञानद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो विज्ञान तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो, ...पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत विज्ञान-संख्याबाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। त्यसैले 'मरणपछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; 'मरणपछि तथागत हुन्न' भन्न पनि मिल्दैन; 'मरणपछि तथागत हुन्छ पनि हुन्न पनि' भन्न पनि मिल्दैन; 'मरण पछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।"

त्यस पछि प्रसेनजित् कोशल राजा, क्षेमा भिक्षुणीको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी क्षेमा भिक्षुणीलाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए।

कोशल राजा बुद्धकहाँ

अनि एक दिन, प्रसेनजित् कोशल राजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका राजा प्रसेनजित् कोशलले भगवान्लाई यस्तो विन्तिगरे—

(अ) "भन्ते ! मरण पछि तथागत हुन्छ कि ?"

Downloaded from http://www.dhamma.digital

"महाराज ! 'मरण पछि तथागत हुन्छ' भन्ने कुरा मैले बताएको छैन (=अव्याकतं)।"

(आ) "भन्ते ! के त, मरण पछि तथागत हुन्न त ?"

"महाराज ! मरण पछि तथागत हुन्न' भन्ने कुरा पनि मैले बताएको छैन।"

(इ) "भन्ते ! के त, मरणपछि तथागत हुन्छ पनि हुन्न पनि ?"

"महाराज ! 'मरण पछि तथागत हुन्छ पनि हुन्न पनि' भन्ने कुरा पनि मैले बताएको छैन।"

(ई) "भन्ते ! के त, मरण पछि तथागत न त हुन्छ, न त हुन्न त ?"

"महाराज ! 'मरण पछि तथागत न त हुन्छ, न त हुन्न' भन्ने कुरा पनि मैले बताएको छैन (=अव्याकतं)।"

"भन्ते ! किन नि ? 'मरण पछि तथागत हुन्छ के ?" भनी सोध्दा 'महाराज ! मरण पछि तथागत हुन्छ भन्ने कुरा मैले बताएको छैन' भनी (तपाइ) भन्नु हुन्छ। 'भन्ते ! के त, मरण पछि तथागत हुन्न त ?' भनी सोध्दा 'महाराज ! मरण पछि तथागत हुन्न भन्ने कुरा पनि मैले बताएको छैन' भनी (तपाइ) भन्नु हुन्छ। 'भन्ते ! के त, मरण पछि तथागत हुन्छ पनि हुन्न पनि ?' भनी सोध्दा 'महाराज ! मरण पछि तथागत हुन्छ पनि हुन्न पनि' भन्ने कुरा पनि मैले बताएको

Downloaded from http://www.dhamma.digital

छैन' भनी (तपाइ) भन्नु हुन्छ । 'भन्ते ! के त, मरण पछि तथागत न त हुन्छ, न त हुन्न त ?' भनी सोध्दा 'महाराज ! मरण पछि तथागत न त हुन्छ, न त हुन्न भन्ने कुरा पनि मैले बताएको छैन' भनी (तपाइ) भन्नु हुन्छ । भन्ते ! त्यसोभए, भगवान्‌ले तो कुराहरू न बताउनाको के हेतु हो ? के प्रत्यय हो त ?"

"महाराज ! त्यसोभए, तपाइसँग सोध्ने छु । जस्तो तपाइलाई लाग्ने छ त्यस्तै त्यो कुरा भन्नुहोस् । महाराज ! के भन्नु हुन्छ नि, के तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ (=हातमा गिन्ती गर्न जान्ने) अथवा संख्याज्ञ छ ? जसले गङ्गाको बालुवालाई यति छ, यति शय छ, यति हजार छ अथवा यति लाख छ भनी गिन्तीगर्न सकोस् ।"

"भन्ते ! छैन ।"

"महाराज ! त्यसोभए, तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले महासमुद्रको पानी यति छ, यति पाथी छ, यति शय पाथी छ, यति हजार पाथी छ अथवा यति लाख पाथी छ भनी नाप्न सकोस् ।"

"भन्ते ! छैन ।"

"त्यसो किन नि ?"

"भन्ते ! समुद्र महान छ, गम्भीर छ, अप्रमेय छ तथा दुष्परिग्राह्य (=अन्तलिन गहारो) छ ।"

Downloaded from http://www.dhamma.digital

"महाराज ! त्यस्तैगरी, (१) जुन रूपद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो रूप तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो, छेदन गरेको तालवृक्ष झैं असम्भाव्यभई पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत रूपसंख्या (=संज्ञा) बाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य छ। त्यसैले 'मरण पछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; 'मरण पछि तथागत हुन्न' भन्न पनि मिल्दैन; 'मरण पछि तथागत हुन्छ पनि हुन्न पनि' भन्न पनि मिल्दैन; 'मरण पछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन। (२) जुन वेदनाद्वारा तथागतलाई प्रज्ञापन गरिने हो··· (३) जुन संज्ञाद्वारा तथागतलाई प्रज्ञापन गरिने हो ... (४) जुन संस्कारद्वारा तथागतलाई प्रज्ञापन गरिने हो.... (५) जुन विज्ञानद्वारा तथागतलाई प्रज्ञापन गरिने हो सो विज्ञान तथागतको प्रहीण भइसक्यो,...पुनः उत्पन्न नहुने भइसक्यो। महाराज ! तथागत विज्ञान संख्याबाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य छ। त्यसैले 'मरण पछि तथागत हुन्छ' भन्न पनि मिल्दैन; ...'मरण पछि तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन।"

"आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते !! जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्रपदमा — अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मेल खान्छ तथा परस्पर विरोध छैन।

"भन्ते ! एक समय, क्षेमा भिक्षुणीकहाँ गई मैले यीनै कुराहरू सोधेको थिएँ। तो आर्याले पनि यीनै पदहरूद्वारा, यीनै व्यञ्जनहरूद्वारा यीनै अर्थहरू प्रकाश गर्नु भएको थियो। जस्तो अहिले भगवान्ले

Downloaded from http://www.dhamma.digital

प्रकाश गर्नुभयो । आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते !! जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्रपदमा—अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मेल खान्छ, समान छ तथा परस्पर विरोध छैन । भन्ते ! हवस् त, अब हामी जान्छौं । हामीहरूको धेरै काम छ, धेरै गर्नुपर्ने छ ।"

"महाराज ! जस्तो उचित सम्झनु हुन्छ ।"

अनि राजा प्रसेनजित् कोशल भगवान्‌को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

२–अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खुनीनं महापञ्ञानं यदिदं खेमा[1]।"

अर्थ–

"भिक्षुहो ! मेरा महाप्रज्ञावान्[2] श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा (खेमा) अग्र छिन्।"

× × ×

१ अं. नि-१ पृ. २५ : एतदग्गवग्गो, अ. क. I. पृ. १७८

२. महाप्रज्ञावान् भनी कस्तालाई भन्छन् भन्ने बारेको कुरा माथि पृ. १६८ को पादटिप्पणीमा हेर्नू।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—क्षेमा स्थविरापदान

अतीतकथा

१— "[1]शतसहस्र कल्प अघि सबै धर्ममा चक्षुहुने पदुमोत्तर (=पदुमुत्तर) भन्ने जिन उत्पन्न हुनुभयो[2]।

२— "त्यस बखत म, हंसवती नगरको नाना रत्नादि भरिपूर्ण भएको एक कुलगृहमा जन्मेको थिएँ।

३— "एक दिन, महावीर (=बुद्ध) कहाँ धर्मोपदेश सुनी अत्यन्त प्रसन्न भएर म वहाँकै शरणमा गएँ।

४— "आमा बाबुको स्वीकृति लिई मैले श्रावक सहित वहाँलाई एक सातासम्म भोजन गराएँ।

---

१. थेरी. अप, दा. पा पृ. २१६ : खेमाथेरीअपदानं।

२. "पदुमुत्तरो नाम जिनो, सब्बधम्मेसु चक्खुमा।
इतो सतसहस्सम्हि, कप्पे उप्पज्जि नायको॥" थेरी. अप. दा. पा. पृ. २१६

Downloaded from http://www.dhamma.digital

५– "सप्ताह बिते पछि वहाँले महाप्राज्ञाहुनेहरूमध्येमा श्रेष्ठ हुने एक भिक्षुणीलाई अग्रपदमा राख्नु भयो ।

६– "त्यो देखेर प्रमुदित भई मैले पनि सोही स्थानकोनिमित्त अधिकारपूर्वक प्रणिधान गरें ।

७– "अनि पद्मोत्तर बुद्धले मेरो अधिकारपूर्ण प्रणिधान सफल हुनेछ भन्नु हुँदै यसरी भविष्यवाणी गर्नु भयो—

८-९– 'एकलाख कल्पपछि ओक्काककुलोत्पन्न गौतम गोत्रमा एक शास्ता उत्पन्न हुनु हुनेछ; वहाँको धर्मदायाद प्राप्तगरी एतदग्र प्राप्त क्षेमा भन्ने भिक्षुणी हुनेछ्यौ ।'

१०– "त्यस सु-कृत्यकर्मद्वारा र त्यस प्रणिधि-चेतनाको प्रभाव-द्वारा मनुष्यदेह त्यागगरी त्रयस्त्रिंश लोकमा पुगें ।

११-१२– "त्यहाँबाट यामालोकमा, त्यहाँबाट तुषितलोकमा, त्यहाँबाट निर्माणरति लोकमा र त्यहाँबाट पनि वशवर्त्ति लोकमा उत्पन्न भएँ । त्यस कर्मको वेगले जहाँ जहाँ जन्मिएँ त्यहाँ त्यहाँका राजाहरूका महिषीत्व प्राप्तगरें ।

१३– "त्यहाँबाट च्युत भई चक्रवर्ती तथा मण्डलीहरूका महि-षीत्व प्राप्त गरें ।

१४– "देव-मनुष्यलोकहरूमा सम्पत्तिहरू भोग गर्दै सबै ठाउँमा सुखी भई संसारमा विचरण गरें ।

Downloaded from http://www.dhamma.digital

विपश्वी बुद्ध

१५– "एकान्नब्बे कल्पमा सबै धर्महरूलाई राम्ररी देख्ने विपश्वी (=विपस्सी बुद्ध) लोकनायक उत्पन्न हुनु भयो।

१६– "वहाँ लोकनायकको धर्मोपदेश सुनी अनगारिका भई म प्रव्रजित भएँ।

१७– "दशहजार वर्षसम्म वहाँको शासनमा युक्तयोगी तथा वहुश्रुता भई ब्रह्मचर्य पालन गरें।

१८– "प्रत्ययाकार कुशला, चतुसत्य विशारदा, निपुणा तथा चित्रकथिका भई शास्ताको धर्म पालन गरें।

१९– "त्यहाँबाट च्युत भई यशश्वी भई तुषितलोकमा उत्पन्न भएँ; ब्रह्मचर्यको फलले गर्दा त्यहाँ सबै माथि मैले प्रभुत्व जमाएकी थिएँ।

२० "जहाँ जहाँ जन्मिएँ त्यहाँ त्यहाँ म महाभोगी, महाधनी, मेधाविनी तथा शीलवती थिएँ; मेरो परिषद् पनि सुविनीत थियो।

२१– "जिन-शासनमा योग गरेको हुँदा, त्यस कर्मकोफलद्वारा मलाई मनपर्ने सबै सम्पत्तिहरू सुलभ थिए।

२२– "सोही प्रतिपत्तिको कारणले गर्दा संसारमा जति मेरा

Downloaded from http://www.dhamma.digital

पतिहरू भए तौ सबैले मलाई कुनै अपमान गरेनन्[1]।

भद्रकल्पमा

२३– "यस भद्रकल्पमा महायश तथा ब्रह्मबन्धु हुनु भएका कोणागमन भन्ने बुद्ध उत्पन्न हुनु भयो[2]"।

२४-२५– "त्यस समय वाराणशीवासी एक समृद्ध कुलकी धनञ्जानी, सुमेधा र म समेत तीन छोरीहरू थियौं। हामी तीन जनाले सङ्घाराम दान दियौं, सङ्घको उद्देश्यगरी विहार पनि बनाइ दियौं।

२६– "त्यहाँबाट च्युत भई हामी सबै त्रयस्त्रिंश भवनमा पुग्यौं र यशहारा अग्र भयौं, मनुष्यलोकमा पनि त्यस्तै भयौं।

२७– "यस भद्रकल्पमा महायश प्राप्त, ब्रह्मबन्धु हुनु भएका काश्यप बुद्ध, काश्यप भन्ने गोत्रमा जन्मिनु भयो।

---

१. "यो पि मे भवते भत्ता, यत्थ यत्थ गताय पि।
विमानेति न मं कोचि, पटिपत्तिबलेन मे॥" थेरी. अप. दा. पा पृ २१७

२. "इमम्हि भद्दके कप्पे, ब्रह्मबन्धु महायसो।
नामेन कोणागमनो, उप्पज्जि वदतं वरो॥" थेरी. अप. दा. पा. पृ. २१७

Downloaded from http://www.dhamma.digital

२८-२९– "त्यस बखत वाराणशीवासी किकी[1] नामक राजा महर्षी बुद्धको उपस्थाक थिए। म श्रमणी (समणी) नामकी जेठी छोरी भएकी थिएँ र बुद्धको धर्मोपदेश सुनेपछि म प्रव्रजित हुन चाहेकी थिएँ।

३०– "तर हाम्रा पिताले हामीलाई अनुमति दिनु भएन र हामी सबै बीसहजार वर्षसम्म अप्रमादिनी भई घरमै बस्यौं।

३१-३२– "अनि श्रमणी (समणी), श्रमणगुप्ता (समण-गुत्ता), भिक्षुणी (भिक्खुनी), भिक्षुदायिका (भिक्खुदायिका) वा भिक्षुदाशी, धर्मा (धम्मा), सुधर्मा (सुधम्मा) र सङ्घ-दायिका वा सङ्घदाशी भन्ने हामी सात दिदी-बहिनी राजकन्याहरूले— बीसहजार वर्षसम्म कौमारी ब्रह्मचर्य पालन गरी सुखपूर्वक प्रमुदित भएर निरन्तर बुद्धको उपस्थान गर्‍यौं।

३३– "(ती सात बहिनीहरू अहिले)—म र उत्पलवर्णा (उप्पलवण्णा), पटाचारा, कुण्डला, कृशागौतमी (किसा गोतमी), धर्मदिन्ना (धम्मदिन्ना) तथा सातौं विशाखा (उपासिका) हुन्।

---

१. 'किकी' राजा सम्बन्धी केही कुराहरू म. नि. II पृ. २७५ : घटिकारसुत्तंमा समुल्लेख भएको पाइन्छ। दी. नि. II, पृ. ८: महापदानसुत्तंमा; जा. अ. क. भाग-७ पृ. ४२२ : वेस्सन्तर-जातकमा तथा बु. वं. पा. पृ. ३७८ : कस्सपबुद्धवंसोमा पनि समुल्लेख भएका पाइन्छन्।

Downloaded from http://www.dhamma.digital

३४– "वहाँ नरादित्य बुद्धले कहीले अदभूत धर्म, कहीले महा-निदानसूत्रहरू देशना गर्नु हुन्थ्यो र त्यसलाई म अध्ययन गर्थें।

३५– "त्यही सु-कृत्य-कर्मको र प्रणिधि-चेतनाको फलले मनुष्य देह छाडी म त्रयस्त्रिंश भवनमा पुगें।

वर्तमान कथा

३६– "यो मेरो अन्तिम जन्ममा म शागल[१] वा साकल भन्ने नगरका मद्रदेशको राजाकी छोरी भएँ।

३७– "मेरो जन्मको साथ साथै त्यस नगरमा भय दूर भएको थियो र सोही गुण अनुसार मेरो नाम 'क्षेमा' रहन गएको हो।

३८– "जब म रूपलावण्यताले युक्त भई युवती भएँ, तब मेरा पिताले मलाई राजा बिम्बिसारलाई दिए[२]।

३९– "म उनकी प्रिया थिएँ, म रूपमा मात्र मन लगाउँथें; 'रूपको मात्र दोष भन्ने' भन्ने विचारले म महादयालु बुद्धकहाँ गइन।

---

१. 'शागल नगर' हाल भारतमा पन्जाबको 'श्यालकोट' हो भनी ठहऱ्याइएको छ। यस बारेमा अरू कुरा लेखकको बु. रा. पृ. ३ मा हेर्नू।

२. "यदाहं योब्बनं पत्ता, रूपलावञ्ञ भूसिता।
तदा अदासि मं तातो, बिम्बिसारस्स राजिनो॥" थेरी. अप. दा. पा. पृ. २१८

Downloaded from http://www.dhamma.digital

४०– "अनि बिम्बिसार राजाले - म प्रतिको अनुग्रहबुद्धि-द्वारा, गायकहरू लगाई वेणुवनको बयान सुनाए ।

४१– "रम्य वेणुवन र सुगतालय नदेखेनेले नन्दन-वन देखें भनी भन्न सक्दैन भन्ने हाम्रो धारणा हो[१] ।

४२– "जसले नरनन्दन-नन्द हुने वेणुवन देख्ने छ उसले अमरिन्द-सुनन्द-नन्दन वनलाई राम्रैसँग देखेको हुनेछ ।

४३– "नन्दन वनबाट देवताहरू यो पृथ्वीमा आई वेणुवन देखेर शीतल अनुभव गरी आश्चर्यित हुन्छन् ।

४४– 'राजाको पुण्यानुभावद्वारा उत्पन्न तथा बुद्धको पुण्यानुभावद्वारा विभूषित वेणुवनको बयान कसले निश्शेष रूपले बताउन सक्ला र ।

४५– "सुसमृद्ध वेणुवनको बयान सुनी मेरा कान आनन्दित भए; अनि सो उद्यान हेर्ने इच्छा गरी मैले राजासँग विन्ति गरें[२] ।

---

१. "रम्मं वेलुवनं येन, न दिट्ठं सुगतालयं ।
न तेन नन्दन दिट्ठं, इतिमञ्ञामसे मयं ।।" थेरी. अप. दा. पा. पृ. २१९

२. "तं सुत्वा वनसम्पत्तिं, मम सोतमनोहरं ।
दट्ठुकामा तमुय्यानं, रञ्ञो आरोचयिं तदा ।।" थेरी. अप. दा. पा. पृ. २१९

Downloaded from http://www.dhamma.digital

४६– "त्यस पछि उद्यान हेर्ने उत्सुक्ता भएको मलाई सो महीपतिले महत् परिवारका साथ त्यहाँ पठाए[1] ।

४७– "हे महाभाग्यवती ! जाऊ, नेत्ररसायन भएको सर्व श्री द्वारा शोभायमान भएको तथा सुगतालयद्वारा प्रकाशमान भएको त्यो उद्यान हेर्न जाऊ[2] ।

बुद्ध-दर्शन

४८– "अनि म मुनि हुनु भएका भगवान् बुद्ध—गिरीव्रजको उत्तम नगरमा भिक्षाटन् जानु भएको बेलामा वेणुवन हेर्न त्यहाँ गएँ ।

४९-५१– "त्यस बखत मैले—प्रफुल्लित भएका अनेक भमर-हरूले शब्द गरिरहेका, कोकिलहरूको गीत-स्वरको बीचमा मयूर-गणहरू नाचिरहेका, अल्पशब्द र अनाकीर्ण भएका, अनेक चंक्रमण-हरूद्वारा विभूषित भएका, कुटी र मण्डपाविद्वारा सुसज्जित भएका तथा योगीवर विराजमान भएको वेणुवनमा विचरण गर्दा मेरो नेत्र नै पवित्र भयो । त्यस्तो वनमा तरुण भिक्षुहरूलाई देखेर मलाई यस्तो लाग्यो–

---

१. "महता परिवारेन, तदा च सो महीपति ।
मं पेसेसि तमुय्यानं, दस्सनाय समुस्सुकं ।।" थेरी. अप. दा. पा. पृ. २१९

२. "गच्छ पस्स महाभोगे, वनं नेत्तरसायनं ।
यं सदा भाति सिरिया, सुगताभानुरञ्जितं ।।" थेरी. अप. दा. पा. पृ. २१९

Downloaded from http://www.dhamma.digital

५२-५४– 'यस्तो रमणीय वनमा बस्ने यी नवयुवक भिक्षुहरू वसन्त समान सुन्दर रूपले युक्त छन्। शीर मुण्डन भएका, संघाटि पारुपन गरेका तथा विषय-रतिलाई त्यागी यी भिक्षुहरू रुखमनी बसी ध्यानमा बसिरहेका छन्। गृहस्थीले पहिले यथासुख काम विषय भोग गरी पछि बुढो भएपछि पो यस्तो सुभद्र-धर्मको पालन गर्नु पर्छ[1]।'

५५– "एकान्त तथा शून्य संझी, सुगन्धयुक्त जिनालय गृहमा गई, उदाइरहेका भास्कर जस्तै हुनु भएका जिनलाई देखें।

५६– "त्यहाँ, पंखा हल्किरहेकी, एक अत्यन्त सुन्दरी स्त्रीलाई देखी मलाई यस्तो लाग्यो— 'यी नरासभ (=बुद्ध) रूक्ष त हुँदा रहेनछन्'।

५७-५९– "सुवर्णाभास भएकी, पद्मसमान नेत्र भएकी, चन्द्र-मण्डल समान ओठ भएकी, दर्शनीय केश भएकी, मनो-नेत्र-रसायन भएकी, सुवर्णवर्ण मुख भएकी, कलशाकार स्तन भएकी, पुष्ट नितम्ब भएकी, केराको थाम जस्तै राम्रो तिघ्राले भूषित भएकी, रक्तांश-कूपमा नीला वस्त्र पहिरिएकी, हेर्नेको दील शीतलपार्ने रूपले युक्त

---

१ 'इदिसे पि वने रम्मे, ठितोयं नवयोब्बने।
वसन्तमिव कन्तेन, रूपेन च समन्वितो॥
निसिन्नो रुक्ख मूलम्हि, मुण्डो सङ्घाटि पारुतो।
झायते वतयं भिक्खु, हित्वा विसजं रतिं॥
ननु नाम गहट्ठेन, कामं भुत्वा यथासुखं।
पच्छा जिण्णेन धम्मोयं, चरितब्बो सुभद्दको॥" थेरी. अप. दा. पा. पृ. २२०

Downloaded from http://www.dhamma.digital

भएकी तथा मन्दहास्य स्वभावकी ती सुन्दरी कन्यालाई देखेर मेरो मनमा यस्तो लाग्यो— "अहो ! यस्ती अभिरूपिणी स्त्रीलाई यो आँखाले मैले अघि कहीलै पनि देखेकी थिइन' ।

६०-६२— "त्यस पछि उ, जराभिभूत भई, दाँत फुक्लिई, कपाल फुली तथा लाली चढेको चेहरा कुरूपभई; बहिरीभई, सेता आँखा भएको, स्तन झोलिएकी, सर्वाङ्ग चाउरी परी, कुप्रिई, लट्ठी विना उभिन पनि नसक्ने भई, करङ् जम्मै देखिने गरी, अस्थिपञ्जर मात्र बाँकी भएकी थर थर काँप्दै त्यहीं नै लडी बारम्बार लामो सास फेर्न थाली ।

६३— "यो दृश्य देखेर मलाई बडो विरक्त लाग्यो र अद्भूत ढङ्गले मेरो शरीर रोमाञ्चित भयो— 'धिक्कार रहेछ यो शरीरलाई ! जहाँ कि बल्छीमा अल्झे जस्तैगरी मानिसहरू रूपमा रमण गर्छन् !'

६४— "त्यस बखत महाकारुणिक सुगतले मेरो चित्त विरक्त भएको बुझ्नुभई यस्तो गाथा सुनाउनु भयो—

६५— "हे क्षेमे ! बालमूर्खहरू अभिनन्दन हुने, आतुर परेको, माथिबाट पनि तलबाट पनि बगिरहेको असूचिपूर्ण यो शरीरलाई हेर !

६६-६९— "एकाग्र सुसमाहित चित्त गरी, अशुभमा[1] चित्त लगाई, कायमा स्मृति राखी, विरक्त भावलाई बढाऊ; जस्तो यो हो

---

१. यहाँ 'अशुभ' भनेको कुनै पनि रूपलाई रञ्जित हुने चित्तले 'राम्रो सुन्दर' भनी नहेर्नु हो । विशेष गरी स्त्रीले पुरुष-

Downloaded from http://www.dhamma.digital

रूपलाई र पुरुषले स्त्री-रूपलाई रञ्जित हुने गरी 'राम्रो, सुन्दर' भनी मनले नलिनु भन्ने अर्थलाई 'अशुभ' भनिएको हो। कुनै पनि विपक्षरूप देखेता पनि राग-रञ्जित नहुने गरी चित्तमा अभ्यास गरिराख्नु नै 'अशुभ-भावना' हो। यसैलाई 'अशुभ-संज्ञा' पनि भनिन्छ। यी अशुभ-भावना अथवा अशुभ-संज्ञालाई अभ्यास गर्ने तरिका दशप्रकारका छन्—

(१) उद्धुमातकसञ्ञा अर्थात् फुलेको मृतशरीरलाई हेर्ने अभ्यास, (२) विनीलकसञ्ञा अर्थात् नीलो नीलो भइसकेको मृतशरीरलाई हेर्ने अभ्यास, (३) विपुब्बकसञ्ञा अर्थात् पीप-हरू बगिरहेको मृतशरीरलाई हेर्ने अभ्यास, (४) विच्छिद्दक-सञ्ञा अर्थात् बीचमा दुइ टुक्रा परेको मृतशरीरलाई हेर्ने अभ्यास, (५) विक्खायितकसञ्ञा अर्थात् श्रोण-शृगालहरूले खाइराखेको मृतशरीरलाई हेर्ने अभ्यास, (६) विक्खित्तकसञ्ञा अर्थात् श्रोण-शृगालहरूले खाएर कहीं हात, कहीं खुट्टा इत्यादि विक्षिप्त परिरहेको मृतशरीरको भागहरूलाई हेर्ने अभ्यास, (७) हतविक्खित्तकसञ्ञा अर्थात् कौवाको खुट्टा जस्तोगरी शस्त्रले काटी यत्र-तत्र पर्याकिराखेको मृतशरीरलाई हेर्ने अभ्यास, (८) लोहितकसञ्ञा अर्थात् रगत बगिरहेको मृतशरीरलाई हेर्ने अभ्यास, (९) पुलवकसञ्ञा अर्थात् क्रीमि कीराहरूले भरिएको मृतशरीरलाई हेर्ने अभ्यास, अनि (१०) अट्ठिकसञ्ञा अर्थात् हाडैहाड मात्र बाँकी रहेको मृतशरीरलाई हेर्ने अभ्यास। यी

Downloaded from http://www.dhamma.digital

त्यस्तै त्यो हो, जस्तो त्यो हो त्यस्तै यो हो भनी भित्री र बाहिरी कायबाट छन्दराग हटाऊ; अनिमित्त[1] लाई पनि भाविता गर; मानानुशयलाई पनि त्याग र मानलाई अभिसम गरिसकेपछि उपशान्त भई बस्न सक्नेछयौ । स्वयंकृत माकुराको जालोमा झैं जो रागमा अनुरक्त हुन्छ उ जन्ममरणरूपी स्रोतमा पतन हुन्छ; त्यसो हुनाले यसलाई पनि छेदन गरी, अनपेक्षी भई काम सुखलाई छाड[2] ।'

ध्यानहरू गर्ने विधिको बारेमा सबै कुराहरू विसु म. पृ. १३१-१४५ : असुभकम्मट्ठाननिद्देसो-६ मा हेर्नू ।

१. 'अनिमित्त' को अर्थ हो कुनै चीजको पनि निमित्त अथवा संज्ञालाई मनमा नराख्नु । यो एउटा ध्यानको प्रकार हो । यस सम्बन्धमा सविस्तर कुराहरू पटि. म. पा. पृ. १०३-१०६ : आणत्तयनिद्देसमा समुल्लेख भएका छन् ।

२. "असुभाय चित्तं भावेहि, एकग्गं सुसमाहितं ।
सति कायगता त्यत्थु, निब्बिदा बहुलाभव ।।
यथा इदं तथा एतं, यथा एतं तथा इदं ।
अज्झत्तं च बहिद्धा च, काये छन्दं विराजय ।।
अनिमित्तं च भावेहि, मानानुसयमुज्जह ।
ततो मानाभिसमया, उपसन्ता चरिस्ससि ।।
ये रागरत्तानुपतन्ति सोतं, सयं कतं मक्कटको व जालं ।
एतं पि छेत्वान परिब्बजन्ति, अनपेक्खिनो कामसुखं पहाय ।।"
थेरी. अप. दा. पा. पृ. २२१

Downloaded from http://www.dhamma.digital

७०– "मेरो चित्त उपयुक्त भएको बुझ्नुभई नरसारथीले त्यस-पछि मलाई विनीत गर्न महानिदान[१] सूत्रको उपदेश गर्नुभयो।

७१– "श्रेष्ठ सूत्रको उपदेश सुनेपछि, पूर्व संज्ञाको पनि अनु-स्मरण भएपछि, त्यहीं बसेर नै मैले धर्मचक्षु विशुद्ध पारें[२]।

क्षमा प्रार्थना

७२– "त्यतिखेरै महर्षि बुद्धको पाद-कमलमा परी क्षमा मागी मैले यस्तो वचन प्रकट गरें[३] —

७३– 'तपाइ सर्वदर्शीलाई मेरो नमस्कार छ; तपाइ करुणाकर-लाई मेरो नमस्कार छ; संसारबाट उत्तीर्ण हुनु भएका तपाइलाई मेरो नमस्कार छ; अमृतदाता तपाइलाई मेरो नमस्कार छ[४]।

---

१. दी. नि. II. पृ. ४४ : महानिदानसुत्तं।

२. "सुत्वा सुत्तन्तसेट्ठं त, पुब्बसञ्ञ मनुस्सरिं।
तत्थठितावहं सन्ती, धम्मचक्खुं विसोधयिं।।" थेरी. अप. दा. पा. पृ. २२१

३. "निपतित्वा महेसिस्स, पादमूलम्हि तावदे।
अच्चयं देसनत्थाय, इदं वचनमब्रविं।।" थेरी. अप. दा. पा. पृ. २२१

४. "नमो ते सब्बदस्सावी, नमो ते करुणाकर।
नमो ते तिण्णसंसारं, नमो ते अमतंदद।।" थेरी. अप. दा. पा. पृ. २२१

Downloaded from http://www.dhamma.digital

७४– 'दृष्टिको फन्दामा परिरहेकी, काम-रागको कारणद्वारा मोहित भएकी मलाई तपाईले सम्यक् उपायद्वारा विनयमा विनीत पार्नु भयो ।

७५– 'भोगबाट विमुक्त हुनु भएका त्यस्ता महर्षिलाई देख्न न पाउँदा सत्वहरू संसार सागरमा महादुःख भोग गर्छन् ।

७६– 'लोकवासीका शरण हुनु भएका, संसार पार गर्नु भएका संसारको अन्तमा पुग्नु भएका तपाईलाई, अदूरदर्शीताको कारणले मैले तपाईको दर्शन गरेकी थिइन; त्यो मेरो अपराधलाई क्षमा गर्नुहोस्[१] ।

७७– 'हे वरदायी ! हितलाई अहित भनी आशंका गरी; रूपमा प्रमोहित हुने मैले तपाईको दर्शन गरेकी थिइन; त्यो मेरो अपराधलाई क्षमा गर्नुहोस[२] ।'

७८– "त्यस समय महाकारुणिक जिनले मधुरस्वर निकाली, अमृतद्वारा सिञ्चन गर्नु हुँदै मलाई — क्षेमे पख[३]' भनी भन्नु

---

१. "यदाहं लोकसरणं, अरणं अरणन्तगुं ।
नादसामि अदूरट्ठं, देसयामि तमच्चयं ॥" थेरी. अप. दा. पा. पृ. २२२

२. "महाहितं वरददं, अहितो ति विसङ्किता ।
नोपेसिं रूपनिरता, देसयामि तमच्चयं ॥" थेरी. अप. दा. पा. पृ. २२२

३. क्षेमा महारानीले आफ्नो अज्ञानतालाई महसुसगरी बुद्धसँग प्रव्रज्या मागेकी थिइन् । त्यसैले बुद्ध भगवान्ले 'पख, क्षेमे !' भनी भन्नु भएको हो ।

Downloaded from http://www.dhamma.digital

भयो[१] ।

७९– "अनि, वहाँलाई प्रणाम र प्रदक्षिणा गरी, नरपतिकहाँ गई यस्तो विन्ति गरें[२]—

८०-८१– 'हे शत्रुविजेता ! अहो, तपाइले कस्तो उपाय सोच्नु भएको ! वेगुवन देख्ने इच्छागर्दा निर्वाणदायी मुनिलाई दर्शनगरें । हे राजा ! तपाइ पनि रुचाउनु हुन्छ भने; वहाँ अचल बुद्धको शासनमा म प्रव्रजित हुन चाहन्छु; मुनिको वाणिद्वारा म रूपबाट विरक्त भइसकेकी छु[३] ।"

८२– "त्यस वखत, महीपतिले हातजोरी यसो भन्नुभयो—

---

१. "तदा मधुरनिग्घोसो, महाकारुणिको जिनो ।
अवोच 'तिट्ठ खेमे' ति, सिञ्चन्तो अमतेन मं ।।" थेरी. अप. दा. पा. पृ. २२२

२. "तदा पणम्य सिरसा, कत्वा च नं पदक्खिणं ।
गन्त्वा दिस्वा नरपतिं, इदं वचनमब्रवि ।।" थेरी. अप. दा. पा. पृ. २२२

३. "अहो सम्मा उपायो ते, चिन्तितो यमरिन्दम ।
वनदस्सनकामाय, दिट्ठो निब्बानदो मुनि ।।
यदि ते रुच्चते राजा, सासने तस्स तादिनो ।
पब्बज्जिस्सामि रूपेहं, निब्बिन्ना मुनिवाणिना ।।" थेरी. अप. दा. पा. पृ. २२२

Downloaded from http://www.dhamma.digital

'हे भद्रे ! तिमीलाई अनुमति दिन्छु, तिम्रो प्रव्रज्या साफल्य होस्[१] !'।

८३– "अनि, प्रव्रजित भएर आधा महीना हुँदा, बत्तीको उदय र भङ्गतालाई देखेर मेरो मनमा संवेग उत्पन्न भयो[२] ।

८४– "सबै संस्कारहरूबाट विरक्त भई, प्रत्ययाकारमा कोविदा भई, चार-ओघहरूबाट[३] उत्तीर्ण भई अरहत्व प्राप्त गरें[४] ।

८५– "ऋद्धि र दिव्यश्रोत मेरो वशमा छ; चेतोपरिय ज्ञान पनि मेरो वशमा छ ।

८६– "पूर्व जन्मका कुराहरू जान्दछु, दिव्य-चक्षु विशुद्ध छ; सबै आस्रवहरू परिक्षीण भए, अब उप्रान्त पुनर्जन्म पनि छैन ।

---

१. "अञ्जलिं पग्गहेत्वान, तदाह समहीपति ।
'अनुजानामि ते भद्दे, पब्बज्जा तव सिज्झतु' ।।" थेरी. अप. दा. पा. पृ. २२२

२. "पब्बजित्वा तदा चाहं, अद्धमासे उपट्ठिते ।
दीपोदयं च भेदं च, दिस्वा संविग्गमानसा ।।" थेरी. अप. दा. पा. पृ. २२२

३. 'ओघ' भनेको केहो भन्ने कुरा बु. प. पृ. ३९१ मा हेर्नू ।

४. "निब्बिन्ना सब्बसङ्खारे, पच्चयाकारकोविदा ।
चतुरोघे अतिक्कम्म, अरहत्तमपापुणि ।।" थेरी. अप. दा. पा. पृ. २२२

Downloaded from http://www.dhamma.digital

८७– "बुद्ध-शासनमा उत्पन्न भएछि—अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाणमा मेरो ज्ञान परिशुद्ध भयो।

८८– "विशुद्धिमा कुशल छु, कथावस्तुहरूमा[1] विशारद छु, अभिधर्म-नयलाई म जान्दछु अनि शासनमा पनि वशीप्राप्त छु।

८९– "अनि तोरणवस्तुमा राजा कोशलद्वारा सोधिएका निपुण प्रश्नहरूका उत्तरहरू यथार्थत व्याकरण गरें।

९०– "त्यस पछि राजाले सुगतकहाँ गई उही प्रश्नहरू सोधे; अनि बुद्धले पनि उस्तै उत्तर दिनुभयो जस्तो मैले व्याकरण गरेकी थिएँ।

९१– "त्यस कुरामा सन्तुष्ट भई नरोत्तम जिनले मलाई एतदग्र-पदमा राख्नु हुँदै— 'महाप्राज्ञाहुने भिक्षुणीहरू मध्येमा अग्रछिन्' भनी भन्नु भयो[2]।

९२– "मेरा सबै क्लेशहरू भस्म भइसकेका छन्, सबै भव-तृष्णा-हरू नाश भइसकेका छन्, बन्धन चुँडाली बस्ने नाग (=हात्ती) जस्तै अनास्रवी भई म विहार गरिरहेकी छु।

---

१. हेर अं. नि-३ पृ १८२: कथावत्थुसुत्तं, अ. क. I. पृ. ४२०; दी. नि. III. पृ. १७२ : सङ्गीतिसुत्तं, अ. क. II. पृ. ७३६

२. "जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं।
महापञ्ञानमग्गाति, भिक्खुनीनं नरुत्तमो।।" थेरी. अप. दा. पा. पृ. २२३

Downloaded from http://www.dhamma.digital

९३– "मेरो बुद्धको अगाडि मलाई स्वागत नै छ, तीन-विद्या प्राप्तगरी मैले बुद्ध शासन पूरा गरें।

९४– "चार-प्रतिसम्भिदा, आठ-विमोक्ष तथा छ-अभिज्ञानहरू समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु।"

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल पालि—

४—क्षेमा स्थविरा-गाथा

१— "दहरा त्व रूपवती, अहं पि दहरो युवा।
पञ्चङ्गिकेन तुरियेन, एहि खेमे रमामसे॥

२— "इमिना पूतिकायेन, आतुरेन पभङ्गुना।
अट्टियामि[१] हरायामि, कामतण्हा समूहता॥

३— "सत्तिसुलूपमा कामा, खन्धानं[२] अधिकुट्टका।
यं त्वं कामरतिं ब्रूसि, अरती[३] दानि सा मम[४]॥

४— 'सब्बत्थ विहता नन्दी,[५] तमोक्खन्धो पदालितो।
एवं जानाहि पापिम, विहतो त्वमसि अन्तका॥

---

१. स्याम र रोमनमाः 'अट्टियामि'।
२. बर्मी र स्याममाः 'खन्धासं'।
३. स्याम र रोमनमाः 'अरति'।
४. स्याम र रोमनमाः 'मम'।
५. सिंहल, स्याम तथा रोमनमाः 'नन्दि'।

Downloaded from http://www.dhamma.digital

५– "नक्खत्तानि नमस्सन्ता, अग्गिं परिचरं[1] वने।
यथाभुच्चमजानन्ता, बाला सुद्धिममञ्ञथ॥

६– "अहं च खो नमस्सन्ती, सम्बुद्धं पुरिसुत्तमं।
पमुत्ता[2] सब्बदुक्खेहि, सत्थुसासनकारिका' ति[3]॥"

अर्थ—

१– "हे क्षेमे! तिमी पनि तरुणी रूपवती छ्यौ, म पनि तरुण युवक छु; आऊ, पञ्चाङ्गिक तूर्यनाद गरी रमण गरौं।

२– 'यो दुर्गन्धयुक्त, आतुरयुक्त तथा प्रभंगुरयुक्त शरीर देखेर म आत्तिएको छु, हैरान भएको छु; मैले काम-तृष्णाहरूलाई नाश पारिसकेकी छु।

३– "यो काम वासना भनेको तीर तथा शूल जस्तै हो, काम वासनाकै कारणले स्कन्धयुक्त देह भेउभिन्न पनि हुन्छ; जो तिमी काम-रतिबारे बोल्दछौ अब त्यो मेरोनिमित्त अरति भइसक्यो।

४– "तृष्णारूपी सबै नन्दी (= भवसंसारको राग) लाई मारि-सकें, अंध्यारोपनलाई हटाइसकें— हे पापिम! हे अन्तक! यस्तो जान कि तिमी मारिइ सक्यौ।

---

१. सिंहलमाः 'परिचरि'।
२. सिंहल, स्याम तथा रोमनमाः 'परिमुत्ता'।
३. थेरी.गा. पा. पृ. ४२३: खेमाथेरीगाथा, अ. क. पृ. १००

Downloaded from http://www.dhamma.digital

५– "यथार्थतालाई न जानी बाल-मूर्खहरू 'शुद्धि' ठान्दै नक्षत्र-हरूलाई पूजागरी, जङ्गलमा बसी अग्निपरिचर्या गर्छन् ।

६– "म त पुरुषोत्तम हुनु भएका सम्बुद्धलाई नमस्कार गर्छु; सबै दुःखहरूबाट पनि मुक्त छु; शास्ताको धर्मलाई पनि पालन गर्ने भएकी छु ।"

Dhamma.Digital

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र

५—आयाचना

"भिक्षुहो ! श्रद्धालु भिक्षुणीले सम्यकरूपले आयाचना गर्ने हो भने यसरी आयाचना गर्नुपर्छ[1]—

'त्यस्ती हुन सकूँ, जस्तै क्षेमा (खेमा) भिक्षुणी र उत्पलवर्णा (उप्पलवण्णा) भिक्षुणीहरू छन् ।'

"भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा भिक्षुणी र उत्पलवर्णा[2] भिक्षुणीहरू नै प्रमाणकर तथा तुलादण्ड हुन् ।"

× × ×

---

१. अं. नि-२ पृ. ८१: आयाचनवग्गो, अ. क. I. पृ. ३३४; अं. नि-४ पृ. १७४: आयाचनसुत्तं ।

२. क्षेमा भिक्षुणी प्रज्ञाहुने भिक्षुणीहरूमध्येमा अग्र छिन् तथा उत्पलवर्णा भिक्षुणी ऋद्धिवती भिक्षुणीहरूमध्येमा अग्र छिन् । अं. अ. क. I. पृ. ३३४

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

६—मापदण्ड

यस्तो मैले सुने[1] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । त्यहाँ भिक्षुहरूलाई "भिक्षुहो !" भनी (भगवान्ले) आमन्त्रण गर्नुभयो । "भदन्त !" भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले भिक्षुहरूलाई यस्तो भन्नु भयो

"भिक्षुहो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ—जसले अनुत्तर योगक्षेम प्राप्तिकोनिमित्त बाधा पुऱ्याउँछ । भिक्षुहो ! त्यसो हुनाले तिमीहरूले—'उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई छाड्नेछौं र उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई चित्तमा लिई बस्ने छैनौं' भन्ने सिक्नु पर्छ ।

"भिक्षुहो ! श्रद्धालु एक पौत्रिका उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने—'हे आर्या ! तिमी

---

१. सं. नि. II. पृ. १९६: एकधीतुसुत्तं, अ. क. II. पृ. १५६

Downloaded from http://www.dhamma.digital

खुज्जुत्तरा उपासिका र वेलुकण्डकी[1] नन्दमाता जस्ती हुन सक !' भन्ने कामना गर्नु पर्छ । भिक्षुहो ! (किनभने) खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता नै मेरा श्राविका उपासिकाहरूमध्येमा मापदण्ड र प्रमाणकर हुन् । 'हे आर्या ! यदि तिमी घरबार छाडी अनगारिका भई प्रव्रजित हुन चाहन्छ्यौ भने— क्षेमा र उत्पलवर्णा भिक्षुणीहरू जस्तै तिमी हुन सक !' भन्ने कामना गर्नु पर्छ । भिक्षुहो ! (किनभने) क्षेमा र उत्पलवर्णा भिक्षुणीहरू नै मेरा श्राविका भिक्षुणीहरूमध्येमा मापदण्ड र प्रमाणकर हुन् । 'हे आर्या ! तिमीले शैक्षत्व[2] प्राप्त गर्न नसकुन्जेलसम्म तिमीलाई लाभसत्कार तथा यशकीर्ति प्राप्त नहोस् !' भन्ने कामना गर्नु पर्छ । भिक्षुहो ! (किनभने) यदि भिक्षुणीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त भयो भने त्यो उसको लागि हानीकारक हुनसक्छ ।

"भिक्षुहो ! यसप्रकार लाभसत्कार तथा यशकीर्ति भनेको अति वरुण, कटु तथा खरो हुन्छ - जसले अनुत्तर योगक्षेम प्राप्तिकोनिमित्त बाधा पुऱ्याउँछ । भिक्षुहो ! त्यसो हुनाले - 'उत्पन्न भएका लाभसत्कार तथा यशकीर्तिलाई छाड्ने छौं र उत्पन्न भएका लाभसत्कार तथा यश कीर्तिलाई चित्तमा लिई बस्ने छैनौं' भन्ने सिक्नुपर्छ ।"

---

१. कहीं कहीं 'वेलुकण्टकी' पनि उल्लेख भएको पाइन्छ ।

२. 'शैक्षत्व' भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. प. पृ. ५९१ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

३. उत्पलवर्णा स्थविरा

परिचय

महाप्रजापति गौतमी महारानीले नारीजातिकोनिमित्त भिक्षुणी हुने दैलो उघारिदिनु भए पछि बुद्धधर्ममा सबै थरीका स्त्रीहरू भिक्षुणी हुन थाले । यसै क्रममा उत्पलवर्णा पनि भिक्षुणी भइन् । यिनी श्रावस्ती-वासी एक धनाढ्य सेठकी छोरी हुन् । यिनी नीलोत्पल जस्तै सुन्दरी थिइन् ।

प्रव्रज्या ग्रहण

श्रावस्ती नगरमा एक धनाढ्य कुल थियो । सो कुलमा एक अत्यन्त सुन्दरी कन्याको जन्म भयो । सो कन्याको वर्ण नीलकमल जस्तै थियो । त्यसैले उनको नाम नै 'उत्पलवर्णा' रहन गएको हो[1] । उनी यौवन अवस्थामा पुग्दा त्यसताकाका जम्बुद्वीपका सबै जसो राजपरि-वारहरूले तथा ठूला ठूला साहुमहाजनहरूले उनलाई माग्न पठाए । कसलाई दिने भन्ने विषयमा उनको पितालाई बडो अप्ठ्यारो पऱ्यो । एउटालाई दिए अर्को रिसाउला भन्ने डर लिंदा लिंदै सो सेठमा चिन्ता

---

१. सम. पा. पृ. १९६ : पठमपाराजिकवण्णना, विनीतवत्थु ।
"उप्पलस्सेव मे वण्णं, नामेनुप्पलनामिना ।" थेरी. अप. दा. पा. पृ. २२४, गा. नं. ७

Downloaded from http://www.dhamma.digital

बढन थाल्यो । एउटी छोरीद्वारा सबैको चित्त बुझाउन सारै गहारो पऱ्यो र शत्रु कमाउन पनि चाहन्नथे । यस्तो परिस्थितिमा सो सेठले "यदि मानी मने आफ्नी छोरीलाई भिक्षुणी बनाइदिन पाए कसैसँग शत्रुता कमाउन पनि पर्ने छैन र यसो गर्नु नै सबभन्दा बढिया हुनेछ" भन्ने उपाय सोची एक दिन, छोरीलाई बोलाई सो सेठले भने—

"प्रिय पुत्री ! के तिमी भगवान् बुद्धको धर्ममा भिक्षुणी भएर बस्न सक्छ्यौ ?"

यो कुरा सुनी उत्पलवर्णा कुमारी सारैखुशी भइन् । यो कुरा त उनकोनिमित्त मानो कुनै टाउको दुखेकोलाई कसैले शतपाक-तेल-द्वारा शीर मालिस गरिदिए जस्तै भयो । उत्पलवर्णा कुमारी अनेक कल्प अघिदेखि अनेक प्रणिधानहरूगर्दै आएकी एक पुण्यवती कुमारी थिइन् । उनको यो अन्तिम जन्म थियो । उनमा भित्री ज्ञानरूपी दियो बलिरहेको थियो[1] । प्रकृति स्वभावले नै नीलोत्पल वर्ण जस्ती सुन्दरी भई, सबैका आँखाहरू सन्तुष्ट पार्ने खालकी प्रियंकररूप भए जस्ती, उनको क्लेशाग्निको भित्री ताप नभएकोले उनी अत्यधिक तेजिली पनि देखिन्थिन्[2] । त्यसैले उनले आफ्नो पितालाई "प्रव्रजित हुनसक्छु"

---

१. अं. नि. अ. क. 1. पृ. १९३ : एककनिपातवण्णना; धम्म. प. अ. क. पृ. २४२ : उप्पलवण्णा थेरियावत्थु; थेरी. गा अ. क. पृ. १५० : उप्पलवण्णाथेरीगाथट्ठकथा ।

२. सम. पा. पृ. १९६ : पठमपाराजिकवण्णना, विनीतवत्थु ।

Downloaded from http://www.dhamma.digital

भनी अत्यन्त प्रसन्नतापूर्वक उत्तर दिइन् । छोरीको सकारात्मक वचन सुनेर सारै खुशीभएका सेठले बडो धुमधामका साथ छोरीलाई भिक्षुणीहरू बस्ने ठाउँमा लगी प्रव्रजित गराए[१] ।

थेरीअपदानपालिमा स्वयं उत्पलवर्णा स्थविराले यस्तो उल्लेख गर्नुभएको छ—

"महाधनसेट्ठिकुले, सुखिते सज्जिते तथा ।
नानारतनपज्जोते, सब्बकामसमिद्धिने ॥

"सक्कता पूजिता चेव, मानितापचिता तथा ।
रूपसिरीमनुप्पत्ता, कुलेसु अतिसक्कता ॥

"अतीव पत्थिता चासिं, रूपभोगसिरीहि च ।
पट्ठिता सेट्ठिपुत्तेहि, अनेकेहि सतेहि पि ॥

"अगारं पजहित्वान, पब्बजिं अनगारियं[२] ।"

---

१. अं. अ. क. I. पृ. १९४; थेरी. गा. अ. क. पृ. १५०; धम्म. प. अ. क. पृ. २४२; अनोपमा स्थविरा पनि सबैले मान्न आएको कारणले नै प्रव्रजित भएकी हुन् । थेरी. गा. अ. क. पृ. १०९

२. थेरी. अप. दा. पा. पृ. २२८-२९ : उप्पलवण्णाथेरी अपदानं ।

Downloaded from http://www.dhamma.digital

अर्थ—

"सबै काममुख समृद्ध भएका, अनेक रत्नहरू सुसम्पन्न भएका तथा अनेक सुसज्जित महाधनी श्रेष्ठी कुलमा; रूप श्री सम्पत्तिले सम्पन्न भई, अनेक मानसत्कारहरू प्राप्तगरी; अनेक रूप-भोग सम्पत्ति परिपूर्ण भएका; अनेक श्रेष्ठी पुत्रहरूद्वारा मागे तापनि म घरछाडी अनगारिका भई प्रव्रजित भएं।"

अरहत्व लाभ

भिक्षुणी भएदेखि उत्पलवर्णा भिक्षुणी बडो सुविनीत तथा अति उद्योगिनी हुनु हुन्थ्यो। भिक्षुणीहरू बस्ने ठाउँमा सफासुग्घर गर्ने कामदेखि लिएर कुनै पनि परिचर्या गर्नमा वहाँ अलसीमान्नु हुन्नथ्यो। यसै क्रममा एक दिन, उपोसथागारमा[1] सफासुग्घर गर्ने पालो वहाँको पऱ्यो र राती बत्ती बाली उपोसथागारमा वहाँ बढार्दै हुनुहुन्थ्यो। त्यस बखत वहाँको ध्यान बलिरहेको दियोको शिखामा पऱ्यो र त्यही शिखामै बारंबार अवलोकन गर्दा गर्दै वहाँलाई आलोक-कसिण[2] को संज्ञा उत्पन्न भई त्यसैमा चित्त स्थीर गरी, एकाग्र चित्तगरी उभिइएर

---

१. भिक्षु भिक्षुणीहरूका कुनै पनि नियमको सम्बन्धमा औपचारिक रूपमा कामगर्ने एक विशेष घरलाई 'उपोसथागार' भन्द छन्। यसै घरलाई 'सीमागृह' पनि भन्द छन्।

२. 'कसिण-ध्यान' भनेको कस्तो हो भन्ने बारेमा बु. म. पृ. ३९२ को पादटिप्पणीमा हेर्नू।

Downloaded from http://www.dhamma.digital

ध्यान गर्दा गर्दै चित्तमलहरू दूरभई आस्रवक्षय प्राप्त गर्नुभयो। आस्रवक्षयका साथ साथै विशेष रूपले ऋद्धिविधध्यान पनि वहाँलाई प्राप्त भयो। यसको अलावा चतुप्रतिसम्भिदादि अरू विशेष ज्ञानहरू पनि वहाँले हासिल गर्नुभयो[१]। प्रव्रजित भएको दुइहप्ता नबित्दै वहाँले अरहत्व प्राप्त गर्नुभयो[२]। त्यसैले थेरीअपदानमा वहाँले यस्तो उल्लेख गर्नु भएको हो --

"अड्ढमासे असम्पत्ते, चतुसच्चमपापुणिं[३]।"

अन्धवनमा

अनि उत्पलवर्णा स्थविरा केही समय जनपद चारिका गरी पछि पुनः श्रावस्तीमै फर्केर आउनु भयो। श्रावस्ती नजिकको अन्धवनमा एक स्थानो कुटी बनाई, त्यसमा एक खाट् र पर्दा राखी त्यसै कुटीमा बस्न थाल्नु भयो। यस बेलासम्म भिक्षुणीहरू एक्लै जङ्गलमा बस्नहुन्न भन्ने नियम बनेको थिएन।

---

१. अं. नि. अ. क. ।. पृ १९४; थेरी. गा. अ. क. पृ १५०; धम्म. प. अ. क. पृ. २४२ : उप्पलवण्णत्थेरीयावत्थु।

२. महामौद्गल्यायन महास्थविरले पनि प्रव्रजित भएको दुइहप्ता नबित्दै अरहत्व प्राप्त गर्नु भएको थियो। सम. पा. पृ ७२९ : महाखन्धकवण्णना, महावग्ग; धम्म प. अ. क. पृ. ४७ : अग्गसावकवत्थु, यमकवग्गो।

३. थेरी. अप. दा. पा. पृ. २२९, गा. नं. ७०

Downloaded from http://www.dhamma.digital

स्थविराको मामाको छोरा नन्द[1] नामक माणवक स्थविरा गृहस्थीमा छँदादेखि नै यहाँ प्रति आसक्तनई प्रतिबद्ध चित्त भिई बसेको थियो। स्थविरा प्रति व्यभिचार गर्ने आफ्नो अतृप्त इच्छाको कारणले उ अत्यन्त छट्पटाइ रहेको थियो। गृहस्थीको समयमा त्यस्तो मौका पाउन नसकेकोले भिक्षुणी भइसके पछि सो मौका छोप्ने कुचेष्टागर्न उसले छाडेको थिएन।

जब उसले उत्पलवर्णा स्थविरा जनपद चारिका गरी फर्केर आएर अन्धवनमा कुटी बनाई एकले बसिरहेको कुरा थाहा पायो तब उ एक दिन, स्थविरा भिक्षुणी श्रावस्तीमा भिक्षाटन् गइरहनु भएको बेलामा अन्धवनमा गई, कुटीभित्र पसी, खाट्मनी लुकिरह्यो। स्थविरा भिक्षुणी सधैं झैं श्रावस्तीमा भिक्षाटन् गरी फर्केर कुटी भित्र गई देलो थुनी खाट्मा बस्ने बित्तिकै--बाहिर मध्यान्ह समयको धूपको कारणले तिर्मिन्याएको अवस्थामै--खाट्मनी लुकिरहेको सो दुष्ट माणवकले खाट्बाट निस्की एक्कासी वहाँमाथि हातहाली जवर्जस्ती गर्न थाल्यो। त्यसबेला वहाँले "हे मूर्ख! अपराध नगर! हे मूर्ख! विनाश न होऊ!!" भन्दै कराउन थाल्नु भयो। स्थविरा भिक्षुणी कराउँदा कराउँदै कामान्धकारले विमूढ भएको सो दुष्ट नन्द माणवकले आफ्नो इच्छा पुरागरी कुटीबाट निस्केर गयो। त्यत्रा महामेरु पर्वतहरू धारण गर्नसक्ने यो धर्तीले त्यो चारहाते पापी माणवकलाई धारण गर्न नसक्ने जस्तो गरी स्थविराको दृष्टिपथबाट दूर भएपछि

---

१. धम्म. प. अ. क. पृ. २४३

Downloaded from http://www.dhamma.digital

घर्तो फाटी सो पापी पुरुष अधोगतिमा पुग्यो भनी अर्थकथाहरूले उल्लेख गरेका छन्[१] ।

स्थविराले यो घटना तुरुन्तै अरू भिक्षुणीहरूलाई बताउनु भयो । भिक्षुणीहरूले भिक्षुहरूलाई बताए र भिक्षुहरूले भगवान्‌लाई सुनाए । अनि भगवान्‌ले यसै प्रसंगमा भिक्षुहरूलाई आमन्त्रण गर्नु हुँदै यस्तो भन्नुभयो —

"भिक्षुहो ! चाहे भिक्षु, भिक्षुणी, उपासक अथवा उपासिका जोसुकै होउन्—जसले पापादि अकुशल कर्मलाई मधु झैं गुलियो सम्झी पापकर्म गर्छ—त्यसले सो पापकर्मको फल भोग्नपर्दा अत्यन्त कटु तथा दुःख भोग गर्नेछ ।"

यति भन्नु भएर निम्न गाथा पनि सुनाउनु भयो—

"मधुवा मञ्ञती बालो, याव पापं नपच्चति ।
यदा च पच्चती पापं, अथ बालो दुक्खं निगच्छती'
ति[२] ॥"

अर्थात्—पापको फल भोग नगरुञ्जेलसम्म मूर्खले पाप कर्मलाई गुलियो ठान्दछ, जब पापको फल पाउँछ तब उसलाई अतिदुःख हुन्छ ।

उपरोक्त घटना पछि भगवान्‌ले "भिक्षुहो ! भिक्षुणी एकलै

---

१. धम्म. प. अ. क. पृ २५३; सम. पा. पृ. ४७८

२. धम्म. प. पा. पृ. २३, गा. नं. ६९, बालवग्गो ।

Downloaded from http://www.dhamma.digital

जङ्गलमा बस्न हुन्न" भन्ने नियम बनाई दिनु भयो[1] ।

त्यस पछि यसै प्रसंगमा उत्पलवर्णा स्थविरा दोषी हुन् कि निर्दोषी हुन् त भन्ने विषयमा भगवानले— "आस्वाद नलिने भएको हुनाले निर्दोषी हुन्" भनी भन्नुभयो । जुन कुरा तलको "दूषण गर्‍यो" शीर्षक अन्तर्गत मूलसूत्रमै उल्लेख भएको छ ।

कुनै भिक्षु वा भिक्षुणीद्वारा मैथुनकार्य भएको देखिए तापनि यदि उसले मैथुन-आस्वाद लिन्न मैथुन भएको जान्दैन, उन्मत्त भएको हुन्छ अथवा नियम बन्नु अगाडि मैथुन गर्ने आदि व्यक्तिहरू निर्दोषी हुन्छन् भन्ने नीति[2] अनुसार नै भगवान्‌ले उपरोक्त कुरा बताउनु भएको हो । उत्पलवर्णा स्थविरा अरहत् हुनुभएकोले वहाँको काम-रागादि क्लेशहरूको जरो नै उखलिइसकेको हुँदा वहाँलाई निर्दोषी ठहर्‍याउनु भएको हो । अरहत् हुने पुरुषले र अनागामी हुने पुरुषले कामसुखको आस्वाद लिन सक्तैनन् । त्यसैले मैथुन-आस्वाद नलिने तथा थाहा नपाउनेहरू पनि निर्दोषी ठहरिने नीति निर्धारण गरिएको

---

१. "न, भिक्खवे, भिक्खुनिया अरञ्ञे वत्थब्बं ।" चुल्ल. व. पा. पृ. ३९९ : भिक्खुनिक्खन्धकं, तत्तिय भाणवारं ।

२. "अनापत्ति अजानन्तस्स, असादियन्तस्स, उम्मत्तकस्स, खित्त-चित्तस्स, वेदनट्टस्स, आदिकम्मिकस्सा' ति ।" पारा. पा. पृ. ४२ : पठमपाराजिकं ।

Downloaded from http://www.dhamma.digital

हो । मैथुन दोषलाई "पाराजिका"[१]" भन्दछन् ।

केही पाराजिका हुनेहरू

यस सम्बन्धमा विनयपिटकको पाराजिकापालिमा उल्लिखित केही घटित घटनाहरूका कुराहरू उदाहरणकोनिमित्त यहाँ प्रस्तुत गरेको छु ।

(१) त्यस समय एक भिक्षुले एक मृतशरीर देख्यो । त्यस शरीरको गुह्येन्द्रिय नगिचमै एक घाउ थियो । "यसरी मलाई दोष लाग्ने छैन" भन्ने सोची सो भिक्षुले त्यो मृतशरीरको गुह्येन्द्रियमा आफ्नो गुह्येन्द्रिय प्रवेश गराई नजीकको घाउबाट इन्द्रिय उद्धृत गऱ्यो । त्यस पछि उसको मनमा सन्देह लाग्यो— "के म पाराजिका त भइन ?" अनि यो कुरा भगवानलाई विन्तिगऱ्यो । भगवानले "पाराजिका भयौ" भनी भन्नुभयो[२] ।

(२) त्यस समय एक भिक्षु मसानमा[३] जाँदा उसले प्राणीले

---

१. "पाराजिका" भनी क-कस्ता दोषलाई भन्दछन् र यो दोष पाउने भिक्षु वा भिक्षुणी के हुन्छन् भन्ने विषयमा लेखककै बु. म. पृ. १५३ को पादटिप्पणीमा अर्थ उल्लेख भएको छ ।

२. पारा. पा. पृ. ४५ : विनीतवत्थु, पठमपाराजिकं ।

३. त्यसताका मृतशरीर त्यसै छाडेर जाने चलन थियो । त्यस्तो ठाउँलाई नै 'मसान' भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

नखाएको (अक्खायितं) अथवा न कुहिएको शरीर देखेर त्यसमा मैथुन सेवन गऱ्यो। अनि उसलाई— "के म पाराजिका त भइन ?" भन्ने शका लागे पछि भगवान्‌संग सोध्दा भगवान्‌ले "पाराजिका भयौ" भनी भन्नुभयो[1]।

(३) त्यस बखत सुन्दर भन्ने एक भिक्षु राजगृहको सडकमा हिंडिरहेको थियो। त्यसबेला एक स्त्रीले देखेर "भन्ते एकछिन पर्खनुहोस् वन्दना गर्नेछु" भनी वन्दना गर्दै अन्तरवासक (=लुङ्गि) उचाली उसको इन्द्रियलाई मुखले च्यापी। अनि सो भिक्षुलाई— "के म पाराजिका त भइन ?" भन्ने शका लागेर भगवान्‌संग सोध्दा भगवान्‌ले— "के तिमीले आस्वाद लियौ ?" भनी सोध्नु भयो।

"भन्ते ! मैले आस्वाद लिइन।"

"आस्वाद नलिनेलाई दोष छैन" भनी भगवान्‌ले भन्नु भयो[2]।

(४) त्यस समय एक स्त्रीले एक भिक्षुलाई देखेर यस्तो भनी—

"भन्ते ! आउनुहोस् मैथुन सेवन गरौं।"

"भगिनी ! भइहाल्यो; यसो गर्न हुन्न।"

"भन्ते ! आउनुहोस् म व्यायाम गर्छु तपाइ व्यायाम नगर्नुहोस्; यसरी तपाइलाई दोष लाग्ने छैन।"

---

१. पारा. पा. पृ. ४६ : विनीतवत्थु, पठमपाराजिकं।

२. पारा. पा. पृ. ४५: विनीतवत्थु, पठमपाराजिकं। सुन्दर स्थविर अनागामी हुनुहुन्थ्यो—सम. पा. पृ. २००

Downloaded from http://www.dhamma.digital

सो भिक्षुले त्यस्तै गऱ्यो । अनि उसलाई— "के म पाराजिका त भइन ?" भन्ने शंका लागे पछि उसले भगवान्‌संग सोध्यो । भगवान्‌ले "पाराजिका भयौ" भनी भन्नुभयो[१] ।

(५) त्यस समय एक स्त्रीले एक भिक्षुलाई देखेर यसो भनी—

"भन्ते ! आउनुहोस् मैथुन सेवन गरौं ।"

"भगिनी ! भइहाल्यो; यस्तो गर्न हुन्न ।"

"भन्ते ! आउनुहोस्, भित्र घर्षणगरी बाहिर मोचन गर्नुहोस्; यसरी तपाइलाई दोष लाग्ने छैन ।"

सो भिक्षुले त्यस्तै गऱ्यो । अनि उसलाई — "के म पाराजिका त भइन ?" भन्ने शंका उठेपछि उसले भगवान्‌संग सोध्यो । भगवान्‌ले "पाराजिका भयौ" भनी भन्नुभयो[२] ।

(६) त्यस समय एक भिक्षु मसानमा जाँदा उसले छुट्टिएको टाउको देखेर गोलो परेको मुखमा इन्द्रिय छुवाई भित्र पसाल्यो । उसलाई— "के म पाराजिका त भइन ?" भन्ने सन्देह भएपछि भगवान्‌संग सोध्यो । भगवानले— "पाराजिका भयौ" भनी भन्नुभयो[३] ।

---

१ पारा. पा. पृ. ४५ : विनीतवत्थु, पठमपाराजिकं ।

२ पारा. पा. पृ. ४६ : विनीतवत्थु, पठमपाराजिकं ।

३. पारा. पा. पृ. ४६ : विनीतवत्थु, पठमपाराजिकं ।

Downloaded from http://www.dhamma.digital

(७) त्यस समय एक भिक्षु भद्रीय नगरको जातीयवनमा दिवा विहार गरी सुति रहेको थियो। उसको अङ्गप्रत्यङ्गहरू बतासले गर्दा स्तब्ध भएका थिए। एक स्त्रीले देखी उसको इन्द्रियमा बसी इच्छा पुरा गरी मैथुन सेवन गरी फर्केर गई। भिक्षुले मैलो लागेको देखेर यो कुरा भगवान्‌लाई बतायो। यसै कारणमा भगवान्‌ले भिक्षुहरूलाई—"भिक्षुहो! सो भिक्षु अरहत हुन्' भनी भन्नु भयो। "भिक्षुहो! पाँचकारणले इन्द्रिय स्तब्ध हुनसक्छ। (१) रागको कारणले (२) दिसालाग्नाको कारणले, ( ) पिसाबलाग्नाको कारणले, (४) बतासको कारणले अनि (५) उच्चलिङ्ग नामक कीरा अर्थात् कुसिलकीरा (Caterpiliar) को टोकाइको कारणले।" भिक्षुहो! सो भिक्षुको इन्द्रिय रागको कारणले स्तब्ध होला भन्ने कुनै कारण छैन[1]।

(८) त्यस समय एक भिक्षु श्रावस्तीको अन्धवनमा दिवा विहार गरी सुतिरहेको थियो। एक गोपालिका स्त्रीले देखी उसको इन्द्रियमा बसी। सो भिक्षुले प्रवेश गरिरहेको पनि, प्रवृष्ट भएको पनि, स्थित भएको पनि तथा उद्धृत गरेको पनि आस्वाद लियो। अनि उसलाई—"के म पाराजिका त भइन?" भन्ने सङ्का लागेर उसले भगवान्‌सँग सोध्यो। भगवान्‌ले—"पाराजिका भयौ" भनी भन्नुभयो[2]।

(९) त्यस समय एक भिक्षु वैशालीको महावनमा दिवा विहार गरी सुतिरहेको थियो। एक स्त्रीले देखी उसको इन्द्रियमा बसेर

१. पारा. पा. पृ. ४७ : विनीतवत्थु, पठमपाराजिकं।

२. पारा. पा. पृ. ४७ : विनीतवत्थु, पठमपाराजिकं।

Downloaded from http://www.dhamma.digital

इच्छा लागेसम्म मैथुन सेवन गरी हाँस्दै नगिचमै उभिइरही। बिउझे पछि सो भिक्षुले त्यो स्त्रीसँग सोध्यो:— "के यो तिम्रो काम हो ?" उसले— "हो मेरो काम हो" भनी जवाफ दिई। अनि उसलाई— "के म पाराजिका त भइन ?" भन्ने सन्देह लागेर उसले भगवान्‌सँग सोध्यो। भगवानले— "भिक्षु ! तिमीले आस्वाद लियौ कि लिएनौ त ?" भनी सोध्नु भयो।

"भन्ते ! मलाई केही पनि थाहा छैन।"

"भिक्षुहो ! थाहा नहुनेलाई दोष छैन" भनी भगवान्‌ले भन्नु भयो[1]।

(१०) त्यस समय एक भिक्षु वैशालीको महावनमा दिवा विहार गरी रुखमा अडेस लिई सुतिरहेको थियो। एक स्त्रीले देखेर उसको इन्द्रियमा बसी। तुरन्तै उठेर सो भिक्षुले उसलाई पछारिदियो। अनि उसलाई— "के म पाराजिका त भइन ?" भन्ने सङ्का लागेपछि उसले भगवान्‌सँग सोध्यो। भगवान्‌ले— "भिक्षु ! के तिमीले आस्वाद लियौ ?"

"भन्ते ! मैले आस्वाद लिइन।"

"भिक्षु ! आस्वाद नलिनेलाई दोष छैन[2]।"

---

१. पारा. पा. पृ. ४८ : विनीतवत्थु, पठमपाराजिकं।

२. पारा. पा. पृ. ४८ : विनीतवत्थु, पठमपाराजिकं।

Downloaded from http://www.dhamma.digital

(११) त्यस समय भारुकच्छकवासी एक भिक्षुले आपनी पहिलेकी पत्नीसँग सम्भोग गरेको स्वप्न देख्यो। अनि 'म अश्रमण भएँ, चीवर छोड्नु पऱ्यो" भन्ने विचार लिई सो भिक्षु भारुकच्छ[१] तिर लाग्यो। बीच बाटोमा उसले आयुष्मान् उपाली भेटचो र वहाँलाई सो कुरा बतायो। आयुष्मान् उपालीले— "स्वप्नको कुरामा कुनै दोष छैन" भनी भन्नुभयो[२]।

भिक्षुणीहरू पाराजिका हुनकोलागि मैथुन सेवन नै गर्नुपर्छ भन्ने छैन। रागरक्त चित्त भएकी कुनै भिक्षुणीले कुनै रागरक्त चित्त भएको पुरुषको अथवा आफनो काँधमन्दा मनी र घुँडामन्दा माथि छोएको, थिचेको तथा परामर्श गरेको वा गराएको आस्वाद लिनाले पनि पाराजिकानै हुन्छ[३]।

धर्मसभामा चर्चा

एक दिन, धर्मसभामा भेलाभई बसिरहेका केही महाजनहरूका बीचमा उत्पलवर्णा स्थविराकै कुरा लिएर यस्तो चर्चा उठ्यो।

---

१. भारुकच्छ अथवा भरुकच्छ भन्ने देश आजकल भारतको काठियावाडाको 'भडौंच' हो भनी भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ४८४ मा उल्लेख गरेका छन्।

२. पारा. पा. पृ. ४९ : विनीतवत्थु, पठमपाराजिकं।

३. पाचि. पा. पृ. २८६ : पठमपाराजिकं, भिक्खुनीविभङ्गो, विनय पिटक। भिक्षुणीहरू आठ कारणले पाराजिका हुन्छन्।

Downloaded from http://www.dhamma.digital

"क्षीणास्रवीले पनि अवश्यनै काम सुख सेवन गर्दा होलान्; किन सेवन नगर्नु नै ! किनभने वहाँहरूको शरीर रुख जस्तो त होइन, न त कुनै धमिराको गोलो जस्तै हो । वहाँहरूको शरीर पनि त गोलो रगत र मासुकै हो । त्यसो हुनाले अवश्य पनि वहाँहरूले पनि कामसुख सेवन गर्नु हुन्छ होला ।" यस्तै चर्चा भइरहेको बेलामा भगवान् बुद्ध त्यहाँ आइपुग्नु भयो । जब सभासदका मानिसहरू निःशब्द भए तब भगवान्ले उनीहरूसँग के कुरा चलिरहेको थियो भनी सोध्दा उनीहरूले भइरहेको कुराको बेहोरा सुनाए । अनि भगवान्ले सभामा उपस्थित भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै यस्तो भन्नुभयो—

"भिक्षुहो ! क्षीणास्रवीहरूले कामसुख सेवन गर्छन् वा आस्वाद लिन्छन् भन्ने कुनै पनि हेतु छैन । क्षीणास्रवीहरूले न काम-सुख सेवन गर्छन् न त आस्वाद नै लिन्छन् । उनीहरूमा त्यस्तो सेवनगर्ने वा आस्वाद लिने हेतु नै निरोध भइसकेको हुन्छ । जस्तै पद्मपत्रमा पानी टाँसिदैन, अड्दैन र चिप्लेर नै खसिहाल्छ; जस्तै सियोको टुप्पोमा सर्स्यौंको गेडा न टाँसिन सक्छ न त अड्न नै सक्छ । त्यस्तै क्षीणास्रवीहरूका चित्तमा—वस्तुकाम र क्लेशकाम दुवै प्रकारका काम-विषयहरू न त अल्झिन सक्छन्, न त अड्न नै सक्छन् । क्षीणास्रवीहरूका सबै क्लेशहरू, सबै आस्रवहरू तथा सबै कुशलाकुशल हेतुहरू नै निरुद्ध भइसकेका हुन्छन्—त्यसैले म त्यस्तालाई नै ब्राह्मण भन्द छु[१] ।

---

१. धम्म. प. अ. क. पृ. २४३-४४ : बालवग्गो; उहीं पृ. ६३६ : उप्पलवण्णत्थेरियावत्थु, ब्राह्मणवग्गो ।

Downloaded from http://www.dhamma.digital

अनि भगवान्‌ले यसै कुराको सम्झनामा धम्मपदमा निम्न गाथा उल्लेख गर्नुभयो —

"वारिपोक्खरपत्तेव, आरग्गेरिव सासपो।
यो न लिम्पति कामेसु, तमहं ब्रूमि ब्राह्मण' न्ति[1] ॥"

अनि एक दिन, राजा प्रसेनजित् कोशलस्लाई बोलाउन पठाई भगवान्‌ले यस्तो भन्नुभयो—

"महाराज ! आजकल बुद्ध शासनमा ठूला-स्याना, धनी-गरीब सबै प्रकारका महिलाहरू प्रव्रजित भएका छन्। उनीहरू जङ्गलमा पनि बस्छन्। जङ्गलमा बस्ने भिक्षुणीहरूलाई रागरक्त पापी पुरुषहरूले अनेक प्रकारले दुःख-कष्ट तथा बिघ्न-बाधा मात्र दिएका होइनन् उनीहरूको ब्रह्मचर्यलाई समेत हानी पुऱ्याउँछन्। अतः भिक्षुणी सङ्घकोनिमित्त नगरको कुनै अनुकूल स्थानमा एक बस्ने ठाउँ हुनु उचित हुनेछ।"

भगवान् बुद्धको यस वचनको आशयलाई बुझी प्रसेनजित् कोशल राजाले यथासमयमै नगरको एक छेउमा भिक्षुणी सङ्घको निमित्त बस्ने घरहरू बनाइ दिए। त्यहाँदेखि भिक्षुणीहरू सुरक्षितरूपले बस्न थाले[2]।

---

१. धम्म. प. पा. पृ. ५५. गा नं. ४०१, ब्राह्मणवग्गो।

२. धम्म. प अ. क पृ २४४ : उप्पलवण्णत्थेरियावत्थु बाल-वग्गो।

Downloaded from http://www.dhamma.digital

केही घटनाहरू

एक दिन, उत्पलवर्णा स्थविरा श्रावस्तीकै अन्धवनमा बसिरहनु भएको थियो। अनि त्यहाँ चोरहरूका नाइकेले वहाँलाई देखेर उसका अरू साथी चोरहरूले देखे भने अनाहक वहाँलाई दुःख दिन सक्छन भन्ने विचार गरी साथी चोरहरूलाई उसले अर्के बाटोतिर लगेको मात्र होइन स्थविरा प्रतिको श्रद्धाको कारणले उसले एक टुक्रा गाईको मासु पनि रुखमा झुंड्याइदिएको कुरा तलको "अन्तरवासक मागी-लिए" शीर्षकको मूलपालिका फुटाहरूबाट प्रष्ट बुझिन्छ।

स्थविराको जीवनी अध्ययन गर्दा हामीलाई यस्तो लाग्छ कि बुद्ध प्रति वहाँ विशेष स्नेह र ममता राखनु हुन्छ। यदि यस्तो नहुँदो हो त चोरनाइकेले झुंड्याइराखेको मासु लिई बुद्धलाई खुवाउने मनसाय गरी श्रावस्तीबाट राजगृहसम्म जानु भएन होला। यसको मतलब यो कदाचित् होइन कि वहाँ बुद्ध प्रति लौकिकरूपले आकर्षित हुनुहुन्थ्यो, होइन; अतीत सम्बन्धको कारणले नै स्वभावतः वहाँको हृदय बुद्ध प्रति बढी ढल्किन्थ्यो। अतीत-सम्बन्ध कस्तो थियो भन्ने सम्बन्धमा स्वयं स्थविराले नै आफ्नो अपदान-चरितमा बताउनु भएको छ। जुन कुरा तल "उत्पलवर्णा स्थविरापदान" शीर्षकमा अनुवाद गरिदिएको छु।

उत्पलवर्णा स्थविरा स्वभावतः अति सुन्दरी मात्र नभई वहाँको रूप अति आकर्षक पनि थियो। हुन त वहाँभन्दा रात्री अथवा वहाँ

Downloaded from http://www.dhamma.digital

जत्तिकै राम्री भिक्षुणीहरू पनि नभएका होइनन्, थिए; किन्तु रूप-लावण्यताको कारणले गर्दा कहीले कहीले जति वहाँले लज्जा र हैरानी सहनु पऱ्यो शायद त्यती हैरानी अरू राम्री भिक्षुणीहरूले सहनु परेको होओइन होला। हो, सुन्दरनन्दा भिक्षुणीले पनि आपनो रूप लावण्यताको कारणलेगर्दा अनेक बिघ्न-बाधा सहनु परेका कुरा पाचित्तियपालिको अध्ययनद्वारा थाहा हुन्छ[1]। तर त्यस बिघ्न-बाधा-बाट वहाँ बचेर बस्नसक्नु भएन र अन्तमा बुद्ध धर्मका परम भक्तिनी विशाखा मृगारमाताको नाति साल्ह[2] भन्ने युवकको फन्दामा परी गर्भिणी समेत भई अन्तमा चीवर-वस्त्र छाडेर नै जानु परेको कुरा पनि भिक्खुनीविभङ्गपालिमै[3] समुल्लेख भएको पाइन्छ। किन्तु उत्पलवर्णा स्थविरा त्यस्ता बिघ्न-बाधाहरूबाट अचल भई परम विजयिनी भएर बस्नु भयो।

जब वहाँ श्रावस्तीबाट आकाशमार्गद्वारा राजगृह गई भगवान्-लाई त्यो मासु चढाउन जानु भयो त्यस बखत भगवान् बुद्ध भिक्षाटन्-

---

१. पाचि. पा. पृ. २८३ : पठमपाराजिकं, भिक्खुनीविभङ्गो; बु. म. पृ ५४

२. "साल्हेन मिगारनत्तुना गब्भिनी होति" पाचि. पा. पृ. २८९ : दुतिय पाराजिकं "साल्होति तस्स नामं; मिगारमाताया पन नत्ता होति, तेन वुत्तं 'मिगारनत्ता' ति" सम. पा. पृ. ६७० : भिक्खुनी विभङ्गवण्णना, पठमपाराजिक सिक्खापदं।

३. पाचि. पा. पृ. २८९ : दुतियपाराजिकं।

Downloaded from http://www.dhamma.digital

कोनिमित्त बाहिर गइरहनु भएको थियो र विहारमा उदायी (लाल) स्थविर एकलै कुरी बसिरहनु भएको थियो । उत्पलवर्णा स्थविरा देख्ने बित्तिकै वहाँको चित्त स्थविराको रूपमा यस्तोविघ्न आकर्षित भयो कि वहाँले स्थविराको शरीरको अधोभाग हेर्ने इच्छा गर्नुभयो र सोही इच्छा पुऱ्याउने उपायको रूपमा वहाँले स्थविरालेलगाई राखेको अन्तर-वासक (लुङ्गिजस्तो कपडा) माग्ने[१] समेत दुःसाहस गर्नु भएको कुरा तलकै "'अन्तरवासक मागी लिए" शीर्षकको मूलपालिकै अनु-वादमा प्रष्ट भएको छ ।

स्त्री-रूप देखेर जसरी पुरुषको चित्त आकर्षित हुन्छ, त्यसरी नै पुरुष-रूप देखेर स्त्रीको चित्त पनि आकर्षित हुने कुरा बुद्ध भगवान्ले नौहजार पाँचशय सन्ताउन्न (९,५५७) सूत्रहरूले युक्त भएको अङ्गुत्तरनिकायमा सर्वप्रथम यही कुरा बताउनु भएको छ । रूप देखेर मात्रै परस्पर-स्त्री-पुरुषको चित्त आकर्षित हुने होइन, बल्कि शब्द, गन्ध, रस तथा स्पर्शमा पनि परस्पर स्त्री पुरुष-चित्त आकर्षित भई अल्झेर नै बस्छ । यी पाँच विषयहरूले झैं परस्पर स्त्री-पुरुषको चित्तलाई आकर्षित पार्नेसक्ने शक्ति यो संसारमा अरू कुनै पनि छैन भनी भगवान् बुद्धले उहीं उल्लेख गर्नु भएको छ[२] ।

---

१. सम. पा पृ ४७८

२ "नाहं, भिक्खवे, अञ्ञं एकरूपं पि समनुपस्सामि यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति यथयिदं, भिक्खवे, इत्थिरूपं । इत्थिरूपं, भिक्खवे, पुरिसस्स चित्तं परियादाय तिट्ठती' ति । नाहं, भिक्खवे, अञ्ञं एकरूपं पि समनु-

Downloaded from http://www.dhamma.digital

महान ऋद्धि-शक्ति

स्थविराको ऋद्धि विषय सम्बन्धमा वहाँले समय समयमा देखाउनु भएको र वहाँले स्वयं भन्नु भएका कुराहरू तल "उत्पलवर्णा स्थविरापदान" शीर्षकमा प्रसंग उल्लेख भएकं छ । एक दिन, भगवान्‌ले श्रावस्तीको गण्डम्ब वृक्षमनी तीर्थीयहरूलाई मर्दनगर्न देखाउन लाग्नु भएको यमकप्रातिहार्य[1] को समयमा उत्पलवर्णा-स्थविराले भगवान्‌संग आफूले पनि ऋद्धि देखाउने कुरा विन्तिगर्दा भगवान्‌ले "भइहाल्यो, तिम्रो ऋद्धि शक्तिको बारेमा मलाई थाहा छ[2] भनी भन्नु भएबाट पनि हामीले वहाँको ऋद्धि-पराक्रम विषय सम्बन्धमा अनुमान लगाउन सक्छौं ।

एक समय, वहाँ श्रावस्तीस्थित अन्धवनमा बसिरहनु भएको बेलामा मारपुत्र आई "यस्तो जङ्गलमा एकलै बसिरहँदा डरलाग्दैन ?" भनी तर्साउन खोज्दा वहाँले निर्भीकतापूर्वक तथा पूर्ण आत्मविश्वासका

पस्सामि यं एवं इत्थिया चित्तं परियादाय तिट्ठति यदिदं, भिक्खवे, पुरिसरूपं । पुरिसरूपं, भिक्खवे, इत्थिया चित्तं परियादाय तिट्ठती' ति ।".....अं. नि-१ पृ. ३ : रूपादिवग्गो ।

१. हेर. लेखकको बु. प. पृ. २६–२७ मा ।

२. धम्म. प. अ क. पृ. ४३८: यमकपाटिहारियवत्थु, बुद्धवग्गो ।

Downloaded from http://www.dhamma.digital

साथ मारलाई जवाफ दिनु भएको वाक्यले पनि वहाँमा कत्तिको ऋद्धिबल रहेछ भन्ने कुरा हामी बुझ्न सक्छौं। त्यसै बेला वहाँले आफ्नो ऋद्धि-पराक्रमको परिचय दिदै — "म तिम्रो आँखिभौंको बीचमा तथा तिम्रो पेटमा पनि पस्न सक्छु, तैपनि तिमीले मलाई देख्न सक्ने छैनौ" भनी भन्नु भएबाट पनि वहाँको ऋद्धि-पराक्रमको कुरालाई प्रष्ट बुझ्न सकिन्छ। जुन कुरा तलको "तर्साउन आयो" शीर्षकमै समुल्लेख भएको छ।

एक समय, भगवान् बुद्ध कुक्कुटवती[१] नगरका महाकप्पिन राजालाई भेट्न श्रावस्तीबाट १२० योजन (बीसं योजनसत[२]) टाढाबाट चन्द्रभागा[३] (=चन्दभागा) नदीको तीरको एक बरको

---

१. 'कुक्कुटवती' भन्ने देश आजकल कहाँ पर्छ भन्ने बारेमा बु. भा. भू. पृ. ४७०-७१ मा भरतसिंह उपाध्यायले पूर्ण विवरण दिई उल्लेख गरेका छन्। कुक्कुटवती नगरवासीलाई महाभारतको सभा-पर्वमा कुक्कुर जनता भनी भनिएको छ भन्ने कुरा र शायद यो देश अफगानिस्तानको आस-पासमा कहीं हुन सक्छ भन्ने कुरा पनि उहीं समुल्लेख भएको पाइन्छ।

२. दी. नि. अ. क. I. पृ. १६७ : अम्बट्ठसुत्तवण्णना; सुत्त. नि. अ. क. पृ. ३६४ : सेलसुत्तवण्णना; जा. अ. क. IV. पृ. १७७ : महाकण्हजातकं, नं ४६९

३. 'चन्द्रभागा' नदी आजकल कहाँ पर्छ भन्ने कुरा बु. भा. भू. पृ. ४७७ मा भरतसिंह उपाध्यायले उल्लेख गरेका छन्। उनको भनाइ अनुसार यो नदी आजकलको 'चिनाव' नदी हुनु पर्छ।

Downloaded from http://www.dhamma.digital

रुखमनी बसिरहनु भएको बेलामा त्यहाँ **महाकप्पिन** राजा आई-पुगेपछि उनलाई प्रव्रजित गर्नु भएको थियो[१]। त्यस पछि यहीं **महा-कप्पिन** राजाकी महेषी **अनोजादेवी** पनि आफना एकहजार परिवारहरूका साथ आई भगवान्को उपदेश सुनेपछि उनले प्रव्रज्या मागिन्। अनि भगवान्ले त्यस बखत "**उत्पलवर्णा भिक्षुणी आउन्**" भन्ने चिताउनु भयो र त्यसै बेला उत्पलवर्णा स्थविरा पनि श्रावस्ती-बाट तुरन्तै त्यहाँ आइपुग्नु भयो। भगवान्ले यहाँद्वारा **अनोजादेवी** सहित सबै परिवारहरूलाई प्रव्रजित गराउन लगाउनु भएबाट पनि स्थविराको ऋद्धि-शक्तिको परिचय प्राप्त हुन्छ[२]। सारिपुत्र स्थविरले पनि सच्चक निगण्ठका सच्चा लीला अववादका[३] तथा पटाचारा भन्ने चार दिदी-बहिनीहरूलाई उत्पलवर्णा स्थविराकहाँ प्रव्रजित गराउनु भएको थियो[४]। उत्पलवर्णा स्थविराकी अर्की एक शिष्या थिइन् जसले भगवान्कहाँ सातवर्षसम्म विनय अध्ययन गरेर पनि कुनै फल हासिल गर्न सकिनन यो कुरा पनि तल '**विनय सिक्ने भिक्षुणी**" शीर्षकमा समुल्लेख भएको छ।

---

१. अं. नि. अ. क. पृ. १७७ : एककनिपातवण्णना; सं नि. अ. क II. पृ. १७७ : महाकप्पिनसुत्तवण्णना, भिक्खुसयुत्तं।

२. अं. नि. अ. क I. पृ १७८ : एककनिपातवण्णना; स नि. अ क II पृ. १८० : महाकप्पिनसुत्तवण्णना, भिक्खुसयुत्तं।

३. पपं सू. II पृ. २२३ : चूलसच्चकसुत्तवण्णना।

४. जा. अ. क. III. पृ. १ : चुल्लकालिङ्गजातकं, नं. ३०१

Downloaded from http://www.dhamma.digital

यस्तै यस्ता गुणहरू देखेर नै बुद्धले वहाँलाई ऋद्धि हुने भिक्षुणी-हरूमध्येमा अग्र छिन् भन्ने घोषणा गर्नु भएको हो। यो कुरा पनि तलको "अग्रस्थान" शीर्षकको मूलसूत्रले प्रष्ट गरेको छ। ऋद्धि-विषयमा अग्र-स्थान प्राप्त मात्र नभई वहाँ युगल अग्रश्राविका मध्ये दोश्रो अग्रश्राविका पनि हुनुहुन्छ[१]।

ध्यान-शक्ति

सबै जसो अरहतहरूले ध्यान-सुख, फल-सुख तथा निर्वाण-सुखमा आफ्नो समय बिताउँछन्। उत्पलवर्णा स्थविरले पनि त्यस्तै-गरी ध्यानादि सुखमै दिन बिताउनु हुन्थ्यो। एक दिन, ध्यानसुखको विमुक्तिरस अनुभव गर्दै बसिरहनु भएको बेलामा वहाँको मनमा श्रावस्ती-वासी गङ्गातिरीय स्थविरको जीवनको घटना सम्बन्धी कुराहरू संस्मरण हुँदा "हरे! यो कामवासनाको दोष! काम विषयकै कारणले गर्दा वहाँहरूको जीवनमा कस्तो अविश्वसनीय घटनाहरू घटे! अब वहाँहरू त्यसबाट सुविमुक्त हुनुहुन्छ। काम विषय-वासनाले गर्दा कस्तो कस्तो हुँदो रहेछ!" भन्ने कल्पना भएको हुँदाले नै वहाँले वहाँहरूले नै प्रकटगर्नु भएका गाथाहरू स्मरणगरी तलको "उत्पलवर्णा स्थविरा-गाथा" शीर्षको सर्वप्रथम तीनवटा गाथाहरू भन्नु भएको हो भन्ने कुरा थेरीगाथट्ठकथाले उल्लेख गरेको छ[२]। यस्ता घटनाहरू मनमा

---

१. "खेमा उप्पलवण्णा च भिक्खुनी अग्गसाविका" बु. वं. पा पृ. ३८१; हेर. बु. म. पृ. २११

२. थेरी. गा. अ. क. पृ. १५४ : उप्पलवण्णाथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

स्मरण हुनाको कारण वहाँको आपनो जीवनका घटनाहरू पनि सानुरूप थिए । कामरागकै कारणले गर्दा वहाँलाई आपनै नातापर्नेले अकर्तव्य पनि गऱ्यो र उदायी जस्ता स्थविरले पनि अनुचित व्यवहार गरेको सहनुपऱ्यो ।

"स्थविरा गाथा" भन्नेहरूमा यस्तै यस्ता स्मरणमा आएका कुराहरूलाई कविताको रूपमा व्यक्त गरेका हुन्छन् र आफूलाई घत-लागेका तथा त्यस त्यस कारणमा व्यक्त गरेका उदानहरू पनि समावेश गरेका हुन्छन् । अतएव तलको "उत्पलवर्णा स्थविरागाथा" शीर्षकमा पनि यस्तै कुराहरू संग्रहित भएका छन् ।

उपरोक्ताकारले ध्यानमा बसिरहँदा एक दिन, वहाँले अघि अघिका जन्मका कुराहरू संस्मरण गर्नु भयो । जुन कुरा वहाँले तलको "उत्पलवर्णा स्थविरापदान" मा उल्लेख गर्नु भएको छ ।

सबै अरहत्हरूमा अतीतका कुराहरू स्मरण गर्नसक्ने ध्यान-शक्ति हुन्छ भन्ने कारण छैन । यो ध्यान-शक्ति कसैमा हुन्छ, कसैमा हुन्न । त्यस्तै अतीतका कुराहरू संस्मरणगर्ने पनि कसैले धेरै जन्महरूका कुराहरू र धेरै कल्पका कुराहरू पनि संस्मरण गर्न सक्छन्, कसैले सक्तैनन् । आ-आपनो पूर्व सञ्चित पुण्य र प्रणिधीको कारणले त्यसो हुने हो । उत्पलवर्णा स्थविराले पद्मोत्तर बुद्धको पालासम्मका कुराहरू अनुस्मरण गर्न सक्नु हुन्थ्यो ।

वहाँको जीवन कति श्रेष्ठोत्तम थियो भन्ने कुरा स्वयं भगवान्

Downloaded from http://www.dhamma.digital

बुद्धले "यदि कुनै भिक्षुणीले आयाचना गर्ने हो भने उत्पलवर्णा भिक्षुणी जस्ती हुन सकूँ" भनी प्रार्थना गर्नू र कुनै एकलौटी छोरी हुनेले छोरीको भलो कामना गर्ने हो भने "उत्पलवर्णा भिक्षुणी जस्ती हुनसक" भनी कामना गर्नुपर्छ भनी भन्नु भएका वचनहरूद्वारा नै अनुमान लगाउन सकिन्छ । यी सूत्रहरू पनि तल अनुदित भएका छन् ।

केही अतीतका कुराहरू

अङ्गुत्तरनिकायट्ठकथा र थेरीगाथट्ठकथा अनुसार—पद्मोत्तर बुद्धको पालामा यहाँ एक कुलगृहमा जन्मी महाजनहरू-सँग बुद्धकहाँ जाँदा यहाँले एक भिक्षुणीलाई अग्रस्थानको पद दिएको देखेर अत्यन्त प्रसन्नभई एकहप्तासम्म बुद्धलाई दान दिई आफूले पनि भविष्यमा त्यस्तै स्थान पाउन सकूँ भन्ने प्रार्थना गर्दा, बुद्धले सफल हुने कुरा बताउनु भएको थियो[1] । तर थेरी अपदानपालिले[2] भने त्यस बखत यहाँ नागकन्या भइरहेको कुरा उल्लेख गरेको छ । अरू कुराहरू तल "उत्पलवर्णा स्थविरापदान" मा प्रष्ट उल्लेख भएका छन् ।

अतीतकालमा उत्पलवर्णा स्थविराको बुद्धसँग क-कस्ता सम्बन्ध-

---

१. अं. नि. अ. क. I. पृ. १८८ : एककनिपातवण्णना; थेरी. गा. अ. क. पृ. १४५ : उप्पलवण्णाथेरीगाथट्ठकथा ।

२. थेरी. अप. दा. पा. पृ. २२५ : उप्पलवण्णाथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

हरू रहेका रहेछन् भन्ने बारेमा यहाँ जातक साहित्यका केही संक्षेप उदाहरणहरू प्रस्तुत गरेको छु ।

(१) अतीत समयमा वाराणशी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको समयमा बोधिसत्व अर्थात् गौतम बुद्ध मृगयोनीमा जन्मिनु भएको थियो र वहाँकी सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी भएकी थिइन्[१] ।

(२) अर्को एक जन्ममा, राजगृह नगरमा एक मगध राजाले राज्य गरिरहेको समयमा पनि बोधिसत्व मृग योनीमै जन्मिनु भएको थियो र वहाँकी सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी भएकी थिइन् अनि उनको सुविनीत पुत्र राहुल कुमार भएका थिए[२] ।

(३) अर्को एक समयमा बोधिसत्व असीकोटी धन हुने वाराणशीस्थित एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो । वहाँको नाम महाकञ्चनकुमार रहेको थियो । वहाँ समेत वहाँका सात सहोदर दाजुभाइहरू र एक सहोदर बहिनी पनि थिइन् । आमा बाबुको देहान्त पछि ती सबै प्रव्रजित भए । ती सात दाजुभाइहरू हाल क्रमशः स्वयं बुद्ध, सारिपुत्र, मौद्गल्यायन, महाकाश्यप, अनुरुद्ध, पूर्ण तथा आनन्द स्थविरहरू हुन् । उनीहरूका सहोदर बहिनी उत्पलवर्णा स्थविरा हुन्[३] ।

---

१. जा. अ. क. I. पृ. १२४ : खरादियजातकं, नं. १५

२. जा. अ. क. I. पृ. १२७ . तिपल्लत्थजातकं, नं. १६

३. जा. अ. क. V. पृ. २९ : भिसजातकं, नं. ४८८

Downloaded from http://www.dhamma.digital

(४) अर्को एक समयमा बोधिसत्व सुवर्णवर्ण[1] रोहन्त नामक मृगराजामई जन्मिनु भएको थियो । चिता नामक सहोदर भाइ र सुतना नामक सहोदर बहिनी थिइन् । त्यस बखत बाराणशीका राजा सारिपुत्र र उनकी अग्रमहिषी क्षेमा भिक्षुणी थिइन् । बोधिसत्वको सहोदर भाइ आनन्द र सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी थिइन्[2] ।

(५) अर्को एक समयमा, बोधिसत्व कम्पिल्ल राष्ट्रको[3] जयद्दिस राजाको छोरा भई जन्मिनु भएको थियो । त्यस बखत वहाँकी सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी र पोरिसाद भन्ने मनुष्य-यक्ष अङ्गुलिमाल स्थविर भएका थिए[4] ।

(६) एक समय बाराणशीको नाम पुष्पवती भन्ने रहेको

---

१. राजाले ब्राह्मणहरूसँग "सुवर्ण वर्ण मृग हुनसक्छ के ?" भनी सोध्दा उनीहरूले हाम्रा मन्त्रहरूमा "माछा, गँगटा, कछुवा, मृग तथा मयूरहरू सुवर्ण वर्णका हुनसक्छन् भन्ने उल्लेख भएका छन्" भनी भने । जा. अ. क. VI. पृ. २०२ : महाहंस जातकं, नं. ५३४

२. जा. अ. क. V. पृ. ११० : रोहन्तमिगजातकं, नं. ५०१

३. यो कम्पिल राष्ट्र भन्ने आजकल कहाँ पर्दछ भन्ने विषयमा बु. भा. भू. पृ. ४१२–१५ मा पूर्ण छलफल गरिएको छ ।

४. जा. अ. क. V. पृ. १९७ : जयद्दिसजातकं, नं. ५१३

Downloaded from http://www.dhamma.digital

थियो । त्यस समय त्यहाँ एकराज नामक राजाले राज्य चलाउँद थिए । राजाको पुत्र चन्द्रकुमार बोधिसत्व हुनुहुन्थ्यो । चन्द्रकुमार उपराजा थिए । खण्डहाल भन्ने ब्राह्मण राजपुरोहित थिए । यिनले घूस खाएर जनतालाई सारै नै कष्ट दिन्थे । चन्द्रकुमार उपराजाले निष्पक्ष न्याय निसाप गरेको प्रशंसा सुनी जयद्दिस राजाले चन्द्रकुमार-लाई नै न्याय-निसाप गर्ने कार्यभार सुम्पिदिए । यसबाट खण्डहाल पुरोहित ब्राह्मण घूस खान नपाएकोले निक्कै असन्तुष्ट भए । यसको इबीले गर्दा उनले चन्द्रकुमारलाई यज्ञको बहाना लगाई मार्न लगाउने षडयन्त्र रचे । किन्तु त्यसैको फलस्वरूप अन्तमा आफै मारिनु पऱ्यो । चन्द्रकुमारकी चन्द्रदेवी महिषी राहुलमाता, पुत्र वासुलकुमार राहुलकुमार तथा सहोदर बहिनी सेला कुमारी उत्पलवर्णा भिक्षुणी थिए । खण्डहाल पुरोहित ब्राह्मण देवदत्त थिए[1] ।

(७) उरग जातक अनुसार — एक समय बोधिसत्व वाराणशीको एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो । सो ब्राह्मणकी छोरी उत्पलवर्णा भिक्षुणी थिइन् । पत्नी हुने क्षेमा भिक्षुणी र पुत्र हुने राहुलकुमार थिए[2] ।

---

१. जा. अ, क. VII. पृ १४१ : खण्डहालजातकं, नं. ५४२; स्याम र नालन्दा पालिमा 'चन्दकुमारजातकं' भन्ने उल्लेख भएको छ ।

२. जा. अ. क. III. प. ११६ : उरगजातकं, नं. ३५४

Downloaded from http://www.dhamma.digital

(८) अर्को एक समयमा बोधिसत्व वाराणशीको द्वार गाउँमा एक कुमालेको कुलमा जन्मिनु भएको थियो। कुम्भकारको कामद्वारा परिवारहरूको पालन गरिरहेको थियो। एक दिन, प्रत्येक-बुद्धको उपदेश सुनेर बुवै दम्पतिहरू पुत्र-पुत्रीहरूलाई छाडी प्रव्रजित भएर गए। बोधिसत्वकी पत्नी राहुलमाता, पुत्र राहुलकुमार तथा पुत्री उत्पलवर्णा भिक्षुणी भएका थिए[१]।

(९) अर्को एक जन्ममा बोधिसत्व शक्रदेवेन्द्र भई जन्मिनु भएको थियो। त्यस बखत शक्रदेवेन्द्रकी आशा, श्रद्धा, सिरी र हिरी (=लज्जा) भन्ने चारपुत्रीहरूमध्ये हिरी भन्ने पुत्री उत्पलवर्णा भिक्षुणी थिइन्[२]।

(१०) अर्को एक जन्ममा बोधिसत्व भूरिदत्त भन्ने नाग-राजा भई जन्मिनु भएको थियो। त्यस बखत सौतेनी आमाबाट जन्मेकी अच्चिमुखी भन्ने छोरी बोधिसत्वकी बहिनी थिइन्[३]।

(११) बोधिसत्वको अन्तिम जन्ममा वहाँ शिवीराष्ट्रको जेतुत्तर नरगका सञ्जय राजाकी अग्रमहिषी फुसति महारानीको कोखमा वेस्सन्तर नामले जन्मिनु भएको थियो। वहाँकी मही रानी

---

१. जा. अ. क. III. पृ. २७१ : कुम्भकार जातकं, नं. ४०८

२. जा. अ. क. VI. पृ. २४९ : सुधाभोजन जातकं, नं. ५३५

३. जा. अ. क. VII. पृ. १९४ : भूरिदत्त जातकं, नं. ५४३

Downloaded from http://www.dhamma.digital

राहुलमाताने थिइन्, पुत्र जालिकुमार राहुलकुमार नै थिए तथा पुत्री कृष्णाजिनी उत्पलवर्णा भिक्षुणी थिइन्[१]।

(१२) एक समय बोधिसत्व वाराणशीको एक ब्राह्मण कुलमा जन्मी तक्षशिलामा शिल्प अध्ययन गरी पछि ऋषिभेष लिई प्रव्रजित भएर जानु भयो। ऋषिभेष लिई हिमालखण्डमा तपस्या गरिरहेको बेलामा वहाँको वीर्य-पराक्रम देखी अति प्रसन्न भई एक वृक्षदेवताले सोधको प्रश्नको उत्तर सुनी सो देवता खुशी भई उनले बोधिसत्वको स्तुति गरे। सो देवता उत्पलवर्णा भिक्षुणी थिइन्[२]।

(१३) अर्को एक जन्ममा बोधिसत्व मोलिनी नगरमा सङ्ख भन्ने एक धनाढ्य ब्राह्मण भई जन्मिनु भएको थियो। त्यस बखत वाराणशीको नाम 'मोलिनी' रहेको थियो। नगरको छ ठाउँमा दानशालाहरू खोली संख ब्राह्मण दान दिने कार्यमा रत थिए। एक दिन, उनी समुद्र पार गई धन कमाउन जाँदा जहाज डुबी उनी आफ्नो एक उपस्थाक सहित सातदिनसम्म पौडिखेली गइरहेको बेलामा मणिमेखला भन्ने देवकन्याले देखेर उनलाई उपकार गरिन्। मणि-मेखला देवकन्या उत्पलवर्णा भिक्षुणी नै थिइन्। बोधिसत्वको

---

१. जा. अ. क. VII. पृ. ५७२ : महावेस्सन्तर जातकं, नं. ५४७

२. जा. अ. क. III. पृ २८७ : जागर जातकं, नं. ४१४, र जा. अ क. V. पृ. १७८ : किंछन्द जातकं, नं. ४४२ मा उत्पलवर्णा भिक्षुणी एक देवपुत्री भएकी थिइन्।

Downloaded from http://www.dhamma.digital

उपस्थाक हुने पुरुष आनन्द स्थविर थिए[1] ।

(१४) अर्को एक समय, बाराणशी देशको एक चण्डाल गाउँका एक दम्पति प्रव्रजित भई हिमालखण्डतिर बसी तपस्या गरि-रहेका थिए । पति हुनेको नाम दुकुल पण्डित र पत्नि हुनेको नाम पारिका थियो[2] बोधिसत्व पारिकाको कोखमा जन्मनु भयो । वहाँको नाम सुवर्णश्याम (= सुवण्णसाम) थियो । पछि बोधि-सत्वका आमा बाबुहरू दुवै अन्धा भए । त्यस बखत सुवर्णश्यामले अन्धा आमा बाबुहरूको सेवा सुश्रूषा गरे ।

एक दिन, सुवर्णश्याम नदीमा पानी लिन जाँदा सिकार खेल्न आएका एक राजाले उनमाथि बाण प्रहार गर्दा उनी उही मूर्छित भएर लडे । मूर्छाबाट बिउझाउन उनको आमा बाबु तथा गन्दमादान पर्वतमा बस्ने बसुन्धरा भन्ने एक देवकन्याले पनि आ-आपनो सत्य-क्रिया गरेका थिए । सो बसुन्धरा देवकन्या उत्पलवर्णा भिक्षुणी

---

१. जा. अ क. IV. पृ. ५९ : सङ्खजातकं, नं. ४४२ र महाजनक जातकमा महाजनक बोधिसत्वलाई समुद्र तरिरहेको बेलामा सहायतागर्ने समुद्र देवता पनि उत्पलवर्णा भिक्षुणी नै थिइन् । जा. अ. क. VII. पृ. ५७ : महाजनकजातकं, नं. ५३९

२. लोक-धर्म सेवन विनानै नाभिस्थानको परामर्शद्वारा पारिकाको कोखमा बोधिसत्वले गर्भधारण गर्नु भएको थियो भन्ने कुरा पनि उहीं उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

र बोधिसत्वका आमा बाबु क्रमशः महाकाश्यप स्थविर र भद्राकापिलानी भिक्षुणी थिए[1]।

(१५) मूगपक्ख जातक अनुसार—एक समय, बोधिसत्व बाराणशी राजाका छोरा भई जन्मिनु भएको थियो। त्यस बखत उत्पलवर्णा भिक्षुणी राजदरबारको छानामा बस्ने देवता भएकी थिइन्[2]।

(१६) एक समय, बोधिसत्व बाराणशी देशको एक धनाढ्य ब्राह्मण कुलमा जन्मिनु भई, पछि ऋषिभेष धारण गरी प्रव्रजित हुनु भयो। त्यस बखत बाराणशीका राजा आनन्द र उनकी अग्रमहिषी मृदुलक्षणा (=मुदुलक्खणा) देवी उत्पलवर्णा भिक्षुणी थिइन्[3]।

(१७) अर्को एक जन्ममा बोधिसत्व गन्धारदेशको तक्षशिला नगरको एक ब्राह्मणको घरमा सारम्भ नामक गोरु भई जन्मिनु भएको थियो। ब्राह्मण आनन्द र ब्राह्मणी उत्पलवर्णा भिक्षुणी थिइन्[4]।

१, जा. अ. क. VII. पृ. ८० : सामजातकं, अथवा सुवण्णसामजातकं, नं. ५०

२ जा. अ. क. VII. पृ २४ : मूगपक्ख जातकं, नं. ५३८

३ जा. अ. क. I. पृ २२५ : मुदुलक्खण जातकं, नं. ६६

४ जा. अ. क. I. पृ. ७७ : सारम्भ जातकं, नं. ८८

Downloaded from http://www.dhamma.digital

(१८) कुरुधम्म जातक अनुसार—उत्पलवर्णा भिक्षुणी कुरुदेशको इन्दपत्त (=इन्द्रप्रस्थ) नगरमा एक गणिका भएकी थिइन्। बोधिसत्व कुरुराजा हुनुहुन्थ्यो[१]।

(१९) अर्को एक जन्ममा बोधिसत्व वाराणशी नगरको एक श्रेष्ठी कुलमा जन्मिनु भएको थियो। त्यस बखत बोधिसत्व दान-कार्यमा लागी जीवन बिताउनु हुन्थ्यो। त्यसैले बोधिसत्वलाई 'सुचि-परिवार श्रेष्ठी' भन्दथे। उत्पलवर्णा भिक्षुणी त्यस बखत धृतराष्ट्र महाराजाकी छोरी 'सिरी' भन्ने देवकन्या भएकी थिइन्[२]।

(२०) तेसकुण जातक अनुसार—बोधिसत्व जम्बुक नामक सुघाको बच्चा, सारिपुत्र स्थविर वेस्सन्तर नामक लाटो-कोसेराको बच्चा र उत्पलवर्णा भिक्षुणी कुण्डलिनी नामक मैनाको बच्चा तथा आनन्द स्थविर वाराणशीका राजा थिए[३]।

(२१) उम्मादन्ती जातक अनुसार—अरिट्ठपुर (=अरि-ष्टपुर) नगरका राजा शिवी बोधिसत्व हुनुहुन्थ्यो। वहाँको सेना-पति अहिपारक सारिपुत्र स्थविर र तिरिटिवच्छ सेठकी छोरी उत्पलवर्णा भिक्षुणी थिइन्[४]।

---

१. जा. अ. क I–II. पृ. ६३१ : कुरुधम्म जातकं, नं. २७६

२ जा. अ. क. III. पृ. १८५ : सिरिकालकण्णि जातकं, नं. ३८२

३. जा. अ. क. VI. पृ. १५ : तेसकुण जातकं, नं. ५२१

४. जा. अ. क. VI. पृ. ९८ : उम्मादन्ती जातकं, नं. ५२७

Downloaded from http://www.dhamma.digital

(२१) महाउम्मग्ग जातक अनुसार--उत्पलवर्णा भिक्षुणी भेरी नामक परिव्राजिका थिइन्। बोधिसत्व मिथिला देशको सिरिवड्ढ भन्ने सेठकी पत्नी सुमनादेवीको कोखमा जन्मिनु भएको थियो। वहाँको नाम महोसध थियो[१]।

यसरी उत्पलवर्णा स्थविराको अतीत जीवनमा बुद्धसँग सम्बन्ध रहेका कुराहरू बुझ्ने अरू कुराहरू तल उल्लिखित मूल सूत्रहरूको अध्ययनबाट पाठकहरूले स्वयं अनुमान गर्न सक्नु हुने नै छ।

× × ×

१. जा. अ. क. VII. पृ. ४२० : महाउम्मग्ग जातकं, नं. ५४६

Downloaded from http://www.dhamma.digital

मूल पालि--

१–दूषण गर्‍यो

त्यस समय, उत्पलवर्णा (उप्पलवण्णा) भिक्षुणी प्रति प्रतिबद्ध (=आसक्त) चित्त राखी एक माणवक बसेको थियो[१] ।

अनि एक दिन, उत्पलवर्णा भिक्षुणी गाउँमा भिक्षाटनार्थ गइ-रहनु भएको बेलामा सो माणवक कुटी भित्र पसी लुकेर बस्यो ।

उत्पलवर्णा भिक्षुणी भिक्षाटनबाट फर्की, भोजनोपरान्त खुट्टा पखाली, कुटी भित्र पसेर खाट्मा बस्नु भयो । अनि सो माणवकले उत्पलवर्णा भिक्षुणीलाई समाती दूषण (=मैथुन) गर्‍यो[२] ।

---

१ पारा. पा. पृ. ४३ : विनीतवत्थु, पठमपाराजिकं, अ. क. पृ. १९६

२. यो माणवक उत्पलवर्णा भिक्षुणी कै नातापर्नें एक युवक थियो। गृहस्थी बेला देखिनै सो युवक वहाँ प्रति आसक्त भई बसेको थियो । यो मौकापारी वहाँलाई बलात्कार गरी दूषण गरेर बाहिर निस्कँदा पृथ्वी फाटी त्यसैमा परी अधोगामी भएर गयो भनी सम. पा. पृ. १९६ मा समुल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

उत्पलवर्णा भिक्षुणीले यो (घटनाको) कुरा भिक्षुणीहरूलाई सुनाउनु भयो । भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए । अनि भिक्षुहरूले यो कुरा भगवान्‌लाई सुनाए ।

भगवान्‌ले— "भिक्षुहो ! स्वाद नलिनेलाई (=असादियन्तिया) अनापत्ति अर्थात् दोष छैन" भनी भन्नु भयो ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

२—अन्तरवासक मागी लिए

त्यस समय बुद्ध भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नु भएको थियो[१] ।

त्यस बखत उत्पलवर्णा भिक्षुणी श्रावस्तीमा विहार गर्नु भएको थियो। अनि एक दिन, पूर्वाह्न समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी उत्पलवर्णा भिक्षुणी श्रावस्तीमा भिक्षाटनार्थ जानु भयो । श्रावस्तीमा भिक्षाटन् गरी, भिक्षाटनबाट फर्की भोजनोपरान्त जहाँ अन्धवन हो[२] त्यहाँ दिवा-विहारकोनिमित्त जानुभयो । वन-भित्र गइसक्नु भएपछि, दिवा-विहारकोनिमित्त एक रुखमनी बस्नुभयो ।

---

१. पारा. पा. पृ. ३०१ : पञ्चकनिस्सग्गियं, अ. क. पृ. ४७८

२. यो 'अन्धवन' भन्ने जङ्गल श्रावस्तीको दक्षिण भागमा पर्दछ र श्रावस्तीबाट करीब एक गाउत जति टाढा पर्छ । यो जङ्गल आरक्षा सम्पन्न छ । त्यस जङ्गलभित्र ठाउँठाउँमा ध्यानागार कुटीहरू पनि बनाइराखेका छन् (पपं. सू. II. पृ. १०२) त्यहाँ भिक्षु र भिक्षुणीहरू दिवा-विहार गर्नकोनिमित्त जान्छन् । सं. नि. अ. क. I. पृ १४८ : आलविकासुत्तवण्णना, भिक्खुनी-संयुत्त ।

Downloaded from http://www.dhamma.digital

यस जङ्गललाई किन 'अन्धवन' भनेको हो भन्ने बारेमा पपं. सू. II. पृ. १०१–२ : वम्मीकसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ –

"परापूर्वकालमा काश्यप बुद्ध भगवान् परिनिर्वाण हुनु भएपछि वहाँको अस्ति-धातु राखी एक विशाल चैत्य बनाउने निर्णय भए अनुसार अनागामी भएका सोरत (सं. अ. क. I. पृ. १४८ मा यशोधर भन्ने उल्लेख भएको छ) भन्ने एक उपासक देश देशान्तरमा चन्दा उठाउन गए। एक दिन. उनी फर्किरहेको बेलामा केही डाँकाहरूले उनीसँग प्रशस्त धन सम्पत्ति हुनसक्छ भन्ने आशंकाले उनलाई एक जङ्गलमा समाते। उनीसँग कुनै धन सम्पत्ति नपाउँदा पनि डाँकाहरूको बहुमत अनुसार उनको ज्यान लिइयो। यसै दुष्कर्मले गर्दा डाँकाहरूका आँखाहरू अन्धा भए। त्यहाँ देखि त्यस वनलाई 'अन्धवन' भन्ने नाम रहन गयो।"

सं. नि. अ. क. I. पृ. १४८ अनुसार— "डाँकाहरूले यशोधर अथवा सोरत उपासकको आँखा झिकिदिई अन्धापारेको हुनाले त्यहाँदेखि त्यस वनको नाम 'अन्धवन' रहन गएको हो।"

यो अन्धवन. जेतवनको पछाडिपट्टि पर्छ र त्यस वनमा अनेकौं ध्यानागारहरू छन्। यसै अन्धवनमा धेरै धेरै घटनाहरू घटेका कुराहरू छन् भन्ने कुरा पनि पपं. सू. II. पृ. १०३ मा

Downloaded from http://www.dhamma.digital

त्यस बखत, चोरिसकेपछि, चोरहरू गाई मारी मासु लिई अन्धवनमा पसे । चोर नाइकेले उत्पलवर्णा भिक्षुणीलाई एक रुख-

---

समुल्लेख भएका पाइन्छन् । यी कुराहरू पालिसाहित्यका विभिन्न सूत्रहरूमा तथा विनयपिटकमा पनि पाइन्छन् ।

श्रावस्ती नजिकमा अन्धवन रहे जस्तै साकेत (=अयोध्या) नजिक अञ्जनवन र कण्डकी अथवा कण्टकीवन रहेको कुरा सं. नि. I. पृ. ५१ : ककुधसुत्तंबाट र पदेससुत्तंबाट ज्ञात हुन्छ । कोशल राज्यको नलकपान नजिकको केतक वन (जा. अ. क. I. पृ. १५३ : नलपानजातकं, नं. २०); वैशालीको महावन (बु. रा. पृ. ३९७); कपिलवस्तु नजिकको महावन (बु. रा. पृ. ४६९); शाक्यजनपदको लुम्बिनीवन (बु. प. पृ. २५९) आदि वनहरू छन् । त्यस्तै शाक्यजनपद स्थित चातुमको आमलवन (म. नि. II. पृ. १४१ : चातुमसुत्तं); कुशीनगरको शालवन (बु. ब्रा. पृ. १५२); भग्गदेशस्थित सुंसुमारगिरि नगरको भेसकला वन (बु. गृ. पृ. ४२२); मच्छिकासण्ड नगरको अम्बाटक वन (बु. गृ पृ. १४४); आलवीको सिंसपावन (बु. गृ. पृ. १९३); राजगृहको वेणुवन (बु. प. पृ. ४७०); वज्जिदेशस्थित हस्तिग्रामको नागवन (बु. गृ. पृ. ३३३) तथा अङ्गराज्यस्थित भद्दियनगरको जातियवन (पारा. पा. पृ. ४७७ अं. नि-५ पृ ३०३) आदि वनहरू पनि छन् ।

Downloaded from http://www.dhamma.digital

मनी बसी विवा-विहार गरिरहनु भएको देख्यो । देखेर उसको मनमा यस्तो लाग्यो—

"यदि मेरा भाइ-छोराहरूले (चोरहरूले) देखे भने यी भिक्षुणी लाई कष्ट दिन सक्छन् ।"

यति सोचेर उ अर्कै बाटो लिई गयो[१] । अनि मासु पाकिसके पछि सबभन्दा असल मासु (एक टुक्रा) लिई, पातमा पोको पारी, उत्पलवर्णा भिक्षुणीको नगिचै एक रुखमा झुँडचाई— "जो श्रमण वा ब्राह्मणले देख्छ उसले यो लेओस्, मैले दिइसकें " भनी आवाज दिई सो चोर-नाइके फर्केर गयो ।

चोर-नाइकेको घोषणालाई सुनी उत्पलवर्णा भिक्षुणी समाधि-बाट उठ्नु भयो । त्यसपछि त्यो मासु लिई वहाँ आफू बस्ने ठाउँमा (उपस्सयं) जानुभयो । त्यस रात बितिसके पछि त्यो मासु पकाई, उत्तरासङ्गमा पोकोपारी आकाशमार्गद्वारा गई वेणुवनमा ओल्हिनु भयो । त्यस बखत भगवान् गाउँमा भिक्षाटनार्थ जानु भएको थियो ।

---

१. सो चोर नाइकेले उत्पलवर्णा भिक्षुणीलाई अघिदेखि चिन्दथ्यो । त्यसैले वहाँलाई चोरहरूले देखेर कुनै कष्ट दिनसक्छन् भन्ने विचार गरी उनीहरूलाई बाटो देखाउँदै "यसबाटोबाट न जाऊँ, त्यस बाटोबाट जाऊँ" भनी उनीहरूलाई अर्कैतिर लगेको हो भनी सम. पा. पृ. ४७८ मा समुल्लेख भएको पाइन्छ।

Downloaded from http://www.dhamma.digital

आयुष्मान् उदायी (लाल) एकले विहार-कुरेर बस्नु भएको थिया[1] ।

अनि, उत्पलवर्णा भिक्षुणी जहाँ आयुष्मान् उदायी हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् उदायीलाई यस्तो भन्नुभयो—

"भन्ते ! भगवान कहाँ हुनुहुन्छ ?'

"भगिनी ! भगवान् गाउँमा भिक्षाटनार्थ जानु भएको छ ।"

"भन्ते ! त्यसो भए यो मासु भगवान्लाई दिनुहोस् ।"

"भगिनी ! तिमीले मासुद्वारा भगवान्लाई सन्तर्पित गर्‍यौ । यदि मलाई तिमीले (तिम्रो) अन्तरवासक[2] दिएमा यसरी म पनि अन्तरवासकद्वारा सन्तर्पित हुनेछु ।"

"भन्ते ! हामी स्त्रीजातिलाई कम लाभ हुन्छ । यो मेरो अन्तिम पाँचौं[3] चीवर हो । म दिन सक्दिन ।"

---

१. त्यस दिन विहारमा कुरुवा बस्ने पालो वहाँको थियो । सम. पा. पृ. ४७८

२. भिक्षु भिक्षुणीहरूको लगाउने लुङ्गी जस्तो कपडा ।

३. भिक्षुणीहरूका जम्मा पाँचवटा लगाउने वस्त्रहरू हुन्छन् । जस्तै— (१) सङ्घाटी (= दोबरी चीवर), (२) उत्तरासङ्ग (= एक सरो चीवर), (३) अन्तरवासक (= लुङ्गी), (४) एक चोलो तथा (५) चोलो माथि लगाउने बाहुला नभएको

Downloaded from http://www.dhamma.digital

"भगिनी ! जस्तै कुनै पुरुषले हात्ती विई पछाडि बाँधी उसलाई पछाडितिरबाट समाती राख्छ त्यस्तै तिमीले भगवान्‌लाई मासु विई मलाई अन्तरवासकले बाँधी राखेकी छयौ।

अनि आयुष्मान् उदायीले अति पेले पांछि (निप्पीलियमाना) अर्थात् सारै जिद्दिगरे पछि[१] अन्तरवासक दिई उत्पलवर्णा भिक्षुणी आफ्नो निवासस्थानमा (=उपस्सयं) फर्केर जानुभयो। भिक्षुणीहरूले

एकांश परेको कुर्था जस्तो कपडा (=सङ्घ्चिका)। जति भिक्षुणीहरूका सर्वस्व मानिने पाँच वस्त्रहरू हुन् ती बाहेक अरू कुनै पनि जगेडा वस्त्र आफूसँग नभएको कुरा जनाउँदै उत्पलवर्णा भिक्षुणीले 'यही नै मेरो पाँचौं वस्त्र हो' भनी भन्नु भएको हो। सम. पा. पृ. ४७८

१. उदायी भिक्षुले साँच्चै नै अन्तरवासकको आशागरी मागेका होइनन् किन्तु उत्पलवर्णा भिक्षुणी उत्पल जस्तै अत्यन्त सुन्दरी भएकी हुंदा संयोगवश त्यस्तै एकान्त पनि परेको मौका छोपी वहाँको अधोभाग हेर्ने आशाले मागेका हुन् भनी सम. पा. पृ. ४७८ मा समुल्लेख भएको छ। यी उदायी भिक्षुले भिक्षुणीहरू प्रति केहीन केही अशिष्ट तथा लाजलाग्ने कामहरू गरेका घटनाहरू विनयपिटकमा ठाउँ ठाउँमा समुल्लेख भएका पाइन्छन् जुन कारणहरूले गर्दा भगवान्‌ले एक माथि अर्को नियम र उपनियमहरू बनाउनपरेको थियो।

Downloaded from http://www.dhamma.digital

उत्पलवर्णा भिक्षुणीको पात्र-चीवर लिदै — "आर्या ! तपाइको अन्तर-वासक खोइ त ?" भनी भने । उत्पलवर्णा भिक्षुणीले त्यो कुरा (जम्मै) सुनाउनु भयो । अनि "कस्ता होलान् यी आर्य उदायी, जो कि भिक्षुणीको चीवर लिन्छन्; स्त्रीहरूलाई चीवर वस्त्रहरू कम लाभ हुन्छ" भन्दै भिक्षुणीहरू कराउन थाले, खिन्नहुन थाले तथा धिक्कार्न पनि थाले । अनि भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए । जो ती अल्पेच्छी, लज्जी, संकोची तथा शिक्षाकामी भिक्षुहरू हुन् तिनीहरू— "कस्ता होलान् यी आयुष्मान् उदायी, जो कि भिक्षुणीको चीवर लिन्छन्" भन्दै कराउन थाले, खिन्नहुन थाले, तथा धिक्कार्न पनि थाले । अनि अनेक प्रकारले आयुष्मान् उदायीको निन्दागरी तो भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए ।

अनि यसै कारणमा, यसै सन्दर्भमा भगवान्ले भिक्षुसङ्घलाई एकत्रित पार्नुभई आयुष्मान् उदायीसँग— "उदायी ! साँच्चै हो के तिमीले भिक्षुणीको चीवर लिएको ?" भनी सोध्नु भयो ।

"भगवान् ! साँच्चै हो" भनी आयुष्मान् उदायीले प्रत्युत्तर दिए ।

"उदायी ! (सो भिक्षुणी) तिम्रो ज्यातिका हुन् कि अज्ञातिका हुन् त ?"

"भगवान् ! अज्ञातिका हुन् ।"

"मोघपुरुष ! अज्ञातिक भई अज्ञातिकासँग चीवर लिन योग्य

Downloaded from http://www.dhamma.digital

वा अयोग्य; राम्रो वा नराम्रो भन्ने पनि (तिमीलाई) थाहा छैन । मोघपुरुष ! जहाँ कि अज्ञातिका भिक्षुणीको हातबाट तिमी चीवर लिन्छौ ! मोघपुरुष ! यसले न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सक्छ, न त प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सक्छ··· ।"

"भिक्षुहो ! यसरी शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुले अज्ञातिका भिक्षुणीको हातबाट चीवर[1] लिन्छ त्यो (चीवर) नैसर्गीय[2] (निस्सग्गियं) हुन्छ तथा आपत्ति पनि ।"

× × ×

१. छ प्रकारका चीवरलाई यहाँ चीवर भनिएको हो । पारा. पा. पृ. ३०४ : विभङ्गो । ती हुन्— 'खोमं, कप्पासिकं, कोसेय्यं, कम्बलं, साणं तथा भङ्गं' हो भनी सम. पा. पृ. ४६० मा समुल्लेख भएको छ । यसको पनि पष्टिकरण 'विमतिविनोदनी' टीका पृ. २५७ मा समुल्लेख भएको पाइन्छ ।

२. नैसर्गीय भन्नाले जुन वस्त्रको कारणले दोष लागेको हो सो वस्त्र पनि परित्यक्त गर्नु पर्छ ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—विनय सिक्ने भिक्षुणी

त्यस समय उत्पलवर्णा भिक्षुणीकी एक अन्तेवासिनी (=शिष्या) भिक्षुणी भगवान्‌को पछिलागी सातवर्षसम्म विनय अध्ययन गर्दै थिइन्[1]।

स्मरण शक्ति कम हुनाको कारणले गर्दा पढेको जम्मै उनी बिर्सन्थिन्। एक दिन, उनले सुनिन् कि भगवान् श्रावस्तीमा जाँदै हुनुहुन्छ। अनि उनलाई यस्तो लाग्यो—

"विनयको अध्ययन गर्दागर्दै म सातवर्षसम्म भगवान्‌को पछि लागें। स्मरण शक्ति कम भएको कारणले गर्दा पढेको सबै बिर्सन्छु। स्त्रीजातिले (=मातुगामेन) जीवनभर शास्ताको पछि पछि लाग्नु गहारै छ। (यस्तो अवस्थामा) मैले के गर्नु पर्ला?"

अनि उनले यो कुरा भिक्षुणीहरूलाई सुनाइन्। भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए। भिक्षुहरूले यो कुरा भगवान्‌लाई सुनाए। अनि भगवान्‌ले भन्नुभयो—

---

१. चुल्ल. व. पा. पृ. ३८१ : भिक्खुनिक्खन्धकं।

Downloaded from http://www.dhamma.digital

"भिक्षुहो ! भिक्षुहरूले भिक्षुणीहरूलाई प्रातिमोक्ष[१] पढाउने अनुमति दिन्छु ।"

× × ×

---

१. 'प्रातिमोक्ष' भनेको भिक्षु तथा भिक्षुणीहरूले पालन गर्नु पर्ने नियमहरूको समूह हो । यसमध्ये भिक्षुहरूले पालन गर्नु पर्ने भिक्षु-प्रातिमोक्षमा जम्मा २२७ नियमहरू छन्—

१. पाराजिका	...	४
२. सङ्घादिसेस	...	१३
३. अनियत		२
४. निस्सग्गिय	...	३०
५. पाचित्तिय	...	९२
६. पाटिदेसनीय	...	४
७. सेखिया	...	७५
८. अधिकरण-समथ	...	७
		२२७

भिक्षुणीहरूले पालन गर्नु पर्ने भिक्षुणी-प्रातिमोक्षमा

Downloaded from http://www.dhamma.digital

जम्मा ३११ नियमहरू छन् --

१. पाराजिका	...	८
२. सङ्घादिसेस	...	१७
३. निस्सग्गिय	...	३०
४. पाचित्तिय	...	१६६
५. पाटिदेसनीय	...	८
६. सेखिया	...	७५
७. अधिकरण-समथ	...	७
		३११

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र--

४–तर्साउन आयो

यस्तो मैले सुने[1]

एक समय भगवान श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो ।

त्यस समय, उत्पलवर्णा भिक्षुणी पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ श्रावस्तीमा जानुभयो । श्रावस्तीमा भिक्षाटन् गरी, भिक्षाटनबाट फर्केर भोजनोपरान्त जहाँ अन्धवन हो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि वन भित्र गई, दिवा-विहारकोनिमित्त एक सुपुष्पित शालवृक्षमनी उभिइरहनु भयो ।

अनि पापी मारले उत्पलवर्णा भिक्षुणीलाई भयभीतपार्न लोमहर्षण गराउन तथा समाधिबाट च्युत गराउने कामना गरी माथा भन्न थाल्यो –

"सुपुप्फितं उपगम्म भिक्खुनि,
एका तुवं तिट्ठसि सालमूलं ।

---

१. सं. नि. I. पृ. १३१ : उप्पलवण्णसुत्तं, अ. क. I. पृ. १५०

Downloaded from http://www.dhamma.digital

न चत्थि ते दुतिया वण्णधातु,
बाले न त्वं भायसि धुत्तकानं' ति ॥"

अर्थ—

"सुपुष्पित वनमा आई तिमी एकलै शालवृक्षमनी उभिइरहेकी छयौ, तिमीसँग अरू कोही साथी पनि छैन, के तिमी मूर्ख धूर्तहरू-देखि डराउन्नौ ?"

अनि उत्पलवर्णा भिक्षुणीलाई यस्तो लाग्यो—

"मनुष्य हो कि अमनुष्य हो; को रहेछ यो गाथा भन्ने ?"

फेरि उत्पलवर्णा भिक्षुणीलाई यस्तो लाग्यो—

"यो पापी मार हो; मलाई भयभीत पार्न, लोमहर्षण गराउन तथा समाधिबाट च्युत गराउने कामना गरी गाथा भन्छ ।"

अनि उत्पलवर्णा भिक्षुणीले— "यो पापी मार हो" भनी बुझी पापी मारलाई गाथाद्वारा प्रत्युत्तर दिनु भयो—

१- 'सतं सहस्सानि पि धुत्तकानं,
इधागता तादिसका भवेय्युं ।
लोमं न इञ्जामि न सन्तसामि,
न मारं भायामि तमेकिका पि ॥

Downloaded from http://www.dhamma.digital

२– "एसा अन्तरधायामि, कुच्छिं वा पविसामि ते।
पक्खुमन्तरिकायं पि, तिट्ठन्ति मं न दक्खसि॥

३– "चित्तस्मिं वसीभूताम्हि,[1] इद्धिपादा सुभाविता।
सब्ब बन्धनमुत्ताम्हि, न तं भायामि आवुसो' ति॥"

अर्थ—

१– "शयहजार धूर्तहरू आए पनि तिमी जस्तै हुनेछन्; न मेरो रौं नै हल्लिने छ; न त त्रसित नै हुनेछु; हे मार! एकलै भए पनि म डराउँदिन।

२– "म अन्तर्धान पनि हुन सक्छु; तिम्रो पेट भित्र पनि पस्न सक्छु; तिम्रा दुइ आँखाको बीचमा पनि बस्न सक्छु; तै पनि तिमीले मलाई देख्न सक्ने छैनौ।

३– "मेरो चित्त वशीभूत छ, ऋद्धिपाद पनि सुभावित छ; सबै बन्धनहरूबाट म मुक्त छु; हे आवुसो! न म डराउँछु।"

अनि पापी मार–– "उत्पलवर्णा भिक्षुणीले मलाई चिन्दछिन्" भन्दै दुःखी दुर्मन भई त्यहीं नै अन्तर्धान भयो।

× × ×

---

१. सिंहल, स्याम तथा रोमनमाः 'वसीभूतम्हि'।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र--

५—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं इद्धिमन्तीनं यदिदं उप्पलवण्णा[1]।"

अर्थ--

"भिक्षुहो ! मेरा ऋद्धिमती श्राविका भिक्षुणीहरूमध्येमा उत्पलवर्णा (=उप्पलवण्णा) अग्रछिन्।"

× × ×

१. अं. नि-१ पृ. २५ : एतदग्गवग्गो, अ. क. I. पृ. १८८

Downloaded from http://www.dhamma.digital

मूल पालि--

६–उत्पलवर्णा स्थविरा-गाथा

१– "[1]उभो माता च धीता च, मयं आसुं[2] सपत्तियो।
तस्सा मे अहु संवेगा, अब्भुतो[3] लोमहंसनो॥

२– "धीरत्थु कामा असुची, दुग्गन्धा बहुकण्टका।
यत्थ माता च धीता च, सभरिया[4] मयं अहुं॥

३– "कामेस्वादीनवं दिस्वा, नेक्खम्मं दट्ठुं[5] खेमतो।
सा पब्बजिं[6] राजगहे, अगारस्मानगारियं॥

---

१. थेरी. गा. पा. पृ. ४३४ : उप्पलवण्णाथेरीगाथा, अ. क. १४५

२. सिंहलमा ' आहु ' ।

३. स्याममा: 'अब्भूतो' ।

४. स्याममा: 'सहभरिया' ।

५. रोमनमा: 'दल्ह' ।

६. सिंहलमा: 'पब्बजी' ।

Downloaded from http://www.dhamma.digital

४– 'पुब्बेनिवासं जानामि, दिब्बचक्खुं[७] विसोधितं।
चेतोपरियञ्च ञाणं[८], सोतधातु विसोधिता॥

५– "इद्धी[९] पि मे सच्छिकता, पत्तो[१०] मे आसवक्खयो।
छलभिञ्ञा[११] सच्छिकता, कतं बुद्धस्स सासनं।

६– "इद्धिया अभिनिम्मित्वा, चतुरस्सं[१२] रथं अहं।
बुद्धस्स पादे वन्दित्वा, लोकनाथस्स तादिनो[१३]॥

७– 'सुपुप्फितग्गं उपगम्म पादपं,
एका तुवं तिट्ठसि सालमूले[१४]।
न चा पि ते दुतियो अत्थि को चि,
न त्वं बाले भायसि धुत्तकानं॥

---

७. बर्मीमाः 'दिब्बचक्खु'।

८. सिंहल र स्याममाः 'चेतोपरियञाणं'।

९. सिंहल, स्याम तथा रोमनमाः 'इद्धि'।

१०. सिंहलमाः 'सम्पत्ता आसवक्खयं'।

११. स्याम र रोमनमाः 'छ मे अभिञ्ञा'।

१२. सिंहलमाः 'चरस्स'।

१३. स्याम र रोमनमाः 'सिरीमतो'।

१४. स्याम र रोमनमाः 'रुक्खमूले'।

Downloaded from http://www.dhamma.digital

८- "सतं सहस्सानि[1] पि धुत्तकानं,
समागता एदिसका भवेय्युं।
लोमं न इञ्जे न पि सम्पवेधे,
किं मे तुवं मार करिस्ससेको॥

९- "एसा अन्तरधायामि, कुच्छिं वा पविसामि ते।
भमुकन्तरे[2] तिट्ठामि, तिट्ठन्तिं मं न दक्खसि॥

१०- "चित्तम्हि वसीभूताहं, इद्धिपादा सुभाविता।
छळभिञ्ञा[3] सच्छिकता, कतं बुद्धस्स सासनं॥

११- "सत्तिसूलूपमा कामा, खन्धानं अधिकुट्टका।
यं त्वं कामरतिं ब्रूसि, अरती[4] दानि सा मम॥

१२- "सब्बत्थ विहता नन्दी, तमोक्खन्धो पदालितो।
एवं जानाहि पापिम, निहतो त्वमसि अन्तका॥"

अर्थ --

१- "आमा र छोरी—हामी दुवै यौटैको सपत्नी भएका थियौं;

---

१. सिंहलमाः 'सहस्सान'; स्याम र रोमनमाः 'सहस्सानं'।
२. स्याममाः 'भूमुकन्तरे पि'; सिंहलमाः 'भमुकन्तरे वा'।
३. सिंहलमाः 'छमे अभिञ्ञा'; स्याममाः 'छ मे अभिञ्ञा'।
४. बर्मीमाः 'आरती'।

Downloaded from http://www.dhamma.digital

यसबाट मलाई बडो अद्भूत तथा जिरिङ्ग भई अत्यन्त वैराग उठेको थियो।

२– "धिक्कार छ यो असूचीपूर्ण कामवासनाहरूलाई, जो दुर्गन्ध तथा कण्टकमय छन्; जहाँ कि आमा-छोरी–हामी दुवै सभार्या (यौटै की पत्नी) भएका थियौं।

३– "काम-वासनाको वैगुन देखेर, नैष्क्रम्यको गुण देखेर— हामी घरछाडी राजगृहमा प्रव्रजित भयौं[१]।"

---

१. यी तीन (१–३) गाथाहरू श्रावस्तीवासी एक भिक्षुणीले भनेकी हुन्। (जुन गाथाहरू उत्पलवर्णा भिक्षुणीले पछि उद्धृत गर्नु भएको हो।) भिक्षुणी हुनु अगाडि सो भिक्षुणी श्रावस्ती-वासी एक धनाढ्य व्यापारीकी पत्नी थिइन्।

एक दिन उनको पति उज्यालो भए पछि गाडामा माल-सामानहरू लिई राजगृहतिर व्यापार गर्न गयो। सोही दिनकै बिहान सबेरै उनको गर्भधारण भएको थियो। यसपालि उनको पतिले राजगृहमा धेरै महीना बितायो। केही महीना पछि उनी गर्भवती भएको थाहा पाई उनकी सासूले उनलाई व्यभिचार गरेको दोषारोपण लगाई। उनले— 'तपाइका पुत्र बाहेक मलाई अरू कुनै पनि पुरुष थाहा छैन' भनी जवाफ दिंदा पनि पत्यार नगरी उनकी सासूले उनलाई घरबाट

Downloaded from http://www.dhamma.digital

निकाली दिई । अनि उनी आफ्नो पति खोज्न राजगृहतिर लागिन् । राजगृह पुग्नु अगाडि बीच बाटोमै कर्मजवायु चली प्रसव भयो र एक अत्यन्त सुन्दर बालक जन्माइन् । बालक जन्मेपछि बालकलाई एक अनाथ-शालामा सुताई आफू नुहाइ-धुवाई गर्न गइन् । यसै बीच राजगृह बस्ने एक अपूतो गाडिवान्ले देखी 'अहो, यो बालक त मेरै पुत्र हुनेछ' भन्दै सो बालक लिएर गयो । केही बेरपछि उनी आउँदा अनाथ-शालामा आफ्नो बालकलाई नदेखी सारै दुःखी भई राजगृहतिर नगई अर्कै बाटो लागिन् ।

त्यस बाटोमा उनलाई एक डाकुको नाइकेले देखी उनी प्रति आसक्त भई उनलाई आफ्नी पत्नी बनाई लग्यो । उसको घरमा बस्दाबस्दै फेरि उनले एक पुत्री जन्माइन् ।

एक दिन, बालिका काखमा लिई बसिरहेको वेलामा आफ्नो पतिसँग केही कुरामा झगडापरी उनले बालिकालाई खाट्मा फाल्दा बालिकाको टाउको फुट्यो र पतिको डरले उनी भागेर पुनः राजगृहमा गई त्यहाँ स्वेच्छाचारी जीवन लिई दिन बिताउन थालिन् ।

एक दिन, प्रथमबैंशमा पुगेको आफ्नै छोरासँग प्रेम गरी उसैको पत्नी भएर बसिन् । केही दिन पछि उसले त्यो डाकाको नाइकेकी छोरीलाई पनि विवाह गरेर ल्यायो । यसरी आमा पनि छोरी पनि—छोरा भनी न चिनेर—आफ्नै

Downloaded from http://www.dhamma.digital

छोराकै पत्नी भएर बसे ।

एक दिन, आमा चाहिले छोरी चाहिलाई चूल्ठो फुकाई कपालमा जुम्रा हेरिरहेको वेलामा उनले छोरीको टाउकोमा फुटेको चिन्ह देखेर 'शायद यी मेरै छोरी त होइनन् के' भन्ने मनमा लागेपछि सोधपूछ गर्दा आफ्नै छोरी तथा आफ्नै छोरा रहेछन् भन्ने थाहा पाए पछि 'अहो संसार ! कस्तो घटना भएको होला, आमा पनि छोरी पनि आफ्नै छोरासँग बस्न परेको ! हरे कामान्धकार !' भन्ने मनमा सारै विरक्त लागे पछि आमा छोरी दुवै जना राजगृहको भिक्षुणी-निवासमा गई भिक्षुणी भए ।

यीनै भिक्षुणीले उपरोक्त तीन गाथा भनेकी थिइन् । पछि उत्पलवर्णा भिक्षुणीले सो कुरा सुनी 'हरे कामान्धकार !' भन्दै काम वासनाको दुष्परिणामलाई औल्याउनु हुँदै उक्त तीन गाथाहरू आफूले पनि भन्नु भएको हो र तदनन्तर आफू त्यस्ता कामान्धकारबाट टाढा भइसकेको मात्र न भई सबै आस्रवहरू समेत आफूले क्षय गरी अनेक अलौकिक धर्महरू समेत् प्राप्त गरिसकेको कुरा प्रकट गर्नु हुँदै त्यस पछिका दुइ गाथा-हरू (४, ५) बताउनु भएको हो भनी थेरीगाथा अर्थकथाले उल्लेख गरेको छ । थेरी. गा अ. क पृ. १५५ : उप्पलवण्णा-थेरीगाथट्ठकथा ।

छोरा हुने पनि भिक्षु भई रूक्ष चीवर धारणगरी 'अरहत्व प्राप्त नभएसम्म कसैसँग बोल्ने छैन' भन्ने दृढ

Downloaded from http://www.dhamma.digital

४– "पूर्वेनिवासलाई जान्दछु, दिव्यचक्षु विशुद्ध छ; चेतोपरिय-ज्ञान र दिव्यश्रोत पनि विशुद्ध नै छ।

५– "ऋद्धि प्राप्त गरेकी छु, आस्रवक्षय गरिसकेकी छु; षड-भिज्ञ-ज्ञान पनि साक्षात्कार गरी मैले बुद्धशासनलाई पूरा गरेकी छु।

६– "ऋद्धिद्वारा चारघोडे-रथ निर्माणगरी, लोकनाथ तथा अकम्प्य हुनु भएका बुद्धको पाउमा मैले वन्दना गरें[1]।

प्रतिज्ञा गरी एक गङ्गाको तीरमा बस्नुभयो। त्यसैले पालि-साहित्यले वहाँलाई 'गङ्गातिरीयथेर' भनी नाम करण गरेको हो। थेर. गा. अ. क. I. पृ. २४८ : गङ्गातिरीय थेरगाथट्ठ-कथा।

१ श्रावस्तीको गण्डम्ब-वृक्षमनी बुद्धले यमकप्रातिहार्य देखाउने बेलामा उत्पलवर्णा भिक्षुणीले 'तीर्थीयहरूलाई मर्दनगर्न आफूले पनि ऋद्धि-प्रातिहार्य देखाउँछु' भनी भगवान्‌सँग बिन्तिगर्दै यो गाथा भन्नु भएको थियो। थेरी. गा. अ. क. पृ. १५६; यमकप्रातिहार्यको वर्णन धम्मपदट्ठकथा पृ. ४३३-४७ : यमक-पाटिहारियकथा, बुद्धवग्गो-१४ मा समुल्लेख भएको पाइन्छ। यस सम्बन्धमा केही कुराहरू बु. प. पृ. २०-२८ मा पनि समुल्लेख भएका छन्। लेखकको बु.श्रा. च. पृ. ३०-३१ मा पनि हेर्नू। पटि. म. पा. पृ. १३८ : यमकपाटिहीरञाणनिद्देसमा पनि हेर्नू।

Downloaded from http://www.dhamma.digital

७– "सुपुष्पित वनमा आई तिमी एक्लै शालवृक्षमनी उभिइ-रहेकी छयौ, तिमीसँग अरू कोही साथी पनि छैन, के तिमी मूर्ख धूर्त-हरूदेखि डराउन्नौ[१] ?

८– "(हे मार !) शयहजार धूर्तहरू जम्मा भएर आए पनि (उनीहरू) तिमी जस्तै हुनेछन्; उनीहरूले मेरो एक रौं पनि हल्लाउन सक्ने छैनन्, अतः म एकलै भए पनि डराउँदिन[२] ।

९– "हेर, म अन्तर्धान पनि हुन सक्छु, तिम्रो पेट भित्र पनि पस्न सक्छु; तिम्रा दुइ आँखाको बीचमा पनि म बस्न सक्छु, तै पनि तिमीले मलाई देख्नसक्ने छैनौ ।

१०– "मेरो चित्त वशीभूत छ, ऋद्धिपाद पनि सुभावित छ; षडभिज्ञ-ज्ञानलाई साक्षात्कार गरी मैले बुद्धको शासन पूरा गरेकी छु ।

---

१. एक दिन, श्रावस्तीस्थित अन्धवनमा बसिरहेकी उत्पलवर्णा भिक्षुणीलाई ध्यानबाट च्युत गराउन र तर्साउने विचारगरी मारले यो गाथा सुनाएको थियो । थेरी. गा. अ. क. पृ. १५६: यस घटनाको कुरा माथि पृ. २७७ 'तर्साउन आयो' शीर्षकमा उल्लेख भएको छ ।

२. मारले भनेको उपरोक्त कुरा सुनी उत्पलवर्णा भिक्षुणीले मार-लाई तर्जनगर्दै आफ्नो शक्तिको परिचय दिनुहुँदै वहाँले यस पछिका गाथाहरू सुनाउनु भएको हो । थेरी. गा. अ. क. पृ. १५६

Downloaded from http://www.dhamma.digital

११– "यो काम-वासना भनेको तीर र शूल जस्तै हो, काम-वासनाकै कारणले गर्दा स्कन्धरूपी यो देह भेद-भिन्न पनि हुन्छ; जो तिमी काम-रतिको बारेमा बोल्दै छौ—त्यो मेरो लागि अब अरति भइ-सक्यो ।

१२– "तृष्णारूपी सबै नन्दी-रागलाई मारिसकें, अँध्यारोपन-लाई हटाइसकें; हे पापिम ! हे अन्तक ! यस्तो जान कि तिमी मारिइसक्यौ ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि--

७–उत्पलवर्णा स्थविरापदान

१– " (सङ्गीतिकार भन्दछन्)—[१] ऋद्धिमा पारङ्गत हुनु भएकी उत्पलवर्णा भिक्षुणीले शास्ताको चरणकमलमा वन्दना गरी यस्तो भन्नुभयो ।

२-४– "हे महामुनी ! 'म जाति-संसारबाट उत्तीर्ण भएं, मैले अचल-पद प्राप्त गरें तथा सबै दुःखलाई परिक्षीण गरें भनी शास्तामा प्रसन्न हुने जति परिषद् छन् ती सबैलाई म भन्दछु । हे जिन ! यदि ममा कुनै अपराध छ भने मलाई क्षमा गर्नुहोस् । हे महावीर ! संसारमा विचरण गर्दा यदि ममा कुनै अपराध भएको भए त्यसलाई पनि क्षमा गर्नुहोस् ।'

५– " (शास्ताले भन्नु भयो)— 'शंकानिवारणार्थ मेरा शासनकारी चार परिषद्हरूलाई आज तिमीले ऋद्धि देखाऊ !'

६-७– " (उत्पलवर्णा भिक्षुणी भन्नु हुन्छ)— 'हे महा-

---

१. थेरी. अप. दा. पा. पृ २२३ : उप्पलवण्णाथेरी अपदानं ।

Downloaded from http://www.dhamma.digital

वीर ! हे प्रज्ञावान् ! हे ज्योतिधर ! म तपाइकी छोरी हुँ, मैले अघि धेरै कठोर चर्या गरेकी थिएँ । हे महावीर ! उत्पलकै वर्ण भएकी नामले पनि उत्पलवर्णा भएकी तपाइकी श्राविकाले चक्षुमान् बुद्धको पाद-कमलमा वन्दना गर्छे[1] ।

८·१०– 'अनेक शय जन्महरूमा राहुल र म[2] एकै संकल्प लिई एकै जातिमा जन्म्यौं । (तपाइका) राहुल भन्ने पुत्र र उत्पलवर्णा भन्ने पुत्री[3] अघि एकै जाति तथा एकै ठाउँमा जन्मेका थियौं ।

---

१. "धीता तुय्ह महावीर, पञ्ञवन्त जुतिन्धर ।
बहुं च दुक्करं कम्मं, कतं मे अतिदुक्करं ।।
उप्पलस्सेव मे वण्णो, नामेनुप्पलनामिका ।
साविका ते महावीर, पादे वन्दामि चक्खुम ।।" थेरी. अप. दा. पा. पृ. २२४

२. "राहुलो च अह चेव, नेकजातिसते बहू ।
एकस्मिं सम्भवे जाता, समानच्छन्दमानसा ।।
निब्बत्ति एकतो होति, जातिया पि च एकतो ।
पच्छिमे भवे सम्पत्ते, उभो पि नानासम्भवा ।।
पुत्तो च राहुलो नाम, धीता उप्पलसह्वया ।
पस्स वीर मम इद्धिं. बल दस्सेमि सत्थुनो ।।" थेरी. अप. दा. पा. पृ. २२४

३. हेर. जा. अ. क. III. पृ. ११६ : उरगजातकं, नं. ३५४; उहीं पृ. २७१ : कुम्भकारजातकं, नं. ४०८

Downloaded from http://www.dhamma.digital

किन्तु यो अन्तिम जन्ममा हामी दुवैले भिन्नाभिन्न भई जन्म लियौं। हे वीर! मेरो ऋद्धि हेर्नुहोस्, शास्तालाई म ऋद्धिबल देखाउने छु[१]।'

११-१४– '(आँन वहाँले) हत्केलामा तेल राख्ने जस्तै र हत्केलामा बालक खेलाउने जस्तैगरी चार महासमुद्रलाई हत्केलामा (पंजामा) राख्नु भयो। छिविरे माछालाई युवकहरूले हातमा लिनेझैं पृथ्वीलाई हातमा लिनु भयो। चक्रवाल समान हत्केलाले मस्तकमा छोपी अनेकवर्णका वर्षा गराउनु भयो। भूमिलाई[२] ओखल बनाई, गिर्खालाई धान बनाई, सुमेरुलाई मुसल बनाई कुमारीले धान कुटेझैं कुट्न थाल्नु भयो।

१५-१६– 'म बुद्ध-श्रेष्ठकी छोरी हुँ, मेरो नाम उत्पलवर्णा (उप्पलवण्णा) हो; अभिज्ञानलाई वशीभूत गरी तपाइको शासन पालन गरें। हे चक्षुमान्! नानाप्रकारका ऋद्धि देखाई, नाम र गोत्र पनि सुनाई लोकनायकलाई वन्दना गर्छु।

१७-१९– 'हे महामुनी! ऋद्धि विषयमा, दिव्य-श्रोतमा तथा चेतोपरियज्ञानमा पनि म वशी प्राप्त छु। पूर्वजन्मका कुराहरू जान्दछु,

---

१. हेर. जा. अ. क. I. पृ. १४७ : तिपल्लत्थजातकं, नं. १६

२. "भूमिं उदुक्खलं कत्वा, धञ्ञं कत्वान सक्खरं।
सिनेरुं मुसलं कत्वा, मद्दि कोमारिका यथा॥" थेरी. अप. दा. पा. पृ. २२४

Downloaded from http://www.dhamma.digital

मेरो दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू परिक्षीणछन् तथा अब-उप्रान्त मेरो पुनर्भव पनि छैन। महर्षीको स्वभावानुसार मेरो अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण-ज्ञान पनि निर्मल नै छ।

२०-२१– 'पूर्व जिनाग्रहरूको संगमलाई मैले तपाइका समक्ष निदर्शन दिएकी हुँ; हे महामुनी! तपाइकोनिमित्त यो अधिकार मैले पूर्ण गरेकी हुँ। हे मुनी! मैले पूरा गरेको कुशल कर्मलाई स्मरण गर्नु होस; तपाइकै कारणले मैले धेरै पुण्य संचय गरें।

२२-२३– '(तपाइले) मलाई अभव्यस्थानबाट रोकी, अनाचारबाट बचाउनु हुन्थ्यो; हे महावीर! तपाइकैनिमित्त मैले मेरो उत्तम जीवन पनि परित्याग गरें। दशकोटी हजार मेरो जीवन दिएँ, हे महामुनी! तपाइकैनिमित्त मैले त्याग गरेकी हुँ[1]।'

२४– "अनि, त्यस बखत अति विस्मित भएका सबैले नमस्कार गर्दै 'हे आर्या! तपाइले के के अतुल ऋद्धि पराक्रम गर्नु भयो त हामीलाई सुनाउनु होस्' भनी मलाई भने।

---

१. "अभब्बट्ठाने वज्जेत्वा, वारयन्ती अनाचरं।
तवत्थाय महावीर, चत्तं मे जीवितुत्तमं॥
दसकोटिसहस्सानि, अदासिं मम जीवितं।
परिच्चत्ता च मे होमि, तवत्थाय महामुनि॥" थेरी. अप. दा. पा. पृ. २२५

Downloaded from http://www.dhamma.digital

पद्मोत्तर बुद्धको पालामा

२५-३५— 'एक लाख कल्प अघि कन्याहरूमध्येमा साधु सम्मत पाएकी विमला नामक म नागकन्या भएकी थिएँ। जिन शासनमा प्रसन्न भएका महानागराजाले महातेज सम्पन्न हुनु भएका पद्मोत्तर (पदुमुत्तर) बुद्धलाई, श्रावकहरू सहित निम्त्याए। सबै रत्नमय आसनहरू तयार पारी, रत्नमयकै बाटो तयारपारी, रत्नमयकै ध्वजा पताकाहरूले सजाई सम्बुद्धको प्रत्यागमन गरे। चार परिषद्हरूद्वारा परिवृत्त हुनु भएका लोकनायक, महानागराजाको भवनको परमासनमा बस्नुभयो। नागराजाले अत्युत्तम खाद्य-भोज्यहरू बहाँलाई सन्तर्पित गरे। भोजनोपरान्त सम्बुद्धले नागकन्या लगायत सबैलाई अनुमोदन गर्नुभयो। अति प्रफुल्लित तथा अति प्रसन्न हुनु भएका बुद्धलाई देखेर नागकन्या पनि अत्यन्त प्रसन्न भई बुद्ध प्रति सुनिबद्ध चित्तगरी बसिन्। मेरो सुनिबद्ध प्रसन्न चित्तलाई जानी त्यस बखत, महावीरका अग्रोत्तमा नामक भिक्षुणीले ऋद्धि प्रातिहार्य देखाउनु भयो। बहाँ विशारदा भिक्षुणीले देखाउनु भएको अनेक प्रकारका ऋद्धिहरू देखेर अति प्रमुदित भएकी मैले शास्तासँग विन्तिगरें— 'यो ऋद्धि प्रातिहार्य मैले देखें, यसबाट सबै प्रसन्न भयौं; हे वीर! कसरी बहाँ ऋद्धि विषयमा सुविसारदा हुनु भएकी[1] ?'

---

१. अं. अ. क. I. पृ. १८८ मा र थेरी. गा. अ. क. पृ. १४५ मा भने यस सम्बन्धमा केही भिन्न कुराहरू उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

३६– "(बुद्धले भन्नु भयो)— 'वचनरूपी धर्मबाट जन्मेकी मेरी औरस पुत्री महर्द्धिका छन्, मेरो शासन पूरागर्ने भएकीले ऋद्धि विषयमा सुविशारदा भएकी छन् ।'

३७-४०– "बुद्धको वचन सुनी त्यस बखत मैले यस्तो प्रार्थना गरें— 'म पनि ऋद्धिमती सुविशारदा भई त्यस्ती हुनसकूँ ! हे नाथ ! अनि म उत्तम मन लिई अनागतकालमा त्यस्ती हुनेछु भनी प्रसन्न भएँ । त्यस पछि मैले मणिमय प्रभास्वर आसनमा बसिरहनु भएका ससंघ लोकनाथलाई अन्नपानद्वारा तर्पित गरें । नागहरूको श्रेष्ठोत्तम 'अरुण' भन्ने पद्मपुष्पद्वारा 'यस्तै मेरो वर्णहोस्' भनी लोकनायकलाई पूजा गरें ।

४१– 'त्यस सुकृत्यकार्यद्वारा र चेतना प्रणिधीद्वारा मनुष्यदेह त्यागी त्रयस्त्रिंश भवनमा पुगें[१] ।

४२– 'त्यहाँबाट च्युत भए पछि मनुष्यलोकमा उत्पन्न भई मैले उत्पलहरूले प्रतिच्छन्न गरी प्रत्येक बुद्धहरूलाई भिक्षा-भोजन पनि दान दिएँ[२] ।

---

१. "तेन कम्मेन सुकतेन, चेतनापणिधी हि च ।
जहित्वा मानुसं देहं, तावतिंसमगच्छहं ।।" थेरी. अप. दा. पा. पृ. २२६

२. "ततो चुताहं मनुजे, उपपन्ना सयम्भुनो ।
उप्पलेहि पटिच्छन्नं, पिण्डपातमदासहं ।।" थेरी. अप. दा. पा. पृ. २२६

Downloaded from http://www.dhamma.digital

विपश्वी बुद्धको पालामा

४३– 'एकानब्बे कल्प अघि राम्ररी देख्ने तथा सर्व धर्ममा चक्षुमान् हुनु भएका विपश्वी (विपस्सी) नामक बुद्ध उत्पन्न हुनु भयो ।

४४-४५– 'त्यस बखत, बाराणशी नगरका श्रेष्ठीकी छोरी भई मैले ससङ्घ लोकनायक सम्बुद्धलाई निम्तोगरी महादान दिई विनायक बुद्धलाई उत्पल-पुष्पद्वारा पूजागरी त्यस्तै रूप-वर्णहोस् भनी प्रार्थना गरें ।

काश्यप बुद्धको पालामा

४६-४८– 'यसै भद्रकल्पमा, महायश प्राप्त, ब्रह्मबन्धु हुनु भएका काश्यप (कस्सप) बुद्ध, काश्यप भन्ने गोत्रमा जन्मिनु भयो । त्यस बखत, वाराणशीका किकी नामक राजा महर्षी बुद्धका उपस्थाक थिए । [१]म वहाँकी श्रमणगुप्ता (समणगुत्ता) नामकी दोश्री छोरी भएकी थिएँ र जिनाग्र बुद्धको धर्म सुनेर प्रव्रजित हुन चाहेकी थिएँ ।

---

१. "तस्सासिं दुतिया धीता, समणगुत्तसह्वया ।
धम्मं सुत्वा जिनग्गस्स, पब्बज्जं समरोचयिं ॥" थेरी. अप दा. पा. पृ. २२७

Downloaded from http://www.dhamma.digital

४९– 'तर हाम्रा पिताले हामीलाई अनुमति दिनु भएन र हामी बीसहजारवर्षसम्म अप्रमादी भई घरमै बस्यौं[1] ।

५०-५१– 'अनि श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षु-दायिका, धर्मा सुधर्मा, र सङ्घदायिका वा सङ्घदाशी भन्ने हामी सात दिदी-बहिनी राजकन्याहरूले बीसहजार वर्षसम्म कौमारी ब्रह्मचर्य पालन गरी, सुखपूर्वक प्रमुदित भएर निरन्तर बुद्धको उपस्थान गर्‍यौं ।

५२– ' (ती सात बहिनीहरू अहिले) – म र प्रज्ञावती क्षेमा, पटाचारा, कुण्डला, कृषा गौतमी, धर्मदिन्ना अनि सातौं विशाखा (उपासिका) हुन् ।

५३– 'त्यही सुकृत्य-कर्मको र चेतना-प्रणिधीको फलले मनुष्यदेह छाडी म त्रयस्त्रिंश भवनमा पुगें ।

५४– 'त्यहाँबाट च्युत भई मनुष्यलोकमा महाकुलमा जन्मी अत्यन्त उत्तम तथा रात्रो पीतवस्त्र धारी अरहत्लाई पूजागरें ।

५५– 'त्यहाँबाट च्युत भई म अरिष्ट[2] (अरिट्ठ) पुरमा

---

१. "अनुजानि न नो तातो, अगारेव तदामयं ।
वीसवस्ससहस्सानि, विचरिम्ह अतन्दिता ॥" थेरी. अप. दा. पा पृ २२७

२ यो नगरमा सिवी (=शिवी) राजाले राज्य गर्दथे । यो नगर मिथिलाबाट पश्चाल जाने बाटोमा पर्छ भनी D. P. P. I. पृ. १७६ मा डा० मललसेकरले उल्लेख गरेका छन् । G.

Downloaded from http://www.dhamma.digital

विप्रकुलगृहमा तिरतीवच्छकी उम्मादन्ती[1] भन्ने मनोहरा छोरी भई जन्में[2] ।

५६-५८– 'त्यहाँबाट च्युत भई एक गरीबको कुलमा जन्मी खेत हेर्ने काम गर्थें । त्यस बखत प्रत्येकबुद्धलाई देखेर मैले पाँचशय लाजाहरू र पद्मका फूलहरू प्रदान गरी पाँचशय पुत्रहरू पाउनसकूँ भन्ने प्रार्थना गरें । अनि त्यहाँबाट च्युत भई जङ्गलमा पद्मगर्भमा जन्में (अजातिं पदुमोदरे) ।

५९-६०– 'त्यस पछि काशी राजाकी प्यारी महिषी भई पाँचशय पुत्रहरू जन्माएँ[3] । यौवन अवस्थामा पुगेपछि एक दिन उनीहरू

D. पृ. ११ मा नन्दलाल डे ले यस ठाउँको निर्णय गर्न सकिएको छैन भनी उल्लेख गरेका छन् । बु. भा. भू. पृ. ४७६-७७ मा भरतसिंह उपाध्यायले यस सम्बन्धमा अनेक विचारणीय कुराहरूको छलफल गरेका छन् ।

१. हेर. जा. अ. क. VI. पृ. ८४ : उम्मादन्तीजातकं, नं. ५२७

२. "ततो चुतारिट्ठपुरे, जाता विप्पकुले अहं ।
धीता तिरिटिवच्छस्स, उम्मादन्ती मनोहरा ।।" थेरी. अप. दा. पा. पृ. २२७

३. यी पाँचशय पुत्रहरू पाएका कुराहरूका सम्बन्धमा विस्तृत कुरा अ. नि. अ. क. I. पृ. १८९–९३ : एककनिपात र थेरी. गा. अ. क. पृ. १४६–५० : उप्पलवण्णाथेरीगाथट्ठकथामा समुल्लेख भएका पाइन्छन् ।

Downloaded from http://www.dhamma.digital

जलकुंडा गर्दै थिए र त्यहाँ पद्म फूलहरूका पातहरू खसेका देखेर उनीहरू सबैले प्रत्येकबुद्धत्व-ज्ञान प्राप्त गरे।

६१-६४– 'सो म उनीहरूसँगबाट वियोग भई, शोकको कारणले गर्दा त्यहाँबाट च्युत भई, (राजगृहको) ऋषिगिरी पहाड निरको (= इसिगिलिपस्से) एक गाउँमा जन्में। एक दिन, म आफ्नो लोग्नेलाई यागु लिएर गइरहेको वेलामा श्रुतमती आठ प्रत्येकबुद्धहरू गाउँमा भिक्षाटनार्थ गइरहनु भएको देखेर मेरो मनमा अतीत पुत्र-प्रत्येक बुद्धहरूको स्मरण आई पुत्र-प्रेमको कारणले मेरो दूध बग्न थाल्यो[१]। अनि मैले वहाँहरूलाई प्रसन्नचित्त गरी यागु दान दिएँ। त्यस पछि त्यहाँबाट च्युत भई नन्दन (देवलोक) मा उत्पन्न भएँ।

वर्तमान-कथा

६५-६६– 'सुख दुःख अनुभव गरी, संसारमा विचरणगर्दै, हे महावीर! तपाईकैनिमित्त जीवन परित्याग गरें। यसरी दुःख पनि बहुविध, सुख पनि बहुविध भोग गरी अन्तिम जन्ममा पुग्दा श्रावस्तीमा जन्में[२]।

---

१. "भिक्खाय गामं गच्छन्ते, दिस्वा पुत्ते अनुस्सरि।
खीरधारा विनिगच्छि, तदा मे पुत्तपेमसा।।" थेरी. अप. दा. पा. पृ. २२८

२. "अनुभोत्वा सुखं दुक्खं, संसरित्वा भवाभवे।
तवत्थाय महावीर, परिच्चत्तं च जीवितं।।
एवं बहुविधं दुक्खं, सम्पत्ति च बहुब्बिधा।
पच्छिमे भवे सम्पत्ते, जाता सावत्थियं पुरे।।" थेरी. अप. दा. पा. पृ. २२८

Downloaded from http://www.dhamma.digital

६७-७०– 'सबै काममुख समृद्ध भएका अनेक रत्नहरू सुसम्पन्न भएका तथा अनेक सुसज्जित महाधनी श्रेष्ठी कुलमा; रूप श्रीसम्पत्तिले सम्पन्न भई, अनेक मानसत्कारहरू प्राप्त गरी; अनेक रूप-भोगसम्पत्ति परिपूर्ण भएका; अनेक श्रेष्ठी पुत्रहरूद्वारा मागे ता पनि म घर छाडी अनागारिका भई प्रव्रजित भएँ र दुइहप्ता न पुग्दै मैले चार सत्यज्ञान-लाई अवबोध गरें[१] ।

७१-७७– 'ऋद्धिद्वारा चारघोडे-रथ निर्माण गरी, लोकनाथ तथा अकम्प्य हुनु भएका बुद्धको पाउमा वन्दना गरें[२] .. ।

७८– 'यी गुणहरूमा सन्तुष्ट भई विनायक जिनले मलाई ऋद्धि-मती भिक्षुणीहरूमध्येमा अग्रस्थानमा राख्ने घोषणा परिषद्को अगाडि सुनाउनु भयो ।

७९– 'जसकोनिमित्त घरछाडी प्रव्रजित भएको थिएँ त्यो मेरो अर्थ पूरा भइसक्यो र सबै भवसंयोजनहरू पनि क्षय भइसके ।

८०– बुद्धलाई मैले चिनी सकें, बुद्धशासनलाई पूरागरिसकें, मरुँगो भारलाई बिसाइसकें तथा भवजाललाई समुच्छेद गरिसकें ।

---

१. "अगारं पजहित्वान, पब्बजि अनगारियं ।
अड्ढमासे असम्पत्ते, चतुसच्चमपापुणि ।।" थेरी. अप. दा. पा. पृ. २२९

२. "यहाँका अरू गाथाहरूका अर्थहरू... 'उत्पलवर्णा स्थविरा-गाथा' शीर्षक अन्तर्गत पृ. २८२ मा उल्लिखित ७ देखि १२ सम्मका गा. न. दोहऱ्याई पढ्नू ।

Downloaded from http://www.dhamma.digital

८१– 'चारैतिरबाट चीवरहरू, भिक्षा भोजनहरू, अरू प्रत्ययहरू तथा शयनासनहरू क्षणभरमै सबैले अर्पित गरे।

८२– 'सबै क्लेशहरू भस्म भइसके, सबै भव-तृष्णाहरू नाश भइसके, बन्धन चुडाली बस्ने नाग (=हात्ती) जस्तै अनास्रवी भई म विहार गर्छु।

८३– 'मेरो बुद्धको अगाडि मलाई स्वागत नै छ, तीन-विद्या प्राप्त गरी मैले बुद्ध-शासन पूरा गरें।

८४– 'चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा छ-अभिज्ञानहरू समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु'।"

× ÷ ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

८–आयाचना

"भिक्षुहो ! श्रद्धालु भिक्षुणीले सम्यक्रूपले आयाचना गर्ने हो भने यसरी आयाचना गर्नुपर्छ[१] –

'त्यस्ती हुन सक्नें जस्तै क्षेमा भिक्षुणी र उत्पलवर्णा भिक्षुणी हरू छन् ।'

"भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा भिक्षुणी र उत्पलवर्णा[२] भिक्षुणीहरू नै प्रमाणकर तथा तुलादण्ड हुन् ।"

× × ×

---

१. अं. नि-२ पृ. ८१ : आयाचनवग्गो, अ. क. I. पृ. ३३४; अं नि-४ पृ. १७४ : आयाचनसुत्तं ।

२. उत्पलवर्णा भिक्षुणी ऋद्धिवती भिक्षुणीहरूमध्येमा अग्र छिन् । अं. नि. अ. क. I. पृ. ३३४

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

९–मापदण्ड

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । त्यहाँ भिक्षुहरूलाई "भिक्षुहो !" भनी (भगवान्‌ले आमन्त्रण गर्नुभयो) "भदन्त !" भनी भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले भिक्षुहरूलाई यस्तो भन्नु भयो –

"भिक्षुहो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ– जसले अनुत्तर योगक्षेम प्राप्तिकोनिमित्त बाधा पुऱ्याउँछ । भिक्षुहो ! त्यसो हुनाले तिमीहरूले— 'उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई छाड्ने छौं र उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई चित्तमा लिई बस्ने छैनौं' भन्ने सिक्नुपर्छ ।

"भिक्षुहो ! श्रद्धालु एक पौत्रिका उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने— 'हे आर्या ! तिमी खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता जस्ती हुनसक'

---

१. सं. नि. II. पृ १९६ : एकधीतुसुत्तं, अ क II. पृ. १५६

Downloaded from http://www.dhamma.digital

भन्ने कामना गर्नुपर्छ । भिक्षुहो ! (किनभने) खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता नै मेरा श्राविका उपासिकाहरूमध्येमा माप-दण्ड र प्रमाणकर हुन् । 'हे आर्या ! यदि तिमी घरबार छाडी अना-गारिका भई प्रव्रजित हुन चाहन्छ्यौ भने —क्षेमा र उत्पलवर्णा भिक्षुणीहरू जस्तै हुनसक' भन्ने कामना गर्नुपर्छ । (यस पछिका कुराहरू माथि पृ. २२९ मा उल्लेख भइसकेकोले उहीं पढ्नू) ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

४. पटाचारा स्थविरा

प रि च य

पटाचारा स्थविरा गृहस्थीमा छँदा आफ्ना आमा-बाबुहरूले समान जातिसँग विधिवत् विवाह गरिदिन लाग्दा आफ्नो प्रेमी नोकर-सँग घरबाट निस्की पछि भिक्षुणी भएकी थिइन् ।

गृहस्थीमा

भगवान् बुद्धको पालामा, अति समृद्धशाली कोशल राज्यको राजधानी श्रावस्ती नगर थियो । यस नगरमा अनेकौं धनाढ्य साहु-महाजनहरू थिए । पटाचारा स्थविरा ४० कोटी धन सम्पत्तिका मालिक एक सेठकी छोरी भई जन्मेकी थिइन् । उनको एक भाइ पनि थियो । एकली छोरी र एकला छोरा भएकोले आमा बाबुहरूका तरफबाट जति हेरचाह र माया पाउनुपर्ने हो त्यति नै माया उनी-हरूले पाइरहेका थिए । सोह्र वर्षको उमेर पुग्न लागेपछि पटाचाराका आमा-बाबुहरूले उनलाई सातताले प्रासादमाथि राखी सुरक्षा गरेका थिए[१] । आमा बाबुहरूले जतिसुकै निगरानी राखी सुरक्षा गरी

---

१. धम्म. प. अ. क. पृ. ३३९ : पटाचारत्थेरियावत्थु, सहस्सवग्गो ।

Downloaded from http://www.dhamma.digital

राखे तापनि आपनै एक नोकरसँग उनी बिग्री सकेकी थिइन्। यसै बीचमा आपनी एकलौटी छोरीलाई समान जातिसँग राम्ररी शुभ-विवाह गरिदिन उनीहरूले एक सुयोग्य वरको खोज गर्नथाले। वर हुने समान जातिक एक पुरुषबाट स्वीकृति पाएपछि उनीहरूले आपसमा विवाहको दिन निश्चय गरे। अनि त्यो दिन नगिच आइपुगे पछि कुमारीले आपनो प्रेमी नोकरलाई यसो भनिन्—

"हे पुरुष! मेरा आमा बाबुहरूले मलाई फलाना दिनमा फलाना पुरुषसँग विवाह गरिदिने भइसकेका छन्। म पतिकुलमा गइ-सके पछि तिमीले मेरो सन्देश लिएर आए तापनि तिमी त्यस घरभित्र आउन सक्ने छैनौ भने मलाई भेटने कुरा त परै जाओस्। अतः यदि ममाथि तिम्रो माया छ भने चाँडै नै मलाई जहाँ चाहन्छौ त्यहाँ लिएर जाऊ।"

कुमारीको यस्तो कुरा सुनी सो पुरुषले भन्यो—

"त्यसोभए, भोलि तिमी नगरद्वारको फलाना ठाउँमा कुनै प्रकारले घरबाट निस्केर आऊ; म त्यहाँ पर्खि रहनेछु र त्यहाँबाट हामी जहाँ जानपर्ने हो त्यहाँ जाऔंला।"

दोश्रो दिन, बिहान सबेरै पुरानो तथा फाटेको लुगा लगाई, ज्यू भरी धूलो घसी, चुल्ठो फुकाली, हातमा गाग्रो लिई, दासीहरूका साथ पानी लिन जाने जस्तो गरी कुमारी घरबाट निस्केर आफू एक्लै त्यो ठाउँमा गइन्[1]। अङ्गुत्तर र थेरीगाथट्ठकथा अनुसार त्यस

१. धम्म. प. अ. क. पृ. ३४०

Downloaded from http://www.dhamma.digital

बखत कुमारीले केही हस्तसार धन पनि लिएर गएकी थिइन[१]। त्यहांबाट दुवै प्रेमी र प्रेमिका करीब तीन चार योजन टाढा पुगी त्यहींको एक स्थानो गाउंमा बसे[२]।

आफू घरबाट निस्केको कुरा बताउनु हुँदैं पछि पटाचारा स्थविराले आफ्नो अपदान-चरितमा यस्तो उल्लेख गर्नु भएको छ—

"यदा च योब्बनूपेता, वितक्कवसगा अहं।
नरं जारपतिं दिस्वा, तेनसद्धिं अगच्छहं[३]॥"

अर्थात्—जब म युवती भएँ तब चित्तको वशमा परी म एक जार पुरुष (=प्रेमीपुरुष) देखेर उनीसँग गएँ।

त्यस गाउँको एक जङ्गल नजिकै खेत कमाई उनीहरू बस्न थाले। पटाचारा आफ्नो पापको फल भोग्दै गाग्रोमा पानी ल्याउने, दाउरा खोजेर ल्याउने तथा आफैले धानकुटी, निफनी भात पकाउने आदि कामहरू गरी जीवन बिताउन थालिन्[४]। यसरी दुःखपूर्वक जीवन

---

१. अं. नि. अ. क. I. पृ. १९४ : एककनिपातवण्णना; थेरी. गा. अ. क. पृ. ८६ : पटाचाराथेरीगाथट्ठकथा।

२. अं नि. अ. क. I पृ. १९४

३. थेरी. अप. दा. पा. पृ. २३२ : पटाचाराथेरीअपदानं।

४. अं. नि. अ. क. I. पृ १९४; धम्म. प. अ. क. पृ. ३४०

Downloaded from http://www.dhamma.digital

बिताउँदै बस्दा बस्दै गर्भिणी भइन् र प्रसवको समय नगिच आइपुगे पछि एक दिन, यिनले आफ्नो पतिसँग आफूलाई माइतीघर श्रावस्तीमा पुऱ्याईदिने कुरा गरिन् । यो कुरा सुनी सो पुरुषले यसो भन्यो—

"भद्रे ! के भनेको; मलाई देख्नेबित्तिकै तिम्रा आमा बाबु-हरूले मलाई के नगर्लान् र; अतः म त त्यहाँ जान सक्दिन ।"

अनि उनले— "ओ स्वामी ! आमा बाबुको हृदय कमलो हुन्छ, उनीहरूले केही गर्ने छैनन् । यहाँ त मेरा कोही पनि छैनन् । यस्तो ठाउँमा मैले कसरी प्रसवन गरूँ र ! अतः मलाई त्यहाँ नै लैजानु होस्" भनी बार बार संझाई अनुरोध गर्दा पनि श्रावस्ती जाने आँटगर्न नसकी[1] सो पुरुषले त्यसो भए "आज जाउँला, भोलि जाउँला" भनी आल्टाल्गर्न थाल्यो[2] । पुरुषले आल्टाल् गर्न लागेको कारणलाई बुझी एक दिन, यी पटाचारा "यो मूर्ख, अब श्रावस्तीमा जाने छैनन; यिनलाई पर्खेर मेरो काम बन्ने छैन, न त यिनले मलाई श्रावस्तीमा लैजाने नै छन् । अतः एकले भए पनि श्रावस्तीमा जान पऱ्यो" भन्ने विचार गरी एक दिन, लोग्ने बाहिर जङ्गलतिर गइरहेको बेलामा, विश्वासी छरछिमेकीलाई "यदि उनी आई म कहाँ गई भनी सोधेमा श्रावस्तीतिर गई भनी भनी देऊ" भनी घरबाट निस्केर

---

१. धम्म. प. अ. क. पृ. ३४०

२. थेरी. गा. अ. क. पृ. ८६; अं. अ. क. I. पृ. १९४

Downloaded from http://www.dhamma.digital

गइन्[1] ।

पुत्र-लाभ

उनको पति घरमा आइपुगी उनलाई नदेखी छरछिमेकीहरूसँग सोध्दा "श्रावस्तीतिर गइन्" भन्ने खबर सुनेर "मेरो कारणले कुल-कुमारी अनाथ हुन लागिन्[2]" भन्दै हतारो हतारो गरी उ पनि उनको पीछा गर्दै गयो । आफ्नो पत्नीलाई उसले बीच बाटैमा भेट्टायो । अनि उसले अनेक प्रकारले पत्नीलाई सम्झाई बुझाई फकाउँदा पनि उनी फर्किन चाहिनन् । यसै बीचमा कर्मजवायु चलेर प्रसवबेथा लागे पछि एक रुखमनी थुचुक्क बसी, त्यहीं लडी, वेदनाले छट्पटाउँदा छट्पटाउँदै अत्यन्त कष्टपूर्वक उनले पुत्र जन्माइन् । बालक जन्मे पछि "जसको निमित्त माइतीघर जान भनी आएकी थिएँ सो काम यहीं सिद्धियो; अब के गरूँ त" भन्दै पुनः आफ्नो पतिसँगै फर्केर गइन्[3] ।

समय बित्दै गएपछि फेरि पनि गर्भिणी भइन् र प्रसवहुने समय नजिक आए पछि उनले फेरि आफ्नो पतिलाई अघिजस्तै भनिन् ।

---

१. धम्म प. अ. क. पृ. ३४० : पटाचारत्थेरियावत्थु; अं. नि. अ. क. I. पृ. १९४ : एककनिपातवण्णना; थेरी. गा. अ. क. पृ. ८६ : पटाचाराथेरीगाथट्ठकथा ।

२. थेरी. गा. अ क. पृ. ८६

३. धम्म प. अ. क पृ. ३४०; थेरी. गा. अ. क. पृ ८६; अं. नि. अ क. I. पृ. १९४

Downloaded from http://www.dhamma.digital

उसले पनि अघि जस्तै आल्टाल् गर्न थाल्यो र पतिको मनोभावलाई बुझी उनी फेरि पनि अघिजस्तै गरी बालक बोकी एकलै श्रावस्ती जाने बाटो लागिन्। उनको पतिले पनि अघिजस्तै उनलाई बीच बाटोमै भेट्टाउन आयो। यस पटक पनि सो पुरुषले उनलाई अघिजस्तै सम्झाई बुझाई अनेक प्रकारले फर्काउन खोजे तापनि फर्काउन सकेन। त्यस बखत अकस्मात् चारैतिरबाट आकाशमा कालो बादलले ढाक्न थाल्यो र बिजुली पनि चम्किन थाल्यो; अकालमेघ गर्जिदै मुसलधारे पानी पनि वर्षन थाल्यो। यसै बीचमा उनलाई पनि प्रसववेदना हुन लाग्यो र उनले आफ्नो पतिलाई यस्तो भनिन्—

"ओ स्वामी! मुसलधारे पानी पर्न लागि रहेछ र मलाई पनि प्रसव-वेदनाले सताइ रहेछ; मैले वेदना सहन सकिन। पानीले न भिज्ने गरी कतै एक छाप्रो बनाउने उपाय गर्नु होस्।

यसो भन्दा भन्दै प्रसव हुन थाल्यो र महाअन्धकार भई महा-मुसलधारे पानी पनि पर्‍यो। स्त्रीको कुरा सुन्नेबित्तिकै सो पुरुष खूर्पा लिई काठहरू र स्याउलाहरू खोज्न गयो। कहीं पनि नजिकमा उसले केही नदेखी खोज्दा खोज्दै अलि टाढा पुगेपछि एक ठाउँमा एक धर्मिराको गोलोनिर ऊचाम्म परेका पोथ्राहरू देखी सोही काट्न लाग्दा त्यस गोलोबाट महाविषधारी एक काल सर्प[१] निस्की उसलाई

---

१. धम्म. प. अ. क. पृ. ३४०; थेरी. गा. अ. क. पृ. ८६–८७; अं. अ. क. I. पृ. १९४–९५

Downloaded from http://www.dhamma.digital

टोक्यो र उ त्यहीं नै लडी नीलो भई ठहरै मऱ्यो[१] ।

पुत्र-वियोग

उता आफ्नो लोग्नेको प्रतीक्षामा पानीमा भिजो भिजो धेरै बेरसम्म बस्दा पनि न फर्केको देखी "शायद मलाई छोडेर गए होलान्" भन्ने मनमा लिई सारै विलाप गरी रुँदै कराउँदै घोप्टोपरी, दुइ घुँडाले र दुइ हातले भुइमा टेकी, भरखरै जन्मेको बालक र अर्को बालकलाई पानी र बतासबाट जोगाउन पेटमनी राखी अत्यन्त विलाप गर्दै दुःख सही पानीमै निश्चल भई रातभरी उनले त्यसै बिताइन् । अरुणोदय भए पछि पानी पनि रोकियो । अनि स्यानो बालकलाई काखमा लिई ठूलो बालकलाई औंला समात्न लगाई हिंडाउँदै, चुनमुनिदै रगत सुकेको र पाण्डुपलास जस्तो वर्ण भएको शरीर लिई लोग्ने गएको बाटोतिर लागी, लोग्ने खोज्न जाँदा धमिराको गोलो भएको पोथ्रानिर काठजस्तै दरो भई, नीलोपरी मरिरहेको आफ्नो लोग्नेको शरीर देखेर उनको हृदय सारै नै छिया छिया भयो । "हरे ! मेरो कारणले गर्दा मेरा पति यसरी बाटैमा मरे" भन्दै विलाप गरी दुवै बालकहरू लिई श्रावस्ती जाने बाटोतिर लागिन् ।

जाँदा जाँदा श्रावस्ती पुग्नुभन्दा अगाडि छातिसम्म पुग्नेगरी गत-

---

१. अं. अ. क. 1. पृ. १९५

Downloaded from http://www.dhamma.digital

रातको वर्षाद्‌ले अचिरवती[१] नदी बढी रहेको देखी, दुइवटै बालक-हरू लिई नदीतर्न आँट गर्न नसकी ठूलो बालकलाई नदीको वारी नै राखी, स्यानो बालकलाई लिई नदी तरेर उसलाई नदीको पारीपट्टि एक कपडामा सुताई वारीपट्टिको बालक लिन नदीतर्न लाग्दा भरखरै जन्मेको बालकलाई एकलै छाडेर आउनपर्दा मन नमानी बार बार पछाडितिर हेर्दै नदी तर्न थालिन्। यसरी पछाडितिर हेर्दै नदी तरि-रहेको बेलामा, नदीको बीचमा पुग्दा त्यो स्यानो दुधे बालकलाई मासुको डल्लो सम्झी आकाशबाट एक बाज एक्कासी तल ओर्ल्दी-रहेको देखी[२] बाजलाई धपाउन "हा ! हा !!" भन्दै चिच्याउँदै

---

१. धम्मपदट्ठकथा पृ. ३४१ मा बाहेक अङ्गुत्तरनिकायट्ठकथा र थेरीगाथट्ठकथामा नदीको नाम उल्लेख भएको छैन; थेरी अप-दानपालिले पनि 'अचिरवती' भनी नदीको नाम उल्लेख गरेको छैन।

२. "सेनो तं कुमारं दिस्वा मंसपेसीति सञ्ञाय आकासतो भस्सि।" धम्म. प. अ. क. पृ. ३४१ : पटाचारत्थेरियावत्थु।

"सेणो तं दारकं दिस्वा मंसपेसीति सञ्ञाय आका-सतो भस्सि।" थेरी. गा. अ. क. पृ. ८७ : पटाचाराथेरी-गाथट्ठकथा।

"सेणो मंसपिण्डको अयन्ति सञ्ञाय दारकं विज्झितुं आगच्छति।" अं. नि. अ. क. I. पृ. १९५ : एककनिपात-वण्णना।

Downloaded from http://www.dhamma.digital

दुवै हातले थपडी लगाउन लाग्दा, वारीपट्टि पर्खीरहेको बालकको मनमा "आमाले बोलाउँदै छन्" भन्ने लागेर दगुरी दगुरी नदीमा आइ पुग्दा बाढीको पानीले बगाई लग्यो। नदीको बीचबाट कराइरहेको आवाज नसुनी बाजले (सेनो वा सेणो) बालकलाई टिपेर लगि हाल्यो[१]।

यसरी भर्खर जन्मेको बालकलाई बाजले लगे पछि, ठूलो बालकलाई नदीले बगाए पछि, विक्षिप्त चित्तभई "उभोपुत्ता कालकता..." आदि भन्दै अर्थात् – "एउटा छोरा बाजले लग्यो, अर्को छोरा नदीले बगायो तथा मेरा पति बाटैमा मरे" भन्दै रुँदै कराउँदै उनी श्रावस्ती नगरमा गइन्[२]। पछि यस कुरालाई पटाचारा स्थविराले आफैं वर्णन

'निवत्ता उक्कुसो हासि, तरुणं विलपन्तकं।
इतरं च वही सोतो, साहं सोकसमप्पिता।।" भनी थेरीअपदानले उल्लेख गरेको छ। अर्थात्—पछाडितिर फर्केर हेर्दा उत्क्रोशले बालक लग्यो...।

पालि मागधि भाषामा 'सेन वा सेण' र संस्कृतमा 'श्येन' भनिएको 'बाज' लाई हो। अंग्रेजीमा Hawk.

पालि मागधि भाषामा 'उक्कुस' र संस्कृतमा 'उत्क्रोश' भनिएको 'भुँडी फोर' लाई हो। अंग्रेजीमा Osprey.

१. धम्म. प. अ. क. पृ. ३४१; थेरी. गा. अ. क. पृ. ८७; अं. अ. क. I. पृ. १९५

२. धम्म. प. अ. क. पृ. ३४१; अं. अ. क. I. पृ. १९५; थेरी. गा. अ. क. पृ. ८७

Downloaded from http://www.dhamma.digital

गर्नु भएका कुराहरू थेरीअपदानपालिमा उल्लेख भएका छन् । जुन कुरा तल "पटाचारा स्थविरापदान" शीर्षकमा अनुवाद गरिदिएको छु ।

श्रावस्ती नगरमा पुगी आफ्नो घर रहेको टोलमा पुगेर पनि विभ्रान्त चित्तको कारणले गर्दा आफ्नो माइतीघर चिन्न नसकी, त्यहाँका मानिसहरूसँग "यहाँ फलाना सेठको घर थियो, कतातिर हो ?" भनी सोध्दा "सो सेठको घर सोधेर के गछ्यौं, हिजो परेको मुसलधारे पानीलेगर्दा घर भत्की उनीहरू बुढा बुढी र उनको छोरा सहित तीनै जना मरिसके[१]; उनीहरूलाई एकै चितामा राखी जलाएको चिताको आगो अहिलेसम्म निभेको छैन "उ, त्यहाँबाट धुँवा आइरहेको पनि आकाशमा देखिन्छ" भनी देखाइ दिए । यति कुरा सुन्ने बित्तिकै उनको हृदय, बलेको आगोमा छ्यू राखेको जस्तो भई उनको होस-हवासनै उडेर गयो र बिल्कुलै पगली जस्ती भई, आफ्नो आङ् बाट वस्त्र खसेको समेत चाल पाउन सकिनन् । जन्मिदा जस्तो भेष थियो त्यस्तै भेष लिई, अत्यधिक विलापगर्दै सोही चितातिर गइन् । त्यहाँ पुगेपछि बेस्करी कराउँदै रुँदै पहिले गाएको गीतको आधा चरण पूरा गर्दै—

"उभो पुत्ता कालकता, पन्थे मय्हं पति मता ।
मातापिता च भाता च, एकचितकस्मिं डय्हरे"

---

१. "सावत्थिनगरं गन्त्वा, अस्सोसिं सजने मते ।" थेरी. अप. दा. भा. पृ २३२, गा. नं. ३०

Downloaded from http://www.dhamma.digital

भन्दै गीत पूरा गरिन् । अर्थात्—दुवै बालकहरूको मृत्यु भयो, बाटामा मेरा पति मरे, अब आमा बाबु र भाइ पनि एकै चितामा दल्दैछन्[१] । भिक्षुणी भइसके पछि बहाँले यही कुरालाई आफ्नै आपनो अपदान-चरितमा समुल्लेख गर्नुभएको छ । जुन कुरा तल अनुवाद गरि दिएकोछु ।

शरीरबाट वस्त्र खसेको समेत चाल नपाई निर्वस्त्रभई विचरण गर्ने भएकी हुनाले 'पटाचारा' भनिएको हो । "पटपरिहरणं विना चरतिती—पटाचारतेव नामं अकंसु" अनि अर्कालै वस्त्र दिदा पनि च्यातीं च्याती पर्याँक्ने भएकीले पनि 'पटाचारा' भन्ने नाम रहन गएको हो ।

बुद्धसँग भेट्

उपरोक्ताकारले उन्मत्त भई यताउता हिंडिरहँदा मानिसहरूले "बहुलायिनी, बहुलायिनी" भन्दै कसैले हिलोले, कसैले गोबरले तथा

---

१. अं. नि. अ. क. I. पृ. १९५ : एककनिपातवण्णना । यस विषय-मा धम्म. प. अ. क. पृ. ३४१ मा र थेरी. गा. अ. क. पृ. ८७ मा भने श्रावस्तीबाट आइरहेको एक जनासँग आफ्ना आमा बाबुहरू किचिएर मरेका कुरा उनले सुनेकी थिइन् भन्ने कुराहरू समुल्लेख भएका छन् ।

२. अं. नि. अ. क. I. पृ. १९५; धम्म. प. अ. क. पृ. ३४१; थेरी. गा. अ. क. पृ. ८८

Downloaded from http://www.dhamma.digital

कसैले लट्टीले हिर्काउन थाले । यसको प्रतिक्रिया स्वरूप बहुलायिनी नभए पनि उनी झन् बहुलायिनी जस्ती हुन थालिन् र रुँदै कराउँदै यता उता हिंडन थालिन् । एक दिन, मानिसहरूले लखेट्दा लखेट्दै उनी जेतवनारामतिर गइन् । त्यस बखत भगवान् बुद्ध जेतवनारामका अष्टपरिषद्[१] का बीच बशी उनीहरूलाई धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । अनि वहाँले आइरहेकी पटाचारालाई टाढैबाट देखी "यी नारी एकलाख कल्प अघिदेखि नै पारमीहरू[२] पूरा गरी आएकी हुन् । यिनले पद्मोत्तर बुद्धको पालामा, वहाँले एक विनयधरा भिक्षुणीलाई एतदग्रस्थानमा राख्नु भएको देखी यिनले पनि सोही स्थान पाउन सकूँ भनी प्रार्थना गर्दा पद्मोत्तर बुद्धले 'भविष्य कालमा गौतम बुद्धको पालामा पटाचारा भन्ने नामले वहाँको शासनमा विनयधरा भिक्षुणीहरूमध्येमा अग्र हुने छओ' भन्ने भविष्यवाणी पाएर आएकी हुन्" भन्ने आदि कुराहरू जान्नु भई "म बाहेक यिनलाई अरू आश्वासन दिने पुरुष कोही छैनन्" भन्ने पनि विचार गर्नु भई वहाँले उनी आफू नजिक आउने गरी उनी माथि मैत्री चित्त स्फरण गर्नु

---

१. अष्टपरिषद् भनेको — (१) क्षत्री परिषद्, (२) ब्राह्मण परिषद, (३) गृहस्थी परिषद्, (४) श्रमण परिषद्, (५) चातुर्महाराजिक परिषद्, (६) त्रयस्त्रिंश परिषद्, (७) मार परिषद् तथा (८) ब्रह्मा परिषद् हुन् । अं. नि-८ पृ. ३९५ : परिसासुत्तं ।

२. यी पारमीहरू भनेका के के हुन् भन्ने बारेका कुराहरू बु. श्रा. च. पृ. ३२ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

Downloaded from http://www.dhamma.digital

भयो[1] । यसैको प्रभावले गर्दा उनी बुद्धको नजीकमा आइरहेको देखी अरू मानिसहरूले "यी पगलीलाई यतातिर आउन नदेऊ" भनी रोक्न लाग्दा बुद्धले "नरोक, आउन देऊ" भनी भन्नु भयो । अनि केही नजीक आइपुगे पछि बुद्ध भगवान्‌ले करुणापूर्वक उनलाई "भगिनी! होस लेऊ" भनी मधुरस्वरले भन्नुभयो । बुद्धको करुणाभरित वाक्य सुन्ने बित्तिकै उनलाई होस आई आफ्नो ज्यूमा वस्त्र नभएको कुरा थाहा पाउने बित्तिकै अति लज्जित भई उहीं नै थुक्कुक बसिन् । त्यस बखत एक पुरुषले आफ्नो एक पछ्यौरा फालि दियो । सो पछ्यौरा बेरी पटाचारा भगवान्‌को नगिचमा गई वहाँको सुवर्णसमान चरण कमलमा पञ्चाङ्ग प्रणाम गरी यस्तो विन्ति गरिन्—

"भन्ते ! मेरो शरण र प्रतिष्ठा हुनुहोस् ! भन्ते ! मेरो एक पुत्रलाई बाजले लग्यो, अर्को पुत्रलाई नदीले बगायो, मेरा पति सर्पले टोकेर मरे तथा मेरा आमा बाबु र भाइ सबै एकै चितामा भस्म भए[2] ।

---

१. अं. नि. अ. क. I. पृ १९५ : एककनिपातवण्णना । भगवान्‌ले रोजमल्ल कुमारलाई पनि आफू कहाँ आउने गरी मैत्री चित्त फैलाउनु भएको कुरा महा. व. पा. पृ. २६१ : रोजमल्लवत्थु, भेसज्जक्खन्धमा समुल्लेख भएको पाइन्छ ।

२. धम्म. प. अ: क. पृ. ३४२; थेरी. गा. अ. क. पृ. ८८

Downloaded from http://www.dhamma.digital

उनको कुरा सुनी तथागतले — "पटाचारे ! शोक नगर ! तिमीलाई शरण लिन सक्नेकहाँ नै तिमी आएकी छयौ, धैर्य लेऊ !" भनी भन्नु भई पुनः करुणापूर्वक "पटाचारे ! जस्तो अहिले तिम्रा पति, बालकहरू तथा आमा बाबुहरूको मृत्यु भयो त्यस्तैगरी यो अनन्त संसार चक्रमा तिम्रा कति पतिहरू, बालकहरू तथा आमाबाबुहरू मरिसके होलान् र तिमी कति रोयौ होली । यदि तिम्रा ती आँसुहरू जम्मा भएका भए महासमुद्रको पानीभन्दा पनि बढता भइसक्थ्यो होला । त्यसोहुनाले भगिनी ! शोक नगर, प्रमादी नहोऊ" भनी भन्नु हुँदै निम्न गाथा सुनाउनु भयो—

"चतुसु समुद्देसु जलं परित्तकं,
ततो बहुं अस्सुजलं अनप्पकं ।
दुक्खेन फुट्ठस्स नरस्स सोचना,
किंकारणा सम्म तुवं पमज्जसी' ति[1] ॥"

यस प्रकार अनन्त संसारका उपदेश सुन्दा सुन्दै उनको ज्यू हलुंगो भयो, मन चंगा भयो र धेरै शोकहरू पनि हटेर गए । उनका हृदयका शोकहरू दूर भएर गइरहेको बुझी महाकारुणिक बुद्ध भगवान्ले कुनै कालिगढले तातो मैनलाई आफूले चाहेको जस्तै भाँडा बनाउने ऊँ पटाचारालाई आमन्त्रण गर्नु भई निम्न उपदेश दिई बोध गराउनु भयो ।

---

१. धम्म. प. अ. क. पृ. ३४२ : पटाचारत्थेरियावत्थु, थेरी. गा. अ. क. पृ. ८८ : पटाचाराथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

"पटाचारे ! परलोक जाने व्यक्तिलाई पुत्रादि ज्ञातिहरूले कुनै त्राण दिन सक्तैनन्, न त कुनै शरण नै दिन सक्छन् । आफ्नो त्राण आफैले गर्न सक्नुपर्छ; अतएव पण्डित जनहरूले अरूको खोज गर्नु भन्दा आफ्नै खोजगर्नु सक्नुपर्छ[1] र शील शुद्धि गरी स्वयम्द्वारा निर्वाणको मार्ग पहिल्याउन सक्नुपर्छ; अनि मात्र आफ्नो त्राण हुन सक्छ ।"

"न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।
अन्तके नाधिपन्नस्स. नत्थि ञातिसु तारणा ॥

"एतमत्थवसं ञत्वा, पण्डितो सीलसंवुतो ।
निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये' ति[2] ॥"

अर्थात्— मृत्यु आउने बेलामा न छोराले, न पिताले तथा न बन्धुजनहरूले नै रक्षा गर्न सक्छन्; अतएव यो कुरालाई बुझेर पण्डित जनहरूले शील संयमगरी चाँडै नै निर्वाणगामी-मार्गलाई विशुद्ध पार्नु पर्छ ।

यी उपदेशहरू सुनिसके पछि पटाचाराले आफ्नो चित्त-मलहरू दूरगरी अरू अरूले झैं आफूले पनि स्रोतापत्ति-फल साक्षात्कार गरिन्[3] ।

---

१. "पुत्ते मा सोचि अस्सस, अत्तानं ते गवेस्ससु ।" थेरी. अप. दा. पा. पृ. २३३, गा नं. ३३

२. धम्म. प. पा. पृ. ४४ : मग्गवग्गो, गा. नं. २८८–८९

३. धम्म. प. अ. क. पृ. ३४३; थेरी गा. अ. क. पृ. ८९; अं. नि. अ. क. I. पृ. १९६

Downloaded from http://www.dhamma.digital

जुन कुरा पटाचारा स्थविराले पछि स्वयं थेरीअपदानपालिमा उल्लेख गर्नु भएको छ। यो अपदानपालि तल "पटाचारा स्थविरा-पदान" शीर्षकमा अनुदित भएको छ।

भिक्षुणी भई अरहत् पनि भइन्

स्रोतापत्ति-फलमा प्रतिष्ठित भइसकें पछि पटाचाराले भगवान्-सँग प्रव्रज्या मागिन्। भगवान्‌ले उनलाई भिक्षुणी सङ्घकहाँ पठाई प्रव्रजित गराई भिक्षुणी बनाउनु भयो[१]।

भिक्षुणी भएदेखि वहाँले उत्तरोत्तर मार्ग-फल प्राप्त गर्ने उद्देश्य लिई विपश्यना ध्यानमा[२] तल्लीन भई बस्न थाल्नु भयो[३]। यस्तै गरी ध्यान गर्ने अभ्यास गर्दै विहार गरिरहनु भएको बेलामा एक दिन, रातमा कोठाभित्र जानुभन्दा अगाडि हातखुट्टा पखाल्न लाग्नु हुँदा, खुट्टा पखालेको पहिलो पटकको पानी केही पर पुगेर भुइमा सुकेर गयो, दोश्रो पटक खुट्टा पखालेको पानी त्यो भन्दा अलि पर पुगेर

---

१ धम्म. प. अ. क. पृ. ३४३ : पटाचारत्थेरियावत्थु; थेरी. गा. अ. क. पृ. ८९ : पटाचाराथेरीगाथट्ठकथा।

२. विपश्यना ध्यान भनेको कस्तो हो भन्ने बारेमा बु. गृ. पृ. ४४ को र पृ. १६५ को पादटिप्पणीमा हेर्नु र पटि. म. पा. पृ. २३० मा पनि।

३. थेरी. गा. अ. क. पृ. ८९

Downloaded from http://www.dhamma.digital

भुइमा सुकेर गयो र तेश्रोपटक खुट्टा पखालेको पानी त्यो भन्दा पनि अझ पर पुगेर भुइमा सुकेर गयो । यी पानी सुकेर गएका कारणहरू देखेर वहांले त्यस बेला — "यस्तै गरी यी प्राणीहरू पनि पहिलो बैंशमा पनि, दोश्रो बैंशमा पनि तथा तेश्रो बैंशमा पनि मरेर जान्छन्" भन्ने कुरा मनमा सोच्नु भयो । यसबेला, गन्धकुटीमा बसिरहनु भएको बुद्ध भगवान्ले पटाचाराको चित्तमा भइरहेको क्षय-व्ययका कुराहरू-लाई थाहा पाउनु भई वहांले आभास स्फरण गरी, पटाचाराको अगाडि बसेर सुनाउनु भएको जस्तो गरी "त्यस्तै हो, पटाचारे ! त्यस्तै हो; पञ्चस्कन्धको क्षय व्ययलाई नदेखिकन शयवर्षसम्म जिउनु भन्दा पञ्च-स्कन्धको क्षय-व्ययलाई देखेर एकै दिन भए पनि जिउनु श्रेष्ठ छ । अतः पटाचारे ! तिमीले पनि पञ्चस्कन्धको क्षय-व्ययलाई देखनसक !" भनी भन्नु हुंदै निम्न गाथा सुनाउनु भयो[1] —

'यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।
एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं[2] ॥"

अनि सोही पानी सुकेर गएको कुरालाई र भगवान्ले सुनाउनु भएको कुरालाई ध्यानमा राख्नु भई — अनित्य दुःखलाई विशेष रूपले मनन गर्नु भई दियो लिई कोठा भित्र गई दियो राखी खाट्मा बस्नुभन्दा

---

१. धम्म. प. अ. क. पृ. ३४३ : पटाचारत्थेरियावत्थु; थेरी. गा. अ. क. पृ. ८९

२. धम्म. प. पा. पृ. २८ : सहस्सवग्गो, गा. नं. ११३

Downloaded from http://www.dhamma.digital

अगाडि बत्ती निभाउनु भयो । त्यस बेला काय र चित्त सानुकूल भएको हुनाले वहाँको चित्त समाहित भई, क्रमैसँग लोकोत्तर मार्गमा चित्त पुगी सबै आस्रवहरू क्षय भई अरहत्वका साथ साथै चतुप्रतिसम्भिदा लाभिनी पनि हुनु भयो[1] । त्यसैले थेरी अपदानपालिले—

"तं सुत्वा मुनिनो वाक्यं, पठमं फलमज्झगं।
पब्बजित्वान नचिरं, अरहत्तमपापुणि[2] ॥"

आदि उल्लेख गरेको हो ।

अरहत्व प्राप्त गरिसकनु भएपछि एक दिन, पटाचारा स्थविराले आफू अधि शैक्ष[3] छँदा कस्तो प्रयत्न गरी आफूले अरहत्व प्राप्त गरेको हो भन्ने कुरा प्रकट गर्नु हुँदै वहाँले स्वयं 'थेरीगाथा' मा व्यक्त गर्नु भएका कुराहरू तल "पटाचारा स्थविरा-गाथा" शीर्षकमा अनुवाद गरिदिएको छु ।

यस पछि वहाँले विशेष रूपले 'विनय[4]' अध्ययन गर्नु भयो

---

१. थेरी. गा. अ. क. पृ. ९२–९३

२. थेरी. अप. दा. पा. पृ. २३३, गा. नं. ३५

३. 'शैक्ष' भनेको कस्तो हो भन्ने बारेका कुराहरू बु. गृ. पृ. १७९ को पादटिप्पणीमा प्रष्ट गरिएको छ ।

४. भिक्षु-भिक्षुणीहरूका सम्बन्धमा जति नियम र उपनियमहरू बनेका छन् ती सबैलाई 'विनय' भन्दछन् । यी नियम र उपनियमका कुराहरू सबै संग्रह गरी राखेका ग्रन्थहरू पाँच ओटा छन्—

Downloaded from http://www.dhamma.digital

र पछि वहाँलाई भगवान्‌ले विनयधरा भिक्षुणीहरूमध्येमा अग्रस्थानमा[1] राख्नु भयो । आपनो पूर्वचर्या सम्बन्धमा जुन कुराहरू वहाँले स्वयं भन्नु भएको छ ती कुराहरू तल "पटाचारा स्थविरापदान" शीर्षकमा अनुदित भएबाट बुझ्न सकिनेछ ।

शिष्याहरू

पटाचारा स्थविराका निम्न शिष्याहरू रहेका कुराहरू पालि-साहित्यले उल्लेख गरेको छ ।

(१) एक ब्राह्मण कुलकी एक गरीब कन्या खान नपाई एक दिन, भिक्षुणीहरू बस्ने ठाउँमा गई । उसलाई भिक्षुणीहरूले खाना दिए । पछि सो ब्राह्मण-कन्या पटाचारा स्थविराको उपदेश सुनी अत्यन्त प्रसन्न भई वहाँकहाँ नै प्रव्रजित भई । यिनको नाम चन्दा भिक्षुणी हो[2] ।

(२) श्रावस्तीको एक कुलमा जन्मेकी एक कन्या ठूली भएपछि एक दिन, भिक्षुणीहरूकहाँ गई, पटाचारा स्थविराको धर्मोपदेश सुनी अत्यन्त प्रसन्न भएर उ वहाँकहाँ नै प्रव्रजित भई । यिनको नाम

---

(१) महावग्गपालि, (२) चुल्लवग्गपालि, (३) पाराजिकपालि. (४) पाचित्तियपालि र (५) परिवारपालि । यी पाँच ग्रन्थहरू-लाई नै 'विनयपिटक' पनि भन्दछन् ।

१. विनयधरा भिक्षुणीहरूमध्येमा पटाचारा भिक्षुणी अग्र हुनु भएझैं भिक्षुहरूमध्येमा उपाली स्थविर अग्र हुनुहुन्छ ।

२. थेरी. गा. अ. क. पृ. ९५ : चन्दाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

उत्तमा भिक्षुणी हो[१] ।

(३) श्रावस्तीको एक कुलमा उत्तरा नामले जन्मेकी एक कन्या ठूली भएपछि एक दिन, पटाचारा स्थविराको उपदेश सुनी अति प्रसन्न भई उहीं प्रव्रजित भइन्[२] ।

(४) अर्की पनि उत्तरा भन्ने एक कन्या पटाचारा स्थविराको उपदेश सुनी अति प्रसन्न भई प्रव्रजित भएकी थिइन् । प्रव्रजित भएर पटाचारा स्थविराकै अति सुनी "अरहत्व प्राप्त गर्न नसकेसम्म आसन-बाट उठ्ने छैन" भनी प्रतिज्ञा गरी यिनी बसेकी थिइन्[३] ।

(५) आ-आपनै विचारले घर त्याग गरी आएका भिन्नाभिन्नै कुलगृहका तीस जनाका डफ्फालाई पनि पटाचारा स्थविराले प्रव्रजित गर्नु भएको थियो[४] ।

(६) त्यस त्यस कुलगृहमा जन्मेर बंश पुगेपछि पति-कुलमा गई सन्तानहरू पनि पाई पछि सन्तानहरूबाट वियोग हुन परेको हुँदा पटाचारा स्थविराकहाँ गई प्रव्रजित भएका स्त्रीहरू पाँचशय थिए[५] ।

---

१. थेरी. गा. अ. क. पृ. ३७ : उत्तमाथेरीगाथट्ठकथा ।

२. थेरी. गा. अ. क. पृ. १२८ : उत्तराथेरीगाथट्ठकथा ।

३. थेरी. गा. अ. क. पृ. १२९ : उत्तराथेरीगाथट्ठकथा ।

४. थेरी. गा. अ. क. पृ. ९३ : तिंसमत्तानंथेरीनंगाथट्ठकथा ।

५. थेरी. गा. अ क. पृ. ९६ : पञ्चसतथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

पटाचारा-नामहरू

(१) पटाचारा – यिनी, सच्चक निगण्ठकी दिदी हुन् । सारिपुत्र स्थविरसँग भएको वाद विवादमा पराजित भएपछि यिनी उत्पलवर्णा स्थविराकहाँ गई भिक्षुणी भएकी थिइन् । जा. अ. क. III. पृ. १ : चुल्लकालिङ्गजातकं; पपं. सू. II. पृ. २२३ : चूलसच्चकसुत्त-वण्णना ।

(२) पटाचारा (स्थविरा)—यिनी, श्रावस्तीको एक धनाढ्य कुलकी एक छोरी हुन् । बाबु आमाले विवाह गरिदिनुभन्दा अगाडि नै आफ्नो घरको एक नोकरसँग बिग्री घरबाट निस्केर गएकी थिइन् । सन्तान पाएर पनि सन्तानहरूबाट वियोग हुन परेको कारणलेगर्दा भगवान्कहाँ गई भिक्षुणी भएकी थिइन् । यिनकं चरित यसमा समुल्लेख गरिएको छ । यिनं पटाचारा स्थविरा हुन् ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

१–पटाचारा स्थविरा-गाथा

१– "[1]नङ्गलेहि कसं खेत्तं, बीजानि वपयं छमा।
पुत्तदारानि पोसेन्ता, धनं विन्दन्ति माणवा[2] ॥

२– "किमहं सीलसम्पन्ना, सत्थुसासन कारिका[3]।
निब्बानं[4] नाधिगच्छामि, अकुसीता अनुद्धता[5] ॥

३– "पादे पक्खालयित्वान, उदकेसु करोमहं।
पादोदकं च दिस्वान, थलतोनिन्नमागतं ॥

---

१. थेरी. गा पा. पृ. ४१९ : पटाचाराथेरीगाथा, अ. क. पृ. ८६
२. सिंहल र रोमनमा: 'मानवा'।
३. स्याममा: 'सत्थुसासनिकारिका'।
४. सिंहलमा: 'निब्बाण'।
५. स्याम र रोमनमा: 'अनुद्धटा'।

Downloaded from http://www.dhamma.digital

४– "ततो चित्तं समाधेसि[६], अस्सं भद्रं व जानियं[७]।
ततो दीपं गहेत्वान, विहारं पाविसिं अहं।
सेय्यं ओलोकयित्वान, मञ्चकम्हि उपाविसिं॥

५– "ततो सूचिं गहेत्वान, वट्टिं ओकस्सयामहं।
पदीपस्सेव[८] निब्बानं, विमोक्खो अहु चेतसो॥"

अर्थ—

१– "हलो जोती, खेतमा बिउरोपी तथा धनकमाई मानव-हरूले पुत्रदारहरूको प्रतिपालन गर्छन्।

२– "शीलसम्पन्ना भई, शास्ताको शासन (=धर्म) पालनगरी तथा निरालसी भई किन मैले निर्वाण प्राप्त नगरूँ।

३– 'खुट्टा पखालदा, खुट्टा पखालेको पानी होचोतिर गएको देखी मैले सोही पानीमै ध्यान गरें।

४– "अनि सारथीले अश्वलाई झैं आफनो चित्तलाई समाधान गरें। त्यस पछि दियो लिएर विहार (=कोठा) भित्र पसें, अनि सुत्ने ठाउँ हेरेर खाट्मा गएं।

---

६. रामनमा: 'समाधेमि'।

७. स्याममा: 'अस्सो भद्रोव जानियो'।

८. स्याममा: 'पज्जोतस्सेव'।

Downloaded from http://www.dhamma.digital

५– "त्यस पछि चुकूल लिएर बत्ती (तेलमा) डुबाइ दिएँ अर्थात् बत्ती निभाइ दिएँ; यसको साथ साथै मेरो चित्तबाट क्लेश-हरू पनि विमुक्त भए[१]।"

× × ×

Dhamma.Digital

१. पटाचारा भिक्षुणी अरहत् भइसक्नु भए पछि एक दिन वहाँले आफू अघि शैक्ष छँदा अरहत्वको लागि गरेका प्रयत्नहरूको संस्मरण गर्नुहुँदै उक्त गाथाहरू प्रत्यवेक्षणा गरी भन्नु भएको हो भनी थेरी. गा. अ. क. पृ. ९२ ले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

२—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा[1]।"

अर्थ—

"भिक्षुओ! मेरी विनयधरा भिक्षुणी श्राविकाओंमध्येमा पटाचारा अग्र छिन्।"

× × ×

१. अं. नि-१ पृ. २५ : एतदग्गवग्गो, अ. क. I. पृ. १९४

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३–पटाचारा स्थविरापदान

पद्मोत्तर बुद्धको समयमा

१– "[1]यहाँदेखि शतसहस्र कल्प अघि सबै धर्महरूमा पारङ्गत हुनु भएका पद्मोत्तर (पदुमुत्तर) नामक बुद्ध उत्पन्न हुनु भएको थियो ।

२– "त्यस समय म, हंसवती नगरमा नानारत्नहरू तथा महासुख भोग सम्पन्न एक कुलमा जन्में ।

३– "अनि वहाँ महावीरकहाँ गई मैले धर्मोपदेश सुनें ; त्यस बाट प्रसन्न भई म वहाँकै शरणमा गएँ ।

४– "त्यस बखत वहाँले लज्जालु तथा ठीक-बेठीक जानसक्ने विनयधरा एक भिक्षुणीको अग्रस्थानको वर्णना गर्नुभयो ।

५– "प्रसन्न भई सो स्थानको प्राथना गर्ने इच्छा लिई ससङ्घ लोकनायकलाई मैले निम्तो गरें ।

---

१. थेरी. अप. दा. पा. पृ. २३० : पटाचाराथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

६– "सप्ताहभर भोजन गराई, त्रीचीवरहरू पनि प्रदानगरी वहाँको पादकमलमा शीरले ढोगी यस्तो विन्ति गरें

७ 'हे वीर ! आठौं दिन अघि जसको वर्णना तपाइले गर्नु भएको थियो, यदि सफल हुइन्छ भने म पनि त्यस्तो नै हुन चाहन्छु ।'

८-१०– "अनि शास्ताले मलाई यस्तो भन्नुभयो— 'भद्रे न डराऊ, आश्वासन लेऊ, अनागत कालमा तिम्रो इच्छा पूर्ण हुनेछ । यहाँदेखि शतसहश्र कल्प पछि ओक्काक कुलबाट गौतम गोत्रमा एक शास्ता हुनेछन् । पटाचारा भन्ने नामले तिमी वहाँको श्राविका भई, धर्मनिर्मित औरस पुत्री भई धर्मदायाद प्राप्त गर्न सक्नेछयौं ।'

११-१२– "अनि सारें प्रसन्नभई मैले जीवनभर ससङ्घ लोकनायक प्रति मैत्रीचित्त राखी परिचर्या गरें । सोही सुकृत्य कर्मको कारणले र चेतना-प्रणिधीको कारणले मनुष्यदेह छाडी म त्रयस्त्रिंशमा पुगें ।

काश्यप बुद्धको समयमा

१३– "यसै भद्रकल्पमा, महायश, प्रवर कथिक तथा ब्रह्म-बन्धु हुनु भएका बुद्ध काश्यप गोत्रमा जन्मिनु भयो ।

१४-१९– "त्यस समय वाराणशीका राजा किकी नरेश्वर बुद्धको उपस्थाक हुनुहुन्थ्यो । म वहाँकी भिक्षुणी भन्ने तेश्री छोरी थिएं । जिनाग्र बुद्धको धर्मोपदेश सुनी प्रव्रजित हुने इच्छा गरेको

Downloaded from http://www.dhamma.digital

थिएँ । तर मेरा पिताले अनुमति दिनु नभएकोले हामी (दिदी बहिनी-हरू) सबै बीसहजार वर्षसम्म अप्रमत्त भई घरमा बस्यौं । अत्यन्त प्रसन्नतापूर्वक कौमारी ब्रह्मचर्य पालनगर्दै हामी सात राजकन्याहरूले नित्यप्रति बुद्धको उपस्थान गर्यौं । (ती सात दिदी-बहिनीहरू हुन्)— श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षुणीदायिका, धर्मा, सुधर्मा तथा सातौं सङ्घदायिका । (अहिले हामीहरू)—म सहित उत्पल-वर्णा, क्षेमा, भद्रा, कृषागौतमी, धर्मदिन्ना भिक्षुणी र विशाखा (उपासिका) गरी सात हौं ।

२०– "त्यही सुकृत्य कर्मको कारणलेगर्दा र चेतना-प्रणिधीको कारणलेगर्दा मनुष्यदेह छाडी म त्रयस्त्रिंशमा पुगें ।

अन्तिम जन्म

२१– "अन्तिम जन्ममा म समृद्धशाली श्रावस्तीमा, एक महा-धनी श्रेष्ठी कुलमा जन्में[1] ।

२२– "जब म युवती भएँ तब चित्तको वशमापरी एक जार-पुरुष (=प्रेमी पुरुष) देखेर उनीसँगै गएँ[2] ।

---

१. "पच्छिमे च भवे दानि, जाता सेट्ठिकुले अहं ।
सावत्थियं पुरवरे, इद्धे फीते महद्धने ।।" थेरी. अप. दा. पा. पृ. २३२

२. "यदा च योब्बनूपेता, वितक्कवसगा अहं ।
नरं जारपतिं दिस्वा, तेन सद्धिं अगच्छहं ।।" थेरी. अप. दा. पा. पृ. २३२

Downloaded from http://www.dhamma.digital

२३-२६– "एक पुत्र पाइसके पछि दोश्रो पेटमा छँदा, मेरो मनमा आमा बाबुलाई हेर्ने इच्छा भएकोले, पतिलाई नभनिकनै उनलाई घरमा छाडेर म एकलै घरबाट निस्की श्रावस्तीको बाटो लागें। अनि मेरा स्वामीले मलाई बाटोमा भेट्नाउन आए; त्यसै बखत प्रसव-वेदनाले मलाई सारै कष्टदियो। प्रसूति हुने बेलामा महामेघ बर्स्यो र मेरा पति दाउरा खोज्न जाँदा उनलाई सर्पले टोकी मारि दियो[१]।

२७-२९– "प्रसूति-दुःखको कारणलेगर्दा अनाथ तथा कृपण भएकी म स्व-कुल घरमा गइरहेको बेलामा बाढो आएको नदी देखी, एक बालकलाई नदी वारिनै राखी, अर्को बालकलाई लिएर नदी तरें। अनि त्यसलाई पारी तीरमा सुताई अर्को बालक लिन फर्किंदा उत्क्रोश (=भुडीफोर) ले त्यसलाई लग्यो। रोइरहेको

---

१. "एकपुत्तप्पसूताहं, दुतियो कुच्छिया ममं।
तदाहं मातापितरो, ओक्खामीति सुनिच्छिता॥
नारोचेसि पतिं मय्हं, तदा तम्हि पवासिते।
एकिका निग्गता गेहा, गन्तुं सावत्थिमुत्तमं॥
ततो मे सामि आगन्त्वा, सम्भावेसि पथे ममं।
तदा मे कम्मजा वाता, उप्पन्ना अतिदारुणा॥
उट्ठितो च महामेघो, पसूतिसमये मम।
दब्बत्थाय तदा गन्त्वा, सामि सप्पेन मारितो॥" थेरी. अप. दा. पा. प. २३२

Downloaded from http://www.dhamma.digital

उताको बालकलाई पनि बगाएर लग्यो र म शोकले अत्यन्त विह्वल भएँ[१] ।

३०– "श्रावस्ती नगरमा गएर मैले आफ्ना परिवारहरू सबै मरेका कुरा सुनें; अनि शोकले आत्तिएकी मैले यस्तो भने—

३१– 'दुवै पुत्रहरूको मृत्यु भयो, बाटामा मेरा पति मरे, माता पिता र भ्राता पनि एकै चितामा जलेर गए[२] ।'

३२– "त्यस बखत, अनाथ दीन-हीन मन लिई, डुल्दो र पहेँलो भई यताउता हिंडिरहेको बेलामा मैले नरसारथी हुनु भएका बुद्धलाई देखें[३] ।

---

१. "तदा विजात दुक्खेन, अनाथा कपणा अहं ।
कुन्नदिं पूरितं दिस्वा, गच्छन्ती सकुलालयं ।।
बालं आदाय अतरिं, पारकूले च एककं ।
सायेत्वा बालकं पुत्तं, इतरं तरणायहं ।।
निवत्ता उक्कुसो हासि, तरुणं विलपन्तकं ।
इतरं च वही सोतो, साहं सोकसमप्पिता ।।" थेरी. अप. दा. पा. पृ. २३२

२. "उभो पुत्ता कालङ्कता, पन्थे मय्हं पति मतो ।
माता पिता च भाता च, एक चितम्हि डय्हरे ।।" थेरी. अप. दा. पा. पृ. २३२

३. "तदा किसा च पण्डु च, अनाथा दीनमानसा ।
इतो ततो भमन्तीहं, अद्दसं नरसारथिं ।।" थेरी. अप. दा. पा. पृ. २३३

Downloaded from http://www.dhamma.digital

३३-३४– "अनि शास्ताले मलाई भन्नु भयो— 'पुत्र-शोक नगर, धैर्य लेऊ; आफूलाई खोज गर, निरर्थक कुरामा तिमी किन पीडित हुन्छयौ ? पुत्रहरूद्वारा तारण हुन सक्तैन, न त ज्ञाती र बन्धुहरू-बाट नै तारण हुन सक्छ; आखिरी अवस्थामा पुग्दा पुत्रहरूद्वारा पनि ज्ञातिहरूद्वारा पनि तारणहुन सक्तैन[१] ।'

३५– "मुनिको यो वाक्य सुनेर मैले प्रथमफल (=स्रोता-पत्तिफल) प्राप्त गरें, प्रव्रजित भएको केही समयमैं अरहत्व पनि प्राप्त गरें[२] ।

३६– "शास्ताको शासनकारी भई ऋद्धि र दिव्यश्रोतलाई वशीभूत गरी परचित्त जान्ने पनि भएं ।

३७– "पूर्वेनिवासलाई जानें, दिव्यचक्षुलाई विशुद्ध पारें, सबै आस्रवहरू परिक्षीण गरी विशुद्ध र सुनिर्मल पनि भएं ।

---

१. "ततो अवोच मं सत्था, पुत्ते मा सोचि अस्सस ।
अत्तानं ते गवेसस्सु, किं निरत्थं विहञ्ञसि ।।
न सन्ति पुत्ता ताणाय, न ञाती नो पि बन्धवा ।
अन्तकेनाधिपन्नस्स, नत्थि ञातीसु ताणा ।।" थेरी. अप, दा. पा. पृ. २३३

२. "तं सुत्वा मुनिनो वाक्यं, पठमं फलमज्झगं ।
पब्बजित्वान नचिरं, अरहत्तमपापुणि ।।" थेरी. अप. दा. पा. पृ. २३३

Downloaded from http://www.dhamma.digital

३८– "त्यस पछि मैले सर्वदर्शी हुनु भएका बुद्धकहाँ सबै विनय (=नियम) हरू बिस्तारपूर्वक सिकें, त्यस्तै गरी व्यवहार पनि गरें[1]।

३९– "त्यस गुणमा सन्तुष्ट भई जिनले मलाई विनयधराहरू-मध्येमा एउटी पटाचारा नै अग्र हुन् भनी अग्रस्थानमा राख्नुभयो[2]।

४०– "शास्तालाई मैले चिनिसकें, बुद्धशासनको काम पूरा गरिसकें, गरुंगो भार बिसाइसकें तथा भवजाल पनि विच्छिन्न पारि-सकें।

४१– "जसकोनिमित्त घरछाडी प्रव्रजित भएको थिएँ त्यो मेरो अर्थ पूरा भइसक्यो र सबै भवसंयोजनहरू पनि क्षय भइसके।

४२– "सबै क्लेशहरू भस्म भइसके, सबै भवतृष्णाहरू नाश भइसके, बन्धन चुंडाली बस्ने नाग (=हात्ती) जस्तै म अनास्रवी भई विहार गर्दछु।

---

१. "ततोहं विनयं सब्बं, सन्तिके सब्बदस्सिनो।
उग्गहिं सब्बवित्थारं, ब्याहरिं च यथातथं॥" थेरी. अप. दा. पा. पृ. २३३

२. "जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं।
अग्गा विनय धारीनं, पटाचारा व एकिका॥" थेरी. अप. दा. पा. पृ. २३३

Downloaded from http://www.dhamma.digital

४३– "बुद्धको अगाडि मेरो स्वागत नै छ, तीन विद्याहरू प्राप्त गरी मैले बुद्धशासन पनि पूरागरें ।

४४– "चार-प्रतिसम्भिदा, आठ-विमोक्ष तथा छ-अभिज्ञानहरू समेत प्राप्त गरी मैले बुद्धशासन पूरा गरें ।"

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

५. धर्मदिन्ना स्थविरा

परिचय

धर्मदिन्ना (=धम्मदिन्ना) स्थविरा राजगृहवासी एक धनाढ्य कुलका विशाख भन्ने उपासककी श्रीमती थिइन। बुद्धमार्गमा गएका विशाख उपासकले बुद्धको धर्मलाई राम्ररी साक्षात्कार गरिसके पछि एक दिन, उनबाट "स्त्रीहरूले पनि बुद्धको धर्मलाई अवबोध गरी साक्षात्कार गर्न सक्छन्" भन्ने कुरा सुनी धर्मदिन्ना पनि भिक्षुणी भएर गएकी हुन्। अतः यहाँ यसै कुरालाई लिएर धर्मदिन्ना स्थविराको सम्बन्धमा परिचय दिने प्रयास गरेको छु।

गृहस्थी-जीवन

राजगृहका चालीसकोटी धन हुने एक समृद्ध कुलमा धर्मदिन्ना जन्मेकी थिइन्। बैंश पुगेपछि राजगृहकै चालीस कोटी धन हुने विशाख उपासकसँग विवाह भयो[1]। यो कुरा धर्मदिन्ना स्थविराले

---

१. पपं. सू. II. पृ. २९७ : चूलवेदल्लसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

पछि "थेरीअपदानपालि[१]" मा आफैले पनि समुल्लेख गर्नु भएको छ ।

धर्मदिन्नाका पति विशाख उपासक बिम्बिसार राजाका एक अति विश्वासी साथी थिए[२] । भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भइसकेपछि सर्वप्रथम राजगृह नगरमा आउनु हुँदा बिम्बिसार राजा बाह्र लाख जनसमूहका साथ बुद्धको सर्वप्रथम दर्शन गर्न जान लागेको समूहमा विशाख उपासक पनि थिए र बुद्धको उपदेश सुनेर बिम्बिसार राजासहित स्रोतापत्ति-फल साक्षात्कार गर्ने एघार लाख[३] उपासकहरूमध्येमा यिनले पनि स्रोतापत्ति फल साक्षात्कार गरेका थिए भन्ने कुरा पपञ्चसूदनी पृ. २९६ ले समुल्लेख गरेको छ[४] । अर्को एक समय, भगवान बुद्धको उपदेश सुनेर विशाख उपासकले सकृदागामी-फल र फेरि अर्को पटक उपदेश सुनी अनागामी फल साक्षात्कार गरेका कुरा पनि अर्थकथाहरूले

---

१ थेरी. अप. दा. पा. पृ. २४२ : धम्मदिन्नाथेरीअपदानं ।

२. अं. नि. अ. क. I. पृ. १९६ : एककनिपातवण्णना, धम्मदिन्ना; बु. रा. पृ. ८ मा गल्तीले 'साथी' भनी उल्लेख हुनुपर्नेमा 'भण्डागारिक' हुन गएको छ ।

३. बु. रा. पृ. १३

४. बु. रा. पृ. १०

Downloaded from http://www.dhamma.digital

उल्लेख गरेका छन्[1] ।

अनागामी-मार्ग-फल साक्षात्कार गरी फर्की रहेका विशाख उपासक अरू अरू दिनहरूमा झैं यताउता न हेरी, कुनै संयत योगी जस्तै शान्त-दान्त इन्द्रिय लिई आइरहेका र अघि अघि जस्तै आफूलाई ऊचालमा देखदा मुसुक्क हाँस्ने पुरुष आज आफूलाई ऊचालमा देखेर पनि हाँसेको नदेखी; सँधैझैं ऊचालमा पतिको प्रतीक्षामा बसिरहेकी धर्मदिन्ना उपासिकाले "किन होला आज मेरा पति अरू अरू दिनहरूमा जस्तै यताउता न हेरी, संयत इन्द्रिय लिई, शीर निहुराई, चक्षु-पथलाई आफ्नो वशमा राखी, कुनै योगीझैं आइरहेका" भन्ने मनमा सोच्दै घर भित्र पसेका पतिलाई सँधैझैं मन्याङ् माथि बसी सम्मानपूर्वक आङ्लिनकोनिम्ति आफ्नो हात पसार्दा—त्यस दिन अरू अरू दिनहरूमा झैं पत्नीको हात समाती मुस्काई भन्याङ् नचढी, बरु झन् पत्नीले छोलिन् कि भन्ने डर लिए जस्तो गरी विशाख उपासक भन्याङ् उक्ले । यत्तिकैमा धर्मदिन्ना उपासिकाको मनमा—जस्तै कुनै पत्नीको मनमा आफ्नो प्रिय पुरुषको तरफबाट सँधै पाइरहेको स्नेह नपाउँदा शंकाका लहरहरू उठ्ने हुन् त्यस्तै गरी अनेक कल्पना तथा शंका र उपशंकाका लहरहरू उठ्न थाले र "यो कुरा

---

१. अं. नि. अ. क. I. पृ. १९६ : एककनिपातवण्णना; धम्म. प अ. क. पृ. ६६८ : धम्मदिन्नत्थेरियावत्थु; थेरी. गा. अ. क पृ १३ : धम्मदिन्नाथेरीगाथट्ठकथा; पपं. सू. II. पृ. २९६ चूलवेदल्लसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

भोजनको समयमा बुझ्ने छु" भन्ने विचार लिई मन बाँधिन्। अनि भोजनको समयमा पनि विशाख उपासकले धर्मदिन्नालाई "आऊ! हामीहरू सँगै बसी भोजन गरौं" भनी न भनी एकलै चुपलागी, कुनै योगी भिक्षुले झैं भोजन गरेको देखी उनको मन निक्कै आकुल-व्याकुल भयो र "सुन्ने बेलामा यो कारण बुझ्ने छु" भन्ने सोची पुनः आफ्नो मनको कुरा मनैमा राखेर बसिन्। सुत्ने समयमा पनि आफ्नो पति कोठामा न आई अर्कै कोठामा गई, ठूलो तथा अग्लो खाटमा नसुती, श्रमणहरूलाई उपयुक्त हुने खाट्मा सुतेको देखेर धर्मदिन्नाको चित्त सारै रोएको मात्र होइन डाह र छटपटी पनि हुन थाल्यो। तैपनि उनले अत्यन्त धैर्यताका साथ चित्तलाई बाँधी "एकै दिनमा के भएका रहेछन् भन्ने कुराको चाल पाउन गहारै हुन्छ, एक दुइ दिन मित्र अवश्य पनि वास्तविकतालाई जान्न सक्ने छु" भन्ने बुद्धिमत्तापूर्वक विचार गरिन्। तर मन त किन मान्थ्यो र! मनमा त अनेक कुराहरू खेल्न थाले र रातभरी निदाउन पनि सकिनन्। अनि यस्तो पनि कल्पना गरिन् – "शायद बाहिर कसैसँग आसक्त त भएनन् अथवा कसैद्वारा कुनै भेद गराउने कुरा त सुनेनन् अथवा म देखेर नै रिसाउनु त रिसाएनन। आज घर फर्के देखि नै न मेरो हात समाते, न मलाई हेरी अरू दिनहरूमाझैं हाँसेर नै कुरा गरे, न त खाने बेलामा 'यो देऊ, त्यो देऊ, भनी भने, अझ झन सुत्ने कोठामा पनि आएनन। मेरो के दोष रहेछ[1],

---

१. धम्म. प. अ क. पृ. ६६८; अं. अ. क I पृ. १९६

Downloaded from http://www.dhamma.digital

त्यसै त रिसाउनु नपर्ने, मैले त कुनै त्रुटी गरेको जस्तो लाग्दैन। अवश्य पनि यसमा कुनै रहस्य होला" भन्ने आदि आदि कल्पना गर्दै लामो लामो सास फेर्दै, अत्यन्त दुःख तथा दौर्मनस्यतालाई लिई रात बिताइन्[१]।

अनि एक दिन, विशाख उपासक दिउसोको समयमा एक्लै कोठामा बसिरहेको बेलामा, कोठा भित्र पस्दा उपासकले धर्मदिन्ना उपासिकासँग "धर्मदिन्ने! किन असमयमा कोठाभित्र आएकी हुनौ?" भनी सोधे।

"स्वामी! तपाइ त आज भोलि अधि जस्तो देखिनु हुन्न, त्यसैले केही मनमा लागेका कुराहरू पोख्न आएकी हुँ।"

"ठीक छ, भन।"

"स्वामी! तपाइको स्वभाव देखेर मलाई शंका लाग्छ कि शायद तपाइको बाहिरतिर कुनै आशा छ; स्वामी! के यो मेरो मनको शंका साँचो हो?"

"धर्मदिन्ने! साँचो होइन।"

"त्यसो भए, कसैले तपाइलाई कुनै परिभेदका कुराहरू सुनाए कि?"

---

१. पपं. सू. II. पृ. २९६–९७

Downloaded from http://www.dhamma.digital

"सुनाएका छैनन् ।"

"त्यसोभए, अवश्य पनि मेरै कुनै दोष होला, होइन त ?"

"धर्मदिन्ने ! तिम्रो पनि कुनै दोष छैन ।"

"स्वामी ! त्यसोभए, किन नि तपाइले मसँग अघिजस्तो यथास्वभावले कुराकानी गर्नु नभएको त ? म देखेर मुस्काउनु पनि हुन्न, बरु झन 'मलाई छोइदिएला कि' भन्ने डर लिनु भएको जस्तो लाग्छ ।"

धर्मदिन्नाको हृदयको कुरासुनी विशाख उपासकले यस्तो विचार गरे—

"यो लोकोत्तर धर्म भनेको गौरव गरी राख्नु पर्ने धर्म हो । यस्तो कुरा कसैलाई प्रकाशित गरी हिँडिदैन । अब, यदि मैले साक्षात्कार गरेको लोकोत्तर-धर्मको कुरालाई न बताएमा शायद यिनको हृदय छिया छिया भई मृत्यु हुन पनि वेर छैन ।"

यति कल्पना गरी धर्मदिन्ना प्रति अनुकम्पागर्दै विशाख उपासकले यसो भने—

"धर्मदिन्ने ! मैले शास्ताको उपदेश सुनेर लोकोत्तर-धर्म[१]-

---

१. यहाँ 'लोकोत्तर-धर्म' भनी अनागामी-मार्ग-फललाई भनिएको हो । अनागामी पुरुष पुनः यस लोकमा न जन्मी ब्रह्मलोकबाटै परिनिर्वाण भएर जान्छ । हेर बु. गृ. पृ. २७० मा ।

Downloaded from http://www.dhamma.digital

लाई साक्षात्कार गरिसकें । यस्तो धर्म प्राप्तगर्नेले लौकिक गतिगुणले युक्त व्यवहार गर्नु उचित हुन्न । मैले कुनै पनि स्त्रीलाई छुन सक्दिन, न त कुनै आहारमा लोलुप्यता नै गर्न सक्छु[१] । म तिमीसँग बसेर खान-पान पनि गर्न सक्दिन[२] । अतः, यदि तिमी चाहन्छ्यौ भने तिम्रो चालीस कोटी धन र मेरो चालीस कोटी धन गरी जम्मा असी कोटी धनहरूको मालिकनी बनी मेरो मातृस्थानमा अथवा बहिनीको स्थानमा बस[३] । तिमीले दिएको भोजनद्वारा जीविकागरी बस्ने छु ।

---

१. थेरी. गा. अ. क. पृ १३ : धम्मदिन्नाथेरीगाथट्ठकथा ।

२. अं. नि. अ. क. I. पृ. १९६

३. यहाँ उल्लेख गरिएका कुराहरूका सम्बन्धमा अङ्गुत्तरनिकायट्ठकथाले यसरी उल्लेख गरेको छ— "विशाखले भोजन गरिसके पछि धर्मदिन्नाले उनीसँग 'मेरो दोष के छ?' भनी सोध्दा उनले 'केही छैन' भनी भने पछि धर्मदिन्नालाई 'आजदेखि तिमीसँग म संसर्गको रूपमा बस्ने स्थितिमा छैन । यदि चाहन्छ्यौ भने जति धनहरू चाहन्छ्यौ उति धन लिएर तिमी आफ्नो माइती घरमा जाऊ ।" त्यहाँ उल्लेख भएको शैली अनुसार यो घटना उसै दिनमा घटेको जस्तो लाग्छ । अं. नि. अ. क. I पृ. १९६

थेरीगाथट्ठकथाले पनि यस्तै शैलीमा उल्लेख गरेको छ । थेरी. गा. अ. क. पृ. १३

धम्मपदट्ठकथाले भने अर्कै शैलीमा उल्लेख गरेको छ । त्यस अनुसार—कोठामा बसीरहेका विशाखले धर्मदिन्ना-

Downloaded from http://www.dhamma.digital

यदि यस्तो गरी बस्न चाहन्थौ भने यी धनहरू लिएर आफ्नो माइती-घरमा जाऊ। होइन, अन्त कतै जान चाहन्छ्यौ अथवा अरू कसै-सँग जाने तिम्रो इच्छा छ भने मैले तिमीलाई बहिनीको वा छोरीको स्थानमा राखी हेर विचार गर्नेछु[1]।

गम्भीर तथा मैत्रीपूर्ण वातावरणमा भएका स्वामीका यी कुराहरू सुनेपछि धर्मदिन्नाले यस्तो विचार गरिन्—

"साधारण पुरुषले यस्तो कुरा गर्न सक्तैनन्[2], न त रीसले यस्तो कुरा भन्न सक्छन्[3]। अवश्य पनि मेरा स्वामीले लोकोत्तर-धर्म

लाई बोलाई 'यी सम्पत्तिहरू सबै तिमीलाई भयो' आदि। धम्म. प. अ. क. पृ. ६६८

उपरोक्त तीनै ग्रन्थहरूले आ-आफ्ना ढङ्गले भाव व्यक्त गरिएका कुराहरूमा केही भिन्नता जस्तो देखिएता पनि भन्न खोजेको मूल अर्थमा भने कसैमा पनि कुनै फरक देखिन्न। मैले चाहिं धेरैजसो कुराहरू पपञ्चसूदनीकै आधार लिएर यहाँ उल्लेख गरेको छु।

१. पपं. सू. II. पृ. २९७ : चूलवेदल्लसुत्तवण्णना।

२. पपं. सू. II. पृ. २९७

३. धम्म प. अ. क. पृ. ६६८; थेरी. गा. अ. क. पृ १३

Downloaded from http://www.dhamma.digital

प्रतिलाभ गर्नु भयो होला[१] ।"

यति सोचेर धर्मदिन्नाले आफ्नो पतिसँग सोधिन्—

"स्वामी ! के त, यस्तो लोकोत्तर-धर्मलाई पुरुषहरूले मात्र प्राप्त गर्न सक्छन कि स्त्रीहरूले पनि ?"

"धर्मदिन्ने ! जो जो मार्गमा हिंड्छन् त्य-त्यसले फल पाउन सक्छन् । ज-जसको उपनिश्रय-सम्पत्ति हुन्छ, उ-उसले फल पाउन सक्छ ।"

"स्वामी ! त्यसोभए, तपाइले थुक्नु भएको थुक्लाई म चाट्न चाहन्न,[२] न त त्यसलाई शीरमा लिई हिंड्न नै सक्छु,[३] न त त्यस्ता थुकेका थुकलाई कसैले लिन सक्छ[४] । अतः मलाई प्रव्रज्या हुने अनुमति दिनुहोस्, म प्रव्रजित हुन चाहन्छु[५] ।"

---

१. धर्मदिन्ना स्थविराले पछि स्वयं 'विशाख उपासकले कस्तो लोकोत्तर-धर्म प्राप्त गरेका थिए' भन्ने कुरा यसैमा तल "धर्म-दिन्ना स्थविरापदान" शीर्षकको गा. नं. २३-२४ मा अनुवाद गरिदिएको छु ।

२. थेरी. गा. अ. क. पृ. १३

३. अं. अ. क. I. पृ. १९६-९७

४. धम्म. प. अ. क. पृ. ६६८

५. पपं. सू. II. पृ. २९७

Downloaded from http://www.dhamma.digital

"साधु, भद्रे ! म पनि तिमीलाई यस्तै मार्गमा लगाउन चाहन्थें किन्तु तिम्रो मनोभावलाई बुझ्न नसकी मैले केही नभनेको हुँ।"

यति कुरा सिद्धिनासाथ विशाख उपासक तुरन्तै बिम्बिसार राजाकहाँ गई वन्दना गरी एक छेउमा उभिइरहे।

राजाले — "गृहपति ! किन कुबेलामा आएको" भनी सोध्दा "महाराज ! धर्मदिन्ना प्रव्रजित हुन चाहन्छे" भनी विन्ति गरे। अनि राजाले "त्यसो भए, उनको निमित्त के चाहिन्छ त ?" भनी सोधेपछि उपासकले विनम्रतापूर्वक "महाराज ! अरू त केही चाहिन्न, एक सुवर्णमय पाल्की पाए बेश हुने थियो र नगर पनि सफासुग्घर पार्न लगाउन पाए बेश हुने थियो" भनी विन्ति गरे। राजाले पनि सुवर्णमय पाल्को दिलाइ दिए र नगर पनि सफासुग्घर गराउन लगाइदिए[1]।

प्रव्रज्यात्व

अनि विशाख उपासकले धर्मदिन्ना उपासिकालाई सुगन्धित पानीमा नुहाउन लगाई, सबै अलंकारहरूद्वारा अलकृत गराई, पाल्कीमा राखी, ज्ञाति परिवारहरूले परिवृत्त गराई, पुष्प-धूपहरूद्वारा नगर

१. पपं. सू. II. पृ २९७; अं. अ. क. I. पृ १९७; धम्म. प. अ. क. र थेरी. गा. अ. क. ले भने सुवर्ण पाल्कीमा राखी भिक्षुणी-निवासस्थानमा पठाइदिए भन्ने कुरा मात्र उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

सुवासित गराई ठूलो यात्राका साथ भिक्षुणी-निवासस्थानमा लगी "आर्या ! यो धर्मदिन्ना उपासिकालाई प्रव्रजित गराइदिनुहोस्" भनी विन्तिगरे[१] ।

"गृहपति ! एक दुइ दोषलाई सहन सक्नुपर्छ, आत्तिनु हुन्न" भनी भिक्षुणीहरूले भन्नु भएपछि विशाखले यस्तो भने—

"आर्या ! धर्मदिन्नाको कुनै दोष छैन; उनी श्रद्धापूर्वक नै प्रव्रजित हुन आएकी हुन् ।"

त्यस पछि एक व्यक्ति भिक्षुणीले धर्मदिन्ना उपासिकालाई त्वच-पञ्चक-कर्मस्थानका[२] कुरा बताई, केश क्षौर-गराई प्रव्रजित गराइन् । त्यसपछि "आर्या ! मन लगाएर बस्नुहोस्" भनी धर्मदिन्ना स्थविरालाई वन्दना गरी विशाख उपासक फर्केर गए[३] ।

---

१. पपं. सू. II. पृ. २९७–९८; धम्म. प. अ. क. पृ. ६६८; तर अं. अ. क. I. पृ. १९७ र थेरी गा. अ. क. पृ. १३ मा भने भिक्षुणी-निवासस्थानमा पठाए भन्ने मात्र समुल्लेख भएका पाइन्छन् ।

२ स्थविर बौद्ध परम्परानुसार प्रव्रजित हुनेको केश क्षौर गराउँदा पहिले उपाध्याय हुनेले— "केश, लोम, नख, दन्त तथा त्वच" भनी भनाउन लगाई केश काटि दिएपछि क्षौर गराउछन् । यसैलाई 'त्वच-पञ्चक कर्म स्थान' भनिएको हो ।

३. पपं. सू. II. पृ. २९८

Downloaded from http://www.dhamma.digital

आफू प्रव्रजित भएको कुरा बताउनु हुँदै धर्मदिन्ना स्थविराले पछि "थेरीअपदानपालि" मा यस्तो उल्लेख गर्नु भएको छ—

"तदाहं अनुजानेत्वा, पब्बजिं अनगारियं।
न चिरेनेव कालेन, अरहत्तमपापुणिं॥"

यसको अर्थ तल 'धर्मदिन्ना स्थविरापदान" शीर्षकको गा. नं. २६ मा अनुवाद भएको छ।

प्रव्रजित भएर उपसम्पन्न भएदेखि वहाँलाई 'धर्मदिन्ना स्थविरा' भनी भन्न थाले[1]। धर्मदिन्ना स्थविरालाई प्रव्रजित भए देखिनै ठूलो लाभसत्कार उत्पन्न हुन थाल्यो र यसै लाभसत्कार तथा भेट्-घाट् गर्न आउने अनेक ज्ञातिबन्धु र मित्रहरूको कारणलेगर्दा वहाँलाई श्रमण-धर्म गर्ने फुर्सत मात्र नभएको होइन बल्कि वहाँले यसलाई प्रपञ्च संझनु भई "यी सेठले गृहस्थीमा बसेर नै दुःख नाश हुने लोकोत्तर धर्मलाई साक्षात्कार गरिलिए भने प्रव्रजित भएको मैले त झन् चाँडै नै दुःख अन्तहुने निर्वाण पाउन सक्नुपर्छ[2]" भन्ने मनमा लिई एक दिन, वहाँले आफ्नो आचार्य तथा उपाध्यायहरूकहाँ गई "आर्या! यस प्रपञ्चमय तथा आकीर्ण जीवन लिई यहाँ बस्न मलाई मन लाग्दैन, कहीं एकान्त निर्जन ठाउँमा गई श्रमण-धर्म पालन गर्न चाहन्छु। अतः मलाई त्यस्तो एकान्त तथा निर्जन स्थानमा लैजानुहोस्

---

१. धम्म. प. अ. क. पृ. ६६८

२. अ. नि. अ. क. 1. पृ. १९७ : एककनिपातवण्णना, धम्मदिन्ना।

Downloaded from http://www.dhamma.digital

जहाँ म आफ्नो श्रमण-धर्म निर्विघ्नतापूर्वक पालन गर्न सकूँ" भनी विन्ति गर्नुभयो। स्थविराका आचार्य तथा उपाध्यायहरूले "प्रतिष्ठित कुलबाट आएकी धर्मदिन्ना स्थविराको चित्तलाई खिन्न पार्न हुन्न[१]" भन्ने विचारगरी वहाँलाई एक अनुकूल गाउँको नजिक निर्जन ठाउँमा लैजानु भयो र त्यहाँ बसेर वहाँले एकचित्त गरी श्रमण-धर्म पालन गर्नुभयो[२]। वहाँले अरहत्व प्राप्तिकोनिमित्त आफूले आफैलाई उत्साहित पार्दै प्रकट गर्नु भएको गाथा तल "धर्मदिन्ना स्थविरा-गाथा" शीर्षकमा समुल्लेख गरेको छु।

अरहत्व लाभ

उपरोक्ताकारले एक चित्त गरी श्रमण-धर्म पालन गरी बसि-रहनु भएकी धर्मदिन्ना स्थविराले चिरकाल नबित्दै प्रतिसम्भिदा-ज्ञान सहित अरहत्व लाभ गर्नु भयो[३]। यस सम्बन्धमा वहाँले आफैं प्रकट गर्नु भएका कुरा तल "धर्मदिन्ना स्थविरापदान" शीर्षकको गा. नं. २६ मा अनुदित भएको छ।

---

१. अं. नि. अ. क. I. पृ. १९७

२. पपं. सू. II. पृ २९८; थेरी. गा. अ. क. पृ. १३; धम्म. प. अ. क. पृ ६६८

३. अं. नि. अ. क. I. पृ १९७; पपं. सू. II. पृ. २९८; थेरी गा. अ. क. पृ १३; धम्म. प. अ. क. पृ. ६६८

Downloaded from http://www.dhamma.digital

केही दिन नबित्दै यसरी अरहत्व प्राप्त गर्न सकेको पूर्व-कारणहरू उल्लेख गर्दै पपञ्चसूदनीले यसरी उल्लेख गरेको छ—

"यहाँदेखि एक लाख कल्प अघि पदुमोत्तर[1] बुद्ध भगवान्‌को पालामा धर्मदिन्ना स्थविरा एक दासी कुलमा जन्मिनु भएको थियो। एक दिन, निरोध-समापत्ति ध्यानबाट उठेर आउनु भएका पद्मोत्तर बुद्धका सुजात भन्ने अग्रश्रावकलाई आफ्नो चुल्ठो बेची, दान दिई यहाँले प्रार्थना गर्नु भएको थियो। त्यस प्रार्थना र प्रणिधीको कारण-द्वारा प्रव्रजित भएको चिरकाल नबित्दै अरहत्व लाभगर्न सक्नु भएको हो[2]।"

यस्तै कुराहरू मनोरथपूरणी पृ. १९६ मा र थेरीगाथट्ठकथा पृ. १२ मा पनि समुल्लेख भएका पाइन्छन्। "थेरीअपदानपालि" मा धर्मदिन्ना स्थविराले आफ्नो पूर्वचर्याका कुराहरू बताउनु हुँदै पदुमोत्तर बुद्धको पालामा सुजात स्थविरलाई भोजन-दान दिएको कुरा पनि यसरी स्वयं उल्लेख गर्नु भएको छ—

"तदाहं हंसवतियं, कुले अञ्ञतरे अहुं।
परकम्मकारी आसिं, निपका सीलसंवुता॥

---

१. दीपङ्कर बुद्धदेखि दशौं बुद्ध। बु. वं. पा. पृ. ३४२ : पदुमुत्तर बुद्धवंसो।

२. पपं. सू, II, पृ, २९८

Downloaded from http://www.dhamma.digital

"पदुमुत्तर बुद्धस्स, सुजातो अग्गसावको।
विहारा अभिनिक्खम्म, पिण्डपाताय गच्छति॥

"घटं गहेत्वा गच्छन्ती, तदा उदकहारिका।
तं दिस्वा अददं पूपं, पसन्ना सेहि पाणिभि॥

"पटिग्गहेत्वा तत्थेव, निसिन्नो परिभुञ्जि सो।
ततो नेत्वा तं गेहं, अदासिं तस्स भोजनं[१]॥"

यो गाथाका अर्थहरू तल "धर्मदिन्ना स्थविरापदान" शीर्षकको गा, नं, २–५ मा अनुवाद गरिदिएको छु।

अरहत्व प्राप्त गर्नु भएको केही दिन पछि वहाँले यस्तो सोच्नु भयो—

"जुन उद्देश्य लिई म यस बुद्ध-शासनमा प्रव्रजित भएकी हुँ सो मेरो अर्थ पूरा भइसक्यो। अब जनपद र गाउँहरूमा मात्र बसेर के गरूँ। राजगृहमै गएमा त्यहाँ मेरा ज्ञाति-मित्रहरूले पुण्य पनि कमाउन सक्ने छन्, भिक्षुणीहरू पनि लाभान्वित हुनेछन् तथा मैले बुद्ध वन्दना पनि गर्न पाउने छु। अतएव राजगृहमै फर्कनु पर्‍यो।"

यति सोचेर भिक्षुणीसङ्घका साथ राजगृहमै फर्कनु भयो[२]।

---

१. थेरी. अप. दा. पा. पृ. २४२ : धम्मदिन्नाथेरीअपदानं।

२. पपं. सू. II. पृ. २९८; थेरी. गा. अ. क. पृ. १५; अं. अ. क. I. पृ. १९७; धम्म. प. अ. क. पृ. ६८

Downloaded from http://www.dhamma.digital

धर्मदिन्नाको परीक्षा

धर्मदिन्ना स्थविरा चाँडै नै गाउँबाट राजगृहमै फर्केको समाचार सुनी "प्रव्रजित भएर गाउँमा गई यति चाँडै पुनः नगरमै फर्किन्, किन फर्केकी होलिन्; शायद प्रव्रज्यात्वमा मन लगाउन सकिनन् कि क्याहो ?" भन्ने जस्ता कल्पनाहरू मनमा उठेपछि धर्मदिन्ना स्थविराको चित्तलाई परीक्षा गर्ने विचारले विशाख उपासक साँझपख भिक्षुणी निवासस्थानमा गई प्रश्नहरू सोधेभनी मनोरथपूरणीले उल्लेख गरेको छ[१] । पपञ्चसूदनीले भने दोश्रो दिनको गमनमा प्रश्नहरू सोधेका थिए भन्ने कुरा उल्लेख गरेको छ[२] ।

त्यहाँ पुगेपछि धर्मदिन्ना स्थविरालाई अभिवादन गरी एक छेउमा बसेका विशाख उपासकले "आर्या ! किन तपाइ यति चाँडै गाउँबाट फर्कनु भएको ? के प्रव्रज्यात्वमा मन लागेन कि क्या हो ?" भनी सोझै प्रश्नगर्नु अनुचित ठानी "धर्मका प्रश्नहरूद्वारा वहाँको चित्तवृत्ति प्रव्रज्यात्वमा अभिरमण छ वा छैन" भन्ने कुरा बुझ्ने अभिप्राय लिई स्थविरासँग पञ्चस्कन्धको माध्यमद्वारा चारसत्यका कुराहरू र स्रोतापत्ति-मार्ग-फल सम्बन्धी कुराहरू सोधे[३] । यसै कुरालाई संकेत गर्दै तल अनुदित "विशाख उपासकको प्रश्न"

---

१. I. पृ. १९७ : एककनिपातवण्णना, धम्मदिन्ना ।

२. II. पृ. २९८ : चूलवेदल्लसुत्तवण्णना ।

३. पपं. सू. II. पृ. २९८

Downloaded from http://www.dhamma.digital

शीर्षकको मूल सूत्रले "त्यस समय...एक छेउमा बसेका विशाख उपासकले धर्मदिन्ना भिक्षुणीलाई यस्तो भने..." भनी उल्लेख गरेको हो। अनि धर्मदिन्ना स्थविराले "यी प्रश्नहरू मरखर प्रव्रजित भएको मैले भन्न सविदन, अरू कुनै स्थविराकहाँ गई सोध्नुहोस्" भनी नभनी—आकाशमा फालेको वस्तुलाई टिप्नेझैं, एउटा गाँठो भएको गाँठोलाई फुकालेझैं, एकदम बाक्लो जङ्गलबाट हात्ती लैजानेझैं, खड्गको टुप्पोलो बट्टाको विर्को उघार्नेझैं अथवा कमलको डाँठलाई चट्-चट् काटने झैं प्रतिसम्भिदा-ज्ञानद्वारा एक एक प्रश्नको उत्तर दिनुभयो[1]।

धर्मदिन्ना स्थविराको उत्तर सुनेर विशाख उपासकले "बुद्ध-शासनमा अभिरत न हुनेले एक एक रौं चिम्टाले च्याप्नेझैं, महामेरु पर्वतबाट एक एक कणलाई निकाल्ने झैं सोधे सोधेका प्रश्नका उत्तरहरू यसरी कदाचित् दिन सक्नु हुने छैन" भन्ने कुरालाई मननगरी स्थविराको चित्तवृत्ति बुद्ध-शासनमा तल्लीन भएको कुरालाई बुझी लिए।

अनि फेरि उनले यस्तो सोचे कि—यी चतुरार्यसत्यका कुराहरू त आजै प्रव्रजित भएका श्रामणेरले पनि बताउन सक्छन्; किन कि बुद्ध-धर्ममा चतुरार्यसत्यका कुराहरू चन्द्र-सूर्यझैं प्रकट छन्। यी धर्मदिन्ना स्थविरा गृहस्थीदेखि नै पण्डितनी तथा व्यक्ता हुनुहुन्छ।

---

१. पपं. सू. II. पृ. २९८; थेरी. गा. अ. क. पृ. १५; अ. अ. क. I. पृ. १९७; धम्म प. अ. क. पृ. ६६८

Downloaded from http://www.dhamma.digital

वहांले यी सत्यका कुराहरू अध्ययनद्वारा पनि बताउन सक्नु हुन्छ। यत्तिकैले वहांले सत्यलाई साक्षात्कार गर्नुभयो भनी भन्न सकिन्न। अतः "आफ्नै अनुभूतिद्वारा धर्मावबोध गरि सक्नु भयो वा सक्नु भएको छैन तथा दुःखलाई क्षय गरि सक्नु भयो वा सक्नु भएको छैन" भन्ने कुरा बुद्धनकोनिमित्त स्रोतापन्न, सकृदागामी तथा अनागामी हुनेले मात्र भन्नसक्ने विषयमा एक माथि अर्को गरी उपासकले प्रश्नहरू सोध्न थाले[1]। स्थविराले पनि सबै प्रश्नका उत्तरहरू अत्यन्त सन्तोषजनक ढङ्गले दिनुभयो र यसद्वारा विशाख उपासक अति प्रसन्न भए। अनि फेरि आफूले अरहत्-फलको साक्षात्कार नगरेता पनि श्रुतिको आधारमा अरहत्-मार्ग-फल सम्बन्धमा प्रश्न सोधे। जसको उत्तरको अन्तलाई विशाखले बुद्धन नसक्दा स्थविराले "प्रश्नको अन्तलाई बुद्धन सक्नु भएन" भन्दै निर्वाण सम्बन्धको कुरा काढ्नुहुँदै[2] "यदि चाहनु हुन्छ भने यी कुराहरू तथागतसँग सोध्नुहोस् र वहांले जस्तो बताउनु हुनेछ उस्तै धारण गर्नुहोस्" भनी भन्नुभयो। जुन कुरा तल "विशाख उपासकको प्रश्न" शीर्षकको मूल सूत्रमा अनुदित भएको छ।

उपरोक्ताकारले सोधेका प्रश्नहरूमध्येमा पहिला दुइ तीन प्रश्नका उत्तरहरू सुन्दा नै विशाख उपासक पूर्णरूपेण विश्वस्त भएका थिए कि—धर्मदिन्ना स्थविराले आस्रवक्षय गरीसक्नु भयो र विशारदतामा

---

१. पपं. सू. II पृ. २९९ : चूलवेदल्लसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. १९७ : एककनिपातवण्णना, धम्मदिना।

२. धम्म प. अ. क. पृ. ६६८

Downloaded from http://www.dhamma.digital

पनि पुगिसक्नु भयो[१] ।

विशाख उपासक र धर्मदिन्ना स्थविराका बीच जुन प्रश्नोत्तरहरू भए ती सबै तलको "विशाख उपासकको प्रश्न" शीर्षकको मूल सूत्रले नै प्रष्ट गरेको छ । जतिसुकै प्रष्ट भएता पनि त्यो सूत्रको गाम्भीर्यतालाई अवबोध गर्न त वहाँहरूको जस्तै गाम्भीर्य अनुभूति भएमा मात्र त्यस सूत्रको गाम्भीर्यताको गूढ तत्वलाई हामीहरूले रसास्वाद गर्न सक्ने छौं । अन्यथा बहिराले गीत सुनेको र अन्धाले रूप हेरेको जस्तै हुनेछ । अनुवादकले ती गाम्भीर्यतायुक्त सूत्रको उसै शैलीमा तथा यथासक्य बोधगम्यहुने गरी अनुवाद गर्ने प्रयास गरेको छ तर धर्मानुवाद भने होइन ।

बुद्धद्वारा प्रशंसा

धर्मदिन्ना स्थविराको पाण्डित्यतापूर्ण उत्तरहरू सुनेर अत्यन्त प्रसन्न भएका विशाख उपासकले वहाँलाई अभिवादन गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी धर्मदिन्ना स्थविरा र आपनो बीचमा भएका सबै कुराहरू भगवान्लाई उनले विन्ति गरे । यी कुरा सुनी धर्मदिन्ना स्थविराको पाण्डित्यता, व्यक्तता तथा विशारदतालाई प्रशंसा गर्नुहुँदै भगवान् बुद्धले "विशाख ! मेरी (धर्म) पुत्री धर्मदिन्नाले जुन कुराहरू बताइन् ती कुराहरू राम्रै बताएकी छन् । मसँग सोधेको भए पनि मैले पनि यसरी

---

१. पपं. सू. II. पृ. २९९

Downloaded from http://www.dhamma.digital

नं बताउने थिएँ[1] । मेरी पुत्री धर्मदिन्ना पण्डित्नी छन्, व्यक्ता छन्; अतीतानागत प्रत्युत्पन्न स्कन्धहरूमध्येमा कुनै पनि स्कन्धमा उनको तृष्णा छैन; कुनै ग्रहण पनि छैन; उनी निष्प्रपञ्चिनी हुन् र ब्राह्मण पनि हुन्" भनी भन्नुभयो । त्यसपछि निम्न गाथा सुनाउनु भयो—

"यस्स पुरे च पच्छा च, मज्झे च नत्थि किञ्चनं ।
अकिञ्चनं अनादानं, तमहं ब्रूमि ब्राह्मणं[2] ।।

विशाख[3] उपासक पनि बुद्धको कुरासुनी अत्यन्त प्रफुल्लित

---

१. अं. नि. अ. क. I. पृ १९७; धम्म. प. अ क पृ ६६८; थेरी गा. अ. क. पृ. १५; म. नि. I. पृ. ३७६ : चूलवेदल्ल-सुत्तं, अ. क II. पृ. ३०८

२. धम्म. प. पा. पृ. ५७ : ब्राह्मणवग्गो, गा. नं. ४२१

३. विशाख उपासकले जस्तै गृहस्थी-जीवनमा अनागामी-फल साक्षात्कार गरी उत्कृष्टरूपले गृही जीवन बिताउने गृहस्थीहरू यस भन्दा अघि प्रकाशित भएका "बुद्धकालीन ब्राह्मण" बाट पिङ्गियानी ब्राह्मण (पृ. १०३), ऊर्णाभ ब्राह्मण (पृ. ११३) तथा ब्रह्मायु ब्राह्मण (पृ. १६३); "बुद्धकालीन गृहस्थीहरू" बाट चित्र गृहपति (पृ. १४१), हस्तक आलवक (पृ. १९२), हस्तिग्रामक उदगत गृहपति (पृ ३३१) तथा वैशालीवासी उदगत गृहपति (पृ ३११) आदिका नामहरू लिन सकिन्छन् र उनीहरूका जीवन चरित्रहरूको अध्ययनद्वारा विशाख उपासकको जीवनका घटनाहरूलाई बुझ्न टेवामिल्न सक्ने छ ।

Downloaded from http://www.dhamma.digital

भई फर्केर गए। केही समय पछि यसै गुणलाई सम्झनु भई बुद्ध भगवान्ले धर्मदिन्ना स्थविरालाई धर्मकथिका भिक्षुणीहरूमध्येमा अग्रस्थान दिने औपचारिक घोषणा गर्नुभयो[१]। जुन कुरा तलको "अग्रस्थान" शीर्षकको मूल सूत्रले पनि उल्लेख गरेको छ।

उपरोक्त घटनाका कुराहरूलाई संस्मरण गर्नु हुँदै पछि धर्मदिन्ना स्थविराले "थेरीअपदानपालि" मा स्वयं यस्तो उल्लेख गर्नु भएको छ—

"तदा उपासको सो मं, उपगन्त्वा अपुच्छथ।
गम्भीरे निपुणे पञ्हे, ते सब्बे ब्याकरिं अहं॥

"जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं।
भिक्खुनिं धम्मकथिकानं, नाञ्ञं पस्सामि एदिसिं॥

"धम्मदिन्ना यथा धीरा, एकं धारेथ भिक्खवो।
एवाहं पण्डिताहोमि, नायकेनानुकम्पिता[२]॥"

यसको अर्थ तल "धर्मदिन्ना स्थविरापदान" शीर्षकको गा. नं. २७–२९ मा उल्लेख भएको छ।

× × ×

---

१. अं. नि. अ. क. I. पृ १९७; थेरी. गा. अ. क. पृ. १५; धर्मकथिका भिक्षुणीहरूमध्येमा धर्मदिन्ना स्थविरा अग्र हुनु भए झैं भिक्षुहरूमा पूर्ण मन्त्राणीपुत्र अग्र हुनुहुन्छ। अं. नि-१ पृ. २४

२. थेरी. अप. दा. पा. पृ. २४४ : धम्मदिन्नाथेरीअपदानं।

Downloaded from http://www.dhamma.digital

यी विशाख उपासक र धर्मदिन्ना उपासिकाहरू अहिलेमात्र पती-पत्नी भएका होइनन् अघि फुस्सबुद्ध[१] को पालामा पनि भएका थिए भन्ने कुरा पेतवत्थु अट्ठकथामा समुल्लेख भएको पाइन्छ। त्यस अनुसार – उनीहरू फुस्स बुद्धको पालामा विशाख उपासक भण्डागारिक गृहपति र धर्मदिन्ना उपासिका पत्नी भएकी थिइन्[२]।

× × ×

विपश्वी बुद्ध, वेस्सभू बुद्ध, ककुच्छन्द (ककुसन्ध) बुद्ध, कोणागमन बुद्ध तथा काश्यप बुद्धहरूका पालादेखि दान-पुण्य गरी भिक्षुणी हुँदै आएकी सुक्का भन्ने भिक्षुणी वर्तमान शाक्यमुनी गौतम बुद्धको समयमा, राजगृहको एक गृहपति कुलमा जन्मी, ठूली भएपछि एक दिन, तथागत सम्यक् सम्बुद्ध राजगृहमा आउनु भएको बेलामा वहाँको धर्मोपदेश सुनी प्रसन्न भई उपासिका भइन्। पछि धर्मदिन्ना स्थविराकहाँ गई वहाँको उपदेश सुनी—वैराग्यचित्त उत्पन्न गरी वहाँकहाँ नै प्रव्रजित तथा उपसम्पन्ना भई विपश्यना-ध्यान गरी अरहत्नी भइन्[३]।

---

१. दीपङ्कर बुद्धदेखि आठौं बुद्ध हुन्। बु. वं. पा. पृ. ३६० : फुस्सबुद्धवंसो।

२. पेत. व. अ. क. पृ. १६–१७ : तिरोकुड्ड पेतवत्थुअट्ठकथा।

३. थेरी. गा. अ. क. पृ. ४५ : सुक्काथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

अर्की एक स्त्री,—जसको नाउँ र गोत्र उल्लेख भएको पाइदैन—देवदहमा महाप्रजापति गौतमीकी धाई भई, पछि महाप्रजापति गौतमी प्रव्रजित भएपछि उनी पनि प्रव्रजित भई पच्चीस वर्षसम्म कामराग-चित्तको कारणलेगर्दा एक क्षण पनि एकाग्र-चित्त गर्न नसकी, टाउकोमा हातराखी रुँदै एक दिन, धर्मदिन्ना स्थविराकहाँ गई वहाँको उपदेश सुनेर कामरागबाट चित्त हटाई ध्यान-भावना गरी अन्तमा षडभिज्ञालाभिनी अरहत्नी भइन्[1]।

अरू कुराहरू तल अनुदित मूल सूत्रहरू अध्ययन गरी बुझ्न सकिने छ।

भिन्नाभिन्न धर्मदिन्नाहरू

(१) धर्मदिन्ना (भिक्षुणी)— यिनी पियदस्सी[2] (=प्रियदर्शी) भगवान् बुद्धका अग्र-श्राविका थिइन्। बु. वं पा. पृ. ३५१ : पियदस्सी बुद्धवंसो।

---

१. थेरी. गा. अ. क. पृ. ६० : अञ्ञतरात्थेरीगाथट्ठकथा।

२. दीपङ्कर बुद्धदेखिका तेर्‍हौं बुद्ध हुन्।

Downloaded from http://www.dhamma.digital

(२) धर्मदिन्ना (उपासिका)— यिनी, पियदस्सी (=प्रिय-दर्शी) भगवान् बुद्धका अग्र उपस्थायिका उपासिका थिइन्। बु. वं. पा. पृ. ३५२ : पिय-दस्सी बुद्धवंसो।

(३) धर्मदिन्ना (स्थविरा)— यिनी, राजगृहवासी एक धनाढ्यकी छोरी हुन्। पछि राजगृहकै विशाख उपासक-सँग विवाह भयो। विशाख उपासकको अनुमति लिई वेणुवनाराम भिक्षुणी निवास-स्थानमा गई भिक्षुणी भइन् र बुद्ध-शासनमा धर्मकथिका भिक्षुणीहरूमध्येमा अग्र भइन्। यिनकै संग्रह यहाँ गरिएको छ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

१–धर्मदिन्ना स्थवीरा-गाथा

"छन्दजाता अवसायी[१], मनसा च फुटा[२] सिया।
कामेसु अप्पटिबद्धचित्ता, उद्धं सोताति वुच्चती'ति[३]॥"

अर्थ—

"अवसान (=निर्वाण) प्राप्तिको इच्छागर्नेको मनले (निर्वाण-लाई) स्पर्श गर्न सक्नुपर्छ; कामविषयमा अप्रतिबद्ध चित्त हुने उर्ध्व-स्रोतगामी[४] हुन्छ[५]।

× × ×

१. रोमनमाः 'अवसायो'।
२. स्याममाः 'फुट्ठा'।
३. थेरी. गा. पा. पृ. ४०५ : धम्मदिन्नाथेरीगाथा, अ. क. पृ. १२.
४. अनागामी हुनेलाई 'उर्द्धस्रोतगामी' भन्दछन्। थेरी. गा. अ. क. पृ. १६; हेर. बु. गृ. पृ. २७५ को पादटिप्पणीमा पनि।
५. धर्मदिन्ना, भिक्षुणी भइसकेपछि एक गाउँमा ध्यानगरी रहनु भएको बेलामा अरहत्व प्राप्तिको इच्छा गर्नु हुँदै यो गाथा प्रकट गर्नु भएको हो भनी थेरीगाथट्ठकथाले उल्लेख गरेकोछ। इच्छानुसार चाँडै नै वहाँले अरहत्व पनि प्राप्त गर्नु भयो। थेरी. गा. अ. क. पृ. १५

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

२–विशाख उपासकको प्रश्न

यस्तो मैले सुने[१] ।

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नु भएको थियो ।

सत्काय सम्बन्धी प्रश्न

त्यस समय विशाख उपासक[२] जहाँ धर्मदिन्ना (=धम्मदिन्ना) भिक्षुणी हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि धर्मदिन्ना भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका विशाख उपासकले धर्मदिन्ना भिक्षुणीलाई यस्तो भने—

---

१. म. नि. I. पृ. ३६९ : चूलवेदल्लसुत्तं, अ. क. II. पृ. २९६

२. विशाख उपासक धर्मदिन्ना भिक्षुणीकी गृहस्थी समयका पति हुन् । विशाख उपासक 'अनागामी' हुन् । पप. सू. II. पृ. २९६; बु. रा. पृ. १० मा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

१– "आर्या ! 'सत्काय सत्काय' भनी भनिन्छ; आर्या ! भगवान्‌ले केलाई 'सत्काय[१]' भनी भन्नु भएको छ ?"

"आवुसो विशाख ! यी पाँच-उपादानस्कन्धहरूलाई भगवान्‌ले 'सत्काय' भनी भन्नु भएको छ । जस्तै (१) रूप-उपादानस्कन्ध, (२) वेदना-उपादानस्कन्ध, (३) संज्ञा-उपादानस्कन्ध, (४) संस्कार-उपादानस्कन्ध, (५) विज्ञान-उपादानस्कन्ध ।

"आवुसो विशाख ! यीनै पाँच-उपादानस्कन्धहरूलाई[२] भगवान्‌ले 'सत्काय' भनी भन्नु भएको छ ।"

२– " 'साधु आर्या !' भनी धर्मदिन्नाको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी विशाख उपासकले अर्को प्रश्न सोधे— 'आर्या ! 'सत्काय-समुदय, सत्काय-समुदय' भनी भनिन्छ; आर्या ! भगवान्‌ले केलाई 'सत्काय-समुदय' भनी भन्नु भएको छ ?"

"आवुसो विशाख ! जो यी पुनर्भवहुने तृष्णा, नन्दीराग

---

१. 'सत्काय' सम्बन्धमा सं. नि II. पृ. ३७३ : सक्कायसुत्तं र सं. नि III. पृ. २३१ : सक्कायपञ्हसुत्तं पनि हेर्नु बेश हुनेछ ।

२. यी पाँच-उपादानस्कन्धहरूको स्पष्टिकरण लेखकको बु. प. पृ. ४०१ को पादटिप्पणीमा समुल्लेख भएको छ । त्यस्तैगरी यी पञ्चस्कन्ध सम्बन्धी अझ बढी जानकारीकोनिम्ति लेखकको बु. श्रा. च. पृ. १६७ को पादटिप्पणीमा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

सहगत-तृष्णा तथा त्यस त्यस ठाउँमा अभिनन्दित हुने तृष्णा हुन्; जस्तै – (१) कामतृष्णा, (२) भवतृष्णा, तथा (३) विभवतृष्णा[1]।

"आवुसो विशाख ! यसैलाई भगवान्‌ले 'सत्काय-समुदय' हो भनी भन्नु भएको छ।"

३– 'आर्या ! 'सत्काय-निरोध, सत्काय-निरोध' भनी भनिन्छ; आर्या ! भगवान्‌ले केलाई 'सत्काय-निरोध' भनी भन्नु भएको छ ?"

"आवुसो विशाख ! सोही तृष्णाबाट निश्शेषरूपले विराग, निरोध, त्याग, प्रतिनिःसर्ग, मुक्ति तथा अनालय हुनुलाई नै; आवुसो विशाख ! भगवान्‌ले 'सत्काय-निरोध' हो भनी भन्नु भएको छ[2]।"

४– "आर्या ! 'सत्काय-निरोधगामिनीप्रतिपदा, सत्काय-निरोधगामिनीप्रतिपदा' भनी भनिन्छ; आर्या ! भगवान्‌ले केलाई 'सत्काय-निरोधगामिनीप्रतिपदा' भनी भन्नु भएको छ ?"

---

१. यी तृष्णाहरूका अर्थहरू बु. प. पृ. ३८९ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु; त्यस्तै बु. श्रा. च. पृ. १७१ को पादटिप्पणीमा पनि उल्लेख भएको छ। अतः त्यस त्यस ठाउँमा हेरी अर्थ बुझ्नु वेश हुनेछ। सं. नि. II. पृ. ३७३ : सक्कायसुत्तं मा पनि हेर्नू।

२. हेर. सं. नि. II. पृ. ३७३ : सक्कायसुत्तं।

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! यही आर्यअष्टाङ्गिक मार्गलाई नै भगवान्ले 'सत्काय-निरोधगामिनीप्रतिपदा' हो भनी भन्नु भएको छ[1] । जस्तै— (१) सम्यक्-दृष्टि, (२) सम्यक्-सङ्कल्प, (३) सम्यक्-वाचा, (४) सम्यक्-कर्म, (५) सम्यक्-आजीव, (६) सम्यक्-व्यायाम, (७) सम्यक्-स्मृति, तथा (८) सम्यक्-समाधि[2] ।" (आर्यमार्गको आठ अङ्गहरू यीनै हुन्) ।

५– "आर्या ! उपादान भनेको र पञ्च-उपादानस्कन्धहरू भनेका एउटै हुन् कि अथवा उपादान भनेको र पञ्च-उपादानस्कन्धहरू भनेका भिन्नाभिन्नै हुन् ?"

"आवुसो विशाख ! उपादान भनेको र पञ्च-उपादानस्कन्धहरू भनेका त्यही नै होइनन्, न त पञ्च-उपादानस्कन्धहरू बाहेक उपादान नै छ । अर्थात्— उपादान र पञ्च-उपादानस्कन्धहरू एउटै पनि होइनन् अलग पनि होइनन् ।

"आवुसो विशाख ! पञ्च उपादान प्रति जुन छन्द-राग हो— सोही नै त्यहाँ उपादान हो ।"

---

१. हेर. सं. नि. II. पृ. ३७३ : सक्कायसुत्तं ।

२. यी आठै अङ्गहरूका पल्टिकरण बु. प. पृ. ३७०–७२ मा उल्लेख गरिसकेको छ; त्यस्तै बु. श्रा. च. पृ. १७३–८२ मा पनि सविस्तर पल्टिकर उल्लेख गरिदिएको छु । अध्ययनको इच्छा गर्नेहरूले त्यसै ग्रन्थमा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

६– "आर्या ! कसरी सत्काय-दृष्टि[१] हुन्छ ?"

"आवुसो विशाख ! यहाँ, आर्यहरूलाई[२] नदेख्ने, आर्य-धर्ममा अकोविद, आर्य धर्ममा अविनीत; सत्पुरुषलाई न देख्ने, सत्पुरुष धर्ममा अकोविद तथा सत्पुरुष धर्ममा अविनीत—अश्रुतवान् पृथग्जनले[३]— '[१] (a) रूपलाई आत्मा मनी हेर्छ,[४] (b) रूपवान्लाई आत्मा मनी हेर्छ,[५] (c) आत्मामा रूप छ मनी हेर्छ[६] अथवा

---

१. 'सत्कायदृष्टि' सम्बन्धी विशेष अर्थ बुझ्नकोनिमित्त बु. प. पृ. ५६६ को पादटिप्पणी हेर्नु बेश हुनेछ ।

२. यहाँ, कस्तालाई 'आर्य' भनेको हो भन्ने विषयमा अर्थावबोध गर्नकोनिमित्त लेखकको बु. गृ. पृ. ४१७ मा हेर्नू ।

३. 'पृथग्जन' भनी कस्तालाई भन्दछन् भन्ने बारेको अर्थ पनि बु. गृ. पृ. ४१८ मा समुल्लेख भएको छ ।

४. "जुन अचि हो सोही वर्ण हो; जुन वर्ण हो सोही अचि हो भनी अचि र वर्णलाई अद्वयगरी हेरे जस्तै रूपलाई आत्मा भनी हेर्छ ।" पटि. म. पा. पृ. १६०: तीणिसत दिट्ठाभिनिवेसा

५. "रुख अर्कै हो छाया अर्कै हो । तर त्यो रुख यो छायाद्वारा छायावान् छ अतः छायावान् रुख हो भनी हेरे जस्तै गरी रूपवान् आत्मा भनी हेर्छ ।" पटि. म. पा. पृ. १६०

६. "सुगन्ध भएको फूलमा फूल अर्कै हो, गन्ध अर्कै हो अतः फूलमा गन्ध छ भन्ने जस्तै गरी आत्मामा रूप छ भनी हेर्छ ।" पटि. म. पा. पृ. १६१

Downloaded from http://www.dhamma.digital

(d) रूपमा आत्मा छ भनी हेर्छ[१]। [२] (a) वेदनालाई आत्मा भनी हेर्छ, (b) वेदनावान्‌लाई आत्मा भनी हेर्छ, (c) आत्मामा वेदना छ भनी हेर्छ अथवा (d) वेदनामा आत्मा छ भनी हेर्छ। [३] (a) संज्ञालाई आत्मा भनी हेर्छ, (b) संज्ञावान्‌लाई आत्मा भनी हेर्छ, (c) आत्मामा संज्ञा छ भनी हेर्छ अथवा (d) संज्ञामा आत्मा छ भनी हेर्छ। [४] (a) संस्कारलाई आत्मा भनी हेर्छ, (b) संस्कारवान्‌लाई आत्मा भनी हेर्छ, (c) आत्मामा संस्कार छ भनी हेर्छ अथवा (d) संस्कारमा आत्मा छ भनी हेर्छ। [५] (a) विज्ञानलाई आत्मा भनी हेर्छ, (b) विज्ञानवान्‌लाई आत्मा भनी हेर्छ, (c) आत्मामा विज्ञान छ भनी हेर्छ अथवा (d) विज्ञानमा आत्मा छ भनी हेर्छ।'

"आवुसो विशाख ! यसरी नै सत्काय-दृष्टि हुन्छ।"

७– "आर्या ! कसरी सत्काय-दृष्टि हुन्न त ?"

---

१. "बट्टा (करण्डक) मा राखेको मणीलाई बट्टा अर्कै हो, मणी अर्कै हो। यो मणी बट्टामा छ भन्ने झैं बट्टामा मणी देखेनेझैं रूपमा आत्मा छ भनी हेर्छ।" पटि. म. पा. पृ १६१ : तीणि-सतं दिट्ठाभिनिवेसा, दिट्ठिकथा। यस्तै प्रकारले अरूहरूको पनि अर्थ बुझ्नू। यस विषयमा दार्शनिक ढङ्गले गहिरो अध्ययन गर्न चाहनेले उक्त ग्रन्थमा र धम्म सं. पृ. २३२ : निक्खेपकण्डं, तिकानि र अत्थ. सा. पृ. ३०० मा हेर्नू बेश हुनेछ तथा पपं. सू. II. पृ. ३०० : चूलवेदल्लसुत्तवण्णनामा पनि।

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! यहाँ, आर्यहरूलाई देख्ने, आर्य धर्ममा कोविद, आर्य धर्ममा[1] विनीत; सत्पुरुषलाई देख्ने, सत्पुरुष धर्ममा कोविद तथा सत्पुरुष धर्ममा[1] विनीत—श्रुतवान् आर्यश्रावकले—'[१] (a) रूपलाई आत्मा भनी हेर्दैन, (b) रूपत्वलाई आत्मा भनी हेर्दैन, (c) आत्मामा रूप छ भनी हेर्दैन, (d) न रूपमा आत्मा छ भनी हेर्छ। [२] (a) वेदनालाई आत्मा भनी हेर्दैन, (b) वेदनात्वलाई आत्मा भनी हेर्दैन, (c) आत्मामा वेदना छ भनी हेर्दैन, (d) न वेदनामा आत्मा छ भनी हेर्छ। [३] (a) संज्ञालाई आत्मा भनी हेर्दैन, (b) संज्ञात्वलाई आत्मा भनी हेर्दैन, (c) आत्मामा संज्ञा छ भनी हेर्दैन, (d) न संज्ञामा आत्मा छ भनी हेर्छ। [४] (a) संस्कारलाई आत्मा भनी हेर्दैन, (b) संस्कारत्वलाई आत्मा भनी हेर्दैन, (c) आत्मामा संस्कार छ भनी हेर्दैन, (d) न संस्कारमा आत्मा छ भनी हेर्छ। [५] (a) विज्ञानलाई आत्मा भनी हेर्दैन, (b) विज्ञानत्वलाई आत्मा भनी हेर्दैन, (c) आत्मामा विज्ञान छ भनी हेर्दैन, (d) न विज्ञानमा आत्मा छ भनी हेर्छ।'

"आवुसो विशाख ! यसरी नै सत्कायदृष्टि हुन्न।"

---

१. यहाँ आर्य धर्म र सत्पुरुष धर्म भनी कस्तो धर्मलाई भनिएको हो भन्ने बारेमा बु. गु. पृ. ४१७–२० सम्म हेर्नू। अत्थ. सा. पृ. २९८ : निक्खेपकण्डवण्णनामा पनि यसको व्याख्यान उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

आर्य-अष्टाङ्गिकमार्ग

१– "आर्या ! आर्यअष्टाङ्गिकमार्ग भनेको कुन हो ?"

"आवुसो विशाख ! आर्यअष्टाङ्गिकमार्ग भनेको यही हो; जस्तै—सम्यक् दृष्टि, सम्यक्-संकल्प, सम्यक्-वाचा, सम्यक्-कर्म, सम्यक्-आजीव, सम्यक्-व्यायाम, सम्यक्-स्मृति तथा सम्यक् समाधि।"

२– "आर्या ! आर्यअष्टाङ्गिकमार्ग संस्कृत[१] (सङ्खतं) हो कि असंस्कृत[२] (असङ्खतं) हो ?"

---

१. 'संस्कृत = सङ्खतं' भनेको के हो भन्ने प्रश्नको उत्तर दिई धम्मसङ्गणिले पृ. २४४: निक्खेपकण्डको चूलन्तरदुकले यस्तो परिभाषा दिएको छ— "येव ते धम्मा सप्पच्चया, तेव ते धम्मा सङ्खता।" अर्थात्—जुन पदार्थ स-प्रत्यय हो, सोही पदार्थ 'सस्कृत' हो। प्रत्ययद्वारा हुने सबै वस्तुहरू 'संस्कृत' हुन्।

२. 'असंस्कृत = असङ्खतं' भनेको के हो भन्ने प्रश्नको उत्तर दिई धम्मसङ्गणिले उहीं नै यस्तो उल्लेख गरेको छ— "यो एव सो धम्मो अप्पच्चयो, सो एव सो धम्मो असङ्खतो।" अर्थात्—जुन पदार्थ अप्रत्यय हो, सोही पदार्थ नै 'असंस्कृत' हो।

उपरोक्त दुवै शब्दहरूको अरू विशद अर्थ बुझ्न धम्मसङ्गणिमै अत्थुद्धारकण्डको चूलन्तरदुक पृ ३०७ मा हेर्नु बेश हुनेछ।

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! आर्यअष्टाङ्गिकमार्ग संस्कृत हो ।"

३– "आर्या ! आर्यअष्टाङ्गिकमार्गद्वारा तीन स्कन्धहरू[1] संग्रहित भएका छन्[2] कि अथवा तीनस्कन्धहरूद्वारा आर्यअष्टाङ्गिकमार्ग संग्रहित भएको छ ?"

"आवुसो विशाख ! आर्यअष्टाङ्गिकमार्गद्वारा तीनस्कन्धहरू संग्रहित भएका छैनन्; (बल्कि) आवुसो विशाख ! तीनस्कन्धहरू-द्वारा आर्यअष्टाङ्गिकमार्ग संग्रहित भएको छ । आवुसो विशाख ! जुन सम्यक् वाचा, सम्यक् कर्म तथा सम्यक् आजीव हुन्— यिनी-हरू शीलस्कन्धमा संग्रहित भएका छन् । जुन सम्यक्-व्यायाम, सम्यक् स्मृति तथा सम्यक् समाधि हुन्—यिनीहरू समाधि-स्कन्धमा संग्रहित भएका छन् । जुन सम्यक् दृष्टि र सम्यक् संकल्प हुन्–यी दुइ प्रज्ञास्कन्धमा संग्रहित भएका छन् ।"

४– "आर्या ! समाधि भनेको के हो, समाधि-निमित्त (=आरम्मण) भनेको के हो, समाधि-परिष्कार भनेको के हो तथा समाधि भावना भनेको के हो त ?"

"आवुसो विशाख ! जुन चित्तको एकाग्रता हो– त्यही

---

१. शील, समाधी, प्रज्ञालाई तीनस्कन्ध भनिएको हो ।

२. यस विषयमा पपं. सू II. पृ. ३०१ : चूलवेदल्लसुत्तवण्णनामा उपमा देखाई वर्णना गरेको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

समाधि हो[१]; चारसतिपट्ठान[२] समाधि निमित्त हो; चार सम्यक्-प्रधान[३] (सम्मप्पधान) समाधि परिष्कार हो; जो ती धर्महरूको आसेवन गर्नु, भाविता गर्नु तथा बहुलिकृत गर्नु हो—यही समाधि-परिष्कार हो।"

तीन संस्कारहरू

१—"आर्या! कति संस्कारहरू छन्[४]?"

---

१. जस्तो यहाँ समाधिको लक्षण 'एकाग्रता' लाई भनिएको छ त्यस्तै समाधिका लक्षणहरू पच्चीस प्रकारसम्म पनि उल्लेख गरिएका छन्। हेर. पटि. म. पा. पृ. ५५ : समाधि भावनामय ञाणनिद्देसो।

२. चारसतिपट्ठान भनेको के हो भन्ने विषयमा बु. प. पृ. ४६ र ३४४ को पादटिप्पणीमा अर्थ उल्लेख भएको छ; बु. श्रा. च. पृ १२० मा पनि हेर्नू।

३. 'चार सम्यक्-प्रधान' भनेको के हो भन्ने विषयमा बु. प. पृ. ३१८ को पादटिप्पणीमा र उहीं पृ. ४४४ मा यसका अर्थहरू उल्लेख भएका छन्।

४. विशाख उपासक अनागामी हुन्। उनलाई निरोध समापत्ति सम्मको पनि अनुभव छ। त्यसैले उनले यस प्रश्नमा कसरी संस्कारहरूलाई निरुद्ध गरी समापत्ति ध्यान गर्छन् त भन्ने प्रश्न सोध्ने अभिप्रायले 'कति संस्कारहरू छन्?' भनी सोधेका

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! तीन संस्कारहरू छन् । जस्तै – (१) कायसंस्कार, (२) वचनसंस्कार तथा (३) चित्तसंस्कार ।"

२– "आर्या ! कुन कायसंस्कार हो, कुन वचनसंस्कार हो तथा कुन चित्तसंस्कार हो त ?"

"आवुसो विशाख ! आश्वास-प्रश्वास कायसंस्कार हुन्, वितर्क र विचार वचनसंस्कार हुन् तथा संज्ञा र वेदना चित्त-संस्कार हुन् ।"

३– "आर्या ! किन आश्वास-प्रश्वास कायसंस्कार, किन वितर्क र विचार वचनसंस्कार तथा किन संज्ञा र वेदना चित्त-संस्कार हुन् नि ?"

"आवुसो विशाख ! आश्वास प्रश्वास कायिक हुन्, यी धर्म-हरू (=क्रियाहरू) काय-प्रतिबद्ध छन्; त्यसैले आश्वास प्रश्वास हुँदै कायसंस्कार हुन् । आवुसो विशाख ! पहिले वितर्कना र विचार गरेर पछि वचन प्रकट गर्छन्; त्यसैले वितर्क र विचार वचनसंस्कार हुन् । आवुसो विशाख ! संज्ञा र वेदना चैतसिक

हुन । धम्मदिन्ना भिक्षुणीले उनको मनोभावलाई बुझी अरू धेरै किसिमका संस्कारहरू भए र पनि निरोध-समापत्ति सम्बन्धी संस्कारकै बारेमा उत्तर दिनु भएको हो । पपं. सू. II. पृ. ३०३ : चूलवेदल्लसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(= चित्तको अङ्ग) हुन्; यी धर्महरू (= संज्ञा र वेदना) चित्त-प्रतिबद्ध छन्; त्यसैले संज्ञा र वेदना दुवै चित्तसंस्कार[1] हुन्।"

---

१. यी संस्कारहरूको पुष्टिकरण दिँदै पपञ्चसूदनीले यसरी उल्लेख गरेको पाइन्छ—

"यी संस्कारहरूलाई प्रष्ट गर्नु गहारो पर्छ। किन भने जब कायद्वारा कुनै क्रिया हुन थाल्छ तब त्यसमा कुशल चेतनाहरू बाह्र (१२) र अकुशल चेतनाहरू आठ (८) गरी जम्मा बीस (२०) चेतनाहरू सम्मिश्रण भएका हुन्छन्। त्यसैले आश्वास-प्रश्वासलाई पनि 'कायसंस्कार' भनिएको हो।

"वचन-द्वारद्वारा कुनै प्रकारका वचन प्रकट गर्नुभन्दा अगाडि उपर्युक्त बीस चेतनाहरू सम्मिश्रित भएर वितर्क र विचार गरिसकेपछि मात्र वचन प्रकट हुन सक्ने भएको हुनाले उक्त बीस चेतनाहरू वचनद्वारमा अवतरण हुने अवस्थालाई 'वचनसंस्कार' भनिएको हो।

"कायद्वार र वचनद्वारमा अवतरित हुनुभन्दा अगाडि चित्त द्वारैमा उत्पन्न हुने उपरोक्त बीस चेतनाहरू र रूपावचर कुशल चेतना पाँच (५) तथा अरूपावचर चेतना चार (४) गरी जम्मा उनन्तीस (२९) चेतनाहरू सम्मिश्रित भएको अवस्थालाई नै 'चित्तसंस्कार' भनिएको हो। संज्ञा र वेदना पनि त्यस अन्तरगत हुने भएकोले यी दुइलाई 'चित्तसंस्कार' भनिएको हो। पपं. सू. II. पृ. ३०३ : चूलवेदल्लसुत्तवण्णना। यी २९

Downloaded from http://www.dhamma.digital

संज्ञावेदयित-निरोध-समापत्ति

१– "आर्या ! कसरी संज्ञावेदयित-निरोध-समापत्ति[1] हुन्छ ?"

"आवुसो विशाख ! संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने भिक्षुको मनमा यस्तो हुँदैन— 'म संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने छु; 'म संज्ञावेदयित-निरोध-समापत्तिमा बस्दैछु' अथवा 'म संज्ञावेदयित-निरोध-समापत्तिमा बसें[2]'; बल्कि पहिले नै उसको चित्त त्यस

प्रकारका चेतनाहरूका कुराहरू बु.प. पृ. १५८ को पादटिप्पणीमा उल्लेख गरिएका छन् । यस्तै कुरा चित्रगृहपतिले पनि आयुष्मान् कामभूसँग सोधेका कुराहरू बु. गृ. पृ. १६० मा समुल्लेख भएका छन् ।

१. संज्ञा र वेदना समेत निरोध हुने समापत्ति (=ध्यान) लाई 'संज्ञावेदयित-निरोधसमापत्ति' भन्दछन् । "सञ्ञाय वेदनाय च निरोधं" पटि. म. अ. क. पृ. २२७ : निरोधसमापत्तिञाण-निद्देसवण्णना ।

२. यहाँ 'समापत्ति (=निरोधसमापत्तिध्यान) मा बस्ने छु, बस्दैछु तथा बसें' भन्ने पदहरूको पुष्टिकरण दिदै पपञ्चसूदनीले यसरी उल्लेख गरेको छ—

"समापत्तिमा बस्नेछु र बस्दैछु" भन्ने यी दुइ पद-हरूले 'नैवसंज्ञानासंज्ञा' समाधिमा समाधिष्ठ भएको अवस्था-

Downloaded from http://www.dhamma.digital

किशिमसँग अभ्यस्त भएको हुन्छ, जुन किशिमको अभ्यास हुँदा स्वतः त्यस (=अचित्तक) अवस्थामा पुगिन्छ[१]।

लाई सूचित गर्दछ र "समापत्तिमा बसें" भन्ने पदले त्यस समाधिमा तल्लीन भई 'अन्तर निरोध' अवस्थालाई सूचित गर्दछ। प्रथम दुइ पदहरूद्वारा सचित्तक अवस्थालाई र पछिल्लो एक पदद्वारा अचित्तक अवस्थालाई जनाएको हो। पपं. सू. II. पृ. ३०४ : चूलवेदल्लसुत्तवण्णना।

१. भनाइको तात्पर्य केही भने–निरोध-समापत्ति ध्यानमा समाधिष्ठ हुनु अगाडि नै योगी भिक्षुको चित्त व्यवस्थित भइसकेको हुन्छ। अर्थात्—निरोध-समापत्तिमा प्रविष्ट भई बस्न चाहने भिक्षुले निरोध-समापत्तिमा प्रविष्ट हुनुभन्दा अगाडि नै— 'निरोध-समापत्तिमा यति दिन, यति सप्ताह अथवा यति महीना बस्ने छु' भन्ने संकल्प गर्छ। अनि प्रारम्भिक ध्यानहरू गरी क्रमैसँग निरोध-समापत्ति ध्यानमा तल्लीन भएर जान्छ। तल्लीन भइसके पछि पूर्व संकल्प अनुसार त्यति समयसम्म निरोधमा बस्छ र अवधि सिद्धिए पछि स्वतः सचेत भई बिउँझेर आउँछ। त्यसैले मूल सूत्रमा 'पहिले नै त्यस किशिमसँग अभ्यस्त भएको हुन्छ...' भनी भनिएको हो। यसै क्रमलाई ध्यानमा राखी मूल सूत्रले "समापत्तिमा बस्ने छु, बस्दै छु अथवा बसें" भन्ने पनि लाग्दैन भनी उल्लेख गरेको हो। पपं. सू. II. पृ. ३०४

'निरोध-समापत्ति' क-कस्ताले गर्नसक्छन्, कसरी

Downloaded from http://www.dhamma.digital

२– "आर्या ! संज्ञावेदयित-निरोध-समापत्तिमा समापन्न हुने भिक्षुको—कायसंस्कार, वचनसंस्कार तथा चित्तसंस्कारहरू मध्येमा पहिले कुनचाहिं संस्कार निरोध हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयित-निरोध-समापत्तिमा समापन्न-हुने भिक्षुको – पहिले वचनसंस्कार निरोध हुन्छ, त्यस पछि काय-संस्कार अनि चित्तसंस्कार निरोध हुन्छ।"

३– "आर्या ! कसरी संज्ञावेदयित-निरोध समापत्तिबाट उठिन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठ्ने भिक्षुलाई यस्तो हुँदैन – 'म संज्ञावेदयितनिरोध-समापत्तिबाट उठ्नेछु,' 'म संज्ञावेदयितनिरोध-समापत्तिबाट उठ्दैछु' अथवा 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठें'; बल्कि उसको चित्त पहिले नै त्यस किशिम

गर्ने हो, कसरी उठ्ने हो; कुन अवस्थालाई निरोध-समापत्ति भन्दछन्, कसरी समापत्ति हुन्छ र कसरी निरोध-समापत्तिमा तल्लीन हुन सकिन्छ भन्ने आदि विषयको व्याख्यान पटि. म. अ. क. पृ. २१८ देखि २२२ सम्म समापत्तिञाणनिद्देसवण्णनामा समुल्लेख भएको छ; त्यस्तै गरी उदा अ. क. पृ. २४ को पठमबोधिसुत्तवण्णनामा र विसु. म पृ. ५२४ : पञ्ञाभाव-नानिसंस निद्देस–२३ मा पनि उल्लेख भएको पाइन्छ। बु. गृ. पृ. १६२ मा पनि उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

सँग अभ्यस्त भएको हुन्छ, जुन किशिमसँग अभ्यास हुँदा स्वतः त्यस (=सचित्तक) अवस्थामा पुगिन्छ[१]।"

४– "आर्या ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठ्ने भिक्षुको-कायसंस्कार, वचनसंस्कार तथा चित्तसंस्कारहरू मध्येमा कुनचाहिं संस्कार पहिले उत्पन्न हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठ्ने भिक्षुको सर्वप्रथम चित्तसंस्कार उत्पन्न हुन्छ, त्यस पछि कायसंस्कार अनि वचनसंस्कार उत्पन्न हुन्छ।"

५– "आर्या ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठेको भिक्षु-लाई कति स्पर्शहरू अनुभव हुन्छ नि ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठेको भिक्षुलाई तीन स्पर्शहरूको अनुभव हुन्छ— (१) शून्यताको अनुभव, (२) अनिमित्तताको अनुभव, तथा (३) अप्रणिहिततको

---

१. यहाँ '...उठ्नेछु र उठ्दै छु' भन्ने दुइ पदहरूले अन्तरनिरोध समयलाई सूचित गर्छन्; '...उठें' भन्ने पदले फल-समापत्ति समयलाई सूचित गर्छ। पहिलो दुइ पदहरूद्वारा अचित्तक अवस्थालाई सूचित गरिएको हो, पछिल्लो एक पदद्वारा सचित्तक अवस्थालाई सूचित गरिएको हो। पपं. सू. II. पृ. ३०४

Downloaded from http://www.dhamma.digital

अनुभव[१] ।"

६– "आर्या ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठेको भिक्षुको चित्तधार कतातिर लागेको हुन्छ, कतातिर बगेको हुन्छ अथवा कतातिर झुकेको हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध-समापत्तिबाट उठेको भिक्षुको चित्तधार विवेक (=निर्वाण) तिर लागेको हुन्छ, विवेकतिर बगेको हुन्छ तथा विवेकतिरै झुकेको हुन्छ ।"

तीन वेदनाहरू

१– "आर्या ! कति वेदनाहरू छन् त ?"

---

१. यी 'शून्यताको, आनिमित्तताको तथा अप्रणिहितताको अनुभव' भन्नेको विश्लेषण अर्थ पटि. म. पृ. २७३: विमोक्खकथा र अर्थ-कथा पृ. ३८३ मा सविस्तर व्याख्यान गरेको पाइन्छ र धम्म. सं. अ. क. पृ. २०३ : पकिण्णककथावण्णनामा पनि उल्लेख भएको पाइन्छ । साधारणतया यसको अर्थ हो—आत्मभाव रहित भएकोले शून्यताको अनुभव, कुनै ग्रहण गर्ने सारतत्व रहित भएकोले अनिमित्तताको अनुभव तथा तृष्णा र दुःखहरू रहित भएकोले अप्रणिहितताको अनुभव । जुन योगीले अनित्य, दुःख तथा अनात्महरू मध्येमा जुन मार्गबाट मोक्ष पाएको हुन्छ उसले त्यसै मार्गको फल अनुभव गर्छ । पपं. सू. II. पृ. ३०५; पटि. म. अ. क. पृ. १६५

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! तीन वेदनाहरू (=अनुभवहरू) छन्। जस्तै— (१) सुखवेदना, (२) दुःखवेदना, तथा (३) अदुःख-असुख वेदना।"

२– "आर्या ! कुन सुखवेदना हो, कुन दुःखवेदना हो तथा कुन अदुःख-असुख वेदना हो त?"

"आवुसो विशाख ! जो कायिक वा चैतसिक[1] (=मानसिक) सुख वा स्वादिलो अनुभव हो—यही नै सुखवेदना हो। आवुसो विशाख ! जो कायिक वा चैतसिक (=मानसिक) दुःख वा अस्वादिलो अनुभव हो—यही नै दुःखवेदना हो। आवुसो विशाख ! जो कायिक वा चैतसिक न-स्वादिलो, न-अस्वादिलो अनुभव (वेदयितं) हो—यही नै अदुःख-असुख अर्थात् उपेक्षा वेदना हो।"

३– "आर्या ! सुखवेदनामा के सुख हुन्छ, के दुःख हुन्छ त? दुःखवेदनामा के सुख हुन्छ, के दुःख हुन्छ त? अदुःख-असुख वेदनामा के सुख हुन्छ, के दुःख हुन्छ त?"

"आवुसो विशाख ! सुखवेदनाको स्थिति (=स्थिरपन) सुख हो, अस्थिति (=अस्थिरपन वा अन्यथाभाव) दुःख हो। दुःख-

---

१. कायिक भन्नाले पञ्चद्वारद्वारा अनुभव हुने वेदनालाई भनेको हो र चैतसिक भन्नाले मनोद्वारद्वारा अनुभव हुने वेदनालाई भनेको हो। पपं. सू. II पृ. ३०६ : चूलवेदल्लसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

वेदनाको स्थिति (=स्थिरपन) दुःख हो, अस्थिति (=अस्थिरपन वा अन्यथाभाव) सुख हो। अदुःख-असुखवेदनाको ज्ञानस्वभाव सुख हो, अज्ञानस्वभाव दुःख हो[१]।"

४– "आर्या! सुखवेदनामा कुन् अनुशय" (=चित्तमल)

---

१. यहाँ 'सुखवेदनाको स्थिति सुख हो' भन्ने आदि जुन कुराहरू उल्लेख भएका छन् त्यसको मतलब हो–सुखवेदना हुने अवस्थाको स्थिरता रहनु नै 'सुख' हो र त्यसको अन्यथाभाव हुनु, विलीन हुनु अथवा विपरीत हुनु 'दुःख' हो। त्यस्तै दुःखवेदना हुने अवस्था स्थिर रहनु नै 'दुःख' हो तथा त्यसको विपरीत हुनु, विलीन हुनु वा अन्यथाभावमा परिणत हुनु नै 'सुख' हो। त्यस्तै अदुःख असुख अनुभवको ज्ञान हुनु 'सुख' र अज्ञान हुनु 'दुःख' हो। अर्थात् त्यस अवस्थालाई जानिरहनु वा सचेत भइरहनु नै 'सुख' हो र नजान्नु वा अचेत भइरहनु नै 'दुःख' हो। पपं. सू. II. पृ. ३०६

२. 'अनुशय' भनेको प्रलिप्त भई अन्तस्करणमा रहिरहेको क्लेश वा चित्तमल हो। यो चित्तमल दूर गर्न अति गहारो हुन्छ। त्यसैले पटि. म. अ. क. पृ. २७२ मा "अनुसयोति पन अप्पहीणट्ठेन थामगत किलेसो वुच्चसि..." भनी भनिएको हो। धम्म. सं. अ. क. पृ. ३०९ मा "थामगतट्ठेन अनुसेतीति— अनुसयो" भनी भनिएको हो। अर्थात् प्रहीण नभएको बलियो

Downloaded from http://www.dhamma.digital

लिप्त भएको हुन्छ, दुःखवेदनामा कुन् अनुशय लिप्त भएको हुन्छ. तथा अदुःख-असुख वेदनामा कुन् अनुशय लिप्त भएको हुन्छ त ?"

"आवुसो विशाख ! सुखवेदनामा रागानुशय अनुशयन गरेको हुन्छ, दुःखवेदनामा प्रतिघानुशय (=द्वेष भाव) अनुशयन गरेको हुन्छ, तथा अदुःख-असुख वेदनामा अविद्यानुशय अनुशयन गरेको हुन्छ अर्थात् प्रलिप्त भएको हुन्छ।"

५– "आर्या ! सबै सुखवेदनाहरूमा रागानुशय प्रलिप्त भएको हुन्छ के, सबै दुःख वेदनाहरूमा प्रतिघानुशय प्रलिप्त भएको हुन्छ के, सबै अदुःख-असुख-वेदनाहरूमा अविद्यानुशय प्रलिप्त भएको हुन्छ के ?"

"आवुसो विशाख ! सबै सुखवेदनाहरूमा रागानुशय प्रलिप्त

गरी बसिरहेको क्लेशलाई 'अनुशय' भनिएको हो। यी अनुशय भनेका क्लेशहरू कति प्रकारका छन् भन्ने बारेका कुराहरू बु. रा. पृ. ४७१ मा समुल्लेख भइसकेका छन्। पप सू. II. पृ. ३०६ मा "अप्पहीणट्ठेन सयितो विय होतीति—अनुसयो" अर्थात् प्रहीण भइ नसकेकोले अनुशयन गरेको जस्तो गरी रहेको क्लेशलाई 'अनुशय' भनिएको हो।

Downloaded from http://www.dhamma.digital

भएको हुन्न[१] सबै दुःखवेदनामा प्रतिघानुशय प्रलिप्त भएको हुन्न, सबै अदुःख-असुख वेदनाहरूमा अविद्यानुशय प्रलिप्त भएको हुन्न।"

६– "आर्या ! सुखवेदनाबाट के हटाउनु पर्छ, दुःखवेदनाबाट के हटाउनु पर्छ र अदुःख असुख-वेदनाबाट के हटाउनु पर्छ त ?"

"आवुसो विशाख ! सुखवेदनाबाट रागानुशय हटाउनु पर्छ, दुःखवेदनाबाट प्रतिघानुशय हटाउनु पर्छ र अदुःख-असुख-वेदनाबाट अविद्यानुशय हटाउनुपर्छ।"

७– 'आर्या ! सबै सुखवेदनाहरूबाट रागानुशय हटाउनुपर्छ, सबै दुःखवेदनाहरूबाट प्रतिघानुशय हटाउनुपर्छ, सबै अदुःख-असुख-वेदनाहरूबाट अविद्यानुशय हटाउनुपर्छ त ?"

"आवुसो विशाख ! सबै सुखवेदनाहरूबाट रागानुशय हटाउनु पर्छ भन्ने छैन, सबै दुःख वेदनाहरूबाट प्रतिघानुशय हटाउनुपर्छ भन्ने छैन, न त सबै अदुःख-असुख-वेदनाहरूबाट अविद्यानुशय हटाउनु पर्छ

---

१. यसको पुष्टिकरण दिदै पपं सू. II पृ. ३०६ ले यसरी उल्लेख गरेको पाइन्छ— "सबै सुखवेदनाहरूमा रागानुशय प्रलिप्त भएको हुन्न, न सबै सुखवेदनाहरूबाट रागानुशय प्रहीण भएको हुन्छ, न त सबै सुखवेदनाको कारणले रागानुशय उत्पन्न हुन्छ" आदि। अरू अनुशयहरूको बारेमा पनि यस्तै प्रकारले अर्थ बुझ्न सक्नुपर्छ। पपं. सू. II पृ ३०६; चूलवेदल्लसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

भन्ने नै छ। आवुसो विशाख! यहाँ, भिक्षु (जब) कामनाबाट अलग भई, अकुशलबाट अलग भई सवितर्क सविचार विवेकजः प्रीतिसुख युक्त प्रथमध्यान प्राप्तगरी विहारगर्छ (तब) त्यस ध्यानद्वारा राग हट्छ; (अनि) त्यहाँ रागानुशय लिप्त हुँदैन। आवुसो विशाख! यहाँ, त्यो भिक्षुले यस्तो सोच्छ— 'कहीले म त्यस आयतन (=अरहत्व) लाई प्राप्त गरी विहार गर्नसकूँ, जुन आयतन प्राप्त गरी आर्यहरू विहारगर्छन्'—यसरी अनुत्तर विमोक्षमा स्पृहा उत्पन्न हुन्छ, स्पृहाको कारणद्वारा दौर्मनस्य उत्पन्न हुन्छ र त्यसद्वारा प्रतिघ हट्छ; (अनि) त्यहाँ प्रतिघानुशय लिप्त हुँदैन। आवुसो विशाख! यहाँ, भिक्षु सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी; पहिले नै सौमनस्य दौर्मनस्यलाई अन्तगरी—अदुःख-असुख भएको, उपेक्षा स्मृति परिशुद्धि भएको—चतुर्थध्यान प्राप्त गरी विहार गर्छ। त्यसद्वारा अविद्या हट्छ; (अनि) त्यहाँ अविद्यानुशय लिप्त हुँदैन[1]।"

प्रतिपक्ष कारणहरू

१— "आर्या! सुखवेदनाको प्रतिभाग (=विपक्ष[2]) के हो त?"

---

१. यस ध्यानको विषयमा विश्लेषणात्मक कुरा पपं.सू. II. पृ.३०७ ले समुल्लेख गरेको छ।

२. यस प्रश्नहरूमा सुखको प्रतिपक्ष दुःख र दुःखको प्रतिपक्ष सुख भन्ने आदि कुराहरू सोधिएका छन्। सुखमा पनि दुःख हुने भएको हुनाले यसलाई 'विसभाग-पटिभाग' पनि भन्दछन्। पपं. सू. II. पृ. ३०८

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! सुखवेदनाको प्रतिभाग (=विपक्ष) दुःखवेदना हो।"

२– "आर्या ! दुःख वेदनाको प्रतिभाग (=विपक्ष) के हो त ?"

"आवुसो विशाख ! दुःख वेदनाको प्रतिभाग (=विपक्ष) सुखवेदना हो।"

३– "आर्या ! अदुःख-असुख-वेदनाको प्रतिभाग (=विपक्ष) के हो त ?"

"आवुसो विशाख ! अदुःख-असुख-वेदनाको प्रतिभाग (=विपक्ष) अविद्या हो।

४– "आर्या ! अविद्याको प्रतिभाग (=विपक्ष) के हो त ?"

"आवुसो विशाख ! अविद्याको प्रतिभाग (=विपक्ष) विद्या हो।"

५– "आर्या ! विद्याको प्रतिभाग (=विपक्ष) के हो त ?"

"आवुसो विशाख ! विद्याको प्रतिभाग[१] (=सपक्ष) विमुक्ति हो।

---

१ यस प्रश्नलाई 'सभाग-प्रतिभाग' प्रश्न भनी भन्द छन्। किन भने यहाँ विद्या र विमुक्ति भनेका दुवै लोकोत्तर हुन्। अतः यहाँ प्रतिभाग भन्नाले समान स्वभावका विपक्षलाई प्रतिभाग भनिएको हो। त्यसैले 'सभाग पटिभागो कथितो' भनी उल्लेख गरेको हो। पपं सू II. पृ. ३०८ : चूलवेदल्लसुत्तावण्णना।

Downloaded from http://www.dhamma.digital

६– "आर्या ! विमुक्तिको प्रतिभाग (=सपक्ष) के हो त ?"

"आवुसो विशाख ! विमुक्तिको प्रतिभाग (=सपक्ष) निर्वाण हो ।"

७– "आर्या ! निर्वाणको प्रतिभाग (=सपक्ष) के हो त ?"

"आवुसो विशाख ! प्रश्नभन्दा घेरै बाहिर गयौ (अच्चयासि पञ्हं); प्रश्नको अन्तलाई बुझ्न सकेनौ । आवुसो विशाख ! ब्रह्मचर्यको अन्त नै निर्वाण पुग्नु हो, निर्वाण परायण हो र निर्वाण पर्यवसान हो । आवुसो विशाख ! यदि चाहन्छौ भने भगवान्कहाँ गई यिनै प्रश्नहरू सोध; अनि जस्तो भगवान्ले उत्तर दिनु हुनेछ त्यस्तै धारण गर ।"

भगवान्को अनुमोदन

अनि, धर्मदिन्ना भिक्षुणीको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी, धर्मदिन्ना भिक्षुणीलाई अभिवादन तथा प्रदक्षिणागरी विशाख उपासक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका विशाख उपासकले जति कुराहरू धर्मदिन्ना भिक्षुणीसँग गरेका थिए ती सबै कुराहरू भगवान्लाई सुनाए । यस्तो सुनाउँदा विशाख उपासकलाई भगवान्ले यस्तो भन्नुभयो—

"विशाख ! धर्मदिन्ना भिक्षुणी पण्डिता हुन्; विशाख !

Downloaded from http://www.dhamma.digital

धर्मदिन्ना भिक्षुणी महाप्राज्ञा हुन् । विशाख ! यदि तिमीले यी प्रश्नहरू मसंग सोधेको भए पनि मैले त्यसको उत्तर त्यस्तै गरी दिने थिएँ; जस्तो धर्मदिन्ना भिक्षुणीले तिमीलाई व्याकरण गरिन् । यही नै त्यसको अर्थ हो । यस्तै हो भनी तिमीले धारण गर[1] ।"

भगवान्‌ले यति भन्नु भयो । अनि, विशाख उपासकले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

× × ×

---

१. यस वाक्य पछि यो "चूलवेदल्लसुत्तं" राजकर्मचारीहरूद्वारा लेखेको पत्रमा राज-मुद्राको छाप लगाएपछि 'राज पत्र' हुने जस्तै यो सूत्र पनि बुद्धभाषित भयो । पपं. सू. II. पृ. ३०९: चूलवेदल्लसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

३—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं धम्मकथिकानं यदिदं धम्मदिन्ना।"

अर्थ—

"भिक्षुओ! मेरी धर्मकथिका श्राविका भिक्षुणीओंमध्येमा धर्मदिन्ना अग्रस्थान[1]।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. १९६

Downloaded from http://www.dhamma.digital

मूल पालि—

४–धर्मदिन्ना स्थविरापदान

अतीतकथा

१– " [1]यहांदेखि एकलाख कल्प अघि सबै धर्ममा पारगत हुनु भएका पद्मोत्तर (=पदुमुत्तर) भन्ने जिन उत्पन्न हुनु भएको थियो ।

२– "त्यस बखत, हंसवती नगरको एक कुलगृहमा, अर्काको काम गर्ने, प्रज्ञावती तथा शीलवती भई म जन्मेको थिएँ ।

३– "पद्मोत्तर बुद्धको सुजात भन्ने अग्रश्रावक विहारबाट निस्कनु भई भिक्षाटनार्थ आनुभयो ।

४– "त्यस बखत, गाग्री लिई पानी लिन गइरहेकी मैले वहाँलाई देखेर प्रसन्न भई रोटी प्रदान गरें ।

५– "त्यहीं बसी वहाँले सो रोटी खानु भयो; त्यसपछि वहाँलाई घरमा लगी भोजन पनि प्रदान गरें ।

---

१. थेरी. अप. दा. पा. पृ. २४२ : धम्मदिन्नाथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

६– "त्यस पछि, मेरा आर्य सन्तुष्ट भई मलाई आपनै बुहारी बनाए; ससुरासँगै गई बुद्धलाई अभिवादन गरें ।

७– "त्यस बखत, एक धर्मकथिका भिक्षुणीको वर्णना गर्नुभई बुद्धले वहाँलाई अग्रस्थानमा राख्नु भयो; यो देखेर म अति प्रसन्न भएँ ।

८– "ससङ्घ लोकनायक बुद्धलाई निम्त्याई मैले पनि सोही स्थान प्रार्थना गरें ।

९-१२– "अनि सुगतले घनमधुरस्वरले यसो भन्नु भयो— 'हे भद्रे ! प्रसन्न होऊ, तिम्रो प्रणिधी सफल हुनेछ । यहाँदेखि एक लाख कल्पमा, ओक्काक कुलको गौतम गोत्रमा एक शास्ता लोकमा उत्पन्न हुनेछन् । वहाँको धर्ममा धर्मदायाद प्राप्त गरी तिमी वहाँको धर्मनिर्मित औरस पुत्री हुनेछ्यौ । तिमी शास्ताकी धर्मदिन्ना भन्ने नामकी श्राविका हुनेछ्यौ ।'

१३– "यो कुरा सुनी अत्यन्त प्रसन्न भई, जीवनभर मैले महामुनि प्रति मैत्रीचित्त राखी प्रत्ययहरूद्वारा उपस्थान गरें ।

१४– "त्यस सुकृत्य कर्महरूद्वारा र चेतना प्रणिधीद्वारा मनुष्य-देह छाडी त्रयस्त्रिंश लोकमा गएँ ।

भद्रकल्पमा

१५– "यस भद्रकल्पमा काश्यप भन्ने गोत्रमा महायश प्राप्त ब्रह्मबन्धु हुनु भएका बुद्ध उत्पन्न हुनु भयो ।

Downloaded from http://www.dhamma.digital

१६– "त्यस बखत, वाराणशीका किकी भन्ने राजा नरेश्वर बुद्धका उपस्थाक थिए ।

१७– "वहांको सुधर्मा भन्ने छंटौं पुत्री भएकी मैले जिनाग्र बुद्धको धर्मोपदेश सुनी प्रसन्न भई प्रव्रजित हुने वचन मागें ।

१८– "तर हाम्रा पिताले (=प्रव्रजित हुने) वचन दिनु भएन; अनि हामीहरू बीसहजार वर्षसम्म अप्रमत्त भई घरमै बस्यौं ।

१९– "सुख ऐश्वर्यमा हुर्केका हामी सात राजकन्याहरूले कौमारी-ब्रह्मचर्य पालन गर्दै नित्यप्रति बुद्धको उपस्थान गर्यौं ।

२०– " (ती राजकन्याहरू) श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षुणीदायिका, धर्मा, सुधर्मा र सातौं सङ्घदायिका हुन् ।

२१– " (अहिले हामीहरू)—क्षेमा, उत्पलवर्णा, पटाचारा, कुण्डला, (कृषा) गौतमी, म र सातौं विशाखा (उपासिका) हुन् ।

२२– "त्यस सुकृत्य कर्महरूद्वारा र चेतना प्रणिधीद्वारा मनुष्य देह छाडी त्रयस्त्रिंश लोकमा गयौं ।

वर्तमान कथा

२३-२४– "यो अन्तिम जन्ममा, गिरिव्रज (=राजगृह) नगरमा, सबै कामना पूर्ण हुने एक समृद्धशाली श्रेष्ठी कुलगृहमा म

Downloaded from http://www.dhamma.digital

जन्मे । जब रूपसम्पन्ना भई प्रथम बैंशमा पुगें तब परकुलमा गई त्यहाँ सुखपूर्वक बसें ।

२५– "सुबुद्धिमान् हुनु भएका मेरा पतिले, लोकका शरण हुनु भएका बुद्धको शरणमा गई, वहाँको धर्मोपदेश सुनी, अनागामी-फल प्राप्त गर्नुभयो[१] ।

२६– "अनि म (पतिको) आज्ञा लिई अनगारिका भई प्रव्रजित भएँ; प्रव्रजित भएको केही समयमै मैले अरहत्व पनि प्राप्त गरें[२] ।

---

१. "पच्छिमे च भवेदानि, गिरिब्बजपुरुत्तमे ।
जाता सेट्ठिकुले फीते, सब्बकामसमिद्धिने ।।
"यदा रूपगुणूपेता, पठमे योब्बने ठिता ।
तदा परकुलं गन्त्वा, वसिं सुखसमप्पितो ।।" थेरी. अप. दा. पा. पृ. २४४ : धम्मदिन्नाथेरीअपदानं ।

२. "उपेत्वा लोकसरणं, सुणित्वा धम्मदेसनं ।
अनागामिफलं पत्तो, सामिको मे सुबुद्धिमा ।।" थेरी. अप. दा. पा. पृ. २४४

३. "तदाहं अनुजानेत्वा, पब्बजिं अनगारियं ।
न चिरेनेव कालेन, अरहत्तमपापुणिं ।।" थेरी. अप. दा. पा पृ. २४४

Downloaded from http://www.dhamma.digital

२७– "त्यस बखत मकहाँ आई गम्भीर तथा निपुण प्रश्नहरू सो उपासकले सोधे; ती सबैको उत्तर मैले दिएँ[१] ।

२८-२९– "त्यस गुणमा सन्तुष्ट हुनुभई 'धर्मकथिका भिक्षुणी-हरूमध्येमा यो जस्ती अरू देखिन' भन्नु हुँदै जिनले मलाई अग्रस्थानमा राख्नु भई— 'भिक्षुहो ! धर्मदिन्ना पण्डितनी हुन् भनी धारण गर' भनी भन्नुभयो । नायकको (= बुद्धको) अनुकम्पाले यसरी म पण्डितनी भएं[२] ।

३०– "शास्तालाई मैले चिनिसकें, बुद्धशासनको काम पूरा-गरिसकें; गरुंगो भार बिसाइसकें तथा भवजाललाई पनि विच्छिन्न पारिसकें ।

३१– "जसकोनिम्ति घरछाडी प्रव्रजित भएको थिएँ त्यो

---

१. "तदा उपासको सो मं, उपगन्त्वा अपुच्छथ ।
गम्भीरे निपुणे पञ्हे, ते सब्बे ब्याकरिं अहं ।।" थेरी अप. दा. पा. पृ. २४४

२. "जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं ।
भिक्खुनिं धम्मकथिकं, नाञ्ञं पस्सामि एदिसिं ।।
"धम्मदिन्ना यथा धीरा, एवं धारेथ भिक्खवो ।
एवाहं पण्डिता होमि, नायकेनानुकम्पिता ।।" थेरी. अप. दा. पा. पृ. २४४

Downloaded from http://www.dhamma.digital

मेरो अर्थ पूरा भइसक्यो र सबै भवसंयोजनहरू[1] पनि क्षय भइसके ।

३२– "शास्ताको शासनकारी भई, ऋद्धि र दिव्यश्रोतलाई वशीभूत गरी परचित्तलाई जान्ने पनि भएँ ।

३३– "पूर्वनिवासलाई जान्दछु, दिव्यचक्षुलाई विशुद्ध पारें, सबै आस्रवहरूलाई परिक्षीणगरी विशुद्ध र सुनिर्मल भएँ ।

३४– "सबै क्लेशहरू[2] लाई भस्म पारिसकें, सबै भवतृष्णाहरू

---

१. 'भवसंयोजनहरू' भन्नाले सबै दशसंयोजनहरूलाई भनेको हो । दशसंयोजनहरू यी हुन् — (१) कामराग-संयोजन, (२) प्रतिघ-संयोजन, (३) मान-संयोजन, (४) दृष्टि-संयोजन, (५) विचिकित्सा-संयोजन, (६) शीलव्रतपरामर्श-संयोजन, (७) भवराग-संयोजन, (८) ईर्ष्या-संयोजन, (९) मात्सर्य-संयोजन र (१०) अविद्या-संयोजन । विभं. पा. पृ. ४७० : खुद्दकवत्थु-विभङ्गो ।

२. 'क्लेशहरू भन्नाले दश क्लेशहरू सबैलाई भनिएको हो । दश-क्लेशहरू यी हुन्— (१) लोभ, (२) द्वेष, (३) मोह, (४) मान, (५) दृष्टि, (६) विचिकित्सा, (७) आलस्यपन (= थीनं), (८) चंचलपन (= उद्धच्चं), (९) अलज्जा (= अहिरिकं) र (१०) अनोतप्त (= अनोत्तप्पं) । विभं. पा. पृ. ४६९: खुद्दकवत्थुविभङ्गो ।

Downloaded from http://www.dhamma.digital

नाश भइसके, बन्धन चुँडाली बस्ने नाग (हात्ती) जस्तै म अनास्रवी भई विहार गर्दछु[1] ।

Dhamma.Digital

१. यस पछिका ३५, ३६ गाथाहरूका अर्थ माथि 'पटाचारा-स्थविरापदान' मा पृ. ३३७ को गाथा नं. ४३, ४४ मा उल्लेख भए जस्तै हुन् ।

Downloaded from http://www.dhamma.digital

६. नन्दा स्थविरा

परिचय

नन्दा स्थविरा शुद्धोदन महाराजाकी कान्छी बडामहारानी महाप्रजापति गौतमीकी छोरी हुनुहुन्छ[१] । शुद्धोदन महाराजाको देहान्त भएपछि महाप्रजापति गौतमी तथा यशोधरा देवीहरू भिक्षुणी भएर गइसके पछि यहाँ पनि भिक्षुणी भएर जानु भयो र बुद्धशासनमा ध्यानी भिक्षुणीहरूमध्येमा अग्रस्थानमा रहनु भयो । यहाँको सम्बन्धमा त्रिपिटक पालिसाहित्यमा खोजगरी पाएका कारणहरूलाई एकत्रित पारी, क्रमबद्धरूपमा यहाँ परिचय दिने प्रयास गरेको छु ।

नन्दा-नामकरण

नन्दा कुमारीलाई 'नन्दा' भनी नाम राख्नाका कारणहरू माथि "महाप्रजापति गौतमी-चरित" को परिचय (पृ ४) मा

---

१. थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दा थेरीगाथट्ठकथा; अं. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी; थेरी. अप. दा. पा. पृ. २४९ : नन्दाथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

उल्लेख गरिसकेको छु तथा नन्दा कुमारीको सहोदर भाई नन्द-कुमार रहेको कुरा पनि उहीं पृ ५ मा समुल्लेख गरिसकेको छु ।

त्रिपिटकपालि (= मूल) तथा अर्थकथाहरूले 'नन्दा' लाई नै विशेषणहरू जोडी अरू किशिमका नामहरू पनि उल्लेख गरेका पाइन्छन् । जस्तै—

अङ्गुत्तरट्ठकथाले 'नन्दा' लाई नै 'रूपनन्दा' र 'जनपद-कल्याणी' भन्ने उल्लेख गरेको छ[१] । यसरी विशेषण जोडी नाम लिनुपर्ने कारणहरू उल्लेख गर्दै— "नन्दा तिस्सा नामं अकंसु; रूप-नन्दाति पि वुच्चति; सा अपरभागे उत्तमरूप भावेन 'जनपद-कल्याणी' नाम जाता" अर्थात्—उनलाई 'नन्दा' भन्ने नामकरण गरे, तर 'रूपनन्दा' पनि भन्दछन् र पछि गएर उत्तम रूपवती भएकोले 'जनपदकल्याणी' पनि भन्न थाले । अङ्गुत्तरनिकायपालि (= मूल) ले भने 'नन्दा' भन्ने नाम मात्र उल्लेख गरेको छ[२] ।

थेरीगाथापालि[३] (= मूल) ले र त्यसको अर्थकथाले भने क्रमशः 'सुन्दरीनन्दा', 'नन्दा' तथा 'सुन्दरीनन्दा जनपद-कल्याणी' भन्ने नामहरू उल्लेख गरेका छन् । "नन्दा तिस्सा नामं

---

१. अं. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी; उहीं पृ. १७४ : एककनिपातवण्णना, नन्दत्थेर ।

२. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो ।

३. थेरी. गा. पा. पृ. ४१६ : सुन्दरीनन्दाथेरीगाथा ।

Downloaded from http://www.dhamma.digital

अकंसु; अपरभागे रूपसम्पत्तिया सुन्दरीनन्दा जनपदकल्याणीति च पञ्ञायित्थ' भनी थेरीगाथट्ठकथाले उल्लेख गरेको छ। अर्थात् — 'नन्दा' भन्ने नामकरण गरे; किन्तु पछि गएर रूपसम्पत्तिको कारणले गर्दा 'सुन्दरीनन्दा जनपदकल्याणी' नाम द्वारा पनि चिनिन थालिन्[१]।

धम्मपदट्ठकथाले— 'जनपदकल्याणी रूपनन्दा[२]' र 'जनपदकल्याणी[३]' भनी उल्लेख गरेको छ।

सुत्तनिपात अट्ठकथाले— 'नन्दा', 'जनपदकल्याणीनन्दा' र 'जनपदकल्याणी' भन्ने आदि नामहरू उल्लेख गरेको छ[४]।

जातकट्ठकथाले[५]— 'जनपदकल्याणी' भन्ने मात्र र अप-

---

१. थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा।

२. धम्म. प. अ. क. पृ. ३९१ : जनपदकल्याणी रूपनन्दत्थेरियावत्थु, जरावग्गो।

३. धम्म. प. अ. क. पृ. ५७ : नन्दत्थेरवत्थु, यमकवग्गो।

४. सुत्त. नि. अ. क. पृ. १७८ : विजयसुत्तवण्णना; उहीं पृ. १९८: मुनिसुत्तवण्णना।

५. जा. अ. क. I पृ. ४४१: सङ्गामावचरजातकं, नं. १८२; उहीं. पृ. ७५ : सन्तिकेनिदान।

Downloaded from http://www.dhamma.digital

दानट्ठकथाले[1] र समन्तपासादिकाले[2] पनि 'जनपदकल्याणी' भन्ने मात्र उल्लेख गरेका छन् ।

उदानपालि[3] र त्यसको अर्थकथाले[4]— 'जनपदकल्याणी' भन्ने नाम उल्लेख गरेका छन् ।

उदानपालिको नन्दसुत्तं अनुसार—आफू भिक्षु-जीवनमा बस्ने इच्छा नभएका कुरा प्रकट गर्नुहुँदै नन्द भिक्षुले— "साकियानी मं, भन्ते, जनपदकल्याणी घरा निक्खमन्तस्स... 'तुवटं खो अय्यपुत्त आगच्छेय्यासी' ति' " भनी भन्नु भएको छ । अर्थात्— भन्ते ! म घर-बाट निस्कीरहेको समयमा शाक्यनी जनपदकल्याणीले मलाई— 'आर्यपुत्र ! चाँडै आउनुहोस्' भनी भनेकी थिइन् ।

"जनपदकल्याणी" भन्नाका कारणहरू विई उदानट्ठकथाले यस्तो वर्णन गरेको छ[5]—

"जनपदकल्याणीति जनपदम्हि कल्याणी, रूपेन उत्तमा, छ सरीर दोस रहिता, पञ्चकल्याण समन्नागता..." अर्थात्—

---

१. अप. दा. अ. क. पृ. ८० : निदानकथा ।

२. सम. पा. पृ. ७५३ : महाखन्धकवण्णना, महावग्गवण्णना ।

३. उदा. पा. पृ. ८७ : नन्दसुत्तं, नन्दवग्गो ।

४. उदा. अ. क. पृ. ११८ : नन्दसुत्तवण्णना, नन्दवग्गो ।

५. उदा. अ. क. पृ. ११८ : नन्दसुत्तवण्णना, नन्दवग्गो ।

Downloaded from http://www.dhamma.digital

जनपदमध्येमा कल्याणी (=सुन्दरी) भएकीले, रूपवर्णले उत्तम भएकीले, छ शारीरिक दोष रहित भएकीले तथा पञ्चकल्याण (=गुण) ले सुसम्पन्न भएकीले 'जनपदकल्याणी' भनिएको हो।

छ शारीरिक दोष रहित भनी— (१) न अति अग्ली, (२) न अति पुड्की, (३) न अति दुब्ली, (४) न अति मोटी, (५) न अति काली तथा (६) न अति गोरी हुनेलाई भन्दछन् ।

निम्न पाँच गुणहरूले युक्त हुनेलाई 'पञ्चकल्याणी' भन्दछन् । जस्तै— (१) छविकल्याण, (२) मांस कल्याण, (३) नख (=नङ्) कल्याण, (४) अस्थिकल्याण अथवा दन्तकल्याण तथा (५) वैंश-कल्याण । यसको भनाइको तात्पर्य हो—

(१) जसको शरीराभासले दश बाह्र हातसम्म प्रकाश पार्छ अथवा जसको छविवर्ण प्रियङ्गु[१] समान अथवा सुवर्ण समान वर्ण हुन्छ—त्यस्तालाई 'छविकल्याण' भन्दछन् ।

(२) जसको चारै हात खुट्टाहरू तथा मुखाकृति समेत सबै वर्णहरू मानो रक्तप्रवाल वा रक्तकम्बल जस्तै हुन्छन्—त्यस्तालाई 'मांसकल्याण' भन्दछन् ।

(३) बीस नङ्हरूले छोएका ठाउँहरूमा—मानो चप्राको

---

१. 'प्रियङ्गु' भनेको एक लताविशेष हो । यसलाई कुनै स्त्रीले छुँदा फूल्न थाल्छ । संस्कृत-शब्दार्थ कौस्तुभ ।

Downloaded from http://www.dhamma.digital

रङ्गले रङ्गिएको जस्तो वर्ण र नछोएका ठाउँहरूमा दूधको धार जस्तै वर्ण हुनेलाई 'नखकल्याण' भन्दछन् ।

(४) परस्पर राम्रो मिलेका तथा परिशुद्ध मणि जस्ता बत्तीस दाँतहरू भएकालाई 'अस्थिकल्याण' अथवा दन्तकल्याण भन्दछन् ।

(५) एकशय बीस वर्षको भए पनि सोह्रवर्षीया जस्ती देखिएर कपाल पनि न फुल्नेलाई 'वैशाकल्याण' भन्दछन् ।

"सुन्दरी च होति एवरूपगुण समन्नागता; तेनवुत्तं— 'जनपद कल्याणी' ति" अर्थात्—सुन्दरी पनि हुन्छे तथा यस्तै गुणहरूले पनि सम्पन्ना भएकीले 'जनपदकल्याणी' भनिएको हो[१] ।

यस सम्बन्धमा नन्दा स्थविराले आफ्नो "अपदान" मा आफूलाई "नन्दा" भनेको र कपिलवस्तु नगरमा यशोधरा देवी बाहेक आफूभन्दा राम्रो स्त्री अरू कुनै पनि नभएकोले आफूलाई 'कल्याणी' पनि भन्दथे भन्ने कुरा स्वयं उल्लेख गर्नु भएको छ । जुन कुरा तलको "नन्दा स्थविरापदान" शीर्षकको गा. नं. २०–२२ मा अनुदित भएको छ ।

---

१. उदा. अ. क. पृ. ११८–१९; यस्तै कुरा जा. अ.क. I. पृ. २९१: तेलपत्तजातकं, नं. ९६ ले पनि समुल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

'नन्दा' र 'जनपदकल्याणी' भन्ने स्त्रीहरू अरू पनि छन । जसको विवरण परिचयको अन्तमा उल्लेख गरिदिएको छु ।

अनौठो घटना

यस प्रकार रूपलावण्यताले सुन्दरी भएकी नन्दा कुमारीको गृही-जीवन सम्बन्धी कुनै खास कुराहरू पालिसाहित्यमा नपाइएतापनि, उनको पछिल्लो जीवनका कुराहरूलाई ध्यानमा राखी अध्ययन गर्दा, अत्यन्त सुखपूर्वक राजदरबारमा हुर्केर दरबारमै ऐश आराम भोग गरी दरबारिया जीवन बिताएको कुरालाई बुझनुको साथ साथै उनको जीवनमा एक असाधारण तथा अनौठो घटना घट्न लागेको कुरा पनि अवबोध हुन्छ ।

यसभन्दा अघि प्रकाशित "बुद्धकालीन राजपरिवार" अन्तर्गत शुद्धोदन राजाको परिचय र यस ग्रन्थमा माथि महाप्रजापति गौतमीको परिचयमा नन्दा कुमारी र नन्दकुमार साख्ये विदी र भाई दुवै शुद्धोदन महाराजाकी कान्छी बडामहारानी महाप्रजापति गौतमीका कोखबाट जन्मेका छोरी र छोरा हुन भन्ने कुरा प्रष्ट उल्लेख भएको छ[१] । सिद्धार्थ राजकुमार शुद्धोदन महाराजाकी

१. बु. गृ. पृ. २१५; बु. रा. पृ. १३०–३२; थेर. अप. दा. अ. क. पृ. २६५ : नन्दथेरापदानत्थकथा; थेरी. अप. दा. पा. पृ. २४९; नन्दाथेरीअपदानं; उदा. अ. क. पृ. ११७ : नन्दसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. १७४ : एककनिपातवण्णना, नन्दथेर; अं. नि. अ. क. I. पृ १९८ : एककनिपातवण्णना, नन्दाथेरी; थेरी. गा अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

बडामहारानी महामाया देवीका कोखमा जन्मनु भएका छोरा हुनु हुन्छ[1] । यसप्रकार सिद्धार्थ कुमार, नन्दा कुमारीको जेठा भाइ र नन्दकुमार कान्छा भाइ हुन् । जुन कुरा नन्दा स्थविराले पछि आफैले 'थेरीअपदानपालि'' मा समुल्लेख गर्नु भएको छ । जसको अनुवाद तलको ''नन्दा स्थविरापदान'' शीर्षकको गा. नं. २३ मा भएका छ ।

नन्दा कुमारी राजदरबारमै बसी यौवन सम्पन्ना भइन् । एक दिन, विवाह मङ्गलोत्सव भइरहेको बेलामा, कपिलवस्तुमा आइरहनु भएका बुद्धले नन्दकुमारलाई भिक्षा पात्र समात्न लगाई न्यग्रोधारामसम्म लगी, नन्दलाई उहीं प्रव्रजित गराउनु भएको थियो भन्ने कुरा पालिसाहित्यले उल्लेख गरेको छ ।

कसको र कोसँग विवाह हुने मङ्गलोत्सव भइरहेको हो त भन्ने कुराको छानबीन गरी सबै अर्थकथाहरूले उल्लेख गरेका कुराहरू

---

१. सिद्धार्थ राजकुमारका सट्टै दाजु-भाइ वा दिदी-बहिनीहरू कुनै पनि छैनन् । सिद्धार्थ कुमार जन्मेको एक साताभा वहाँकी आमा मायादेवीको स्वर्गारोहण भएको कुरा माथि पृ. ५ मा उल्लेख भइसकेकै छ । बुद्ध हुने महापुरुष जन्मिने गर्भमा बुद्ध एक जना बाहेक अरू कसैले पनि जन्म लिन नसक्ने कुरा दी. नि. II. पृ. १३ : महापदानसुत्तले र त्यसको अर्थकथाले (I. पृ. २८७ र २९२ मा) प्रष्टैसँग उल्लेख गरेका छन् ।

Downloaded from http://www.dhamma.digital

अध्ययनगर्दा नन्दकुमारको विवाह नन्दा कुमारीसँग हुने मङ्गलोत्सव भइरहेको कुरा निर्विवाद सिद्ध हुन आउँछ। सबै अर्थकथाहरूले नन्द कुमारलाई भगवान्‌ले सोही बखत पात्र समात्न लगाई राजदरबारबाट बाहिर लैजानु भएको बेलामा नन्दा कुमारीले "आर्यपुत्र! चाँडै फर्केर आउनु होस्" भनेको कुरा उल्लेख गरेका मात्र नभई भिक्षु भएका नन्दकुमारले समेत नन्दाको सो वाक्यलाई झल झली सम्झी आफू भिक्षुभावमा बस्न नसकेको कुरा उदानपालिको नन्दसुत्तले[1] प्रष्टसँग उल्लेख गरेको छ।

यस घटनाको सम्बन्धमा उल्लेख भएका केही अर्थकथाहरूका पाठहरू यहाँ उद्धृत गरिदिएको छु—

समन्तपासादिकाले यसरी उल्लेख गरेको छ—

"नन्द कुमारको (१) केश विसर्जन गर्ने, (२) निधारमा

---

१. "साकियानि मं, भन्ते, जनपदकल्याणी घरा निक्खमन्तस्स उपड्ढुल्लिखितेहि केसेहि अपलोकेत्वा मे एतदवोच— 'तुवटं खो, अय्यपुत्त, आगच्छेय्यासी' ति'। सो खो अहं, भन्ते, तमनुस्सरमानो अनभिरतो ब्रह्मचरियं चरामि, न सक्कोमि ब्रह्मचरियं सन्धारेतुं, सिक्खं पच्चक्खाय हीनायावत्तिस्सामी' ति।" उदा. पा. पृ. ८७: नन्दसुत्तं, नन्दवग्गो; जा. अ. क. I. पृ. ४४१ : सङ्गामावचरजातकले पनि यस्तै कुराहरू समुल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

सुवर्णपत्र राख्ने, (३) गृहप्रवेश गर्ने, (४) आवाह[1] गर्ने र (५) छत्र धारणगर्ने आदि पाँच मङ्गलहरूको उत्सव भइरहेको थियो। अनि नन्दलाई भिक्षापात्र समात्न लगाई मङ्गलका कुराहरू सुनाई भगवान् आसनबाट उठेर जानु भयो। कुमार गइरहेको देखेर जनपदकल्याणीले ऊचालबाट हेरी 'आर्यपुत्र! चाँडै आउनुहोस्' भनी भनिन्। नन्दकुमार पनि भगवान्लाई 'पात्र लिनुहोस' भनी भन्न नसकी विहारसम्मै गए। भगवान्ले उनको इच्छा नहुँदा नहुँदै प्रव्रजित गराउनु भयो[2]।"

सुत्तनिपातट्ठकथाले यसरी उल्लेख गरेको छ—

---

१. पालिसाहित्यको भाषानुसार कन्या भित्याउनेलाई 'आवाह' र कन्या दिनेलाई 'विवाह' भनिन्छ।

२. "नन्दकुमारस्स केसविस्सज्जनं, पट्टबन्धो, घरमङ्गल, आवाह मङ्गलं, छत्तमङ्गलन्ति पञ्चमङ्गलानि होन्ति। भगवा नन्द पत्तं गाहापेत्वा मङ्गलंवत्वा उट्ठायासना पक्कमि। जनपद-कल्याणी कुमारं गच्छन्तंदिस्वा 'तुवटं खो अय्यपुत्त आगच्छेय्यासी' ति' वत्वा गीवं पसारेत्वा ओलोकेसि। सो पि भगवन्तं पत्तं गण्हथाति वत्तुं अविसहमानो विहारंयेव अग-मासि। तं अनिच्छमानं येव भगवा पब्बाजेसि।" सम. पा. पृ ७५३ : महाखन्धकवण्णना, महावग्गवण्णना; थेर. अप. दा. अ. क. पृ. २९६ : नन्दअपदानट्ठकथा; उहीं पृ. ८० मा पनि यस्तै कुरा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

"त्यस समय नन्दका आभरण मङ्गल, अभिशेकमङ्गल र आवाहमङ्गल सहित तीन मङ्गलहरू भएका थिए। निमन्त्रणा पाई भगवान् पनि पाँचशय भिक्षुहरूका साथ त्यहाँ गई भोजनोप्रान्त दरवारबाट निस्कने बेलामा नन्दको हातमा वहाँले भिक्षापात्र दिनुभयो। नन्दकुमार दरवारबाट निस्केर गइरहेको देखेर जनपदकल्याणीले 'आर्य पुत्र! चाँडै आउनुहोस्' भनी भनिन्। भगवान् प्रतिको गौरवले 'भगवान्! पात्र लिनुहोस्' भनी भन्न नसकी राजकुमार विहारसम्म पुगे। अनि गन्धकुटीको आँगनमा उभिई भगवान्ले 'नन्द! पात्र देऊ' भनी पात्र लिइसकेपछि वहाँले 'नन्द! प्रव्रजित हुन्छौ?' भनी सोध्नु भयो। भगवान् प्रतिको गौरवको कारणले यस प्रश्नलाई प्रतिक्षेप गर्न नसकी नन्दकुमारले 'हुन्छु, भन्ते' भनी जवाफ दिए पछि भगवान्ले प्रव्रजित गराउनु भयो[१]।"

उदानट्ठकथाले यसरी उल्लेख गरेको छ—

"नन्दकुमारको अभिषेक, गृहप्रवेश तथा विवाहमङ्गलोत्सव भइरहेको बेलामा भगवान् भिक्षाटन् गई नन्दकुमारको हातमा भिक्षापात्र दिनु भई, मङ्गलका कुराहरू सुनाउनु हुँदै आसनबाट उठी, नन्दकुमारसँगको पात्र नमागिकनै फर्केर जानु भयो[२]। तथागत प्रतिको गौरवको कारणले नन्दकुमारले पनि 'पात्र लिनुहोस्' भनी

---

१. सुत्त. नि. अ. क. पृ. १९८ : मुनिसुत्तवण्णना।

२. थेर. गा. अ. क. I. पृ. २७७ : नन्दथेरगाथट्ठकथामा पनि यस्तै उल्लेख भएको पाइन्छ।

Downloaded from http://www.dhamma.digital

भन्न सकेनन् । बरु यस्तो सोच्न थाले— 'शायद भगवान्ले भिक्षापात्र भन्याङ्को छेउमा पुगेपछि लिनु हुने छ कि ।' भगवान्ले त्यहाँ पनि पात्र लिनु भएन । 'भन्याङ् मनी लिनु हुने छ कि' भन्ने सोचे । परन्तु त्यहाँ पनि भगवान्ले लिनु भएन । 'दरबारको पटाङ्गिनीमा लिनु हुने छ कि' भन्ने सोचे । त्यहाँ पनि लिनु भएन । फर्कने मन गरी, इच्छा न लागी, नलागी भगवान् प्रतिको गौरवले 'पात्र लिनुहोस्' भनी भन्न नसकी 'यहाँ लिनु हुने छ कि, त्यहाँ लिनु हुने छ कि' भन्ने सोच्दै कुमार भगवान्को पछि पछि लागे ।

"त्यस बखत जनपदकल्याणीलाई 'आर्या ! नन्द राजालाई लिई भगवान् जाँदै हुनुहुन्छ । शायद तपाइलाई एक्लै पार्नु हुनेछ !' यति कुरा अरूबाट सुन्नेबित्तिकै नन्दा कुमारी आँखाबाट आँसु खसाल्दै, कपाल कोर्दा कोर्दै दौडेर गई प्रासादको झ्याल उघारी 'आर्यपुत्र ! चाँडै आउनुहोस्' भनी भनिन । नन्दकुमारको हृदयमा यो वाक्य तेर्सो परेर अटकेको काठ जस्तै गरी बस्यो । शास्ताले पनि उनको हातबाट पात्र नलिई नन्दलाई विहारमा लगी "नन्द ! प्रव्रजित हुन्छौ ?' भनी सोध्नु भयो । बुद्ध प्रतिको गौरवले गर्दा 'प्रव्रजित हुन्न' भनी भन्न नसकी कुमारले 'हवस्, हुन्छु' भनी जवाफ दिए[१] ।" यस्तै प्रकारले धम्मपदट्ठकथाले[२] पनि समुल्लेख गरेको छ ।

---

१. उदा. अ. क. पृ. ११७–१८ : नन्दसुत्तवण्णना ।

२. धम्म. प. अ. क. पृ. ५७ : नन्दत्थेरवत्थु, यमकवग्गो ।

Downloaded from http://www.dhamma.digital

अङ्गुत्तरट्ठकथाले यसरी उल्लेख गरेको छ—

"अर्को दिनमा (भगवान् कपिलवस्तु पुग्नु भएको दोश्रो दिनमा) नन्दकुमारको अभिषेक, गृहप्रवेश तथा विवाह मङ्गल भइरहेको बेलामा नन्दकुमारको निवासस्थानमा गई कुमारलाई भिक्षापात्र समात्न लगाई प्रव्रज्या गराउने विचारले भगवान् विहारतिर जानुभयो। पात्र लिई गइरहेको बेलामा प्रासाद माथिको झ्यालबाट जनपदकल्याणीले 'आर्यपुत्र! चाँडै आउनुहोस्' भनी जुन वाक्य भनेकी थिइन् यस वाक्यले नन्दको चित्तमा जति पीडा दियो त्यति पीडा मङ्गलोत्सवबाट विमुख हुनुपर्दा पनि भएन। त्यसैले प्रव्रजित भएर पनि कुमारको चित्त सन्तापबाट मुक्त हुन सकेन[१]।"

उपरोक्त उद्धृत पाठहरूले यही भन्दछन् कि नन्दकुमारको विवाहमङ्गलोत्सव नन्दा कुमारीसँगै हुन लागि रहेको थियो। किन्तु नन्दाको प्रेमी नन्द कुमारलाई भगवान् बुद्धले उसैदिन राजदरबारबाट लगी भिक्षु बनाइदिनु भयो। यसबाट प्रेमको कारणले नन्दा कुमारीको चित्त जति जलन भयो उत्तीनै जलन नन्दलाई पनि भएका कुरा नन्द भिक्षुले "म नन्दाकै वचन मात्र ग्रहण गर्ली सम्झी रहन्छु" भन्ने वाक्यबाटै हामीले प्रष्टसँगै बुझ्न सक्छौं। यस कुराले हामीलाई यो पनि विश्वास दिलाउँछ कि—उनीहरूका बीच अरखरको प्रेम नभई धेरै समय अघिदेखि नै प्रेम सम्बन्ध स्थापना

---

१. अं. नि. अ. क. I, पृ. १७४ : एककनिपातवण्णना, नन्दथेर।

Downloaded from http://www.dhamma.digital

भइसकेको रहेछ । अन्यथा उनीहरूका मनमा त्यतिसारो चोट पर्न सक्ने थिएन भन्ने कुराको पनि स्मरण दिलाउँछ । भनिन्छ कि प्रेमले कुनै युक्ति र अयुक्तिलाई देख्न सक्तैन, न त त्यसले कुनै ठीक-बेठीक, योग्य-अयोग्य भन्ने आदि कुनै मर्यादालाई नै देख्छ । प्रेमले त प्रेम मात्र पाउन खोज्छ र प्रेमको परमार्थ नै प्रेमिका प्राप्त गर्नु हो । जब प्रेमको बाटोमा विवेक र बुद्धि हिंड्नथाल्छन् तब कहिले काहिं प्रेमी र प्रेमीकाहरू-लाई अड्चनहरू आइलाग्छन् । नन्दको आवाह नन्दासँगै हुनलागि-रहेको कारणद्वारा बुद्धलाई पनि केही असर पारेको जस्तो कुरा आवाह-मङ्गल भइरहेकै दिनमा नन्द कुमारलाई भिक्षु बनाउन लगेबाट पनि थाहा पाइन्छ । तत्र, त्यत्रो मङ्गलोत्सव भइरहेको दिनमै नन्दलाई बुद्धले लैजानुपर्ने कुनै कारण देखिदैन । यस कृयाद्वारा गलत बाटोमा लाग्न लागिरहेका नन्द प्रति भलो चिताएर नै बुद्धले यस्तो कदम चाल्नु भएको होला भन्ने कुरा पनि सोच्न सकिन्छ[१] ।

गृहत्याग

यसरी नन्दकुमारलाई प्रव्रजित गराउनु भए पछि बुद्धले

---

१. यस्तै घटनाहरू जातकयुगमा पनि घटेका कुराहरू जा. अ. क. IV. पृ. १२२ : उदयजातकं, नं. ४५८ र उहीं दसरथजातकं, नं. ४६१ मा पनि उल्लेख भएका पाइन्छन् ।

Downloaded from http://www.dhamma.digital

आफ्नो पुत्र राहुल कुमारलाई पनि प्रव्रजित गराउनु भयो[१]। त्यस पछि बुद्धले आफ्नो पिता शुद्धोदन महाराजालाई राजदरबारमै अरहत्व प्राप्त गराइदिनु भयो। अरहत्व लाभ गरेको केही दिनमै शुद्धोदन महाराजा परिनिर्वाण हुनु भयो[२]।

शुद्धोदन महाराजाको परिनिर्वाण भइसके पछि महाप्रजापति गौतमी भिक्षुणी हुनु भयो, त्यस पछि सिद्धार्थ कुमारकी धर्मपत्नी यशोधरादेवी पनि भिक्षुणी भएर जानु भयो[३]। त्यस पछि शुद्धोदन महाराजाको राजदरबार उदास्पुरी खालो जस्तै भयो। यस्तो बखतमा ज्ञातिपरिवारहरूबिना मानसिक पीडा सहँदै नन्द कुमारको शोकले एक्लै आफ्नो दरबारमा बसिरहेकी नन्दा कुमारीको मनमा आकुल-व्याकुलताका साथ अनेक कल्पनाका लहरहरू लहराउन थाले। कहीले काहिं नन्दाको मनमा यस्तो कल्पना पनि उठ्न थाल्यो—

---

१. बु. रा. पृ. १४०; अ. नि. अ. क. I. पृ. १८६ : एककनिपातवण्णना, महापजापति गोतमी; अं नि. अ. क. II. पृ. ७७४ : गोतमीसुत्तवण्णना; अप. दा. अ. क पृ. २६६ : नन्दत्थेरापदानं; धम्म. प. अ. क. पृ. ५७ : नन्दत्थेरवत्थु।

२. हेर माथि पृ. १४–१६ मा।

३. थेरी गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा; अं. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी।

Downloaded from http://www.dhamma.digital

'मेरो जेठा भाइ चक्रवर्ती राज्य छाडी प्रव्रजित भएर लोकाग्र बुद्ध हुनु भयो। वहाँको पुत्र राहुल कुमार पनि प्रव्रजित नै भए। मेरा पति नन्द राजा (= भत्ता च मे नन्द राजा) तथा माता महाप्रजापति गौतमी पनि प्रव्रजित नै भइसक्नु भयो। त्यति मात्र होइन बहिनी[१] राहुल माता (= भगिनी राहुलमाता) पनि प्रव्रजित नै भएर गइसकिन्[२]।"

रातदिन यस्तै यस्ता चिन्तन गर्दै, कल्पनाको सागरमा पौडी खेलेर पनि वार पार गर्न नसकेकी नन्दा कुमारीले राजदरवारमै एक्लै बसी जीवन बिताउन थालिन। भित्रो मनमा नन्द कुमार फर्केर आउनु हुन्छ कि भन्ने आशा पनि छुटेको थिएन।

एकदिन, जब "नन्द भिक्षुले अरहत्व प्राप्त गरिसक्नु भयो' भन्ने र वहाँले आफूलाई 'ठूँडे बाँदरनी[३]' जस्ती भनी भन्नु भयो" भन्ने कुरा आफ्नो कानमा पऱ्यो तब यस वाक्यले नन्दाको हृदयलाई चोट् मात्र पारेको होइन निराश पनि पाऱ्यो। अनि "मेरा स्वामी

---

१. भाइकी पत्नी भएकी हुनाले बुहारीलाई 'बहिनी' भनी भनिएको हो।

२. थेरी. गा. अ. क. पृ. ६४; अं. नि. अ. क. I, पृ. १९८; धम्म. प. अ. क. पृ. ३९१ : जनपदकल्याणी रूपनन्दत्थेरिया-वत्थु।

३. उदा. पा. पृ. ८८ : नन्दसुत्तं।

Downloaded from http://www.dhamma.digital

पनि, माता महाप्रजापति र अरू ज्ञाति बन्धुहरू पनि प्रव्रजित भइसके (मय्हं सामिको च माता महापजापति अञ्ञे च ञातका पब्बजिता); ज्ञातिहरू विना घरमा बस्नु दुःख हो (ञातिहि विना दुक्खो घरावासो)" भन्ने मनमा लागे पछि[1] घरमा बस्ने इच्छा भएन । यस्तै मौकामा, एकदिन, महाप्रजापति गौतमी स्थविराले कपिलवस्तु आई छोरी नन्दा कुमारीलाई संझाउँदै-बुझाउँदै यसरी अति दिनुभयो—

"नन्दे ! बुद्धपुत्र हुनु भएका नन्दसँग बिछोड भएर पनि तिमी किन एक्लै घरमा बसीरहेकी ? तिम्रो यो यौवन सम्पत्ति अवश्य पनि जरात्वमा अन्त नभई छाडने छैन । किन तिमी रूपमा ममता गरी बसीरहेकी । जस्तै सबै रूपकायहरू असुचिपूर्ण हुन् त्यस्तै आरोग्यता पनि व्याधिमै अन्त हुन्छ । यति मात्र होइन, यो जीवन पनि एक दिन मृत्युमै अन्त भएर जानेछ । अतः तिम्रो यो रूपसम्पत्ति र अरू श्रीसम्पत्ति सबै केवल नयनको रसायन मात्र हुन्; यसमा केही सार छैन । तिमीमाथि पनि चाँडै नै जरात्व न आई रहने छैन । अतः तिमी पनि घरछाडी यथाशीघ्र महाकारुणिक बुद्धको शासनमा गइहाल; यही नै तिम्रोनिम्ति कल्याणकर हुनेछ[2] ।"

"ज्ञातिबन्धुहरू विना एक्लै राजदरबारमा के गरेर बसूँ" भन्ने

---

१. सुत्त. नि. अ क. पृ. १७७–७८ : विजयसुत्तवण्णना ।

२. थेरी. अप दा. पा. पृ. २४९: नन्दाथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

मनमा लागिरहेको बेलामा, नन्द कुमारबाट पनि निराश हुन परेकोले र आमाको पनि त्यस्तै अति पाएर, प्रव्रजित हुने खास श्रद्धा नभएता पनि ज्ञाति-स्नेहको कारणले मात्र र परिस्थितिले बाध्य गरेका आदि कारणहरूलेगर्दा नन्दा कुमारी न रुचाइ–न रुचाइकन[1] प्रजापति गौतमी स्थविराकहाँ गई प्रव्रजित भइन् (=महापजापतिया सन्तिकं गन्त्वा पब्बजि[2])।

"आमाको कुराले र ज्ञाति-स्नेहको कारणले बाहेक म श्रद्धाले प्रव्रजित भएकी होइन" भन्ने कुरा नन्दा स्थविराले पछि आफ्नो पूर्वचरित्रका कुराहरू बताउनु हुँदै "थेरीअपदानपालि" गा. नं. २९ मा स्वयं उल्लेख गर्नु भएका कुराहरू तल "नन्दा स्थविरापदान" शीर्षकमा अनुदित भएको छ।

बुद्धकहाँ जान चाहन्नथिन्

प्रव्रजित भएर भिक्षुणी-निवासस्थानमा बसिरहनु भएकी नन्दा स्थविरालाई उत्तरोत्तर धर्मावबोध गराइदिने उद्देश्य लिई समय समयमा महाप्रजापति गौतमी स्थविराले वहाँलाई करुणापूर्वक उपदेशहरू सुनाउनु हुन्थ्यो। तर यी उपदेशहरू कत्ति पनि वहाँको

---

१. सुत्त. नि. अ. क. पृ. १७८; थेरी. गा. अ. क. पृ. ६४; धम्म. प. अ. क. पृ. ३९१

२. अं. नि. अ. क. I. प. १९८

Downloaded from http://www.dhamma.digital

कानमा पस्देनथे, न त वहाँको चित्त उपदेशमाथि आकर्शित नै हुन्थ्यो । यस स्थितिको कुरालाई स्वयं वहाँले बताउनु भएको कुरा तल "नन्दा स्थविरापदान" शीर्षकको गा. नं. ३० मा अनुवाद गरिदिएको छु ।

"बुद्ध भगवान्‌ले रूपहरूको अवर्णना गर्नु हुन्छ" भन्ने धारणा लिई वहाँ बुद्धकहाँ गई उपदेश सुन्न पनि चाहनु हुन्नथ्यो । वहाँको मनमा आफ्नो रूपलावण्यताको बारेमा निक्कै घमण्ड थियो । अतएव रूपसम्पत्तिको बारेमा कुनै प्रकारका दोष देखाई गरेका कुराहरू सुन्न चाहनुहुन्नथ्यो । यस्तै यस्ता कल्पनालेगर्दा वहाँ बुद्धकहाँ उपस्थित हुन सम्म पनि चाहनुहुन्नथ्यो[१] । महीनाको दुइपटक विहारमा गई अवबाद-उपदेश सुन्न जानुपर्ने दिनमा पनि वहाँ जानु हुन्नथ्यो र आफ्नो पालोमा अर्को भिक्षुणीलाई पठाउनु हुन्थ्यो । यो कारणलाई बुझनु भई एक दिन, भगवान् बुद्धले महाप्रजापति स्थविरालाई "आ-आफ्नो पालोमा भिक्षुणीहरू आ-आफ्नो आई अवबाद-उपदेश ग्रहणगर्न आउनुपर्छ, अर्कालाई पठाउन हुन्न" भन्ने आज्ञा पनि दिनुभयो । महाप्रजापति स्थविरालै बुद्धको आज्ञा अनुसार सबै भिक्षुणीहरूलाई यो कुरा सुनाउनु भयो[२] ।

बुद्धको प्रशंसा

त्यस बखत श्रावस्तीका उपासक तथा उपासिकाहरू उपो-

१. अ. नि. अ. क. १. पृ १९८; थेरी. गा. अ. क. पृ. ६४; धम्म. प. अ क पृ. ३९१

२. सुत्त. नि अ. क. पृ. १७८ : विजयसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

सथको दिनमा शुद्धवस्त्र पहिरी, पुष्प-धूपहरू हातमा लिई, विहारमा गई, दान दिई, पूजा गरी, अपराण्ह समयमा जेतवनाराममागई बुद्धको उपदेश सुन्न जान्थे। भिक्षुणीहरू पनि साथमा लाग्थे। सर्वसाधारण श्रावस्तीवासी मानिसहरू पनि उपदेश सुन्न जान्थे। उपदेश सुनेर नगरमा फर्कने मानिसहरूले बुद्धको बयान सुनाउँदथे। भिक्षुणीहरू र उपासिकाहरू भिक्षुणी-निवासस्थानमा गई अनेक प्रकारले बुद्धको वर्णन गर्थे। चतुप्रामाणिक लोकजनहरू बुद्धलाई देखेर, बुद्धको उपदेश सुनेर प्रसन्न नहुने कुनै पनि थिएनन्।

(१) रूप-प्रामाणिक, अर्थात्—रूपलाई मात्र प्रमाण ठान्ने मानिसहरू बत्तीस महापुरुष लक्षणहरू[1] तथा असी अनुव्यञ्जनहरूले[2] युक्त हुनु भएका बुद्धको रूपलाई देखेर प्रसन्न हुन्थे।

(२) घोष प्रामाणिक, अर्थात्—बयान सुनेर मात्र प्रमाण ठान्ने मानिसहरू पनि बुद्धको अतीतकालका र वर्तमानकालका अनेक कुराहरू सुनी प्रसन्न हुन्थे।

(३) रूक्ष प्रामाणिक, अर्थात्—रूक्षतालाई देखेर प्रमाण ठान्ने

---

१. बत्तीस महापुरुष लक्षणहरू के के हुन् भन्ने बारेका कुराहरू लेखकको बु. ब्रा. पृ. १६८ मा उल्लेख भएका छन्।

२. असी अनुव्यञ्जन भनेका कस्ता हुन् भन्ने बारेका कुराहरू तल 'सकुला स्थविरापदान'को पादटिप्पणीमा उल्लेख भएकाछन्।

Downloaded from http://www.dhamma.digital

मानिसहरू पनि भगवान्को रूक्ष चीवरादि तथा अनेक प्रकारका दुष्कर-चर्यालाई देखेर प्रसन्न हुन्थे ।

(४) धर्म प्रामाणिक, अर्थात्—धर्मलाई देखेर वा सुनेर प्रमाण ठान्ने मानिसहरू पनि भगवान्को अनेक गुण धर्महरू देखेर तथा वहाँको शील, समाधि तथा प्रज्ञास्कन्धलाई परीक्षण गरी प्रसन्न हुन्थे[१] ।

यसरी बुद्धको उपदेश सुनेर आएका उपासक-उपासिकाहरू तथा भिक्षुणीहरूबाट मात्र नभई सर्वसाधारण मानिसहरूका मुखबाट समेत उपरोक्त गुणहरूमध्येमा कुनैन कुनै गुणका कुराहरू सुन्दा[२] नन्दा स्थविराको मनमा एक दिन यस्तो लाग्यो—

"यस्तोबिछन सबैले प्रशंसा गर्ने मेरा भाइका श्रीमुखबाट एक दिन रूपको दोष सुनेर के हुनेछ र ! एक दिनमा वहाँले रूपको दोष कति भन्न सक्नु होला र ! बरू वहाँले नदेखेने गरी धर्मसभामा एक ठाउँमा बस्ने छु । उपदेश सुन्न त जानै पऱ्यो, वहाँको दर्शन पनि गर्नै पऱ्यो[३] ।"

---

१. यी चार प्रमाणहरूका विस्तृत अर्थहरू पपं. सू. II. पृ. १ : चूलसीहनादसुत्तवण्णनामा उल्लेख भएका छन् ।

२. सुत्त. नि. अ. क. पृ. १७८ : विजयसुत्तवण्णना ।

३. धम्म. प. अ. क. पृ. ३९२ : जनपदकल्याणी रूपनन्दत्थेरिया-वत्थु ।

Downloaded from http://www.dhamma.digital

यति सोची वहाँले आफू पनि धर्मोपदेश सुन्न जान चाहेको कुरा भिक्षुणीहरूलाई सुनाए पछि एक दिन भिक्षुणीहरूले वहाँलाई लिएर बुद्धकहाँ गए[1] ।

अङ्गुत्तरनिकायट्ठकथाले— "बुद्धले जब आ-आफूनै आएर अववाद-उपदेश लिन आउनुपर्छ भनी भन्नुभयो तब यस कुराले बाध्य भई नन्दा स्थविरा बुद्धकहाँ जानु भएको हो" भन्ने कुरा उल्लेख गरेको छ[2] ।

बुद्धकहाँ जाने इच्छा

नन्दा स्थविरा बुद्धको उपदेश सुन्न जाने खबर जब भिक्षुणीहरूले सुने तब उनीहरूका बीच अनेक कुराहरू चल्नथाले र यस्तो पनि भन्नथाले— "धेरै दिन पछि नन्दा स्थविराले बुद्धको उपस्थानमा जाने इच्छा गरिन् । अवश्य नै आज शास्ताले एक महत्वपूर्ण धर्मोपदेश गर्नु हुनेछ होला[3] !" आदि ।

उता भगवान्ले पनि नन्दा स्थविरा आइरहेको देख्नु भई— "यी नन्दाकोनिमित्त कस्तो उपदेश उपयुक्त होला" भन्ने सोच्नु

---

१. सुत्त. नि. अ. क. पृ. १७८

२. अं. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी ।

३. धम्म. प. अ. क. पृ. ३९२

Downloaded from http://www.dhamma.digital

भई "यी नन्दा अति रूपाभिमानी छन् र आत्मभाव प्रति यिनको निक्कै स्नेह छ। अतः काँढाले काँढा झिक्नेझैं, यिनको रूपाभिमान हटाउनकोनिमित्त रूप नै देखाउनुपर्छ" भन्ने ठानी वहाँले आफ्नो ऋद्धिबलद्वारा पन्ध्र सोह्र वर्षीया अत्यन्त सुन्दरी, रातो वस्त्र पहिरिएकी, सबै आभरणहरूले विभूषित भएकी तथा अति दर्शनीया एक कन्याको रूप निर्माण गरी, आफू नजिकै ताडको पंखाले हम्काई-रहेको दृश्य देखाउनु भयो र जुन दृश्य केवल नन्दा स्थविरा र बुद्धले मात्र देख्न सक्नु हुन्थ्यो[1]।

नन्दा स्थविरा पनि भिक्षुणीहरूका साथ गन्धकुटीमा पसी बुद्धलाई पञ्चाङ्गयुक्त वन्दना गरी, बुद्धले आफूलाई नदेख्नेगरी भिक्षुणीहरूका बीचमा पछाडिपट्टि एक ठाउँमा बस्नु भयो र व्याम-प्रभाद्वारा तेजस्वी देखिनु भएका बुद्धको शरीरलाई पैतालादेखि लिएर शीरसम्म आँखा गाडी हेरी वहाँको शारीरिक सुन्दरता तथा दर्शनीय लक्षणहरू प्रति विचार गरीरहनु भएको बेलामा, छेउमा उभिई ताडको पंखा हम्काई रहेकी ती निर्मित सुन्दरीलाई पनि देख्नु भयो। अनि त्यस्तो देखेर वहाँले आफूलाई मानो मयूरहरूका बीचमा बसेको कौवाको रूप जस्तै देख्नु भयो। ऋद्धिद्वारा निर्मित रूप देख्ने बेला-देखि नै वहाँको आँखा तिरमिराई आपनो रूपाभिमान हटी त्यस रूपमा मन जान थाल्यो र वहाँले त्यसै रूपको सुन्दरतालाई हेर्दै—

---

१. सुत्त. नि. अ. क. पृ. १७८; धम्म प. अ. क पृ. ३९२

Downloaded from http://www.dhamma.digital

"आहा ! कति राम्रो चुल्ठो, कति राम्रो निधार, कति राम्रो छाती, कति राम्रो ओठ तथा कति राम्रो कम्मर आदि[1]" भन्दै रूपमै मुग्ध भई[2] "विनाकारणले नै म प्रमत्त भई बुद्धकहाँ न आएकी रहिछु। यस्ती स्त्री पनि शास्ताको नगीचमा विश्वासपूर्वक बसिरहेकी छन्। यस रूपको अगाडि मेरो रूप त सोह्र भागमा एक भाग पनि छैन। न जानेर नै म यत्तिका दिनसम्म बुद्धकहाँ आइन छु" भन्दै सोही रूपमै तल्लीन चित्तकारी बस्नु भयो[3]।

हृदय उद्घाटन

नन्दा स्थविराको चित्त त्यस निर्मित रूपमा तल्लीन भई-रहेको देख्नु भई, दक्ष कृषकले आफूलाई चाहिने जस्तोगरी कूलो खनेर पानी लैजानेझैं कृषक समान हुनु भएका शास्ताले पनि उसै रूप-रूपी कूलोबाट नन्दा स्थविराको चित्त-रूपी पानीलाई पुऱ्याउनपर्ने ठाउँमा पुऱ्याइदिनकोनिमित्त सो रूपलाई क्रमैसँग सोह्रवर्षीयाबाट बीस, तीस, चालीस, पचास···शयवर्षीया पारी देखाइ दिनु भएको मात्र न

---

१. यस किशिमको बयान नन्दा स्थविराले स्वयं गर्नु भएको कुरा तल "नन्दा स्थविरापदान" शीर्षकको गा. नं. ३२ मा उल्लेख भएको छ।

२. धम्म. प. अ. क पृ ३९२; सुत्त. नि. अ. क. पृ. १७८–७९

३. अं. नि. अ. क I पृ. १९८

Downloaded from http://www.dhamma.digital

भई हेर्नें घिन्लाग्दो गरी अत्यन्त कुरूप पारेर पनि देखाइ दिनुभयो। सोह्र वर्षीया स्त्री-रूप जति आकर्षक तथा सुन्दर देखिन्छ उति अरू बेशमा न देखिने भएकोले क्रमैसँग त्यस्तो विरूप पारी देखाउनु भएको हो। अनि हेरीरहनु भएकी नन्दा स्थविराको चित्त पनि बर्लिदै गइरहेको रूप अनुसार बर्लिदै गई क्रमशः रूप प्रति भइरहेको छन्द-रागहरू कमहुँदै हट्दै गई विरक्ततातिर ढलिकदै गयो। यति मात्र होइन; भगवान्ले सो रूपलाई व्याधिद्वारा पीडित गराई अन्तमा मृत्यु समेत गराई त्यसबाट दूर्गन्ध निस्केको दृश्य पनि देखाउनु भयो[1]। नन्दा स्थविराले पनि क्रमैसँग व्याधिग्रस्त भई मृत्यु भएर त्यसबाट निस्केको दूर्गन्धलाई समेत मनन गरी 'यो मेरो शरीर पनि त एक दिन यस्तै हुनेछ' भन्ने विचार गरी आफ्नो शरीरलाई अनित्यताको दृष्टिले हेर्न थाल्नु भयो। जब अनित्यताको दृष्टिले हेर्न थाल्नु भयो तब अनित्यताको पछि पछि दुःख पनि देख्न थाल्नु भयो र दुःख ज्ञानको सँगसँगै निस्सार भन्ने ज्ञान भएर त्यसबाट अनात्मताको

---

१. अर्थकथाहरूले उल्लेख गरेका यी वर्णन र थेरी अपदानले उल्लिखित वर्णनमा केही भिन्नता जस्तो देखिएता पनि मूल उद्देश्यमा भने कुनै फरक छैन। थेरीअपदानका कुराहरू नन्दा स्थविराले स्वयं वर्णित गर्नु भएको हो। यसको अनुवाद तल "नन्दा स्थविरापदान" शीर्षकमा गरिदिएको छु।

Downloaded from http://www.dhamma.digital

ज्ञान पनि प्रज्ञापथमा अवतरितहुँदै हृदय उद्घाटन हुन थाल्यो। यसप्रकार चित्त परिवर्तनहुँदै, एकमाथि अर्को चित्त आउँदा आउँदै वहाँको अगाडि यो त्रि-भव संसार सबै ज्वालाको रूपमा उपस्थितभई कुजप शरीरलाई घाँटीमा झुँडचांइ राखेको जस्तो हुन थाल्यो र विदर्शना भावनातिर चित्त बढ्न थाल्यो।

नन्दा स्थविराको चित्त अनित्य-प्रतिसंयुक्त विदर्शना भावनातिर बढीरहेको कारणलाई बुझनु भई शास्ताले "के त अब नन्दाले आफ्नो प्रतिष्ठा प्राप्त गर्न सक्ने छिन् त" भन्ने विचार गर्नु हुँदा "बाहिरी प्रत्यय पाएमा आफ्नो प्रतिष्ठा प्राप्त गर्न सक्ने छिन्" भन्ने बुझ्नु भई त्यस बेला वहाँले "आतुरं असुचिं पूतिं[1]..." भन्ने गाथाहरूद्वारा धर्मोपदेश गर्नु भयो। जुन गाथाहरूका उपदेश अनुसार आफ्नो प्रज्ञालाई पठाउँदा नन्दा स्थविराले स्रोतापत्ति-फल साक्षात्कारगरी निर्वाणको स्रोत-धारमा पुग्नु भयो[2]।

---

१. यी गाथाहरू तल "नन्दा स्थविरा गाथा" शीर्षकमा अनुवाद भएका छन्।

२. धम्म. प. अ क. पृ. ३९२–९३ : जनपदकल्याणी रूपनन्दत्थेरियावत्थु; सुत्त. नि. अ क. पृ. १७८–७९ : विजयसुत्तवण्णना; थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

अरहत्व प्राप्ति

यसरी नन्दा स्थविराको चरितानुकूल[१] अशुभ-भावनाका कुराहरू सुनाई स्रोतापन्नमा प्रतिष्ठित गराइ दिनु भए पछि उत्तरोत्तर

---

१. 'चरितानुकूल' भन्नाले नन्दाको चरितलाई अनुकूल हुने ध्यानका कुराहरू सिकाइदिनु भयो भनी भनिएको हो। उत्कृष्ट स्वभावलाई लिएर मानिसहरूलाई छ चरितमा विभाजित गरिएका छन्। जस्तै— (१) रागचरित, (२) द्वेषचरित, (३) मोहचरित, (४) श्रद्धाचरित, (५) बुद्धिचरित तथा (६) वितर्कचरित। वि. सु. म पृ. ७७ : कम्मट्ठानगहण-निद्देसो-३

कुन कुन चरित हुनेलाई कुन कुन भावनाहरू अनुकूल हुन्छन् भन्ने कुरा पनि उहीं पृ ८५ मा समुल्लेख भएका छन्। जस अनुसार— (१) रागचरित हुनेलाई—दश-अशुभ-भावना-हरू र कायगतानुस्मृति अनुकूल हुन्छ; (२) द्वेषचरित हुनेलाई —चार ब्रह्मविहार मैत्री-भावनाहरू र चार वर्णकसिण-भावना-हरू अनुकूल हुन्छ; (३) मोहचरित र (४) वितर्कचरित हुनेलाई आनापान-स्मृति-भावना अनुकूल हुन्छ; (५) श्रद्धा-चरित हुनेलाई— छ अनुस्मृति-भावना अनुकूल हुन्छ तथा (६) बुद्धिचरित हुनेलाई— मरणानुस्मृति, उपशमानुस्मृति, चतुर्धातु व्यवस्थान तथा आहारमा प्रतिकूलसंज्ञा-भावना अनुकूल हुन्छ।

Downloaded from http://www.dhamma.digital

मार्ग-फलहरूको अवबोध गराउन महाकारुणिक बुद्ध भगवान्ले अगाडि विदर्शना र अशुभ-भावना गर्ने तरिकाको व्याख्यान गर्नु भई "हिंडिरहे पनि, उठीरहे पनि, बसिरहे पनि..." भन्ने आदि कुराहरू बताउनु भई "तिट्ठं चरं निसिन्नो वा..." भनी विजयसूत्रद्वारा[1] उपदेशहरू सुनाउनु भयो। यो सूत्रको उपदेश सुने पछि नन्दा स्थविराले उत्तरोत्तर मार्ग-फलहरू प्राप्त गर्नु भयो र त्यस पछि बुद्धले वहाँलाई शून्यता प्रतिसंयुक्त भएका कुराहरू दर्शाउनु-हुँदै "नन्दे! हेर, यो शरीरमा कुनै सारवस्तु छैन; तीनशय हाडहरू[2] खडा गरी त्यसका जोर्नीहरूलाई नौशय स्नायुहरूले[3] बाँधी त्यसमा नौशय मांसपेशीहरू[4] र रगतहरूले लेपगरी छालाले मोरिदिएकोछ। यस भित्र अनेक कृमी-कीराहरूका साथ साथै जरात्व, मृत्यु, मान तथा अनेक कपटहरू लुकीरहेका बाहेक सारको रूपमा ग्रहणगर्न लायक अरू कुनै वस्तु छैन" भन्नु हुँदै निम्न गाथा भन्नु भयो—

"अट्ठीनं नगरं कतं, मंसलोहितलेपनं।
यत्थ जरा च मच्चु च, मानो मक्खो च ओहितो[4]॥"

---

१. यो सूत्रको अनुवाद तल "अशुभ-भावना" शीर्षकमा गरिदिएको छु। सुत्त. नि. पृ. २९७ : विजयसुत्तं, अ. क. पृ. १७७

२. धम्म. प. अ. क. पृ. ३९३

३. सुत्त. नि. अ. क. पृ. १८१

४. धम्म. प. पा. पृ. ३१ : जरावग्गो, गा. नं. १५०

Downloaded from http://www.dhamma.digital

यो गाथाको उपदेशलाई ध्यानमा राखी भावना बढाउनु हुँदै वहाँले सबै प्रकारका शारीरिक तथा मानसिक ममता, मोह सहित सबै प्रकारका भवतृष्णाहरूलाई छेदन गरी अन्तमा जरामरण रहित अमृतमय निर्वाणलाई साक्षात्कार गर्नु भई अरहत्व प्राप्त गर्नु भयो[१]।

अरहत्व प्राप्त गरिसकेपछि जहिले पनि ध्यानमै मग्न भई विमुक्ति सुखमै बस्ने र ध्यानाभिरत भई समय बिताउने आदि वहाँका गुणहरूले गर्दा, वहाँलाई तथागतले एक दिन जेतवनाराममा ध्यानी भिक्षुणीहरूमध्येमा अग्र छिन्[२] भनी औपचारिक रूपले घोषणा गर्नु भयो। त्यस पछि एक दिन, वहाँ एकान्तमा बसी आफ्नो वर्तमान जीवनको पूर्वार्धकुराहरूलाई संझेर मनमा उत्पन्न प्रीति–उद्गार प्रकट गर्नुहुँदै "थेरीगाथापालि" का गाथाहरू प्रकट गर्नु भयो[३]। यो

---

१. अं. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी; थेरी. गा. अ. क. पृ. ६५ : नन्दाथेरीगाथट्ठकथा; धम्म. प. अ. क. पृ. ३९३ : जनपदकल्याणी रूपनन्दत्थेरियावत्थु; थेरी. अप. दा. पा. पृ. २५२ : नन्दाथेरी अपदानं, गा. नं. ५०

२. अं. नि–१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. १९८; ध्यानी भिक्षुणीहरूमध्येमा नन्दा स्थविरा अग्र भएझैं भिक्षुहरूमा कङ्खारेवत स्थविर अग्र हुनुहुन्छ। अं. नि-१ पृ. २४ : एतदग्ग–वग्गो।

३. थेरी. गा. अ. क. पृ. ६८ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

गाथाहरू तल "नन्दा स्थविरागाथा" शीर्षकमा अनुवाद गरिदिएको छु। त्यस्तै गरी अर्को एक समयमा, परापूर्वकालमा आफूले गरि आएका केही विशेष कुराहरूका संस्मरण गर्नु भई तथा वर्तमान समयमा आफ्ना बितेका घटनाहरूको पनि संस्मरण गर्नुहुँदै उद्गारको रूपमा प्रकट गर्नु भएका वाक्यहरू तल "नन्दा स्थविरापदान" शीर्षकमा अनुवाद गरिदिएको छु। यस "अपदान" गाथाहरूमा वहाँले स्वयं अतीत र वर्तमान-चर्या सम्बन्धमा कुराहरू प्रकाश पार्नु भएकोछ। अरू कुराहरू तल अनुदित मूल सूत्रहरू बाटै अवबोध हुनेछ।

भिन्नाभिन्न नन्दाहरू

(१) नन्दा— यिनी, मङ्गल बुद्धकी[1] अग्र उपस्थायिका उपासिका थिइन्। बु. वं. पा. पृ, ३२४ : मङ्गलबुद्धवंसो।

(२) नन्दा – यिनी, ककुसन्ध[2] (=ककुच्छन्द) बुद्ध भगवान्‌की अग्र उपस्थायिका उपासिका थिइन्। बु. वं. पा. पृ. ३७२: ककुसन्धबुद्धवंसो।

(३) नन्दा— यिनी, मघ मानवकका घरमा भएका चार स्त्रीहरूमध्येमा एक हुन्। पछि यिनी शक्रदेवेन्द्रको भवनमा

---

१. दीपङ्कर बुद्धदेखिका तेश्रा बुद्ध हुन्।

२. दीपङ्कर बुद्धदेखिका बाइसौं बुद्ध हुन्।

Downloaded from http://www.dhamma.digital

जन्मिन् । त्यस लोकमा यिनको 'नन्दा' भन्ने एक पोखरी पनि थियो । धम्म. प. अ. क. पृ. १३५: महालिपञ्हवत्थु; दी. नि. अ. क. II. पृ. ५१०: सक्कपञ्हसुत्तवण्णना; जा. अ क. I. पृ. १५२: कुलावकजातकं, नं ३१

(४) नन्दा— यिनी, बोधिसत्व ब्राह्मणका तीन छोरीहरू मध्येकी एक हुन् । जा. अ. क. I. पृ. ३५२: सुवण्णहंसजातकं, नं. १३६

(५) नन्दा— यिनी, पद्मोत्तर बुद्धको[1] पालामा हंसवती नगरका आनन्द भन्ने राजाकी छोरी थिइन् र पद्मोत्तर बुद्धकी कान्छी आमाकी छोरी हुन् । थेरी. गा. अ. क. पृ. ७२ : सकुलाथेरीगाथट्ठकथा ।

(६) नन्दा— यिनी, वर्तमान बुद्धको पालामा श्रावस्ती-बासी एक श्रद्धालु उपासककी पत्नी हुन् । यिनी अश्रद्धालु तथा कपटिनी थिइन् । मृत्यु पछि यिनी श्रावस्ती नजिकै एक प्रेत भएर जन्मिन् । पेत. व. अ. क. पृ. ३७: नन्दापेतवत्थु ।

(७) नन्दा— यिनी, एकराज भन्ने राजाकी छोरी हुन् र यिनी चन्द्र कुमार बोधिसत्वकी बहिनी थिइन् । जा. अ. क. VII. पृ. ११६: खण्डहाल वा चन्दकुमारजातकं, नं. ५४२

(८) नन्दा— यिनी, स्वर्गलोकमा बाजा बजाउने एक स्त्री

---

१. दीपङ्कर बुद्धदेखिका दशौं बुद्ध हुन् ।

Downloaded from http://www.dhamma.digital

हुन् । विमा. व अ. क. पृ. ७५: दासीविमानवत्थु अट्ठकथा; उहीं पृ. १७०: रज्जुमाल विमानवत्थु अट्ठकथा ।

(९) नन्दा — यो, सुजात बुद्धको[1] तीन प्रासादहरूमध्येका एक प्रासादको नाम हो । नालन्दा पालिमा 'नन्द' भन्ने उल्लेख भएको छ । बु. वं. पा. पृ. ३४९ : सुजातबुद्धवंसो ।

(१०) नन्दा — यो, पदुम[2] (पद्म) बुद्धको तीन प्रासादहरूमध्येका एक प्रासादको नाम हो । बु. वं. पा. पृ. ३३९ : पदुमबुद्धवंसो ।

(११) नन्दा— यो, एक पुष्करिणीको नाम हो । जा. अ. क VII. पृ. २०७: महानारदकस्सपजातकं, नं. ५४४

(१२) नन्दा (भिक्षुणी)— यिनी, दीपङ्कर[3] बुद्धका प्रथम अग्रश्राविका भिक्षुणी थिइन् । बु. वं. पा. पृ. ३२१: दीपङ्करबुद्धवंसो; जा. अ. क. I. पृ. २६: दूरेनिदान ।

(१३) नन्दा (भिक्षुणी)— यिनी, थुल्लनन्दा भिक्षुणी सहित चार दिदी-बहिनी भिक्षुणीहरूमध्येकी एक हुन् । पाचि. पा. पृ.

---

१. दीपङ्कर बुद्धदेखिका बाह्रौं बुद्ध हुन् ।

२. दीपङ्कर बुद्धदेखिका आठौं बुद्ध हुन् ।

३. तण्हङ्कर बुद्धदेखिका चौथो बुद्ध हुन् । बु. वं. पा. पृ. ३८१। बुद्ध पकिण्णककण्डं, अ. क. पृ. २४६

Downloaded from http://www.dhamma.digital

२८३: पठमपाराजिकं, भिक्खुनीविभङ्गो, अ. क पृ. ६७०; पृ. ५३: पठमपाचित्तियं भिक्खुनीविभङ्गो ।

(१४) नन्दा (भिक्षुणी)— यिनी, नातिका गाउँको एक भिक्षुणी हुन् । जो अनागामिनी भई नातिका गाउँमा मृत्यु भइन् । दी. नि. II. पृ. ७३ : महापरिनिब्बानसुत्तं; सं. नि. IV. पृ. ३०३: पठमगिञ्जकावसथसुत्तं ।

(१५) नन्दा [स्थविरा]— यिनी, भगवान् बुद्धकी काञ्छी आमा, शुद्धोदन महाराजाकी काञ्छी बडामहारानी महाप्रजापति गौतमीकी पुत्री हुन् । भिक्षुणी भएर ध्यानी भिक्षुणीहरूमध्येमा अग्र भइन् । यिनकै संग्रह यहाँ गरेको छु । यिनलाई (१) रूपनन्दा, (२) सुन्दरीनन्दा, (३) जनपदकल्याणी नन्दा, (४) जनपदकल्याणी रूपनन्दा, (५) सुन्दरीनन्दा जनपदकल्याणी तथा (६) जनपद-कल्याणी पनि भन्दछन् । सुन्दरीनन्दा नामकी अर्को एक भिक्षुणी पनि छिन् जो थुल्लनन्दा भिक्षुणीकी बहिनी हुन् । हेर. बु. म. पृ.५४; बुद्धलाई अपवाद गराउन खोज्ने 'सुन्दरी परिव्राजिका' लाई पनि— 'उनी जनपदकल्याणी श्वेतवस्त्र धारिणी परिव्राजिका हुन्' भनी सुत्त-निपातट्ठकथाले उल्लेख गरेको छ । सुत्त. नि. अ. क. पृ. ४१९: दुट्ठट्ठक-सुत्तवण्णना । कुनै नगरका सुन्दरतर स्त्रीको उदाहरण दिंदा पनि 'जन-पदकल्याणी' भनी उल्लेख गरेका कुराहरू सं. नि. IV. पृ. १४५: जनपदकल्याणीसुत्तमा पाइन्छन् ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

१–अशुभ-भावना

१– "हिंडिरहेंदा, उठीरहेंदा, बसिरहेंदा अथवा सुतिरहेंदा जुन खुल्च्याउनु र पसार्नु हो – यही नै शरीरको चालचलन अथवा प्रक्रिया हो[1]।

२– "हाड र नसाहरू युक्त, त्वच र मासुले लेप गरेको, छवि-द्वारा काय प्रतिच्छन्न भएको हुँदा यथाभूत (=जे जस्तो हो त्यो त्यस्तैरूपले) देखिंदैन।

३-४– "आन्द्रा, भुँडी भरिएको; कलेजो, मूत्रथैली, फुटु, फोक्सो, मृगौला, फियो, सिंगान्, थुक, पसिना, बोसो, रगत, ज्याल, पित्त, तेल (=चिल्लोपन=वसा) आदिले युक्त भएको यो शरीर हो।

५-६– "अनि त्यस शरीरको नौ द्वारबाट सँधै असुचिहरू निस्कन्छन्—आँखाबाट चिप्रा, कानबाट कानेगुजी, नाकबाट सिंगान्;

---

१. सुत्त. नि. पृ. २९७ : विजयसुत्तं, अ. क. पृ. १७७

Downloaded from http://www.dhamma.digital

कहीले कहीले मुखबाट पित्त र कफ पनि वमन हुन्छ तथा कायबाट पसिना र मल पनि निस्किन्छन् ।

७– "ज्वालहरू भएका शीरमा केशहरू भरिएका हुन्छन्; अतः अविद्याको कारणले मूर्ख पुरुषले (यो शरीरलाई) राम्रो (=शुभ) भन्ने ठान्दछ ।

८– "यो शरीर जब मृत्यु भएर लडिरहेको हुन्छ अथवा फूलेर नीलो भई श्मशानमा पर्याकिएको हुन्छ तब कुनै ज्ञातिहरूले पनि त्यसलाई चाहन्न ।

९– "त्यस शरीरलाई कुकुर, स्याल, बकुला, कृमी, कौवा तथा गिद्धहरूले खान्छन अनि अरू प्राणीहरूले पनि खान्छन् ।

१०– "बुद्धवचन सुनेर नै प्रज्ञावान् भिक्षुले (यस शरीर सम्बन्धी) यथार्थज्ञान अर्थात् जस्तो छ त्यस्तो बुझ्न र देख्न सक्छ ।

११– " 'जस्तो यो हो त्यस्तै यो हो, जस्तो त्यो हो त्यस्तै यो हो' भनी संझी बाहिरी र भित्री शरीरमा भएको रागलाई हटाउन सक्नुपर्छ ।

१२– "छन्द-रागबाट विरत हुने प्रज्ञावान् भिक्षुले यहाँ अमृत, शान्ति तथा अच्युतपदरूपी निर्वाण प्राप्तगर्न सक्छ ।

१३– "त्यस त्यस ठाउँबाट अनेक दुर्गन्धहरू त्याउने यो दुइ

Downloaded from http://www.dhamma.digital

खुट्टा हुने मनुष्य शरीर असुचि र दुर्गन्ध पूर्ण छ[1] ।

१४– "यस्ता काय धारण गरी जसले अहम्भाव राख्छ अथवा जसले अर्कालाई अपमान गर्छ उसले के आर्यमार्ग देख्न सक्ला र[2] ।"

× × ×

---

१. मनुष्य शरीर मात्र असुचि पूर्ण होइन, अरू प्राणीहरू पनि असुचि पूर्ण छन् । तर यहाँ उत्कृष्ट भावले मनुष्यलाई मात्र उल्लेख गरेको हो । भनाइको मतलब अरू प्राणीहरूका शरीर-हरूभन्दा मनुष्य शरीर घृणित छ । किनभने अरू प्राणीहरूका मासुमा नून तेल हालेमा मानिसले खान पनि सक्छ तर मनुष्य मासुमा नून तेल हालेता पनि कसैले खाँदैनन् । त्यसैले मनुष्य शरीरलाई असुचि पूर्ण भनिएको हो । सुत्त. नि. अ. क. पृ. १८५ : विजयसुत्तवण्णना ।

२. नन्दा भिक्षुणीलाई 'आतुरं असुचिं पुण्णं' इत्यादि भन्ने गाथा सुनाई स्रोतापन्न गराइसक्नु भएपछि उत्तरोत्तर विपश्यना भावनाको उपदेश गर्नुहुँदै भगवान् बुद्धले यो सूत्रको उपदेश गर्नु भएको हो भनी सुत्त. नि. अ. क. पृ. १७९ ले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

२—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं झायिनं यदिदं नन्दा[१]।"

अर्थ—

"भिक्षुहो ! मेरा ध्यानी भिक्षुणी श्राविकाहरूमध्येमा नन्दा अग्र हुन्।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. १९८

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—नन्दा स्थविरा-गाथा

१- "आतुरं असुचि पूतिं, पस्स नन्दे समुस्सयं ।
असुभाय चित्तं भावेहि, एकग्गं सुसमाहितं ॥

२- "यथा इदं तथा एतं, यथा एतं तथा इदं ।
दुग्गन्धं पूतिकं वाति, बालानं अभिनन्दितं ॥

३- "एवमेतं अवेक्खन्ती, रत्तिन्दिवमतन्दिता ।
ततो सकाय पञ्ञाय, अभिनिब्बिज्ज[1] दक्खिसं ॥

४- "तस्सा मे अप्पमत्ताय, विचिनन्तिया योनिसो ।
यथाभूतं अथ कायो, दिट्ठो सन्तरबाहिरो ॥

---

१. बर्मीमाः 'अभिनिब्बिज्झ' ।

Downloaded from http://www.dhamma.digital

५– "अथ निब्बिन्दहं[1] काये, अज्झत्तं च विरज्जहं[2]।
अप्पमत्ता विसंयुत्ता, उपसन्ताम्हि[3] निब्बुता' ति[4] ॥"

अर्थ—

१– "हे नन्दे! आतुरता, दुर्गन्ध तथा असुचिपूर्ण यो शरीर-लाई हेर! एकाग्र चित्त गरी अशुभमा[5] चित्त लगाऊ।

२– "जस्तै यो हो त्यस्तै त्यो हो; जस्तै त्यो हो त्यस्तै यो हो; मूर्खहरूद्वारा अभिनन्दन गरिने यो शरीरबाट दुर्गन्ध आउँछ।

३– "रातदिन यसरी अप्रमत्तभई हेर्ने गरेपछि आफ्नै प्रज्ञाद्वारा विरक्त भई तिमीले यथार्थतालाई देख्ने छयौ[6]।

४– "अनि मैले ज्ञानयुक्त स्मृतिद्वारा राम्ररी विवेचन गरी हेर्दा यो शरीरको भित्री-बाहिरी रूपलाई यथार्थत देखें।

---

१. सिंहलमाः 'निब्बिन्दिहं'।
२. सिंहलमाः 'विरज्जिहं'।
३. सिंहल, स्याम र रोमनमाः 'उपसन्तम्हि'।
४. थेरी. गा. पा. पृ. ४१६ : सुन्दरीनन्दाथेरीगाथा, अ. क. ६४
५. यहाँ 'अशुभमा' भनेको अशुभ-भावनामा भनी भनेको हो। यो अशुभ-भावना भनेको कस्तो हो भन्ने बारेका कुराहरू माथि क्षेमा स्थविरापदान पृ. २९५ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु।
६. उपरोक्त तीन गाथाहरू भगवान्को श्रीमुखबाट सुने पछि नन्दा स्थविरा स्रोतापन्न भएकी थिइन् र त्यसपछि 'अट्ठिनं नगरं कतं' ... भन्ने धम्मपदको गाथा सुनेपछि अरहत् भएकी थिइन् भनी थेरी. गा. अ क. पृ. ६४ ले समुल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

५– "त्यस पछि काय-रागबाट विरक्त भई, चित्त-रागलाई छाडी, संयोगबाट विसंयुक्त भई, अप्रमत्त भई, निर्वाण प्राप्त गरी उपशान्त भई बसें[१]।"

× × ×

Dhamma.Digital

१. अरहत्व प्राप्त गरिसके पछि एक दिन, 'भगवान्‌को उपदेश सुनी यसरी अरहत्व प्राप्त गर्न सकें' भन्ने विचार गरिरहनु भएको बेलामा बितेका घटनाहरूलाई स्मरण गर्दै उदानको रूपमा यी ४ र ५ गाथाहरू भनेकी थिइन् भनी थेरी. गा. अ. क. पृ. ६८ ले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

४—नन्दा स्थविरापदान

अतीतकथा

१— "[1]यहाँदेखि एकलाख कल्प अघि सबै धर्ममा पारंगत हुनु भएका पद्मोत्तर (=पदुमुत्तर) भन्ने जिन लोकमा उत्पन्न हुनुभएको थियो।

२— "सबै मानिसहरूलाई तारणगर्ने, अववाद गर्ने, ज्ञान दिने तथा देशना-कुशल हुनु भएका बुद्धले धेरै मानिसहरूलाई तार्नु भयो।

३— "सबै प्राणीहरू प्रति हितैषी, कारुणिक तथा अनुकम्पिक बुद्धले सम्प्राप्त सबै तैर्थीयहरूलाई पञ्चशीलमा प्रतिस्थापित गराउनु भयो।

४— "सबै तीर्थीयहरू शून्य भई यसरी निराकुलित भई अटल तथा वशीभूत अरहन्तहरूद्वारा सुशोभित थिए।

---

१. थेरी. अप. दा. पा. पृ. २४८ : नन्दाथेरीअपदानं।

Downloaded from http://www.dhamma.digital

५– "वहाँ महामुनि अन्ठाउन्न (५८) हात अग्लो हुनुहुन्थ्यो र अनर्घ काञ्चन जस्तै बत्तीस लक्षणहरूले[1] सुसम्पन्न हुनुहुन्थ्यो ।

६– "त्यस बखत एकलाख वर्षको आयु थियो; त्यतिञ्जेल्-सम्म रहनु भई वहाँले धेरै जनतालाई तार्नु भयो ।

७– "त्यस बखत म, नानारत्नहरूद्वारा प्रज्वलित भएको तथा महासुख सम्पन्न भएको हंसवती नगरको एक कुलमा जन्मेकी थिएँ ।

८– "वहाँ महावीरकहाँ गई मैले परम आश्वासन प्राप्त हुने अमृतमय परमार्थ धर्मोपदेश सुनें ।

९– "ससङ्घ लोकनायकलाई निम्त्याई आपनै हातले वहाँलाई महादान दिएँ ।

१०– "च्यानी भिक्षुणीहरू मध्येमा अग्रस्थान पाउने प्रार्थना गरी मैले ससङ्घ लोकनायकको चरण कमलमा अत्यन्त भक्तिपूर्वक शीरले ढोगें ।

११-१३– "त्यस बखत अदान्त-दमक हुनु भएका, त्रिलोकका शरण हुनुभएका नरसारथीले यस्तो व्याकरण गर्नु भयो – 'यहाँदेखि एकलाख कल्पमा ओक्काककुलका गौतम भन्ने गोत्रमा एक शास्ता लोकमा

---

१. लेखकको बु. ब्रा. पृ. १६८ मा बत्तीस लक्षणहरू के के हुन् भन्ने कुरा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

हुनेछन् । वहाँको धर्मदायाद प्राप्त गरी, धर्मनिर्मित औरसपुत्री भई नन्दा भन्ने नामले तिमी शास्ताकी श्राविका हुनेछ्यौ ।'

१४– "यो कुरा सुनी अत्यन्त प्रफुल्लित भई, जीवनभर मैले विनायक प्रति मैत्रीचित्त राखी प्रत्ययहरूद्वारा परिचर्या गरें ।

१५– "त्यस सुकृत्य कर्मद्वारा र चेतना प्रणिधीद्वारा मनुष्यदेह छाडी म त्रयस्त्रिंश लोकमा गएँ ।

१६– "त्यहाँबाट च्युतभई यामा लोकमा गएँ; त्यहाँबाट च्युत भई तुषित लोकमा पुगें; त्यहाँबाट पनि च्युत भई निर्माणरति लोकमा पुगें; त्यहाँबाट पनि च्युत भई वशवर्ती लोकमा पुगें ।

१७– "जहाँ जहाँ जन्में त्यहाँ त्यहाँ त्यसै कर्मको वेगले राजाहरूका महिषीत्व प्राप्त गरें ।

१८– "त्यहाँबाट च्युत भई मनुष्य लोकमा चक्रवर्ती राजाहरूका मण्डली (एउटा मण्डल) राजाहरूका महिषीत्व प्राप्त गरें ।

१९– "देव-मनुष्यहरूमा अनेक सम्पत्ति भोगगरी, सबै ठाउँमा सुखिनी भई अनेक कल्पहरूसम्म संसारमा घुमें ।

वर्तमान कथा

२०-२२– "अन्तिम जन्म आइपुगे पछि म पुरुष कपिल-

Downloaded from http://www.dhamma.digital

वस्तुमा राजा शुद्धोदनकी प्रशंसित छोरी भएकी थिए[१] । मेरो श्रीरूप देखेर त्यो कुल अति नन्दित भएको थियो; श्रेष्ठसुन्दर भएकोले मेरा नाम नै 'नन्दा' भन्ने रह्यो । त्यस रम्य नगरमा पनि भलाई यशोधरा बाहेक सबै युवतीहरूमध्येमा 'कल्याणी' भनी भन्थे[२] ।

२३– "मेरो जेठो भाई जो अन्तमा अरहत् हुनु भई त्रिलोकाग्र हुनु भयो; एकले गृहस्थीमा बसिरहँदा आमाले भलाई यस्तो कुरा सुनाउनु भयो[३]—

---

१. "पच्छिमे भवे सम्पत्ते, सुरम्मे कपिलह्वये ।
रञ्ञो सुद्धोदनस्साहं, धीता आसि अनिन्दिता ।।

२. "सिरिया रूपिनि दिस्वा, नन्दितं आसि तं कुलं ।
तेन नन्दा ति मे नामं, सुन्दरं पवरं अहु ।।
"युवतीन च सब्बासं, कल्याणी ति च विस्सुता ।
तस्मिं पि नगरे रम्मे, ठपेत्वा तं यसोधरा ।। थेरी. अप. दा. पा. पृ. २४९ : नन्दाथेरीअपदानं ।

३. "जेट्ठो भाता तिलोकग्गो, पच्छिमो अरहा तथा ।
एकाकिनी गहट्ठानं, मातरा परिचोदिता ।।" थेरी. अप. दा. पा. पृ. २४९ । आमा भिन्न तथा बाबु एकै भएको र नन्दकुमारको जेठो दाइ भएकोले यहाँ जेठो भाइ भन्ने कुरा उल्लेख गरेको हो । बुद्धको एकै कोखमा जन्म भएका कुनै दाजुभाइ वा दिदी बहिनीहरू हुन्नन् भन्ने कुरा उदा. अ. क. पृ. १७७ : नन्दसुत्तवण्णनामा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

२४-२८ 'शाक्यकुलमा जन्मेका बुद्धानुज पुत्र नन्दहुँग बिछोड भएर पनि तिमी घरमा किन बसीरहेकी ! यौवन सबै जरामा अन्त हुनेछ; रूप असुचि सम्मत छ; आरोग्यता सबै रोगमा अन्त हुनेछ; जीवन पनि मरणमै अन्त हुनेछ । यो तिम्रो शशीसमान मनोहर शुभ-रूप, भूषण, अलङ्कारहरू, श्रीसम्पत्तिहरू तथा लोकसार-श्रीसम्पत्तिको महारास पनि केवल नयनका रसायन मात्र हुन् । हे ओक्काककुल नन्दनगर्ने ! हे पुण्यकीर्ति कमाउने ! चाँडै नै तिमीमाथि जरात्व आउने छ; अतः घरछाडी कारुणिकको प्रशंसित धर्ममा लाग[1] !

२९-३०– "आमाको वचन सुनेर म अनगारिका भई प्रव्रजित भएँ; रूपयौवन लालित्य भएकी म केवल शरीरले मात्र प्रव्रजित

---

१. "साकियम्हि कुले जाता, पुत्ते बुद्धानुजा तुवं ।
नन्देन पि विना भूता, अगारे किं नु मच्छसि ।।
"जरावसानं योब्बञ्ञं, रूपं असुचिसम्मतं ।
रोगन्तमपि चारोग्यं, जीवितं मरणन्तिकं ।।
"इदं पि ते सुभं रूपं, ससीकन्तं मनोहरं ।
भूसनानं अलङ्कारं, सिरिसङ्घाटसन्निभं ।।
"पुञ्ञितं लोकसारं व, नयनानं रसायनं ।
पुञ्ञानं कित्तिजननं, उक्काककुलनन्दनं ।।"
"न चिरेनेव कालेन, जरा समधिसेस्सति ।
विहाय गेहं कारुञ्ञे, चर धम्ममनिन्दिते ।।" थेरी. अप. दा. पा. पृ. २४९–५०

Downloaded from http://www.dhamma.digital

भएँ किन्तु चित्तले होइन । उत्तम ध्यान लाभ गराइदिने अभिप्रायले आमाले मलाई महत्प्रयत्नपूर्वक अति दिनुहुन्थ्यो तर मेरो त्यसमा उत्साह नै हुन्नथ्यो[१] ।

३१-३२– "रूपलालसामा बसेकी मलाई देखेर भई महाकारुणिक बुद्धले रूप प्रति वैराग्य उठाइदिनकोनिम्ति आफ्नो प्रभावद्वारा मेरो चक्षु-पथमा—दर्शनीय, प्रियंकर तथा म भन्दा रूपवती अति राम्री स्त्रीरूप निर्माण गर्नु भयो[२] ।

३३– "त्यो आश्चर्यजनक रूपदेखी म अत्यन्त आश्चर्य भएँ र मैले सोचें 'मनुष्य भई आँखा पाएको नै सफल भयो ।'

---

१. "सुत्वाहं मातु वचनं, पब्बजिं अनगारियं ।
देहेन न तु चित्तेन, रूपयोब्बनलालिता ।।
"महता च पयत्तेन, झानज्झेन परं मम ।
कातुं च वदते माता, न चाहं तत्थ उस्सुका ।।" थेरी. अप. दा. पा. पृ. २५०

२. "ततो महाकारुणिको, दिस्वा मं कामलालसं ।
निब्बिन्दनत्थं रूपस्मिं, मम चक्खुपथे जिनो ।।
"सकेन आनुभावेन, इत्थिं मापेसि सोभिनिं ।
दस्सनीयं सुरुचिरं, ममतो पि सुरूपिनिं ।।" थेरी. अप. दा. पा. पृ २५०

Downloaded from http://www.dhamma.digital

३४– "अनि मैले उसलाई भनें— 'हे शौभाग्यवती ! यदि ममा प्रेम छ भने जे चाहिन्छ भन; तिम्रो कुल, नाम र गोत्र पनि भन ।'

३५– "हे शौभाग्यवती ! यो प्रश्नको समय होइन; मलाई काखमा राखी एकछिन सुताऊ; मेरो शरीर थाकेको छ[१] ।

३६-४०– "अनि, सो सुलोचना मेरो काखमा शीर राखी सुती; त्यस बखत उसको निधारमा माकुरा खस्यो । माकुरा खस्ने बित्तिकै एक ठूलो फोका उठ्यो; फोका फुटेर रगत पीपहरू बग्न थाले[२] । उसको मुख पनि कुरूप भयो र घिनलाग्दो दुर्गन्ध निस्किन थाल्यो; शरीर सुन्ने र नीलोवर्ण भई पीप निस्किन थाल्यो । उ बर थर कामी लामो लामो सास फेर्नथाली । यसरी दुःखवेदना भोग गर्दै रुँदै भन्नथाली — 'दुःखले पीडित भई दुःखवेदना अनुभवगर्दछु; हे

---

१. "न पञ्हकालो सुभगे, उच्छङ्गे मं निवासय ।
सीदन्ति व ममङ्गानि, पसुप्पय मुहुत्तकं ।।" थेरी. अप. दा. पा. पृ. २५०

२. "ततो सीसं ममङ्के सा, कत्वा सयि सुलोचना ।
तस्सा ललाटे पतिता, लुद्धा परमदारुणा ।।
"सह तस्सा निपातेन, पिलका उपपज्जथ ।
पग्घरिंसु पभिन्ना च, कुणपा पुब्बलोहिता ।।" थेरी, अप. दा. पा. पृ. २५०

Downloaded from http://www.dhamma.digital

सखे ! म महादुःखमा परें, मलाई शरण लेऊ !'

४१-४५– '' (नन्दा भन्नु हुन्छ) – 'तिम्रो मुखाकृति कहाँ गयो, तिम्रो लामो नाक कहाँगयो तिम्रो रातो ओठ कहाँ गयो, तिम्रो राम्रो मुख कहां गयो; खोई तिम्रो शशीनभवर्ण खोई तिम्रो काञ्चन ग्रीवा, अनि खोई तिम्रो दोलालोला जस्ता कान ? किन तिमी कुरूप-तामा पुग्यौ ? तिम्रो नफुलेको फुल जस्तो पयोधर फुटेर घिनलाग्दो घाउजस्तो भई गनाउन थाल्यो । तिम्रो वेदी बीचका तथा तिम्रा बीचका फुट भएको मासु पनि घृणित भई दुर्गन्ध भरित भयो; हरे यो आश्वासन रहित रूप !! शरीरबाट उत्पन्न वस्तु सबै श्मशान जस्तै विभत्स तथा दुर्गन्ध रहेछन् जहाँ कि मूर्खहरू रमणगर्छन् !'

४६– "त्यस बखत महाकारुणिक हुनु भएका मेरा भाई (=भाता) लोकनायकले मेरो संवेग (=वैराग्य) चित्तलाई देखनु भई मलाई यो गाथाहरू सुनाउनु भयो[१] —

४७-४९– 'नन्दे ! हेर, यो शरीर आतुरता तथा दुर्गन्धताले भरिएको छ; एकाग्र चित्त गरी अशुभमा चित्त लगाऊ ! जस्तो यो हो त्यस्तै यो हो, जस्तो त्यो हो त्यस्तै यो हो; मूर्खहरूद्वारा अभिनन्दन गरिने यो शरीरबाट दुर्गन्ध आउँछ । रात-दिन अप्रमत्त भई यसरी हेर्नु गर; अनि आफनै प्रज्ञाद्वारा विरक्तभई तिमीले यथार्थतालाई देख्नेछ्यौ ।'

---

१. "तदा महाकारुणिको, भाता मे लोकनायको ।
दिस्वा संविग्गचित्तं मं, इमा गाथा अभासथ ।।" थेरी. अप. दा. पा. पृ. २५१

Downloaded from http://www.dhamma.digital

५०– "भगवानका यी सुभाषित गाथाहरू सुनी म अतिसंवेगिनी भई, त्यहीं नै बसी मैले अरहत् शान्तिपद प्राप्त गरें[1]।

५१– "जहाँ बसेता पनि म सँधै ध्यान परायणा भई बस्द छु; यसै गुणमा सन्तुष्ट भई जिनले मलाई अग्रस्थानमा राख्नु भयो[2]।

५२– "सबै क्लेशहरू भस्म भइसके, सबै भवतृष्णाहरू नाश भइसके, बन्धन चुँडाली बस्ने नाग (=हात्ती) जस्तै म अनास्रवी भई विहारगर्दछु।

५३– "बुद्धको अगाडि मेरो स्वागत नै छ, तीन विद्या प्राप्त गरी मैले बुद्धशासन पूरा गरें।

५४– "चार प्रतिसम्भिदा, आठविमोक्ष तथा छ अभिज्ञानहरू समेत प्राप्तगरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु।"

---

१. "ततोहं अतिसंविग्गा, सुत्वा गाथा सुभासिता।
तत्रट्ठितावहं सन्ती, अरहत्तमपापुणिं॥" थेरी. अप. दा. पा. पृ. २५२

२. "यत्थ यत्थ निसिन्नाहं, सदा झानपरायना।
जिनो तस्मिं गुणे तुट्ठो, एतदग्गे ठपेसि मं॥" थेरी. अप. दा. पा. पृ २५२

Downloaded from http://www.dhamma.digital

७. सोणा स्थविरा

परिचय

सोणा स्थविरा श्रावस्तीवासी एक धनी सेठको कुलगृहमा जन्मिनु भएको थियो। यौवन अवस्थामा पुगे पछि श्रावस्तीवासी एक कुलगृहका पुरुषसँग सोणा कुमारीको विवाह भयो। यिनका दश पुत्र पुत्रीहरू थिए। आफ्नो पति भिक्षु भएर गए पछि आफू पनि भिक्षुणी भएर गइन्। यिनकै सम्बन्धमा यहाँ परिचय दिने प्रयास गरेको छु।

गृहस्थी-जीवन

सोणाको जन्म श्रावस्तीवासी एक धनी सेठको कुलमा भयो र यौवनावस्थामा पुगे पछि श्रावस्तीकै एक कुलगृहका पुरुषसँग विवाह भयो। यिनका दश पुत्रपुत्रीहरू थिए[1]। तिनीहरूलाई सबैले प्यारो गर्थे

---

१. थेरी. अप. दा. पा. पृ. २५३ : सोणाथेरीअपदानं, गा. नं. १०
थेरी गा. पा. पृ. ४१८ : सोणाथेरीगाथा। थेरी. गा. अ. क. पृ. ७५। सोणाथेरीगाथठ्ठकथाले दश पुत्र पुत्रीहरू (दसपुत्तधीतरो) थिए भन्ने कुरा समुल्लेख गरेको छ। धम्म.

Downloaded from http://www.dhamma.digital

भनी थेरीअपदानपालिले उल्लेख गरेको छ[1]। धेरै पुत्र-पुत्रीहरूका आमा भएकोले यिनलाई बहुपुत्रिका (बहुपुत्तिका) पनि भन्दथे भनी थेरीगाथट्ठकथाले उल्लेख गरेको छ[2]। एक दिन, सोणाको इच्छा विनानै यिनका पति सबै पुत्रहरूलाई छाडी भिक्षु भएर गए[3]। यसबाट यिनी दुःखिनी भएकी थिइन्। यसै कुरालाई सोणा स्थविराले पछि "थेरीअपदानपालि" मा स्वयं यसरी उल्लेख गरेको पाइन्छ—

"ततो मय्हं अकामाय, दसपुत्त पुरक्खतो।
पब्बजित्थ स मे भत्ता, देवदेवस्स सासने[4]॥"

प. अ. क. पृ. ३४६ a: बहुपुत्तिकत्थेरियावत्थुमा भने सात-सात पुत्र पुत्रीहरू (सत्तपुत्ता सत्ताचधीतरो) थिए भन्ने कुरा समुल्लेख भएको छ। अं. अ. क. I. पृ. १९८: एककनिपातवण्णना, सोणाथेरीको कथामा भने केवल धेरै पुत्र-पुत्रीहरू थिए भन्ने मात्र उल्लेख भएको छ।

१. थेरी. अप. दा. पा. पृ. २५३, गा. नं. ११

२. थेरी. गा. अ. क. पृ. ७५

३. थेरी. अप. दा. पा. पृ. २५३, गा. नं. १२; थेरी. गा. अ. क. पृ. ७६; तर. धम्म. प. अ. क. पृ. ३४६ a ले भने सोणाका पति मरे भन्ने कुरा उल्लेख गरेको छ। अं. अ. क. I. पृ. १९८ मा भने भिक्षु भए वा मृत्यु भए भन्ने कुनै पनि कुरा उल्लेख गरेको पाइँदैन।

४. यसको अर्थ तल "सोणा स्थविरापदान" शीर्षकको गा. नं. १२ मा अनुवाद भएको छ।

Downloaded from http://www.dhamma.digital

सबै छोराहरूको भरण-पोषणगरी यिनी आफ़ै घर-धानी बसि-रहेकी थिइन् र उनीहरू सबै एकसेएक समर्थभए पछि एक दिन उनीहरूले यसो भने—

"आमा ! के हामीहरूले तपाइको हेरचाह गर्न सक्दैनौं र, बुढो भइसक्नु भएर पनि तपाइ किन घरको धन्दा बोकीरहनु हुन्छ; हामीलाई सबै कुराको जिम्मा लगाइदिनुभए त भइहाल्यो नि ।"

तर बुढी भएकी सोणाले उनीहरूका कुरालाई सुनेको नसुन्यै गरी बसिन् र यस्तै कुरा बार बार सुनाउन थालेपछि एकदिन, उनले "हो नि, बुढी भएकी[1] मैले किन झमेला बोकीरहने, अवश्य पनि यिनीहरूले मलाई हेर्ने नै छन्" भन्ने विचार गरी, आफूले केही पनि नलिई सबै सम्पत्तिहरू छोराहरूलाई बाँडिदिइन्[2] ।

समय बित्दै गए पछि उनीहरू सबै अलग अलग भएर बस्न-थाले[3] । यस्तो अवस्थामा सोणा बहुपुत्रिकालाई "कस्को घरमा बस्ने, कहाँबस्ने" भन्ने समस्या आइपऱ्यो र आफूसँग फूटेको कौडी पनि नभएको कारणलेगर्दा उनी सर्वप्रथम जेठो छोरोको घरमा बसिन् । केही दिनसम्म उनले त्यस घरमा राम्रो आदर सम्मान् पाइन् र पछि

---

१. थेरी. गा. पा. पृ. ४१८ : सोणाथेरीगाथा । जसको अनुवाद तल "सोणास्थविरागाथा" शीर्षकमा भएको छ ।

२. धम्म. प. अ. क. पृ. ३४६ a; थेरी. गा. अ. क. पृ. ७६

३. अं. नि. अ. क. I. पृ १९८ : एककनिपातवण्णना, सोणाथेरी ।

Downloaded from http://www.dhamma.digital

गएर आदर-सम्मानको बदलामा अनादर र अपमान सहनुपऱ्यो। यस्तै परिस्थितिमा एक दिन उनकी जेठी बुहारीको मुखबाट "आर्या! के तपाइले सम्पत्ति बाँडिदिदा जेठो छोरालाई भनी एक कौडी बढता दिनु भएको छ र आज तपाइ यसै घरमा मात्र बसिरहनु हुन्छ, अरू घरहरू देख्नु हुन्न र!" भन्ने सुटुमा घोच्ने जस्तो कठोर वाक्य सुन्नु पर्दा बुढी भएकी सोणाको मनमा यस्तो चोट् लाग्यो कि उनी केही दिन पछि नै माहिलो छोरोको घरमा गइन्। वहाँ उनले खूब ठूलो आदर सम्मान पाइन्। तर केही दिन बित्न नपाउँदै एक दिन माहिली बुहारीको मुखबाट पनि त्यस्तै हृदय छिया छिया हुने खालका वचनहरू सुन्न परेपछि त्यहाँबाट पनि निस्की साँहिलो छोरोको घरमा गएर बसिन्।

संसार विचित्र र अनौठो रहेछ। बिचरा बुढीले त्यहाँ पनि त्यस्तै कठोर वचन सुन्न परेको मात्र होइन सबै बुहारीहरूका मुखबाट यस्तै यस्ता कठोर तथा निर्दयतापूर्ण वचन सुन्नपर्दा "अब, कहाँजाऊँ, के गरूँ" भन्ने कुराले उनको मनमा साँरैनै पीडा तथा आकुल-व्याकुल पार्‍यो। एकातिर मानिसहरू पुत्रहरू पाई आफूलाई सुखी बनाउने इच्छा गर्छन् भने अर्कातिर तो छोराहरूबाट नै यस्तो अपराध तथा घृणा! एकातिर मर्ने बेलामा छोराको हातबाट आगो हाल्न नपाएमा सुगति जान सकिदैन भन्ने समाजको अन्धविश्वास छ भने अर्कातिर "छोरोकै हातबाट आगो हाली सुगतिमा पुग्ने छु" भन्ने अन्ध-विश्वास गर्नेलाई यसै जीवनमै सुगति दिलाउने छोराहरूबाटै यस्तो घृणित व्यवहार!! जिउँदा जिउँदै नै पुत्रहरूबाट यस्तो अपमान

Downloaded from http://www.dhamma.digital

तथा घृणा हुन्छ भने त्यस्ता सन्तानहरूबाट मृत्यु पछि कुनै भलो हुन-सक्ला भनी कसरी आशा लिने र ! त्यसैले बुद्धले— "न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा[1]" अर्थात्— "न पुत्रहरूले तारण गर्नसक्छन्, न पिताले नै तारण गर्नसक्छ, अथवा न कुनै बन्धु-बान्धवहरूले नै तारणगर्न सक्छन्" भनी भन्नु हुँदै "साँचैको तारण त आफैले नै आफूलाई गर्नसक्नु पर्छ, न कि अर्काद्वारा" भन्ने समेत भन्नु भएको हो । अझ अगाडि वहाँ भन्नु हुन्छ कि— "तुम्हेहि किच्च-मातप्पं, अक्खातारो तथागता[2]" अर्थात्— "आफैले आफूलाई मोक्ष मार्गमा लैजानुपर्छ र मोक्ष प्राप्तिकोनिमित्त आफैले प्रयत्न र पराक्रम गर्नुपर्छ, न कि अर्काद्वारा; तथागत त केवल मार्गदर्शक मात्रै हो ।"

यसरी सबै पुत्रहरूबाट छि छि, दूर दूर भएको अनुभव भए पछि दुःखी सोणा बुढीले यस्तो सोच्न थालिन्—

"धिक्कार छ यी सन्तानहरूलाई ! छोरा-छोरीहरूद्वारा सुख पाइने छ अथवा छोराहरू भएमा वृद्ध अवस्थाको लागि सुख हुनेछ भनी आशालिनु पनि व्यर्थै रहेछ[3] । यस्तो अनादर तथा अपहेलना

---

१. धम्म. प. पा. पृ. ४४; यमकवग्गो गा. नं २८८

२. धम्म. प. पा. पृ. ४२; मग्गवग्गो, गा. नं. २७६

३. यस प्रसंगमा बु. ब्रा. पृ. ८ को धनपति ब्राह्मणको कुरा पनि अध्ययन गर्नु राम्रो हुनेछ ।

Downloaded from http://www.dhamma.digital

गराई यी सन्तानहरूकहाँ बसे पनि के न बसे पनि के; यिनीहरूकहाँ बसेर भलाई के हुनसक्ला र, बरू जहाँ मेरा पति हुनुहुन्छ त्यहीं गई प्रव्रजित हुनु नै मेरोनिमित्त कल्याणकर हुनेछ[१]।"

त्यसैले सोणा स्थविराले पछि "थेरीअपदानपालि" मा स्वयं यस्तो उल्लेख गर्नु भएको हो— "म पनि त्यहीं जानेछु जहाँ मेरा पति हुनुहुन्छ[२]।"

यति विचारगरी सोणा बहुपुत्रिका भिक्षुणी निवासस्थानमा गइन्। त्यहाँ पुगे पछि उनले भिक्षुणीहरूसँग प्रव्रज्यात्व मागिन् र भिक्षुणीहरूले पनि उनलाई प्रव्रज्या र उपसम्पदा गरिदिए। यस्तै कुरा-लाई बताउनु हुँदै स्वयं सोणा स्थविराले पछि यस्तो भन्नु भयो—

"अहं पि तत्थ गच्छिस्सं, सम्पत्तो यत्थ मे पति।
एवाहं चिन्तयित्वान, पब्बजिं अनगारियं[३]॥"

---

१. धम्म. प. अ. क. पृ. ३४६ a; थेरी. गा. अ. क. पृ. ७६; थेरी. अप. दा. पा. पृ. २५३; अं. नि. अ क. I. पृ. १९८

२. यो कुरा तल "नन्दा स्थविरापदान" शीर्षकको गा. नं. १४ मा छ।

३. थेरी. अप. दा. पा. पृ. २५३ : सोणाथेरीअपदानं, गा. नं. १४; यसको अनुवाद तल "सोणा स्थविरापदान" शीर्षकमा भएको छ।

Downloaded from http://www.dhamma.digital

भिक्षुणी-जीवन

उपसम्पन्ना भएदेखि वहाँलाई "बहुपुत्रिका सोणा स्थविरा" भन्न थाले[१]। उपसम्पन्ना भएर पनि वहाँले कुनै विशेष ज्ञान हासिल गर्न न सकेका कुराहरू अङ्गुत्तरनिकायट्ठकथाले उल्लेख गरेको छ। "यी स्थविराले केही बुझ्न पनि सक्नुहुन्न" भन्दै भिक्षुणीहरूले वहाँलाई जहिले पनि दण्डकर्मदिन्थे र वहाँका पुत्र-पुत्रीहरूले पनि "यी बुढीले आजसम्म पनि केही शिक्षा पनि जान्दिनन्" भनी कराएका कुराहरू समेत सुन्नुपर्दा वहाँको मनमा संवेग उत्पन्न भई[२] वहाँले यस्तो विचार गर्नु भयो—

"बुढो भएर उपसम्पन्ना भएदेखि आजसम्म मैले कुनै विशेष ज्ञान पनि हासिल गर्नसकेकी छैन। अतएव मैले अवश्य नै केही विशेष ज्ञान हासिल गर्नसक्नुपर्छ।"

यति मनमा अठोट गरी वहाँले सबै भिक्षुणीहरूको बडो भक्ति-पूर्वक सेवा र शुश्रूषा गर्न थाल्नु भयो र भिक्षुणीहरूले अह्राए बमोजिम कामगरी रात भर भर द्वात्रिंशलक्षणहरू[३] लाई मनमा विचार गरी

---

१. धम्म. प. अ. क पृ. ३४६ a.

२. अं. नि. अ. क. I. पृ. १९९ : एककनिपातवण्णना, सोणाथेरी।

३. 'द्वात्रिंशलक्षणहरू' भनेका के हुन् भन्ने बारेका कुराहरू बु.रा.पृ. ४३६ को 'द्वात्तिसाकार' भन्ने ठाउँमा उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

घरको छिडीमा बसी एक याम समाती[१] न निदाइकनै अप्रमत्त भई श्रमण-धर्मलाई मनन गर्न थाल्नु भयो। अनि उभिरहँदा पनि बसिरहँदा पनि द्वात्रिंशलक्षणहरू नै मनन गर्नु भयो। यसप्रकार वहाँले आफ्नो चित्तलाई वशमाराखी निक्कै वीर्य बढाउनु भयो।

यसरी वीर्य बढाई रात भर भर श्रमणधर्म गरिरहेका कुरा सबैले थाहापाए पछि "बहुपुत्रिका सोणा स्थविरा" भनी भन्ने ठाउँमा "वीर्यवती सोणा स्थविरा" भनी भन्न थाले[२]।

एक दिन, विहारमा गई उपदेश सुन्न जाने बेलामा भिक्षुणीहरूले "भिक्षुणी सङ्घकोनिमित्त पानी तताई राख्नु होस्" भनी वहाँलाई अह्राई सबै भिक्षुणीहरू विहारमा गए। अनि पानी ल्याई भाँडामा राखी-बसीरहँदा पनि टहलिरहँदा पनि[३]—वहाँले चित्तलाई एकाग्रगरी समाधिष्ठ पार्नुभयो र द्वात्रिंशलक्षणहरूलाई मननगरी, पञ्चस्कन्ध प्रति अनित्य, दुःख तथा अनात्मको दृष्टिले हेरी ध्यान गरिरहनु भएको बेलामा गन्धकुटीमा बसिरहनु भएका भगवान् बुद्धले—वहाँको ज्ञान परिपक्व भएको बुझ्नुभई, वहाँसंगै आमने-सामने बसी कुरा गरिरहनु भएको जस्तोगरी—आभास फैलाउनु भई[४] निम्नगाथा सुनाउनु भयो—

---

१. अं. नि. अ. क. I. पृ. १९९

२ अं नि. अ. क. I. पृ. १९९

३. थेरी. अप दा. पा. पृ. २५३, गा. नं. १६

४. अं. नि. अ. क. I. पृ. १९९; थेरी. गा. अ. क. पृ. ७६; धम्म. प. अ. क. पृ. ३४७ ड.

Downloaded from http://www.dhamma.digital

'यो च वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं।
एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं[१] ।।"

अर्थात्—नवलोकोत्तर धर्मरूपी उत्तम धर्मलाई न देखिकन शयवर्ष जिउनुभन्दा उत्तम धर्मलाई देखेर एक दिन भए पनि जिउनु नै श्रेयस्कर छ।

अरहत्व साक्षात्कार

भगवान्को उपदेश सुनेपछि विदर्शना-ध्यानमा तल्लीनभई, पानो ततोउनुभन्दा अगाडि नै जन्ममरणबाट मुक्तभई प्रतिसम्भिदा-ज्ञान सहित वहाँले अरहत्व-फल साक्षात्कार गर्नुभयो[२]।

अनि वहाँले यस्तो सोच्नु भयो—

"मैले अरहत्व-फल साक्षात्कार गरेको कुरालाई आज नसकी, विहारबाट फर्कने स्थविराहरूले मलाई अधिजस्तै हेला र अवज्ञा गरी केही वचन भनेमा वहाँहरूलाई अपुण्य सिद्ध हुनसक्छ। अतएव वहाँ-हरूले यो कारणलाई बुझ्नसक्ने गराईदिनुपर्छ।"

---

१. धम्म. प. पा. पृ. २८ : सहस्सवग्गो, गा. न ११५

२. अं. नि. अ. क. I पृ. १९९; थेरी गा. अ. क. पृ. ७६; धम्म. प अ. क. पृ. ३४७ ff : बहुपुत्तिकत्थेरियावत्थु।

Downloaded from http://www.dhamma.digital

यति सोच-विचार गरी पानी तताउने भाँडो चूलामा राखी आगो न बाली वहाँ त्यसै बसिरहनु भयो ।

भिक्षुणीहरू विहारबाट फर्केर आई चूलोमा आगो नदेखे पछि उनीहरूले "भिक्षुणी सङ्घकोनिमित्त पानी तताई राख्नुहोस भनेर गएको त आज पनि चूलोमा आगो बलेको छैन" भनी भने ।

अनि वहाँले— "आर्या ! तपाइहरूलाई आगोले के गर्छ र ! तातो पानीले नुहाउन चाहनु हुन्छ भने भाँडाबाट तातोपानी लिनु भए त भइहाल्छ नि[1]" भनी त्यत्तिखेरै तेजकसिण[2] द्वारा पानी तताई दिनु भएको कुरा "थेरीअपदानपालि" ले उल्लेख गरेको छ । जुन कुरा तल "सोणा स्थविरापदान" शीर्षकको गा. नं. १८ मा अनुदित भएको छ ।

"अवश्य पनि यसमा केही रहस्य हुनुपर्छ" भन्दै भाँडोको पानीमा आँलो चोप्दा पानी तातो भएको मात्र नभई जति पानी लिए पनि चूलोको भाँडोमा कत्ति पनि पानी नघटेको देखेर "अवश्य

---

१. अं. नि. अ. क. I. पृ. १९९

२. थेरी. अप. दा. पा. पृ. २५३ : यो 'कसिण' भनेको कस्तो ध्यान रहेछ भन्ने बारेका कुराहरू लेखकका बु. म. पृ. ३१२ को पादटिप्पणीमा र उहीं पृ. ३९९ मा तथा बु. प. पृ. ४५२ मा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

पनि वहाँले अरहत्व प्राप्त गरिसक्नु भयो होला" भने निश्चयमा पुगी, प्रव्रज्याबाट कान्छी हुने सबै भिक्षुणीहरूले "आर्या ! आजसम्म तपाइलाई चिन्न सकेनौं, हामीहरूले तपाइ प्रति हेला वा हैरानी गरी भनेका वचनहरू माथि क्षमा गर्नुहोस्" भन्दै पञ्चाङ्गप्रतिष्ठित सहित वन्दनागरी क्षमा मागे। प्रव्रज्यात्वबाट जेठी भएका सबै भिक्षुणीहरूले टुक्रुक्कबसी हातजोरी क्षमायाचना गरे। त्यहाँदेखि "बुढी भई प्रव्रजित हुँदा पनि अत्यन्त वीर्यवती भई चिरकाल नबिदै अरहत्व प्राप्त गर्नुभयो" भन्ने स्थविराको गुणबखान सबैले गर्न थाले[1]।

यी कुराहरू भगवान्लाई सुनाउँदा वहाँले— "हो त, वीर्यहीन भई शयवर्षसम्म जिउनुभन्दा वीर्यवती भई वीर्य बढाई एकै दिन जिउनुनै श्रेयस्कर छ[2]" भनी भन्नुभयो भन्ने कुरा सोणा स्थविराले "थेरी-अपदानपालि" मा स्वयं उल्लेख गर्नु भएको छ। जुन कुरा तल "सोणा स्थविरापदान" शीर्षकको गा नं. २० मा अनुदित भएको छ।

यसै कारणलाई संक्नु भई एक दिन, भगवान्ले जेतवनारामम्मा, आ आफ्ना गुणानुसार अग्रस्थान दिने घोषणाको सिलसिलामा सोणा स्थविरालाई पनि वीर्यवती भिक्षुणीहरूमध्येमा अग्रस्थानमा

---

१. अं. नि. अ. क. I. पृ. १९९

२ धम्म. प. पा. पृ. २८ : सहस्सवग्गो, गा. नं. २०

Downloaded from http://www.dhamma.digital

राख्ने औपचारिक घोषणा गर्नु भयो[1] । जुन कुरा तल अनुदित "अग्र-स्थान" शीर्षकको मूल सूत्रले उल्लेख गरेको छ ।

त्यस पछि एक दिन, सोणा स्थविरा एकान्तमा बसिरहनु भएको बेलामा वहाँले आफू बुढी भएर प्रव्रजित भइकन पनि वीर्य बढाई बुद्धको धर्मलाई अवबोध गरी, अरहत्-फल साक्षात्कार गर्न-सकेका तथा बितेका घटनामाथि विचार गरिरहनु हुँदा, चित्तमा उत्पन्न भएको प्रीतिलाई उद्गारको रूपमा प्रकट गर्नु भएका गाथाहरू तलको "सोणा स्थविरा गाथा" शीर्षकमा अनुदित गरिदिएको छु । यस्तै गरी अर्को एक दिन, वहाँले आपनो परापूर्वकालका कुराहरू र वर्त-मानकालका केही घटनाहरूको संस्मरण गरी प्रकट गर्नु भएका उद्गार गाथाहरूका अनुवाद पनि तलको "सोणा स्थविरापदान" शीर्षकमा उल्लेख गरेको छु । अरू कुराहरू तलका मूल सूत्रहरूको अध्ययन गरी पाठकवृन्दहरूले सोणा स्थविराको अतीत र वर्तमान जीवन सम्बन्धी केही कुराहरू बुझ्न सक्नु हुनेछ ।

---

१. अं. नि. अ. क. I. पृ. १९९ : एककनिपातवण्णना, सोणाथेरी; थेरी. गा. अ. क. पृ. ७७ : सोणाथेरीगाथट्ठकथा । वीर्यवती भिक्षुणीहरूमध्येमा सोणा स्थविरा अग्र भएझैं भिक्षुहरूमध्येमा श्रोणकोलिविस स्थविर अग्र हुनुहुन्छ । अं. नि-१ पृ. २४ : एत-दग्गवग्गो ।

Downloaded from http://www.dhamma.digital

भिन्नाभिन्न सोणाहरू

(१) सोणा (उपासिका) — यिनी, दीपङ्कर बुद्ध भगवान्का उपस्थायिका थिइन् । बु. वं. पा. पृ. ३२१ : दीपङ्कर बुद्धवंसो । नालन्दा पालिमा भने 'कोणा' भन्ने उल्लेख भएको छ ।

(२) सोणा (भिक्षुणी)— यिनी, सुमन बुद्ध[1] भगवान्का अग्रश्राविका थिइन् । बु. वं. पा. पृ. ३३० : सुमन बुद्धवंसो ।

(३) सोणा (स्थविरा)— यिनी, श्रावस्तीवासी हुन् । दश पुत्र-पुत्रीहरू भएपछि भिक्षुणी भएकी थिइन् । यिनी वीर्यवती भिक्षुणीहरूमध्येमा अग्र छिन् । यिनकै सङ्ग्रह यहाँ प्रस्तुत गरेको छु ।

Dhamma.Digital

× × ×

१. दीपङ्कर बुद्धदेखि चौथो बुद्ध ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

१—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खुनीनं आरद्ध-विरियानं यदिदं सोणा[1]।"

अर्थ—

"भिक्षुहो! मेरा आरब्धवीर्य हुने (=वीर्यवान्) श्राविका भिक्षुणीहरूमध्येमा सोणा (=श्रोणा) अग्र हुन्।"

× × ×

१ अं. नि १ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. १९८

Downloaded from http://www.dhamma.digital

मूल पालि—

२—सोणा स्थविरा-गाथा

१- "दस पुत्ते विजायित्वा, अस्मिं रूपसमुस्सये।
ततोहं दुब्बला जिण्णा, भिक्खुनिं उपसङ्कमिं॥

२- "सा मे धम्ममदेसेसि, खन्धायतन धातुयो।
तस्सा धम्मं सुणित्वान, केसे छेत्वान पब्बजिं॥

३- "तस्सा मे सिक्खमानाय, दिब्बचक्खु विसोधितं।
पुब्बेनिवासं जानामि, यत्थ मे वुसितं पुरे॥

४- "अनिमित्तं च भावेमि, एकग्गा सुसमाहिता।
अनन्तराविमोक्खास्मि, अनुपादाय निब्बुता॥

५- "पञ्चक्खन्धा परिञ्ञाता, तिट्ठन्ति छिन्नमूलका।
धि[1] तवत्थु जरे जम्मे[1], नत्थि दानि पुनब्भवो'ति[2]॥"

---

१. स्याम र रोमनमा: 'ठितिवत्थु जने जम्हि'।

२. थेरी. गा. पा. पृ. ४१८ : सोणाथेरीगाथा, अ. क. पृ ७५

Downloaded from http://www.dhamma.digital

अथ—

१– "यो रूपकायमा दश पुत्रहरू जन्माएँ; त्यस पछि दुर्बला जीर्णा भएर भिक्षुणीकहाँ गएँ।

२– "वहांले मलाई स्कन्ध,[१] आयतन[२] तथा धातुहरूको[३] बारेमा धर्मोपदेश गर्नु भयो; वहाँको धर्मोपदेश सुनेर केश छेदनगरी प्रव्रजित भएँ।

३– "यसरी शिक्षा सिक्दै बसिरहेको वेलामा मैले दिव्यचक्षु विशुद्ध गरे; जहाँ म पहिले बसेको थिएँ सो पूर्वनिवासलाई पनि जानें।

४– "एकाग्र सुसमाहित चित्तगरी अनिमित्त[४] भावना गरें;

---

१. रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञानस्कन्ध।

२. चक्षु, श्रोत, घ्राण, जिह्वा, काय तथा मनायतन।

३ (१) चक्षुधातु—रूपधातु—चक्षुविज्ञान-धातु, (२) श्रोतधातु शब्दधातु—श्रोतविज्ञान धातु, (३) घ्राणधातु गन्धधातु—घ्राण-विज्ञान-धातु, (४ जिह्वाधातु रसधातु—जिह्वाविज्ञान-धातु, (५) कायधातु स्पर्शधातु—कायविज्ञान-धातु तथा (६) मनःधातु धर्म-धातु—मनःविज्ञान-धातु।

४. 'छ' भनी वा 'छैन' भनी ग्रहणगर्नु 'निमित्त' हो। त्यसो न गर्नु 'अनिमित्त' हो। यी 'निमित्त' र 'अनिमित्त'का सम्बन्धमा

Downloaded from http://www.dhamma.digital

तदनन्तर कुनै वस्तुलाई पनि ग्रहण नगरी विमोक्ष भई परिनिर्वाण भएँ ।

५– "पञ्चस्कन्धहरूलाई प्रज्ञाद्वारा जानें, सबै जरोलाई छेदन गरें; धिक्कार हो यो जराजीर्ण शरीरलाई ! अब उप्रान्त पुनर्भव छैन' ।"

× × ×

पटिसम्भिदामग्ग पालिले यस्तो उल्लेख गरेको छ— "सुञ्ञमिदं अत्तेन वा अत्तनियेन वा ति सो तत्थ निमित्तं न करोतीति— अनिमित्ता ।" पृ. २७४; अर्थात्—आत्मभावले शून्य छ वा आत्मियताले शून्य छ भनी सो भिक्षुले कुनै छ वा छैन भन्ने धारणालाई लिदैन अर्थात् शाश्वत वा उच्छेद दृष्टिलाई ग्रहण गर्दैन—यसैलाई 'अनिमित्त' भनिएको हो । यसको विशेष व्याख्यान पटि. म. अ. क. पृ. ३८६ मा भएको छ ।

१. यी गाथाहरू सोणा स्थविरा अरहत् भइसके पछि बितेका कुराहरू स्मरण गर्दा उत्पन्न भएको प्रीति प्रकाशको रूपमा भनेका हुन् भनी थेरी. गा. अ. क. पृ. ७७ : सोणाथेरीगाथट्ठ-कथाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—सोणा स्थविरापदान

पूर्व कथा

१— "[१]यहाँदेखि एकलाख कल्प अघि सबै धर्महरूमा पारंगत हुनु भएका पद्मोत्तर (पदुमुत्तर) भन्ने जिननायक उत्पन्न हुनु भएको थियो।

२— "त्यस बखत म सबैलाई मनपर्ने तथा पूजित भई एक श्रेष्ठीकुलमा जन्मेकी थिएँ; एक दिन, वहाँ मुनिवरकहाँ गई वहाँको मधुर वचन सुनें।

३-६— "जिनले वीर्यवान् हुने भिक्षुणीहरूमध्ये अग्र हुनेको वर्णना गर्नु भयो; त्यो सुनेर म मुदित भएँ, अनि सम्बुद्धलाई अभिवादन गरी मैले पनि सो स्थानकोनिमित्त अधिकारपूर्ण प्रार्थना गरें। महावीरले अनुमोदन गर्नुहुँदै यसो भन्नु भयो— 'तिम्रो प्रणिधी पूर्ण हुनेछ; यहाँदेखि एकलाख कल्प पछि ओक्काक कुलका गौतम गोत्रमा

---

१. थेरी. अप. दा. पा. पृ. २५२ : सोणाथेरीअपदानं।

Downloaded from http://www.dhamma.digital

एक शास्ता लोकमा हुनेछन्; वहाँको धर्ममा दायाद प्राप्तगरी धर्म-निर्मित औरस पुत्री भई, सोणा भन्ने नामले तिमी शास्ताको श्राविका हुनेछ्यौ ।'

७– "यो कुरा सुनेर म अति मुदित भएँ; अनि जीवनभर जिन प्रति मैत्रीचित्त राखी प्रत्ययहरूद्वारा मैले विनायकको परिचर्या गरें ।

८– "त्यस सुकृत्य कर्मको प्रभावले र चेतना प्रणिधीको प्रभावले मनुष्यदेह छाडी म त्रयस्त्रिंश लोकमा गएँ ।

वर्तमान कथा

९– "अन्तिम जन्ममा म समृद्धशाली श्रावस्ती नगरमा, एक धनी श्रेष्ठी कुलमा जन्मेँ ।

१०-११– "जब म यौवन अवस्थामा पुगें तब म पतिकुलमा गएँ र त्यहाँ मैले विशेषरूपले रूपसम्पन्न दश पुत्रहरू जन्माएँ । जननेत्र-मनोहर भएका ती बालकहरू सबै सुखपूर्वक अभिवृद्धि भए, (ती बालकहरू) अमित्रहरूलाई पनि प्यारा थिए भने मलाई कति प्यारा थिए होलान् भनी भन्नै पर्दैन[१] ।

---

१. "यदा च योब्बनप्पत्ता, गन्त्वा पतिकुलं अहं ।
दस पुत्तानि अजनिं, सुरूपानि विसेसतो ।।
"सुखेधिता च ते सब्बे, जननेत्त मनोहरा ।
अमित्तानं पि रुचिता, मम पगेव ते पिया ।।" थेरी. अप. दा. पा. पृ. २५३

Downloaded from http://www.dhamma.digital

१२-१३– "अनि दश पुत्रहरूका सामुन्ने मेरो स्वामी मेरो इच्छा नहुँदा नहुँदै, देवातिदेव बुद्धको शासनमा प्रव्रजित हुनु भयो। अनि एक्लै भएकी, पतिपुत्रहरूले छोडेकी, तथा बुढी पनि भएकी म विचरीले 'यस्तो जीवन बिताउन पऱ्यो' भनी सोचें[१]।

१४– "म पनि त्यहीं जानेछु जहाँ मेरा पति हुनुहुन्छ; यस्तो विचार गरी म प्रव्रजित भएँ[२]।

१५– "त्यस पछि भिक्षुणीहरूले एक भिक्षुणी निवासस्थानमा मलाई 'पानी तताऊ' भनी अह्राई सबै उपदेश सुन्न गए।

१६– "अनि पानी ल्याई कुम्भीमा (पानी तताउने भाँडोमा) खन्याई, चुलामा राखी बसिरहेकी मैले त्यसबखत चित्तलाई समाधिष्ठ

---

१. "ततो मय्हं अकामाय, दसपुत्ता पुरक्खतो।
पब्बजित्थ स मे भत्ता, देवदेवस्स सासने॥
'तदेकिका विचिन्तेसिं, जीवितेनालमत्थु मे।
चत्ताय पतिपुत्तेहि, बुद्धाय च वराकिया॥" थेरी. अप. दा. पा. पृ. २५३

२. "अहं पि तत्थ गच्छिस्सं, सम्पत्तो यत्थ मे पति।
एवाहं चिन्तयित्वान, पब्बजिं अनगारियं॥" थेरी. अप. दा. पा. पृ. २५३

Downloaded from http://www.dhamma.digital

गरें[१] ।

१७– "स्कन्धहरूलाई अनित्य, दुःख तथा अनात्मको दृष्टिले हेरी सबै आस्रवहरूलाई छेदनगरी अरहत्व प्राप्त गरें[२] ।

१८– "अनि भिक्षुणीहरू फर्केर आई तातोपानी सोध्दा तेज-धातु अधिष्ठान गरी मैले तुरन्तै पानी तताइदिएँ ।

१९– "यसमा आश्चर्य भई वहाँहरूले यो कुरा बुद्धलाई सुनाउनु भयो; यो कुरा सुनी प्रसन्न हुनु भएका नाथले यो गाथा भन्नुभयो—

२०– "वीर्यहीन भई शतवर्षसम्म बाँच्नुभन्दा वीर्यारम्भ गरी तथा दृढ वीर्यवान् भई एक दिन बाँच्नुनै श्रेष्ठ छ[३] ।

---

१. "तदा उदकमाहित्वा, ओकिरित्वान कुम्भिया ।
चुल्ले ठपेत्वा आसीना, ततो चित्तं समादहिं ।।" थेरी. अप. दा. पा. पृ. २५३

२. "खन्धे अनिच्चतो दिस्वा, दुक्खतो च अनन्ततो ।
खेपेत्वा आसवे सब्बे, अरहत्तमपापुणिं ।।" थेरी. अप. दा. पा. पृ. २५३

३. "यो च वस्ससतं जीवे, कुसीतो हीनविरियो ।
एकाहं जीवितं सेय्यो, विरियमारभतो दल्हो ।।" थेरी. अप. दा. पा. पृ. २५३

Downloaded from http://www.dhamma.digital

२१– "सुप्रतिपन्नताद्वारा महावीरलाई मैले सन्तुष्ट पारें; यसैमा सन्तुष्ट हुनुभई महामुनिले मलाई वीर्यवती भिक्षुणीहरूमध्ये अग्रस्थानमा राख्नुभयो[१] ।

२२-२४– "सबै क्लेशहरू भस्म भइसके[२]...बुद्ध शासन पूरा गरें...[२] ।"

---

१. "आराधितो महावीरो, मया सुप्पटिपत्तिया ।
आरद्धविरियानाग्गं, ममाह स महामुनि ।।" थेरी. अप. दा. पा. पृ २५३

२. यहाँका अरू कुराहरू माथि नन्दा स्थविरापदानको पृ. ४४४ मा उल्लिखित ५२, ५३, तथा ५४ गाथाहरू दोह्र्याई पढ्नू ।

Downloaded from http://www.dhamma.digital

८. सकुला स्थविरा

परिचय

सकुला स्थविरा श्रावस्तीवासी राजपूजित एक ब्राह्मणकी पुत्री हुन् । पछि भिक्षुणी भई दिव्यचक्षु लाभिनी भिक्षुणीहरूमध्येमा अग्रस्थान प्राप्त गरिन् । यिनकै बारेमा यहाँ केही संक्षिप्त परिचय दिएको छ ।

गृहस्थी-जीवन

श्रावस्तीमा धनधान्य सम्पन्न तथा राजपूजित एक ब्राह्मण कुल थियो । यसै कुलमा सकुलाको जन्म भएको हो[1] । यौवन अवस्थामा पुगेपछि यथाकुलमा विवाह भई पुत्र पुत्रीहरू पनि पाइन्[2] । श्रावस्तीवासी अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवनाराम प्रतिग्रहण गरेको देखेर यिनी बुद्ध प्रति प्रसन्न भई उपासिका भएर बसेकी थिइन्[3] ।

---

१. थेरी. अप. दा. पा पृ. २४७ : सकुलाथेरीअपदानं ।

२. थेरी. गा. पा. पृ ४१८ : सकुलाथेरीगाथा ।

३. थेरी. गा. अ क. पृ. ७२ : सकुलाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

जेतवनाराम ग्रहण गर्नकोनिमित्त भगवान् बुद्ध श्रावस्ती नगर प्रवेश गरिरहनु भएको बेलामा यिनी सर्वालङ्कार प्रतिमण्डितभई ऊचालमा बसिरहेकी थिइन् । त्यस बेला यिनले बत्तीसमहापुरुष लक्षण-हरू र असीत्यानुव्यञ्जनहरूले सुसम्पन्न हुनु भएका बुद्धको मनोहर रूपलाई प्रथम दर्शन गरेकी थिइन् । "देवातिदेवहरूले सत्कृत्य तथा यशकीर्तिद्वारा प्रज्वलित हुनु भएका सुगतलाई मैले देखे" भनी सकुला स्थविराले पछि "थेरीअपदानपालिमा" स्वयं उल्लेख गर्नु भएको छ[1] । जुन कुरा तल "सकुला स्थविरापदान" शीर्षकको गा. नं. २५–२६ मा उल्लेख भएको छ । यो दृश्य देखेर सकुला अत्यन्त प्रसन्न तथा प्रमुदित भएकी र पछि बुद्धको र एक क्षीणास्रवी स्थविरको उपदेश सुनेर[2] धर्मचक्षु[3] लाभगरी मनमा वैराग्य उठी खोरा-छोरीहरू त्यागी बुद्ध शासनमा प्रव्रजित भएर गइन्[4] । यी कुरा सकुला स्थविराले स्वयं "थेरीगाथापालि" मा उल्लेख गर्नु भएको छ[5] । जुन गाथाहरू तल "सकुला स्थविरा गाथा" शीर्षकमा अनुवाद गरि दिएको छु ।

---

१. थेरी अप. दा. पा. पृ. २४७

२. अं. नि. अ. क. I. पृ. १९९ : एकक निपातवण्णना, सकुलाथेरी ।

३. "धर्मचक्षुलाभ" भन्नाले स्रोतापत्ति-फल प्राप्तगरेको भन्ने अर्थ बुझ्नुपर्छ । थेरी. गा. अ. क. पृ. ७५

४ थेरी. गा. अ. क. पृ ७२

५. थेरी. गा. पा. पृ. ४१८

Downloaded from http://www.dhamma.digital

भिक्षुणी-जीवन

गृहस्थी जीवनमै स्रोतापन्ना भई बसेकी **सकुला** उपासिका प्रव्रजित भएर एकवर्ष जति शिक्षमाणविका[1] को रूपमा बसीरहँदा उत्तरोत्तर मार्ग-फलहरू प्राप्त गरी, एकवर्ष पाँछि[2] पूर्ण भिक्षुणीत्व प्राप्त गरी उपसम्पन्ना भई विदर्शना ध्यानगरी वहाँले विशुद्ध-दिव्य-चक्षु[3] ज्ञानका साथ अवशेष मार्गफल प्राप्त गरी अरहत्व प्राप्त गर्नु भयो[4]। यस कुरालाई वहाँले स्वयं "थेरीगाथापालि" र "थेरी-अपदानपालि" मा उल्लेख गर्नु भएको छ। जसका अनुवादहरू तल "सकुला स्थविरा-गाथा" र "सकुला स्थविरापदान" शीर्षकहरूमा उल्लेख भएका छन्।

अरहत्व-लाभ गरिसक्नु भए पछि दिव्यचक्षु-समाधिमै तल्लीन भई धेरै जसो समय बसिरहने हुनाले वहाँलाई बुद्धले दिव्यचक्षु-लाभिनी भिक्षुणीहरूमध्येमा अग्र छिन् भन्ने औपचारिक घोषणा गर्नु

---

१. 'शिक्षमाणविका' भन्नाले श्रामणेरी भनेको हो भनी संझनुपर्छ।

२. थेरी. गा. अ. क. पृ. ७५

३. 'दिव्यचक्षु' भनेको कस्तो हो भन्ने बारेका कुराहरू यसभन्दा अघि प्रकाशित भएका ग्रन्थहरूका शब्दावलीमा हेरी अर्थ बुझनू।

४. अ. नि. अ. क. I पृ. १९९; थेरी. गा. अ. क. पृ. ७२–७५

Downloaded from http://www.dhamma.digital

भएको हो[1]। जुन कुरा तलको "अग्रस्थान" शीर्षकको मूल सूत्रले प्रष्ट गरेको छ।

अग्रस्थान प्राप्त गर्नु भइसके पछि एक दिन, वहाँ एकान्त सुखमा बसिरहनु भएको बेलामा आफ्ना बितेका दिनहरूका घटनाहरूको संस्मरण गर्नु हुँदा वहाँको मनमा उत्पन्न भएको प्रीतिलाई उद्गारको रूपमा व्यक्त गर्नु भएका गाथाहरू[2] तल "सकुला स्थविरा-गाथा" शीर्षकमा अनुवाद गरिदिएको छु। यस्तै गरी अर्को एक दिन, परापूर्व-कालका आफ्ना चर्याहरू संस्मरण गर्दै तथा वर्तमान जीवनका कुराहरू पनि संस्मरण गर्दै व्यक्त गर्नु भएका उद्गार गाथाहरूको अनुवाद तल "सकुला स्थविरापदान" शीर्षकमा उल्लेख गरिदिएको छु र त्यसैको अध्ययनबाट सकुला स्थविराका अतीत तथा वर्तमान जीवन सम्बन्धी केही कुरा अनुमान लगाउन सकिने छ।

सकुला नामहरू

(१) **सकुला**— यिनी, कोशल राजाकी महिषीहरूमध्येकी एक हुन्। बु. रा. पृ. १५६, ३३४

---

१. अं. नि. अ. क. I पृ. २००; थेरी. गा. अ. क. पृ. ७४;

२. थेरी गा. अ. क. पृ. ७४

दिव्यचक्षु लाभिनी भिक्षुणीहरूमध्येमा सकुला स्थविरा अग्र भएझैं भिक्षुहरूमध्येमा अनुरुद्ध स्थविर अग्र हुनुहुन्छ। अं. नि-१ पृ. २३ : एतदग्गवग्गो।

Downloaded from http://www.dhamma.digital

(२) सकुला (स्थविरा)— यिनी, श्रावस्तीवासी एक राजपूजित ब्राह्मणकी छोरी हुन् । पछि भिक्षुणी भई दिव्यचक्षुलाभिनी भिक्षुणीहरूमध्येमा अग्र भइन् । यिनकै संग्रह यहाँ संग्रहित गरेको छु ।

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र--

१—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम सावकानं, भिक्खुनीनं दिब्ब-चक्खुकानं यदिदं सकुला[1]।"

अर्थ—

"भिक्षुहो ! मेरा दिव्यचक्षु लाभिनी श्राविका भिक्षुणीहरू-मध्येमा सकुला अग्र छिन्।"

× × ×

१. अं. नि-१ पृ २६ : एतदग्गवग्गो, अ. क. I. पृ. १९९

Downloaded from http://www.dhamma.digital

मूल पालि -

२—सकुला स्थविरा-गाथा

१- "अगारस्मिं वसन्तीहं, धम्मं सुत्वान भिक्खुनो।
अट्ठंगं विरजं धम्मं, निब्बानं पदमच्चुतं॥

२- "साहं पुत्तं[1] धीतरं च, धनधञ्ञं च छड्डिय।
केसे छेदापयित्वान, पब्बजि अनगारियं॥

३- "सिक्खमाना अहं सन्ती[2], भावेन्ती मग्गमञ्जसं।
पहासिं रागदोसं च, तदेकट्ठे च आसवे॥

४- "भिक्खुनी उपसम्पज्ज, पुब्बजातिमनुस्सरिं।
दिब्बचक्खु विसोधितं, विमलं साधुभावितं॥

---

१. सिंहलमाः 'पुत्तं च धीतं च'; रोमनमाः 'पुत्त च धीतं च'।

२. स्याम र रोमनमाः 'सन्ति'।

Downloaded from http://www.dhamma.digital

५– "सङ्घारे परतो दिस्वा, हेतुजाते पलोकिते[१] ।
पहासि आसवे सब्बे, सीतिभूताम्हि निब्बुता'ति[२] ॥"

अर्थ –

१– "घरमा बसिरहँदा भिक्षुहरूको धर्मोपदेश सुनेर विरज धर्म तथा अच्युतपद-निर्वाण देखें ।

२– "अनि सो म, छोरा-छोरी र धनधान्य छाडेर केश खेवन गरी अनगारिका भई प्रव्रजित भएँ ।

३– "अनि शिक्षमाणा[३] छँदा मैले उत्तरोत्तर मार्गलाई भाविता गरें, अनि एकै आसनमा बसी राग, द्वेषलाई प्रहाण गरें ।

४– "भिक्षुणी-उपसम्पदा प्राप्त गरिसके पछि पूर्वजन्मको अनुस्मरण गरें र साधुजनहरूले भाविता गरिने विमल दिव्यचक्षु पनि विशुद्ध गरें ।

५ "संस्कारहरूलाई आफ्नो होइन भनी प्रलुप्त हुने प्रत्ययहरू-

---

१. स्याम र रोमनमा: 'पलोकिने' ।

२. थेरी. गा. पा. पृ. ४१८ : सकुलाथेरीगाथा, अ. क. पृ. ७२

३. उपसम्पन्ना हुनुभन्दा अगाडिको अवस्थालाई 'शिक्षमाणा' भन्द-छन् । भिक्षुणी हुनुभन्दा अगाडि छ शिक्षापदहरूमा दुइ वर्षसम्म सिकेका । पाचि. पा. पृ. ४६२ : अट्ठसत्ततिमपाचित्तियं ।

Downloaded from http://www.dhamma.digital

लाई प्रज्ञाद्वारा जानेर सबै आस्रवहरूलाई त्यागी शीतल निर्वाण प्राप्त गरें[१]।

× × ×

Dhamma.Digital

१. अरहत् भइसके पछि एकदिन आफ्नो दिव्यचक्षु आदि विषयको अनुस्मरण गरिरहनु भएको बेलामा उत्पन्न भएको प्रीतिजन्य उदान प्रकट गर्नु भई सकुला स्थविराले यी गाथाहरू भन्नु भएको हो भनी थेरी. गा. अ. क. पृ. ७४ ले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

मूल पालि

३–सकुला स्थविरापदान

अतीतकथा

१– "[1]यहाँ देखि एकलाख कल्प अघि सबै धर्ममा पारंगत हुनु भएका पद्मोत्तर (पदुमुत्तर) भन्ने जिननायक उत्पन्न हुनु भएको थियो ।

२– "देव सहित सबै सत्वहरूको हित, सुख तथा अर्थकोनिम्ति वहाँले उपदेश गर्नु भयो ।

३– "वहाँ श्रीमान् यशाग्रप्राप्त, कीर्तिवर्ण प्राप्त, सुविख्यात तथा सबै लोकका पूजित हुनुहुन्थ्यो ।

४– "विचिकित्साबाट उत्तीर्ण, व्रतशंकाबाट पारंगत, सबै मन-संकल्प पूरा गरी वहाँले सम्बोधि प्राप्त गर्नु भयो ।

५– "अनुत्पन्न मार्ग उत्पन्न गराउने, अनाख्यातलाई सुआख्यात

---

१. थेरी. अप. दा. पा. पृ. २४५ : सकुलाथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

गर्ने; असंज्ञातलाई संविज्ञात गर्ने, मार्गज्ञ, मार्गविद्, मार्ग बताउने तथा मार्ग-कुशल शास्ता—सारथीहरूमध्येमा नरोत्तम हुनुहुन्थ्यो ।

७– "कामपङ्कमा डुबेका प्राणीहरूलाई उद्धारगर्न महाकारुणिक शास्ताले धर्म बताउनु हुन्थ्यो ।

८-१०– "त्यस बखत म हंसवती नगरमा, क्षत्रीहरू आनन्दित पार्ने, सुरुपा, सधना, दयालु तथा श्रीमता भई आनन्द महाराजाकी परम शोभावती छोरी भएकी थिएँ । पद्मोत्तरा भन्ने बेमाता बहिनी (=अर्के आमाकी छोरी) राजकन्याहरू पनि सर्वाभरण विभूषित थिए । अनि महावीरकहाँ गई मैले धर्मोपदेश सुने ।

११– "त्यस बखत वहाँ लोकगुरुले दिव्यचक्षुलाभी भिक्षुणीहरूमध्येका एक जनाको वर्णना गर्नु भई अग्रस्थानमा राख्नु भयो ।

१२– "त्यो कुरा सुनी खुशी भई, सम्बुद्ध शास्तालाई दान दिई, पूजा गरी मैले पनि सो पदकोनिम्ति प्रार्थना गरें ।

१३-१५– "अनि शास्ताले भन्नु भयो– 'नन्दे ! तिम्रो प्रार्थना पाउनेछ्यौ; प्रदीप धर्महरू दान दिएको प्रभावले तिम्रो सुइच्छा प्राप्त हुनेछ । यहाँदेखि एकलाख कल्प पछि ओक्काककुलमा गौतम भन्ने गोत्रका शास्ता लोकमा हुनेछन्; वहाँको धर्ममा दायाद प्राप्तगरी, धर्मनिर्मित औरस पुत्री भई, सकुला भन्ने नामले तिमी शास्ताको श्राविका हुनेछ्यौ ।'

Downloaded from http://www.dhamma.digital

१६– "त्यस सुकृत्य कर्मको प्रभावले र चेतना प्रणिधीको प्रभावले, मनुष्य देह त्यागेर म त्रयस्त्रिंश लोकमा पुगें ।

काश्यप बुद्धको पालामा

१७– "यस भद्रकल्पमा काश्यप गोत्रमा महायश सम्पन्न ब्रह्मबन्धु हुनुभएका प्रवर कथिक बुद्ध उत्पन्न हुनु भयो ।

१८-२०–"त्यस बखत म एकाचारिणी परिव्राजिका भएकी थिएँ; एक दिन भिक्षाटन् जाँदा तेल मात्र प्राप्त भयो । त्यस तेलद्वारा दिप्यो बाली सर्वसंवरी द्विपदाग्र बुद्धको चैत्यमा अति प्रसन्न चित्त लिई उपस्थित भएँ । सोही सुकृत्य कर्मको प्रभावद्वारा र चेतना प्रणिधीको प्रभावद्वारा मनुष्यदेह छाडी म त्रयस्त्रिंश लोकमा पुगें ।

२१-२३– "त्यस कर्मको वेगले जहाँ जहाँ जन्मिन्छु त्यहाँ त्यहाँ महाप्रदीप जस्तै प्रज्वलित हुन्छु; यदि चाहेको खण्डमा पर्खालको उता पनि, कुड्काको उता पनि तथा सबै पर्वत पनि देख्न सक्छु—सोही प्रदीप-दानको प्रभावले । विशुद्ध नयन पनि हुन्छु, यशद्वारा प्रदीप्तमान पनि हुन्छु, श्रद्धा र प्रज्ञावती पनि हुन्छु—सोही प्रदीपदानको प्रभावले ।

अन्तिम जन्म

२४- "यस अन्तिम जन्ममा म, धनधान्य परिपूर्ण, राजपूजित तथा मुदित एक विप्र कुलमा जन्में[1] ।

---

१. "पच्छिमे च भवे दानि, जाता विप्पकुले अहं ।
पहूत धन धञ्ञम्हि, मुदिते राजपूजिते ।। थेरी. अप. दा. पा, पृ. २४७

Downloaded from http://www.dhamma.digital

२५-२६- "एक दिन, सर्वाङ्ग सम्पन्न र सर्वाभरण विभूषित भई म ऊचालमा बसीरहेकी थिएँ, त्यस बखत, नगर प्रवेश गरिरहनु भएका अनुव्यञ्जनहरूले[1] सम्पन्न तथा लक्षणहरूद्वारा[2] विभूषित

---

१. "अनुव्यञ्जनहरूले सम्पन्न" भनेको असीति अनुव्यञ्जनहरूद्वारा सम्पन्न भएका भनी भनिएको हो। भनाइको तात्पर्य असी स्याना स्याना शरीर लक्षणहरूले युक्त हुनु भएका भनी भनिएको हो। यी असी-अनुव्यञ्जनहरू यी हुन्—

(१) चित्तङ्गुलिता अर्थात्—रास्रा औंलाहरू भएका।

(२) अनुपुब्बङ्गुलिता अर्थात्—क्रम मिलेका औंलाहरू भएका।

(३) वट्टङ्गुलिता अर्थात्—गोल परेका औंलाहरू भएका।

(४) तम्बनखता अर्थात्—ताम्रवर्ण जस्तो नङ भएका।

(५) तुङ्गनखता अर्थात—पुष्ट नङ भएका।

(६) सिनिद्ध नखता अर्थात्—स्निग्ध नङ् भएका।

(७) निग्गुल्ह गोप्फरता अर्थात्—स्पष्ट र पुष्ट गोली गाँठाहरू भएका।

(८) समपादता अर्थात्—सम्मिलेका पैतालाहरू भएका।

(९) गजसमानक्कमता अर्थात्—गजसमान हिंडाई भएका।

(१०) सीहसमानक्कमता अर्थात्—सिंहसमान हिंडाई भएका।

(११) हंससमानक्कमता अर्थात्—हंससमान हिंडाई भएका।

Downloaded from http://www.dhamma.digital

(१२) उसभसमानक्कमता अर्थात्—ऋषभसमान हिंडाई भएका।

(१३) दक्खिणावत्तगतित्ता अर्थात्—दक्षिणावर्त गति भएका।

(१४) समन्ततो चारु जानुमण्डलता अर्थात्—सुन्दर गोलाकार घुंडाहरू भएका।

(१५) परिपुण्ण पुरुष व्यञ्जनता अर्थात्—परिपूर्ण पुरुष व्यजन भएका।

(१६) अच्छिद्द नाभिता अर्थात्—छिद्र नभएको नाभिस्थान भएका।

(१७) गम्भिरनाभिता अर्थात्—गहिरो नाभिस्थान भएका।

(१८) दक्खिणावत्तनाभिता अर्थात्—दाहिनेतिरबाट भुमरी परेको नाभिस्थान भएका।

(१९) द्विरजकरसदिस उरुगजता अर्थात्—हात्तीको सूंढ जस्तै तिग्राहरू भएका।

(२०) सुविभत्तगतत्ता अर्थात्—सुविभक्त शरीर भएका।

(२१) अनुपुब्बगतत्ता अर्थात्—क्रममिलेको शरीर भएका।

(२२) मट्ठगतत्ता अर्थात्—चिल्लो र सफा शरीर भएका।

(२३) अनुसन्नानुसन्नगतत्ता अर्थात्—घटी बढी नभई परिपूर्ण शरीर भएका।

(२४) अलीन गतत्ता अर्थात्—न ढल्किएको शरीर भएका।

(२५) तिलकादि रहितंगतत्ता अर्थात्—कुनै पनि कोठी वा

Downloaded from http://www.dhamma.digital

दाग नभएको शरीर भएका।

(२६) अनुपुब्बरुचिरगतत्ता अर्थात्—क्रमानुसार मनोहर शरीर भएका।

(२७) विसुद्धगतत्ता अर्थात्—विशुद्ध शरीर भएका।

(२८) कोटिसहस्स हत्थिबल धारणता अर्थात्—शतसहश्र कोटी हात्तीका बल धारण गर्न सक्ने शरीर भएका।

(२९) तुङ्गनासता अर्थात्—उन्नत नाक भएका।

(३०) सुरत्तद्विजमंसता अर्थात्—सुरक्त गिजा भएका।

(३१) सुद्धदन्तता अर्थात्—शुद्ध सेता दाँतहरू भएका।

(३२) सिनिद्धदन्तता अर्थात्—स्निग्ध दाँतहरू भएका।

(३३) विसुद्धिन्द्रियता अर्थात्—विशुद्ध इन्द्रियहरू भएका।

(३४) वट्टदाठता अर्थात्—गोलाकार दाँतहरू भएका।

(३५) रत्तोट्ठता अर्थात्—राता ओठ भएका।

(३६) आयतन वदनता अर्थात्—लामो मुख भएका।

(३७) गम्भीरपाणिलेखनता अर्थात्—गम्भीर पाणी-रेखा भएका।

(३८) आयत लेखता अर्थात्—लामा रेखा भएका।

(३९) उजुक लेखता अर्थात्—सीधा रेखा भएका।

(४०) सुरुचिर सण्ठान लेखता अर्थात्—मनोहर चिन्ह रेखा भएका।

Downloaded from http://www.dhamma.digital

(४१) परिमण्डलकायप्पभावन्तता अर्थात्—चारैतिरबाट काय-प्रभामण्डल भएका।

(४२) परिपुण्ण कपोलता अर्थात्—पुष्ट गाला भएका।

(४३) आयत विसालनेत्तता अर्थात्—लामा र विशाल नेत्रहरू भएका।

(४४) पच्चप्पसाद वन्तनेत्तता अर्थात्—पच्चप्रसाद (=आँखाको तेज Visibility) युक्त नेत्रहरू भएका।

(४५) आकुञ्चितग्गपखुमता अर्थात्—परेलाको अग्र भाग माथितिर फर्केका।

(४६) मुदुतनुकरत्त जिह्वता अर्थात्—मृदु तथा पातलो जिभ्रो भएका।

(४७) आयत रुचिर कण्णता अर्थात्—लामा लामा मनोहर कानहरू भएका।

(४८) निग्गण्ठि सिरसता अर्थात्—लट्टा नपरेको केश भएका।

(४९) निग्गुल्ल सिरसता अर्थात्—न जोल्टिएको केश भएका।

(५०) छत्तनिभचारुसीसता अर्थात्—छत्र जस्तै मनोहर शीर भएका।

Downloaded from http://www.dhamma.digital

(५१) आयत पुथुल ललाट सोभनता अर्थात्–लंबाई र चौडाईले सुशोभित निदार भएका ।

(५२) सुसण्ठान भमुकता अर्थात्—सुसंस्थित आँखिभौं भएका ।

(५३) सण्ह भमुकता अर्थात्—नरम आँखिभौं भएका ।

(५४) अनुलोम भमुकता अर्थात्—आँखिभौंका रौंहरू-को क्रम मिलेका ।

(५५) महन्त भमुकता अर्थात्—ठूला ठूला आँखि-भौंहरू भएका ।

(५६) आयत भमुकता अर्थात्—लामा लामा आँखि-भौंहरू भएका ।

(५७) सुखुमालगतत्ता अर्थात्—कोमल शरीर भएका ।

(५८) अतिविय सोम्मगतत्ता अर्थात्—अत्यन्त सौम्य शरीर भएका ।

(५९) अतिविय उज्जलित गतत्ता अर्थात्—अत्यन्त उज्वल शरीर भएका ।

(६०) विमल गतत्ता अर्थात्—निर्मल शरीर भएका ।

Downloaded from http://www.dhamma.digital

(६१) कोमल गतत्ता अर्थात् कोमल शरीर भएका ।

(६२) सिनिद्ध गतत्ता अर्थात्—स्निग्ध शरीर भएका ।

(६३) सुगन्ध गतत्ता अर्थात् सुगन्धित शरीर भएका ।

(६४) समलोमता अर्थात् एकनासे रौंहरू भएका ।

(६५) कोमल लोमता अर्थात्—कोमल रौंहरू भएका ।

(६६) दक्खिणवट्ट लोमता अर्थात्—दाहिनेतिर घुम्रेका रौंहरू भएका ।

(६७) भिन्नञ्जनसदिस नील लोमता अर्थात्—अञ्जनवर्ण समान छुट्टिएका रौंहरू भएका ।

(६८) सिनिद्ध लोमता अर्थात्—स्निग्ध रौंहरू भएका ।

(६९) अतिसुखुम अस्सासपस्सासधारणता अर्थात्—अत्यन्त सूक्ष्म आश्वास-प्रश्वास भएका ।

(७०) सुगन्ध मुखता अर्थात्—सुगन्धित मुख भएका ।

(७१) सुगन्धमुदनता अर्थात्—सुगन्धित शीर भएका ।

Downloaded from http://www.dhamma.digital

भएका, देव मनुष्यहरूद्वारा सत्कृय तथा यशकीर्तिद्वारा प्रज्वलित हुनु

(७२) सुनील केसता अर्थात्--सुनील केस भएका ।

(७३) दक्खिणवट्ट केसता अर्थात्--दाहिनेतिर घुमेका केश भएका ।

(७४) सुसण्ठान केसता अर्थात्--राम्ररी बसेका केश भएका ।

(७५) सिनिद्ध केसता अर्थात्--स्निग्ध केश भएका ।

(७६) सण्ह केसता अर्थात्--नरम केश भएका ।

(७७) अलुलित केसता अर्थात्--न गुटमुटिएका केश भएका ।

(७८) सम केसता अर्थात्--बराबर मिलेको केश भएका ।

(७९) कोमल केसता अर्थात्--कोमल केश भएका ।

(८०) केतुमाल रतन रञ्जितता अर्थात्--रत्न रञ्जित केतुमाल जस्तै शीरको टुप्पो भएका ।

योनै असी गुणहरूलाई 'अनुव्यञ्जन' वा 'असीत्यानुव्यञ्जन' भन्दछन् । --श्री सद्धर्म कोषय । पृ २११-१३

२. यहाँ लक्षणहरू भनेको बत्तीस महापुरुष लक्षणहरूलाई भनिएको हो । यी बत्तीसलक्षणहरूका कुराहरू लेखकको बु. ब्रा. पृ. १६८ मा समुल्लेख भएका छन् ।

Downloaded from http://www.dhamma.digital

भएका सुगतलाई मैले देखें[1]

२७– "यो दृश्य देखेर अत्यन्त गद् गद् तथा प्रसन्न भएको म प्रव्रजित हुन चाहें; प्रव्रजित भएको केही समयमै मैले अरहत्व प्राप्त गरें[2]।

२८– "शास्ताको शासनकारी भई, ऋद्धि तथा दिव्यश्रोतलाई वशीभूत गरी परचित्तलाई पनि जाने।

२९– "पूर्वनिवासलाई जान्दछु, दिव्यचक्षुलाई विशुद्ध पारें, सबै आस्रवहरूलाई छेदन गरी विशुद्ध तथा निर्मल भएं।

३०– "मैले बुद्धलाई चिनिसकें, बुद्ध शासन पनि पूरा गरें; गरुंगा भारलाई विसाई भवजालहरूलाई समुच्छिन्न पारिसकें।

३१– "जसको लागि अनगारिका भई प्रव्रजित भएकी थिएं त्यो मेरो अर्थ पूरा गरी सबै संयोजनहरू क्षयगरी सकें।

---

१. "अहं सब्बङ्गसम्पन्ना, सब्बाभरण भूसिता।
पुरप्पवेसे सुगतं, वातपाने ठिता अहं॥
"दिस्वा जलन्तं यसस्सं, देवमनुस्ससक्कतं।
अनुब्यञ्जनसम्पन्नं, लक्खणेहि विभूसितं॥" थेरी. अप. दा. पा. पृ. २४७

२. "उदग्गचित्ता सुमना, पब्बज्जं समरोचयिं।
न चिरेनेव कालेन, अरहत्तमपापुणिं॥" थेरी. अप. दा. पा. पृ. २४७

Downloaded from http://www.dhamma.digital

३२– "अनि, महाकारुणिक नरोत्तमले दिव्यचक्षु लाभिनीहरू-मध्येमा सकुला अग्रछिन् भनी भनाई एतदग्र स्थानमा राख्नु भयो[१]।

३३-३५– "सबै क्लेशहरू भस्म भइसके···बुद्ध शासन पूरा गरें[२]···।"

---

१. "ततो महाकारुणिको, एतदग्गे ठपेसि मं।
दिब्बचक्खुकानं अग्गा, सकुला ति नरुत्तमो॥" थेरी. अप. दा. पा. पृ. २४७

२. माथि नन्दा स्थविरापदानको पृ. ४४४ को गा. नं. ५२, ५३, तथा ५४ का कुराहरू दोहऱ्याई पढनू।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

९. भद्रा कुण्डलकेशा स्थविरा

परिचय

भद्रा कुण्डलकेशा स्थविरा राजगृहवासी एक सेठकी छोरी थिइन् । सोह्र वर्षको उमेरमा, मार्ग लगिरहेको एक चोरलाई देखी उ प्रति आसक्त भई भद्राले उसलाई पति बनाइन् । पछि उसैलाई पर्वतबाट खसाली आफू स्वेतवस्त्रधारी एक सम्प्रदायमा प्रव्रजित भई, शास्त्रार्थ गर्न विभिन्न देशहरू घुम्दै हिंडिन थालिन् र अन्तमा बुद्ध-धर्म ग्रहणगरी भिक्षुणी भई क्षिप्राभिज्ञालाभिनी भिक्षुणीहरूमध्येमा अग्र-स्थान प्राप्त गरिन् । यसै सम्बन्धमा विभिन्न अर्थकथाहरूको आधार लिई यहाँ क्रमानुसार परिचय दिने प्रयास गरेको छु ।

गृहस्थी-जीवन

बुद्ध भगवान्ले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि राजगृह नगरमा एक सेठकी भद्रा भन्ने अतिसुन्दरी एकलौटी छोरी थिइन् । सोह्र वर्षको उमेरमा पुगेपछि "त्यस्तो उमेरमा स्त्रीहरूको चित्त पुरुषहरू प्रति आसक्त हुन्छ" भन्ने बिचारले — उनका आमा बाबुहरूले भद्रालाई सातातले प्रासादमाथि राखी उनको सेवा शुश्रूषा गर्न एक विश्वासिनी

Downloaded from http://www.dhamma.digital

दासी पनि राखिदिए[1] ।

राजगृह नगरका एक पुरोहित ब्राह्मणको कुलमा 'चोर नक्षत्रमा' एक पुत्र जन्मेको थियो । सो बालकको 'शत्रुक' (=सत्तुक) भन्ने नाम राखे । स्यानैदेखि चोर्ने बानी भएको हुँदा बाबु आमाहरूले धेरै सम्झाउँदा पनि उसले नसम्झे पछि, आफ्नो कुलको प्रतिष्ठामा धक्का पर्ने र इज्जत समेत जाने भएकोले उसलाई घरबाट निकालि दिए । अनि उसले चोर्ने कामद्वारा नै जीविकागर्न थाल्यो[2] ।

एक दिन, राजा नगर घुम्न जाँदा धेरै जसो घरहरूमा प्वाल परेको देखेर नगररक्षकसँग सोध्दा "चोरले प्वाल पारेको" भन्ने सुने पछि राजाले "सो चोरलाई भोलि नै समात्न नसकेमा राजदण्ड हुनेछ" भनी नगररक्षकलाई भने । राजदण्डको भयलेगर्दा जतातै पुलिसहरू राखी, सुराक लगाई "शत्रुक" लाई वसि सहित समाती नगररक्षकले राजाकहाँ लग्यो । "शत्रुकले नगरमा न चोरेका घरहरू कमै होलान्" भन्ने कुरामा ध्यानदिई राजाले उसलाई नगरको दक्षिणद्वारबाट बाहिर लगी मार्ने आज्ञा दिए । अनि नगररक्षकले चोरलाई कोर्रामा पीटदै, पाताफर्काई मार्नकोनिम्ति दक्षिणद्वारतिर लग्यो[3] ।

---

१. धम्म. प. अ. क. पृ ३२१ : कुण्डलकेसित्थेरियावत्थु ।

२ अं. नि. अ. क. I. पृ. २००: एककनिपातवण्णना, भद्रा कुण्डलकेसाथेरी ।

३. अं. नि. अ. क. I. पृ. २००–२०१

Downloaded from http://www.dhamma.digital

चोर प्रति आसक्ता

यसप्रकार चोरलाई लगिरहेको बेलामा नगरका सडकहरूमा खूब होहल्ला भएको आवाज सुनी भद्राले "के को हो हल्ला रहेछ" भनी ऊघाल उघारी हेर्दा सो चोरलाई लगिरहेको देखनेबित्तिकै उनको चित्त उसमाथि बलवत् आसक्त भई छाती पिट्दै कोठामा गई, घोप्टोपरी सुँक्क सुँक्क गर्दै रुन थालिन् । तो कुमारी त्यस घरकी एकलौटी पुत्री भएकोले कुनै प्रकारले पनि उनको अँध्यारो मुख कसैले हेर्न सक्दैनथे[1] भने रोएको सुन्नु त परै जावस् । अनि रोइरहेको समाचार सुन्नेबित्तिकै उनकी आमा आई कारण सोध्दा उनले— "यदि चोर भनी समाती लगिरहेको सो पुरुष पाएमा म बाँच्ने छु अन्यथा म यहीं मर्नेछु" भनी भन्दा उनकी आमाले— "पुत्री ! त्यसो न भन, बरु आफ्नो समान जातीय त्यस्तै सुन्दर कुल-पुत्र तुरन्तै खोज्न लगाउने छु, न रोऊ" भनी भन्दा पनि मनाउन नसकेकीले बाबुचाहिलाई बोलाउन पठाइन् र बाबुचाहिले पनि अनेक सम्झाउँदा बुझाउँदा पनि केही नलागे पछि[2], एकलौटी पुत्री प्रतिको गहिरो मायाले गर्दा "अब के गरूँ" भन्ने उपाय सोच्दै बाबुचाहि तुरन्तै नगररक्षकहरूकहाँ गई, एकहजारको थैलो[3] अगाडि राखी, हातजोरी

---

१. अं. नि. अ. क. I. पृ. २०१

२. धम्म प. अ. क. पृ. ३२१; अं. नि. अ. क. I. पृ. २०१

३. धम्म. प. अ. क. पृ. ३२१; अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९ : कुण्डलकेसाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

"मेरी एकलौटी छोरी यो चोर प्रति अत्यन्त आसक्ताछे, त्यो पुरुष नपाएमा मर्नेछु भन्छे; अतः कुनै उपायद्वारा सो पुरुषलाई मुक्त गरी हामीलाई दिनुहोस" भनी विन्ति गरे[1]।

उनले पनि "हुन्छ" भनी भरे। अनि मार्न लगिरहेको चोरलाई सूर्यास्त नभएसम्म यता उता घुमाई, बिलम्ब गरी सूर्यास्त भए पछि उसलाई छाडिदिए र अर्को कुनै एक पुरुषलाई ल्याई, उसलाई बाँधी, दक्षिणद्वारबाट बाहिर लगी मारी[2] "मारिसकें" भनी राजालाई बिन्ति गऱ्यो[3]।

सेठका नोकरहरूले उसलाई सेठको घरमा ल्याए। अनि छोरीको मनोकामना पूरा गराइदिन उसलाई सुगन्ध जलमा नुहाउन लगाई, राम्रा कपडाहरू लगाउन लगाई तथा आभरणहरूले समेत विभूषित पारी प्रासादमाथि लगे[4]।

"मेरो मनोरथ पूर्ण भयो' भन्दै खुशी भई विशेष वस्त्रहरू लगाई, अलङ्कारहरूले अलंकृत भई स्वयं पुवागुआदि पकाई[5]

---

१. अ. अ. क. I. पृ २०१

२. अं. अ. क. I. पृ. २०१; धम्म. प. अ. क. पृ. ३२१

३. धम्म. प. अ. क. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

४. अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

५. धम्म. प. अ. क. पृ. ३२१; थेरी. गा. अ. क. पृ. ७९

Downloaded from http://www.dhamma.digital

उसको परिचर्या[1] तथा उसमाथि ठूलो स्नेह तथा ममता राखी भद्रा बस्न थालिन् ।

यसै कुरालाई भद्रा कुण्डलकेशा स्थविराले पछि स्वय भन्नुभएका कुराहरू तल "भद्रा कुण्डलकेशा स्थविरापदान" शीर्षकको गा. नं. २२–२४ मा अनुदित भएका छन् ।

बलि-पूजाको बहाना

दिन बित्दै गए पछि एक दिन, शत्रुकले भद्राको आभूषणहरू माथि लोभचित्त उत्पन्न गरी[2] "कहिले यिनलाई मारी यी आभूषण-हरू मैले लिनसकूँ र कहीं एक भट्टीमा गई खूब मजासँग सुरापान गरूँ, यसकोनिमित्त कुनै उपाय सोच्नु पर्‍यो" भन्दै खूब सोचविचार गर्नथाल्यो र एक दिन, उ खाना नखाइकन खाट्मा पल्टिरह्यो । भनि भद्रा आई— "स्वामी ! किन पल्टिरहनु भएको, के आङ्हरू दुख्छन् कि क्याहो ?" भनी सोधिन् ।

"भद्रे ! केही पनि दुख्दैन ।"

"त्यसो भए मेरा माता पिताहरू तपाइ प्रति रिसाएको क्याहो ?"

---

१. अं. अ. क. I. पृ. २०१; धम्म प. अ. क. पृ. ३२१; थेरी. गा. अ. क. पृ. ७९

२. थेरी. गा. अ. क. पृ. ७९

Downloaded from http://www.dhamma.digital

"भद्रे ! रिसाएका छैनन् ।"

"त्यसो भए, के कुरा छ त ?"

"भद्रे ! तिमीले गर्नुपर्ने एक कुरा छ[1] ।"

यो कुरा सुनी मानो एकहजारको थैलो पाएको झैं सम्झी भद्रा अत्यन्त खुशी भई— "आर्या ! विश्वस्तभई भन्नु होस्, मैले के गर्नुपर्छ" भनी सोधिन्[2] ।

अनि चोरले भन्यो—

"भद्रे ! तिमीलाई थाहा छ के मलाई चोर भनी समाती लगेको कुरा ?"

"स्वामी ! थाहा छ ।"

"शायद तिमी ठान्छ्यौ होली कि तिम्रो कारणले म बाँचें । तर त्यस दिन मलाई समात्नेबित्तिकै मैले चोरप्रपातका देवताहरूलाई स्मरणगरी 'हे देव ! यदि मलाई यस बन्धनबाट मुक्त गराइ दिनुभए मैले तपाईलाई ठूलो सम्मानका साथ एक पूजा चढाउने छु' भनी

---

१. धम्म. प. अ. क. पृ. ३२१ : कुण्डलकेसित्थेरियावत्थु ।

२. बं. अ. क. I. पृ. २०१ : एककनिपातवण्णना, भद्दाकुण्डलकेसाथेरी ।

Downloaded from http://www.dhamma.digital

भाकल गरेको थिएँ र त्यसैको प्रभावले मैले जीवन पाएको हुँ[१]। तिमीलाई पाएको पनि सोही भाकलकै प्रभावले हो। भद्रे! सोही कुराको चिन्तनगरी बसिरहेको हुँ[२]।"

अनि भद्राले भनिन्— "स्वामी! यसकोलागि कुनै चिन्ता लिनुपर्ने कारण छैन, बलिपूजा चढाउने छौं; यसकोलागि के चाहिन्छ भन्नुहोस्।"

"भद्रे! पानी नभएको दूधमा पकाएको पायस र पञ्चलाज फूलहरू।"

"हवस्, स्वामी! तयार पार्नेछु" भनी जवाफदिई चाहिने सामानहरू सबै ठीक पारिसके पछि "स्वामी! तयार पारिसकें" भनी भनेपछि उसले "त्यसोभए, जति सक्यो उति राम्रा राम्रा तथा महर्घ आभरणहरू लगाऊ, हामी दुवै हाँस्दै, खेल्दै, रसरंगगर्दै जानेछौं" भनी भन्यो[३]।

भद्राले पनि त्यस्तै गरिन् र रथमा बसी ज्ञाति-परिवारहरूका साथ गइन्[४]।

---

१. अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

२. धम्म. प. अ. क. पृ. ३२१

३. धम्म. प. अ. क. पृ. ३२१

४. अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

Downloaded from http://www.dhamma.digital

पर्वतको फेदीमा पुगी पर्वत चढ्न थाल्ने बेलामा चोरले—"यतिका मानिसहरू सबै पर्वतमा गएका खण्डमा मैले यिनका आभूषणहरू लिन सक्ने छैन[१]" भन्ने सोची उसले पर्वत चढनुभन्दा अगाडि "भद्रे ! यहाँबाट हामी दुइ जना मात्र जानुपर्छ, अरू सबैलाई रथसहित यहाँबाटै फर्काइदेऊ" भनी भने पछि भद्राले पनि त्यस्तै गरिन्। अनि भद्रालाई पूजाका सामानहरू समात्न लगाई बुबै चोर-प्रपात पर्वत चढ्न थाले[२]।

चोर-प्रपातको घटना

यो पर्वतको टुप्पोमा एकापट्टिबाट मानिसहरू हिंड्छन् अर्कापट्टि खड्गले काटेको जस्तै माथिदेखि तलसम्म सट्टै परेको प्रपात छ। जसबाट चोरहरूलाई खसाल्दा छघाल्याङ भई तल खस्छन्। त्यसैले यस ठाउँलाई 'चोर-प्रपात' भनिएको हो[३]।

अनि भद्राले त्यस प्रपातमा बसी "स्वामी ! बलि-पूजा गर्नु-होस्" भनी भनिन्। चोर चुप लागेर बस्यो। फेरि उनले "स्वामी ! किन चुपलागी बस्नु भएको" भनी सोध्दा[४] चोरले भन्यो—

---

१. अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

२. धम्म. प. अ. क. पृ. ३२२; अं. अ. क. I. पृ. २०१; थेरी. गा. अ. क. पृ. ७९

३. धम्म. प. अ. क. पृ. ३२२

४. धम्म. प. अ. क. पृ. ३२२

Downloaded from http://www.dhamma.digital

"भद्रे ! तिम्रो पछ्यौरामा तिम्रा शरीरमा भएका आभरण-हरू सबै फुकाली पोकोपार ।"

"स्वामी ! किन यसो भन्नु भएको, मेरो के अपराध छ र ?"

"हे मूर्ख ! के, म यहाँ बलि-पूजा गर्न आएको भनी ठान्छ्यौ ? मैले त सो देवताको कलेजो समेत झिकी खाइदिनेछु । बलि-पूजाको बहाना गरी तिम्रा आभरणहरू लिने विचारले पो यहाँ आएको हुँ[1] ।"

यो कुरा सुन्नेबित्तिकै भद्राको आङ् फूलेर जिरिंग भई मरण भयले तर्सेता पनि धैर्य राखी विनम्रतापूर्वक यस्तो विन्ति गरिन्—

"स्वामी ! म र यी आभरणहरू तपाइकै हुन्, किन यस्तो भन्नु भएको; यस्तो न भन्नुहोस्" भनी बार बार विन्तिगर्दा[2] पनि— "मलाई यस्ता कुराहरू थाहा छैन, मेरो र तिम्रो भन्ने कुरा अर्के हो; तिमीलाई न मारिकन छाड्ने छैन[3]" भनी चोरले भने पछि भद्राले "स्वामी ! त्यसोभए मलाई मानु पर्ने के छ र, यी मेरा आभरणहरू सबै लिएर मेरो प्राण मात्र बचाइदिनुहोस् र आजदेखि तपाइले मलाई आमा भनी संझनुहोस् अथवा म तपाइकी दासीभई बस्ने छु र "दासी" भन्ने घोषणा गर्नु होस्" भनी विरहपूर्वक निम्न

---

१. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ७९

२. धम्म. प. अ. क. पृ. ३२२

३. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

Downloaded from http://www.dhamma.digital

गाथा सुनाइन्[१] —

"इमे सुवण्णकेयुरा, सब्बे वेलुरियामया।
सब्बञ्च गण्ह भद्दन्ते, मम दासि' व सावय॥"

"यस्तो गर्दा, के तिमीले तिम्रा आमा बाबुहरूलाई बताउने छैनौ र, के म मूर्ख हूँ र? धेरै विलाप नगर, चाँडै तिम्रा आभरणहरू फुकाली पोको पार; तिमीलाई न मारी छोड्ने छैन[२], न मारीकन कसैको धन लिएको कुरा पनि मलाई थाहा छैन[३]" भन्दै चोरले भन्यो—

"आरोपयस्सु कल्याणी, मा बाल्हं परिदेवसि।
न चाहं अभिजानामि, अहन्त्वा धनमाभतं॥"

यति भनेर "हे मूर्ख! धेरै विलाप नगर, ज्यान रहने छैन भन्ने ठानी चाँडै गहनाहरू फुकाली पोको पार, विलम्ब नगर" भन्दै चोरले पुनः निम्न गाथा सुनायो —

---

१. धम्म. प. अ. क. पृ. ३२२

२. धम्म प. अ. क. पृ. ३२२

३. थेरी. अप. दा. पा. पृ. २३७ : कुण्डलकेसाथेरीअपदानं, गा. नं. २८; यसको अर्थ तल "भद्रा कुण्डलकेसा स्थविरापदान" शीर्षकमा अनुवाद भएको छ।

Downloaded from http://www.dhamma.digital

"मा बाले परिदेवेसि, खिप्पं बन्धाहि भण्डकं।
न तुय्हं जीवितं अत्थि, सब्बं गण्हामि भण्डकं[1]॥"

अनि भद्राले उसको निष्ठुरताको चरम सीमालाई बुझी, आत्म रक्षाकोनिम्ति कल्पनागर्दै "अहो निष्ठुरता ! यसले त मलाई नमारी छाड्ने छैन। प्रज्ञा मनेको केवल भात पकाएर खानको लागि मात्रै त होइन, बुद्धि पुऱ्याई कामगर्नकोलागि पनि हो। यसलाई के गर्नुपर्छ भन्ने कुरा मलाई पनि थाहा छ" भन्ने विचार गरी उसलाई भनिन् — "स्वामी ! जब तपाइलाई चोर भनी समाती लगिरहेकोथियो तब मैले मेरा आमा बाबुहरूलाई भनी एकहजार घुस खुवाई तपाइलाई घरमा ल्याएदेखि म तपाइको अति विश्वासिनी तथा उपकारिणी भई बसें। तपाइलाई झैं म कसैलाई पनि प्यार गर्दिन। अतः अब मेरो इच्छापूर्ण गरी तपाइलाई वन्दना गर्न चाहन्छु" भनी याचना गर्दा उसले स्वीकारे पछि उनले तीनपटक चोरलाई घुमी चारैतिरबाट वन्दना गरिन्[2]। त्यसपछि फेरि भद्राले भनिन्—

"स्वामी ! अब यहांदेखि न तपाइले मलाई देख्नुहुनेछ, न त मैले तपाइलाई नं देख्न पाउने छु। त्यसैले मेरो अन्तिम इच्छापूर्ण गरी अगाडि र पछाडितिरबाट मेरो मन तृप्त हुने गरी तपाइलाई आलिङ्गन गर्न चाहन्छु।"

---

१. धम्म. प. अ. क. पृ. ३२२

२. धम्म. प. अ. क. पृ. ३२२

Downloaded from http://www.dhamma.digital

चोरले "हुन्छ" भनी भने पछि उसलाई अगाडितिरबाट आलिङ्गन गरेर पछाडितिरबाट आलिङ्गन गर्ने बहाना गरी एउटा हातले काँधमा र अर्को हातले जाङ्मा समाती उसलाई प्रपातबाट एकदम हुत्याई खसालिदिइन्। उ प्रपातमा ठक्कर खाँदै छ्याल ब्याल भई भुईंमा खस्यो। त्यस बखत त्यस पर्वतको देवताले भद्राको बुद्धिलाई देखी प्रशंसा गर्दै "पुरुष मात्र सबै ठाउँमा चलाक र पण्डित हुन्न, स्त्री पनि चलाक र पण्डित्नी हुन्छे" भन्दै "न सो सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो" भनी गाथा सुनाए[१]। यी गाथाहरूका अर्थ तल "भद्रा कुण्डलकेशा स्थविरापदान" शीर्षकको गा. नं, ३१–३३ मा अनुवाद गरिदिएको छु।

उपरोक्त घटनाका कुराहरू पछि भद्रा कुण्डलकेशा स्थविराले स्वयं "थेरीअपदानपालिमा" उल्लेख गर्नु भएका गाथाहरू तल "भद्रा कुण्डलकेशा स्थविरापदान" शीर्षकको गा. नं. २५–३५ मा अनुवाद भएको छ।

निगण्ठ-सम्प्रदायमा प्रव्रज्या

चोरलाई प्रपातबाट खसालिसकेपछि उनले विचार गरिन्—

---

१. धम्म. प. अ. क. पृ. ३२२ : कुण्डलकेसित्थेरियावत्थु; अं. अ. क. I. पृ. २०२ : एककनिपातवण्णना, भद्दाकुण्डलकेसाथेरी, थेरी. गा. अ. क. पृ. ८० : कुण्डलकेसा थेरीगाथट्ठकथा। यस्तै घटनाका कुरा जा. अ. क. III. पृ. ३०९ : सुलसाजातकं, नं. ४१९ मा पनि उल्लेख भएको पाइन्छ।

Downloaded from http://www.dhamma.digital

"यदि म घर फर्कूं भने 'तिम्रो पति खोई त' भनी सोध्ने छन् र "उसलाई मैले चोर-प्रपातबाट खसालिदिएँ" भनी भन्दा सबैले मलाई 'कस्ती दुर्विनीता रहिछे; त्यस्तोबिघ्न हत्यागरी एकहजार दिई त्याएको पुरुषलाई मार्ने' भन्ने वचनरूपी बाणले प्रहार गर्ने छन्; होइन, 'उसले मेरो आभरणको लोभगरी मलाई मार्ने कुचेष्टा गरेकोले मैले उसलाई मारिदिएकी हुँ' भन्दा पनि मेरो कुरालाई कसैले विश्वास गर्ने छैनन् । अतएव घर फर्केर मलाई केही काम छैन; यहाँबाटै कुनै एक सम्प्रदायमा प्रव्रजित हुन पऱ्यो[१] ।"

यति सोची आभरणहरू त्यहीं छाडी, जङ्गलमा गई विचरण गर्दै क्रमशः एक निगण्ठाराममा[२] गई वन्दना गरी "भन्ते ! मलाई तपाइहरूकहाँ प्रव्रज्या गराइ दिनुहोस्" भनी उनले विन्ति गरिन्[३] । उनिहरूले "कुन प्रकारले प्रव्रजित हुन चाहन्छयौ" भनी सोध्दा 'जुन प्रकारले उत्तम हुन्छ सोही प्रकारले गरि दिनुहोस्" भनी भनेपछि उनीहरूले उनको शीरबाट एक एक गरी सबै केशहरू सनासोले उखेली प्रव्रजित गराए । त्यसपछि उम्रेर आएका केशहरू सबै घुम्रीएको हुनाले, त्यहाँदेखि उनलाई "**कुण्डलकेशा**" अर्थात् घुम्रीएका केश

---

१. धम्म. प. अ. क. पृ. ३२३

२ अं नि. अ. क. I. पृ. २०२; थेरी. गा. अ क. पृ. ८०; धम्म. प. अ. क. पृ. ३२३ मा भने एक परिव्राजकाराममा गइन् भन्ने कुरा उल्लेख भएको छ ।

३. धम्म. प. अ. क. पृ. ३२३

Downloaded from http://www.dhamma.digital

भएको भनी भन्न थालिएको हो[१]।

प्रव्रजित भइसके पछि उनले सोधिन्—

"भन्ते ! तपाइहरूको प्रव्रज्यात्वको उत्तम अर्थ के हो ?"

"भद्रे ! दश-कसिणहरू[२] अभ्यास गरी ध्यान लाभ गर्नु अथवा एकहजार वादहरूको अध्ययन गर्नु—यही नै हाम्रो प्रव्रज्यात्वको उत्तम अर्थ हो[३]।"

"आर्य ! मैले त ध्यान लाभ गर्न सक्ने छैन, एकहजार वादहरू भने अध्ययन गर्न सक्ने छु।"

अनि उनलाई एकहजार वादहरू सबै सिकाइ सकेपछि—"भद्रे ! तिमीले सबै वादहरू सिकिसक्यौ। अब तिमी जम्बुद्वीपमा घुमी तिमीसँग वाद गर्नसक्ने पुरुष खोज" भनी जमुना रुखको एक हांगा (=जम्बुसाखं) पनि दिए। त्यहाँदेखि उनलाई "जम्बु-परिव्राजिका" पनि भन्न थाले भन्ने कुरा धम्मपदट्ठकथाले उल्लेख गरेको छ। यो पनि उल्लेख गरेको छ कि—"यदि वादद्वारा तिमीलाई कुनै गृहस्थीले हराउँछ भने तिमी उसँग विवाह गर, प्रव्रजित

---

१. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

२. दशकसिणहरू भनेका के हुन् भन्ने बारेमा बु. प. पृ. ४५२ मा हेर्नू।

३. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

Downloaded from http://www.dhamma.digital

भएमा उनकै शिष्या बन[१]।"

अङ्गुत्तरनिकायट्ठकथा र थेरीगाथट्ठकथाहरूले भने उपरोक्त कुरालाई यसरी उल्लेख गरेका छन्--

"प्रव्रजित भइसके पछि उनले त्यस सम्प्रदायको शास्त्रहरू सबै अध्ययन गरी 'अब यहाँ, यसभन्दा बढता अरू विशेष केही सिक्ने कुरा छैन' भन्ने थाहा पाई ग्राम, निगम तथा राजधानीहरूमा गई--जहाँ जहाँ पण्डितहरू छन्, त्यहाँ त्यहाँ गई--उनीहरूले जानेका शास्त्रहरू पनि अध्ययन गरिन्। धेरै किशिमका शास्त्रहरू अध्ययन गरेकी हुनाले उनीसँग प्रतिवाद गर्न सक्ने कोही पनि भएनन। आफूसँग प्रतिवाद गर्न सक्ने कुनै श्रमण वा ब्राह्मणहरू न भेटिए पछि आफू जुन् जुन् गाउँ, निगम तथा नगरहरूमा गइन्, त्यहाँ त्यहाँ नगरद्वार

---

१. धम्म. प. अ. क. पृ. ३२३; बुद्धको पालामा यसरी एक नगर-बाट अर्को नगरमा गई निगण्ठ-सम्प्रदायका साधुहरू विचरण गरी हिंड्ने कुरा पपं. सू. II. पृ. २२३ : चूलसच्चकमुत्त-वण्णनाको सच्चक निगण्ठका दिदीहरू पनि पाइन्छन् तथा जा. अ. क. III पृ १ : चुल्लकालिङ्गजातकं, नं ३०१ मा पनि। अन्य सम्प्रदायका परिव्राजकहरू वाद-विवाद गर्दै हिंड्ने कुरा बु प. पृ. ३४७-४८ मा पनि उल्लेख भएको पाइन्छ नन्दुत्तरा स्थविरा पनि भिक्षुणी हुनुभन्दा अगाडि यस्तै चर्या निएर हिंडेकी थिइन्। थेरी. गा. अ. क. पृ. ६९ : नन्दुत्तराथेरी-गाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

तिर बालुवा थुपारी त्यसमा जमुनाको एक हाँगा गाडी 'जसले मसँग वाद गर्न चाहन्छ उसले यो हाँगा उखेलोस्' भनी घोषणा गरी आस पासका बालकहरूलाई पालो राख्थिन् । कुनै ठाउँमा त सो हाँगालाई एक हप्ताहसम्म पनि उखेलेको हुँदैनथ्यो । अनि त्यहाँबाट उनी अर्को ठाउँमा गई त्यस्तै गरी हाँगा गाड्थिन्[१] । "उनी आएकी छन्" भन्ने खबर सुनेर नं मानिसहरू डराउँदथे[२] ।

यसरी एक ठाउँबाट अर्को ठाउँ, एक नगरबाट अर्को नगरमा घुम्दै उनी अङ्ग, मगध, वज्जी, काशी तथा कोशल, राज्यहरूमा पनि घुमिन्[३] ।

बुद्ध-शासनमा दिक्षा

त्यस बखत लोकमा बुद्ध उत्पन्न भई जम्बुद्वीपमा बहाँको धर्मको प्रचार पनि क्रमशः बढ्दै गइरहेको थियो र कोशल राज्यको राजधानी श्रावस्ती महानगरमा त भिक्षुहरूको एक ठूलो केन्द्रस्थान

---

१. अं. अ. क. I पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

२. धम्म. प. अ. क. पृ. ३२२ मा उनीसँग वाद गर्न सक्ने कोई पनि न भएको कुरा पनि समुल्लेख भएको पाइन्छ ।

३. थेरी. गा. पा. पृ. ४१९: भद्राकुण्डलकेसाथेरीगाथा, अ. क. पृ. ८५; यी गाथाहरू तल "भद्राकुण्डलकेसा स्थविरा गाथा" शीर्षकमा अनुवाद गरिदिएको छु ।

Downloaded from http://www.dhamma.digital

पनि स्थापना भइसकेको थियो[1] ।

यस बखत भद्रा-कुण्डलकेशा परिव्राजिका वा जम्बुपरिव्राजिका पनि चारिका गर्दै क्रमशः श्रावस्ती नगरमा आइपुगेकी थिइन् । पूर्व परिचित अनुसार त्यस नगरमा पनि बालुवामा जमुनाको हाँगा गाडी बालकहरूलाई अह्राई आफू भिक्षाटन गर्न शहर भित्र गइन् । केही बालकहरूले त्यस हाँगालाई घेरालगाई बसे । त्यस बखत भिक्षुहरू भिक्षाटनार्थ गइसके पछि धर्मसेनापति सारिपुत्र महास्थविर आफू एक्लै भिक्षाटनार्थ श्रावस्ती नगरमा जानु हुँदा[2] ती बालकहरूलाई देखी, कुण्डलकेशाको दाबलाई मदनगर्ने विचारले[3] "बालक हो ! के गरेर बसिरहेछौ ?" भनी सोध्नु हुँदा, बालकहरूले वृत्तान्त कुरा सुनाए पछि महास्थविरले जमुनाको हाँगा उखेलिदिन अह्राउँदा बालकहरूले "डराउँछौं" भनी भनेको सुनी महास्थविरले "डराउन पर्दैन, प्रश्नको जवाफ म दिनेछु, हाँगा उखेलि देऊ" भनी भन्नु भए पछि उत्साहित भई बालकहरूले हाँगालाई भाँच-कुचपारी

---

१. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

२. अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०; धम्म. प. अ. क. पृ. ३२३ ले भने भिक्षाटन् गरिसके पछि भोजनोप्रान्त नगरबाट बाहिर निस्किदा त्यसो गर्न लगाउनु भएको हो भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

३. थेरी. गा. अ. क. पृ. ८०

Downloaded from http://www.dhamma.digital

जतातर्ते प्याँकिदिएर बालुवा छर्दै खेल्न थाले[1] ।

कुण्डलकेशा परिव्राजिका भोजन गरी निस्केको बेलामा जमुनाको हाँगालाई भाँच कुचपारी यता उता प्याँकिराखेको देखेर "यो कसले गरेको हो ?" भनी सोध्दा "धर्मसेनापति सारिपुत्र महास्थविरले गराउन लगाउनु भएको हो" भन्ने कुरा सुनी "अवश्य नै कुनै एक ठूला पुरुष होलान्, नत्र यसरी हाँगा उखेल्न लगाउन सक्ने थिएन[2]" भन्ने विचार गरी "विपक्षी दलहरू नभइकन वाद विवाद गर्न जानु शोभादिन्न" भन्ने मनमा लिई सडक सडकमा घुमी "श्रमण शाक्यपुत्रहरूसँग मेरो वाद विवाद हुनेछ' भन्ने उद्घोषणा गरिन्[3] । अनि असीहजार[4] (८०,०००) कुल घरहरू भएका[5] श्रावस्ती नगरमा

---

१. धम्म. प. अ. क पृ. ३२३; अं. अ. क. I. पृ. २०२; थेरी. गा. अ. क. पृ. ८०

२. अं. अ. क. I. पृ. २०३

३. थेरी. गा. अ. क. पृ. ८१

४. अं. अ. क. I. पृ. ३१५ : दुकनिपातवण्णना, समचित्तवग्गोले १ लाख ५७ हजार पारिवारिक घरहरू भएको श्रावस्ती भन्ने र सुत्त. नि. अ. क. पृ. ३१८ : धम्मिकसुत्तवण्णनामा १ लाख ५७ हजार परिवारहरू बस्ने यस नगरको जनसंख्या १८ कोटी छ भन्ने कुरा उल्लेख भएका पाइन्छ ।

५. अं. अ. क. I पृ. २०३

Downloaded from http://www.dhamma.digital

आ-आफ्ना पक्षका मानिसहरू सबैले थाहा पाए। यसो गर्नुभन्दा अगाडि उनी सारिपुत्र महास्थविरकहाँ गई "के तपाइले जमुनाको हाँगा उखेल्न लगाउनु भएको हो ?" भनी सोध्दा महास्थविरले "हो" भनी भन्नु भए पछि 'त्यसोभए मसँग प्रश्नोत्तर गर्नु पर्नेछ" भनी भन्दा महास्थविरले "हुन्छ" भनी भन्नु भएपछि नगरमा गई उपरोक्ताकारले प्रचार गरेको थिइन् भनी धम्मपदट्ठकथाले उल्लेख गरेको छ। त्यस पछि दुवै पण्डितहरूका वाद विवादहरू सुन्नुपर्छ भन्दै मानिसहरू उनीसँग लागेर गए भन्ने कुरा पनि उहीं ने समुल्लेख भएको छ[१]।

भोजनोप्रान्त अपराण्ह समयमा महास्थविर एक रुखमनी बसी-रहनु भएको बेलामा[२] कुण्डलकेशा परिव्राजिका लस्करहरूका साथ वहाँकहाँ आई, वहाँसँग कुशल-क्षेमका कुराकानी गरी, वन्दनागरी, एक छेउमा बसी[३] परिषदका बीच "भन्ते ! के तपाइले मेरो जमुनाको हाँगालाई उखेल्न लगाउनु भएको हो ?" भनी सोधिन्। महास्थविरले "हो" भनी परिषद्का बीच भन्नु भएपछि "भन्ते ! त्यसोभए हामीमा वाद विवाद हुनेछ" भनी भनिन्। "हुन्छ" भनी महास्थविरले भन्नु भए पछि "त्यसोभए, कसले पहिलो प्रश्न सोध्ने र कसले उत्तर

---

१. धम्म. प. अ. क. पृ. ३२४

२. अं. अ. क. I. पृ. २०३; थेरी. गा. अ. क. पृ. ८१

३. धम्म. प. अ. क. पृ. ३२४

Downloaded from http://www.dhamma.digital

दिने त ?' भनी सोध्दा "भगिनी ! प्रश्न सोध्ने पालो त हाम्रो हुनजर्ने हो, तैपनि तिमीले नै आफूले जानेका कुराहरू पहिले सोध" भनी भन्नु भयो । महास्थविरको अनुमति पाई कुण्डलकेशाले आफूले जानेका सबै एकहजार वादहरूका सम्बन्धमा प्रश्नहरू सोधिन् । महास्थविरले सोधे सोधेका प्रश्नहरूका उत्तरहरू दिनुभयो । अनि कण्ठस्थगरी पढी राखेका बाहेक अरू प्रश्न गर्न नसकी परिव्राजिका चुपलागेर बसिन्[1] ।

अनि महास्थविरले उनीसँग— "तिम्रा प्रश्नहरू यति मात्र हुन् कि अरू पनि छन् ?" भनी सोध्नु हुँदा उनले— "भन्ते ! यत्ति नै हुन्" भनी उत्तर दिइन्[2] ।

त्यस पछि महास्थविरले उनलाई भन्नु भयो—

"भद्रे ! तिमीले धेरै प्रश्नहरू सोधिसक्यौ, अब हामी पनि एक प्रश्न सोध्ने छौं ।"

"भन्ते ! सोध्नुहोस् ।"

"एउटा भनेको के हो ? (एक नाम कि ?)" भनी महास्थविरले सोध्नु भयो ।

कुण्डलकेशाले यस प्रश्नको न आदिलाई बुझ्न सकिन् न

---

१. अ. अ. क. I. पृ. २०३; थेरी. गा. अ. क. पृ. ८१

२. धम्म. प अ. क. पृ. ३२४

Downloaded from http://www.dhamma.digital

अन्त्य नै; बरू अन्धकारमा परेको जस्तो भई[1] "भन्ते ! जान्दिन" भनी उत्तर दिइन् ।

महास्थविरले "यत्ति त जान्दिनौ भने अरू के जान्न सक्ल्यौ र[2]" भन्नु हुँदै कुण्डलकेशालाई धर्मका उपदेशहरू गर्नु भयो[3] । उनी त्यहीं नै महास्थविरको पाउमा परी "भन्ते ! तपाइको शरणमा पर्छु" भनी विन्ति गरिन् ।

"भद्रे ! मेरो शरणमा पर्ने होइन, देवसहित मनुष्यलोकमा अग्रपुरुष हुनुभएका भगवान् बुद्धको शरणमा पर[4] । वहाँ भगवान् अहिले प्रमुख विहारमा बसिरहनु भएको छ[5] ।"

"हवस्, भन्ते ! त्यस्तै गर्नेछु" भनी कुण्डलकेशा परिव्राजिका संध्या समयमा भगवान्ले धर्मोपदेश गर्ने बेलामा, त्यहाँ गई भगवान्लाई पश्चाङ्ग प्रतिष्ठित-वन्दनागरी एक छेउमा उभिइरहिन्[6] । एक छेउमा उभिइरहेकी कुण्डलकेशाको चित्तवृत्तिलाई बुझ्नु भई भगवान्ले

---

१. थेरी. गा अ. क. पृ. ८१

२. अं. अ. क. I. पृ. २०३; थेरी. गा. अ. क पृ. ८१

३. थेरी. गा अ. क. पृ. ८१

४. थेरी. गा. अ. क. पृ. ८१; अं. अ. क. I. पृ. २०३

५. अं. अ. क. I. पृ. २०३

६. अं. अ. क. I. पृ. २०३ : एककनिपातवण्णना, भद्दाकुण्डलकेसा-थेरी; थेरी गा. अ. क. पृ. ८१ : कुण्डलकेसाथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

'थेरीअपदानपालि' अनुसार उनलाई स्कन्ध[1], आयतन[2] धातु[3], अशुभभावना[4] तथा अनित्य दुःखादि सम्बन्धका उपदेशहरू र विदर्शनाको बारेमा पनि उपदेश गर्नु भयो। धर्मोपदेश सुनिसके पछि कुण्डलकेशाले उहीं नै धर्मचक्षुलाई विशुद्ध पारिन्। त्यस पछि

कुण्डलकेसाले उत्तर दिन नसकेका कुराहरूका सम्बन्धमा धम्मपदट्ठकथाले निम्नप्रकार उल्लेख गरेको छ—

"प्रश्नको उत्तर दिन नसके पछि कुण्डलकेशाले महास्थविरसँग 'भन्ते! यसलाई के प्रश्न भन्दछन्?' भनी सोध्दा महास्थविरले 'यसलाई बुद्ध-प्रश्न भन्दछन्' भनी भन्नु भएको सुनी कुण्डलकेशाले 'भन्ते! त्यसोभए, यो प्रश्न मलाई पनि सिकाइ दिनुहोस्' भनी विन्ति गर्दा महास्थविरले 'म जस्तै हुन सकेमा मात्र पाउनेछ्यौ भनी भन्नु भयो। अनि उनले बुद्ध धर्ममा प्रव्रज्या मागे पछि महास्थविरले भिक्षुणी सङ्घकहाँ पठाई प्रव्रजित गराउनु भयो।" धम्म. प. अ. क. पृ. ३२४: कुण्डलकेसित्थेरियावत्थु।

१. हेर माथि पृ. ४६० सोणा स्थविर-गाथाको पादटिप्पणीमा।

२. हेर माथि पृ. ११२ अनात्मकथामा।

३. हेर माथि पृ. ४६० को पादटिप्पणीमा।

४. हेर माथि पृ. २१५ खेमाथेरीकथाको पादटिप्पणीमा।

Downloaded from http://www.dhamma.digital

प्रव्रज्या र उपसम्पदा पनि मागिन्[1] । तथागतले उनलाई भिक्षुणी-सङ्घमा पठाई प्रव्रज्या र उपसम्पदा गर्न लगाउनु भयो[2] ।

अरहत्व-लाभ

उपसम्पन्ना भइसके पछि खुट्टा पखालेको पानीमाथि अनित्य, दुःख तथा अनात्मको निमित्त लिई विदर्शना भावना उत्पन्न गरी, चतु-प्रतिसम्भिदा-ज्ञान सहित अरहत्व लाभ गरेका कुरा थेरीअपदान-पालिले उल्लेख गरेको छ । भद्रा कुण्डलकेशा स्थविराले पछि आफ्नो चरितका कुराहरू उल्लेख गर्नु हुँदै यस कुरालाई स्वयं अपदान-पालिमै उल्लेख गर्नु भएको छ[3] । जुन कुराहरू तल "भद्रा कुण्डल-केशा स्थविरापदान" शीर्षकको गा. नं. ४४–४६ मा अनुवाद भएका छन् ।

अङ्गुत्तरनिकायट्ठकथा (I. पृ. २०३) र थेरीगाथट्ठकथा (पृ. ८१, ८४) अनुसार—कुण्डलकेशाले "सहस्समपि चे गाथा[4]" भन्ने बुद्धको उपदेश सुनी अरहत्व प्राप्त गरे पछि भिक्षुणी निवास-

---

१. थेरी. अप. दा. पा. पृ. २३८ : कुण्डलकेसाथेरीअपदानं, गा. नं. ४२–४३

२. थेरी. गा. अ. क. पृ. ८५ : कुण्डलकेसाथेरीगाथट्ठकथा ।

३. थेरी. अप. दा. पा. पृ. २३८

४. धम्म. प. पा. पृ. २७ : सहस्सवग्गो, गा. नं. १०१

Downloaded from http://www.dhamma.digital

स्थानमा गई प्रव्रज्या र उपसम्पदा भएको कुरा बुझिन्छ ।

थेरीगाथापालि—अनुसार भने राजगृहको गृद्धकूट पर्वतमा बुद्ध भगवान्‌लाई भेटे पछि उपसम्पदा भएको कुरा बुझिन्छ[1] । किन्तु अर्थकथाले भने यस सम्बन्धमा कुनै पष्टिकरण दिएको छैन ।

धम्मपदट्ठकथा (पृ. ३२४) अनुसार—कुण्डलकेशा प्रव्रजित तथा उपसम्पदा भइसके पछि वहाँलाई 'कुण्डलकेशा स्थविरा" भनी सबैले भन्नथाले । केहीदिन पछि प्रतिसम्भिदा-ज्ञान सहित वहाँले अरहत्व पनि साक्षात्कार गर्नु भयो ।

एक दिन, धर्मसभामा "अहो कुण्डलकेशा स्थविरा ! वहाँले धर्म श्रवण गरेको पनि धेरै भएको छैन, तर प्रव्रजित भएको परमार्थ भने तुरन्तै पूरा गर्नु भयो । एक चोरसँग भएको महासंग्रामबाट विजय प्राप्त गरी आउनु भएको छ" भन्ने आदि कुराहरू चलिरहेको बेलामा धर्मराज तथागत सम्यक् सम्बुद्ध धर्मसभामा आइपुग्दा सबै चुपलागे पछि वहाँले उपस्थित परिषद्‌सँग "के कुरा चलिरहेको थियो ?" भनी सोध्नुहुँदा परिषद्‌ले भइरहेका चर्चाका कुराहरू विन्ति गरे पछि भगवान्‌ले— "भिक्षुहो ! मेरो धर्मलाई थोरै वा धेरै भनी कुनै पदहरूद्वारा नाप्न सकिन्न । अर्थ रहित पदहरू युक्त शथगाथाहरू

---

१. थेरी. गा. पा. पृ. ४१९ : भद्दाकुण्डलकेसाथेरीगाथा । यी गाथाहरूका अनुवाद तल "भद्रा कुण्डलकेशा स्थविरा गाथा" शीर्षकमा भएका छन् ।

Downloaded from http://www.dhamma.digital

सुन्नु र भन्नुभन्दा अर्थयुक्त एकै गाथा भए पनि सुन्नु र भन्नु नै श्रेयस्कर छ। त्यस्तै, जतिसुकै बाहिरी चोरहरूलाई जिते तापनि त्यसलाई जितेको भन्न सकिन्न; परन्तु जसले आध्यात्मिक क्लेशरूपी चोरहरूलाई जित्न सक्छ उसैलाई 'जित्ने' भनी भन्न सकिन्छ। किनभने यी चोरहरूलाई जितिसकेपछि पुनः पराजित होइएला भन्ने सवालै उठ्दैन" भनी भन्नुहुँदै यसै कुराको सिलसिलामा वहाँले निम्न गाथाहरू पनि सुनाउनु भयो[1]—

'यो च गाथा सतं भासे, अनत्थपदसंहितं।
एकं धम्मपदं सेय्यो, यं सुत्वा उपसम्मति॥

"यो सहस्सं सहस्सेन,सङ्गामे मानुसे जिने।
एकञ्चजेय्यमत्तानं, सवे सङ्गामजुत्तमो[2]॥"

अथ—

"अर्थ रहित पदहरूले युक्त शयगाथाहरू भन्नुभन्दा एकैवटा भए पनि अर्थ युक्त गाथापद भन्नु नै श्रेयस्कर छ; जुन गाथा सुनेर सबै क्लेशहरू उपसाम्य हुन सक्छन्। संग्राममा हजारौं हजार मानिसहरूलाई जित्नुभन्दा लोभादि क्लेशहरू निरुद्ध गरी आफू 'एक' लाई जित्नु नै सर्वोत्तम विजय हो; जुन विजय प्राप्त भएपछि फेरि परा-

---

१. धम्म. प. अ. क. पृ. ३२४ : कुण्डलकेसित्थेरियावत्थु।

२. धम्म. प. पा. पृ. २७ : सहस्सवग्गो, गा. नं. १०२, १०३

Downloaded from http://www.dhamma.digital

जय हुने सम्भावना नै हुँदैन ।"

अर्को एक दिन, धर्मसभामा— "भद्रा कुण्डलकेशा स्थविराले कति चाँडै धर्मविबोध गर्नु भएको" भन्दै गुण-कथाहरू चलिरहेको कारणलाई ध्यानमा राखेर भगवान्ले वहाँलाई क्षिप्राभिज्ञा भिक्षुणीहरूमध्येमा "अग्र छिन्" भनी औपचारिक रूपमा घोषणा गर्नु भएको हो[1] । यो कुरा तल 'अग्रस्थान" भन्ने शीर्षकको मूल सूत्रले पनि उल्लेख गरेकै छ ।

यसरी अरहत् हुनु भई अग्रस्थानको पद पनि प्राप्त गरिसक्नु भएपछि एक दिन, एकान्तमा बसी वहाँले आफ्ना पहिलेका कुराहरू संस्मरण गर्दा मनमा उत्पन्न भएका प्रीतियुक्त कुराहरूलाई गाथा-बद्ध-गरी प्रकट गर्नु भएका उद्गार वाक्यहरूलाई तल "भद्रा कुण्डलकेशा स्थविरा-गाथा" शीर्षकमा अनुवाद गरिदिएको छु ।

यस्तै गरी अर्को एक दिन, आफ्ना परापूर्वकालका कुराहरू संस्मरण गर्दा मनमा उत्पन्न भएका प्रीतियुक्त गाथाहरू तथा वर्तमान जीवनका कुराहरू समेत स्वयं वहाँले "थेरीअपदानपालि" मा समुल्लेख गर्नु भएको छ । यो अपदान पनि तलकै "भद्रा कुण्डलकेशा

---

१. अं. नि. अ. क. I. पृ. २०३ : एककनिपातवण्णना, भद्राकुण्डलकेसा । खिप्राभिज्ञा भिक्षुणीहरूमध्येमा भद्रा कुण्डलकेशा स्थविरा अग्र हुनु भए झैं भिक्षुहरूमध्येमा बाहीय दारुचीरिय स्थविर अग्र हुनुहुन्छ । अं. नि-१ पृ. २४ : एतदग्गवग्गो ।

Downloaded from http://www.dhamma.digital

स्थविरापदान'' शीर्षकमा अनुवाद गरिदिएको छु । यस अपदानमा बहाँका वर्तमान जीवन सम्बन्धी केही कुराहरू पनि प्रकाश भएका छन् ।

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

१—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं खिप्पाभिञ्ञानं यदिदं भद्दा कुण्डलकेसा[1]।"

अर्थ—

"भिक्षुहो ! मेरा क्षिप्राभिज्ञा (=चाँडै धर्मावबोध गर्ने) भिक्षुणी आविकाहरूमध्येमा भद्रा कुण्डलकेशा (=भद्दा कुण्डलकेसा) अग्र छिन्।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २००

Downloaded from http://www.dhamma.digital

मूल पालि –

२–भद्रा कुण्डलकेशा स्थविरा-गाथा

१– " [1]लूनकेसी पङ्कधरी, एकसाटी पुरे चरिं ।
अवज्जे वज्जमतिनी, वज्जेचावज्जदस्सिनी ॥

२– "दिवाविहारा निक्खम्म, गिज्झकूटम्हि पब्बते ।
अद्दसं विरजं बुद्धं, भिक्खुसङ्घ पुरक्खतं ॥

३– "निहच्च जाणुं वन्दित्वा, सम्मुखा अञ्जलिअकं[2] ।
एहि भद्देति मं[3] अवच, सा मे आसूपसम्पदा ॥

४– "चिण्णा अङ्गा च मगधा, वज्जी कासी च कोसला ।
अनणा[4] पण्णास वस्सानि, रट्ठपिण्डं अभुञ्जहं ॥

---

१. थेरी गा. पा. पृ. ४१९ : भद्दाकुण्डलकेसाथेरीगाथा, अ. क. पृ. ७९

२ स्याममाः 'अञ्जली अहं; रोमनमाः 'अञ्जलि अहं' ।

३. स्याम र रोमनमा छैन ।

४. सिंहलमाः 'अणान' ।

Downloaded from http://www.dhamma.digital

५– "पुब्बं[1] वत पसवति[1] बहुं, सप्पञ्ञो[2] वतायं[2] उपासको।
यो भद्दाय चीवरं अदासि, विप्पमुत्ताय[3] सब्ब-गन्थेही[3] ति[3]॥"

अर्थ—

१– "निर्दोषलाई दोष र दोषलाई निर्दोष संझी, केश उखिलिएकी, दाँतमा मैलो परेकी तथा एकवस्त्र धारिणी भई म अघि विचरण गरें।

२– "दिवाविहारबाट बाहिर निस्केकी मैले विरज बुद्धलाई भिक्षुसङ्घका अगाडि गृद्धकूट पर्वतमा देखें।

३– "अनि, दुवै घुँडाले भुइमा टेकी, दशओंला जोरी बुद्धको सम्मुख वन्दना गरें; 'आऊ भद्रे!' भनी वहाँले भन्नुभयो र सोही वचन नै मेरोनिमित्त उपसम्पदा भयो[4]।

---

१. सिंहलमा: 'पुब्बं च पसवी'।

२ स्याममा: 'सप्पञ्ञोयं'।

३. स्याम र रोमनमा: 'मुत्ताय सब्बगन्थेहि'।

४. यहाँ 'उपसम्पदा भयो' भन्नाको मतलब बुद्धले 'आऊ, त्यसो भए भिक्षुणीहरूकहाँ गई उपसम्पन्न होऊ' भनी भन्नु भएको हो भनी थेरी गा अ. क. पृ. ८५ ले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

४– "अङ्ग, मगध, वज्जी, काशी तथा कोशल देशहरूमा विचरण गरी (ऋणी भई) मैले राष्ट्रपिण्ड खाएँ; अऋणी भई राष्ट्रपिण्ड खाएको पचासवर्ष भयो ।

५– "ती स-प्राज्ञ उपासकहरूले पुण्य पाए—जसले सबै ग्रन्थी न भएको तथा विमुक्त भएको म भद्रालाई चीवर प्रदान गरे[1] ।"

× × ×

Dhamma.Digital

१. भद्रा कुण्डलकेशा अरहत् भइसक्नु भएपछि एक दिन, अघिका घटनाहरूलाई संस्मरण गर्नु हुँदा मनमा उत्पन्न भएका प्रीति-लाई उदानको रूपमा यी गाथाहरू प्रकट गर्नु भएको हो भनी थेरी. गा. अ. क. पृ. ८४ मा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—भद्रा कुण्डलकेशा स्थविरापदान

१— " [1]एकलाख कल्प अघि सबै धर्ममा पारङ्गत हुनु भएका पदुमोत्तर (=पदुमुत्तर) भन्ने जिन नायक उत्पन्न हुनु भयो।

२— "त्यस बखत म, हंसवती नगरमा नाना रत्नादि भरिपूर्ण भएको एक महासुखसम्पन्न कुलगृहमा जन्में।

३— "एक दिन, महावीरकहाँ धर्मोपदेश सुनी अत्यन्त प्रसन्न भई म वहाँकै शरणमा गएँ।

४— "त्यस बखत पदुमोत्तर बुद्धले शुभ भन्ने भिक्षुणीलाई क्षिप्राभिज्ञाहरूमध्येमा अग्रस्थानमा राख्नु भयो।

५— "त्यो सुनेर मुदित भई महर्षिलाई दान दिएर मैले पनि सो स्थानकोनिमित्त प्रार्थना गर्दै वहाँलाई शीरले ढोगें।

६-८— "महावीरले अनुमोदन गर्नुहुँदै भन्नुभयो— 'भद्रे! तिमीले जुन प्रार्थना गऱ्यौ तो सबै पूरा हुने छन्; शान्त भई सुखिनी

---

१. थेरी. अप. दा. पा. पृ. २३५ : कुण्डलकेसाथेरीअपदानं।

Downloaded from http://www.dhamma.digital

होऊ ! यहाँदेखि एकलाख कल्पपछि ओक्काक कुलका गौतम गोत्रमा एक शास्ता लोकमा उत्पन्न हुनेछन् । वहाँको धर्ममा दायाद प्राप्त गरी धर्मनिर्मित औरस पुत्री भई, भद्रा कुण्डलकेशा भन्ने नामले तिमी शास्ताको श्राविका हुनेछ्यौ ।'

९– "त्यस सुकृत्य कर्मद्वारा र चेतना प्रणिधीद्वारा मनुष्यदेह छाडी म त्रयस्त्रिंश लोकमा पुगें ।

१०– "त्यहाँबाट च्युत भई यामालोकमा, त्यहाँबाट च्युतभई तुषितलोकमा, त्यहाँबाट पनि च्युत भई निर्माणरतिलोकमा र त्यहाँबाट च्युत भई वर्शवर्तीलोकमा उत्पन्न भएँ ।

११– "त्यो कर्मको वेगले जहाँ जहाँ उत्पन्न भएँ त्यहाँ त्यहाँ राजाहरूका महिषीत्व प्राप्त गरें ।

१२– "त्यहाँबाट च्युत भई मनुष्यलोकमा चक्रवर्ती तथा मण्डली राजाहरूका महिषीत्व प्राप्त गरें ।

१३– "देव-मनुष्यलोकमा सम्पत्तिहरू अनुभोग गर्दै, सबै ठाउँमा सुखिनी भई, अनेक कल्पहरूसम्म मैले संसार विचरण गरें ।

भद्रकल्पमा

१४– "यस भद्र कल्पमा काश्यप गोत्रमा ब्रह्मबन्धु हुनु भएका, महायश प्राप्त, उत्तम धर्मोपदेश गर्ने बुद्ध उत्पन्न हुनुभयो ।

Downloaded from http://www.dhamma.digital

१५– "त्यस बखत वाराणशीका नरेश्वर किकी[1] भन्ने राजा महर्षिका उपस्थाक थिए ।

१६-१८– "म वहाँको भिक्षुदायी भन्ने काँहिली छोरी भएकी थिएँ; जिनाग्र बुद्धको धर्मसुनी प्रव्रजित हुनचाहें; किन्तु हाम्रा पिताले अनुमति दिनुभएन; अनि घरमै बसी हामीहरूले बीसहजार वर्षसम्म अप्रमादी भई विचरण गर्‍यौं । सुखमा अभिवृद्धि भएका हामी सात राजकन्याहरूले कौमारी-ब्रह्मचर्य पालन गरी, मुदित चित्त लिई निरन्तर बुद्धको उपस्थान गर्‍यौं ।

१९– " (ती सात कन्याहरू हुन्)—श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा तथा सातौं सङ्घदायिका ।

२०– " (हाल ती सात हुन्)—क्षेमा, उत्पलवर्णा, पटाचारा, म, कृषागौतमी, धर्मदिन्ना अनि सातौं विशाखा (उपासिका) ।

२१– "ती सुकृत्य कर्महरूद्वारा, चेतना प्रणिधीद्वारा मनुष्यदेह छाडी म त्रयस्त्रिंश भवनमा उत्पन्न भएँ ।

वर्तमान कथा

२२-२३– "यो मेरो अन्तिम जन्ममा म, उत्तमगिरिव्रज

---

१. किकी राजा स्रोतापन्न थिए भन्ने कुरा पपं. सू. III पृ. १९४: घटिकारसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

(= राजगृह नगरमा) एक समृद्धशाली कुलमा जन्मे ; यौवन अवस्थामा छँदा एक चोरलाई मार्न लगिरहेको देखेर म उसमाथि आसक्त भएँ । अनि मेरा पिताले एकहजार (घुष) दिई उसलाई वधबाट मुक्त पार्नु भयो[१] ।

२४– "मेरो मनोभावलाई बुझी पिताले मलाई उनलाई दिनु भयो; म उनको अत्यन्त विश्वासी, दयालु तथा अतिहितैषिनीथिएँ ।

२५– "भूषणको लोभलेगर्दा 'भाकल पूरा गर्नु छ' भनी उनले मलाई चोर-प्रपात (= चोरहरूलाई खसालि मार्ने पहाडको टुप्पो) मा लगी पर्वतबाट खसाली मार्ने कुनियत गरे[२] ।

२६– "अनि 'शत्रुक' लाई (चोरको नाम) नमस्कार गरी

---

१. "पच्छिमे च भवे दानि, गिरिब्बजपुरुत्तमे ।
जाता सेट्ठिकुले फीते, यदाहं योब्बने ठिता ।।
"चोरं वधत्थं नीयन्तं, दिस्वा रत्ता तहिं अहं ।
पिता मे तं सहस्सेन, मोचयित्वा वधा ततो ।।" थेरी. अप.
दा. पा. पृ. २३६ : कुण्डलकेसाथेरीअपदानं ।

२. "सो मे भूसनलोभेन, बलिमज्झासयो दिसो ।
चोरप्पपातं नेत्वान, पब्बतं चेतयी वधं ।।" थेरी. अप.
दा. पा. पृ. २३६

Downloaded from http://www.dhamma.digital

राम्ररी दश औंला जोरी, आफ्नो प्राण रक्षागर्न मैले यस्तो भने[1] —

२७– "हे भदन्त ! यो सुवण-चूरीहरू, यी मोती र वैदूर्यका मालाहरू सबै लिनुहोस् र मलाई दासी भनी घोषणा गर्नुहोस् ।

२८– " (चोरले भन्यो)— 'हे कल्याणी ! धेरै विलाप नगर सबै गहनाहरू फुकाल; न मारीकन कहीलेयै धन हरण गरेको कुरा मलाई थाहा छैन ।'

२९– " (कुण्डल केशाले भनिन्)— 'जहांसम्म मलाई ज्ञान छ, मैले जानेदेखि तपाइभन्दा प्रियतर अरू कुनै मलाई थाहा छैन ।

३०– 'अब उप्रान्त तपाइ र मेरो पुनर्मिलन हुने छैन; अतएव म तपाइलाई प्रदक्षिणा गरी आलिङ्गन गर्न चाहन्छु[2] ।'

३१-३३– "पुरुष मात्रै सबै ठाउँमा पण्डित हुँदैन, स्त्री पनि त्यस त्यस ठाउँमा पण्डितनी तथा विचक्षणा हुन्छे । पुरुष मात्रै सबै

---

१. "तदाहं पणमित्वान, भत्तुकं सुकतञ्जली ।
रक्खन्ती अत्तनो पाणं, इदं वचनमब्रवि ।।" थेरी. अप. दा. पा. पृ २३७

२. "एहि त उपगूहिस्सं, कत्वान तं पदक्खिणं ।
नं च दानि पुनो अत्थि, मम तुय्हं च सङ्गमो ।।" थेरी. अप. दा. पा. पृ. २३७

Downloaded from http://www.dhamma.digital

ठाउँमा पण्डित हुँदैन, स्त्री पनि तुरन्तै अर्थ बुझ्नसक्ने पण्डित्नी हुन्छे। समस्या उठ्ना साथ क्षणभरमै, तुरन्त विचार पुऱ्याई मैले त्यस बखत शत्रुकलाई मृग र बोकालाई कै वध गरें[१]।

३४-३५—"जसले उत्पन्न भएको समस्यालाई तुरन्तै बुझ्न सक्दैन—उ पर्वतमाथि मारिएको मन्दबुद्धि भएको चोर जस्तै हुन्छ। जसले उत्पन्न भएको समस्यालाई तुरन्तै बुझ्न सक्छ उ शत्रुको हातबाट मुक्त हुनसक्छ—जस्तै म त्यस बखत शत्रुकको हातबाट उम्कें[२]।

---

१. "न हि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो।
इत्थी पि पण्डिता होति, तत्थ तत्थ विचक्खणा॥
"न हि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो।
इत्थी पि पण्डिता होति, लहुं अत्थविचिन्तिका॥
(यी दुइ गाथाहरू कुण्डलकेशाको चातुर्यता देखी प्रशंसाको रूपमा पर्वतमा बस्ने देवताहरूले प्रकट गरेका हुन् भनी थेरी. गा अ. क. पृ ८० ले उल्लेख गरेको छ।)
"लहुं च वत खिप्पं च, निकट्ठे समचेतयि।
मिग उण्णा यथा एवं, तदाहं सत्तुकं वधि॥" थेरी. अप. दा. पा. पृ. २३७

२. "यो च उप्पतितं अत्थं, न खिप्पमनुबुज्झति।
सो हञ्ञते मन्दमति, चोरो व गिरिगब्भरे॥
"यो च उप्पतितं अत्थं, खिप्पमेव निबोधति।
मुच्चते सत्तुसम्बाधा, तदाहं सत्तुका यथा॥" थेरी. अप. दा. पा. पृ. २३७

Downloaded from http://www.dhamma.digital

३६– "अनि शत्रुकलाई दुर्गम पर्वतमा खसाली, स्वेत वस्त्र धारीहरूकहाँ गई प्रव्रजित भएँ[१] ।

३७– "मेरा सबै केशहरू सनासोद्वारा उखेलिदिई मलाई प्रव्रजित गराएर उनीहरूले निरन्तर (मलाई) आफनो सिद्धान्त (=समय) सिकाए[२] ।

३८– "अनि, त्यो (=सिद्धान्त) अध्ययन गरी एक दिन मैले, कुकुरलाई मनुष्य बनाउने त्यो सिद्धान्तको बारेमा एक्लै बसेर चिन्तन गरें[३] ।

३९-४१– "गाडि राखेको शाखालाई तितरबितर पारी ढालि राखेको देखी 'कसले ढाले को हो ?' भनी सोध्दा देखनेले 'शाक्य भिक्षुहरूले' भनी भनेको सुनी—छल-फल गर्न बुद्ध श्रावकहरूकहाँ गएँ; वहाँहरूले मलाई बुद्ध श्रेष्ठकहाँ लैजानु भयो (=ते ममादाय गच्छिसु, बुद्धसेट्ठस्स सन्तिकं) ।

---

१. "तदाहं पातयित्वान, गिरिदुग्गम्हि सत्तुकं ।
सन्तिकं सेतवत्थानं, उपेत्वा पब्बजिं अहं ।।"

२. "सण्डासेन च केसे मे, लुञ्चित्वा सब्बसो तदा ।
पब्बजित्वान समयं, आचिक्खिसु निरन्तरं ।। थेरी. अप॰ दा. पा. पृ. २३७

३. "ततो तं उग्गहेत्वाहं, निसीदित्वान एकिका ।
समयं तं विचिन्तेसिं, सुवानो मानुसं करं ।।" थेरी. अप. दा. पा. पृ. २३८

Downloaded from http://www.dhamma.digital

४२– "वहाँ नायकले मलाई स्कन्ध, आयतन तथा धातुहरूको बारेमा उपदेश सुनाउनुभयो; फेरि अशुभ, अनित्य, दुःख तथा अनात्मको बारेमा पनि उपदेश सुनाउनुभयो।

४३– "वहाँको धर्मोपदेश सुनिसकेपछि धर्मचक्षु विशुद्ध पारें अनि सद्धर्मलाई जाने पछि मैले प्रव्रज्या र उपसम्पदा मागें[१]।

४४-४६– "यसरी मागे पछि नायकले 'आऊ, भद्रे !' भनी भन्नु भयो। अनि उपसम्पन्न भइसके पछि खुट्टा पखालेको पानीलाई देखेर उदयव्ययलाई बुझी, सबै संस्कारहरू यस्तै हुन् भन्ने मैले विचार गरें। अनि मेरो चित्त उपादान रहित भई सर्वप्रकारले विमुक्त भयो। त्यस बखत जिनले क्षिप्राभिज्ञाहरूमध्येमा मलाई अग्रस्थानमा राख्नु भयो[२]।

---

१. "तस्स धम्मं सुणित्वाहं, धम्मचक्खुं विसोधयिं।
ततो विञ्ञातसद्धम्मा, पब्बज्जं उपसम्पदं ।।" थेरी. अप. दा. पा पृ. २३८

२. "आयाचितो तदा आह, एहि भद्देति नायको।
तदाहं उपसम्पन्ना, परित्तं तोयमद्दसं ।।
"पादपक्खालनेनाहं, लद्धा सउदब्बयं।
तथा सब्बे पि सङ्खारे, ईदिसं चिन्तयिं तदा ।।
"ततो चित्तं विमुच्चि मे, अनुपादाय सब्बसो।
खिप्पाभिञ्ञानमग्गं मे, तदा पञ्ञापयि जिनो ।।" थेरी. अप. दा. पा. पृ. २३८

Downloaded from http://www.dhamma.digital

४७– "ऋद्धि र दिव्यश्रोतलाई वशीभूत गरें, परचित्तलाई पनि जानें तथा शास्ताको शासनलाई पनि पूरा गरें।

४८– "पूर्वेनिवासलाई जानें, दिव्यचक्षुलाई विशुद्ध पारें, सबै आस्रवहरूलाई छेदनगरी विशुद्ध र निर्मल भएँ।

४९– "मैले शास्तालाई चिनें, बुद्ध शासनलाई पूरा गरें; गरुँगो भारलाई बिसाइसकें तथा भवजालहरूलाई निर्मूल पारें।

५०– "जसकोनिमित्त प्रव्रजित भएको थिएँ त्यो मेरो अर्थ पूरा भयो, सबै संयोजनहरू पनि परिक्षीण भइसके।

५१– "बुद्धको शासनमा बसी अर्थ, धर्म, निरुक्ति र प्रतिभाण-ज्ञानहरू निर्मल भए।

५२– "सबै क्लेशहरू भस्म भए, भव-तृष्णाहरू निर्मूल भए, बन्धनबाट मुक्त हात्ती जस्तै अनास्रवी भई म विहार गर्दछु।

५३– "बुद्धको अगाडि मेरो स्वागत नै भएको छ, तीन विद्या-हरू प्राप्त गरें, बुद्ध शासन पनि पूरा गरें।

५४– "चतुप्रतिसम्भिदा, अष्टविमोक्ष तथा षडभिज्ञलाई साक्षा-त्कार गरें, बुद्ध शासन पूरा गरें।

Downloaded from http://www.dhamma.digital

१०. भद्रा कापिलानी स्थविरा

परिचय

भद्रा कापिलानी स्थविराको जन्म मद्रदेशको शागल नगरको अत्याढ धनसम्पत्ति हुने कपिल ब्राह्मणको कुलमा भएको थियो। गृहस्थी छोडा वहाँको शुभ विवाह मगध देशका कौशिक ब्राह्मणका पुत्र पिप्फलायन माणवसँग भएको थियो[1]। गृहत्याग गरे पछि दुवै जना बुद्धकहाँ भिक्षु र भिक्षुणी भए। भिक्षुणी भइसके पछि भद्रा कापिलानी स्थविराले पूर्वनिवास-ज्ञान प्राप्त गर्ने भिक्षुणी-हरूमध्येमा अग्रस्थान प्राप्त गर्नुभयो। वहाँको सम्बन्धमा यहाँ परिचय उल्लेख गर्ने प्रयास गरेको छु।

जन्म

भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि भद्रा कापि-

---

१. यस परिचयमा मैले 'थेरीअपदानपालि' मा उल्लेख भए बमोजिम वहाँका आमा बाबुहरूका नामहरू र देशका नामहरू उल्लेख गरेको छु। त्यसैले यसमा अर्थकथाहरूले उल्लेख गरेका नामहरूबाट फरक देखिने छ।

Downloaded from http://www.dhamma.digital

लानिको जन्म मद्द[1] (=मद्र) देशका शागल नगरमा अत्याध धनसम्पत्ति हुने कपिल ब्राह्मणकी पत्नी सुचीमती[2] ब्राह्मणीको कोखमा भएको थियो। क्रमशः ठूली भएर सोह्र (१६) वर्षको

---

१. मद्रदेश भनेको वर्तमान समयमा कहाँ पर्छ भन्ने बारेका कुरा लेखकको बु. रा. पृ. ३ को पादटिप्पणीमा उल्लेख भएको छ र शागल नगर कहाँपर्छ भन्ने कुरा पनि उहीं उल्लेख भएको छ।

२. आफू फलाना ठाउँमा र फलानाकी पुत्री भई जन्मेकी थिएँ भनी स्वयं भद्राले थेरीअपदानपालिमा यसरी उल्लेख गर्नु भएको छ—

"अहं मद्दे जनपदे, साकलाय पुरुत्तमे।
कपिलस्स दिजस्सासिं, धीता माता सुचीमति॥"

थेरी. अप. दा. पा. पृ. २५८ : भद्राकापिलानीथेरीअपदानं, गा. नं. ५१; तर स. नि. अ. क. II. पृ. १४३ : चीवरसुत्त-वण्णना, कस्सपसुत्तवण्णना; थेरी. गा. अ. क. पृ. ५४ : भद्रा-कापिलानीथेरीगाथट्ठकथा; अं. नि. अ. क. I. पृ. ९९ : एक-कनिपातवण्णना, महाकस्सप; थेर. अप. दा. अ. क. पृ. २१७: महाकस्सपथेरअपदानं तथा थेर. गा. अ. क. II. पृ. १४१: महाकस्सपथेरगाथा मा भने कौशिक ब्राह्मणको कुलमा जन्मेको हो भन्ने कुरा उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

उमेरमा पुग्दा उता, मगध देशका महातीर्थ ब्राह्मण गाउँको कौशिक गोत्र ब्राह्मणकी पत्नी सुमनदेवीका कोखमा जन्मेका[1] पिप्फलायन[2] माणवको उमेर बीस (२०) वर्ष पुगेको थियो[3]।

विवाह

एक दिन, पिप्फलायन माणवका आमा बाबुहरूले उनलाई "प्रिय पुत्र ! तिम्रो बंश पुगिसक्यो अब कुलवंश रक्षागर्नकोनिमित्त विवाह गर्नुपर्छ" भनी भन्दा माणवले यस्तो भने—

"भो माता हो ! मलाई यस्तो कुरा न सुनाउनुहोस् । तपाइहरू छउञ्जेल्सम्म तपाइहरूको हेरचाहगरी पछि म प्रव्रजित भएर जानेछु ।"

यो कुरा सुने पछि उनीहरू केही दिन चुपलागेर बसे । केही दिन बितेपछि पुनः सोही कुरा सुनाउन थाले र माणवले पनि

---

१. थेरीअपदान पृ. २५८, गा. नं. ५६ मा बाहेक अरू सबै अर्थ-कथाहरूले कपिल ब्राह्मणको कुलमा जन्मे भन्ने कुरा उल्लेख गरेका छन् ।

२. 'पिप्पली' र 'पिप्फली' पनि कहीं कहीं उल्लेख भएका पाइन्छन् । यहाँ चाहिं अपदानपालि अनुसार उल्लेख गरेको छु ।

३. अं. अ. क. I, पृ. ९९; स. नि. अ. क. II. पृ १४३; थेर. अप. दा. अ. क. पृ. २१७; थेर. गा. अ. क. II. पृ. १४१

Downloaded from http://www.dhamma.digital

त्यस्तै जवाफ दिए। माता पिताहरूले सोही कुरा बारम्बार भन्न थाले पछि, आमा बाबुहरूका कुरालाई प्रतीक्षेप गर्न नसकी "उपाय-द्वारा प्रतीक्षेप गर्नपऱ्यो" भन्ने विचार गरी माणवले एक सुवर्णकार-लाई बोलाई सुवर्णको एक सुन्दर कन्या बनाउन लगाई सुवर्ण कन्या तयार भएपछि, राता वस्त्रहरू पहिराई, नाना अलंकारहरूले अलंकृत पारी "यस्ती कन्या त पाउन सकिने छैन होला" भन्ने विचार गरी "आमा हो! यस्ती कन्या पाएमा मात्र विवाह गर्नेछु र घरमा पनि बस्ने छु। अन्यथा विवाह पनि गर्ने छैन, घरमा पनि बस्ने छैन[1] भनी भने[2]।

अनि, पण्डितनी भएकी ब्राह्मणीले "मेरो पुत्र पुण्यवान् हुनुपर्छ। उसले पूर्वजन्ममा संसारमा कुशल-कार्यहरू गर्दा एक्लै गरेको हो ओइन होला। अवश्य पनि अरू कुनै संगसंगै गरेको होला। त्यसले मेरो पुत्रले सुवर्ण-वर्ण समान कन्या खोजेको होला। अवश्य पनि उसको पुण्यको प्रभावले त्यस्ती कन्या कतै हुनुपर्छ" भन्ने सोची आठ ब्राह्मण-हरूलाई बोलाउन लगाई— "हे तात! यो सुवर्ण-रूप रथमा लगी, आपनो जाति तथा गोत्रसंग मिल्ने यस्ती सुन्दरी कन्या खोजेर यही सुवर्ण रूपलाई उपहार दिई एक कन्या ल्याउन पऱ्यो" भनी भनिन्।

---

१. अं. अ. क. I. पृ. ९९-१००

२. सं. नि. अ. क. II. पृ. १४३; थेर. अप. दा. अ. क. पृ. २१७; थेर. गा. अ. क. II. पृ. १४१ : महाकस्सपत्थेरगाथावण्णना।

Downloaded from http://www.dhamma.digital

"कन्या खोजेर ल्याउने काम हाम्रो हो" भन्दै तीं ब्राह्मणहरू घरबाट निस्केर "अब, कुन देशमा यस्तो कन्या पाउन सकौंला" भन्ने सोची सबैको सल्लाहले "मद्ददेशको शागल नगर राम्री कन्या-हरूको घर हो; अवश्य नै त्यहाँ त्यस्तो कन्या पाउन सकिने छ" भन्ने निश्चय गरी उनीहरू शागल नगरतिर लागे। त्यहाँ पुगेपछि एक नुहाउने तीर्थस्थानमा सो सुवर्ण-रूप एक ठाउँमा राखी उनीहरू एक पाखामा बसे[1]।

त्यस बखत भद्राल्याई नुहाई अलंकृत पारी श्री कोठामा राखी आफ् नुहाउनकोनिम्ति सो धाई त्यहां तीर्थस्थानमा गई। त्यहाँ उसले त्यो सुवर्ण-रूप देखेर "आफ्नो मालिककी छोरी भन्ने ठानी" आश्चर्य-मानी हल्काउँदै "कस्तो दुर्विनीता रहिछ्यो, कोठामा राखेर आएको त यहाँ पो एक्लै आइरहेकी, किन यहाँ आएकी ?" भन्दै गालामा हिर्काउँदा[2] हात् दुखेपछि "मूर्ति पो रहेछ" भन्ने बुझी लाजमान्दै "हाम्रा मालि-ककी छोरीकी दासी जस्ति पनि राम्री छैन" भनी भनी।

पाखातिर बसी हेरिरहेका तीं ब्राह्मणहरूले यो घटना देखी

---

१. सं. नि. अ. क. II. पृ. १४३; थेर. अप. दा. अ. क. पृ. २१७-१८; थेर. गा. अ. क. II. पृ. १४२; अं. अ. क. I. पृ. १००

२. सं. नि. अ. क. II. पृ. १४४; तर थेर. अप. दा. अ. क. पृ. २१८; अं नि. अ. क. I. पृ. १०० र थेर गा. अ क II. पृ. १४२ मा भने आङमा हिर्काएको कुरा उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

उसँग 'हे नानी ! के तिम्रो मालिकको यति राम्री छोरी छन् ?" भनी सोध्दा उसले "यो त के, यो भन्दा धेरै दोब्बर राम्री छन् । हाम्रा मालिककी छोरी बस्ने कोठामा बत्ती नै चाहिन्न, बश बाह्र हातसम्म त्यसै उज्यालो देखिन्छ" भन्दै भद्राको खूब बयान सुनाई । अनि उनीहरू सो लंगडी[1] धाइसँगै कपिल ब्राह्मणको घरद्वारमा गए । उनीहरू आएका देखी कपिल ब्राह्मणले उनीहरूसँग कुशलक्षेम कुरा गरी "तपाइहरू कहाँबाट आउनु भएको हो ?" भनी सोधे ।

उनीहरूले "हामीहरू मगधदेशको महातीर्थ ब्राह्मण गाउँबाट आएका हौं" भनी जवाफ दिए ।

"किन आउनु भएको नि ?" भनी कपिल ब्राह्मणले सोध्दा उनीहरूले आएका कारणहरू सबै बताए पछि कपिल ब्राह्मण खुशी भई "राम्रै भयो, समान जाति तथा समान धनसम्पत्ति हुने ब्राह्मण कुलमाई मेरी छोरी दिनेछु" भन्दै उपहार ग्रहण गरे । त्यस पछि ती ब्राह्मणहरूले कौशिक ब्राह्मणलाई "हामीले सुयोग्य कन्या पायौं, त्यहाँ चाहिने बन्दोबस्त मिलाउनुहोस्" भनी मगधदेशमा खबर पठाए[2] ।

यता, आफूलाई मगधदेशका पिप्फलायन माणवलाई

---

१. थेर. गा. अ. क. II. पृ. १४२ : महाकस्सपत्थेरगाथावण्णना ।

२. सं. नि. अ. क. II. पृ. १४४; थेर. गा अ. क. II. पृ. १४२; थेर. अप. दा. अ. क पृ. २१८; अं नि. अ. क. I. पृ. १००

Downloaded from http://www.dhamma.digital

दिने कुरा सुनेर चिन्तित भएकी भद्राले विवाह गर्ने आफ्नो इच्छा नभएको कुरा जनाउँदै पिप्फलायन माणवलाई एक गुप्त-पत्र लेखेर पठाइन्— "आर्यपुत्र ! आफ्नो समान कुलगोत्रका अरू कुनै कन्यासँग विवाह गर्नुहोस् । मेरो विवाह गर्ने इच्छा छैन । म त पछि अवश्य नै प्रव्रजिता भएर जानेछु । अतएव पछि तपाई पछुताउन नपरोस भन्ने हेतुले अहिले नै सूचित गरेकी छु ।"

उता, जब पिप्फलायन माणवले "त्यस्ती कन्या पाइयो, विवाहकोनिमित्त चाहिने प्रबन्ध गर्ने खबर आयो" भन्ने खबर सुने तब उनले सोचे "मैले त विवाह गर्न न परोस् भन्ने हेतुले तथा त्यस्ती कन्या पाउन सक्ने छैनन् होला भन्ने विचारले त्यो रूप बनाउन लगाएको थिएँ । तर अब झन त्यस्ती कन्या पाइयो' भन्ने खबर पठाउँछन् । विचरा कन्याको जीवन बरबात हुन नपाओस्" भन्ने विचार गरी "हे भद्रे ! आफ्नो समान कुलगोत्रका अरू कुनै कुमार-सँग विवाह गर । म त गृहस्थीमा बस्ने छैन, पछि अवश्यनै प्रव्रजित भएर जानेछु । अतएव पछि तिमी पछुताउन न परोस् भन्ने हेतुले यो सूचना-पत्र पठाएको छु" भनी पिप्फलायन माणवले पनि भद्रा कुमारीलाई एक गुप्त-पत्र लेखेर पठाए[१] ।

दुवै कुमार र कुमारीहरूका इच्छा विना नै विवाह कार्य सुसम्पन्न नै भयो । अनि पिप्फलायन माणवले रात पर्नुभन्दा अगाडि

---

१. सं. नि. अ क. II. पृ. १४४; थेर. गा अ. क. II. पृ. १८३; थेर. अप. दा. अ. क. पृ. २१८; अं. नि. अ. क. I. पृ. १००

Downloaded from http://www.dhamma.digital

एक ठूलो फूलको माला बनाउन लगाई आफू सुत्ने खाट्को माझमा राख्न लगाए । भद्रा कापिलानीले पनि त्यस्तै गराउन लगाइन् । रातको खाना सिद्धिए पछि शयनागारमा गई पिप्फलायन माणव दाहिने-तिरबाट र भद्रा कापिलानी देब्रे तिरबाट खाट्मा गए ।

"जसको नजिकको फूल सुकेर जानेछ उसको चित्तमा राग-चित्त उत्पन्न भयो भन्ने कुरा जान्नुपर्छ र यी फूलहरूलाई छुनु हुन्न ।"

यति भनी दुवै जना एकै खाट्मा सुतिरहँदा फूल छोइएला भन्ने धन्दा लिंदा लिंदै न निदाइकनै दुवै जनाले रात बिताए । दिनमा पनि उनीहरू क्लिष्ट युक्त चित्तले परस्पर मुख हेरी हाँस्दा पनि नहाँसी दिन बिताए । यस्तै प्रकारले उनीहरूका जीवन असंसर्ग-रूपले बित्न थाल्यो ।

आफ्नो विवाहको सम्बन्धमा बताउनु हुँदै भद्रा कापिलानी स्थविराले पछि थेरीअपदानपालिमा स्वयं उल्लेख गर्नु भएका कुराहरू तल "भद्रा कापिलानी स्थविरापदान" शीर्षकको गा. न. ५८ मा अनुवाद भएको छ ।

घरमा आमा बाबुहरू छउञ्जेल्सम्म उनीहरूले घरको कुनै पनि धन्दाहरू न बोकी जीवन बिताएका थिए । आमा बाबुहरूको देहान्त भए पछि मात्र उनीहरूले घरका धन्दाहरू बोक्न थाले ।

पिप्फलायन माणव कति धनी र कति सौखिन जीवन बिताउँदा रहेछन् भन्ने कुरा अर्थकथाहरूले यस प्रकार उल्लेख

Downloaded from http://www.dhamma.digital

गरेका छन्—

"शरीर धोएको दिनभरीको सुवर्ण-चूर्ण नै मगध कुरुवाले बाह्र कुरुवा जति हुन्थ्यो। यन्त्र जडिएका साठी (६०) तलाउहरू थिए, खेतहरू बाह्र योजन थिए अनुराधपुर अर्थात् काठमाडौं जत्रा चौध दाशगाउँहरू थिए अनि चौध हात्तीसारहरू, चौध तबेलाहरू तथा चौध रथागारहरू पनि थिए। धन मात्र सतासी (८७) कोटी थियो[१]।"

गृहत्याग

एक दिन, पिप्फलायन माणव अलंकृत घोडामा चढी[२] खेतमा काम हेर्न जाँदा, खेतमा पुगेपछि एक छेउमा उभिई खेतको काम हेरिरहेका थिए। त्यस बखत माणवले जोतीरहेको खेतमा कौवा आदि अनेक चराहरूले कीराहरू खाइरहेको देखी "तात! यी चराहरूले के खाई रहेछन्?" भनी खेतालाहरूसंग सोध्दा उनीहरूले "आर्य! कीराहरू खाई रहेछन्" भनी जवाफदिए।

"तात! त्यसोभए यी पापहरू कसलाई लाग्ने छ त?"

"आर्य तपाइलाई।"

---

१. सं. नि. अ. क. II. पृ. १४५; थेर. गा. अ. क. II. पृ. १४३; थेर. अप. दा. अ. क. पृ. २१९; अं. नि. अ. क. I. पृ. १०१

२. अं नि. अ. क. I. पृ. १०१ मा रथमा बसेर गएको कुरा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

यो कुरा सुनी उनले विचार गरे—

"यदि यिनीहरूले गरेका पापहरू मलाई लाग्नेछन् भने यी सतासीकोटी धनहरूले र यी यन्त्र जडित साठी तलाउहरू तथा अनेक दाशगाउँहरू र हात्तीसार आदिले मलाई के गर्ने छन र ! यी धन-सम्पत्तिहरू सबै भद्रालाई जिम्मालगाई म प्रव्रजित भएर जानेछु ।"

उता, भद्रा कापिलानी पनि त्यस बखत कौशीमा तीन गाग्रा जति तीलहरू घाममा सुकाई बसिरहेकी थिइन् । त्यहाँ तीलमा भएका कीराहरूलाई कौवा आदि चराहरूले खाइरहेका देखेर — "अम्मे ! यिनीहरूले के खाइ रहेछन् ?" भनी सोध्दा "आर्या ! कीराहरू" भन्ने जवाफसुनी "त्यसोभए यी पापहरू कसलाई लाग्ने छ त ?" भनी सोधे पछि "आर्या ! तपाइलाई नै लाग्ने छ" भन्ने कुरा सुन्नुपर्दा उनले यस्तो सोचिन्—

"मेरोनिम्ति त चारहाते एक टुक्रा कपडा र एक कुरुवा अन्न भए पुग्छ । यदि यतिका प्राणीहरूले गरेका पापहरू मलाई नै लाग्छन् भने सहश्र जन्महरू बितेर पनि यो भवसंसारबाट मैले शीर ठाडोपार्न सक्ने छैन । अतः यी सम्पत्तिहरू सबै आर्यपुत्रलाई नै जिम्मालगाई म घरछाडी प्रव्रजित भएर जानेछु ।"

पिप्फलायन माणव घरफर्के पछि सुगन्धित जलमा नुहाई, श्रेष्ठ प्रासादमाथि गई, बहुमूल्य आसनमा बसी, चक्रवर्ती राजाहरू-लाई झैं तयार पारी राखेका भोजनहरू दुवै जनाले खाइसके पछि,

Downloaded from http://www.dhamma.digital

मानिसहरू पनि गइसकेपछि, एकान्तमा दुवै जना शान्तपूर्वक बसे। त्यसबेला माणवले भद्रालाई भने—

"भद्रे ! तिमी यो घरमा आउँदा कति धनसम्पत्तिहरू ल्याएकी थियौ ?"

"आर्य ! पचासहजार गाढाहरू।

"भद्रे ! यी तिमीले ल्याएका धनसम्पत्तिहरू र यस घरमा भएका सतासी कोटी धनहरू सहित साठी ओटा यन्त्र जडित तलाउहरू तथा दाश गाउँहरू आदि जति छन् तो सबै तिमीलाई नै भयो।"

"आर्य ! तपाइ के गर्नु हुन्छ नि ?"

"भद्रे ! म त घरछाडी प्रव्रजित भएर जानेछु।"

"आर्य ! म पनि तपाइकै प्रतीक्षामा बसिरहेकी थिएँ। म पनि प्रव्रजिता नै हुनेछु।

उनीहरू दुवैलाई यो त्रिभवससारहरू मातो आगो लागेको पर्णकुटी झैं लाग्न थाल्यो र बजारबाट कषायवस्त्रहरू र माटाका पात्रहरू ल्याउन लगाई, परस्पर केश क्षौरगरी "यो लोकमा जो सर्व-श्रेष्ठ अरहत् हुनुहुन्छ वहाँकै उद्देश्यमा यो प्रव्रज्या हुनेछ" भनी कषायवस्त्रहरू पहिरी, झोलामा माटाका पात्रहरू राखी, काँधमा झुण्ड्याई प्रासादबाट खुरु खुरु ओर्ह्लिए। घरका दासदासीहरू, काम-

Downloaded from http://www.dhamma.digital

दारहरू तथा कर्मचारीहरूमध्ये कसैले पनि उनीहरूलाई चिन्न सकेनन्[१]।

स्त्री-पुरुष अलग भए

यसरी महातीर्थ ब्राह्मण गाउँबाट निस्केर क्रमशः आफ्नो दास-गाउँमा पुग्दा, केही दासहरूले उनीहरूको हाउ-भाउ र छाँट्-काँट् देखी आफ्ना मालिकहरू हुन् भन्ने चिनेपछि रुँदै पाउमा परी "आर्य ! किन हामीहरूलाई अनाथ पारी यसरी जानलाग्नु भएकोहो ?" भनी विन्ति गर्दा पिप्फलायनले भने "हामीलाई यी त्रि-भवहरू मानो आगो लागिरहेको पर्णकुटी जस्तै लागी घरछाडी प्रव्रजित भेष लिएका हौं"। तिमीहरू एक एक जनालाई स्वंरी गराउन परेमा शतवर्षले पनि पुग्ने छैन। अतएव अब, तिमीहरू आ-आफ्नै शीर नुहाई स्वंरी भई जीविका गर" भन्दै उनीहरू रुँदा रुँदै आफ्नो बाटो लागेर गए।

अगाडि अगाडि गइरहेका पिप्फलायनले पछाडितिर फर्केर हेर्दा भद्रा पनि पछि पछि आइरहेकी देखी "यी भद्रा, सारा जम्बु-द्वीप जतिकी मूल्यवान् राम्री नारी हुन्। यस्ती सुन्दरी नारी पछि पछि लागिरहेकी देखी लोकजनहरूले "प्रव्रजित भएर पनि नारीलाई छोड्न नसक्ने" भनी भन्न सक्छन् र अरू कसैले त "यी तपस्वीहरू

---

१. सं. नि. अ. क. II. पृ. १४५; थेर. अप. दा. अ. क. पृ. २१९-२०; थेर. गा अ. क. II. पृ. १४३-४४; अं. नि. अ. क. I. पृ. १०२

Downloaded from http://www.dhamma.digital

कस्ता लज्जाहीन रहेछन् जो कि नारीलाई साथमा लिई हिंडछन् ! श्रमण जातिलाई नारी-रूप शोभा दिन्न भन्ने कुरा पनि थाहा न पाएका !!" भन्दै हामीहरू माथि द्वेषभाव राखी धेरै अपुण्य पनि कमाउनसक्छन् । अतः "यिनलाई छाडेर एक्लै जानुपर्छ" भन्ने कुरा विचार गरे ।

यसरी मनमनै विचार गरी गइरहेको बेलामा अगाडितिर दुइ तिर गइरहेका बाटाहरू देखी पिप्फलायन त्यहीं अड्किए । अनि भद्रा आइपुगे पछि उनलाई यस्तो भने—

"भद्रे ! तिमी जस्ती रूपवती नारी पछि पछि आइरहेको देखेर लोकजनहरूले 'प्रव्रजित भएर पनि स्त्रीको साथ छाड्न नसक्ने !' भनी भन्न सक्छन् तथा कसैले त हामी माथि द्वेषभाव राखी अकुशल पनि कमाउनसक्छन् । अतः तिमी एउटा बाटो लाग र म अर्को बाटो लाग्ने छु ।"

"साँच्चै हो, आर्य ! सत्य नै भन्नुभयो । प्रव्रजित हुनेकोनिमित्त नारी जाति मल समानै हो । लोकजनहरूले पनि 'नारीलाई छाड्न नसक्ने' भनी भन्ने मात्र होइनन् हामी माथि पाप चिताउन पनि सक्छन् । अतः तपाइ एउटा बाटो लाग्नुहोस् र म अर्को बाटो लाग्ने छु । यसरी हामी अलग हुनेछौं" भनी आपना स्वामीलाई तीनपटक प्रदक्षिणा गरी, चारतिरबाट पञ्चाङ्ग प्रतिष्ठित वन्दनागरी, दशओंला जोरी विन्ति गरी, एकलाख कल्पदेखिको मित्र सम्बन्धलाई विच्छेद-गरी, "दाहिने जाति हुनुभएका तपाइ दाहिनेतिरको बाटो लाग्नु-

Downloaded from http://www.dhamma.digital

होस् र हामी नारी देब्रे जाति भएका हुनाले म देब्रे पट्टिको बाटो लाग्ने छु" भनी वन्दना गरी भद्रा कापिलानी देब्रे तिरको बाटो लागेर गइन् ।

यी विशुद्ध पुरुषहरूका महान्गुणहरूलाई देखेर सुमेरु पर्वत बोक्नसक्ने यी वसुन्धरा वहाँहरूका विशुद्ध चर्यालाई थाम्न नसकेको जस्तो गर्दै काम्न थालिन् र आकाशमा मेघगर्जिदं खूब त्रास पनि चल्न थाल्यो[१] ।

बुद्ध धर्ममा दिक्षित

त्यस बखत, सम्यक् सम्बुद्ध धर्मचक्र प्रवर्तन गरी क्रमशः राजगृह नगरमा सर्वप्रथम आउनु भई, राजगृहको वेणुवनाराममा बस्नु भएको थियो । अनि भूमिकम्प भएको आवाज सुनी "के कारणले भूमिकम्प भएको रहेछ" भन्ने कुरा विचार गर्नुहुँदा पिप्फलायन र कापिलानीहरू मेरो उद्देश्य लिई, अप्रमेय सम्पत्तिहरू त्यागी, प्रव्रजित भई दुवै जनाले अलग् अलग् बाटो लिई परस्पर अलग् भई

---

१. सं. नि. अ. क. II. पृ. १४६: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; अं. नि. अ. क. I. पृ. १०२ : एककनिपातवण्णना, कस्सपत्थेरकथा; थेर. गा. अ. क. II. पृ. १४४–४५ : महाकस्सपत्थेरगाथावण्णना; थेर. अप. दा. अ. क. पृ. २२०: महाकस्सपथेरापदानट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

छुट्टिएर गएको कारणलेगर्दा भूमिकम्पा भएको रहेछ" भन्ने कुरालाई बुझ्नु भई, कसैलाई पनि साथमा नलिई आफू एक्लै गन्धकुटीबाट निस्कनु भई ३ गाउत[1] जतिको बाटो गई राजगृह र नालन्दाको बीचमा पर्ने बहुपुत्रिक न्यग्रोध-वृक्षमनी महान् बुद्धलीला प्रदर्शन गर्नुहुँदै भगवान् बस्नु भयो। यही ठाउँमा पिप्फलायनले बुद्धलाई भेटी महाकाश्यप नामले बुद्धकहाँ भिक्षु हुनु भएको थियो[2]।

उता, देब्रेतिरको बाटो लिई जानु भएको भद्रा कापिलानी क्रमशः एक तीर्थिय परिव्राजकाराममा गई उहीं बस्नुभयो। त्यस तीर्थियाराममा बहाँले पाँचवर्षसम्म समय बिताउनु भयो। यस वेलासम्म बुद्धको धर्ममा स्त्रीहरूले प्रव्रज्यात्व पाएका थिएनन्।

बुद्धत्व प्राप्तिको पाँचौं वर्ष पछि भगवान् बुद्धले आफ्नो सानीआमा महाप्रजापति गौतमी महारानीलाई सर्वप्रथम वैशालीमा प्रव्रज्या गराउनु भएको थियो। जब महाप्रजापति गौतमी बुद्ध धर्ममा दिक्षित भई भिक्षुणी हुनु भयो तब बहाँका साथमा अरू अरू पनि धेरै स्त्रीहरू प्रव्रजित भए। यो खबर सुनी एक दिन, भद्रा कापिलानी पनि महाप्रजापति गौतमी स्थविराकहाँ गई

---

१. एक गाउत भनेको कति हो भन्ने बारेका अर्थ लेखकको बु. म. पृ. ३८ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. सं. नि. अ. क. II. पृ. १४६; अं. अ. क. I. पृ. १०२; थेर. गा. अ. क. II. पृ. १४५; थेर. अप. दा. अ. क. पृ. २२०

Downloaded from http://www.dhamma.digital

प्रव्रजित र उपसम्पन्न हुनु भयो[१] ।

भद्रा कापिलानी स्थविराले पछि आफू कसरी बुद्धशासनमा प्रव्रजित भएकी थिएँ भन्ने कुरा बताउनु हुँदै स्वयं वहाँले "थेरीअपदानपालि" मा उल्लेख गर्नु भएका कुराहरू तलको "भद्रा कापिलानी स्थविरापदान" शीर्षकको गा. नं. ५९-६३ मा अनुवाद गरिदिएको छु ।

अरहत्व-प्राप्ति

यसरी बुद्ध शासनमा भिक्षुणी भई वहाँले विपश्यनाध्यान बढाउनु भयो र सोही ध्यानद्वारा चतु-प्रतिसम्भिदा-ज्ञान सहित सबै आस्रवहरू क्षयगरी, जन्ममरणबाट मुक्त हुनुभई अरहत्व प्राप्त गर्नु भयो । अरहत् भइसक्नु भएपछि विशेष गरी वहाँमा पूर्वेनिवास-ज्ञानको बढी अभ्यास भएको हुँदा, यही विशेष गुणलाई ध्यानमा राख्नु भई एक दिन, बुद्धले पूर्वेनिवास-ज्ञान हुने भिक्षुणीहरूमध्येमा वहाँलाई अग्रस्थानमा राख्ने औपचारिक घोषणा गर्नु भएको थियो[२] ।

---

१. अ. अ. क. I. पृ. २०४ : एककनिपातवण्णना, भद्दाकापिलानीकथा; थेरी. गा. अ. क. पृ. ५४ : भद्दाकापिलानीथेरीगाथट्ठकथा ।

२. अं. अ. क. I. पृ. २०४; थेरी. गा. अ. क. पृ. ५८; पूर्वेनिवास-ज्ञान हुने भिक्षुणीहरूमा भद्रा कापिलानी स्थविरा अग्र हुनु भए जस्तै भिक्षुहरूमा सोभित स्थविर अग्र हुनुहुन्छ । अं. नि-१ पृ. २५ : एतदग्गवग्गो ।

Downloaded from http://www.dhamma.digital

जुन कुरा तलको "अप्रस्थान" भन्ने शीर्षकको मूल सूत्रले पनि समुल्लेख गरेको छ ।

विविध गुणहरू

वहाँको जीवन अध्ययनगर्दा हामीलाई यो अबबोध हुन्छ कि वहाँले आपना शिष्याहरू प्रति बडो स्नेह राखनु हुँदो रहेछ । एक दिन, वहाँले यस्तै विचारगरी आपनी एक शिष्यालाई चीवर दिने कुरा भन्नु हुँदा ती शिष्याले स्थविराको त्यो स्वच्छ तथा शुद्ध विचारलाई बाङ्गो सम्झी वहाँलाई उल्टो कुरा सुनाउन लगाइन् । तर स्थविरा यस कुराबाट कीर्त्ति पनि विचलित हुनु भएन । यसको उदाहरण तलको "कुरा गराउन हुन्न" शीर्षकको मूल कुराले प्रष्ट गरेको छ । वहाँका शिष्याहरूले वहाँलाई समय समयमा दुःख तथा हैरानी दिएता पनि वहाँले शिष्याहरू प्रति आफूले गर्नुपर्ने कर्तव्य कहील्यै पनि न छोडेका कुराहरू तलका "गाउँमा जानु हुन्न" शीर्षकमा समुल्लेख भएका मूल कुराबाट प्रष्ट हुन्छन् ।

धर्मका कुराहरू गर्नमा वहाँ एक दक्षा र पटु स्थविरा मात्र हुनु भएका होइन वहाँ महाजनहरूबाट विशेषरूपले सम्मानित पनि हुनुहुन्छ । यसै कारण माथि थुल्लनन्दा भिक्षुणीले वहाँ प्रति ईर्ष्या गरी वहाँलाई अनेक हैरानी गरेका कुराहरू "भिक्षुणीलाई निकालन हुन्न" र "असुविधा दिन हुन्न" भन्ने तलका मूल कुराहरूको अध्ययन-द्वारा अनुमान गर्न सकिन्छ । जतिसुकै कठिनाईता अथवा हैरानीहरू

Downloaded from http://www.dhamma.digital

आइपरे तापनि वहाँ तटस्थ नै रहनु भएबाट वहाँको विशारदताको परिचय पाइन्छ ।

अरहत् भई अग्रस्थान पनि प्राप्तगरी सकेपछि एक दिन, वहाँ एकान्तवासमा बसी विमुक्ति सुखको रसास्वाद अनुभव गरिरहनु भएको बेलामा, वहाँको मनमा महाकाश्यप स्थविर सम्बन्धी गुणानुस्मरण भएको र त्यस बखत वहाँको मनमा उत्पन्न भएको प्रीति प्रामोद्यलाई उदानको रूपमा जुन गाथाहरू प्रकट गर्नु भएको थियो[१] ती गाथाहरूका अनुवाद तल "भद्रा कापिलानी स्थविरागाथा" शीर्षकमा भएको छ । अर्को एक दिन, त्यस्तै ध्यानमा मग्नभई पूर्वनिवासका कुराहरू स्मरण गरिरहनु भएको बेलामा महाकाश्यप स्थविरसँग चिरकालदेखि नै मैत्री सम्बन्ध कायम भई आएका कुराहरू संस्मरण हुँदा वहाँको मनमा उत्पन्न भएको प्रीतिलाई पोख्दै सो मैत्री सम्बन्ध कहिलेदेखि र कुन प्रकारले स्थापना भएको रहेछ भन्ने बारेमा प्रकाश पार्नुहुँदै थेरीअपदानपालिमा स्वयं उल्लेख गर्नु भएका कुराहरू सबै तलको "भद्रा कापिलानी स्थविरापदान" शीर्षकमा अनुवाद गरिदिएको छु । जुन स्थविरापदानको अध्ययनद्वारा हामीहरूले वहाँको वर्तमान चर्या मात्र होइन अतीत चर्याको बारेमा

---

१. थेरी. गा. अ. क. पृ. ५८–५९ : भद्दाकापिलानीथेरीगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

पनि केही प्रकाश पाउन सक्छौं[1] ।

बोधिसत्वसँग अतीत-सम्बन्ध

भगवान् बुद्ध बोधिसत्व भई पारमीहरू पूरागर्दै संसार चक्रमा विचरण गरिरहनु भएको वेलामा भद्रा कापिलानी स्थविराको वहाँसँग के सम्बन्ध रहेको थियो भन्ने कुरा जातक साहित्यका निम्न दुइ जातकहरूमा उल्लेख भएका पाइन्छन् । ती हुन्—

(१) अतीतकालमा, वाराणशी देशमा एसुकारी भन्ने राजा थिए । राजाका पुरोहित ब्राह्मण वालककालदेखि नै राजाको अत्यन्त घनिष्ट साथी थिए । यी दुवैका सन्तानहरू थिएनन् । पछि गएर पुरोहित ब्राह्मणले चार छोराहरू पाए । उनीहरूका नाम क्रमशः (१) हस्तिपाल, (२) अश्वपाल, (३) गोपाल र (४) अजपाल थियो[2] । हस्तिपालको उमेर सोह्र वर्ष पुग्दा उनी घरछाडी प्रव्रजित

---

१. यस अपदानमा उल्लिखित कुराहरूभन्दा बढी सविस्तर कुराहरू जान्न चाहने जिज्ञासुहरूले सं. नि. अ क. II. पृ. १३५ देखि १४३ सम्म अध्ययन गर्नु वेश हुनेछ, त्यस्तै अं. नि. अ. क. I पृ. ९२–९९; थेर. अप. दा. अ. क. पृ. २०९ देखि २१७ तथा थेर. गा अ. क. II. पृ. १३४–४१ पनि ।

२. जा. अ. क. V. पृ. १५२ : हत्थिपाल जातक. नं. ५०९

Downloaded from http://www.dhamma.digital

भएर गए । त्यस पछि क्रमैसँग बाँकी तीन भाइहरू पनि दाजुकहाँ गई प्रव्रजित भए । यस पछि पुरोहित ब्राह्मण पनि आपना छोराहरू-कहाँ गई प्रव्रजित भएपछि उनकी पत्नी पनि प्रव्रजिता भइन् । यो कुरा सुनी राजालाई विरक्त लागी हस्तिपालकहाँ गई राजा पनि प्रव्रजित भए । राजा प्रव्रजित भएपछि महारानी पनि उहीं नै गई प्रव्रजिता भइन् ।

यो जातकका कुराहरू सुनाउदु भएपछि भगवान्ले यसो भन्नु भयो— "एसुकारी राजा शुद्धोदन महाराजा थिए, महारानी महामाया देवी थिइन्, पुरोहित ब्राह्मण काश्यप थिए, पुरोहितकी पत्नी भद्रा कापिलानी थिइन्, अजपाल अनुरुद्ध थिए, गोपाल महामौद्गल्यायन थिए, अश्वपाल सारिपुत्र थिए तथा हस्तिपाल स्वयं म थिएँ[1] ।"

(२) अर्को एक समयमा, बोधिसत्व भद्रा कापिलानीका छोरा सुवर्णश्याम भएर जन्मनु भएको थियो । भद्रा कापिलानीका नाम पारिका थियो[2] । यी कुराहरू संक्षेपमा माथि उत्पलवर्णा स्थविराको परिचय अन्तर्गत "केही अतीतका कुराहरू" शीर्षकको (पृ. २६० मा) १४ नं. कथामा समुल्लेख गरिसकेको छु ।

× × ×

१. जा. अ. क V. पृ. १६३ : हत्थिपालजातकं, नं. ५०९

२. जा. अ. क. VII. पृ. ८०: सुवण्णसाम वा सामजातकं, नं. ५४०

Downloaded from http://www.dhamma.digital

मूल पालि —

१–भिक्षुणीलाई निकाल्नहुन्न

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामम्मा बस्नु भएको थियो[१]।

त्यस बखत, भद्रा कापिलानी (भद्दा कापिलानी) साकेतमा (=अयोध्यामा) वर्षावास गर्नु भएको थियो। (एकदिन) कुनै कारणवश वहाँले थुल्लनन्दा भिक्षुणीकहाँ दूत पठाउनु भयो— "आर्या थुल्लनन्दाले मलाई बस्नेठाउँ (=उपस्सयं) दिनुहुन्छ भने म श्रावस्तीमा आउने छु।"

थुल्लनन्दा भिक्षुणीले "आउनुहोस्, दिनेछु" भनी भन्नु भयो।

त्यस पछि भद्रा कापिलानी साकेतबाट श्रावस्ती जानुभयो। थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई बस्नेठाउँ दिनुभयो। थुल्लनन्दा भिक्षुणी बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू

---

१. पाचि. पा. पृ. ३९८ : भिक्खुनी निक्कड्ढने, पञ्चतिंसतिम-पाचित्तियं, पाचित्तियकण्डं, अ. क. पृ. ६९७

Downloaded from http://www.dhamma.digital

बताउनमा पटु हुनुहुन्थ्यो । भद्रा कापिलानी पनि बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू बताउनमा पटु र धेरैबाट सम्मानित पनि हुनुहुन्थ्यो । मानिसहरूले— "आर्या भद्रा कापिलानी बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू बताउनमा पटु र धेरैबाट सम्मानित पनि हुनुहुन्छ" भन्दै भद्रा कापिलानीको पहिले उपासना (सम्मान) गरी पछि थुल्लनन्दा भिक्षुणीको उपासना गर्दथे । अनि थुल्लनन्दा भिक्षुणीलाई ईर्ष्या लागी— "यी अल्पेच्छी, सन्तुष्टी, प्रविविक्ता तथा असंसर्गी भनाउने - जो संज्ञप्ती-विज्ञप्ति बहुल भई विहार गर्छिन्" भन्दै रिसाई असन्तुष्ट भई भद्रा कापिलानीलाई बस्ने ठाउँबाट (उपस्सया) निकालिदिनुभयो (निक्कड्ढि) ।

(यो कुरा सुनी) जो ती अल्पेच्छी, सन्तोषी, लज्जालु, संकोची तथा शिक्षाकामी भिक्षुणीहरू हुन्—तिनीहरू कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले— "कसरी थुल्लनन्दा भिक्षुणीले आर्या भद्रा कापिलानीलाई बस्नेठाउँबाट निकाल्नु हुन्छ ।"

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए । जो ती भिक्षुहरू अल्पेच्छी, सन्तोषी, लज्जालु, सकोची तथा शिक्षाकामी हुन्—तिनीहरू कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले— "कसरी थुल्लनन्दा भिक्षुणीले आर्या भद्रा कापिलानीलाई बस्नेठाउँबाट निकाल्छिन् !" अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई विन्ति गरे । भगवान्ले यस सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नुभई भिक्षुहरूसँग सोध्नु भयो—

Downloaded from http://www.dhamma.digital

"भिक्षुहो ! साँच्चै हो के थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई बस्नेठाउँबाट निकालेकी ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्‌ले निन्दा गर्नु भई — "भिक्षुहो ! थुल्लनन्दा भिक्षुणीले अयुक्त, अननुलोमिक, अप्रतिरूप, अश्रामणिक तथा गर्न नहुने काम गरेन् । थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानी भिक्षुणीलाई पहिले बस्नेठाउँ दिई पछि रिसाई असन्तुष्ट भई कसरी बस्नेठाउँबाट निकालेकी !, भिक्षुहो ! यस कार्यद्वारा न अप्रसन्न हुने प्रसन्न हुनसक्छ, न त प्रसन्नहुने नै बहुल प्रसन्न हुनसक्छ । भिक्षुहो ! यस कार्यद्वारा त अप्रसन्न हुनेको चित्त झन् अप्रसन्न र प्रसन्न हुने कुनै कुनैको चित्तलाई अन्यथा पार्न पनि सक्छ" भनी भन्नु भयो··· ।

भिक्षुहो ! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू —

"जो भिक्षुणीले भिक्षुणीलाई बस्नेठाउँ (= उपस्सयं = कोठा) दिई (पछि) रिसाई, असन्तुष्ट भई निकाल्छे वा निकाल्न लगाउँछे—उसलाई पाचित्तिय (दोष) लाग्नेछ ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

२–असुविधा दिनुहुन्न

त्यस बखत बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामभा बस्नु भएको थियो[१]।

त्यस बखत, थुल्लनन्दा भिक्षुणी बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू बताउनमा पटु हुनुहुन्थ्यो। भद्रा कापिलानी पनि बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू बताउनमा पटु र धेरैबाट सम्मानित पनि हुनुहुन्थ्यो। अनि मानिसहरूले—"आर्या भद्रा कापिलानी बहुश्रुता, वक्ता, विशारदा तथा धर्मका कुराहरू बताउनमा पटु र धेरैबाट सम्मानित हुनुहुन्छ" भन्दै भद्रा कापिलानीको पहिले उपासना गरी पछि थुल्लनन्दा भिक्षुणीको उपासना गर्दथे। अनि थुल्लनन्दा भिक्षुणीको मनमा ईर्ष्या लागी—"यी अल्पेच्छी, सन्तोषी, प्रविविक्ता तथा असंसर्गी भनाउने—जो संज्ञप्ती-विज्ञप्ती बहुल भई विहार गर्छिन्" भन्दै भद्रा कापिलानीको

---

१. पाचि. पा. पृ. ३९५ : भिक्खुनिया अफासुकरणे, तेत्तिंसतिम-पाचित्तियं, पाचित्तियकण्डं, अ. क. पृ. ३९६

Downloaded from http://www.dhamma.digital

अगाडि चंक्रमण पनि गर्नु हुन्छ, उभिइ पनि रहनु हुन्छ, बसि पनि रहनु हुन्छ, सुत्नु पनि हुन्छ, उद्देशण (= पढाउने काम) पनि गर्नु हुन्छ, उद्देशण पनि गराउनु हुन्छ तथा स्वाध्यायन (= पाठ गर्ने) पनि गर्नु हुन्छ ।

(यो देखेर) जो ती अल्पेच्छी, सन्तोषी, लज्जालु, संकोची तथा शिक्षाकामी भिक्षुणीहरू हुन्—तिनीहरू कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले— "कसरी आर्या थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई जानी जानी (= सञ्चिच्च) असुविधा (= अफासु) दिनु हुन्छ ।"

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए । जो ती अल्पेच्छी, सन्तोषी, लज्जालु, संकोची तथा शिक्षाप्रेमी भिक्षुहरू हुन्—तिनीहरू कराउन थाले, खिन्न हुन थाले अनि धिक्कार्न थाले— "कसरी थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई जानी जानी असुविधा दिन्छिन् ।" अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई विन्ति गरे । भगवान्ले यसै सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरूसँग सोध्नु भयो

"भिक्षुहो ! साँच्चै हो के थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई जानी जानी असुविधा दिएकी ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्ले निन्दा गर्नु भई— "भिक्षुहो ! थुल्लनन्दा

Downloaded from http://www.dhamma.digital

भिक्षुणीले अयुक्त,[1]...काम गरिन् । कसरी थुल्लनन्दा भिक्षुणीले भद्रा कापिलानीलाई जानी जानी असुविधा दिएकी !, भिक्षुहो ! यस कार्यद्वारा[1]...प्रसन्न हुने कुनै कुनैको चित्तलाई अन्यथा पार्न पनि सक्छ" भनी भन्नु भयो... ।

"भिक्षुहो ! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुणीले भिक्षुणीलाई जानी जानी (=सञ्चिच्च) असुविधा (=अफासुकं) दिन्छे—उसलाई पाचित्तिय (दोष) लाग्ने छ ।"

× × ×

१. माथि पृ. ५५० मा ऊँ दोहऱ्याई मिलाई पढ्नू ।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

३—पुरुषसँग अन्धकारमा बस्नुहुन्न

त्यस समय बुद्ध भगवान श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो[१]।

त्यस बखत भद्रा कापिलानीकी अन्तेवासि (=शिष्या) का भिक्षुणीको नातेदार एक पुरुष कुनै कामले गाउँबाट श्रावस्तीमा आएको थियो। अनि ती भिक्षुणी रात्र्यान्धकारमा बत्ती नभएको ठाउँमा एक्लो पुरुषसँग एक्लै उभिई बसिन् पनि कुरा पनि गरिन्। (यो देखेर) जो ती भिक्षुणीहरू अल्पेच्छी···हुन्—उनीहरू कराउन थाले··· "कसरी भिक्षुणी रात्र्यान्धकारमा, बत्ती नभएको ठाउँमा, एक्लो पुरुषसँग एक्लै उभिई बस्छे पनि कुरा पनि गर्छे।"

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए। जो ती अल्पेच्छी भिक्षुहरू हुन्—उनीहरू कराउन थाले... "कसरी भिक्षुणी रात्र्यान्ध-

---

१. पाचि. पा. पृ. ३६५: रत्तन्धकारे सन्तिट्ठिते, एकादसमपाचित्तियं, अ. क. पृ. ६९१

Downloaded from http://www.dhamma.digital

कारमा, बत्ती नभएको ठाउँमा, एक्लो पुरुषसँग एक्लै उभिई पनि बस्छे कुरा पनि गर्छे ।" अनि ती भिक्षुहरूले यो कुरा भगवान्‌लाई विन्ति गरे । भगवान्‌ले यस सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरूसँग सोध्नु भयो —

"भिक्षुहो ! साँच्चै हो के रात्र्यान्धकारमा, बत्ती नभएको ठाउँमा, भिक्षुणी एक्लो पुरुषसँग एक्लै उभिई पनि बसेकी कुरा पनि गरेकी ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्‌ले निन्दा गर्नु भई — "भिक्षुहो ! .. कसरी भिक्षुणी रात्र्यान्धकारमा, बत्ती नभएको ठाउँमा, एक्लो पुरुषसँग एक्लै उभिएर बसेकी र कुरा पनि गरेकी । भिक्षुहो ! यस कार्यद्वारा ...प्रसन्न हुने कुनै कुनैको चित्तलाई अन्यथा पनि पार्नसक्छ" भनी भन्नु भयो··· ।

भिक्षुहो ! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू —

"जो भिक्षुणी रात्र्यान्धकारम',[1] बत्ती नभएको ठाउँमा, एक्लो

---

१. चन्द्र, सूर्य, आगो अथवा बत्तीमध्ये कुनैको पनि प्रकाश न भएको ठाउँ । सम. पा. पृ. ६९१

Downloaded from http://www.dhamma.digital

पुरुषसँग एक्लै[1] उभिएर बस्छे[2] अथवा कुरागर्छे[3]—उसलाई पाचित्तिय (दोष) लाग्ने छ।''

× × ×

Dhamma.Digital

---

१. पुरुष पनि एक्लै भिक्षुणी पनि एक्लो।

२. उभिएर बस्नु भन्नाले हात पसार्दा छुइने प्रमाण भित्र उभिएर बस्नु। पाचि. पा. पृ. ३६६ : विभङ्गो।

३. पुरुषले हात पसार्दा छुइने ठाउँमा बसी कुरा गर्ने। पाचि. पा. पृ. ३६६ : विभङ्गो।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

४–प्रतिच्छन्न ठाउँमा बस्नुहुन्न

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो[१]।

त्यस बखत भद्रा कापिलानीकी अन्तेवासि (=शिष्या) का भिक्षुणीको नातेदार एक पुरुष कुनै कामले गाउँबाट श्रावस्तीमा आयो। अनि ती भिक्षुणी "भगवान्‌ले रात्र्यान्धकारमा, बत्ती नभएको ठाउँमा, एक्लो पुरुषसँग एक्लै उभिई बस्नु हुन्न, कुरा पनि गर्नु हुन्न भनी प्रतिक्षेप गर्नु भएको छ" भन्दै सोही पुरुषसँग प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिई पनि बसिन्, कुरा पनि गरिन्। (यो देखेर) जो ती भिक्षुणीहरू अल्पेच्छो···हुन्—उनीहरू कराउन थाले,··· "कसरी भिक्षुणी प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिएर पनि बस्छे र कुरा पनि गर्छे।"

---

१. पाचि. पा. पृ. ३६६ : पटिच्छन्ने सन्तिट्ठिते, बारसमपाचित्तियं, अ. क. पृ. ६९१

Downloaded from http://www.dhamma.digital

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए। अनि जो तौ भिक्षुहरू अल्पेच्छी...हुन्—उनीहरू कराउन थाले... "कसरी भिक्षुणी प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिएर पनि बस्छे र कुरा पनि गर्छे।" अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई विन्ति गरे। भगवान्ले यसै सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरूसँग सोध्नु भयो—

"भिक्षुहो! साँच्चै हो के भिक्षुणी प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिएर बसेकी र कुरा पनि गरेकी?"

"साँच्चै हो, भन्ते!"

अनि भगवान्ले निन्दा गर्नु भई— "भिक्षुहो!...कसरी भिक्षुणी प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिइएर बसेकी र कुरा पनि गरेकी। भिक्षुहो! यस कार्यद्वारा...कुनै कुनैको चित्तलाई अन्यथा पनि पार्न सक्छ" भनी भन्नु भयो...।

भिक्षुहो! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुणीले प्रतिच्छन्न[1] भएको ठाउँमा एक्लै एक्लो

---

१. 'प्रतिच्छन्न' भन्नाले कुनै भित्ताले, खापाले, पर्दाले, पखालले, वृक्षले, लट्ठाले अथवा बोराले ढाकिएको वा छेकिएको स्थानलाई भनिएको हो। पाचि. पा. पृ. ३६७ : विभङ्गो।

Downloaded from http://www.dhamma.digital

पुरुषसंग उभिएर बस्छे वा कुरागछ—उसलाई पाचित्तिय (दोष) लाग्ने छ ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

५—खुला ठाउँमा बस्नुहुन्न

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामा बस्नु भएको थियो[१] ।

त्यस बखत भद्रा कापिलानीकी अन्तेवासिका भिक्षुणीको नातेदार एक पुरुष कुनै कामले गाउँबाट श्रावस्तीमा गयो । अनि ती भिक्षुणीले "भगवान्‌ले प्रतिच्छन्न भएको ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिई बस्नु र कुरागर्नुमा प्रतिक्षेप गर्नु भएको छ" भन्दै सोही पुरुषसँग खुला ठाउँमा एक्लै उभिएर पनि बसिन् कुरा पनि गरिन् । (यो देखेर) जो भिक्षुणीहरू अल्पेच्छी···हुन्—उनीहरू कराउन थाले,··· "कसरी भिक्षुणी खुला ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिएर बस्छे र कुरा पनि गर्छे ।"

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए । जो ती अल्पेच्छी

---

१. पाचि. पा. पृ. ३६७ : अञ्ञोकासे सन्तिट्ठिते, तेरसमपाचित्तियं. अ. क. पृ. ६९१

Downloaded from http://www.dhamma.digital

...भिक्षुहरू हुन्—उनीहरू कराउन थाले,... "कसरी भिक्षुणी खुला ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिइएर बस्छे र कुरा पनि गर्छे।" अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई विन्तिगरे। भगवान्ले यसै सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरूसँग सोध्नु भयो—

"भिक्षुहो! साँच्चै हो के भिक्षुणी खुला ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिइएर बसेकी र कुरा पनि गरेकी?"

"साँच्चै हो, भन्ते!"

अनि भगवान्ले निन्दा गर्नु भई— "भिक्षुहो!...कसरी भिक्षुणी खुला ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिइएर बसेकी र कुरा पनि गरेकी। भिक्षुहो! यस कार्यद्वारा...प्रसन्न हुने कुनै कुनैको चित्तलाई अन्यथा पनि पार्न सक्छ" भनी भन्नु भयो...।

भिक्षुहो! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुणीले खुला ठाउँमा एक्लै एक्लो पुरुषसँग उभिइएर बस्छे वा कुरा गर्छे—उसलाई पाचित्तिय (दोष) लाग्ने छ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

६—कुरा गराउनहुन्न

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो[१]।

त्यस बखत भद्रा कापिलानीकी अन्तेवासिका भिक्षुणीले भद्रा कापिलानीलाई आदरपूर्वक उपस्थान गर्थिन। अनि भद्रा कापिलानीले भिक्षुणीहरूलाई यस्तो भन्नुभयो—

"आर्या! यं भिक्षुणीले मेरो आदरपूर्वक उपस्थान गर्छिन्; उनलाई म चीवर दिन्छु।"

अनि ती भिक्षुणीले (यस कुरालाई) उल्टो सम्झी, उल्टो विचार गरी "आर्या! मैले आर्यालाई आदरपूर्वक उपस्थान गरेको छैन, म मलाई आर्याले चीवर दिनु हुनेछ" भनी अर्कालाई लगाई कुरा गराउन थालिन्। (यो कुरा सुनेर) जो भिक्षुणीहरू अल्पेच्छी

---

१. पाचि. पा. पृ. ३७५ : परंउज्झापने, अट्ठारसमपाचित्तियं, अ. क. पृ. ६९२

Downloaded from http://www.dhamma.digital

...थिए—उनीहरू कराउन थाले,... "कसरी भिक्षुणीले उल्टो (कुरा) सम्झी उल्टो विचार गरी अर्कालाई लगाई कुरा गराउँछे।"

यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए। अनि जो तो अल्पेच्छी...भिक्षुहरू हुन्—उनीहरू कराउन थाले,..."कसरी भिक्षुणीले उल्टो (कुरो) सम्झी, उल्टो विचार गरी अर्कालाई लगाई कुरा गराउँछे।" अनि तो भिक्षुहरूले यो कुरा भगवान्‌लाई विन्तिगरे। भगवान्‌ले यस सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरू-सँग सोध्नु भयो—

"भिक्षुहो! साँच्चै हो के भिक्षुणीले उल्टो (कुरो) सम्झी, उल्टो विचार गरी अर्कालाई लगाई कुरा गराएको?"

"साँच्चै हो, भन्ते!"

अनि भगवान्‌ले निन्दा गर्नु भई—"भिक्षुहो!...कसरी भिक्षुणीले उल्टो सम्झी, उल्टो विचारगरी अर्कालाई लगाई कुरा गराउँछे। भिक्षुहो! यस कार्यद्वारा...प्रसन्न हुने कुनै कुनैको चित्त-लाई अन्यथा पनि पार्न सक्छ" भनी भन्नु भयो...।

भिक्षुहो! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुणीले उल्टो कुरा सम्झी, उल्टो विचार गरी अर्कालाई लगाई कुरा गराउँछे—उसलाई पाचित्तिय (दोष) लाग्ने छ"।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि —

७–गाउँमा जानुहुन्न

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो[१] ।

त्यस बखत भद्रा कापिल्लानीकी अन्तेवासिका भिक्षुणी भिक्षुणीहरूसँग झगडा गरी गाउँको ज्ञातिकुलमा गइन् । भद्रा कापिल्लानीले ती भिक्षुणीलाई न देखेपछि भिक्षुणीहरूसँग सोध्नुभयो—

"फलानी देखिदैन, कहाँ बसेकी छिन् ?"

"अम्मे ! भिक्षुणीहरूसँग झगडा गरेपछि देखिएको छैनन् । फलाना गाउँमा यी भिक्षुणीको ज्ञातिकुल छ; त्यहाँ जानु भई पत्तो लगाउनुहोस् ।"

भिक्षुणीहरू त्यहाँ जाँदा ती भिक्षुणीलाई देखेर उनीहरूले यस्तो भने —

---

१. पाचि. पा. पृ. ३०३ : ततियसङ्घादिसेसो, अ. क. पृ. ६७८

Downloaded from http://www.dhamma.digital

"आर्या ! किन तपाइ यहाँ एक्लै आउनु भएको ? अल्पविध्वंसी त हुनु भएन के अर्थात् केही नियम त बिग्रेन के ?"

"आर्या ! हो, अल्पविध्वंसी (=केही नियम बिग्रयो) भएँ।"

(यो कुरा सुनी) जो भिक्षुणीहरू अल्पेच्छी···थिए—उनीहरू कराउन थाले,··· "कसरी भिक्षुणी एक्लै गाउँमा जान्छे।" यो कुरा भिक्षुणीहरूले भिक्षुहरूलाई सुनाए। जो ती भिक्षुहरू अल्पेच्छी··· हुन्—उनीहरू कराउन थाले,··· "कसरी भिक्षुणी एक्लै गाउँमा जान्छे।" अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई विन्तिगरे। भगवान्ले यस सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई भिक्षुहरू-सँग सोध्नु भयो—

"भिक्षुहो ! साँच्चै हो के भिक्षुणी एक्लै गाउँमा गएको ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्ले निन्दा गर्नु भई— "भिक्षुहो !···कसरी भिक्षुणी एक्लै गाउँमा जान्छे। भिक्षुहो ! यस कार्यद्वारा···प्रसन्न हुने कुनै कुनैको चित्तलाई अन्यथा पनि पार्न सक्छ" भनी भन्नु भयो।

भिक्षुहो ! भिक्षुणीहरूले निम्न शिक्षापद उद्देशण गर्नू—

"जो भिक्षुणी एक्लै गाउँमा जान्छे—उसलाई सङ्घादिशेष (दोष) लाग्ने छ; यो पनि प्रथमापत्ति हो अर्थात् क्रिया सिद्धिने

Downloaded from http://www.dhamma.digital

बिल्किं सङ्घबाट अलग रहनु पर्ने सङ्घादिशेष[1] (दोष) हो ।"

× × ×

Dhamma.Digital

१. प्रतिकार गर्ने सबने दोषहरूमध्येमा सबभन्दा माथिल्लो दोष-लाई 'सङ्घादिशेष' भन्दछन् । त्यस त्यस नियम अनुसार एक दुइ जना भिक्षुहरूबाट अरू दोषहरूको शुद्धि पाउन सकिन्छ किन्तु सङ्घादिशेष दोषबाट शुद्धि पाउनकोनिमित्त घटीमा बीस भिक्षुहरूको परिषद् आवश्यक हुन्छ । त्यसैले प्रतिकार गर्ने सबने दोषहरूमध्येमा ठूलो वा माथिल्लो दोष भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

८—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं पुब्बे-निवासं अनुस्सरन्तीनं यदिदं भद्दा कापिलानी[1]।"

अर्थ—

"भिक्षुहो ! पूर्वजन्मका कुराहरू अनुस्मरण गर्नसक्ने मेरा भिक्षुणी श्राविकाहरूमध्येमा भद्रा कापिलानी अग्र छिन्।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २०३

Downloaded from http://www.dhamma.digital

मूल पालि—

९—भद्रा कापिलानी स्थविरा-गाथा

१— "पुत्तो बुद्धस्स दायादो, कस्सपो सुसमाहितो ।
पुब्बेनिवासं यो[१] वेदि, सग्गापायञ्च पस्सति ॥

२— "अथो जातिक्खयं, पत्तो, अभिञ्ञावोसितो[२] मुनि ।
एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ॥

३— "तथेव भद्दा[३] कापिलानी, तेविज्जा मच्चु हायिनी ।
धारेति अन्तिमं देहं, जेत्वा मारं सवाहनं ॥

४— "दिस्वा आदिनवं लोके, उभो पब्बजिता मयं ।
त्यम्ह[४] खीणासवा दन्ता, सीतिभूतम्ह[५] निब्बुता[६] ॥"

---

१. स्याममाः 'सो' ।
२. स्याममाः 'भद्द' ।
३. सिंहलमाः 'त्यम्हा' ।
४. सिंहलमाः 'सीतिभूताम्ह' ।
५. थेरी. गा. पा. पृ. ४१४ : भद्दाकापिलानीथेरीगाथा, अ. क. पृ. ५३

Downloaded from http://www.dhamma.digital

अर्थ –

१– "बुद्धको दायाद प्राप्त गर्नु भएका बुद्धपुत्र काश्यप सुसमाहित हुनुहुन्छ; वहाँले पूर्वेनिवासलाई पनि जान्नु हुन्छ र स्वर्ग नरक पनि देख्नु हुन्छ।

२– "वहाँको जन्म पनि क्षीण भइसकेको छ, अभिज्ञान (=जान्नु पर्ने ज्ञान) को अन्तमा पनि पुग्नु भएको छ; यिनै तीन विद्याले युक्त त्रैविद्य ब्राह्मण हुन्छ।

३– "त्यस्तै नै मृत्युलाई पारङ्गत गरेकी भद्रा कापिलानी पनि त्रिविद्यावान् छे; सेनासहित मारलाई जितीं अन्तिमदेह धारण गर्छे।

४– "संसारको दोषलाई देखी हामी दुवै प्रव्रजित भयौं; हामी क्षीणास्रवी छौं र शीतल भई हामीले निर्वाण प्राप्त गर्‍यौं[१]।

× × ×

---

१. अरहत् भएर अग्रस्थान पाउनु भएपछि एक दिन वहाँले महाकाश्यप महास्थविर (गृहस्थीको स्वामी) को गुणानुस्मरण गर्नुहुँदै आफू पनि विमुक्ति भएको कुरा जनाउनु हुँदै उप रोक्त गाथाहरू प्रीतिको रूपमा बताउनु भएको हो। थेरी. गा. अ. क. पृ. ५८ : भद्राकापिलानीथेरीगाथट्ठकथा।

Downloaded from http://www.dhamma.digital

मूल पालि—

१०—भद्रा कापिलानी स्थविरापदान

पद्मोत्तर बुद्ध

१—"[1]यहांदेखि एकलाख कल्प अघि सबै धर्ममा पारङ्गत हुनु भएका पद्मोत्तर (पदुमुत्तर) जिन नायक लोकमा उत्पन्न हुनु भयो ।

२—"त्यस समय हंसवती नगरमा विदेह भन्ने प्रसस्त रत्न-हरू भएका एक श्रेष्ठी थिए र म यहांकै भार्या थिएँ[2] ।

३—"कहीले कहीले यहां नरादित्य बुद्धकहां सपरिवार गई सबै दुःख र भय दूर हुने धर्म सुन्नु हुन्थ्यो ।

---

१. थेरी. अप. दा. पा. पृ. २५४ : भद्राकापिलानीथेरीअपदानं ।

२. "तदाहु हंसवतियं, विदेहो नाम नामतो ।
सेट्ठी पहुतरतनो, तस्स जाया अहोसहं ।।" थेरी. अप. दा. पा. पृ. २५४ : भद्राकापिलानीथेरीअपदानं ।

Downloaded from http://www.dhamma.digital

४– "धुतवादी[१] श्रावकहरूमध्ये एक जनालाई अग्रस्थानमा राख्नु भएको देखेर वहाँले बुद्धलाई साप्ताहिक दान दिनुभयो ।

५-८– "अनि बुद्धको पादकमलमा शीरले ढोगी वहाँले पनि सोही स्थानकोनिमित्त प्रार्थना गर्नु भयो र नरपुङ्गव बुद्धले पनि परिषद्लाई हर्षित पार्नु भई श्रेष्ठी प्रति अनुकम्पा राखी यी गाथाहरू प्रकाश गर्नुभयो — 'हे पुत्रक ! शान्तहोऊ, प्रार्थना गरेको पाउने छौ । यहाँदेखि एकलाख कल्प पछि ओक्काक कुलमा गौतम भन्ने गोत्रले लोकमा शास्ता उत्पन्न हुनु हुनेछ । वहाँको धर्ममा दायाद प्राप्त गरी, धर्मनिर्मित औरस पुत्रभई काश्यप भन्ने गोत्रले वहाँ शास्ताको श्रावक हुनेछौ ।'

९– "यो कुरा सुनी मुदित भई वहाँले जीवनभर विनायक जिन प्रति मैत्रीचित्त राखी प्रत्ययहरूद्वारा परिचर्या गर्नु भयो ।

१०– "शासन प्रकाशमान गरी, तीर्थियहरूलाई मर्दनगरी, विनीत हुनेहरूलाई विनीत गराउनुभई स-श्रावक वहाँ (=बुद्ध) परिनिर्वाण हुनु भयो ।

११-२१– "लोकाग्रको परिनिर्वाण भएपछि शास्ताको पूजा

---

१. 'धुतवादी' भन्नाले 'धुतङ्ग' भन्ने विशेष नियमहरू पालन गर्ने हुन् । यी 'धुतङ्ग' भनेका के के हुन् भन्ने बारेमा बु. प. पृ. १२३ को पादटिप्पणीमा समुल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

गर्न, ज्ञाति मित्रहरू बोलाई उनीहरू सहित सातयोजन[१] अग्लो रत्नमय स्तूप (=चैत्य) बनाउनु भयो। शालराज पुष्पित भए जस्तै सो स्तूप सप्तरत्नद्वारा प्रदीप्त थियो। नलीको आगोझैं सप्तरत्नहरूले प्रदीप्त भएका सातलाख पात्रहरू त्यहाँ बनाए। सबै प्राणीहरू प्रति अनुकम्पा राख्ने महर्षिको पूजागर्न सुगन्धपूर्ण बत्तीहरू पनि त्यहाँ बाले। महर्षिको पूजागर्न रत्नहरू भरित सातलाख पूर्ण कुम्भहरू बनाए। त्यसको बीच बीचमा उठाइराखेका आठ आठ ओटा काञ्चनमय कुम्भीहरू शरदकालीन सूर्यझैं चम्किन्थे। चारै द्वारहरूमा सजाइएका रत्नमय फल्याकहरू र रत्नमय तोरणहरू रमणीय देखिन्थे। चारैतिर घेरिएका र फर्फराइरहेका रत्नमय पताकाहरू अति शोभायमान देखिन्थे। रातारङ्गका चित्रहरू अनि चाँदीको वर्णजस्तै रत्नमय चैत्य सूर्यसमान टल्किन्थ्यो। स्तूपका तीनवटा पेटीहरूमध्येमा—यौटामा हरितालले, यौटामा मनोशिलाले र यौटामा अञ्जनढुङ्गाले छापिएको थियो। यसप्रकार सुरम्यरूपले पूजागरी जीवनभर यथाशक्य सङ्घलाई दान दिनुभयो।

२२– "मैले पनि वहाँका साथमा जीवनभर ती पुण्यहरू गरी म पनि वहाँसँगै सुगतिमा गएँ[२]।

---

१. थेर. अप. दा. पा I. पृ. ४०: महाकस्सपथेरअपदानमा एकशय हात अग्लो भन्ने उल्लेख भएको छ।

२. "सहाव सेट्ठिना तेन, तानि पुञ्ञानि सब्बसो।
यावजीवं करित्वान, सहा व सुगतिं गता॥" थेरी. अप. दा. पा. पृ. २५५

Downloaded from http://www.dhamma.digital

२३– "देवलोक र मनुष्यलोकहरूमा वहाँकै शरीरको छायाँ समान भई, सम्पत्तिहरू अनुभोग गर्दै वहाँका साथसाथै संसारमा घुमे[1]।

विपश्वी बुद्ध

२४– "यहाँदेखि एकान्नब्बे कल्प अघि राम्ररी धर्म जन्मे, अत्यन्त सुन्दर रूप हुनुभएका विपश्वी भन्ने नायक उत्पन्न हुनुभयो।

२५-२८– "त्यस बखत वहाँ (=मेरा पति) बन्धुमती नगरमा अत्यन्त दरिद्र कुलका तर गुणले धनी भएका साधुसम्मत एक ब्राह्मण हुनु भएको थियो। त्यस बखत पनि म वहाँकै समचित्त हुने ब्राह्मणी भएकी थिएँ। कहीले कहीले सो उत्तम ब्राह्मणले जनकायहरूका सामुन्ने बस्नु भएको महामुनिको अमृतमय धर्मोपदेश सुन्नु हुन्थ्यो। धर्मोपदेश सुनी प्रमुदित हुनु भएका वहाँले बुद्धलाई एक वस्त्र प्रदान गर्नु भयो। त्यस पछि एउटै वस्त्र पहिरी घरफर्की वहाँले मलाई 'मैले अर्को वस्त्र बुद्धलाई चढाएँ; यो पुण्यकार्यलाई अनुमोदन गर' भनी भन्नु भयो।

---

१. "सम्पत्तियोनुभोत्वान, देवत्ते अथ मानुसे।
छाया विय सरीरेन, सह तेनेव संसरि॥" थेरी. अप. दा. पा. पृ. २५६

Downloaded from http://www.dhamma.digital

२९– " 'हे स्वामी ! तपाइले बुद्धलाई वस्त्र दान दिनु भएको राम्रो भयो' भन्दै मैले हातजोरी अत्यन्त प्रफुल्लितभई अनुमोदन गरें ।

३०– "यसरी सुखी तथा सुसज्जित भई भवाभवमा संचरण गर्दै वहाँ वाराणशीको महीपति राजा हुनुभयो ।

३१– "त्यस बखत स्त्रीहरूमध्येमा उत्तमा भई, पति प्रतिको स्नेहकै कारणले म वहाँकी द्वितीयिका (=पत्नी) भएकी थिएँ ।

३२– "भिक्षाटन् जानु भएका आठ प्रत्येकबुद्धहरूलाई देखेर प्रमुदित भई वहाँले भिक्षा-भोजन दिनुभयो ।

३३-३५– "फेरि वहाँहरूलाई निम्त्याई रत्नमण्डप बनाई, सुनारले बनाएको सुवर्णको पात्रभरी भिक्षा–भोजन राखी वहाँले दान दिनुभयो । सुवर्णमय आसनमा बसीरहनु भएका प्रत्येकबुद्धहरूलाई देखेर अत्यन्त खुशीभई काशीराजा सँगसँगै मैले पनि आफ्नै हातले दान दिएँ । फेरि म वाराणशीको काशी गाउँमा जन्मे ।

३६– "वहाँ समृद्धशाली कुटुम्ब कुलका दाजु भई भाइहरूका बीचमा सुखी हुनु हुन्थ्यो र म पनि जेठो भाइको सु-प्रतिव्रता भार्या भएकी थिएँ ।

३७– "एक दिन, प्रत्येकबुद्धलाई देखेर मैले पतिको काञ्छो भाइको अन्न भाग वहाँलाई चढाएँ र वहाँ (=पति) आउनु भए पछि सो कुरा वहाँलाई बताएँ ।

Downloaded from http://www.dhamma.digital

३८– "मैले दिएको सो दानलाई वहांले अनुमोदन गर्नुभएन अरु थालीमा खन्याईं सो अन्न फर्काइ त्याएर पुनः वहांलाईनै प्रदान गर्नु भयो ।

३९– "आवेशमा आई, क्रोधित भएर सो अन्न खन्याई पात्र-भरी मैले हिलो हालि दिएं ।

४०– "दिने, लिने, आदर गर्ने तथा अनादर गर्ने आदि सबै ठाउंहरूमा समानचित्त देखेर म त्यस बखत सारै नै विरक्त भएं ।

४१– "अनि फेरि पात्र लिई सुगन्धित पानीले धोई, चित्त प्रसन्नपारी पात्रभरी घ्यू र सक्खर हाली दिएं ।

४२– "त्यस दानको फलद्वारा जहां जहां जन्मे त्यहां त्यहां सुरूपिणी भएं; तर बुद्धलाई अपकार गरेकोले मुख भने दुर्गन्धित भयो ।

काश्यप बुद्ध

४३-४६– "पुनः काश्यप वीरको (धातु) निधान गरेको चैत्यकोनिमित्त प्रमुदित भएकी मैले—सुवर्णमय श्रेष्ठ ईंटहरू चार प्रकारका सुगन्धित जलमा धुपारी, सबैलाई दुर्गन्धबाट मुक्त पारिदिएं । लोकनाथको पूजा गर्न विप्रसन्न चित्त लिई सातहजार रत्नमय पात्रहरू, सातवटा पूर्ण घडाहरू तथा एकहजार बत्ती बाली सातपंक्तिमा राखें ।

४७-५१– "त्यस बखत त्यस पुण्यकार्यमा पनि विशेषरूपले

Downloaded from http://www.dhamma.digital

सह भागिनी भएँ; अनि फेरि काशी नगरमा जन्म्यौं र मेरो नाम सुमित्रा थियो। त्यहाँ पनि म वहाँकी सुखिनी सुसज्जिता प्रिया-भार्या थिएँ। त्यस बखत वहाँले प्रत्येकबुद्धलाई एक बलियो कमर बन्धन प्रदान गर्नु भयो। सो दानलाई पनि अनुमोदन गर्दै म सह-भागिनी भएँ। फेरि काशी नगरमै वहाँ कोलीय कुलमा जन्मिनु भयो। त्यस बखत एकशयपाँच कोलीय-पुत्रहरूले एकशयपाँच प्रत्येक-बुद्धहरूलाई उपस्थान गरे। तीन महीनासम्म सेवा र शुश्रूषा गरी त्रिचीवरहरू पनि प्रदान गरे। त्यस बखत पनि म वहाँकी पुण्य-पथको अनुगमन गर्ने भार्या थिएँ।

५२– "त्यहाँबाट च्युत हुनुभई महायश प्राप्त नन्दराजा हुनु भयो; त्यस बखत पनि म सबै काम सिद्धगर्ने वहाँकी महिषी थिएँ।

५३-५५– "त्यहाँबाट च्युतभई ब्रह्मदत्त महीपति हुनु भई पाँचशय पद्मवतीका पुत्र-प्रत्येकबुद्धहरूलाई जीवनभर राजोद्यानमा उपस्थान गर्नु भयो र वहाँहरूको परिनिर्वाण भएपछि चैत्य बनाई पूजा गर्‍यौं। अनि हामी दुवै प्रव्रजित भई अप्रमण्य (=ब्रह्मविहार) ध्यान गरी ब्रह्मलोकमा गयौं।

वर्तमान कथा

५६– "त्यहाँबाट च्युतभई वहाँ (=मेरा पति) महातीर्थ गाउँमा पिप्फलायन भई जन्मिनु भयो; वहाँकी माता सुमनदेवी

Downloaded from http://www.dhamma.digital

र पिता कौशिक-गोत्र (कोसिगोत्तो) का ब्राह्मण हुनु हुन्थ्यो[1] ।

५७– "म मद्र जनपदको[2] शाकल वा शागल नगरमा कपिल ब्राह्मणकी कुलमा सुचीमतीकी छोरी भई जन्मे[3] ।

५८– "पिताले मलाई घन-कान्चन बिम्ब निर्माण गरी, कामतृष्णाबाट विवर्जित हुनु भएका काश्यप पण्डितलाई दिनु-भयो[4] ।

५९-६०– "एक दिन, कारुणिक (=मेरा पति) खेत हेर्न जाँदा कौवाहरूले कीराहरूलाई खाइरहेका देखेर वहाँ अत्यन्त विरक्त

---

१. "ततो चुतो महातित्थे, सुजातो पिप्फलायनो।
माता सुमनदेवी ति, कोसिगोत्तो दिजो पिता ।।" थेरी. अप. दा. पा. पृ. २५८ : भद्राकापिलानीथेरीअपदानं ।

२. मद्र जनपद र शागलनगर आजकल कहाँपर्छ भन्ने बारेमा हेर, लेखकको बु. रा. पू. ३ को पादटिप्पणीमा ।

३. "अहं मद्रे जनपदे, साकलाय पुरुत्तमे ।
कपिलस्स दिजस्सासिं, धीता माता सुचीमति ।।" थेरी. अप. दा. पा. पृ. २५८

४. 'घनकञ्चन बिम्बेन, निम्मिनित्वान मं पिता ।
अदा कस्सप धीरस्स, कामेहि वज्जितस्स मं ।।" थेरी. अप. दा. पा. पृ. २५८

Downloaded from http://www.dhamma.digital

हुनु भयो। घरमा बसी म तील सुकाइरहेको बेलामा कौवाहरूले कीराहरूलाई खाइरहेका देखेर मलाई विरक्त लाग्यो[१]।

६१– "त्यस बखत वहाँ प्रव्रजित हुनु भयो; म पनि वहाँको अनुगमन गरी प्रव्रजित भएँ; पाँचवर्षसम्म परिव्राजिका व्रतमा बसें[२]।

६२-६३– "जिनपोषिका प्रजापति गौतमी जब प्रव्रजित हुनु भयो तब म वहाँकहाँ गएँ; बुद्धको अनुशासन सुनेर चाँडै मैं अरहत्व प्राप्त गरें; धन्य, धन्य! श्रीमान् काश्यपको कल्याणमित्रता[३]!!

---

१. "कदाचि सो कारुणिको, गच्छवा कम्मन्तपेक्खको।
काकादिकेही खज्जन्ते, पाणे दिस्वान संविजं॥
"घरेवाहं तिले जाते, दिस्वानातापतापने।
किमिकाकेही खज्जन्ते, संवेगमलभि तदा॥" थेरी. अप. दा. पा. पृ. २५८–५९

२. "तदा सो पब्बजी धीरो, अहं तमनुपब्बजि।
पञ्च वस्सानि निवसिं, परिब्बाजव्रते अहं॥" थेरी. अप. दा. पा. पृ. २५९

३. "यदा पब्बजिता आसि, गोतमी जिनपोसिका।
तदाहं तमुपगन्त्वा, बुद्धेन अनुसासिता॥
न चिरेनेव कालेन, अरहत्तमपापुणि।
अहो कल्याणमित्तत्तं, कस्सपस्स सिरीमतो॥" थेरी. अप. दा. पा. पृ. २५९

Downloaded from http://www.dhamma.digital

६४-६५– "बुद्धको दायाद प्राप्त गर्नु भएका बुद्धपुत्र काश्यप सुसमाहित हुनु हुन्छ; वहाँले पूर्वनिवासलाई पनि जान्नु हुन्छ, स्वर्ग नरक पनि देख्नु हुन्छ; अनि वहाँको जन्म पनि क्षीण भइसकेकोछ; अभिज्ञानको अन्तमा पनि पुग्नु भएको छ; योनै तीन विद्याले युक्त त्रैविद्य ब्राह्मण हुन्छ ।

६६– "त्यस्तै गरी भद्रा कापिलानी[1] पनि मृत्युलाई पारङ्गत गरी त्रिविद्याविद् छे; सेना सहित मारलाई जिती अन्तिमदेह धारण गर्छे[2] ।

६७– "संसारको दोषलाई देखी हामी दुवै प्रव्रजित भयौं; हामी क्षीणास्रवी छौं, शीतल भई हामीले निर्वाण प्राप्त गरेका छौं[3] ।

६८-७०– "क्लेशलाई भस्म पारीसकें...अनास्रवी भई विहार

---

१. भद्रा कापिलानीले यहाँ आफूलाई अन्य पुरुषको रूपमा भन्नु भएको छ ।

२. "तथेव भद्द कापिलानी, तेविज्जा मच्चुहायिनी ।
धारेति अन्तिमं देहं, जित्वा मारं सवाहनं ।।" थेरी. अप. दा. पा. पृ. २५९

३. "दिस्वा आदिनवं लोके, उभो पब्बजिता मयं ।
त्यम्ह खीणासवा दन्ता, सीतिभूताम्ह निब्बुता ।।" थेरी. अप. दा. पा. पृ. २५९

Downloaded from http://www.dhamma.digital

गर्छु । बुद्धको अगाडि मेरो स्वागत नै छ···बुद्ध शासन पूरागरें । चार प्रतिसम्भिदा प्राप्त गरें···[१] र बुद्ध शासन पनि पूरा गरें ।"

Dhamma.Digital

१. माथि पृ. ४४४ को गा. नं. ५३-५४ दोह्‌याई पढ्नू ।

Downloaded from http://www.dhamma.digital

११. यशोधरा स्थविरा

परिचय

यशोधरा स्थविरा, सुप्रबुद्धकी पत्नी अमितादेवीकी छोरी, कपिलवस्तुका राजा शुद्धोदनकी बुहारी तथा सिद्धार्थ राजकुमारकी पत्नी हुनु हुन्छ। राहुल कुमार जन्मेके दिनमा सिद्धार्थ राजकुमारले गृहत्यागी बुद्धत्व प्राप्त गर्नु भइसके पछि आफूले पनि गृहत्यागी भिक्षुणी भई अरहत्व मात्र प्राप्त गर्नु भएको होइन महाभिज्ञालाभिनी भिक्षुणीहरूमध्येमा यहाँ अग्र पनि हुनुभयो।

यहाँके सम्बन्धमा त्रिपिटकपालि र अर्थकथाहरूमा यत्र-तत्र उपलब्ध भएका कारणहरूलाई खोजगरी यहाँ केही परिचय दिने प्रयास गरेको छु।

जन्म

महावंसो,[1] अङ्गुत्तरनिकायट्ठकथा,[2] धम्मपदट्ठकथा,[3]

---

१. महा. वं. पृ. ९ : महासम्मतवंसो, दुतियपरिच्छेदो।

२ अं नि. अ.क. I. पृ. २०४: एककनिपातवण्णना, भद्दाकच्चाना।

३. धम्म. प. अ. क. पृ. ३६० : सुप्पबुद्धसक्कस्सवत्थु, पापवर्ग।

Downloaded from http://www.dhamma.digital

बुद्धकालीन गृहस्थीहरू[१] तथा पालि संज्ञा-शब्दकोष[२] हरूमा उल्लेख भए अनुसार यशोधरादेवी शाक्य जनपदको देवदह[३] निगममा,

---

१. बु. गृ. पृ. २१६

२. D. P. P. II. पृ. १२२० : सुप्पबुद्ध ।

३. कपिलवस्तुवासी शुद्धोदन महाराजाका पालामा 'देवदह' भन्ने जुन नाम त्रिपिटकपालि र अर्थकथाहरूमा पाइन्छ त्यसको अध्ययनगर्दा 'देवदह' नगर कुनै खास ठूलो शहर नभई शाक्य जनपदकै अन्तर्गत एक निगम अथवा एक स्यानो शहर हो भन्ने कुरा निम्न सूत्रहरूद्वारा प्रष्ट बुझ्न सकिन्छ । जस्तै — म. नि. III पृ. ३ : देवदहसुत्तं, अ. क. IV. पृ. १; सं. नि. II पृ. २४५ : देवदहसुत्तं, अ. क. II. पृ. १८६ तथा सं. नि. III पृ १४४ : देवदहसुत्तं, अ. क. III. पृ. ३१

"एकं समयं भगवा सक्केसु विहरति देवदहं नाम सक्यानं निगमे" म. नि. III. पृ. ३ : देवदहसुत्तं । यसको अर्थ उल्लेख गर्दै पपं. सू. IV. पृ. १ ले यसरी दिएको छ— "देवदहं नामाति देवा वुच्चति राजानो, तत्थ च सक्यराजूनं मङ्गलपोक्खरणी अहोसि पासादिका आरक्खसम्पन्ना, सा देवानं दहत्ता 'देवदहन्ति' पञ्ञायित्थ । तदुपादाय सो पि निगमो 'देवदहन्तेव' सङ्खं गतो ।" यसको अर्थ बु. प. पृ. २५९ मा समुल्लेख भएको छ ।

सं. नि. II. पृ २४५ : को देवदहसुत्तं, को अर्थकथा

Downloaded from http://www.dhamma.digital

सारत्थपकासिनी II. पृ. १८३ ले देवदहको अर्थ लगाउँदै यसरी उल्लेख गरेको छ—

"देवदहन्ति देवो वुच्चति राजानो, तेसं मङ्गलदहो; सयञ्जातो वा सो दहो तस्मा पि 'देवदहोति' वुत्तो। तस्स अविदूरे निगमो 'देवदहन्तेव' नपुंसकलिङ्गेन सङ्खं गतो।"

थेरगाथट्ठकथा पृ. १४४ : पक्खत्थेरस्स गाथावण्णनामा पनि "इमस्मिं बुद्धुप्पादे सक्केसु देवदह निगमे..." भन्ने उल्लेख भएको पाइन्छ।

शाक्य जनपदको एक निगम भएको हुनाले देवदहमा जन्मेका शाक्यहरू कपिलवस्तुमै गई बसेका कुराहरू धम्मपदट्ठ-कथाको (पृ. ३६०) सुप्पबुद्ध शाक्यका कथा र मज्झिम-निकाय I. पृ. १४६ को मधुपिण्डिक सूत्रबाट (यसको अनु-वाद बु. रा. पृ. ४६९ मा छ) तथा भगवान् बुद्ध सर्वप्रथम कपिलवस्तुमा जानु भएर मल्लहरूको आम्रवनमा बसिरहनु भएको बेलामा अनुरुद्ध शाक्यहरूसँग देवदत्त प्रव्रजित हुन आएबाट देवदत्त पनि कपिलवस्तुमै भएका कुरा चुल्लवग्गको सङ्घभेदकक्खन्धकं (पृ २७९) बाट पनि प्रष्ट बुझिन्छ। देवदहको सम्बन्धमा अरू विस्तृत कुराहरू जान्न चाहेमा भरतसिंह उपाध्यायको बु. भा. भू. पृ. ३००–०७ हेर्नू। कोलिय नगर र देवदह भनेको एउटै होइन। हो, देवदहमा पनि कोलियहरू बस्दथे।

Downloaded from http://www.dhamma.digital

सुप्रबुद्ध शाक्यकी पत्नी अमिताको कोखमा[१] जन्मिनु भएको हो।

---

१. "सुप्पबुद्धस्स सक्कस्स महेसी अमिता अहु।
तस्सासुं भद्दकच्चाना देवदत्तो दुवे सुता ॥ २१ ॥" महा. वं. पृ. ९ : दुतियपरिच्छेदो।

"सो किर अयं मम धीतरं छड्डेत्वा निक्खन्तोति च मम पुत्तं पब्बाजेत्वा तस्स वेरिट्ठानं ठितो चाति..." धम्म. प. अ. क पृ. ३६० : सुप्पबुद्धसक्कस्सवत्थु, पापवग्गो।

"इमस्मिं बुद्धुप्पादे सुप्पबुद्धसक्कस्स गेहे पटिसन्धिं गण्हि।" अं. नि. अ. क I. पृ. २०४ : एककनिपातवण्णना, भद्दाकच्चाना।

बौद्ध-संस्कृत साहित्यको **महावस्तु** अनुसार यशोधरा-देवी वसित वंशका महानाम (Mahanama of Vasita clan) भन्ने एक अमात्यकी छोरी भन्ने र **ललितविस्तर** अनुसार दण्डपाणीकी छोरी भनी उल्लेख भएको छ भनी डा० विक्रमसिंहले आफ्नो B. B. पृ ३० को पादटिप्पणीमा उल्लेख गरेका छन्।

डा० विमलचरण ल: ले आफ्नो S. M. पृ. ६४ मा महानाम शाक्यकी छोरी यशोधरा हुन् भनी उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

वहाँको एक सहोभाइ पनि छ जसको नाम देवदत्त[1] हो भन्ने कुरा पनि उक्त ग्रन्थहरूमै उल्लेख भएका पाइन्छन् ।

B. B. पृ. ५६ को पादटिप्पणीमा दुल्वामा उल्लेख भएको छ भनी डा० विक्रमसिंहले निम्न कुरा पनि उल्लेख गरेका छन्—

"सिद्धार्थ बोधिसत्वले गृहत्याग गरिसकेपछि वहाँ राजगृह नगिच उद्दक रामपुत्रकहाँ बसिरहेका छन् भन्ने खबर सुनी शुद्धोदन महाराजाले वहाँको हेरचाह गर्न ३०० पुरुषहरू र सिद्धार्थका ससुरा सुप्रबुद्ध शाक्यले २०० पुरुषहरू पठाएका थिए ।"

यसको आधारमा यशोधरादेवी सुप्रबुद्धकी छोरी हुन् भन्ने कुराको पुष्टचाईं हुन्छ ।

यस्तै गरी बोधिसत्वले उरुवेल वनमा तपस्या गरिरहेको समयमा पनि उक्त दुवै जनाले बोधिसत्वकहाँ अढाइ अढाइशय पुरुषहरू पठाएका कुरा पनि सोही पुस्तकके पृ. ५९ को पादटिप्पणीमा उल्लेख भएको छ ।

१. माथि उल्लेख भएका महावंशादि ग्रन्थहरूका उद्धृत वाक्यहरूद्वारा पालि साहित्य अनुसार देवदत्त पनि सुप्रबुद्धके पुत्र हुन् भन्ने कुरा निर्विवाद छ ।

Downloaded from http://www.dhamma.digital

तर बौद्ध-संस्कृत साहित्यका केही ग्रन्थहरूले यसरी उल्लेख गरेका छन् भनी डा० मललसेकरले आफ्नो 'पालि संज्ञा-शब्दकोष' को पादटिप्पणीमा यसरी अंकित गरेका छन्—

"तिब्बती दुल्वाले 'देवदत्त अमृतोदनका पुत्र हुन् र आनन्द उनका भाइ हुन् भन्ने र महावस्तुले पनि यस्तै उल्लेख गरेको छ' ।" D. P. P. I. पृ. ११०७

"सिद्धार्थ कुमारले घरछाडि सकेपछि यशोधरादेवी-लाई प्रलोभन देखाउन खोजेको र सिद्धार्थ कुमार घरमै छँदा पनि देवदत्तले वहाँसँग अनेक कुराहरूमा प्रतिस्पर्धा गरेका थिए भन्ने कुरा पनि महावस्तुले उल्लेख गरेको छ र त्यसै ग्रन्थ अनुसार धनुष-विद्या प्रदर्शन गर्ने बेलामा सिद्धार्थ कुमारकोनिमित्त ल्याइराखेको एक सेतो हात्तीलाई ईर्ष्याको कारणले देवदत्तले मारी नगरद्वारको ढोका बन्दहुने गरी राखि दिएको र सिद्धार्थ कुमारले त्यसलाई बाहिर फ्याकि दिएको तथा अर्को एक समयमा सिद्धार्थ राजकुमारसँग हाँस मारेको कुरा माथि देवदत्तले झगडा पनि गरेका थिए भन्ने कुराहरू पनि उहीं नै उल्लेख गरेका छन् ।"

सं. नि. अ. क. I. पृ. ६२ : सकलिकसुत्तावण्णनाले देवदत्तमा पाँच हात्ती बराबरको बल छ भन्ने कुरा उल्लेख गरेको छ ।

चुल्लवग्गको पकासनीयकम्मं पृ. २८९ मा देवदत्ता-लाई 'महर्द्धिक गोधिपुत्र' भन्ने उल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

आफ्नो अन्तिम जन्मका कुरा बताउनु हुँदै **यशोधरा स्थविराले थेरीअपदानपालिमा** स्वयं यसो भन्नु भएको छ – "**पच्छिमे भवे सम्पत्ते, अजायिं साकिये कुले**" जसको अनुवाद तल "**यशोधरा स्थविरापदान**" शीर्षकको गा. नं. ६६–६७ मा भएको छ।

यशोधरादेवीको जन्म पनि **सिद्धार्थ बोधिसत्व** जन्मेकै दिनमै भएको थियो भन्ने कुरा सबै **अर्थकथाहरूले** समुल्लेख गरेका छन्। अरु सिद्धार्थ जन्मिनु भएको दिनमा **यशोधरा** लगायत **आनन्द स्थविर, छन्न सारथी, कण्ठक अश्व, निधिकुम्भहरू, महाबोधी र कालुदायी स्थविर** पनि जन्मेका थिए भन्ने कुराहरू पनि समुल्लेख भएका छन्[१]।

---

१. जा. अ क I. पृ. ६४ : अविदूरेनिदान; अप. दा. अ. क. पृ. ४९ : अविदूरेनिदानं; बु. वं अ. क. पृ. १०६ : दीपङ्करबुद्धवसवण्णना; उहीं पृ. २४८ : बुद्धवेमत्तावण्णना; उहीं पृ २२८: गोतमबुद्धवंसवण्णना; दी. नि. अ. क. I. पृ. २८३ : महापदानसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. १६७ : एककनिपातवण्णना; कालुदायी।

तिब्बती दुल्वा अनुसार सिद्धार्थ बोधिसत्व जन्मिनु भएको दिनका निम्न व्यक्तिहरू पनि जन्मेका थिए भन्ने कुरा समुल्लेख भएको छ भनी डा० विक्रमसिंहले B. B. पृ. १३ को पादटिप्पणीमा उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

"(१) श्रावस्तीमा ब्रह्मदत्तका छोरा प्रसेनजित्, (२) राजगृहमा राजा महापद्मकी रानी बिम्बीद्वारा बिम्बिसार, (३) कौशम्बी राजाका छोरा उदयन र (४) उज्जैनका राजा अनन्तनेमीका छोरा प्रद्योत।"

अभिनिष्क्रमण (चाइनिज भाषामा अनुदित) सूत्र अनुसार सिद्धार्थ बोधिसत्व जन्मिनु भएको दिनमा यिनीहरू पनि जन्मेका थिए भनी उहीं पृ. १३ मा यसरी उल्लेख भएको छ—

"५०० शाक्य पुत्रहरू जन्मे जसमध्ये सिद्धार्थ कुमार प्रमुख थिए, ५०० शाक्य कुमारीहरू जन्मे जसमध्ये यशोधरादेवी प्रमुख थिइन्, शुद्धोदनका रनवासीहरूबाट (Concubines) ५०० पुत्रहरू जन्मे जसमध्ये छन्न प्रमुख थिए, राजाका दासहरूबाट ५०० पुत्रहरू जन्मे जो पछि सिद्धार्थका सेवकहरू भए, सेता घोडीहरूबाट ५०० घोडाहरू जन्मे जसमध्ये कण्ठक प्रमुख थियो, ५०० सेता हात्तीहरू आई शहर घुमेर गए, ५०० सुन्दर बगैंचाहरू शहरका दुवैतिर देखापरे. ५०० व्यापारीहरू सुनका थालीहरूमा जुहारातहरू राखी आए, ५०० उत्तम छत्रहरू र ५०० सुनका थालीहरूमा अनेक खाद्य-भोज्यहरू राखी विभिन्न राजकुमारहरूले पठाए, ५०० ब्राह्मणहरू तथा ५०० क्षत्री कुमारहरू आफ्ना स्त्रीहरूका साथ आई राजालाई बधाई दिए।"

Downloaded from http://www.dhamma.digital

नामकरण

अङ्गुत्तरनिकायको मूल सूत्र अनुसार यशोधरादेवीको मुख्य नाम "भद्दकच्चाना" वा "भद्दकच्चना" हो भन्ने कुरा प्रष्ट बुझिन्छ[१]। यसको अर्थकथाले "भद्दकच्चाना" वा "भद्दकच्चना" भन्नुपर्ने कारणदिदै—भद्रकाञ्चन जस्तै वहाँको शरीरवर्ण भएकोले "भद्रकाञ्चना" भन्ने नाम रहेको हो र पछि "भद्दकच्चाना" (=भद्रकात्यायना) भन्ने नाम रहन गएको हो[२] भनी उल्लेख गरेको छ।

बुद्धवंस पालिमा पनि भद्दकच्चना (=भद्रकाञ्चना) भन्ने नै उल्लेख भएको छ[३]।

---

१. अ. नि-१ पृ. २६ : एतदग्गवग्गो।

२. "भद्दाकच्चानाति तस्सा नामं; भद्दकञ्चनस्स विय हि उत्तम सुवण्णस्स विय तस्सा सरीरवण्णो अहोसि; सा तस्मा भद्दकच्चनाति नामं लभि; सा पच्छा कच्चानातेव संखंगता; राहुलमाता येतं अधिवचनं।" अं. नि. अ. क. I. पृ. २०४ : एककनिपातवण्णना, भद्दकच्चाना।

३. "भद्दकच्चना नाम नारी, राहुलो नाम अत्रजो।" बु. वं. पा. पृ. ३८० : गोतमबुद्धवंसो।

Downloaded from http://www.dhamma.digital

थेरीअपदानपालिमा वहाँले आफूलाई "यसोधरा अहं वीर !" अर्थात् — "म यशोधरा हुँ" भनी भन्नु भएको छ[१] ।

राहुलकुमार पाइसक्नु भएपछि वहाँलाई "राहुलमाता" कै नामले सरलरूपमा व्यवहार गरेका कुरा सुमङ्गलविलासिनीको "बिम्बादेवी पन राहुलकुमारे जाते राहुलमातारि पञ्ञायित्थ" भन्ने वाक्यद्वारा प्रष्टै बुझिन्छ[२] ।

महावग्गपालिको राहुलवत्थुमा (पृ. ८६) "अथ खो राहुलमाता देवी राहुलं कुमारं एतदवोच···" भन्ने वाक्यद्वारा यशोधरादेवीलाई नै "राहुलमाता" भनी मूल सूत्रमा उल्लेख भएको कुरा यसैमा उल्लेख भएको छ ।

अभिधानप्पदीपिकाले[३] यशोधराका नामहरू यसरी उल्लेख गरेको छ — (१) भद्दकच्चाना, (२) राहुलमाता, (३) बिम्बा तथा (४) यशोधरा । यी नामहरू कुन कुन अर्थकथाहरूमा अङ्कित भएका छन् भन्ने कुरा र यस बाहेक अरू पनि नामहरू यसरी बुझ्नुपर्छ —

---

१. थेरी. अप. दा. पा. पृ. २६० : यसोधराथेरीअपदानं, गा. नं. १८; जसको अनुवाद तल "यशोधरा स्थविरापदान" शीर्षकमा भएको छ ।

२. सुमं. वि. I. पृ. २८१ : महापदानसुत्तवण्णना ।

३. अभि. धा. प. पृ. ४९, गा. नं. ३३६

Downloaded from http://www.dhamma.digital

(१) बिम्बादेवी भनी—जातक अर्थकथामा;[१]

(२) बिम्बा सुन्दरी भनी—जातक अर्थकथामा;[२]

(३) यशोधरा भनी—बुद्धवंश अर्थकथा[३] र अपदान अर्थ-कथामा;[४]

(४) राहुलमाता भनी—बुद्धवंश अर्थकथामा[५], जातक अर्थ-कथामा,[६] समन्तपासादिकामा,[७] थेरीगाथा अर्थकथामा,[८] अपदानट्ठकथामा[९] तथा

---

१. जा. अ. क. I-II. पृ. ६३९ : अब्भन्तरजातकं, नं. २८१, उहीं पृ. ६६३ : सुपत्तजातकं, नं. २९२

२. जा. अ. क. VII. पृ. ४२० : महाउम्मग्गजातकं, नं. ५४६

३. बु. वं. अ. क. पृ. २४५ : गोतमबुद्धवंसवण्णना ।

४. अप. दा. अ. क. पृ. २७३ : राहुलत्थेरस्सअपदानट्ठकथा ।

५. बु. वं. अ. क. पृ. २३१ : गोतमबुद्धवंसवण्णना, उहीं पृ. २४८ बुद्धवेमत्तवण्णना ।

६. जा. अ. क. V. पृ. १४६ : चम्पेय्यजातकं, नं. ५०६; VII. पृ. ५२७ : महावेस्सन्तरजातकं, नं. ५४७

७. सम. पा. पृ. ७५३ : महावग्गवण्णना, महाखन्धकं ।

८. थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा ।

९. अप. दा. अ. क. पृ. ५६ : निदान ।

Downloaded from http://www.dhamma.digital

(५) सुभद्रका भनी -- बुद्धवंश अर्थकथामा[1] उल्लेख भएको पाइन्छ ।

विवाह मङ्गल

उपरोक्ताकारले देवदह नगरमा (=निगममा) सुप्रबुद्ध शाक्य-का कुलमा अमिताको कोखमा जन्मिनु भएकी यशोधरा देवीको बाल्य-जीवन सम्बन्धी कुनै खास कुराहरू त्रिपिटक-अर्थकथाहरूमा उपलब्ध न भएता पनि वहाँले पछि व्यक्त गर्नु भएका र वहाँको सम्बन्धमा अरूले उल्लेख गरेका कारणहरू माथि दृष्टिदिंदा वहाँको भरणपोषण यथोचित ढङ्गले भई वहाँ भद्रकाञ्चना जस्तो अर्थात् असल सुनको वर्ण जस्तो सुन्दरी भई क्रमैसँग सोह्रवर्षमा प्रवेश गर्नु भयो । जति रूपसम्पत्ति वहाँमा थियो उत्तिनै वहाँ गुणभूषिता तथा विद्याभूषिता पनि हुनुहुन्थ्यो भन्ने कुरा थेरीअपदानपालिमा दर्शाइएको छ । वहाँको सुन्दरताको बारेमा जनपदकल्याणी जस्ती सुन्दरी हुनु भएकी नन्दा स्थविराले भन्नु भएका "...मलाई यशोधरा बाहेक अरू सबै युवतीहरूमध्ये 'कल्याणी' भनी भन्दथे[2]" भन्ने वाक्यले

---

१. बु. वं अ. क. पृ २४४ : गोतमबुद्धवंसवण्णना । बौद्ध-संस्कृत साहित्यको ललितविस्तरमा 'गोपा' भन्ने पनि उल्लेख भएको पाइन्छ ।

२. थेरी. अप दा. पा. पृ. २४९; हेर माथि पृ. ४३८ गा. नं. २०, २२ मा (नन्दाथेरी अपदानमा) ।

Downloaded from http://www.dhamma.digital

पर्याप्त छ। यस वाक्यद्वारा हामी निश्चिन्ततामा पुग्न सक्छौं कि यशोधरादेवी कति सुन्दरी हुनुहुन्छ।

उता, कपिलवस्तु महानगरमा शुद्धोदन महाराजाका पुत्ररत्न सिद्धार्थ कुमारको पनि राजकीय ढङ्गले तथा स-स्नेहपूर्वक पालन-पोषण भयो[1] र क्रमैसँग अक्षर सिकाउने बेला भएपछि राजाले पुत्ररत्न सिद्धार्थ कुमारलाई अध्ययन गराउन त्यस बखतका नामी तथा उच्च-कुलीन उदिच्च ब्राह्मण कुलमा जन्मेका शब्द-शास्त्र, वैय्याकरण सहित वेदका छवटै अङ्गहरू[2] पारङ्गत भएका सर्वमित्र (=सब्बमित्त) ब्राह्मण पण्डितकहाँ लगी सिद्धार्थ कुमारलाई अध्ययन गराउन सर्व-मित्रको हातमा सुम्पिदिए[3]।

---

१. भरण-पोषणको सम्बन्धमा माथि पृ. ५ मा हेर्नू।

२. वेदका छ अङ्गहरू भनेका के के हुन् भन्ने बारेमा लेखकको बु. श्रा. च. पृ. ४ को पादटिप्पणीमा उल्लेख भएको छ।

३. मि. प पृ. १८७ : मेण्डकपञ्हो; हिन्दी. मि. प्र. पृ. २८८

सिद्धार्थ कुमारको अध्ययन सम्बन्धमा बौद्ध-संस्कृत साहित्य अनुसार डा० विक्रमसिंहले आफ्नो B. B. पृ. २४-२५ मा उल्लेख गरेका कुराहरूको सारांश यसप्रकार छ—

"सिद्धार्थ कुमार आठवर्ष पुग्दा शुद्धोदन महाराजाले एक अमात्यसँग सोधी उनको शिफारीस अनुसार विश्वमित्रको स्वीकृति लिई शुभ नक्षत्रको दिनमा एक उत्सव गरी ५००

Downloaded from http://www.dhamma.digital

शाक्य कुमारहरूका साथ सिद्धार्थलाई विश्वमित्रकहाँ विद्याध्ययन गर्न पठाए। (सिद्धार्थ कुमार पाठशालामा गइरहेको दृश्य गन्धारको वास्तुकलामा अंकित भएको छ।)

"सिद्धार्थ कुमारलाई देखी आफ्नो आसनबाट उठी विश्वमित्रले सिद्धार्थ कुमारको पाउमा साष्टाङ्ग प्रणाम गरे। त्यस बखत तुषित भवनबाट **शुद्धवर** भन्ने एक देवपुत्र धेरै देवपुत्रहरूका साथ आई 'यी राजकुमारले सबै शास्त्र तथा सूत्रहरू जान्दछन्, यिनले अरूलाई सिकाउन सक्छन्' भन्दै कुमार माथि सबै प्रकारका फूलहरू वर्षाई फर्केर गए। अनि राजकुमारले श्रीखण्डको टेबलनिर बसी रत्नहरू जडित कलम लिई, बढिया मसीलिई—विश्वमित्रसँग सोध्नुभयो— 'आचार्य ! कुन लिपिहरू तपाइ मलाई सिकाउन चाहनु हुन्छ, ब्राह्मी, खरोष्ठी अथवा पुष्करसान ?' यी कुरा सुनी आश्चर्य चकीत भई विश्वमित्र भन्दछन्— 'यी राजकुमारले सबै शास्त्रहरू पढिसके, जो कि मलाई पनि थाहा छैन' भन्दै विश्वमित्रले एक हजार बालकहरूलाई पठाए।

"त्यस पछि सैनिक-शास्त्र अध्ययन गराउन राजाले एक अमात्यको शिफारीसद्वारा सुप्रबुद्धका छोरा क्षान्तदेवलाई भनी सैनिक-शास्त्र सिकाउन थाले। (धनुष विद्या सिकाउने एक ठूलो शाला भएको कुरा बु. प. पृ. २९६ को पादटिप्पणी मा उल्लेख भएको छ।) राजकुमार भन्नु हुन्छ कि म आफैले

Downloaded from http://www.dhamma.digital

सिद्धार्थको बाल्य-जीवन – मनोरथपूरणी तिकनिपातवर्णना (पृ. ३७९) अनुसार—सिद्धार्थ राजकुमार सात आठ वर्षमा पुगे पछि एक दिन शुद्धोदन महाराजाले एक अमात्यसँग "किशोर राजकुमारहरू के खेल्न मनपराउँछन् ?" भनी सोद्धा सो अमात्यले "महाराज ! पानीमा खेल्न मनपराउँछन्" भनी विन्तिगरे । यो कुरा सुनी राजाले सिद्धार्थकुमारकोनिमित्त एक पोखरी बनाइदिने विचार गरो, पोखरी खन्ने मानिसहरूलाई एकत्रित गराई पोखरी खन्ने ठाउँ देखाइदिए र अत्यन्त सुन्दर तथा दिव्यमय पोखरी बनाए । त्यहाँ देखि सिद्धार्थ कुमार सो पोखरीमा क्रीडागर्न थाले ।

यसप्रकार अत्यन्त आनन्दपूर्वक क्रीडामय बाल-जीवन बिताउनु

आफूलाई सिकाउने छु । यो कुरा सुनी क्षान्तदेवले अरू ५०० किशोर राजकुमारहरूलाई सिकाउन थाले ।"

सिद्धार्थ कुमार पाठशालामा बसी पढिरहेको दृश्य देखाउँदै गन्धारको वास्तुकलाले सिद्धार्थ कुमारले घुँडामा पाटी लिई लेखिरहेको दृश्य देखाएको छ भन्ने कुरा पनि B. B. पृ २५ को पादटिप्पणीमा समुल्लेख भएको छ ।

हुएन-सियाङ (Hiun-Tsiang) वर्णनमा कपिलवस्तुको दक्षिणद्वारनिर रहेको एक विहारमा एक विद्यार्थीले पाठ पढीरहेको एक रूपकला देखेका कुरा पनि उहीं पृ. २५ को पादटिप्पणीमै उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

भई क्रमशः सोह्रवर्षको उमेरमा प्रवेश गर्नु भयो। एक दिन राजकुमारलाई बस्नकोनिमित्त नीजी घरहरू बनाइदिने मनसुवा गरी राजाले सिकर्मी र डकर्मीहरू भेला गराई, भद्र नक्षत्रको मुहूर्तमा जग खनाउने कार्य शुरू गराउनु भयो। हेमन्त, ग्रीष्म तथा वर्षा गरी तीन ऋतुहरूमा बस्ने तीन प्रासादहरू बनाउन लगाउनु भयो[1]। यी प्रासादहरू कस्ता थिए र कुन ढङ्गले राजकुमार बस्दथे भन्ने सम्बन्धमा अर्थकथाहरूले उल्लेख गरे बमोजिम यहाँ उल्लेख गरेको छु।

हेमन्त ऋतुको प्रासाद—हेमन्त ऋतुमा बस्ने प्रासाद नौतले (९) थियो[2]। हावा पानी मिलाउनकोनिमित्त घरका तलाहरू होचा होचा र भुइँहरू नियानो पारेका थिए। दैला र झ्यालहरू स्याना स्याना थिए। उष्णता प्रवेशकोनिमित्त झ्यालका खापाहरूमा मसीना जालीहरू लगाइएका थिए। भुइँमा ऊनका कार्पेट (=कम्बल) हरू खाट्मा ऊनीका बिछ्यौनाहरू र बिछ्यौना माथि लगाउने नरम तन्नाहरू पनि ऊनीकै हुन्थे। अनि भीत र पर्दाहरू पनि बाक्ला थिए। ओढने, लगाउने र फेटा बाँध्ने कपडाहरू पनि नरम ऊनीकै हुन्थे। सूर्य-कीरण प्रवेशको लागि दिनमा झ्यालहरू उघारी साँझपख बन्द गरिन्थे। खानपानहरू स्निग्ध तथा पौरो स्वभावका हुन्थे। भित्ताहरूमा ज्वाला निस्केका, आगो बलेका आदि गरम प्रकृतिको

---

१. अ. नि. अ. क. I पृ. ३७९–८० : सुखुमालसुत्तवण्णना।

२. पपं सू. III. पृ. १४८ : मागण्डियसुत्तवण्णनामा पाँचतले भनी उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

प्रभाव पार्ने खालका चित्रहरू चित्रित थिए।

ग्रीष्म ऋतुको प्रासाद—ग्रीष्म ऋतुको प्रासाद पाँचतले (५) थियो[१]। शीतल पार्नकोनिमित्त अग्ला अग्ला भित्ता तथा लट्ठाहरू भएका अग्ला अग्ला तलाहरू थिए। तलाहरू खुला थिए। दैला र झ्यालहरू अग्ला तथा ठूला ठूला थिए। झ्यालका खापाहरूमा जालीहरू लगाइएका थिए तथा झ्यालहरू पनि धेरै थिए। शीतल स्वभावका तथा साधारण दरी आदि कपडाहरू भुईंमा बिच्छ्याइएका थिए। लगाउने र फेटा बाँध्ने कपडाहरू मसीना हल्का तथा पातला उत्तम रेशमका थिए। भीत र पर्दाहरू पनि पातला थिए। भित्तामा रङ्गी बिरङ्गी अनेक प्रकारका कमल फूलहरूका चित्रहरू थिए। खान-पानहरू मधुर स्वाद युक्त तथा शीतल प्रकृतिका हुन्थे। झ्याल-मनी नौ नौ वटा कराही जत्रा ठूला ठूला पानीका माँडाहरूमा नीलोत्पलादि फूलहरू फुलाइएका थिए। ठाउँ ठाउँमा पानी चलाउने यन्त्रहरू थिए। जुन यन्त्रहरू चलाउँदा वर्षा भए जस्तै पानी निस्कन्थे। अर्थात् ठाउँ ठाउँमा फोहराहरू थिए। प्रासाद भित्र ठाउँ ठाउँमा स्याना स्याना डुङ्गा जस्ता द्रोणीमा हिलो माटो र पानी राखी त्यसमा पद्म फूलहरू फुलाइ राखेका हुन्थे। बोधिसत्वको खाट् वरिपरि आठ शय (८००) घडाहरूमा सुगन्ध पानी राखी त्यसमा नीलोत्पलादि फूलहरू राखिएका थिए। ठूला ठूला कराहीहरूमा सुगन्धित हीलो

---

१. पपं. सू. III. पृ १४८ मा नौतले (९) भनी उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

राखी त्यसमा नीलोत्पल तथा पुण्डरीकादि रोपी, हावा पानी मिला-उनकोनिमित्त त्यस त्यस ठाउँहरूमा सजाइएका थिए। सूर्यको कीरण-हरूद्वारा फूलहरू फुल्थे र अनेक प्रकारका भ्रमरहरू प्रासादभित्र पसी फूलहरूका रस लिंदै उडिरहेका हुन्थे। सम्पूर्ण प्रासादमा मग मग बासना आउँदथ्यो।

दुइ भित्ताका बीच लोहमय पाइपहरू (लोहनालि) जडान गरेका थिए र प्रासाद माथि बनेको रत्नमय मण्डपको माथि आकाशमा स्थाना स्थाना प्वालहरू भएका जालीले ढाकेको थियो। अर्कापट्टि सुकेका भैंसीका छालाहरू भीत राखे जस्तै गरी राखि दिएको थियो। जब बोधिसत्वको पानीमा खेल्ने इच्छा हुन्थ्यो तब उक्त भैंसीका छालामा हुङ्गाका गोलाहरू गुडाइन्थ्यो र त्यसबाट मानो आकाश गर्जेको जस्तो आवाज निस्कन्थ्यो। यसै समयमा तलबाट पानीको यन्त्र चलाई प्रासाद माथि पानी चढाइन्थ्यो र जालीबाट मानो वर्षाद् भएकोझैं पानी निस्कन्थ्यो। त्यस बखत बोधिसत्वले नीला-वस्त्रहरू र नीला आभरणहरू लगाउनु हुन्थ्यो र ४० हजार नर्तकी स्त्रीहरू सबैले पनि नीलै वस्त्रहरू पहिरी नीलै आभरणहरू लगाई नीला लेपहरू (=पाउडर) लगाई महापुरुषलाई घेरी सबै प्रासाद माथि रत्नमय मण्डपमा जान्थे। अनि बोधिसत्वले दिनभरी जल क्रीडागरी शरीर ठण्डापारी ऋतु सुखको अनुभव गर्नुहुन्थ्यो।

प्रासादका चारै दिशातिर चार तलाउहरू थिए। दिनको समयमा अनेक प्रकारका चराहरू पूर्वबाट पश्चीम र पश्चीमबाट पूर्व,

Downloaded from http://www.dhamma.digital

उत्तरबाट दक्षिण र दक्षिणबाट उत्तरतिर लागी प्रासाद माथिबाट उडिरहेका रमाइलो दृश्य देखिन्थ्यो । यसप्रकार गृष्मऋतु भए तापनि वर्षाद् ऋतुसमान हुन्थ्यो । गृष्म ऋतुको प्रासादमा दिनभरी झ्यालहरू थुनिन्थे र रातमा उघारिन्थे ।

वर्षाद् ऋतुको प्रासाद—वर्षाद ऋतुको प्रासाद साततले (७) थियो । वुवै ऋतुमा मिल्ने गरी घरका तलाहरू न अति अग्ला, न अति होचा थिए । प्रासादमा दैला तथा झ्यालहरू धेरै थिएनन्, ठीक प्रमाणमा थिए र झ्यालहरू केही बन्द र केही उघारिएका हुन्थे । भित्ताहरूका केही ठाउँहरूमा अग्नि ज्वालाका चित्रहरू र केही ठाउँ-हरूमा तलाउहरूका चित्रहरू चित्रित गरिएका थिए । भुइँमा शीतोष्णता मिलाई ऊनका कार्पेटहरूका साथ साधारण शीतल प्रकृतिका दरीहरू (=वुकुल) पनि बिच्छ्याइएका थिए । केही दैला र झ्यालहरू दिनमा उघारी राखिन्थे र केही बन्द गरिन्थे तथा दिनमा केही बन्द र रातमा केही उघारिन्थे[1] ।

तीनै प्रासादहरूका उचाइमा भने समानता थियो । तलाहरूमा भने भिन्नता थियो[2] । यिनीहरूका नाम रम्म, सुरम्म तथा सुभक भनी

---

१. दी. नि. अ. क. I. पृ. ३०६ : महापदानसुत्तवण्णनामा पनि यी तीन प्रासादहरूका वर्णन संक्षेप रूपमा दिइएको छ ।

२. अं. नि. अ. क. I. पृ. ३८० : सुखुमालसुत्तवण्णना; पपं. सू. III. पृ. १४७–४८ : मागण्डियसुत्तवण्णना; बु. वं. अ. क. पृ. २३० : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://www.dhamma.digital

बुद्धवंशपालिमा समुल्लेख भएका छन्—

"रम्मो[१] सुरम्मो[१] सुभको तयो पासादमुत्तमा[२]।"

धनुर्विद्याको प्रदर्शन—एक दिन, राजाले सोचे कि—सिद्धार्थ कुमार अब सोह्रवर्ष पुगिसके। अब यिनलाई विवाह गरी राज्यमा राखी छत्रविनपर्‍यो। यति सोच्नु भई राजाले सबै शाक्य-हरूलाई "राजन् हो! अब मेरो छोराको वैंश पुगिसक्यो। उनलाई छत्रविई राज्यमा राख्न चाहन्छु। अतः तपाइहरूले आ-आफ्ना घरमा भएका वैंश पुगेका कन्याकुमारीहरूलाई मेरो घरमा पठाइ-दिनुहोस्" भनी पत्रहरू पठाए।

उनीहरूले "राजकुमार केवल रूपसम्पन्न तथा दर्शनीय छन्। तर कुनै पनि शिल्प-विद्याहरू जान्दैनन्; कसरी उनले दार भरण

यस परिचयमा प्रासादहरूका क्रम र ऋतुक्रम अङ्गुत्तरनिकायको सुखुमाल सूत्र अनुसार उल्लेख गरेको छ। त्यसो हुनाले मज्झिमनिकायको मागण्डिय सूत्रानुसार र अरू सूत्रहरू अनुसार नमिले जस्तो लाग्नसक्छ। मागण्डिय सूत्र अनुसार ऋतुक्रम-- वर्षा, हेमन्त र ग्रीष्म छ।

१. स्याममाः 'सुचन्दो, कोकनुदो र कोञ्चो'; रोमनमाः 'रामो सुरामो सुभतो'।

२. बु. वं. पा. पृ. ३८० : गोतमबुद्धवंसो, गा. नं. १४, अ क. पृ. १४४–४५

Downloaded from http://www.dhamma.digital

गर्न सक्लान् र कसरी कुनै युद्ध आइपरेमा त्यसको मुकाबला गर्न सक्लान्। क्रीडामा मात्र व्यस्त भई[1] रहनेलाई हामीले कसरी कन्या देऔं" भन्ने जवाफ पठाए।

अनि राजाले यो कुरा पुत्र सिद्धार्थ कुमारलाई सुनाए। यो कुरा सुनी बोधिसत्वले पितासँग सोध्नु भयो—

"पिताज्यू! त्यसोभए मैले के गर्नु पर्‍यो त?"

"पुत्र! एकहजार पुरुषहरूको बलले उचाल्नु पर्ने धनु लिई धनुर्विद्या देखाउन पर्‍यो[2]।"

"हवस्, त्यसोभए आजको एकसातामा मैले धनुर्विद्याको प्रदर्शनी गर्नेछु। सबै ज्ञातिहरूलाई भेला हुन इयाली पिटाइ दिनुहोस्[3]।"

अनि राजाले त्यस्तै गरी घोषणा गर्न लगाए र त्यस परिषद्-मा— (१) अक्खणवेधी (=क्षण नबित्दै प्रहारगर्न सक्ने), (२) वालवेधी (=घोडाको पुच्छरको रौंलाई प्रहार गर्न सक्ने) आदि धनुर्धारीहरू पनि उपस्थित भए[4]।

---

१. जा. अ. क. I. पृ. ४९; अप. दा अ. क. पृ. ५३

२. अं. नि. अ. क. I. पृ. ३८०; बु. वं. अ. क. पृ. २३०: गोतम-बुद्धवंसवण्णना।

३. जा. अ. क. I. पृ. ४९; अप. दा. अ. क पृ. ५३

४. जा. अ. क. I. पृ. ४९; अप. दा. अ. क पृ. ५३

Downloaded from http://www.dhamma.digital

धनु त्याउन लगाई आसनमै बसी सिद्धार्थ कुमारले खुट्टाको औंलाले नै परिन्जो समाती धनुमा लगाउनु भई बाँया हातले धनुको दण्ड समाती दाँया हातले धनुको परिन्जो ठटाउनु भयो। यसको आवाजले नगरका मानिसहरू तर्सेर उफ्रिन थाले। "के को आवाज रहेछ यो ?" भनी सोध्दा "सिद्धार्थ राजकुमारले हजार पुरुषहरूका बलले उठाउनु पर्ने धनुको परिन्जो ठटाएको आवाज हो, आकाश गर्जेको आवाज होइन" भनी भने। यत्तिकैमा शाक्यराजाहरू प्रसन्न भए[1]।

अनि सिद्धार्थ राजकुमारले "अब के गर्नु पऱ्यो त ?" भनी सोध्दा (१) "आठ अंगुल जति बाक्लो फलामको पाता (=अयोपट्ट) लाई बाण छिचल्नुपर्छ" भनी भने पछि वहाँले बाणद्वारा छिचली देखाइदिनुभयो। "अब के गर्नु पऱ्यो त ?" भनी सोध्दा (२) चार अंगुल बाक्लो विजय सालको काठलाई छिचल्नुपर्छ" भनी भने पछि वहाँले त्यस्तै गरी देखाउनु भयो। "अब के गर्नु पऱ्यो त ?" भनी सोध्दा (३) "एकबित्ता जति बाक्लो डुम्रीको काठलाई छिचल्नु पर्छ" भनी भने पछि वहाँले त्यसै गरी देखाइ दिनुभयो। "अब के गर्नु पर्छ त ?" भनी सोध्दा (४) "शयवटा फल्याकहरूको चाँगलाई छिचल्नु पर्छ" भनी भने पछि वहाँले त्यसैगरी देखाइ दिनुभयो। "अब के गर्नु पर्छ त ?" भनी सोध्दा (५) सुकेका शयपाता भैंसीको छालाको चाँग-लाई छिचल्नु पर्छ" भनी भने पछि वहाँले त्यसै गरी देखाइ दिनु-भयो। "फेरि के गर्नु पऱ्यो त ?" भनी सोध्दा (६) "बालुवाको

---

१. अं. नि. अ. क. I. पृ. ३८०-८१; अप. दा. अ. क. पृ. २३१

Downloaded from http://www.dhamma.digital

गाडालाई छिचल्नुपर्छ" भनी भने पछि बहाँले त्यसै गरी देखाइ दिनु-भयो। त्यस्तै गरी (७) परालको गाडा छिचलेर एक उसभ[1] सम्म जमीनभनी बाण पुऱ्याइ दिनुभयो। (८) आठ उसभसम्म जमीनभनि र (९) चार उसभसम्म पानीभनि[2] पनि बाण पुऱ्याइ देखाइ दिनु-भयो। परिषदले फेरि (१०) "भन्टा (=वातिङ्गण) को संज्ञाद्वारा घोडाको पुच्छरको रौंलाई हान्नुपर्छ" भनी भने पछि बोधिसत्वले "त्यसोभए आवाज सुनिने दूरीमा, एक गाउत प्रमाणको दूरीमा, आधायोजनको दूरीमा, एक योजनको दूरीमा घोडाको रौं बाँध्न लगाई त्यसमा भन्टा झुँडयाई" तो जम्मैलाई बाणले छिन्न पारिदिनुभयो र बाण जमीनमा गएर धसियो[3]।

---

१. एक उसभ भनेको कति हुन्छ भन्ने कुरा बु. म. पृ. ३८ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. जा. अ. क. ४।, पृ २० : सरभङ्गजातकं, नं. ५२२

३. अ. नि. अ. क. ।. पृ. ३८१ : सुखुमालसुत्तवण्णना; बु वं. अ. क पृ. २३१ : गोतमबुद्धवंसवण्णना।

यो धनुर्विद्या प्रदर्शन गरेको ठाउँमा एक धरहरा र करीब ३० ली जति टाढा दक्षिण-पूर्वतिर बाण धसिन गएको ठाउँबाट पानीको मूल फुटेको ठाउँमा एक कुवा थियो भनी फाहियानले उल्लेख गरेको छ भन्ने र हुयेन्-सियाङ्ले

Downloaded from http://www.dhamma.digital

यति मात्र होइन, चारैतिरबाट हानेका तीरलाई बीचमा बस्नेले रोक्नसक्ने "सरपटिवाहन" भन्ने; चार कुनामा चारवटा केराका बोटहरू राखी तिनीहरूलाई एउटै बाणले छेडन सक्ने "चक्कविध" (=चक्रविद्ध) भन्ने; 'सरयट्ठि" (=सरयष्ठि) भन्ने तथा "सर-रज्जु" (=तीरको डोरी) भन्ने आदि बाह्र प्रकारका अरू पनि धनुर्विद्याका चमत्कारहरू[1] सहित त्यस दिनभरी वहाँले संसारमा भएका धनुर्विद्या सम्बन्धी सबै प्रकारका विद्याहरू र अनेकौं असाधारण धनुर्विद्याको चमत्कारहरू देखाइ दिनुभयो।

चमत्कारपूर्ण धनुर्विद्या देखेर उपस्थित भएका अनेकौं हजार शाक्यराजाहरू सिद्धार्थ कुमार प्रति निःशंका मात्र भएका होइनन् उनीहरू सबै यति प्रफुल्लित भए कि उनीहरू सबैले आ-आफ्ना छोरीहरूलाई अलंकृतपारी उपहार स्वरूप सिद्धार्थ कुमारलाई चढाइ दिए। यो कन्याहरूका संख्या ४० सौं हजार पुगेको थियो भन्ने कुरा

धनुर्विद्या प्रदर्शन गरेको ठाउँ किटान गर्दै कपिलवस्तुको दक्षिण ढोकानिर सडकको बाँय तिर भन्ने र करीब ३० ली जति पर दक्षिण पूर्वपट्टि वाण धसिएको ठाउँबाट पानीको मुहान निस्केको ठाउँलाई 'सरकूप' भन्दछन् तथा त्यहाँका मानिसहरूले 'सर-कुइयाँ' भन्दछन् भन्ने कुरा समेत B. B. पृ. २९ को पाद-टिप्पणीमा समुल्लेख भएको छ।

१. जा. अ. क. VI. पृ. २० : सरभङ्गजातकं, नं. ५२२

Downloaded from http://www.dhamma.digital

अर्थकथाहरूले[1] उल्लेख गरेका छन् । सुप्रबुद्ध शाक्यकी छोरी भद्रकाच्चना (=यशोधरा) देवी ४० हजार नारीहरूमध्येमा सिद्धार्थ कुमारकी अग्रमहिषीत्वमा[2] प्रतिष्ठित हुनुभयो[3] । बुद्धवंसपालिमा

---

१. जा. अ. क. I. पृ. ४९; अप. दा. अ. क. पृ. ५३; अं. नि. अ. क. I. पृ. ३८१; बु. वं. अ. क. पृ. २३१

२. बु. वं. अ. क. पृ. २३१

३. सिद्धार्थ कुमारको विवाह सम्बन्धमा बौद्ध-संस्कृत साहित्यहरूमा निम्न कुराहरू उल्लेख भएका छन् भनी B. B. पृ. २८-२९ मा उल्लेख भएका कुराहरू जानकारीकोनिमित्त यहाँ उद्धृत गरिदिएको छु ।

"एक दिन, शुद्धोदन राजालाई केही राजपुरुषहरू र केही स्त्रीहरूले 'सिद्धार्थ कुमारलाई चाँडै विवाह गरी स्त्रीहरूका बीच भुलाई राख्नु पर्छ अनिमात्र शाक्यवंशको अन्त हुने छैन, नत्र उनी गृहत्याग गरी जानेछन्' भनी भने ।

"यो कुरा सुनी शुद्धोदन राजाले— 'त्यसोभए कस्ती राजकुमारी सिद्धार्थलाई सुयोग्य हुने छन् त ?' भनी सोधनी गर्दा प्रत्येक ५०० शाक्यहरूले 'मेरी छोरी सुन्दरी छन्, मेरी छोरी राजकुमारलाई सुयोग्य छन्' भनी विन्ति गरे ।

"यसको उत्तरमा राजाले 'राजकुमारसँग नसोधि-

Downloaded from http://www.dhamma.digital

कन कुनै निर्णय लिन सकिन्न' भनी राजकुमारसँग सोध्दा राजकुमारले सातौं दिनमा यसरी जवाफ दिए—

'ती राजकुमारी समानकुलका तथा असाधारण गुण भएकी, ईर्ष्या रहिता, सत्यवती, अप्रमादिनी तथा कवयीत्री र लेखिका हुनुपर्छ। यौवन सम्पन्ना भई सुन्दरी भएर पनि यौवन तथा सुन्दरता माथि अभिमान नगर्ने हुनुपर्छ। आमा बाबुहरू जिउँदै रहेकी तथा दानी र दानकार्यमा अघिसर्ने स्वभावकी हुनु पर्छ। कुकीर्ति न भएकी, निर्दोषिनी, खराब स्वभाव न भएकी, अरू पुरुषहरू प्रति पापचित्त नराख्ने, स्वप्नमा पनि परपुरुष प्रति आशा नराख्ने भई स्व-पतिसँग सन्तोष लिई बस्न सक्ने हुनुपर्छ। कहिल्यै पनि अहंकार र अभिमान नगर्ने, निरर्थक कुराहरू नगर्ने, मद्यपान नगर्ने, आशालु भई पञ्चविषय सेवन नगर्ने, आफूमा भएका वस्तुहरू माथि सन्तोष हुने तथा सत्सँग नमाग्ने हुनुपर्छ। धार्मिक प्रवृत्तिको, काय-वाक्-चित्त शुद्ध भएकी, नृत्यगीतादि हेर्न नजाने, धार्मिक कर्तव्य पालन गर्नसक्ने, सासु ससुराहरू प्रति पूर्ण कर्तव्य पालन गर्नसक्ने, नोकर चाकरहरू प्रति दयालु र प्रियवादिनी भई आफ्ना मित्र-हरू प्रति आदर-सम्मान राख्न सक्ने हुनुपर्छ। शास्त्रहरूमा पारङ्गता, सामाजिक स्त्रीको हैसियतले दक्षा, आफ्नो पति-भन्दा पछि सुत्ने र अघि उठ्ने तथा धोका नदिने आमा जस्ती हुनुपर्छ।'

Downloaded from http://www.dhamma.digital

"उपर्युक्त गुणहरूले युक्त कन्या खोज्न पठाउँदा राजाका दूतले सुप्रबुद्ध शाक्यका घरमा त्यस्तै कन्या पाए र राजालाई विन्ति गरे। अनि राजाले 'सिद्धार्थ कुमारले कस्ती-कुमारीलाई रुचाउँछन्' भन्ने राय बुझ्न कुमारीहरू मात्रै भेला गरी एक उत्सव गरे। जसमा राजकुमारले पनि राजदूतले भनेकी कुमारीलाई नै रुचाए। त्यस पछि राजाले सुप्रबुद्ध शाक्य-सँग उनकी छोरी सिद्धार्थ राजकुमारकोनिमित्त माग्न पठाए।

"सुप्रबुद्धले यस्तो जवाफ दिए—

'राजकुमार केवल क्रीडामा रत भई प्रासादमा बसेका छन्। हाम्रा परम्परानुसार कलाकौशलता नहुनेलाई छोरी दिन सक्दैनौं। राजकुमारमा यी गुणहरू छैनन्, न उनी धनु-विद्या नै जान्दछन्; न त उनी हात्ती चढ्न नै जान्दछन्। मेरी छोरी त्यस्ता गुणहरूले विभूषित कुमारलाई दिनेछु जसमा यी गुणहरू हुनेछन्।'

"त्यस पछि राजाले राजकुमारलाई भनी धनुर्विद्या देखाउने आयोजना गरेका हुन्।"

ललितविस्तर अनुसार सिद्धार्थ राजकुमारका तीन पत्नीहरू छन्। जो दण्डपाणीकी छोरी यशोधरा देवी अनि मृगजा र उत्पलवर्णा हुन् भनी B. B. पृ. ३० को पाद-टिप्पणीमा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

यसै कुरालाई उल्लेख गर्नु हुँदै गौतम बुद्धले स्वयं यस्तो भन्नु भएको छ—

"चत्तारीसहस्सानि, नारियो समलङ्कता ।
भद्दकच्चना[१] नाम नारी, राहुलो नाम अत्रजो[२] ॥"

अर्थात्—चालीसहजार नारीहरूले समलंकृत भएकी भद्र-

चीनि श्रोत अनुसार सिद्धार्थ कुमारका तीन पत्नीहरू—यशोधरा, गौतमी र मृगजा हुन् भन्ने र तिब्बती श्रोत अनुसार सिद्धार्थका तीन पत्नीहरू—यशोधरा, गोपा तथा उत्पलवर्णा हुन् भन्ने कुरा उल्लेख भएको छ भनी B B. पृ. ३० को पादटिप्पणीमै उल्लेख भएको छ ।

अभिनिष्क्रमण सूत्रले—"यशोधरादेवी २० हजार दासीहरूका बीच पहिलो प्रासादकी महारानी, मनोधरा देवी दोश्रो प्रासादकी महारानी तथा गौतमी तेश्रो प्रासादकी महारानी हुन् भन्ने कुरा पनि उहीं पृ. ३० को पादटिप्पणीमै उल्लेख भएको छ ।

१. सिंहलमा: 'भद्दकच्चाना', स्याममा: 'यसोधरा', रोमनमा: 'भद्दकच्चा' ।

२. बु. व. पा. पृ. ३८० : गोतमबुद्धवंसो, गा. नं. १५, अ. क. पृ. २४४–४५

Downloaded from http://www.dhamma.digital

काञ्चना भन्ने नारी र राहुल भन्ने मेरा पुत्र थिए ।

दाम्पत्य-जीवन

उपरोक्ताकारले सिद्धार्थ राजकुमारकी अग्रमहिषी भई यशोधरादेवी ऋतु अनुसार रम्म, सुरम्म तथा सुभक भन्ने तीन प्रासादहरूमा बसी अत्यन्त आनन्दपूर्वक सिद्धार्थ कुमारसँग जीवन बिताउन थाल्नु भयो । आफ्ना पहिलेका गृही-जीवनका कुराहरू संस्मरण गर्नु हुँदै तथा सिद्धार्थ राजकुमारसँग कुनढङ्गले जीवन बिताएकी थिएँ भन्ने कुरा भिक्षुणी भइसक्नु भएपछि वहाँले तथागतको अगाडि प्रकाश गरी स्वयं थेरीअपदानपालिमा यसरी उल्लेख गर्नु भएको छ—

"हे वीर ! म यशोधरा हुँ; शाक्यकुलमा जन्मेकी तथा स्त्री-अङ्गहरूले सुसम्पन्न भई प्रतिष्ठित भएकी म तपाईको प्रजापति थिएं । तपाईका घरमा भएका एक लाख छयान्नब्बे[1] (१०००९६)

---

१. ४० हजार स्त्रीहरू भन्ने जुन कुरा मूल सूत्रहरू तथा अर्थकथाहरूमा उल्लेख भएकाछन् ती कुरा एक प्रासादको सबभन्दा बढी संख्यालाई ध्यानमा राखी उल्लेख गरेको हुनुपर्छ । यहाँ यशोधरा स्थविराले तीन प्रासादहरूमा बस्ने सम्पूर्ण नारीहरूको संख्याको रूपमा बताउँनु हुँदै एकलाख छयान्नब्बे भनी भन्नु भएको हुनु पर्छ ।

Downloaded from http://www.dhamma.digital

नवयुवती स्त्रीहरूको प्रमुख भई मैले सबै ऐश्वर्य पनि पाएँ। परम यौवन सम्पन्ना मात्र नभई आचरण गुणहरूहले पनि म सुसम्पन्ना थिएँ। त्यसैले मलाई देव सहित मनुष्यहरूले पनि सम्मान गर्दथे। सँधै म तपाइसँगै सुखमा सुखी र दुःखमा दुःखी भएर बसे तापनि कहिल्यै पनि दुःखको कारणले चित्त खिन्न नगरी सँधै नै तपाइसँगै सुखदुःखमा सहभागिनी भई नन्दनवनमा झैं आनन्दपूर्वक बास गरें। पञ्चकामविषयहरूबाट निर्लिप्त भई, रूप सम्पत्तिमा तपाई एक बाहेक म जस्ती अरू कुनै पनि छैनन्, तर मैले कहिल्यै पनि रूपाभिमान गरिन[१]। यति मात्र होइन रूपवती भए जस्तै भोगवती यशवती तथा शीलवती पनि थिएँ। लाभसत्कारहरू र यशकीर्तिको कुनै पनि कमी थिएन। त्यसैले म कुनै पनि चिन्ता नलिई तपाइसँग घरमा बसें[२]।"

यसरी आपनो परम पतिव्रताधर्म पालन गरी, सासु ससुराहरू प्रति पनि गर्नुपर्ने कर्तव्य पालन गर्नु भएको मात्र होइन, दास-दासी नोकर-नोकरनी तथा कर्मचारी प्रति समेत अप्रमादिनी भई, प्रिय-वादिनी तथा दयालु भई, कसैको चित्त नदुखाई, इष्ट-मित्र सबै प्रति माया-दया राखी, सबैबाट सम्मान प्राप्तगरी तथा 'हाई हाई' मनाउँदै बहाँले आपनो सुकुमारी महिषी-जीवन बिताउनु भयो।

---

१. थेरी. अप. दा. पा. पृ. २६१ : यसोधराथेरीअपदानं, गा. नं. १८–२२

२. थेरी. अप. दा. पा. पृ. २६५, गा. नं. ६८–६९

Downloaded from http://www.dhamma.digital

बोधिसत्व पनि सुशीला, विनीता तथा परम पतिभक्तिनी यशोधरादेवीसँग कुनै पनि पुरुष विना (निप्पुरिसेहि[1]) चालीसौं हजार स्त्रीहरूका बीच नृत्यगीतादि र तूर्यनादका बीच ऐश्वर्य सुख-भोग अनुभव गर्दै, दिव्यमय-जीवन बिताउँदै ऋतु क्रमानुसार हेमन्तादि प्रासादहरूमा[2] बसी, अत्यन्त सुकुमार जीवन बिताउन थाल्नुभयो। साँच्चै भन्ने हो भने वहाँले कुनै पनि पुरुषको मुखसम्म पनि देख्नु हुन्नथ्यो। सबै कामकाज स्त्रीहरूले नै गर्दथे। यहाँसम्म कि नुहाइ-दिनेहरू पनि स्त्रीहरू नै थिए र पालोपहरा दिने तथा ढोकामा पालो बस्ने समेत स्त्रीहरू नै थिए। पुरुष देखेर राजकुमारको मनमा कुनै प्रकारको आशङ्का हुन नजाओस् भन्ने हेतुले शुद्धोदन महाराजाले त्यसो गराउनु भएको हो भनी मनोरथपूरणीले उल्लेख गरेको छ[3]।

---

१. म, नि. II. पृ. २०१ : मागण्डियसुत्तं, अ. क. III. पृ १४८

२. सिद्धार्थ कुमारलाई ऐश-आराम गरी तीन ऋतुका तीन प्रासाद-हरूमा बस्ने पुरुषहरूमध्ये भद्रीय नगरको भद्रीय सेठका छोरा भद्रजी कुमार पनि हुन्। जा. अ. क. I–II पृ. ५९९ : महा-पनादजातकं, नं. २६४; यस्तै गरी तीन ऋतुका तीन प्रासाद-हरूमा बस्ने अर्को पुरुष कपिलवस्तुकै महानाम शाक्यका भाइ अनुरुद्ध शाक्य पनि हुन्। चुल्ल. व. पा. पृ. २७९ : सङ्घभेद-क्खन्धकं। हेर बु. गृ. पृ. २१७; यस्तैगरी तीन ऋतुका तीन प्रासादहरूमा बस्ने अर्को पुरुष वाराणशी सेठका छोरा यशपुत्र पनि हुन्। महा. व. पा. पृ. १८ : पब्बज्जकथा, महाखन्धकं।

३. अं. नि. अ. क. I. पृ. ३८१ : सुखुमालसुत्तवण्णना; पपं. सू. III. पृ. १४८ : मागण्डियसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

कुनै ऋतुमा त वहाँ प्रासादबाट तलसम्म पनि ओह्लिनु हुन्नथ्यो । जुन कुरा बुद्धले पनि मागण्डिय परिव्राजकलाई स्वयं भन्नु भएको छ[१] ।

काशीको चन्दन बाहेक अरू देशका चन्दन नं लगाउनु हुन्नथ्यो । त्यसरी नै काशीको धोती (=निवासनं), काशीकै फेटा (=वेठनं), काशीकै भोटो (=कञ्चुका), काशीकै ओढने पछ्यौरा (=उत्तरासङ्गो) मात्र लगाउनु हुन्थ्यो । जस्तै अरू अरूकहाँ बस्ने दास-दासी, कर्मचारी-हरूलाई अमिलो मिसिएको खोले र कनिकाको भात दिइन्थ्यो त्यस्तै वहाँहरूको राजदरबारमा दिइन्नथ्यो । वहाँहरूको राजदरबारमा सबैलाई मासु सहित मासिचामलको भात दिइन्थ्यो । जुन कुरा बुद्धले पनि पछि भिक्षुहरूलाई स्वयं सुनाउनु भएको छ[२] ।

---

१. "सो खो अहं, मागण्डिय, वस्सिके पासादे वस्सिके चत्तारो मासे निप्पुरिसेहि तुरियेहि परिचरियमानो न हेट्ठापासादं ओरोहामि ।" म. नि. II. पृ. २०१ : मागण्डियसुत्त, अ. क. III. पृ. १४७

२. "...न खो पनस्साहं, भिक्खवे, अकासिकं चन्दनं धारेमि । कासिकं, भिक्खवे, सु मे तं वेठनं होति, कासिका कञ्चुका, कासिकं निवासनं, कासिको उत्तरासङ्गो । ...यथा खो पन, भिक्खवे अञ्ञेसं निवेसने दासकम्मकरपोरिसस्स कणाजकं भोजनं दीयति विलङ्गदुतियं, एवमेवस्सु मे, भिक्खवे, पितु निवेसने दासकम्मकरपोरिसस्स सालिमंसोदनो दीयति ।" अं. नि-३ पृ. १३४ : सुखुमालसुत्तं, अ. क. I. पृ. ३८१

Downloaded from http://www.dhamma.digital

यी कुराहरूबाट वहाँहरू कस्तो ऐश-आराममा बस्नुहुँदो रहेछ भन्ने मात्र नभई दाश-दाशी तथा अन्य कामदारहरू प्रति वहाँहरूले कस्तो व्यवहार गर्नु हुँदो रहेछ भन्ने कुराको समेत हामीहरूले सजिलै सँग अनुमान लगाउन सक्छौं ।

पुत्रलाभ

उपरोक्ताकारले सुखमय दाम्पत्य जीवन बिताउनुहुँदै यशोधरादेवीले १२ वर्षसम्म कुनै सन्तान पाउन सक्नु भएन । २८ वर्षको आखिरीतिर मात्र वहाँको गर्भाधान भएको कुरा बुझिन्छ ।

यसरी गर्भाधान भइरहेको समयमित्र एक दिन, सिद्धार्थ बोधिसत्व उद्यान भूमि हेर्ने इच्छा गरी चौघोडे बग्गीमा बसी छन्न सारथीका साथ उद्यानतिर लाग्नु हुँदा बीचबाटामा वहाँले अघि कहिल्यै नदेखेको जस्तो अत्यधिक कुप्रो परेको एक बूढो पुरुष देख्नु भयो र यो रूप देखेर वहाँको मनमा विरक्त भाव उत्पन्न भयो । यसै कारणले गर्दा वहाँ उद्यानमा नगई राजदरबारमै फर्केर जानु भयो । बुद्धवंस-अट्ठकथानुसार पुनः चार महीना[1] पछि अघि जस्तै उद्यानमा जाने इच्छा भई रथमा बसी छन्न सारथीसँग निस्केदा, बीच बाटामा एक व्याधिग्रस्त पुरुषमाथि आँखा पर्न गएको कारणबाट पुनः विरक्त भई उद्यान जानुकोसट्टा दरबारमै फर्केर जानुभयो । फेरि अर्को चार

---

१. बु. वं. अ. क. पृ. २३२ : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://www.dhamma.digital

महीना जति पछि एक दिन, त्यस्तै इच्छा भई सारथीसँग चौघोडे रथमा बसी बाहिर निस्कनुभयो। यसपटक बाटामा एक मृतशरीर लिई मानिसहरू अलाप-विलाप गर्दै गइरहेको दृश्य देखी छन्नसँग सोधिएको प्रश्नको उत्तर सुनी "यस्तो वृद्ध हुने, व्याधिहुने तथा मृत्युहुने शरीर लिई के को उद्यानक्रीडा!" भन्दै अत्यन्त संवेगचित्त लिई दरवारमै फर्केर जानुभयो।

"उद्यानमा जान्छु" भनी बाहिर निस्कनु भएका राजकुमार "उद्यानमा नगइकनै बीचबाटैबाट फर्केर आए" भन्ने खबर सुनी शुद्धोदन महाराजा अत्यन्त चिन्तित भई आर्त्तिदं प्रासादमा नृत्य-गीतादिद्वारा मनबहलाउने विषयहरूलाई उत्तेजित गराउन लगाई "यस्तै दृश्यहरू देखेर कतै सिद्धार्थ कुमार घरछाडी प्रव्रजित भएर नजाउन्" भन्ने हेतुले क्रमशः आधायोजन, तीन गाउत तथा एक योजन-सम्मको इलाकामा खुब कडी कडाउकासाथ पालो पहरा राख्न लगाए[१]।

---

१. जा अ. क. I. पृ. ४९–५० : अविदूरेनिदान; अप. दा. अ.क. पृ. ५३ : निदानकथा; बु. वं. अ. क. पृ. २२३ : गोतमबुद्ध-वंसवण्णना।

उपरोक्त दृश्य देखेका सम्बन्धमा बुद्धवंसअट्ठकथालेझैं जातकट्ठकथा र अपदानट्ठकथाहरूले भने महीना वा समय किटेर उल्लेख गरेका छैनन्। केवल 'एक समय' भन्ने मात्र उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

सुमङ्गलविलासिनी I. पृ. ३०८ : महापदानसुत्त-वण्णनाले यी दृश्य र भिक्षुको दृश्य समेत एकैदिनमा देखेका हुन् भन्ने कुरा समुल्लेख गरेको छ। "अह्माकं पन बोधिसत्व चत्तारि पि एकदिवसं येव दिस्वा महाभिनिक्खमणं निक्खमित्वा..." आदि। सुमङ्गलविलासिनी बाहेक अरू उपरोक्त अर्थकथाहरूले यी दृश्यहरू देवताको प्रभावले देखाइएका हुन् भन्ने कुरा पनि उल्लेख गरेका छन्। त्यस्तैगरी अत्थसालिनी पृ.५९ : निदानकथावण्णनामा र धम्मपदट्ठकथा पृ. ४१ : अग्ग-सावकवत्थुमा पनि।

यी दृश्यहरू देख्नु भएको सम्बन्धमा गोतमबुद्धवंस-पालिमा स्वयं बुद्धले यसरी बताउनु भएको छ—

"निमित्ते चतुरो दिस्वा, अस्सयानेन निक्खमिं" बु. वं. पा. पृ. ३८०, गा. नं. १६

बोधिसत्वले चार दृश्यहरू देख्नुभन्दा अगाडि शुद्धोदन महाराजाले सात स्वप्नहरू देखेका थिए भन्ने कुरा अभिनिष्क्रमण सूत्रले उल्लेख गरेको छ भनी B. B. पृ. ३३–३४ मा उल्लेख भएका कुराहरू जानकारीकोनिमित्त यहाँ संक्षेपमा उल्लेख गरेको छु—

(१) अनेक जनसमूह भेला भई इन्द्रको जस्तो क्रीडा लिई कपिलवस्तु नगर परिक्रमा गरी पूर्व ढोकाबाट बाहिर निस्के।

Downloaded from http://www.dhamma.digital

(२) सिद्धार्थ कुमार हात्तीले तानेको रथमा बसी दक्षिण ढोकाबाट बाहिर गए।

(३) सिद्धार्थ कुमार चारघोडे बग्गीमा बसी पश्चिम ढोकाबाट बाहिर गए।

(४) अनेक रत्नहरू जडित एक चक्का आकाशबाट उडेर आई उत्तर ढोकाबाट बाहिर गयो।

(५) कपिलवस्तुको चार दोबाटोमा बसी सिद्धार्थ कुमारले ठूलो नगरा बजाए।

(६) कपिलवस्तुको धरहरामाथि बसी चारै दिशा-तिर अनगिन्ती जुहारातहरू छरे।

(७) कपिलवस्तुको बाहिर छ जना मानिसहरू आई ठूलो स्वरले चिच्याई आफ्नै हातले आफ्ना शीरका केशहरू लुछे।

यी स्वप्नहरूका अर्थ कुनै पनि ब्राह्मणहरूले बताउन नसकेपछि एक देवता (शो-पिङ) ब्राह्मण भेषमा आई राजा-लाई यी स्वप्नहरूका अर्थ निम्नप्रकारले बताइदिए—

(१) पहिलो स्वप्नको अर्थ—सिद्धार्थ कुमारले चाँडैनै घर त्याग्ने छन्।

(२) दोश्रोको अर्थ—घरछाडी गइसकेपछि चाँडै नै

Downloaded from http://www.dhamma.digital

बुद्धत्व लाभ गर्ने छन् ।

(३) तेश्रोको अर्थ—बुद्धत्व लाभ गरिसकेपछि चतुर्वैशारद्यतामा प्रतिष्ठित हुनेछन् ।

(४) चौथोको अर्थ—धर्मचक्रप्रवर्तन गर्नेछन् ।

(५) पाँचौको अर्थ—बुद्ध भएर धर्मचक्रप्रवर्तन गरी ब्रह्मलोकसम्म पनि धर्मको आवाज पुग्ने छ ।

(६) छैटौंको अर्थ – धर्मचक्रप्रवर्तन पछि देवसहित मनुष्यहरूको कल्याणार्थ धर्मप्रचार गर्नेछन् ।

(७) सातौंको अर्थ—बुद्धको प्रादुर्भावले गर्दा छतीर्थियहरू चिन्तित हुनेछन् ।

सिद्धार्थ कुमार घरबाट निस्केर जालान् भनी शुद्धोदन राजाले वसित वंशका महानामका छोरा उदायीको सहायता मागी उदायीलाई राजकुमारको प्रासादमा पठाई त्यहाँका नारीहरूलाई सकभर कोशिसगरी राजकुमारको चित्तलाई भुलाइ राख्ने प्रयत्न गर्ने कुरा सुनाए । महाप्रजापति गौतमीले पनि स्त्रीहरूलाई त्यस्तै अह्राइन् ।

ललितविस्तरमा एक स्वप्न देखेको कुरा उल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

फेरि अर्को चार महीना[1] जति पछि एक दिन, उपरोक्ता-कारले नै उद्यानमा जाने इच्छाभई सिद्धार्थ कुमार छन्न सारथीसँगै रथमा बसी बाहिर जानुभयो र बीच बाटामा वहाँले अत्यन्त शान्त-मूर्ति एक प्रव्रजितको रूप देखी अत्यन्त प्रभावित भई "आजै रातो गृहत्याग गरेर जाने छु" भन्ने संकल्प गरी हर्षका साथ वहाँ उद्यानतिर जानुभयो ।

त्यहाँ, एक मङ्गल पुष्करिणीमा नुहाइ-धुवाइ गरी अत्यन्त आनन्दित भई सुखपूर्वक पुष्करिणीको तीरमा दिन बिताउनु भयो ।

जस्तो आनन्द लिई वहाँ पुष्करिणीको तीरमा दिन बिताउँदै हुनुहुन्थ्यो त्यस्तै उता राजदरबारमा पनि राजा सहित दरबारका सारा

महावस्तुले भने अनेकौं विस्तृत कुराहरू उल्लेख गरेको छ ।

सिद्धार्थ कुमारले ब्याधीको दृश्य देखनु भएको ठाउँमा एक स्मारक देखेको कुरा **फाहियान्ले** उल्लेख गरेका छन् ।

कपिलवस्तुका चारै ढोकाहरूका बाहिर बनाइ राखेका विहारहरूमध्ये एकमा वृद्ध, एकमा ब्याधी, एकमा मृत्यु र एकमा भिक्षुको रूप स्थापित गरेको थियो भनी **हुयेन्-स्याङ्ले** उल्लेख गरेका छन् भनी B. B पृ. ३४ को पादटिप्पणीमा उल्लेख भएको छ ।

१. बु. वं. अ. क. पृ. २३२ : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://www.dhamma.digital

का सारा नरनारीहरूलाई आनन्दित पार्नु भई यशोधरादेवीले पुत्र-रत्न जन्माउनुभयो। यशोधरादेवीले पुत्ररत्न जन्माएको खबर सुन्ने बित्तिकै शुद्धोदन राजा र प्रजापति गौतमीहरू यति हर्षितभए कि वहाँहरूले यो हर्षको शुभसमाचार तुरन्तै उद्यानमा गइरहनु भएका सिद्धार्थ कुमारलाई सुनाउन पठाए।

उता राजकुमार पनि मङ्गल पुष्करिणीमा मनलागुन्जेलसम्म बस्नुभई फर्कनकोनिम्ति रथ चढ्न लाग्नु हुँदा राजदूत आई यशोधरा देवीले पुत्ररत्न जन्माउनु भएको शुभसमाचारको विन्ति चढायो।

यो कुरा सुन्नेबित्तिकै राजकुमारको मनमा— "केही छिन अघि मात्र मैले आजकै रातमा गृहत्यागी प्रव्रजित हुने संकल्प गरेको थिएँ। अहिले नै बन्धनको रूपमा, राहुलको रूपमा पुत्र जन्मेको समाचार पनि सुन्न पाएँ। यो त चन्द्रमालाई राहुले ग्रस्त गरे जस्तै भयो" भन्ने लागे पछि यसको प्रतिकृया स्वरूप त्यस बखत वहाँको श्रीमुखबाट "राहुल नै जन्म्यो, बन्धन नै जन्म्यो" भन्ने वाक्य प्रकट भयो भन्ने कुरा अर्थकथाहरूले[1] समुल्लेख गरेका छन्।

धम्मपदट्ठकथाले र अत्थसालिनीले पुत्र जन्मेको समाचार सुने पछि वहाँको हृदयमा गहिरो स्नेह उत्पन्न भई "यो हृदय-बन्धन कसिनुभ दा अगाडि नै यसलाई चुँडालि दिनेछु" भन्ने वहाँले कल्पना

---

१. जा. अ. क. I. पृ. ५०–५१; बु. वं अ. क. पृ. २३२; अप. दा. अ. क. पृ. ५४; दी. नि. अ. क. I. पृ. २८१

Downloaded from http://www.dhamma.digital

गर्नु भयोभन्ने कुरा समुल्लेख गरेका छन्[१] ।

बोधिसत्वलाई समाचार सुनाई राजदूत तुरन्तै राजदरबारमा फर्की समाचार सुनाएको कुरा राजालाई विन्ति गऱ्यो । त्यस बखत राजाले "समाचार सुनी राजकुमारले केही भनेनन् त ?" भनी उत्सुक्तापूर्वक दूतसँग सोध्दा, दूतले— "महाराज ! विशेष कुरा त केही भन्नुभएन, केवल **'राहुल नै जन्म्यो, बन्धन नै जन्म्यो'** भन्ने शब्दमात्र प्रकट गर्नु भएको थियो" भनी विन्ति गऱ्यो । अनि राजाले "त्यसोभए मेरो नातिको नाम नै 'राहुल' रहनेछ" भनी भन्नुभयो[२] ।

समाचार सुनाई राजदूत फर्केर गएपछि राजकुमार पनि अति प्रसन्न मुद्रामा छन्न सारथीसँगै मङ्गल पुष्करिणीबाट राजदरबार फर्केर जानुभयो ।

यशोधरादेवीले राजकुमारलाई जन्माएको कुरा सारा नगरमा बतास जस्तै तुरन्तै फैलियो । सिद्धार्थका प्रत्येक नाता-कुटुम्बहरूका घरहरूमा पनि तुरन्तै समाचार फैलियो । समाचारद्वारा हर्षित नहुने कुनै पनि थिएनन् । यो हर्षको समाचार सुनी **सिद्धार्थ कुमारका**

---

१. धम्म. प. अ. क. पृ. ४१ : अग्गसावकवत्थु; अत्थ. सा. पृ. ५९: निदानकथावण्णना ।

२ जा अ क. I. पृ. ५१; बु. वं. अ. क पृ. २३२; अप. दा. अ. क. पृ. ५४

Downloaded from http://www.dhamma.digital

एक काकाकी छोरी[1] (पितुच्छा धीता) कृषागौतमी राजकुमारी पनि बडो खुशीभई, ऊचालमा बसीरहेकी थिइन् । यसै बेलामा सिद्धार्थ कुमार पनि सडकमा आइरहेको देखेर "अहा ! यी राजकुमार आज कति आनन्दित भएका होलान् ! कति शान्ति (=निवृत्त) सुख अनुभव गरिरहेका होलान् ! तो नारी जसले पुत्र जन्माइन् उनी पनि कति आनन्दित भएकी होलिन् !" भन्दै निम्न गीत गाइन्—

"निब्बुता नून सा माता, निब्बुता नून सो पिता ।
निब्बुता नून सा नारी, यस्सायं ईदिसो पति !"

कृषागौतमीले जुनसुकै कुरा मनमा राखी सिद्धार्थ कुमारलाई गीत सुनाए तापनि सिद्धार्थ कुमारकोनिमित्त यो गीत-पद अत्यन्त उपयोगी सिद्ध हुनगयो । यो गीतको 'निवृत्ति-पद' सुनी "निवृत्त अथवा परम शान्ति त तब हुनसक्छ जब कि सम्पूर्ण चित्तमलहरू निवृत्त भई जानेछन् । यस्तो निवृत्त-पद अवश्य नै उपलब्ध गर्न सक्नुपर्छ । आजै निष्क्रमण गरी त्यो निवृत्ति-पद (=शान्तिपद अर्थात् निर्वाण-पद) खोज्न जानेछु" भन्ने सोची गौतमी प्रति प्रसन्न भई "यो निवृत्त-पद युक्त गीत सुनाएको बारेमा कृषागौतमीलाई त कुनै गुरुदक्षिणा नै दिन योग्य छ" भन्ने विचार गरी सिद्धार्थ राजकुमारले आपनो गलाको हार उपहारको रूपमा उनलाई दिन पठाउनुभयो । मोतीको

---

१. अत्थ. सा. पृ. ६० : निदानकथावण्णना, धम्म. प. अ. क. पृ. ४१ : अग्गसावकवत्थु, यमकवग्गो ।

Downloaded from http://www.dhamma.digital

माला पाई कृषागौतमी अति खुशी भएकी मात्र होइनन् उनले यस्तो पनि सोचिन् कि— "अवश्य नै सिद्धार्थ कुमार म प्रति आसक्त भए होलान्[१] ।"

पतिवियोग

राजदरबारका सारा का सारा स्त्री-पुरुषहरू हर्षित भए भने यशोधरादेवी त झन कति हर्षित तथा प्रफुल्लित हुनुभयोहोला भन्ने कुरा त उल्लेख गर्नै पर्दैन । तर लोकोक्ति अनुसार कहीले कहीले जब अति हर्षित भइन्छ तब कुनै न कुनै विस्मात लिनुपर्ने कारण पनि आइपर्छ ।

राजदरबारमा पुगिसक्नु भएपछि सिद्धार्थ राजकुमारको वर्षा-ऋतुको प्रासादमा त्यस रात अघिभन्दा धेरै हर्षोल्लास थियो । नृत्य-गीतहरू पनि अरू दिनहरूभाभन्दा विशेष प्रकारका थिए । नर्तकीहरू पनि अघि अघिभन्दा विशेष रूपले उत्साहित थिए र सिद्धार्थ कुमारको-निमित्त जे गर्न पनि उनीहरू तयार थिए । नृत्य-गीत हेर्दा-हेर्दै त्यस रात सिद्धार्थ कुमार चाँडै नै निदाउनु भयो । जब सिद्धार्थ कुमार मस्तमई निदाउनु भएको दृश्य देखे तब नर्तकीहरू पनि त्यहीं बस्दा-

---

१. जा. अ. क. I. पृ. ५१; बु. वं. अ. क. पृ. २३३; अप. दा. अ. क. पृ. ५५; अत्थ. सा. पृ. ५९; धम्म. प. अ. क. पृ. ४१

Downloaded from http://www.dhamma.digital

बस्दै निदाउन थाले । जब सबै नर्तकीहरू निद्रादेवीको काखमा खूब मस्तसँग आराम लिन थाले तब उनीहरू एक माथि अर्कोको शीर, आँङ्, खुट्टाहरू पारी लम्पसार भई सुते । ती निदाएका स्त्रीहरूमध्येमा केही नीदमा कराउन थाले, केही हाँस्न थाले, केही गाउन थाले र केही रुन थाले । केहीले त च्याल निकाली खूब दाह्राकिट्न थाले । शायद दिनभरको शारीरिक थकावटको कारणले उनीहरू अघि कहिल्यै सुत्न नपाए जस्तो गरी खूब सुतेकाहुनाले कसै कसैका आँङ्का वस्त्रहरू पनि ठाउँमा रहेनन्[१] ।

अनेक विकल स्वरहरू निकाल्दै यसरी सुतीरहेका ती स्त्रीहरूका आवाजले सिद्धार्थ कुमारको नीद खुल्यो र बिउझिनुभई एकछिन खाट्मै बसी रंगविरंगका यो विभत्स दृश्यावलोकन गरिरहनु भएका वहाँको मनमा "कस्तो डरलाग्दो रणभूमिमा अथवा श्मशानमा बसेको रहेछु" भन्ने जस्तो लाग्यो[२] । त्यस पछि वहाँको मनमा मङ्गल पुष्करिणीको तीरमा घटेको घटना र कृषागौतमीको गीतको सम्झना आई गम्भीरतापूर्वक गृहत्याग गर्नेतिर नै चित्त प्रवृत्ति प्रबलभई, कोठाबाट निस्की वहाँले "यहाँ को छ !" भनी आवाज दिनुहुँदा

---

१. यी दृश्यका मूर्तिकला अमरावतीमा देखाइएका छन् भनी. B.B. पृ. ३७ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. वाराणशीका यश पुत्र पनि यस्तै दृश्य देखी घर छाडी गएका थिए । महा. व. पा. पृ. १८ : पब्बज्जाकथा, महाखन्धकं ।

Downloaded from http://www.dhamma.digital

छन्नले- "देव ! म छु" भन्ने बाहेक अरू कसैले पनि कुनै जवाफ दिएनन् । अघि अघि भए खिटिक्क कुनै आवाज दिने बित्तिकै हजारौं स्त्रीहरू हातजोर्दै अघाडि आउने ठाउँमा आज त कसैले तिरिक्क पनि बोलेनन् । अहो आश्चर्य ! अहो अद्भूत !!

अनि छन्नलाई घोडा ठीक पार्ने आज्ञादिई 'पुत्रको अनुहार एकपटक हेर्नपाए हुन्थ्यो" भन्ने स्नेहपूर्ण इच्छा उत्पन्न भएपछि वहाँले यशोधरादेवीको खोपीतिर कदम बढाउनुभयो । खोपीको ढैलो बन्द भएको देखी अत्यन्त सावधानका साथ ढैलोको आधा खापा सुस्तरी उघारीहेर्दा, वहाँको चक्षुपथ एक शून्य तथा शान्त वातावरणमा एकै शय्यामा सुतीरहेका आमा छोराको दृश्यमाथि पर्न गयो । खोपीभित्र सुमधुर प्रकाश थियो । पानसहरूमा सुगन्ध तेलका बत्तीहरू ठाउँ-ठाउँमा बलिरहेका थिए । मानो कुनै दक्ष पुरुषले रङ्गमञ्चमा सजाइराखेका बत्तीहरूबाट आभा निस्के जस्तै निस्की बत्तीको प्रकाशले कसैको पनि आँखालाई बाधा पुऱ्याउँदैनथ्यो ।

यशोधरा देवीका शयनागार सुगन्धित फूलहरूले खूब राम्ररी सजाइएका थिए । वर्षा-ऋतुलाई सुहाउँदो गरी बिच्छ्याइएका कार्पेट, त्यसैलाई मिल्ने भीत तथा झ्यालका पर्दा आदि पनि अति आकर्षक थिए । विशेषगरी यशोधराको बाँया हातलाई सिरान बनाई, दाँया हातलाई कोमल ओढने जस्तो गरी, सूक्ष्म स्वास-प्रश्वास लिंदै, निश्चिन्तस्वरुप लिई निदाइरहेकी यशोधरा र राहुल कुमारको दृश्यले बढी आकर्षक थियो । यो आकर्षक दृश्य देखेर वहाँ ढैलोभित्र

Downloaded from http://www.dhamma.digital

पस्न सक्नु भएन । मानो कसैले "यशोधरादेवीको नीदलाई खलबल नपार" भनी भन्ने जस्तो गरी तथा वहाँको खुट्टालाई कसैले समाति राखेको जस्तो गरी एक खुट्टा देलोभित्र र अर्को खुट्टा देलो बाहिरै राखी वहाँले अनेक कल्पना गर्नु भयो । अन्तमा वहाँले "यदि यशोधराको हात पन्छाई पुत्रलाई लिउँभने अवश्य पनि यशोधराको नीद खुल्ने छ र शायद मेरो मार्गमा अवरोध पनि आउन सक्छ । अतः भइहाल्यो, बरु बुद्धत्व प्राप्त गरिसके पछि आएर हेर्ने छु" भन्ने निश्चय गरी पुनः सुस्तरी देलोको खापा बन्द गरी त्यहाँबाट अमृत खोजको महान लक्ष लिई, सबै ऐश्वर्यलाई तिलाञ्जली दिई, राजदरबार छाडी, आषाढ पूर्णिमाको अर्धरातको समयमा राजदरबार त्यागनुभयो[१] ।

---

१. जा. अ. क. I. पृ. ५२; बु. वं. अ. क. पृ २३४; अप. दा. अ क पृ. ५६; थेरी. गा. अ. क. पृ. १; धम्म. प. अ. क. पृ. ४१; अत्थ. सा. पृ. ६०

गृहत्यागगर्नु भन्दा अगाडि राहुलकुमार हेर्नजानु भएको कुरा धम्मपदट्ठकथा र अत्थसालिनीमा अन्तर्गत भएका छैनन् ।

थेरीगाथट्ठकथा (पृ. १) र मनोरथपूरणी (पृ. २०४) ले "राहुल कुमारस्स जात दिवसे···महानिक्खमण निक्खमित्वा···" अर्थात्—राहुलकुमार जन्मेकै दिनमा सिद्धार्थ कुमारले गृहत्याग गरेर जानु भयो भन्ने कुरा समुल्लेख गरेका छन् ।

Downloaded from http://www.dhamma.digital

"य पन जातकट्ठकथाय— 'तदा सत्ताह जातो राहुल कुमारो होतीति' वुत्तं, तं सेस अट्ठकथासु नत्थि; तस्मा इदमेव गहेतब्बन्ति" भनी जा. अ. क. I. पृ. ५२ : अविदूरे निदानमा र अप. दा. अ. क. पृ. ५६ : निदानकथामा उल्लेख भएका छन् ।

डा० अम्बेडकरले आफ्नो "The Buddha and His Dhamma" (1957) भन्ने मोटो पुस्तकको पृ. ३४ मा "कोलिय र शाक्यहरूका बीच रोहिणी नदीको झगडाको कारणलेगर्दा सिद्धार्थले गृहत्याग गरी भार्गव परिव्राजक-कहाँ गई प्रव्रजित भए" भन्ने जुन कुरा उल्लेख गरेका छन्; ती कुरा कुनै पालि वा संस्कृत बौद्ध ग्रन्थहरूमा उल्लेख भएका पाइँदैनन् । यस्तो मनगढन्ते कुरा शायद लेखकले राज-नैतिक दृष्टिकोणले मात्र हेरी लेखेको हुनुपर्छ । यसप्रकार बठ्याइँगरी लेखेका पुस्तकले जिज्ञासुहरूलाई सही मार्गमा लैजानुभन्दा भ्रामक तथा अयथार्थतातिर नै लैजान सक्छ ।

अभिनिष्क्रमण सूत्रले—सिद्धार्थ राजकुमारले गृहत्याग्नु-भन्दा एक रात अगाडि प्रजापति गौतमी, शुद्धोदन महाराजा तथा यशोधरादेवीले स्वप्न देखेका थिए भनी उल्लेख गरेको छ भनी B. B. पृ. ३८–४० मा डा० विक्रमसिंहले उल्लेख गरेका कुराहरूका सारांश जानकारीकोनिमित्त यहाँ उल्लेख गरेको छु ।

Downloaded from http://www.dhamma.digital

प्रजापति गौतमीले देखेका स्वप्न—

"एक सेतो साँढे रुँदै कराउँदै शहरमा घुमीरह्यो तर कसैले पनि उसलाई रोक्न सकेन, न त उसको अगाडि नै जानसक्यो।"

शुद्धोदन महाराजाले देखेका स्वप्न—

"इन्द्रको जस्तो एक राजकीय झण्डा नगरको बीचमा गाडे। यस झण्डाबाट प्रकाश निस्केर सारा संसारमा फैलियो। चारैं दिशाबाट देवताहरू आई हल्का वृष्टिगरे। जब देवताहरूले मधुरस्वरमा गीत गाउन थाले तब त्यस झण्डाबाट सुनको लट्ठी भएको एक स्वेतछत्र निस्क्यो र चारैं दिशाहरूबाट देवराजहरू आई झण्डा लिएर ढोकाबाट निस्केर गए।"

यशोधरा देवीले देखेका स्वप्न—

"(१) महापृथ्वी हल्लिन थाल्यो, (२) इन्द्रको झण्डा टुक्रा भई भुइमा खस्यो, (३) चन्द्र र सूर्य तथा सबै ताराहरू आकाशबाट खसे, (४) एक अति राम्रो खोलिएको छत्रलाई दाशपुत्र छन्न आई खोसेर लग्यो, (५) वहाँको शीरको मुकुट खोसेर लग्यो, (६) वहाँका आभरणहरू, हातका चूरीहरू तथा गलाका हारहरू चुँडिएर खसे, (७) वहाँको सुन्दर शरीर अकस्मात् विरुप भयो, (८) वहाँका शरीरबाट हात खुट्टाहरू

Downloaded from http://www.dhamma.digital

खसे, (९) वहाँलाई नाङ्गैपारी वस्त्रहरू खोसेर लिए, (१०) वहाँ बसिरहेको सिंहासन पल्टियो, (११) वहाँको आराम-लिने कवचका खुट्टाहरू भाँचिए, (१२) राजदरबारका रुख-हरूलाई बतासले ढाले, (१३) अनेक रत्नहरूले बनेको पर्वत अकस्मात् फुटी चकनाचूर भयो, (१४) अकस्मात् चन्द्र र ताराहरू खसेर लुप्तभए अनि सूर्य पनि लुप्तभई संसार अन्धकार भयो, (१५) नगरमा भएको प्रकाशस्तम्भबाट प्रकाश लोप भयो, (१६) नगर-द्वारपालहरू ढोका बाहिर उभिई विलाप गर्न थाले, (१७) नगर जम्मै घिनलाग्दो जस्तो गरी कुरूप भयो, (१८) रुखहरूका पातहरू तथा फूलहरू तितर-वितर भई छरिए, (१९) पोखरी तथा तलाउहरूका पानी सबै सुकेर गए, (२०) सशस्त्र सैन्यहरू चारैतिर दौडी संसारका चारकुनाहरूमा खडा भएर बसे।"

"अनि यशोधरादेवी सिद्धार्थ कुमारकहाँ गई जब यी स्वप्नहरूका कुरा सुनाउन थाल्नुभयो तब राजकुमारले यशोधरा-लाई 'स्वप्नका कुराहरूबाट कुनै चिन्ता लिनुपर्दैन, स्वप्न भनेको स्वप्नै हो र यो संसारको स्वभाव हो, जाऊ गएर सुत' भनी भन्नु भएपछि यशोधरा आफ्नो खोपीमा गई पुनः सुत्नुभयो।" B. B. पृ. ३८–४०

हुएन्-सियाङ्ले कपिलवस्तुको दक्षिण ढोका बाहिर

Downloaded from http://www.dhamma.digital

बिहान भए पछि सिद्धार्थ कुमार राजप्रासादमा नभएको खबरद्वारा राजदरबारमा कत्रो खलबली मच्चियो होला र कत्रो रुवावासी भयो होला भन्ने कुरा सजिलैसँग अनुमान लगाउन सकिन्छ। एक महाधनी सेठका छोरा भएका वाराणशी नगरका यशपुत्र आफ्नो प्रासादबाट एक रात सुटुक्क निस्केर गइसके पछि आमा हुने सुजाता[1] उपासिकाले छोरा यशलाई प्रासादमा न पाउँदा आफ्नो पतिलाई सुनाए पछि सेठले चारै दिशातिर रिसल्ला दौडाई खोज्न पठाए भने[2] राज्यका राजा जस्ताका छोरा राजदरबारमा नहुँदा कस्तो रुवावासी तथा होहल्ला मच्चियो होला भन्ने कुरा र राजकुमारको पत्तो लगाउन कस्तो खोजतलास तथा प्रयत्न गरे होलान् भन्ने कुरा पनि सजिलै-

---

एक चैत्य र त्यसको नजिक एक विहार र त्यसमा सिद्धार्थको मूर्ति थियो भन्ने र…त्यसैको नजिक अर्को एक विहारमा राहुल र यशोधरा सुतिरहेको एक तस्बीर पनि थियो भनी उल्लेख गरेका छन् भनी B. B. पृ ४० को पादटिप्पणीमा उल्लेख भएको छ।

१. हेर. बु. म. पृ. १ र १३

२. महा. व. पा. पृ. १९ : पब्बज्जाकथा, महाखन्धकं। यी कुमार पनि सिद्धार्थले जस्तै विभत्स दृश्य देखेर घरबाट निस्केर बुद्धकहाँ गई प्रव्रजित भएका थिए। यिनका पनि तीनै प्रासाद-हरू थिए।

Downloaded from http://www.dhamma.digital

सँग बुझन सकिन्छ । राजा र रानीहरूले कति विलाप गरे होलान् भन्ने कुरा भगवान् बुद्धले पछि स्वयं बोधिराजकुमार,[१] सच्चक निगण्ठ,[२] सङ्गारव नामक माणव[३] तथा भिक्षुहरूलाई[४] भन्नु भएका निम्न कुराहरूबाट प्रष्ट हुन्छ ।

"सो खो अहं, राजकुमार, अपरेन समयेन दहरो व समानो सुसुकालकेसो भद्रेन योब्बनेन समन्नागतो पठमेन वयसा अकामकानं मातापितून अस्सुमुखानं रुदन्तानं केसमस्सुं ओहारेत्वा कासायानि वत्थानि अच्छादेत्वा अगारस्मा अनगारियं पब्बजिं[५] ।

जब छन्न सारथी सिद्धार्थ कुमारलाई छाडी वहाँका आभरण-हरू र वस्त्रहरू लिई, शोकाकुलित भई, कण्ठक अश्वबाट पनि सदाको-निमित्त विदा लिई, आफू एक्लै राजदरबारमा फर्की शुद्धोदन महा-राजाको अगाडि विरहपूर्वक राजकुमारका आभरण तथा वस्त्रहरू राखी "राजकुमारले तपाईहरूलाई नमस्कारपूर्वक 'मलाई कुशल नै

---

१. म. नि. II. पृ. ३२० : बोधिराजकुमारसुत्तं ।

२. म. नि. I. पृ. २९५ : महासच्चकसुत्तं ।

३. बु. चा. पृ. ८४ : बोधिसत्वचर्या ।

४. म. नि. I. पृ. २१३ : पासरासिसुत्तं ।

५. म. नि. II. पृ. ३२० : बोधिराजकुमारसुत्तं । यसको अर्थ बु. चा. पृ. ८४ मा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

छ भन्ने खबर पुऱ्याइ देऊ।'' भनी अनोमा नदीको तीरमा आफ्नो खड्गले केश क्षौर गरी कषाय-वस्त्र धारणगरी वहाँले मलाई फर्काएर पठाउनु भयो'' भन्ने खबर सुनेपछि राजा रानीहरूले धर धर आँसु खसाल्दै विलाप गर्न थाले।

यस्तै गरी छन्नले सुत्केरी हुनु भएको यशोधरा देवीकहाँ गई वृत्तान्त कुरा सुनाए। यो समाचार सुनी यशोधरा देवीको हृदय फुट्ला जस्तो भए तापनि वहाँले आँखाबाट श्रद्धास्नेहका दुइ थोपा आँसु खसालो सिद्धार्थ कुमारलाई नमस्कार गरी, पति प्रतिको सच्चा स्नेहको कारणले पतिदेव भई, बुद्धिमत्तापूर्वक ठूलो धैर्य लिई ''मेरा पतिदेवलाई कुनै विघ्न नहोस् र वहाँले चिताउनु भएको जगतोद्धारको महानकार्य निर्विघ्नतापूर्वक चाँडै सफल होस्'' भन्ने कुरालाई मित्री दिलदेखि शुभकामना गर्दै त्यस दिनदेखि राजकीय रंगी-विरंगी पोसाकहरू त्यागी, आभरणहरू पनि त्यागी,[२] दरबारमै एक साधुनी जस्तो भई, उत्तम पतिव्रता नारी-जीवनलाई रक्षा गर्नुहुँदै

---

१. जा. अ. क. I. पृ. ५५; बु. वं. अ. क. पृ. २३५; अप. दा. अ. क. पृ. ५८

२. जा. अ. क. I. पृ. ७४; अप. दा. अ. क. पृ. ८०

''जब बोधिसत्वले उरुवेल वनमा तपस्या गरी अनेक दुष्करचर्या गर्नथाल्नु भयो भन्ने खबर सुन्नुभयो तब यशोधराले आभरणहरू त्याग्नु भएको थियो'' भन्ने कुरा तिब्बती ग्रन्थमा उल्लेख भएको छ भनी B. B. पृ. ५९ मा उल्लेख भएकोछ।

Downloaded from http://www.dhamma.digital

विधवीको[1] जस्तो जीवन बिताई वहाँ शान्तपूर्वक बस्नु भयो ।

यदि कुनै साधारण स्त्री जस्तो हुनु भएको भए उपरोक्त समाचार सुनी वहाँले कति शोक, सन्ताप तथा विलाप गर्नु हुन्थ्यो होला । तर वहाँ—हीना, मध्यमा तथा उत्तमा नारीहरूमध्येमा—उत्तमा नारीको गुणाङ्गले र महासत्व जस्तै उत्तम गुणहरूले विभूषित हुनु भएकोले वहाँ यस परिस्थितिद्वारा कत्तिपनि विचलित नभई, तटस्थ रही शान्तपूर्वक बस्न सक्नु भएको हो । यसबाट हामी वहाँको महानता र असाधारणगुणको परिचय पाउँछौं । त्यसैले वहाँले पछि थेरी-अपदानपालिमा "...म शीलवती तथा सर्वाङ्ग सम्पन्ना भई घरमा बसेकी थिएँ" भनी भगवान्को अगाडि भन्नु भएको हो ।

यशोधरादेवीका यो असाधारण धैर्यताको कुरासुनी हामीलाई बडो अद्भूत लाग्न सक्छ । अझ त्यस्तो पनि लाग्न सक्छ कि यो त स्वाभाविक कुरा भएन । असाधारण गुणहुनेले लोकजनका असाधारण कुरालाई साधारण पारिदिन्छ । यही नै विशिष्ट पुरुषहरूको लक्षण हो । यो संसारमा खोज्ने हो भने त्यस्ता अद्भूत र असाधारण गुणभूषिता नारीहरू पनि कम भए पनि नपाइएका होइनन्, पाइन्छन् नै ।

यशोधरादेवीले तेत्रो दुःखलाई अरूले नपत्याउने कुँ गरी

---

१. जा. अ. क. V. पृ. ६ : चन्दकिन्नरजातकं, नं. ४८५

Downloaded from http://www.dhamma.digital

चित्तलाई कत्तिपनि नबिगारी धैर्य राख्नु भएछँ, भिक्षुसङ्घलाई भोजन गराइरहेको समयमा पति सहित आपना बत्तीस पुत्रहरूलाई मारि दिएको समाचार-पत्र पाएर पनि आफ्नो चित्तलाई कत्तिपनि विचलित नगरी धैर्यराख्नसक्ने बन्धुल मल्लिका[1] जस्ती नारी; आपना पतिलाई छाडी खुशीसँग प्रव्रजित हुनसक्ने धम्मदिन्ना[2] जस्ती नारी; राजा बिम्बिसार जस्ता पतिलाई पनि त्याग्नसक्ने क्षेमा महा-रानी[3] जस्ती नारी तथा एकलौटे पुत्रलाई राजाले मार्नलगाएको खबर सुनेर पनि अन्यथा नगरी चित्तमा धैर्य लिनसक्ने वेलुकण्डकी नन्दमाता[4] जस्ती असाधारण गुण भएका नारीहरू पनि यो लोकले नपत्याउने गरी अद्भुत पारिदिने बालका नारीहरू हुन् ।

बुद्धसँग प्रथम भेट्

उता, सिद्धार्थ बोधिसत्व अनोमा नदीबाट क्रमशः राजगृह गई त्यहाँबाट भर्गवको[5] आश्रममा (भगवस्सारामे) गई त्यहाँबाट

---

१. धम्म. प. अ क. पृ. १७६ : विडुडभवत्थु. पुप्फवग्गो । हेर. बु. रा. पृ. १५८–५९

२. हेर माथि पृ. ३४७ मा ।

३. हेर माथि पृ. १८१ मा ।

४. अं. नि७ पृ. २०२ : नन्दमातासुत्तं ।

५. थेरी. गा. अ. क. पृ २ : निदान ।

Downloaded from http://www.dhamma.digital

आलार कालाम र उद्दक रामपुत्रकहाँ[1] गई त्यस पछि ६ वर्षसम्म

---

१. यस सम्बन्धका क्रमिक कुराहरू बु. बा. पृ. ८४–१०० मा उल्लेख भएका छन् ।

B. B. पृ. ५३ मा डा० विक्रमसिंहले आलार कालाम तथा उद्दक रामपुत्रकहाँ जानु अगाडि सिद्धार्थ बोधिसत्व अरू अरू कहाँ पनि गएका कुराहरू उल्लेख गरेकाछन् । त्यस्तैगरी **अभिनिष्क्रमण सूत्रमा** र **ललितविस्तरमा** उल्लेख भएका कुराहरू पनि उहीं पादटिप्पणीमा विक्रमसिंहले उल्लेख गरेका छन् ।

डा० विमल चरण लः ले "A Study of the Mahavastu" को पृ. ६५ मा आलार कालाम **वैशालीका** र उद्दक रामपुत्र राजगृहका हुन् भन्ने कुरा उल्लेख गरेका छन् ।

बुद्धचरित अनुसार बोधिसत्वले भृगु पुत्रसँग भेटेका कुरा पनि B. B. पृ. ५३ को पादटिप्पणीमा उल्लेख भएको छ ।

तिब्बती श्रोत अनुसार राजा बिम्बिसारसँग भेटेपछि बोधिसत्व राजगृहबाट गृद्धकूट पर्वतमा एक तपस्वीसँग बस्नु भएको थियो र वहाँले उनीहरूका शास्त्रहरू सबै अध्ययन

Downloaded from http://www.dhamma.digital

उरुवेल वनमा घोरतपस्या गरी,[1] पञ्चवर्गीय हरूले छाडेर गइसके पछि बुद्धगयामा जानुभई बुद्धत्व-ज्ञान प्राप्त गर्नु भयो[2]। त्यसपछि मृगदावनमा गई धर्मचक्र प्रवर्तन गरी[3] त्यहाँबाट क्रमशः पुनः राजगृह नगरमा आई बिम्बिसार राजालाई बुद्ध-धर्ममा दिक्षित गर्नु भयो[4]। त्यसपछि त्यहाँबाट कालुदायी स्थविरका साथ कपिलवस्तुकानिमित्त प्रस्थान गर्नु भयो[5]। अनि ६० योजनको बाटो हिंडी बुद्धभगवान् वैशाखपूर्णिमाकै दिन कपिलवस्तुमा पुग्नुभयो[6]।

गरिसकेपछि वहाँलाई उनीहरूले "महाश्रमण" भन्न थाले। तर जब वहाँले उनीहरूको परमार्थ शत्रु, ब्रह्मा तथा वशवर्ती-मार हुने भन्ने कुरा बुझ्नुभयो तब वहाँ त्यहाँबाट पनि अन्त जानुभयो भन्ने कुरा पनि उहीं पृ. ५३ को पादटिप्पणीमा उल्लेख भएको छ।

१. उरुवेल वनमा घोरतपस्या गर्नु भएको सम्बन्धमा विस्तृत कुराहरू म. नि. I. पृ. २३ : भयभैरवसुत्तमा, उल्लेख भएको पाइन्छ र संक्षेपमा बु. ब्रा. पृ. ८९–९८ मा।

२. हेर बु. श्रा. च. पृ. १६

३. हेर. बु. श्रा. च. पृ. १६२

४. हेर. बु. रा. पृ. २९–४४

५. हेर. बु. रा. पृ. १३३

६. हेर. बु. रा.पृ. १३६

Downloaded from http://www.dhamma.digital

कपिलवस्तुमा पुग्नु भएपछि हजारौं हजार शाक्य परिवार-हरूले वहाँको दर्शन गरे। भगवान् न्यग्रोधाराममा[1] अर्थात् बरका बगैंचामा बस्नु भयो।

भोलिपल्ट बुद्ध भगवान् भिक्षुहरूद्वारा परिवृत्त भई कपिलवस्तु शहरमित्र सपदानचारिकाले[2] भिक्षाटन् जानुभयो[3]।

यो समाचार तुरन्तै यशोधरा देवीका कानमा पुग्यो। समाचार सुन्नेबित्तिकै वहाँको हृदय फुटला जस्तो भई तुरन्त शुद्धोदन महाराजाकहाँ गई "महाराज! तपाइका छोरा—जो एकदिन—रथमा बसी, छत्र ओढी, अनेक राज-लीलाले बस शहर घुम्नु हुन्थ्यो, आज उही तपाइका छोरा बुद्ध हुनुभई, कुनै सहारा नभएका जस्तै गरी,

---

१. हुएन्-सियाङ्ले कपिलवस्तुको करीब ३।४ ली अर्थात् एक डेढ माइल जति दक्षिणतिर न्यग्रोध वृक्षको बगैंचा छ, जहाँ सम्राट् अशोकले एक स्तूप बनाइराखेका छन्। यो त्यही स्थान हो जहाँ भगवान् बुद्ध कपिलवस्तुमा आउनु हुँदा बस्नु भएको थियो। फाहियानले पनि यस्तै कुरा उल्लेख गरेका छन् भन्ने कुरा B. B. पृ. ११७ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. घर-घरपिच्छे भिक्षाटन् जानुलाई 'सपदानचारिका' भन्द छन्।

३. बु. रा. पृ. १३६

Downloaded from http://www.dhamma.digital

उही शहरमै, उही सडकमै माटाको भिक्षापात्र हातमा लिई घर-घर-पिच्छे भिक्षाटन् गर्दै आउनु भएको छ" भनी वहाँले विन्तिगरे पछि राजा हतासखाई, हडबडाई, हतारो हतारो गरी लत्रिएको धोती समातेर दरबारबाट बाहिर निस्की बुद्धलाई निम्त्याई ल्याउनुभयो[1] ।

राजाले बुद्धलाई अघिल्लो दिनमै किन न निम्त्याएको होला ?

यतिन्जेलसम्म राजालाई बुद्धको नियम नै थाहा थिएन । आपनै पुत्रसंघी, आपनै दरबारमा भोजनार्थ आउनु नै हुनेछ भन्ने विश्वासलिई वहाँले अघिल्लो दिनमा न निम्त्याई जानु भएको हो । तर वहाँले बीसौंहजार भिक्षुहरूकानिमित्त चाहिने सबै कुराको व्यवस्था मिलाइ सक्नु भएको थियो । न निम्त्याइकन बुद्ध आउनु-हुन्न भन्ने कुरा राजालाई थाहा नै थिएन[2] ।

जब शुद्धोदन महाराज बुद्धलाई लिनजानु भयो तब यशोधरादेवी पनि शहरका मानिसहरू दुइ तीन[3] तथा चारतले[4] घरहरू मध्येका ऊयालहरू उघारी, भिक्षाटन् आइरहनु भएका बुद्धलाई हेर्न व्यस्त भएकै आफू पनि प्रासाद माथि गई "यसै नगरमा आँघे आर्य-

---

१. हेर विशेष कुराकोनिमित्त बु. रा. पृ. १३७; धम्म. प. अ. क. पृ. ४१६ : सुद्धोदनस्सवत्थु, लोकवग्गो ।

२. धम्म. प. अ. क. पृ. ४१५ : सुद्धोदनस्सवत्थु, लोकवग्गो ।

३. जा. अ. क. I. पृ. ७३; अप. दा. अ. क. पृ. ७८

४. सम. पा. पृ. ७५२ : महाखन्धकवण्णना, महावग्ग ।

Downloaded from http://www.dhamma.digital

पुत्र महान् राजलीलाले सुवर्णमय पाल्की आदिमा विचरण गर्नु हुन्थ्यो, तर आज केश-दाह्री क्षौरगरी, कषायवस्त्र धारणगरी, हातमा माटाका भिक्षापात्र लिई भिक्षाटन् गर्दै हुनु हुन्छ; वहाँलाई यसले शोभा दिन्छ के !" भन्ने विचार गरी ऊचाल उघारी हेर्दा अनेक प्रकारका विरागयुक्त शारीरिक तेजद्वारा शहरका सडकहरू जाज्वल्यमान पारी, बुद्धश्रीद्वारा प्रकाशमान भई, व्याम-प्रभा फैलाई, बत्तीस लक्षणहरू[१] र असीत्यानुव्यञ्जन[२] हरूले सुशोभित हुनु भएका शाक्यसिंहलाई देख्नु भई—साथमा रहेका सातवर्षीय राहुल कुमारलाई पिताको परिचय दिनुहुँदै यशोधरा देवीले वहाँको शीरदेखि लिएर पैतालासम्मको लक्षणहरूको वर्णन गरी[३] निम्न आठ[४] नरसिंहगाथा (=स्तोत्र) हरू सुनाउनु भयो[५]—

---

१. बत्तीस लक्षणहरू भनेका के के हुन् भन्ने कुरा बु. ब्रा. पृ. १६८ मा उल्लेख भएको छ।

२. असीत्यानुव्यञ्जन भनेका के के हुन् भन्ने कुरा माथि पृ. ४७९ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु।

३. सम. पा. पृ. ७५२; जा. अ. क. पृ. ७३; अप. दा. अ. क. पृ. ७८–७९

४. जा. अ. क. I. पृ. ७३; अप. दा. अ. क. पृ. ७९; सम. पा. पृ ७५२

५. यी नरसिंहगाथालाई नेपालमा 'यशोधरा स्तोत्र' भन्दछन् र ती गाथाहरू यस प्रकार छन्—

Downloaded from http://www.dhamma.digital

(१) "स्निग्ध नीलमृदु कुञ्चित केशः,
सूर्य सुनिर्मललाभी ललाटः ।
युक्त तुङ्ग मृदु आयत नासो,
रश्मिज्वाल वृतता नरसिंहः ।।

(२) "अञ्जनवर्ण सुनील सुकेशः,
काञ्चनपत्र विशुद्ध ललाटः ।
ओषधिपानतः शुद्धः सुवर्णः,
एष हि तुभ्य पिता नरसिंहः ।।

(३) "आयतयुक्त संचित नासो,
गोपमुखो अतिनील सुनेत्रः ।
इन्द्रधनु सम नील सुनेत्रः,
एष हि तुभ्य पिता नरसिंहः ।।

(४) "स्निग्ध सुगम्भीर मञ्जू सुघोषो,
हिंगुलिवर्णः सुरक्तः सुजिह्वा ।
विंशति विंशति श्वेत-सुदन्तः,
एष हि तुभ्य पिता नरसिंहः ।।

(५) "वर्त सुवर्त सुसंचित ग्रीवः,
सिंहहनु मृगराज शरीरः ।
काञ्चन सुछवि उत्तमवर्णः,
एष हि तुभ्य पिता नरसिंहः ।।

Downloaded from http://www.dhamma.digital

(६) "गच्छति नीलपथे सुविचित्रः,
तारागण परिवेष्ठितः रूपः ।
श्रावकमध्य गतः श्री मुनीन्द्रः
एष हि तुभ्य पिता नरसिंहः ।।

(७) "चक्रमलंकृतः रक्तः सुपादः,
लक्षण मण्डितः आयतः पार्ष्णिः ।
चामर चक्र विभूषितः पाणिः,
एष हि तुभ्य पिता नरसिंहः ।।

(८) "शाक्यमुनि कुमार वरसुकुमारो,
लक्षणचित्र सुपुण्य शरीरः ।
लोकहिताय गतो नरवीरः,
एष हि तुभ्य पिता नरसिंहः ।।

(९) "अमर नदीवर चण्ड गजेन्द्रः,
मारपराजय भीमः सुवीरः ।
सर्वगुणाकर लोकविशुद्धः,
वन्दामि गौतम श्रीमुनि पादौ ।।"

अर्थ—

(१) "चिल्लो, नीलो, नरम तथा घुमाउरे केशहरू हुनु भएका; सूर्य जस्तै सुनिर्मल निधार भएका; उठेको

Downloaded from http://www.dhamma.digital

नरम, लामो तथा सुन्दर नाक हुनुभएका, सबैतिर रश्मी ज्वाला हुनु भएका—वहाँ नरसिंह हुनुहुन्छ ।

(२) "गाजलेवर्ण जस्तो सुनील र राम्रो केश हुनु भएका, सुनको पाता जस्तै सफा निधार हुनु भएका; चन्द्रमाको जस्तै तेजिलो सफावर्ण हुनु भएका—वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।

(३) "लामो तथा पुष्ट परेको नाक र कान्तियुक्त मुख हुनु भएका; इन्द्रेणी जस्ता अति सुन्दर तथा नीला आँखिभौं हुनु भएका - वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।

(४) "मीठो, गम्भीर तथा राम्रो आवाज हुनु भएका, हिङ्को वर्ण जस्तो रातो जिभ्रो हुनु भएका; बीस बीस ओटा (तल र माथि) राम्रा राम्रा सेता दाँतहरूले सुशोभित हुनु भएका—वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।

(५) "राम्रो गोलाकार परी चट्टमिलेको घाँटी हुनु भएका, सिंहको जस्तो बङ्गारा र सिंहकै जस्तो शरीर हुनु भएका; उत्तम काञ्चनवर्ण जस्तै सुन्दर छवि हुनु भएका—वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।

(६) "विचित्र तारागणहरूद्वारा परिवेष्ठित भई चन्द्रमा आकाशमा जानेझैं श्रावकहरूका बीच हिंडिरहनु भएका

Downloaded from http://www.dhamma.digital

"सिनिद्ध नील मुदु कुञ्चित केसो,
सुरियनिम्मलतलाभि ललाटो।
युत्त तुङ्ग मुदुका[1] यत नासो,
रंसिजालविततो नरसीहो[1] ति[1] ॥"

बुद्धलाई राजदरबारमाभित्याइ सकेपछि अत्यन्त सम्मानपूर्वक राजकीय भोजन प्रदान गरे। भोजन पछि बुद्ध भगवान्ले पनि ज्ञाति संग्रह गर्नुहुँदै उचित ढङ्गले राजाहरूलाई भुक्तानुमोदना उपदेशहरू

श्री मुनिन्द्र नै तिम्रा बाबु हुनुहुन्छ।

(७) "चक्रचिह्नले सुशोभित भएका, राता तथा राम्रा पाउहरू भएका; लक्षणहरूले सुभूषित, लामा कुकुच्चा तथा चमर र चक्रचिह्नले विभूषित हातहरू हुनु भएका—वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ।

(८) "कुमारहरूमध्येमा श्रेष्ठ सुकुमार हुनु भएका शाक्यमुनि, लक्षणचित्रहरूद्वारा सुपुण्य शरीर हुनु भएका; लोक-हितार्थ जानु भएका—वहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ।

(९) "मरणरूपी नदीबाट पारतरी श्रेष्ठ अमरनदीमा पुग्नु भएका, दुर्दान्त नालागिरी जस्ता हात्तीलाई र भीम समान् मारलाई समेत् पराजित् गरी सुवीर हुनु भएका; लोकविशुद्ध पार्ने सबै गुणहरूले विभूषित हुनु भएका—वहाँ श्रीमुनि गौतमका दुइपाउमा ढोग्दछु।"

१. जा. अ. क. I. पृ. ७३ : सन्तिकेनिदानं; अप. दा. अ. क. पृ. ७९: सन्तिकेनिदानं।

Downloaded from http://www.dhamma.digital

सुनाउनु भई, राजालाई सकृदागामी र महाप्रजापति गौतमीलाई स्रोतापत्ति-फलमा प्रतिष्ठित गराउनु भयो[१] र भगवान्‌बुद्ध मातृ-पितृ ऋणबाट सुविमुक्त हुनु भयो।

भोजनकृत्य सिद्धिए पछि राजदरबारका सबै स्त्रीहरू गई बुद्धलाई वन्दना गरे। किन्तु राहुलमाता यशोधरा देवी मात्र बुद्धकहाँ जानु भएन।

"आर्या! बुद्धकहाँ गई वन्दना गर्नु होस्, सबै स्त्रीहरू गइसके" भनी परिजनहरूले निवेदन गर्दा वहाँले— "यदि मेरो कुनै गुण छ भने अथवा मेरो कुनै दोष छैन भने आर्यपुत्र नै यहाँ पाल्नु हुनेछ र त्यसैबेला मैले वहाँलाई वन्दना गर्नेछु" भनी जवाफ दिनु भयो। यून कुरा शुद्धोदन महाराजाको कानमा पनि पुग्यो।

यशोधराको स्रोपीतिर—अनि, भुक्तानुमोदनादि सबै कार्य सिद्धिए पछि आसनबाट उठ्नु भई, शुद्धोदन महाराजालाई पात्र समात्न लगाउनु भई, दुइ अग्रश्रावकहरूका साथ[२] शाक्यमुनि बुद्ध

---

१. विशेष कुराको लागि हेर बु. रा. पृ. १३५–३९ मा।

२. भगवान् बुद्ध कपिलवस्तुमा आउनुहुँदा अग्रश्रावकहरू साथमा आउनु भएका थिएनन्। न्यग्रोधाराममा यमकप्रातिहार्य देखाउनु भएको बेलामा वहाँहरू राजगृहको गृद्धकूट पर्वतमा हुनुहुन्थ्यो। बुद्धले यमकप्रातिहार्य देखाउनु भएको कुरा ध्यानबाट थाहा-पाउनु भएपछि महाकाश्यप स्थविर सहित ५०० भिक्षुहरूका

Downloaded from http://www.dhamma.digital

भगवान् राहुलमाता यशोधरा देवीको खोपीतिर जानलाग्नु भयो। खोपीभित्र पुग्नुभन्दा अगाडि दुवै अग्रश्रावकहरूलाई भगवान्ले यसो भन्नु भयो—

"राजपुत्रीले आफ्नो इच्छानुसार ढोग्नलाग्दा उनलाई केही नभन्नू।"

यति पूर्व सूचना दिई भगवान्बुद्ध दुइ अग्रश्रावकहरू र शुद्धोदन महाराजाका साथ राहुलमाताको खोपीभित्र पस्नुभई बिच्छ्याइ राखेको आसनमा बस्नु भयो।

"भगवान् आफ्नो खोपीतिर आउँदै हुनुहुन्छ" भन्ने खबर पाई ६ वर्ष देखिको इच्छा पूर्णगराउने आशालिई, कषायवस्त्र लगाई प्रतीक्षामा बसीरहनु भएको यशोधरादेवीले आफूसँग बसेका ४० हजार नर्तकी स्त्रीहरूमध्येका एकहजार नब्बे जति क्षत्री कन्याहरू लगायत सबैलाई "कषाय-वस्त्र लगाउनू" भनी आज्ञा दिनु भयो र

साथ दुइ अग्रश्रावकहरू आकाश मार्गद्वारा कपिलवस्तुमा आउनु भएको थियो भन्ने कुरा बु. वं. पा पृ. ३०१–०२, गा. नं. ४३–५९ मा समुल्लेख भएको छ। यमकप्रातिहार्य भनेको के हो भन्ने बारेमा धम्म. प. अ. क. पृ. ४३७ : यमकपाटिहारियवत्थु; दी. नि. III. पृ. २२ : पाथिकसुत्तंमा वर्णित भएका छन्। केही संक्षेप कुरा बु. प. पृ. २७ मा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

उनीहरू सबैले त्यस्तै गरे[1] । अनि बुद्ध भगवान् आसनमा बस्नेबित्तिकै — बाँधी राखेको बाच्छालाई फुकालिँदा दौडेर आमाको दूध पिउन जानेझैं — गहिरो स्नेहको आकृष्टतामा परी, पृथग्जनताको कारणलेगर्दा दौडेर गई, वहाँले सुपुष्ट तथा गोल परेका गोलीगाँठाहरू भएका बुद्धका दुवै खुट्टाहरू जति सक्यो उति बलियो गरी अँगाली, पाउमाथि शीर राखी इच्छा हुन्जेलसम्म वहाँले ढोगी रहनु भयो[2] । सबै स्त्रीहरू रुवावासीनै गर्न थाले । त्यो दृश्य देखेनेलाई यस्तो लाग्यो कि मानो पाउ धोई पानी पिउने जस्तो गरी आफ्ना मोतीका दानाहरू जस्ता आँसुद्वारा बुद्धका कमलरूपी सुकोमल पाउहरू पखाल्नु भई सोही आँसुको प्रसादद्वारा आफ्नो शीर सिञ्चन गरी अभिषेक पाएकोझैं सम्झी वहाँले आफ्नो जलेको हृदयलाई शीतल पार्नुभयो ।

त्यस अवर्णनीय वातावरणलाई हेर्दा - पति र पत्नीको वियोग भई ६ वर्ष पछि भएको यस भेटले—विछोड भएका पति र पत्नीको पुनर्मिलन जस्तो नभई कुनै भाइ बहिनीहरूको पुनर्मिलन जस्तो लाग्दथ्यो। भनाइको मतलब त्यस स्तब्ध वातावरणमा सम्मिलित भएका कसैले पनि कुनै शब्द मात्र पनि उच्चारण नगरेका मात्र होइनन्, **यशोधरा-देवी** प्रति सहानुभूति राखी "न रोऊ !" सम्म पनि कसैले भनेनन् । त्यस समागममा यदि कुनै आवाज सुनिन्थ्यो भने, त्यो थियो—

---

१. जा. अ. क. V. पृ. ६ : चन्दकिन्नरजातकं, नं. ४८५

२. सम. पा पृ. ७५३; जा. अ. क I. पृ ७४; अप. दा. अ. क. पृ. ८०

Downloaded from http://www.dhamma.digital

"सुँक्क सुँक्क गरी रोएका आवाज मात्र।"

यसरी इच्छा तृप्तगरी शान्त वातावरणमा, कुनै विघ्नबाधा विना बुद्धको श्रीचरण-कमलमा ढोग्न पाउनु नै यशोधरादेवीको-निमित्त ठूलो सौभाग्यको कुरा हुन गएको थियो।

यो थियो नारी प्रति बुद्धको सहानुभूतिपूर्ण सम्मान !!

साधारणतया स्नेहको कारणद्वारा शोक-सन्ताप हुन्छ भनी भनिन्छ। तर जब साधारण स्नेहको सीमा पारगरी असाधारण मैत्री-स्नेहको रूपमा परिणत हुन्छ तब त्यस प्रकारको मैत्री-स्नेहद्वारा शोक-सन्तापको बदला आत्मीयता र समझदारीपनलाई बढाई त्यसबाट न दुःख हुन्छ, न त सुखनै; हुन्छ भने शीतलता, प्रकाश, तटस्थता अनि समभावता।

जब यशोधरादेवी परसरी शुद्धोदन महाराजाकी सुविनीता बुहारी तथा बुद्धका परम भक्तिनी सेविका जस्ती भई आफ्नो स्थानमा बस्नुभयो तब कुरा चलाउनुहुँदै शुद्धोदन महाराजाले बुहारी राहुल माताको बयान सुनाउनु हुँदै बुद्धलाई यो कुराहरू भन्नुभयो।

"भन्ते ! यी मेरी बुहारी, तपाइले कषाय-वस्त्र धारण गर्नु भयो भन्ने खबर सुनेपछि यिनले पनि कषाय-वस्त्र धारण गरिन्। तपाइले फूलमालाहरू लगाउन छाड्नु भयो भन्ने खबर सुनेपछि यिनले पनि सबै गहनाहरू त्यागी दिइन्। तपाइले एकछाक बाहेक खानुहुन्न भन्ने कुरा सुनेपछि यिनले पनि एकैछाक खान थालिन्। तपाइले

Downloaded from http://www.dhamma.digital

महान तथा उच्च शैय्या छाड्नु भयो भन्ने खबर सुने पछि यिनी पनि एक साधारण खाट्मा सुत्न थालिन्। तपाइ जानु भएदेखि यिनी विधवी जस्ती भई बसिन्। कति ज्ञाति-बन्धुहरूले 'हामीकहाँ आउनु-होस्, हामी हेरचाह गर्नेछौं' भनी अनेक कोसेलीहरू पठाए, तर कसैको कुरा सुनिनन्, न त कसैको कोसेली नै स्वीकार गरिन्। तपाइ बाहेक अरू कुनै प्रति पनि यिनको चित्त लागेको छैन। भगवान्! यस्ती शीलवती, सुविनीता तथा गुणभूषिता यी मेरी बुहारी छोरी हुन्!"

यसप्रकार बुद्धको अगाडि राजाले यशोधरादेवीको गुण-वर्णन गर्दा बुद्धले— "महाराज! तपाइको सुदृष्टिमा रही, आरक्षा सम्पन्न भई, म बाहेक अरूमाथि चित्त नजानु तथा कसैले लैजान नसक्ने गरी बस्न सक्नु कुनै आश्चर्यको कुरो होइन। अघिल्लो एक जन्ममा अपरिपक्व ज्ञान भएको बेलामा तथा कुनै आरक्षा नभएका तिरश्चीन भएर जन्मेको बेलामा त म बाहेक अरू कसैसँग उनको चित्त गएन भने अहिले ज्ञान परिपक्व भएको बेलामा तथा तपाइ जस्ताका सुदृष्टिमा रहेको बेलामा कसैसँग चित्त न जानु कुनै ठूलो कुरा होइन" भनी भन्नु हुँदै चन्दकिन्नरजातक[१] का कुराहरू सुनाई यशोधरा देवीको प्रशंसा गर्नु भई आसनबाट उठी भगवान् न्यग्रोधाराममा फर्केर जानुभयो[२]।

---

१ जा. अ. क. V. पृ. ६ : चन्नकिन्नरजातकं, नं. ४८५

२. जा. अ. क. I. पृ. ७४; जा. अ. क. V. पृ. ६; अप. दा. अ. क. पृ. ८०; सम. पा. पृ. ७५३

Downloaded from http://www.dhamma.digital

यस घटनालाई अनुस्मरण गर्नु हुँदै पछि यशोधरा स्थविराले "थेरीअपदानपालि" मा स्वयं यसरी उल्लेख गर्नु भएको छ—

"हे वीर ! त्यस बखत क्षत्रीहरूको श्रेष्ठ अन्त:पुरमा मेरो उपकारलाई निर्दिष्ट गर्नु भई तपाइले यस्तो भन्नु भएको थियो—'तो नारी उपकारिणी थिइन्, तो नारी सुख दु:खमा साथ थिइन्, तो नारी हितचिन्तक थिइन् र तो नारी अनुकम्पिका पनि थिइन्[१]।"

राहुललाई कुरा सिकाए

कपिलवस्तु पुगेको सातौं दिनमा पनि बुद्ध भगवान् राजदरबारमै भोजनार्थ जानुभयो। त्यस बखत राहुलमाता यशोधरादेवीले पुत्र राहुल कुमारलाई अलंकृत पारी निम्न कुराहरू सिकाई बुद्धकहाँ पठाउनु भयो[२]।

"नानी ! यो बीसहजार श्रमणहरूका बीचमा बसिरहनु भएका, ब्रह्मवर्ण हुनु भएका श्रमणलाई हेर ! वहाँ तिम्रो पिताज्यू

---

१. थेरी. अप. दा. पा. पृ. २६५; यसोधराथेरीअपदानं. गा, नं. ७०–७१

२. डा० विमलचरण ल: को "A Study of the Mahavastu" को पृ. ९८ मा यशोधरादेवीले बुद्धको पात्रमा आफूले पकाएको रोटी राखिदिन राहुल कुमारलाई बुद्धकहाँ पठाएकी थिइन् भन्ने कुरा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

हुनुहुन्छ । यहाँसँग धेरै निधान गरिएका धनहरू थिए । तर यहाँले घरछाड्नु भएदेखि तो निधानहरू म देखिदन । तिमी गएर यहाँसँग दायाद माग र तो धनहरू पनि यसरी माग— 'पिताज्यू ! म छत्र ओढी चक्रवर्ती राजा हुन चाहन्छु; मलाई धन चाहिएको छ; मलाई धन दिनुहोस् । छोरा नै बाबुको सम्पत्तिको उत्तराधिकारी हुन्छ' ।"

आमाको कुरा सुनी मनोहर तथा तेजिला भएका सातवर्षीय राहुल कुमार, कुमारलीलाले विशाल परिषद्का बीच निर्भीकरूपले गई बुद्ध बस्नु भएको नजिक एक छेउमा बसे । राहुल कुमारको बसाई परिषद्कोनिमित्त एक मनमोहक दृश्य भएको थियो । बाबुको नजिक बस्दा बालक राहुल कुमारलाई पितृस्नेह पाएको अनुभव भई कुमारले "श्रमण ! तपाइको छाया मलाई अति सुख लाग्छ (=सुखा ते, समणा, छाया[1])" भन्दै आफूलाई सुहाउँदो ढङ्गले कुरा गरिरहे । बुद्धको अगाडि बसी मुखताक्दै "पिताज्यू ! मलाई धन दिनुहोस् ! मलाई धन चाहिएको छ । छत्र ओढी म चक्रवर्ती राजा हुन चाहन्छु । आमाले तपाइसँग धेरै धेरै धन छ भनी भन्नु हुन्छ । पिताज्यू ! मलाई दिनुहोस् !!" भन्दै अति प्रियंकर ढङ्गले एक्लै फत-फताइरहे ।

भोजनकृत्य समाप्त भएपछि अनुमोदन गरी शाक्यमुनी बुद्ध भगवान् आसनबाट उठी सुरु सुरु राजदरबारबाट बाहिर निस्कनु

---

१. महा. व. पा. पृ. ६ : राहुलवत्थु, महाखन्धकं, महावग्गो ।

Downloaded from http://www.dhamma.digital

भयो। त्यस बखत राहुल कुमार पनि "दायाद दिनुहोस् ! दायाद दिनुहोस् !!" भन्दै बुद्धसँग सँगै लागेर गए। बुद्धले राहुल कुमारलाई फर्काउनु भएन। बुद्ध प्रतिको गौरवको कारणलेगर्दा कसैले पनि राहुल कुमारलाई फर्काउने साहस गर्नसकेनन्।

"यी राजकुमारले पिताको सम्पत्ति माग्दैछन्। जुन सम्पत्ति यिनी माग्दैछन् त्यो सांसारिक तथा बिघ्नपूर्ण छ। अतः यिनलाई किन मैले बोधिमण्डपमा पाएका सप्त-आर्य-धनहरू[१] नदेऊँ !" भन्ने विचार गर्नुभई न्यग्रोधाराममा पुगेपछि सारिपुत्र स्थविरलाई बोलाई राहुल कुमारलाई प्रव्रजित गराउन लगाउनु भयो[२]।

---

१. सप्त-आर्य-धन भनेका यी हुन्—

"सद्धा धनं सीलधनं, हिरी ओत्तप्पियं धनं।
सुतधनं च चागो च, पञ्ञा वे सत्तम धनं॥
'यस्स एते धना अत्थि, इत्थिया पुरिसस्स वा।
अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं॥"

अर्थात्—स्त्री वा पुरुष जोसँग (१) श्रद्धा, (२) शील, (३) लज्जा, (=हिरी), (४) भय (=ओत्तप्पं), (५) श्रुती, (६) त्याग तथा (७) प्रज्ञा धनहरू हुन्छन् उसलाई दरिद्र भनी भन्दैनन् र उसको जीवन पनि मोघ (=खोक्रो) हुन्न। अं. नि.७ पृ. १५५ : वित्थतसुत्तं।

२. सम. पा. पृ. ७५३; जा. अ. क I. पृ. ७५; अप. दा. अ. क. पृ. ८०; यस घटना सम्बन्धीका मूलसूत्र महा. व. पा. पृ. ८६ मा उल्लेख भएको छ र जसको अनुवाद बु. रा. पृ. १४३ मा गरिएको छ।

Downloaded from http://www.dhamma.digital

गृहत्याग

भगवान् बुद्ध कपिलवस्तुमा छउन्जेलसम्म वहाँले सँधै राज-दरबारमै भोजन गर्नु भयो। राहुल कुमारलाई प्रव्रजित गर्नु अगाडि नन्द राजकुमारलाई प्रव्रजित गर्नु भएको र त्यस पछि शुद्धोदन राजाको परिनिर्वाण भएको तथा महाप्रजापति गौतमी प्रव्रजित हुनु भएको आदि कुराहरू माथि[1] उल्लेख नै भइसकेका छन्। बुद्धकालीन राजपरिवारमा[2] पनि उक्त कुराहरू उल्लेख भएका छन्।

महाप्रजापति गौतमी वैशालीमा गई प्रव्रजित भइसक्नु भए पछि एक दिन, बुद्ध भगवान् श्रावस्तीमा बसिरहनु भएको बेलामा राहुलमाता यशोधरादेवीले यस्तो सोच्नु भयो—

"मेरा स्वामी प्रव्रजित भई सर्वज्ञ बुद्ध हुनु भयो, मेरा पुत्र पनि प्रव्रजित भई बुद्धसँग बसेका छन्; म मात्र घरगृहस्थीमा बसेर के गरूँ! वरु प्रव्रजिताभएर श्रावस्तीमा गई नित्यप्रति सम्यक् सम्बुद्धको पनि पुत्र राहुलको पनि मुख हेरी बस्ने छु[3]।

---

१. पृ. १५–३०

२. पृ. १३९–४३

३. "सत्थरि पन सावत्थिं उपनिस्साय विहरन्ते राहुलमाता देवी 'सामिको मे पब्बजित्वा सब्बञ्ञुतं पत्तो, पुत्तो पि मे पब्बजित्वा तस्सेव सन्तिके वसति। अहं अगारमज्झे किं

Downloaded from http://www.dhamma.digital

यति सोच्नुभई राजदरवार त्यागी वैशालीको भिक्षुणी निवास-स्थानमा गई वहाँ भिक्षुणी हुनु भयो। पछि आचार्य र उपाध्यायहरू-सँगै श्रावस्तीमा गई शास्ता र पुत्र राहुल श्रामणेरको मुख हेर्दै एक भिक्षुणी निवासस्थानमा बस्नु भयो[1]।

प्रव्रजित भए देखिने "भद्दकच्चाना स्थविरा" भन्ने नाम-द्वारा वहाँ प्रसिद्ध हुनु भयो[2]।

वहाँ, कसकहाँ प्रव्रजित हुनुभयो भन्ने विषयको सम्बन्धमा कतै पनि प्रष्ट शब्दमा उल्लेख भएका नपाइएता पनि अङ्गुत्तर-निकायट्ठकथा[3] अनुसार "राहुल माता पि जनपद कल्याणी पि

करिस्सामि, अहम्पि पब्बजित्वा सावत्थिं गन्त्वा सम्मा-सम्बुद्धञ्च पुत्तञ्च निबद्ध पस्समाना विहरिस्सामी' ति चिन्तेत्वा भिक्खुनि उपस्सयं गन्त्वा पब्बजित्वा··· ।" जा. अ. क. पृ. ६३९ : अब्भन्तरजातकं, नं २८१

१. "···भिक्खुनी उपस्सयं गन्त्वा पब्बजित्वा···सावत्थिंगन्त्वा एकस्मिं भिक्खुनी उपस्सये वासं कप्पेसि।" जा. अ. क. I-II. पृ. ६३९ : अब्भन्तरजातकं, नं. २८१

२. "सा पब्बजितकालतोपट्ठाय भद्दकच्चानाथेरीतेव पाकटा अहोसि।" अं. नि. अ क. I पृ. २०५ : एककनिपात-वण्णना।

३. अं. नि. अ. क. I. पृ. २०५: एककनिपातवण्णना, भद्दकच्चाना-थेरी।

Downloaded from http://www.dhamma.digital

थेरिया सन्तिकं गन्त्वा पब्बजि" भन्ने वाक्यद्वारा भने वहाँ पनि महाप्रजापति गौतमी स्थविराकहाँ गई प्रव्रजित हुनु भएको हो भन्ने कुराको संकेत पाइन्छ। किनभने नन्दा स्थविरा महाप्रजापति गौतमी स्थविराकहाँ गई प्रव्रजित भएको कुरा वहाँको चरितबाट[1] प्रष्ट बुझिन्छ।

फेरि अङ्गुत्तरनिकायट्ठकथा मै "सुद्धोदन महाराजस्स परिनिब्बुतकाले महापजापतिं गोतमिं राहुलमातरञ्च निक्खमित्वा सत्थु सन्तिके पब्बजिताति ञत्वा[2]..." भन्ने नन्दा स्थविराको वाक्यद्वारा भने महाप्रजापति गौतमी पनि यशोधरादेवी पनि बुद्धकहाँ प्रव्रजित भएका हुन् भन्ने कुराको आभास पाइन्छ।

माथि उल्लेख भएका अब्भन्तरजातकको वर्तमान कथानुसार भने वहाँ वैशालीमा गई प्रव्रजित हुनु भएका कुरा प्रष्ट बुझिन्छ[3]।

जोसँग भिक्षुणी भए पनि वहाँ वैशालीमा प्रव्रजित भई त्यहाँबाट श्रावस्तीमा जानु भएको कुरामा भने कुनै भिन्नता छैन। अतः श्रावस्तीमा एक भिक्षुणी निवासस्थानमा बसिरहनु भएको बेलामा वहाँले विदर्शनाध्यान गरी अरहत्व प्राप्त गर्नु भयो। अरहत्वका साथ-साथै वहाँले महाभिज्ञा-ध्यानमा पनि पूर्णवशीत्व प्राप्त गर्नु भयो।

---

१. हेर माथि पृ. ४०९–१३ नन्दा स्थविरा परिचय।

२. अं. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी।

३ माथि पृ. ६५१ को पादटिप्पणीमा।

Downloaded from http://www.dhamma.digital

एकं आसनमा बसी एकै आवर्जनद्वारा वहांले एकलाख कल्प अधिक असंख्य[१] कल्पहरूका कुराहरूलाई पनि अनुस्मरण गर्नसक्नु हुन्थ्यो[२] ।

वहाँले ऊँ असंख्य कल्पहरूका कुराहरू अनुस्मरण गर्नसक्ने पुरुषहरू बुद्धशासनमा वहाँ समेत चारजना मात्र छन् । जस्तै— सारिपुत्र महास्थविर, मौद्गल्यायन महास्थविर, बक्कुल महा-

---

१. दीपङ्कर बुद्धका पालादेखि कौडिन्य भगवान्‌का पालाको अन्त सम्मलाई एक असंख्य कल्प भन्द छन् । यसै क्रमानुसार असंख्य कल्पहरूको गिन्ति गरिएको छ । त्यस्तै, कुनै कल्पमा एक मात्र बुद्ध पनि हुन्छन् कुनै कल्पमा दुइ तीन बुद्धहरू पनि हुन्छन् । जस्तै यस भद्रकल्पमा क्रकुछन्द, कोणागमन तथा काश्यप बुद्धहरू बितिसके । वर्तमानमा शाक्यमुनि बुद्ध हुनुहुन्छ तथा भविष्यमा मैत्री बुद्ध हुनेछन् । यी सबै भद्रकल्पका बुद्धहरू हुन् । बु. वं. पा. पृ. ३८१–८३; अरू विशेष कुरा जान्न चाहनेले अं. नि-४ पृ. १५० : कप्पसुत्तं, अ. क. II. पृ. ५३७; चरि. पि. अ. क. पृ. ९–१३; बु. वं पा. पृ. ३८१ : बुद्ध-पकिण्णककण्डं, अ. क. पृ. २४६; दी. नि. अ क. I. पृ. २७१: महापदानसुत्तवण्णनामा पनि हेर्नू ।

२. "एकपल्लङ्केन निसिन्ना, एकावज्जेन कप्पसतसहस्साधिकं असंख्यय्यं अनुस्सरति ।" अं. नि. अ. क. I, पृ. २०५ : एक-कनिपातवण्णना, भद्दाकच्चाना ।

Downloaded from http://www.dhamma.digital

स्थविर तथा यशोधरा स्थविरा[1]।

असंख्य कल्पहरूका कुराहरू अनुस्मरण गर्नसक्ने गुणलाई नै ध्यानमा राख्नु भई भगवान्‌ले वहाँलाई श्रावस्तीमा महाभिज्ञालाभिनी भिक्षुणीहरूमध्येमा अग्रछिन् भन्ने औपचारिक घोषणा गर्नु भएको हो[2]। जुन कुरा तल "अग्रस्थान" शीर्षकको मूल सूत्रले समुल्लेख गरेको छ।

राहुलद्वारा मातृ-उपस्थान

जातकट्ठकथा[3] अनुसार श्रावस्तीमा बसिरहनु भएकी राहुलमाता स्थविरालाई समय समयमा राहुल श्रामणेर हेर्न जानु हुन्थ्यो।

एक दिन, राहुल श्रामणेर आमाकहाँ जानुहुँदा राहुलमाता स्थविरा बाहिर निस्कन नसकी वहाँले एक भिक्षुणीलाई खबर पठाउनु भयो। ती भिक्षुणी आई राहुल श्रामणेरलाई वायु प्रकोपको कारणले गर्दा राहुलमाता स्थविराको पेट दुखिरहेको कुरा सुनाए पछि श्रामणेर भित्र गई "आमा! तपाइलाई केको आवश्यकता छ?" भनी

---

१. अं. नि. अ.क. I. पृ. २०४: एककनिपातवण्णना, भद्दाकच्चाना।

२. अं. नि. अ. क. I. पृ. २०५

३. जा. अ. क. I-II. पृ. ६३९ : अब्भन्तरजातकं, नं. २८१

Downloaded from http://www.dhamma.digital

सोध्दा स्थविराले— "पुत्र ! घरमा बस्दा सखर राखेको आँपको रसपान गर्दा मेरो पेटको वायु साम्य भई पेट सञ्जो हुन्थ्यो । अब भिक्षाटन् गरी जीवन बिताउनेहरूलाई कहाँबाट त्यस्तो पाउनु र !" भनी भन्नु भए पछि "आमा ! पाउनसकेमा त्याउने छु" भनी दुःखी भई श्रामणेर बाहिर निस्कनु भयो ।

यसो हेर्दा राहुल श्रामणेरलाई के नपुग थियो होला भन्ने जस्तो हामीलाई लाग्न सक्छ । किनभने धर्मसेनापति महास्थविर जस्ता वहाँको उपाध्याय हुनुहुन्छ, महामौद्गल्यायन महास्थविर जस्ता वहाँको आचार्य हुनुहुन्छ, आनन्द महास्थविर जस्ता वहाँको कान्छा बाबु हुनुहुन्छ र स्वयं बुद्ध भगवान् वहाँको पिता नै हुनुहुन्छ । तर यो दुःखको कुरा पोल्न वहाँ न बाबु हुनु भएका बुद्धकहाँ जानु-भयो, न कान्छा बाबु हुनु भएका आनन्द महास्थविरकहाँ जानु-भयो, न त आचार्य हुनु भएका महामौद्गल्यायन महास्थविरकहाँ नै जानुभयो । श्रमण जीवनको नियमानुसार उपाध्याय नै शिष्यको सुख दुःखको जिम्मेवार हुन्छ, उपाध्याय नै प्रमुख हुन्छ । त्यसैले वहाँ आपनै उपाध्याय सारिपुत्र महास्थविरकहाँ गई अँध्यारो मुख पारी वन्दना गरी एक छेउमा उभिइ रहनु भयो ।

"श्रामणेर ! तिम्रो मुख अँध्यारो जस्तो छ नि, किन ?"

"भन्ते ! मेरी आमालाई सञ्जो छैन । वायु प्रकोपको कारणले पेट दुखिरहेछ । 'तपाइलाई के चाहिन्छ ?' भनी सोध्दा वहाँले 'घरमा बस्दा सखर मिलाएको आँपको रस-पान गर्दा पेट दुखेको निको हुन्थ्यो;

Downloaded from http://www.dhamma.digital

तर अब भिक्षाद्वारा जीविका गर्नेहरूले कहाँबाट त्यस्तो पाउनु र' भनी भन्नु हुन्छ" भनी विनीतपूर्वक सुनाउनु भयो।

अनि महास्थविरले "श्रामणेर ! चिन्ता नगर, पाउनेछौ" भनी भन्नु भयो। भोलिपल्ट भिक्षाजाने बेलामा श्रामणेरलाई लिई श्रावस्ती नगरमा गई, श्रामणेरलाई आसन-शालामा राखी महास्थविर एकलै राजदरबारमा जानुभयो।

महास्थविर आइरहनु भएको देखी वन्दनागरी कोशल राजाले वहाँलाई आसनमा बसाल्नु भयो। अनि राजाले उद्यानपाललाई अह्राई तुरन्तै राम्रा सुस्वादिला तथा ताजा एक ढक्की आँप ल्याउन लगाई, आफैले आँपको बोक्रा छिल्की, आफैले सक्खर मिलाई मुछी स्थविरको पात्रभरी आँपकोरस राखिदिए। महास्थविर पात्रभरी आँपकोरस लिई आसनबाट उठी सरासर आसन-शालामा गई "ल लेऊ, श्रामणेर !" भनी श्रामणेरलाई दिनुभयो। श्रामणेरले लगी आमा स्थविरालाई दिनुभयो। त्यो रस पान गरेपछि स्थविराको वायु समन भई पेटदुखेको सञ्जोभयो।

सारिपुत्र महास्थविर आँपकोरस लिई आसनबाट उठी जानु भएको देखेर राजाको मनमा शंका उठ्यो कि महास्थविरले शायद यो आँपकोरस कसैलाई विनकोनिमित्त लैजानु भएको त होइन ! अनि राजाले एक पुरुषलाई बोलाई "यो रस महास्थविरले के गर्नु हुँदो रहेछ राम्ररी बुझेर आऊ" भनी आज्ञा दिए।

सो पुरुष महास्थविरको पछि पछि लागी वहाँले सो रस

Downloaded from http://www.dhamma.digital

राहुल श्रामणेरलाई दिनु भएको र राहुल श्रामणेरले आफ्नो आमा यशोधरा स्थविरालाई दिएको समेत कुरा बुझी राजाकहाँ गई सबै कुरा विन्तिगर्‍यो ।

यो घटनाको कुरा सुनी राजाको मनमा कस्तो कस्तो लाग्यो र विस्मित भई यस्तो सोचे—

"अहो आश्चर्य ! यदि शास्ता घरमै बसिरहनु भएको भए यहाँ चक्रवर्ती राजा हुनुहुने थियो होला, राहुल श्रामणेर परिनायक-रत्न अर्थात् प्रमुख सेनापति हुनु हुने थियो होला, यशोधरा स्थविरा स्त्री-रत्न अर्थात् अग्र महिषी भई बडामहारानी हुनुहुने थियो होला । यी राज्यहरू सबै यहाँहरूकै अधीनमा रहने थिए होलान् र हामीहरू सबै यहाँहरूकै परिचारक भई बस्नु पर्ने थियो होला । तर आज यहाँहरू सबै प्रव्रजित भई हामीहरूका आश्रयलिई बस्नुभएको छ । यस्तो अवस्थामा हामीहरू यहाँहरू प्रति अप्रमादी भएर बस्न सक्नु पर्छ ;"

संवेगपूर्वक यति सोची राजाले त्यस बेलादेखि यशोधरा स्थविराकहाँ सँधै आँपकोरस पठाउन थाले ।

"सारिपुत्र महास्थविरले बिम्बादेवीको ठूलो उपकार गर्नु भयो" भन्ने कुरा व्यापकरूपमा चर्चाको विषय हुन थाल्यो । यसै सन्दर्भमा भगवान्‌ले सारिपुत्रको वर्णना गर्नुभई भिक्षुहरूलाई "भिक्षु-हो ! अहिले मात्र होइन, अघि अघिका जन्महरूमा पनि सारिपुत्रले यस्तै गरी राहुलमाताको उपकार गरेका थिए" भन्नुहुँदै अतीतान्तर-

Downloaded from http://www.dhamma.digital

जातकको[1] अतीत कुराहरू परिषद्लाई सुनाउनु भयो ।

अर्को एक समयमा, यशोधरा स्थविरा श्रावस्तीमा बसि-रहनु भएको बेलामा यस्तै घटना घट्नगयो । यस बखत सारिपुत्र महास्थविरले राहुल श्रामणेरको कुरा सुनी नौ प्रकारका खारेका च्यूहरू मिसाइएको रोहित माछाको रस र मासी चामलको भात (=सालिभत्तं) ल्याई राहुल श्रामणेरलाई दिनुभयो । श्रामणेरले आमा स्थविरालाई दिनुभयो र सो भोजन खाए पछि स्थविराको पेट निकोभयो । यो कुरा सुनेर कोशल राजाले त्यस दिनदेखि स्थविरा-कहाँ उपरोक्ताकारको भोजन सँधै पठाउन थाले[2] ।

सम्बन्धको शुरुवात्

यशोधरादेवी र सिद्धार्थ बोधिसत्वका बीच अहिले मात्र दाम्पत्य जीवनको सम्बन्ध रहेको होइन अपितु असंख्य कल्प अघिदेखि नै रहि आएका कुराहरू जातक-साहित्यको अध्ययनबाट अवबोध हुन्छ ।

एक समय, अठहत्तर (७८) वर्षकी[3] राहुलमाता स्थविरा

---

१. जा. अ. क. I-II. पृ. ६३९, नं. २८१

२. जा. अ. क. I-II. पृ. ६६४ : सुपत्तजातकं, नं. २९२

३. हेर तल "यशोधरा स्थविरापदान" शीर्षकको गा. नं. ९–१०

Downloaded from http://www.dhamma.digital

राजगृहको एक भिक्षुणी-निवासस्थानमा बसीरहनु भएको बेलामा वहाँले आफू परिनिर्वाण हुने समय आएको कुरा बुझ्नु भई राजगृहमै बसी-रहनु भएका भगवान् बुद्धकहाँ गई आफू परिनिर्वाण हुने कुराको सूचना दिनु हुँदै भगवान्‌सँग क्षमा प्रार्थना गरी वर्तमान तथा अतीतका केही कुराहरू सुनाउँदै बताउनु भएका "थेरीअपदान" का कुराहरू अध्ययनगर्दा थाहा पाइन्छ कि बुद्धसँग वहाँको सम्बन्ध कहिले देखि शुरू भएको रहेछ ।

एकलाख चार असंख्य कल्पहरू[१] अघि दीपङ्कर बुद्धको पालामा थेरीअपदानपालि[२] अनुसार वहाँ सुमित्रा भन्ने ब्राह्मणी भई जन्मिनु भएको थियो ।

त्यस बखत अमर वा अमरवती[३] भन्ने नगरमा दीपङ्कर बुद्ध आउनु भएको थियो र त्यसै बेला सुमित्रा ब्राह्मण-कन्या हातमा आठवटा पद्मका फूलहरू लिई बुद्धको दर्शनार्थ आएकी थिइन् । त्यसबखत मार्ग सफा गरिरहेका सुमेध ब्राह्मणलाई देखी उनको हृदय सुमेध प्रति आकर्षित भई आफनो हातका आठवटा फूलहरूमध्ये पाँचवटा फूलहरू सुमेधलाई दिएर "यस कर्मद्वारा बोधि प्राप्तिकोनिमित्त

---

१. बु. वं. पा. पृ. ३०५ : सुमेधपत्थनाकथा ।

२ थेरी. अप. दा. पा. पृ. २६३: यसोधराथेरीअपदानं, गा. नं. ५२

३. बु. वं. अ. क. पृ. ५५ : सुमेधकथा ।

Downloaded from http://www.dhamma.digital

तपाइसंग समागम हुनपाओस्[१]" भन्ने कामना गरिन्। यहींदेखि नै यशोधरादेवीको सिद्धार्थ बोधिसत्वसंग सम्बन्धको शुरुवात् भएको हो।

दीपङ्कर बुद्ध भगवान्ले पनि उनीहरूका बीच भविष्यमा परस्पर सुसम्बन्ध रही परस्पर सहयोगी भई सुमित्रा सुमेधको सुप्रिया समचारिणी हुनेछन् भन्ने भविष्यवाणी मात्र नगरी सुमेध ऋषिलाई यहाँदेखि असंख्य असंख्य कल्प पछि बुद्ध हुनेछन् भन्ने कुराको समेत व्याकरण गर्नु भएको थियो[२]। यी कुराहरू तलको "यशोधरा स्थविरा-पदान" शीर्षकको गा. नं. ४९–५७ मा अनुवाद भएको छ।

यसरी अनन्त संसार-स्रोतमा यशोधरादेवी र सिद्धार्थ बोधि सत्वका बीच पहिलोपटक भेट्-घाट् दीपङ्कर बुद्धको पालामा भएको हो।

बुद्धले बुद्धत्व प्राप्त नगरुन्जेलसम्म यशोधरादेवीले यहाँको साथ दिई—कहीले बहिनी, कहीले पत्नी भई यहाँको उपकारिणी हुनु भयो। यी कुराहरूको निदर्शनकोनिमित्त केही सम्बन्धित

---

१. "तेन सद्धि समा होन्तु, बोधत्थाय तवं इसे" थेरी. अप दा. पा. पृ २६४: यसोधराथेरीअपदान, गा. नं. ५७

२. "अपरिमेय्यितो कप्पे, बुद्धो लोके भविस्सति" बु वं. पा. पृ. ३०९: सुमेधपत्थनाकथा, गा. नं. ६१

Downloaded from http://www.dhamma.digital

जातकका कुराहरू अर्थात् अतीत जन्मका कुराहरू संक्षेपमा यहाँ उल्लेख गरेको छु ।

अतीत सम्बन्धका कुराहरू

(१) **अनुसोचियजातक**[१] । यस जातकका कुराहरू भगवान् बुद्ध श्रावस्तीमा बसिरहनु भएको बेलामा भार्या मरेको कारणले शोक गरिरहेका एक कुटुम्बको कारणमा भन्नु भएको हो ।

अतीतकालमा बाराणशी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको बेलामा बोधिसत्व (= शाक्यमुनिबुद्ध हुने) एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो । तक्षशिलामा विद्याध्ययन गरी फर्केर आए पछि आमा बाबुहरूले बहाँलाई वहाँको इच्छा नहुँदा नहुँदै **समिद्धभाषिणी** भन्ने एक ब्राह्मण कुमारीसँग विवाह गरिदिए । एकै कोठामा, एकै खाटमा सुतेर पनि वहाँहरूले मैथुन सेवन नगरी मानो कुनै ब्रह्मचारी भिक्षु वा श्रमणहरूले झैं ब्रह्मचर्य जीवन बिताउनु भयो । आमा बाबुहरू देहान्त भएपछि वहाँहरू दुवै प्रव्रजित भएर जानुभयो ।

केही समय पछि परिव्राजिकालाई रगत बग्ने रोग लाग्यो । एक दिन, परिव्राजिकालाई साथमा लिई एक सत्तलमा राखी परिव्राजक भिक्षाटन्‌कोनिमित्त शहरमा जानुभयो । भिक्षाटन्‌बाट फर्केर

---

१ जा. अ. क. III. पृ. ६५, नं. ३२८

Downloaded from http://www.dhamma.digital

आउँदा परिव्राजिका मरिरहेको देखी, आफ्नो भोजनकार्य समाप्तगरी मुख कुलागरिसकेपछि गर्नुपर्ने दाहकार्य गर्न थाल्नु भयो ।

सुन्दर रूप भएकी परिव्राजिका मरेको हेर्न त्यहाँ भेला भइरहेका मानिसहरूले "यी परिव्राजिका तपाइको को पर्छिन्" भनी सोध्दा बोधिसत्वले "अघि घरमा छँदा मेरी पादपरिचारिका हुन्" भनी जवाफ दिनुभयो । 'आफ्नी पत्नी मरेर पनि तपाइ रुनु हुन्न" भनी भन्दा बहाँले "बाँचुन्जेलसम्म मेरो सम्बन्ध थियो; मरिसके पछि अहिले के को सम्बन्ध र, यसमा रुनुपर्ने नै के छ र !" भनी जवाफ दिनुभयो ।

यस जन्ममा सभिल्लभाषिणी परिव्राजिका राहुलमाता र परिव्राजक स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(२) आदित्तजातकं[1] । यस जातकका कुराहरू भगवान् बुद्ध श्रावस्तीमा बसिरहनु भएको बेलामा प्रसेनजित् कोशल राजाले अशदृश दान[2] दिएको सम्बन्धमा बताउनु भएको हो ।

अतीतकालमा भरत भन्ने राजा थिए । उनी अति दानी थिए ।

---

१. जा. अ. क. III. पृ. ३३३, नं. ४२०

२. 'अशदृश-दान' भनेको कस्तो हो भन्ने कुरा धम्म. प. अ. क. पृ ४२७ को असदिसदानवत्थु, लोकवग्गमा समुल्लेख भएको छ । बु. रा. पृ. १५९ मा पनि उल्लेख भएको छ :

Downloaded from http://www.dhamma.digital

उनकी अग्रमहिषी समुद्रविजया पनि दानी तथा बुद्धिमानी थिइन् । उनीहरूले दिएको दानको अनुमोदन गर्नु हुँदै प्रत्येकबुद्धले यसो भन्नु भयो –

"आदित्तस्मिं अगारस्मिं, यं नीहरति भाजनं ।
तं तस्स होति अत्थाय, नो च यं तत्थ डय्हति ॥"

अर्थात्—आगो लागेको घरबाट जुन वस्तुहरू बाहिर निकाल्छन् उनै वस्तुहरू पछि उसको काममा आउँछन्, आगोमा परेका वस्तुहरू होइनन् ।

यस जन्ममा पनि समुद्रविजया राहुलमाता र भरतराजा स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(३) उदयजातक[१] । यस जातकका कुराहरू भगवान्ले एक उत्कण्ठित भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीतकालमा सुरुन्धन नगरमा काशीराजाले राज्य गर्दथिए । सो राजाका सन्तानहरू नभएकाले एक दिन, महारानीलाई "सन्तान-कोनिमित्त प्रार्थना गर !" भनी भने । बोधिसत्व ब्रह्मलोकबाट च्युत-भई महारानीको कोखमा जन्मिनु भयो । सबैलाई हर्षोदय गराउँदै जन्मेको हुँदा "उदयभद्र" भनी वहाँको नामकरण गरे । अर्को एक प्राणी पनि ब्रह्मलोकबाट च्युतभई राजाकी अर्की महिषीको कोखमा

१. जा. अ. क. IV. पृ. १२८, नं. ४५८

Downloaded from http://www.dhamma.digital

बालिका भई जन्मिन् । उनलाई "उदयभद्रा" भन्ने नामकरण गरे ।

पछि राजाले पुत्रलाई राजा बनाउने इच्छा गरी उनलाई विवाह गरिदिने कुरा गर्दा उदयभद्र राजकुमार मानेनन् । अन्तमा बाबु आमाहरूको जिद्दीबाट मुक्तहुने विचार गरी एक सुवर्णको रूप बनाई "यस्ती स्त्री पाएमा विवाह गर्नेछु" भनी भने । त्यस्ती स्त्री खोज्न पठाउँदा कहीं पनि नपाए पछि उदयभद्रा राजकुमारी त्यस्तै राम्री स्त्री भएकोले राजकुमारको इच्छा विना नै उनीसँग विवाहगरी राज्यमा राखे ।

वहाँहरू दुवै ब्रह्मलोकबाट च्युत भएर आएका प्राणीहरू भएका हुँदा विवाह भएर पनि दुवैले मैथुन रहित ब्रह्मचर्य जीवननै बिताउनु भयो ।

यस जन्ममा पनि उदयभद्रा राहुलमाता र उदयभद्र स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(४) कुम्भकारजातक[१] । यस जातकका कुराहरू भगवान् बुद्धले क्लेश-निग्रहको सम्बन्धमा बताउनु भएको हो ।

अतीतकालमा वाराणशीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका थिए । त्यस बखत बोधिसत्व द्वारगाउँमा एक कुमालेको कुलमा जन्मिनु भयो । वहाँका एक पुत्र र एक पुत्री थिए ।

---

१. जा. अ. क. III. पृ. २६५, नं. ४०८

Downloaded from http://www.dhamma.digital

त्यस बखत सो कुमालेले— (१) कालिङ्ग राष्ट्रको[१] दन्तपुर नगरका करण्डु भन्ने राजा, आँपको एक रुखमा फलहरू पाकिरहेको बेलामा सबैले आँप टिपेर खाएको र फल नहुँदा रुखलाई कसैले वास्ता नगरेको देखेर—यसै कारणलाई ध्यानमा राखी प्रव्रजित भएका; (२) गन्धार राष्ट्रको[२] तक्षशिला[३] नगरका नग्गजि भन्ने राजा, प्रासादमा एक स्त्रीले दुवै हातमा एक एक वटा चूरी लगाई काम गरि-रहँदा उसको हातबाट कुनै आवाज न आएको र पछि दाहिने हातको चूरी बाँया हातमा लगाउँदा त्यसबाट आवाज निस्केको सुनी—यही कारणद्वारा प्रव्रजित भएका; (३) विदेह राष्ट्रको मिथिला नगरका

---

१. भरतसिंह उपाध्यायको बु. भा. भू. पृ. ४९३ अनुसार कालिङ्ग राष्ट्र भनेको गोदावरी नदीदेखि लिएर महानदीसम्मको इलाका-लाई बुद्धयुगमा 'कलिङ्ग' भन्दथे भन्ने कुराका साथ 'दन्तपुर' भन्ने नगरको सम्बन्धमा अहिलेसम्म कुनै निर्णय भएको छैन भन्ने कुरा पनि उल्लेख गरेका छन् । त्यस्तैगरी उहीं पृ. ४९३-९४ मा यस सम्बन्धमा धेरै छलफल गरिएको छ ।

२. गन्धार राष्ट्र भनी स्वात नदीदेखि लिएर झेलम नदीसम्मलाई मान्न सकिन्छ भनी भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ४५०-५१ मा उल्लेख गरेका छन् ।

३. 'तक्षशिला' भन्ने आजकल कहाँ पर्छ भन्ने कुरा बु. रा. पृ. ३५० को पादटिप्पणीमा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

निमिराजा, ऊचालबाट हेरिरहँदा एक बाजले मासूको अवलबाट एक टुक्रा मासू टिपीलग्दा उसलाई अनेक गिद्धहरू तथा चराहरूले लखेटिरहँदा उसले मासुको टुक्रा खसालेपछि सबै चराहरू मासूको पछि लागी उसलाई कर्मले पनि न लखेटेको देखी—यसै कारणले प्रव्रजित भएका तथा (४) उत्तर पञ्चाल राष्ट्रको कम्पिल नगरका दुम्मुख भन्ने राजा ऊचालमा बसिरहेको बेलामा गोठालाले गोठ खोलिदिदा एक साँढेले कामरागको कारणले एक गाईलाई लखेट्न थाल्यो र एक अर्को साँढेले पनि उसलाई लखेटनजाँदा त्यो साँढेलाई आफ्नो तीखो सिङ्गले भुँडीमा हान्दा उसको आन्द्रा निस्की उ उहीं ठहरै मरेको देखेर यसै कारणले प्रव्रजित भएका—यी चारै प्रत्येक-बुद्धहरूसँग बहाँहरू प्रव्रजित भएका कारणहरू सोध्दा ती चारैजनाले कारण बताए पछि, घरकर्की आफ्नो स्त्रीलाई आफू प्रव्रजित भएर जाने कुरा कुमालेले सुनाए। यी कुरा सुनी तीं स्त्री पुरुषमन्दा अघि आफू प्रव्रजित हुने विचार गरी पानी लिन भनी घरबाट निस्के पछि उहींबाटै प्रव्रजित भएर गइन्।

पछि कुमाले पनि बालकहरू केही ठूला भए पछि छोरा र छोरीलाई एक नातादारकहाँ जिम्मा लगाई आफू प्रव्रजित भएर गए।

यस जन्ममा पनि परिव्राजिका स्त्री राहुलमाता र परिव्राजक कुमाले स्वयं बुद्ध हुनुहुन्थ्यो।

(५) कुम्मास पिण्डजातकं[१]। यस जातकका कुराहरू भगवान्

१. जा. अ. क. III. पृ. २८७, नं. ४१५

Downloaded from http://www.dhamma.digital

बुद्धले मल्लिकादेवीको कारणमा बताउनु भएको हो ।

अतीत समयमा बोधिसत्व अत्यन्त दरिद्रकुलमा जन्मिनु भएको थियो । एक दिन, आफूसँग भएका कुल्मासपिण्ड (=साधारण खाना) प्रत्येकबुद्धलाई दान दिनु भएको पुण्यको प्रभावले सोही नगरमै पछि राजकुलमा जन्मी राजा हुनु भयो ।

यस जन्ममा वहाँलाई जातिस्मरण-ज्ञान उत्पन्न भएको थियो ।

यो जन्ममा पनि वहाँकी महारानी राहुलमाता नै हुनुहुन्थ्यो र राजा पनि स्वयं बुद्ध नै हुनुहुन्थ्यो ।

(६) कुरुधम्मजातक[1] । यस जातकका कुराहरू बुद्धले, एक हंसलाई दुङ्गाले हानी मारेको एक भिक्षुको कारणमा बताउनु भएको हो ।

यस जातकमा पञ्चशील पालनको वर्णना पाइन्छ । राजारानी-हरूले पञ्चशील पालन गर्दथे । राजाहरू दानी पनि थिए । पञ्चशीलको सन्देशबाट कालिङ्ग राष्ट्रको दुर्भिक्षहरू दूर भएर गएका थिए । स्यानो कारणमा पनि राजाहरूले 'के मेरा शीलहरूमा त्रुटी त भएनन् ?" भन्ने सन्देह तथा शङ्का गर्दथे । राजाका सबै परिवारहरूले पनि पञ्चशील पालन गर्दथे ।

यस जन्ममा कुरुराजाकी महारानी राहुलमाता र कुरुराजा

---

१. जा. अ. क. I-II. पृ. ६३२, नं. २७६

Downloaded from http://www.dhamma.digital

स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(७) कुसजातक[१] । यस जातकका कुराहरू भगवान् बुद्धले एक उत्कण्ठित भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीत समयमा मल्लराष्ट्रको[२] कुशावती राजधानीमा ओक्काक भन्ने राजाले राज्य गर्दथे । राजाकी बडामहारानी शीलवती महारानी थिइन् ।

बोधिसत्व कुश राजकुमारको नामले शीलवती बडामहारानीको कोखमा जन्मिनु भयो । राजकुमारको जयम्पति भन्ने एक सट्टे भाइ पनि थिए ।

कुश राजकुमारको विवाह मद्रदेशका राजाकी आठ छोरीहरू-मध्ये सबभन्दा जेठी छोरी प्रभावती राजकुमारीसंग भयो । कुशराजकुमारको अनुहार कुरूप थियो । त्यसैले नेपालमा कुश राजकुमारलाई 'वीरकुश' राजकुमार पनि भन्दछन् । प्रभावतीदेवी अति सुन्दरी थिइन् । विवाह हुने बेलामा शीलवती महारानीले सोचिन् कि मेरो छोराको

---

१. जा. अ. क. VI. पृ. १४१, नं. ५३१

२. बुद्धको पालामा मल्ल राज्य दुइ भागमा विभाजित भएका थिए । एउटा कुशीनगर र अर्को पावा । यस सम्बन्धमा भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ३१५–२१ मा छलफल गरि देखाएका छन् ।

Downloaded from http://www.dhamma.digital

अनुहार कुरूप छ। अतः शायद राजकुमारलाई देखेर प्रभावती फर्केर जान सक्छिन्। त्यसो हुनाले महारानीले पहिले नै केही उपाय गर्नुपर्छ भन्ने सोची मद्र राजालाई यसो भनिन्—

"महाराज! प्रभावती कुमारीलाई लिएर त जानेछु तर एक कुरा मान्नु भएमा मात्र। त्यो हो—हाम्रा राजपरम्परानुसार विवाह भएर छोरा नपाएसम्म राजकुमारीले मेरो छोरालाई दिनमा हेर्न सक्ने छैनन्। रातमा पनि बत्ती नभएको कोठामा मात्र। यी कुरा राजकुमारीलाई मान्य छ भने विवाह हुनेछ।"

यी कुरा सुनी मद्रराजाले प्रभावतीसँग सोध्दा राजकुमारीले "हुन्छ" भनी भने पछि विवाहमङ्गल सम्पन्न भयो।

विवाह भएको धेरै समय नबित्दै कुशराजकुमारले आमालाई प्रभावतीको मुख हेर्ने इच्छा भएको कुरामन्दा शीलवती महारानीले छोरालाई धैर्यदिई हात्तीसारमा देखाउने छु भनी प्रभावतीलाई त्यहाँ लगिन्। अर्को एक समयमा तबेलामा लगी देखाइन्।

प्रभावती देवीले पनि शीलवती महारानीसँग राजकुमारको मुख हेर्ने इच्छा भएको कुरा विन्तिगर्दा, महारानीले धैर्यदिई एक दिन राजकुमारलाई हात्तीमा चढाई शहर घुमाउन लगाइन्। यसै बेला शीलवती महारानीले बुहारीलाई राजकुमार देखाइन्। तर हात्तीको पछाडि उभिएर गएको पछुवाको हस्तविकार तथा मुखविकार आदि देखेर प्रभावतीको मनमा केही शङ्का उठ्न थाल्यो र आफ्नी दासी

Downloaded from http://www.dhamma.digital

खुज्जालाई "हात्तीबाट को अगाडि ओह्लिन्छ, हेरेर आऊ" भनी अह्राइन् ।

उता पछुवा भई हात्तीको पछाडि उभिई गएका राजकुमार हात्तीबाट ओह्लिनुभन्दा अगाडि चारैतिर हेर्दा खुज्जालाई देखेर उसलाई "प्रभावतीलाई न भन्नू" भन्ने कडा चेतावनी दिई राजकुमार हात्तीबाट ओह्लिए पछि भाइ जयम्पति राजकुमार पनि सिंहासनबाट उठी ओह्लिए । खुज्जाले कुशराजकुमारको आज्ञालाई पालन गरी ।

अर्को एक दिन, बगैंचाको पोखरीमा क्रीडागर्न जाँदा कमलको पात मनीबाट सोही पछुवा भएर गएका पुरुषले नै आफूलाई पोखरीमा समातेको समेत कारणहरूलाई ध्यानमा राख्दा प्रभावती देवीको मनमा "निश्चयनै विरूप अनुहार भएका पुरुष नै कुशराजकुमार हुनुहुन्छ" भन्ने निश्चय भए पछि राजकुमारी माइतीघरतिर लागि हालिन् । प्रभावतीदेवी माइतीघर गएदेखि कुशकुमार सारै चिन्तित मात्र नभई अति विरक्त भई आमाको वचन लिई राजकुमार देवीलाई फर्काई ल्याउन मद्रदेशमा गए ।

मद्रराजाको दरबारभित्र पुग्ने उपायसोची राजकुमारले वीणा वादकको भेष, चित्रकारीको भेष, कुमालेको भेष, नलकारकको भेष, मालीको भेष अनि भान्सेको समेत गुप्त भेष लिए । अन्तमा भान्सेको भेषद्वारा राजदरबारमा मात्र होइन प्रभावतीको भान्से हुन समेत पुगे ।

प्रभावतीको भान्से भई मद्रराजाकोनिमित्त पनि खाना पका-

Downloaded from http://www.dhamma.digital

उन थाले । कुशराजकुमार छद्मभेष लिई राजदरवारमा आइपुग्नेका कुरा प्रभावती लाई मात्र थाहा थियो । अतः राजकुमारले पकाएको खानाहरू खुज्जालाई दिई आफूले उसको खाना खान्थिन् । यति मात्र होइन राजकुमार दरवारमा आएदेखि प्रभावती देवी खाट्मा पनि सुत्दैनथिन् । प्रेमको कारणले र प्रभावतीको मुखहेर्ने आशाले राजकुमारले खर्पनमा खाना बोकी प्रभावतीकहाँ पुऱ्याउन जाने काम पनि गर्न थाले । तैपनि राजकुमारले प्रभावतीसँग भेट गर्न सकेनन् । त्यसैको खाना खुज्जाले नै लिन्थी । बोधिसत्वको अनन्त जीवनकालमा यस जन्ममा जस्तो वहाँले अरू जन्महरूमा प्रेमको कारणले त्यति कष्ट सहनु भएन होला ।

यस्तैगरी प्रभावतीसँगको भेट् विना नै समय बितेँ गए पछि एक दिन, कुशराजकुमारले कोही नभएको मौकापारी, खान-पान बोकी लगिरहेको बेलामा जानाजान खर्पन सहित आफू भऱ्याङ्-बाट लडे । लडेको आवाज सुनी कोठामा एक्लै बसिरहेकी प्रभावतीको हृदय ढुक् ढुक् हुन थालेको मात्र नभई "सुकुमार राजकुमार भऱ्याङ्-बाट लडेर कुनै अवान्छनीय दुर्घटना त भएन !" भन्ने कल्पना गरी, मन थाम्न नसकी हत्तरपत्त कोठाबाट बाहिर निस्की खर्पनले थिचो घोप्टो पारिरहेका राजकुमारकहाँ गई हातले समातो उठाउन लाग्दा राजकुमारले प्रभावतीलाई चुम्बन गरी उनको मुखभरी थुकिदिए । कसैले देख्ला भन्ने डरले हत्तरपत्त लाजले कोठाभित्र पसी दैलोको खापा आधा उघारी, दैलोमै उभिई राजकुमारीले यसो भनिन्—

"हे देव ! इच्छा नगर्ने संग इच्छा गर्नेको अभिवृद्धि हुँदैन,

Downloaded from http://www.dhamma.digital

त्यसैले कामना नगर्नेसँग कामना नगर्नुहोस्; जो अनुरक्त हुन्छ उसँग अनुराग गर्नुहोस्[१]।"

यसको जवाफमा राजकुमारले यस्तो भने—

"मन पर्नेहोस् वा मन नपर्नेहोस् यदि कसैले प्रेम पाउनसक्छ भने प्रेम पाउनु नै खुशीको कुरा हो, न पाउनु दुःखको कुरा हो[२]।"

अनि प्रभावती देवीले आशा देखाएर कुरागर्दा मलाई मुश्किल पर्नेछ, अतः निष्ठुरी जस्तो भई "कडा शब्द प्रयोग गरेमा मात्र राजकुमार फर्केर जानुहुनेछ" भन्ने विचार गरी निम्न कुरा भनिन्—

"काठको टुक्राले हुड्गामा खाल्टो खन्ने कैं र जालमा हावा-लाई पोको पार्नेकैं तपाइले इच्छा नहुनेसँग इच्छा गर्नु हुन्छ[३]।"

---

१. "अब्भु हि तस्स भो होति, यो अनिच्छन्तमिच्छति।
अकामं राज कामेहि, अकन्तो कन्तमिच्छसि॥"
जा. अ. क. VI. पृ. १५४

२. "अकामं वा सकामं वा, यो नरो लभते पियं।
लाभमेत्थ पसंसामि, अलाभो तत्थ पापको॥"
जा. अ. क. VI. पृ. १५४

३. "पासाणसारं खणसि, कणिकारस्स दारुना।
वातं जालेन बाधेसि, यो अनिच्छन्तमिच्छसि॥"
जा. अ. क. VI. पृ. १५४

Downloaded from http://www.dhamma.digital

राजकुमार भन्दछन्—

"त्यसोभए के त तिम्रो हृदय कोमलताबाट दूरभई ढुङ्गा जस्तो सारो भइसकेको छ त ? राज्य समेत छाडी त्यत्तिको टाढाबाट आएर पनि मैले तिमीबाट कुनै रसीला वचनसम्म पनि सुन्नपाइन। सांच्चै नै तिमीले आपनो कोमल हृदयमा ढुङ्गा राखेकी होउल्यौ[१] !

"जब तिमीले मलाई आक्रोश गरी वचन सुनाउँछ्यौ तब म मद्दराजाको दरबारमा तिम्रो भान्सेझैं सम्झन्छु, जब तिमीले मलाई प्रशंसागरी स्नेहपूर्वक वचन सुनाउँछ्यौ तब म तिम्रो भान्से नभई कुशावतीको राजा सम्झन्छु[२]।"

"जति जति मैले कठोर वचन सुनाउँछु, उति उति झन् वहाँले ममाथि आसक्त गरी कुरागर्नुहुन्छ; निराश हुने गरेर नै वहाँलाई बताउनुपर्‍यो" भन्ने सोची राजकुमारीले निम्न कुरा भनिन्—

---

१. "पासाणो नून ते हदये, ओहितो मुदुलक्खणो।
यो ते सातं न विन्दामि, तिरोजनपदागतो ॥"
जा. अ. क. VI. पृ. १५४

२. "यदा मं भुकुटिं कत्वा, राजपुत्ति उदिक्खसि।
आलारिको तदा होमि, रञ्ञो मद्दस्स थीपुरे ॥
"यदा उह्यमाना मं, राजपुत्ति उदिक्खसि।
नालारिको तदा होमि, राजा होमि तदा कुसो ॥"
जा. अ. क. VI. पृ. १५४ : कुसजातकं, नं. ५३१

Downloaded from http://www.dhamma.digital

"यदि ज्योतिषहरूका कुराहरू साँच्चो हो भने मलाई सातटुका पार्नुभए पनि म तपाइको पत्नी हुने छैन[1]।"

यसको उत्तरमा राजकुमारले पनि यस्तो भने—

"यदि अरूका कुरा सत्य हो भने मेरो कुरा पनि सत्य हो कि—सिंहसमान कुशबाहेक कुनै पनि तिम्रो अरू पति छैन[2]।"

अनि प्रभावतीदेवी "राजकुमारसँग कुरा गरेर साध्य छैन" भन्दै दैलो थुनी कोठाभित्र गइन्।

यसरी मद्रराजाको दरबारमा प्रेमीकाको कारणले सात महीना-सम्म कष्टभोगी अन्तमा राजकुमारी लिई विजयमङ्गलोत्सव गरी बोधिसत्व आफ्नो राज्यमा फर्कनु भयो।

यस जन्ममा पनि प्रभावतीदेवी राहुलमाताने र कुशराज-कुमार स्वयं बुद्ध नै हुनुहुन्थ्यो।

---

१. "सचे हि वचनं सच्चं, नेमित्तानं भविस्सति।
नेव मे त्वं पति अस्स, कामं छिन्दन्तु सत्तधा॥"
जा. अ. क. VI. पृ. १५४

२. "सचे हि वचनं सच्चं, अञ्ञेसं यदि वा मम।
नेवतुय्हं पति अत्थि, अञ्ञे सीहस्सरा कुसा॥"
जा. अ. क. VI. पृ. १५५

Downloaded from http://www.dhamma.digital

(८) खण्डहालजातकं[१] । यस जातकका कुराहरू भगवान् बुद्धले देवदत्तको कारणलाई लिएर गृद्धकूट पर्वतमा भन्नु भएको हो ।

यसको संक्षिप्त कुराहरू माथि उत्पलवर्णा स्थविरा-चरितको पृ. २५६ मा उल्लेख गरिसकेको छु ।

(९) गङ्गमालजातकं[२] । यस जातकका कुराहरू भगवानले उपोसथ-व्रतको कारणलाई लिई जेतवन विहारमा बताउनु भएको हो ।

एक समय बोधिसत्व वाराणशीमा एक दरीद्रकुलमा जन्मिनु भएको थियो । त्यस नगरमा सुचिपरिवार भन्ने एक दानी तथा धनी सेठ थिए । अनि सो दरीद्र बोधिसत्व ती सेठको घरमा नोकरी गर्न जानुभयो ।

एक उपोसथको दिनमा, उपोसथ-व्रत बस्ने दिन हो भन्ने कुरा थाहा नपाएको र बहाँलाई कसैले पनि नभनेको हुनाले सँधै झैं बिहान सबेरै कामगर्न गई साँझपख फर्केर आउँदा खाने ठाउँमा अरू दिन-हरूमा झैं घेरै मानिसहरू नदेखी सोध्दा "अघिनै खाना खाई उपोसथ-शील समादान गरी सबै उपोसथिकभई बसेका छन्" भन्ने कुरा सुनी "त्यसोभए अहिलेसम्म पनि उपोसथ-व्रत पालन गर्न सकिन्छ के ?"

---

१. जा. अ. क VII. पृ. १११, नं. ५४२

२. जा. अ. क. III. पृ. ३१५, नं. ४२१

Downloaded from http://www.dhamma.digital

भनी सेठसँग सोध्दा "पूरा फल पाउने नभई आधा फल पाउने उपोसथ-व्रत हुनेछ" भन्ने कुरा सुनी "त्यति भए पनि फल पाउने छु" भन्ने विचार गरी बोधिसत्वले उपोसथ-शील समादान गर्नुभयो ।

दिनभरी केही नखाएको कारणलेगर्दा चूपीले रोपेको जस्तै भई पेट दुखेर रातभरी सासना खाई बिहान पख मर्नलाग्दा वहाँलाई ओसारीमा राखे ।

त्यस बखत बाराणशीका राजा आफ्नो श्रीसम्पत्तिको प्रभावका साथ रथमा बसी गइरहेको देखी बोधिसत्वको चित्तले राजाको श्रीसम्पत्तिमाथि लोभगरी "त्यस्तै हुनसकूँ" भन्ने आशा गर्नु भयो । यसै क्षणमै वहाँको मृत्यु भयो र अर्ध उपोसथ-व्रतको प्रभावद्वारा बोधिसत्व सोही राजाकै अग्रमहिषीको कोखमा प्रतिसन्धि ग्रहण गर्नु भयो । पछि बाराणशी देशका उदय राजा हुनु भयो । यस जन्ममा पनि वहाँलाई जातिस्मरण-ज्ञान उत्पन्न भएको थियो ।

यस जन्ममा वहाँकी आमा हुने महामायादेवी हुनुहुन्थ्यो, अग्रमहिषी हुने राहुलमाता नै हुनुहुन्थ्यो तथा उदय राजा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(१०) चक्कवाकजातक[1] । यस जातकमा चखेवा, चखेवी र कौवाका कुराहरू उल्लेख भएकाछन् । चखेवी हुने राहुलमाता र चखेवा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो । कौवा हुने एक लोभी भिक्षु थिए ।

---

१. जा. अ. क. IV. पृ. ९५, नं. ४५१

Downloaded from http://www.dhamma.digital

जसको कारणलेगर्दा भगवान्‌ले यस जातकका कुरा भन्नुभएको थियो ।

(११) चन्दकिन्नरजातक[१] । यस जातकका कुराहरू राहुल-माताके कारणलाई लिई कपिलवस्तुको राजप्रासादमा भगवान् बुद्धले शुद्धोदन महाराजालाई सुनाउनु भएको हो ।

एक जन्ममा बोधिसत्व हिमाल प्रदेशमा किन्नर योनीमा जन्मिनु भएको थियो । वहाँको नाम चन्द्र थियो । चन्द्रा भन्ने किन्नरी वहांकी अतिप्रिया पत्नी हुनुहुन्थ्यो । वहाँहरू दुवं चन्द्र पर्वतमा बस्नु हुन्थ्यो ।

एक दिन वहाँहरू चन्द्र पर्वतबाट ओह्रली एक नदीको किनारं किनारबाट गई बालुवा भएको नदीको किनारमा क्रीडा गरी रसरङ्ग गरी पछि फूलहरूको वछ्यान बनाई त्यसमा बसी चन्द्र किन्नर बोधिसत्वले वीणा बजाई गीत गाउनु भयो र चन्द्रा किन्नरीले पनि रागरक्त चित्तले गीत गाई नाच्नु भयो ।

त्यस समय वाराणशीका राजा हिमालतिर घुम्दै सोही नदीको किनारंकिनारको बाटो लिई आउंदै थिए । मधुर गीतस्वर सुनी आवाज नसुन्ने गरी विस्तारं विस्तारं आई एक ठाउंमा लुकी ती किन्नर र किन्नरीहरूलाई गीत गाई अत्यन्त आसक्तपूर्ण लीलाले नाचीरहेको देखेर राजाको मन किन्नरी माथि आसक्त भई राजाले किन्नरलाई बाण प्रहार गरे ।

---

१. जा. अ. क. V. पृ. ५, नं. ४८५

Downloaded from http://www.dhamma.digital

वीणा बजाइ गीत गाइरहेको किन्नरलाई वाण लागो "अब मेरी पत्नीलाई कति दुःख हुनेछ होला" भन्ने चिन्ता गरी विलाप गर्दै बेहोस भई किन्नर उहीं लडचो। किन्नरीले आपनो पतिलाई वाण लागेको कुरालाई चालपाउन सकिनन् र के भएको रहेछ भनी यता उता हेर्दा वाण धसिएको ठाउँबाट रगत आइरहेको देखी वाण लागेको कुरा थाहा पाई बेस्करी रुन थालिन्। यत्तिकैमा लुकी रहेका राजाले "किन्नर मऱ्यो होला" भन्ने सोची लुकेको ठाउँबाट निस्केका राजालाई देखी चन्द्रा किन्नरीले "यिनले नै हानेका होलान्" भन्ने सोची डराई पहाडतिर भागिन्। अनि त्यहाँबाट किन्नरीले राजालाई अनेकप्रकारले निन्दा गर्न थालिन्। राजाले किन्नरीलाई अनेक किशिमले फकाउन-लाग्दा किन्नरीले— "हे राजा! निरपराधी मेरा प्राणपतिलाई वाण हान्ने तिम्रो हुनुभन्दा म मरेर नै जानेछु" भन्दै खूब विलाप गरिन्[1]।

राजा निराश भई फर्केर गइसके पछि किन्नरी पुनः आपनो प्राणपतिकहाँ आई, पतिलाई अनेक प्रकारले आलिङ्गन गरी, अनेक सत्य कृयागर्दै सारै नै विलाप गरिन्। यसै विलाप र सत्यकृयाको प्रभावले गर्दा अन्तमा आपनो पतिलाई होसमा ल्याई बचाइन्।

यस जन्ममा पनि चन्द्राकिन्नरी हुने राहुलमाता नै हुनुहुन्थ्यो

---

१. "अपिनूनहं मरिस्सं, न च पनाहं राजपुत्त तवहेस्सं।
यो किम्पुरिसं अवधि, अदूसकं मय्हकामा भिनी॥" जा. अ. क. V. पृ. ८ : चन्दकिन्नरजातकं।

Downloaded from http://www.dhamma.digital

र चन्द्र किन्नर हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(१२) चम्पेय्यजातक[1] । उपोसथ-व्रतको कारणमा भगवान्ले यस जातकका कुराहरू बताउनु भएको हो । यस जातकमा बोधिसत्व चम्पेय्य नागराजा भई जन्मिनु भएको थियो र राहुल-माता सुमना भन्ने नागकन्या भई जन्मिनु भएको थियो । नागराजा भएर पनि उपोसथ-व्रत पालन गरेका कुराहरू यस जातकमा वर्णित भएका छन् ।

(१३) चुल्लबोधिजातक[2] । यस जातकका कुराहरू भगवान्ले एक रिसाहालु भिक्षुको कारणलाई लिएर बताउनु भएको हो ।

अतीत समयमा बोधिसत्व ब्रह्मलोकबाट च्युतभई वाराणशीमा एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो । तक्षशिलामा गई विद्याध्ययन गरी फर्केर आएपछि वहाँका आमा बाबुहरूले बोधिसत्वको इच्छाको विरुद्ध ब्रह्मलोकबाट च्युत भएकी एक ब्राह्मण कन्यासँग विवाह गरिदिए । विवाह भए तापनि वहाँहरूले यस जीवनमा त के स्वप्नमा पनि मैथुन सेवनको अनुभव गर्नु भएको थिएन । अतएव विवाहित भएर पनि वहाँहरूले मैथुन सेवन विना अत्यन्त परिशुद्ध ब्रह्मचर्य पालन गरी जीवन बिताउनु भयो ।

---

१. जा. अ. क. V. पृ. १३४, नं. ५०६

२. जा. अ. क. IV. पृ. ६०, नं. ४४३

Downloaded from http://www.dhamma.digital

आमा बाबुहरूको देहान्त भएपछि वहाँहरू दुवै जना प्रव्रजित भएर जानु भयो । ३० वर्षसम्म हिमालखण्डतिर कन्दफलमूलहरू खाई वहाँहरूले जीवन बिताउनु भयो । तर ध्यान भने प्राप्त गर्न सक्नु भएन । एकदिन लोणम्बिल-रस सेवन गर्नकोनिमित्त वहाँहरू दुवै वाराणशीको एक उद्यानमा गई बस्नुभयो । अनि वहाँहरूलाई वाराणशीका राजाले देखी "यो परिव्राजिका तपाइकी को पर्छिन् ?" भनी सोध्दा परिव्राजक बोधिसत्वले "महाराज ! मेरी कोही पर्विनन्; हो, हामी एक साथमा प्रव्रजित भएका ह्वौं र गृहस्थीछँदा यिनी मेरी गृहिणी थिइन्" भन्ने जवाफ सुने पछि राजाले "परिव्राजिकालाई कसैले लगेमा तपाइलाई कस्तोलाग्ने छ त ?" भनी सोध्दा बोधिसत्वले "महाराज ! मलाई केही पनि लाग्ने छैन, केही भएर मनमा द्वेषभाव आए तापनि मैले त्यसलाई मनमा टिक्न दिने छैन" भनी भनेको सुनी राजाले "परिव्राजिकालाई बल-जफत् गरेर भए पनि दरवारमा लिएर आउनू" भनी आज्ञा दिए । राजकर्मचारीहरूले त्यसै अनुसार परिव्राजिकालाई लिएर जानलाग्दा बोधिसत्वले एकैपल्ट मात्र टाउको उचाली हेर्नु भयो र त्यसपछि हेर्नु पनि भएन । दरवारमा पुगे पछि परिव्राजिकालाई राजाले अनेक प्रकारले प्रलोभन देखाउँदा पनि वहाँले प्रव्रजित जीवनको वर्णना सुनाउनु भयो । त्यस पछि राजाले उता "बोधिसत्व के गरी रहनु भएको रहेछ" भन्ने विचारगरी हेर्न जाँदा बोधिसत्व आफनो फाटेको वस्त्र सिउँदै हुनुहुन्थ्यो । राजा आएको देखी यस्तो शोर उचालि एकपल्ट हेरी पुनः बोधिसत्व सिउने काम मै लाग्नु भयो । यो देखेर राजाले "रिसाउने छैन, रिस राख्ने छैन

Downloaded from http://www.dhamma.digital

भनी भन्नु भएका तपाइ त खूब रिसाउनु भई तलतिर मुख पारी बस्नु भएको छ नि" भनी भन्दा बोधिसत्वले "महाराज ! रिसबाट कहील्यै भलो हुन्न, रिस गर्नाले कुभलो नै हुन्छ; रिसाहालुको चित्त सँधै आगोले पोलेको जस्तो हुन्छ र नरिसाउनाले सँधै चित्त शान्त तथा शीतल हुन्छ" भनी अनेक प्रकारले क्रोधको दोष देखाई मैत्रीपूर्वक उपदेश गर्नु भयो । यो उपदेश सुनी अति प्रभावित भएका राजाले आफूले गरेको अपराध माथि क्षमा मागी त्यहाँदेखि वहाँहरू दुवै जनाको अत्यन्त भक्तिपूर्वक सेवा-टहल गर्न थाले । परिव्राजिकाको मृत्यु भएपछि बोधिसत्व पुनः हिमालतिरनै जानुभयो ।

यस जन्ममा पनि परिव्राजिका हुनु भएकी राहुलमाता नै हुनु हुन्थ्यो र परिव्राजक हुनु भएका स्वयं बुद्ध नै हुनु हुन्थ्यो ।

(१४) चुल्लसुतसोमजातक[1] । यस जातकका कुराहरू भगवान् बुद्धले नैष्क्रम्यपारमीको कुरालाई लिई बताउनु भएको हो ।

अतीत समयमा वाराणशी देशको सुदर्शन भन्ने नगरका ब्रह्मदत्त भन्ने राजाकी अग्रमहिषीको कोखमा बोधिसत्वले जन्म लिनु भएको थियो । वहाँको नाम 'सोम' भन्ने रहेको थियो । विद्या-विशारद तथा श्रुतसम्पन्न हुनु भएकोले पछि वहाँलाई 'सुतसोम' (=श्रुतसोम) भन्न थाले । चन्द्रादेवी वहाँकी अग्रमहिषी हुनु हुन्थ्यो ।

१· जा. अ. क. VI, पृ. ५८, नं. ५२५

Downloaded from http://www.dhamma.digital

यस जातकमा वहाँले ठूलो परित्याग गर्नु भएका कुराहरूको वर्णन पाइन्छ । वस्तु-सम्पत्तिको त्याग मात्र होइन गृहत्याग समेत गर्नु भएको र वहाँका सबै परिवारहरूले पनि गृहत्याग गरेका थिए ।

यस जीवनमा पनि **चन्द्रादेवी** हुनु भएका **राहुलमाता** नै हुनु हुन्थ्यो र **सुतसोम** राजा हुनु भएका स्वयं बुद्ध हुनु हुन्थ्यो । वहाँका माता हुनु भएकी **महामायादेवी** र पिता हुनु भएका **शुद्धोदन** राजा हुनुहुन्थ्यो । जेठो छोरो हुनु भएका **सारिपुत्र स्थविर** र कान्छो छोरो हुनु भएका राहुल कुमार हुनु हुन्थ्यो । धाई हुने **खुज्जुत्तरा** उपासिका थिइन् । कुलवर्धक सेठ हुने **महाकाश्यप स्थविर, महा-सेनगुप्त** हुने **महामौद्गल्यायन** तथा **सोमदत्त** हुने **आनन्द** स्थविर हुनु हुन्थ्यो । अरू परिषद् हुने पनि बुद्ध परिषद् नै थिए ।

(१५) **जयद्दिसजातक**[१] । यस जातकका कुराहरू भगवान्ले **मातृपोषक** एक भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीत समयमा कम्पिल राष्ट्रमा उत्तरपञ्चाल भन्ने राजा थिए । उनकी अग्रमहिषीको कोखमा बोधिसत्व काँहिलो पुत्र भई जन्मिनु भएको थियो । वहाँको नाम **जयद्दिस** थियो । वहाँकी अग्र-महिषी हुनु भएकी **राहुलमाता** नै हुनु हुन्थ्यो र **जयद्दिस** राजा हुनु भएका स्वयं बुद्ध हुनु हुन्थ्यो ।

---

१. जा. अ. क. V पृ. १८६, नं. ५१३

Downloaded from http://www.dhamma.digital

यस जातकमा बोधिसत्वले आफ्ना बाबुको ज्यान बचाउनको-निमित्त आफ्नो ज्यान अर्पणगरी मनुष्यखाने यक्षकहाँ जानुभई यक्षको परीक्षा गर्दा—उनका आँखाहरू रातो नभएका, आँखाहरू झिम्काएका, छाया पनि भएको तथा डराउने स्वभाव पनि देखी बोधिसत्वले "यक्ष हुनेहरूको त आँखाहरू रातो हुन्छन्, आँखाहरू झिम्काउँदैनन्, छाया पनि देखिँदैन तथा डराउँदा पनि डराउँदैनन्" भन्ने आदि लक्षणहरूलाई विचार गरी अवश्य पनि यिनी यक्ष होइनन् भन्ने थाहा पाई उनलाई उपदेश गरी बोध गराउनु भएको थियो ।

(१६) दसरथजातक[1] । यस जातकका कुराहरू भगवान् बुद्धले पिता मरेका एक कुटुम्बको कारणमा बताउनु भएको हो ।

अतीत समयमा वाराणशी देशमा दशरथ महाराजाले पक्ष-पात रहित निष्पक्षरूपले धर्मपूर्वक राज्य गर्दथे । महाराजाकी अग्र-महिषी सोह्रहजार (१६,०००) स्त्रीहरूका प्रमुख थिइन् । अग्र-महिषीले दुइ पुत्र र एक पुत्री जन्माइन् । प्रथम पुत्रको नाम राम पण्डित, दोश्रो पुत्रको नाम लक्ष्मण कुमार र पुत्रीको नाम सीता कुमारी थियो ।

अग्रमहिषीको मृत्यु पछि महाराजाले सारै शोक गरे । मन्त्री-हरूले संझाए पछि अग्रमहिषी प्रति गर्नुपर्ने कर्तव्य गरे । त्यसपछि महाराजाले अर्की एक स्त्रीलाई अग्रमहिषी बनाए । अग्रमहिषी राजाको

१. जा. अ. क. IV. पृ. १३६, नं. ४६१

Downloaded from http://www.dhamma.digital

अति प्रिया थिइन् । उनले एक पुत्र जन्माइन् । उनलाई भरत कुमार भनी नामकरण गरे । पुत्र-स्नेहको कारणले महाराजाले महारानीलाई वर माग्ने कुरा भने । महारानीले "पछि माग्ने छु" भनी विन्ति-गरिन् । अनि आफ्नो छोरा भरत कुमार सात आठ वर्षको भएपछि महारानीले राजासँग वरमाग्ने कुराको संझना दिलाइन् । महाराजाले "हुन्छ, माग" भनी भने । महारानीले "आफ्नो छोरा भरतलाई राज्य दिलाइ पाऊँ" भनी विन्तिगरिन् । महाराजाले चुट्की बजाई "अग्निस्कन्ध जस्ता तेजिला मेरा छोराहरूलाई मार्नलगाई तिम्रो छोरालाई राज्य माग्छयौ ? तिम्रो नाशहोस्, वसली !" भनी तर्जन गरे । महारानी डरले आफ्नो खोपीभित्र गइन् । समय समयमा महारानीले उही कुरा दोहऱ्याई बारम्बार भन्न थाले पछि एक दिन, महाराजाले यस्तो सोचे—

यी स्त्री जातिहरू कृतघ्नी तथा मित्रद्रोहिनी हुन्छन् । शायद यिनले कीर्ते पत्र बनाई अथवा कीर्ते छाप लगाई मेरा पुत्रहरूलाई मार्न लगाउन पनि बेरछैन ।"

यति सोचेर राजाले आफ्ना छोराहरूलाई बोलाई "प्रिय पुत्र हो ! अब तिमीहरू यहाँबस्दा तिमीहरूलाई खतरा पनि हुन सक्छ । अतः तिमीहरू कहीं सीमान्त प्रदेशमा अथवा कहीं जङ्गलमा गई बस" भनी आज्ञा दिई ज्योतिषलाई बोलाई आफ्नो आयु कतिसम्म रहेछ भन्ने कुरा सोध्दा ज्योतिषले "अरू १२ वर्षसम्म बाँच्नु हुनेछ" भनी विन्ति गरेको कुरा सुनी महाराजाले राजकुमारहरूलाई "त्यसो-

Downloaded from http://www.dhamma.digital

भए तिमीहरू १२ वर्ष पछि आई छत्रधारण गरी राज्य गर" भन्ने आज्ञा दिए ।

"हवस्" भनी राजकुमारहरू रुँदै प्रासादबाट ओह्रो दर-वारबाट बाहिर निस्किन लाग्दा सीता कुमारी पनि "म पनि भ्राता-हरूसँगै जानेछु" भन्दै पितालाई वन्दना गरी रुँदै उनीहरूसँगै निस्किन् । उनीहरू तीनै जना क्रमशः हिमालखण्डतिर गई पानी तथा फलफूलहरू सुलभ भएको एक ठाउँमा आश्रम बनाई बसे ।

लक्ष्मण र सीताले एक दिन राम पण्डितसँग "तपाइ हाम्रा पिता समान हुनुहुन्छ । त्यसैले तपाइ आश्रममै बस्नुहोस् । हामीहरू जङ्गलमा गई फल-फूलहरू ल्याउने छौं" भनी प्रार्थना गरे । त्यहाँदेखि राम पण्डित आश्रममै बस्न थाले ।

उता पुत्र शोकले गर्दा दशरथ महाराजा नौ वर्ष मै परलोक भए । महाराजाको दाहसंस्कार सिद्धिए पछि मन्त्री तथा भारदार-हरूलाई महारानीले "मेरो पुत्र भरतलाई छत्र देऊ" भनी भन्दा उनीहरूले "छत्रमालिक जङ्गलमा हुनुहुन्छ" भनी छत्र दिएनन् । भरत कुमारले पनि "मेरा दाइ जङ्गलमा हुनुहुन्छ, वहाँहरूलाई बोलाई छत्र ओढाउने छु" भन्दै पञ्च राज ककुध भण्डहरू[1] साथमा

---

१. (१) खड्ग, (२) छत्र, (३) मुकुट, (४) पादुका तथा (५) चमरलाई 'पञ्च राज ककुध भण्डहरू' भन्दछन् । अभि. धा. प. पृ. ५१, गा. नं. ३५८

Downloaded from http://www.dhamma.digital

लिई मन्त्री तथा भारदारहरू सहित राम पण्डित बस्नु भएको जङ्गलमा गई दाजुलाई घरफर्कनकोनिम्ति प्रार्थना गरे। राम पण्डितले "सीता र लक्ष्मणहरूलाई लिएर जाऊ" भनी भने। अनि भरतले "तपाइ के गर्नु हुन्छ नि ?" भनी सोध्दा रामले भने—

"पिताले मलाई १२ वर्ष पछि आई राज्य गर्नू भनी भन्नु भएको छ। अहिले केवल ९ वर्षमात्र बित्यो। अतः अहिले म फर्कन सक्दिन। अहिले गएको खण्डमा मैले बाबुको वचनलाई पालन गरेको हुने छैन। त्यसैले अर्को तीन वर्ष पछि मात्र आउने छु।"

"त्यतिन्जेलसम्म कसले राज्य चलाउँछ त ?"

"तिमीहरूले चलाऊ।"

"हामीहरू राज्य गर्न चाहन्नौं" भनी भने पछि त्यसोभए, "यो मेरो तृण-पादुकाहरू राखी राज्य चलाऊ" भनी रामले पादुका दिए।

उनीहरूले सो पादुका सिंहासनमा राखी राज्य चलाउन थाले। जब कुनै न्यायनिसाप न्यायोचित हुँदैनथ्यो तब सिंहासनका पादुकाहरू जुद्धथे। अनि पुनः दोहऱ्याई न्याय गर्दथे।

तीन वर्ष बितिसके पछि राम पण्डित जङ्गलबाट आई नगरको एक उद्यानमा बसे। राम पण्डित आएको खबर सुनी सबै गई सीता-लाई अग्रमहिषी बनाई राम पण्डितलाई अभिषेक दिए। राम

Downloaded from http://www.dhamma.digital

पण्डितले सोह्रहजार (१६,०००) वर्षसम्म राज्यगरे ।

यस जन्ममा दशरथ राजा हुने शुद्धोदन महाराजा, अग्र-महिषी हुने महामायादेवी, सीता हुने राहुलमाता, भरत हुने आनन्द स्थविर, लक्ष्मण हुने सारिपुत्र स्थविर तथा राम पण्डित हुने स्वयं बुद्ध हुनुहुन्थ्यो । अरू परिषद् हुने बुद्ध परिषद् नै थिए ।

(१७) पाणियजातकं[1] । यस जातकका कुराहरू भगवान् बुद्धले क्लेश निग्रहको कारणलाई लिई बताउनु भएको हो । यस जातकमा पनि राजमहिषी हुने राहुलमाता र राजा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(१८) बन्धनागारजातकं[2] । यस जातकका कुराहरू बुद्धले बन्धनागारको कारणमा बताउनु भएको हो ।

एक समय बोधिसत्व एक दरिद्र कुलमा जन्मिनु भएको थियो । यौवन अवस्थामा पुग्दा वहाँका पिताको मृत्यु भएपछि आमाको सेवा-टहलगरी वहाँ बसि रहनु भएको थियो । वहाँकी आमाले इच्छा नहुँदा पनि बोधिसत्वलाई एक कन्यासँग विवाह गरिदिइन् । आमाको मृत्यु पछि बोधिसत्वले आफ्नी स्त्रीलाई "अब तिमी कहीं एक ठाउँमा ज्यामीकाम गरी जीविका चलाऊ, म प्रव्रजित भएर जानेछु"

---

१. जा. अ. क. IV. पृ. १२९, नं. ४५९

२. जा. अ. क. I-II. पृ. ४७२, नं. २०१

Downloaded from http://www.dhamma.digital

भनी भन्दा स्त्रीले "स्वामी ! प्रसव नभएसम्म घरमै बस्नुहोस्" भनी भनिन् । पत्नीको गर्भधारण भएको कुरो बोधिसत्वलाई थाहा थिएन । त्यसैले वहाँले "हुन्छ" भनी भन्नुभयो । बालक जन्मिसके पछि फेरि पत्नीलाई आफू प्रव्रजित भएर जाने कुरा बताउनुभयो । यस बेला स्त्रीले "स्वामी ! बालकले दूध न छाडुञ्जेलसम्म बस्नुहोस्" भनी बिन्ति गरिन् । बोधिसत्व पनि पुनः घरमै बस्नुभयो । बालकले दूध छाडेपछि पुनः पत्नीलाई आफू प्रव्रजित भएर जानेकुरा सुनाउनुभयो । यस बखत वहाँकी पत्नीले फेरि यसो भनिन्—"स्वामी ! मेरो पेटमा बालक छ, अतः उसको जन्म नभएसम्म नजानुहोस् ।" यो कुरा सुनी "अहो ! यस्तो बन्धनबाट कहिले उम्किन सकिएला र !" भन्ने कुरा सोची बोधिसत्व अन्तमा भागेर गई प्रव्रजित हुनुभयो ।

यस जन्ममा बोधिसत्वका बाबु हुने शुद्धोदन महाराजा, आमा हुने महामायादेवी, पत्नी हुने राहुलमाता, पुत्र हुने राहुल कुमार तथा दरिद्रपुरुष हुने स्वयं बुद्ध हुनु हुन्थ्यो ।

(१९) मणिचोरजातक[1] । यस जातकका कुराहरू बुद्धले देवदत्तले आफूलाई मार्ने प्रयास गरेको कारणमा बताउनु भएको हो ।

अतीत समयमा बोधिसत्व वाराणशी देश नगिच एक गृहपतिको कुलमा जन्मिनु भएको थियो । सुजाता भन्ने कुमारी वहाँकी

---

१. जा. अ. क. I-II. पृ. ४६१, नं. १९४

Downloaded from http://www.dhamma.digital

पत्नी हुनुहुन्थ्यो। वहाँ अति सुन्दरी तथा पतिव्रता हुनुहुन्थ्यो। वहाँ प्रति आसक्त भई वाराणशीका अधार्मिक राजाले बोधिसत्वलाई मार्ने षडयन्त्र रचे। अनि मार्ने लगेका आपना पतिलाई सुजाताले आपनो सत्यक्रियाको प्रभावद्वारा बचाउनुभयो।

यस जन्ममा पनि सुजाता हुने राहुलमाता नै हुनुहुन्थ्यो र बोधिसत्व हुने स्वयं बुद्ध हुनुहुन्थ्यो। राजा हुने देवदत्त भिक्षु हुनुहुन्थ्यो।

(२०) मनोजजातक[१]। यस जातकका कुराहरू भगवान्‌ले विपक्षदल सेवनगर्ने एक भिक्षुको कारणमा बताउनु भएको हो।

अतीत समयमा बोधिसत्व सिंह भएर जन्मिनु भएको थियो। त्यस समयमा मनोज भन्ने सिंहपुत्र हुने अहिले विपक्ष सेवनगर्ने भिक्षु थिए, स्याल हुने देवदत्त भिक्षु थिए, बहिनी हुने उत्पलवर्णा भिक्षुणी थिइन्, बुहारी हुने क्षेमा भिक्षुणी थिइन्, भार्या हुने राहुलमाता नै हुनु हुन्थ्यो र सिंह हुने स्वयं बुद्ध हुनु हुन्थ्यो।

(२१) महाजनकजातक[२]। यस जातकका कुराहरू भगवान्‌ले नैष्क्रम्यको कारणलाई लिई जेतवनाराममा बताउनु भएको हो।

यस जन्ममा बोधिसत्व अरिष्ठजनकको छोरा महाजनक राजा हुनु भएको थियो। वहाँको अग्रमहिषी शीवली महारानी हुनु

---

१. जा. अ. क. III. पृ. २२५, नं. ३९७

२. जा. अ. क. VII. पृ. २५, नं. ५३९

Downloaded from http://www.dhamma.digital

भएकी राहुलमाता नै हुनु हुन्थ्यो । नारद हुने सारिपुत्र स्थविर, मृगजाल हुने महामौद्गल्यायन स्थविर, कुमारीका हुने क्षेमा भिक्षुणी, उसुकार हुने आनन्द स्थविर, दीघावु कुमार हुने राहुल कुमार हुनु हुन्थ्यो । आमा बाबु हुनेहरू महामायादेवी र शुद्धोदन महाराजा नै थिए । समुद्रदेवता हुने उत्पलवर्णा भिक्षुणी थिइन् तथा महाजनक राजा हुने स्वयं बुद्ध हुनु हुन्थ्यो ।

यस जीवनमा बोधिसत्वको आयु दशहजार (१०,०००) वर्ष थियो र सातहजार वर्षसम्म गृहस्थीमा बस्नुभई तीनहजार (३,०००) वर्ष आयु बाँकी रहँदा वहाँले गृहत्याग गर्नुभएको थियो । राहुलमाता हुनु भएकी शीवली महारानीले आफ्नो पति महाजनक-राजालाई त्यागी-जीवनबाट फर्काएर ल्याउनकोनिमित्त जति प्रयत्न गर्नु भएको थियो त्यति प्रयत्नहरू अरू कुनै पनि जीवनमा गरेका कुरा जातकसाहित्यमा देखिदैन । अन्तमा महाजनकराजालाई फर्काउन सफल नभए पछि आफू पनि ऋषिभेष लिई प्रव्रजिता भएर जानुभयो ।

(२२) महासुदस्सनजातक[1] । यस जातकका कुराहरू, एक दिन आनन्द स्थविरले भगवान्लाई "कुशीनगर जस्तो स्यानो नगरमा परिनिर्वाण नहुनुहोस्" भनी विन्ति गरेको कारणमा भगवान् बुद्ध परिनिर्वाण मञ्चमा लेटी रहनु भएको बेलामा वहाँले बताउनु भएको हो ।

---

१. जा. अ क. I-II. पृ. २८९, नं. ९५

Downloaded from http://www.dhamma.digital

यस जन्ममा पनि सुभद्रादेवी हुने राहुलमाता नै हुनुहुन्थ्यो, महामंत्री हुने राहुल कुमार र महासुदर्शनराजा हुने स्वयं बुद्ध हुनु हुन्थ्यो ।

(२३) लक्खणमिगजातकं[१] । यस जातकका कुराहरू भगवान् बुद्ध राजगृहको वेणुवनमा बसिरहनु भएको बेलामा वहाँले देवदत्तको कारणमा बताउनु भएको हो ।

अतीत समयमा मगधदेशको राजगृह नगरमा बसी मगधराजाले राज्य गरिरहेको बेलामा बोधिसत्व मृगयोनीमा जन्मिनु भएको थियो । वहाँका लक्षण र काल भन्ने दुइ पुत्रहरू थिए । लक्षण भन्ने सारिपुत्र स्थविर र काल भन्ने देवदत्त थिए । राहुलमाताले त्यस बखत मृगकी पत्नी हुनुहुन्थ्यो र मृग भई जन्मिनु भएका स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(२४) विधुरजातकं[२] । यस जातकका कुराहरू भगवान् बुद्ध जेतवनाराममा बसिरहनु भएको बेलामा प्रज्ञापारमीको कुरालाई लिएर वहाँले बताउनु भएको हो ।

अतीत समयमा कुरुदेशको इन्द्रप्रस्थ नगरमा धनञ्जयकोरव्य भन्ने राजाले राज्य गर्दै थिए । राजाका अर्थ-धर्मानुशासक मन्त्री

---

१. जा. अ. क. I-II. पृ. १११, नं. ११

२. जा. अ. क. VII. पृ. २२९, नं. ५४५

Downloaded from http://www.dhamma.digital

विधुर पण्डित थिए । यिनी अति बुद्धिमानी तथा धैर्यवान् थिए ।

यस जन्ममा विधुर पण्डितका आमा बाबु हुनेहरू महामायादेवी र शुद्धोदन महाराजा थिए । जेठी पत्नी हुने राहुलमाता हुनुहुन्थ्यो, जेठो छोरो हुने राहुल कुमार हुनुहुन्थ्यो । वरुण नागराजा हुने सारिपुत्र स्थविर, सुवर्ण राजा हुने महामौद्गल्यायन स्थविर, शक्र हुने अनुरुद्ध स्थविर तथा धनञ्जय राजा हुने आनन्द स्थविर हुनुहुन्थ्यो । पूर्ण हुने छन्न सारथी थिए । विधुर पण्डित हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

यस जातकमा विधुर पण्डितको प्रज्ञा (= बुद्धि) विशेषताको विशिष्ट परिचय पाइन्छ ।

(२५) विसयहजातक[१] । यस जातकका कुराहरू अनाथपिण्डिक महाजनको कारणमा बुद्धले जेतवनाराममा बताउनु भएको हो ।

अतीत समयमा वाराणशी देशमा विसय्ह भन्ने एक महाधनी सेठ थिए । उनी महाधनी मात्र होइनन् महादानी पनि थिए । उनले दान दिइरहेको कारणबाट "शायद यिनले मेरो आसन ताकेर दान दिइरहेका त होइनन् ?" भन्ने आशङ्का उठेपछि इन्द्रले सेठको घरमा जहाँ जहाँ वस्तुहरू थिए त्यहाँ त्यहाँ बाटै अलप पारी सेठ-

१. जा. अ. क. III. पृ. ८९, नं. ३४०

Downloaded from http://www.dhamma.digital

लाई नाङ्गो पारिदिए । अनि सेठकहाँ बस्ने मानिसहरू पनि भागाभाग भएर गए ।

एक दिन, विसख्ह सेठले घरमा केही पनि छैन के भनी खोजतलास गर्दा एक नाम्लो र हँस्या फेलापारे । अनि विसख्ह सेठले नाम्लो र हँस्या लिई घाँस काटेर ल्याई दान दिन थाले । सात दिनसम्म भोकै बसी घाँस काटेर दान दिए । एक दिन, घाँस बोकेर आइरहेको वेलामा निराहारताको कारणलेगर्दा आँखा तिर्मी-ऱ्याई बाटैमा लडे । इन्द्र आई उनलाई दानदिने कार्य छोडेमा पुनः धनी हुनसक्छौ भनेको सुनी सेठले "तिमी को ह्वौ ?" भनी सोध्दा "म शक्र हुँ" भन्ने जवाफ सुनेर "दान पुण्य गरेर नै शक्रत्वमा पुगिन्छ भने तिमीले दानदिनेलाई रोक्नु राम्रो कुरा होइन । मैले यो दान दिएको कुनै शक्रत्व वा ब्रह्मत्व पाउनाकोनिमित्त होइन, केवल बुद्धत्व प्राप्त गर्नकोनिमित्त हो" भन्ने कुरा सुनी इन्द्रले पुनः उनका धनहरू यथावत् देखाइ दिए ।

यस जन्ममा विसख्ह सेठ स्वयं बुद्ध हुनुहुन्थ्यो र वहाँकी पत्नी राहुलमाता नै हुनु हुन्थ्यो ।

(२६) वेस्सन्तरजातकं[1] । यस जातकका कुराहरू भगवान् बुद्धले, बुद्ध भइसक्नु भएपछि सर्वप्रथम कपिलवस्तुमा जानुहुँदा त्यहाँ शाक्यहरूको ठूलो समागम भएको बेलामा ज्ञाति समागमको

---

१. जा. अ. क. VII. पृ. ४२०, नं. ५४७

Downloaded from http://www.dhamma.digital

कारणमा न्यग्रोधाराममा बताउनु भएको हो ।

अतीत समयमा शिवी देशको जेतुत्तर नगरमा शिवी राजाले राज्य गरिरहेको वेलामा शिवी राजाका सञ्जय भन्ने एक पुत्र थिए । उनलाई मद्रदेशकी फुसतीदेवीसँग विवाह गरी उनका अग्रमहिषी बनाइ दिए ।

फुसतीदेवीकै कोखमा बोधिसत्व वेस्सन्तर नामले जन्मिनु भएको थियो । 'वेस्स' भन्ने सडकमा जन्मिनु भएको हुनाले वहाँको नाम 'वेस्सन्तर' भन्ने रहन गएको हो । जन्मिने साथ वहाँले फुसती-देवीसँग दानदिने वस्तु केही छ के भनी माग्नु भएको थियो । यस जन्ममा जस्तै उम्मग्गजातक अनुसार महोषध[1] भई जन्मिनु भएको बेलामा र सिद्धार्थ कुमार भई जन्मिनु भएको बेलामा गरी जम्मा तीन पटक बोधिसत्वले जन्मिनेबित्तिकै कुरा गरेका कुराहरू यसै जातकको पृ. ४२५ मा समुल्लेख भएको छ ।

वेस्सन्तर राजकुमारकी अग्रमहिषी मद्दीदेवी राहुलमाता नै हुनुहुन्थ्यो । वेस्सन्तर राजा स्वयं बुद्ध हुनुहुन्थ्यो । वहाँहरूका जाली भन्ने पुत्र राहुल कुमार नै हुनुहुन्थ्यो र कृष्णाजिनी भन्ने पुत्री उत्पलवर्णा स्थविरा हुनु हुन्थ्यो । आमा बाबुहरू पनि क्रमशः महा-मायादेवी र शुद्धोदन महाराजा नै थिए ।

---

१. जा. अ. क. VII. पृ. २९७ : महाउम्मग्गजातकं, नं. ५४६

Downloaded from http://www.dhamma.digital

वेस्सन्तर राजासँग छोरा र छोरी मागेर लैजाने जुजक ब्राह्मण देवदत्त थिए र जुजक ब्राह्मणकी अमित्रतापना भन्ने पत्नी चिच्चामाणविका थिइन् । चेतपुत्र भन्ने छन्न सारथी थिए । अच्चुत भन्ने तपस्वी सारिपुत्र स्थविर हुनुहुन्थ्यो र शक्रदेवेन्द्र हुने अनुरुद्ध स्थविर हुनुहुन्थ्यो । अरू परिषद् पनि बुद्ध-परिषद् नै थिए ।

महादान दिएकै कारणबाट वेस्सन्तर राजा शिवीदेशबाट बाहिर निस्कन परेको थियो । देश बाहिर गई वङ्कपर्वतमा बसेर पनि दानदिने कार्य छाड्नु भएको थिएन बल्कि आपनो छोरा र छोरीहरू समेत जुजक ब्राह्मणलाई दान दिनुभयो । यति मात्र होइन आपनी पत्नी मद्दीदेवी पनि दानदिनु भएका कुराहरू यस जातकमा समुल्लेख भएका छन् ।

यस जन्म पछि वहाँ कपिलवस्तुका शुद्धोदन महाराजाका पुत्र सिद्धार्थ कुमार भई जन्मी बुद्ध हुनुभयो ।

(२७) सूचिजातक[1] । यस जातकका कुराहरू बुद्ध भगवान्ले प्रज्ञापारमी र स्थानोचित बुद्धिको कारणलाई लिई जेतवनारामका बताउनु भएको हो ।

अतीत समयमा बोधिसत्व वाराणशी देश नगिचको एक

---

१. जा. अ. क. III. पृ. १९७, नं. ३८७

Downloaded from http://www.dhamma.digital

गाउँमा एक गरीब नकर्मीको कुलमा जन्मिनु भएको थियो । सो गाउँको अलि पर नकर्मीहरूको एक टोल थियो । त्यहाँ एक धनी नकर्मी थिए । उनकी एक सुन्दरी तथा जनपदकल्याणीको गुण हुने एक छोरी थिइन् । मानिसहरू सो कुमारी हेर्नकोनिमित्त उनको ज्यासल-मा गई कोदालो, फाली, खूर्पा आदि बनाउन जान्थे । सो कुमारीलाई देखी मानिसहरू कृतार्थ मात्र नभई घर फर्कँर कुमारीको खूब बयान गर्दथे । यो कुरा सुनी बोधिसत्वको मनमा सो कुमारीलाई नदेखि-कनै प्रेम उत्पन्न भयो र सो कुमारीलाई विवाह गर्ने इच्छा गर्नुभयो ।

अनि बोधिसत्वले एक सीयोमित्र अर्को, अर्को मित्र अर्को गरी क्रमशः सातवटा सियोहरू बनाई सोही साहु नकर्मीको घरनिर गई सीयो बेच्न जानुभयो । बोधिसत्व कराइरहेको आवाज सुनी कुमारीको मन छट्पटाई थातमा बस्न नसकी ऊचाल उघारी सीयो बेच्नकोनिम्ति कराइ-रहनु भएका बोधिसत्वसँग कुरागर्न थालिन् । छोरी कुरा गरिरहेकी सुनी उनको बाबुले "कोसँग कुरा गरिरहेकी ?" भनी सोध्दा "सीयो बेच्न आएको एक पुरुषसँग" भन्ने जवाफ पाई बोधिसत्वलाई बोलाई 'कस्तो सीयो हो ?" भनी सोध्दा बोधिसत्व नकर्मी पुत्रले सीयोको बयान सुनाउनु भयो । अनि धेरै नकर्मीहरू भेला भई सो सीयोको परीक्षा गरे । एकमित्र अर्को गर्दै क्रमशः निकाल्दै सबभन्दा सानो सियो निकालेर देखाए । सो सियोको टुप्पोलाई मुगल्ले हान्दा मुगल्मै रोपिएरगएको र टुप्पो र पुच्छर छुट्याउन पानीको भाँडामा राख्दा पानीको माथिनै सीयो रहेको देखी भेला भएका सबै कालिगडहरूले ताली बजाउन थाले, फेटा आका-शमा उडाउन थाले र सबै अत्यन्त आश्चर्य चकीत परे । यो विचित्र

Downloaded from http://www.dhamma.digital

शिल्पकला देखी नकर्मी साहु सारे खुशी भई आपनी छोरी बोधिसत्व-लाई नै दिए ।

गरीब नकर्मी हुने स्वयं बुद्ध हुनुहुन्थ्यो र नकर्मी साहुकी छोरी हुने राहुलमाता नै हुनुहुन्थ्यो ।

(२८) सुपत्तजातक[१] । यस जातकका कुराहरू भगवान्ले सारिपुत्र स्थविरले बिम्बादेवी (=यशोधरा) स्थविराको इच्छा-नुसार रोहित माछाको रस सहित भोजनलाभ गरिदिनु भएको कारणमा बताउनु भएको हो ।

अतीत समयमा वाराणशी राजाले राज्य गरिरहेको बेलामा बोधिसत्व असीहजार (८०,०००) कौवाहरूको सुपत्त भन्ने राजा भई जन्मिनु भएको थियो । सुफस्सा भन्ने पोथी कौवा वहाँकी अग्रमहिषी थिइन् । सुमुख भन्ने कौवा वहाँको सेनापति थिए ।

एक दिन सुमुख भन्ने सेनापति सुफस्सा रानी लिई गोचर-कोनिमित्त वाराणशी राजाको भान्साघरतिर गए । राजाका भान्सा-घरमा माछा र मासू पकाई केहीछिन सेलाउनकोनिमित्त भान्सेले भाँडाको बिर्को उघारिरा।खेको थियो । सुफस्सा रानीले त्यसको बासना थाहापाई त्यस्तै खाना खाने इच्छा गरिन् ।

भोलिपल्ट गोचरकोनिमित्त सेनापतिले बोलाउँदा "तिमी-

---

१. जा. अ. क. I-II. पृ. ६६३, नं. २९२

Downloaded from http://www.dhamma.digital

हरू जाऊ, म जान्न" भनी भनिन् । बोधिसत्वले सुफस्सा रानीसँग कारण सोध्दा माछा र मासू भएको वाराणशी राजाको खाना खाने इच्छा उत्पन्न भएको कुरो सुनाइन् । यो सुनी सुपत्त राजाले सेनापति सहित सबै कौवाहरूलाई भेला गराई महारानीको कुरा सुनाए ।

सेनापतिले "धन्दा मान्नुपर्दैन, कुनै उपायद्वारा त्याउने छु" भनी बलिया र चलाक केही कौवाहरू साथमा लिई त्यहाँ गए र राजदरबारको आसपासमा बसीरहे । जब भान्सेले खर्पनमा खानाहरू लिई राजाकहाँ जान थाल्यो तब सेनापति कौवा भान्सेको मुखमा बस्न गयो, अर्को कौवा छातीमा बस्यो, अर्को कौवा नाकमा बस्यो । भान्से आत्तियो । यो दृश्य देखी भोजनको प्रतीक्षामा ऊचालमा बसो-रहेका राजाले भान्सेलाई "खर्पन छाडी कौवालाई समात" भनी आज्ञादिए पछि भान्सेले त्यस्तै गऱ्यो ।

खर्पन छाडे पछि अरू कौवाहरू आई खूबसँग खाना खाई चार चोक्टा माछा र मासू सहित भात लिएर गए ।

"आपनी महारानीकोनिमित्त प्राण संकल्प गरी त्यसो गरेको हुँ" भन्ने सेनापति कौवाको कुरा सुनी, बडो आश्चर्य लागी "हामी मानिस भएका राजाहरूले विश्वासी तथा प्राण संकल्प गर्नसक्ने पुरुष पाउनकानिमित्त कति धन, जग्गा-जमिन घरहरू दिंदा पनि त्यस्ता पुरुष पाउन सक्तैनौं भने यी पशुपक्षि जातिमा यस्तो विश्वास !" भन्ने लागी राजाले कौवाका राजा सुपत्तलाई लिन पठाई उसको उपदेश सुनी प्रसन्न भई राजाले धर्मतापूर्वक राज्य चलाउन थाले ।

Downloaded from http://www.dhamma.digital

यो कौवाको उपदेशको परम्परा सातशय (७००) वर्षसम्म रहेको थियो भनी यसै जातकको पृ. ६६५ मा समुल्लेख भएको पाइन्छ ।

यस जन्ममा सुपत्त भन्ने कौवा स्वयं बुद्ध हुनुहुन्थ्यो, सुफस्सा भन्ने पोथी कौवा राहुलमाता नै हुनुहुन्थ्यो र सुमुख भन्ने कौवा सारिपुत्र स्थविर हुनु हुन्थ्यो ।

यी कुराहरूद्वारा वर्तमान तथा अतीत समयमा यशोधरा स्थविराको बुद्धसंग कस्तो सम्बन्ध रहेको रहेछ भन्ने कुरा र वहाँको पतिभक्तिको सम्बन्धमा स्वयं स्थविराले थेरीअपदानपालिमा उल्लेख गर्नु भएका कुराहरूद्वारा हामी वहाँको जीवनी सम्बन्धीका कुराहरू प्रष्ट बुझ्नसक्छौं ।

थेरीअपदान पालि (पृ. २६७-६८) अनुसार यशोधरा स्थविराका हजारौं भिक्षुणी साथीहरू थिए भन्ने कुरा र उनीहरू सबै यशोधरा स्थविरा परिनिर्वाण भएको दिनमै परिनिर्वाण भए भन्ने कुरा पनि बुझिन्छ ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र --

१—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं महाभिञ्ञप्पत्तानं यदिदं भद्दकच्चाना[1] ।"

अर्थ—

"भिक्षुहो ! महाभिज्ञा लाभिनी मेरा भिक्षुणी श्राविकाहरू-मध्येमा भद्दकच्चाना (=भद्रकात्यायना) अग्रछिन् ।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २०४

Downloaded from http://www.dhamma.digital

मूल पालि—

२—यशोधरा स्थविरापदान

चिन्तन

१-२— "[1]एक समय सुरम्य तथा समृद्धशाली राजगृह नगरको एक प्रज्ञारमा नरनाथ एकलै बसिरहनु भएको थियो। सोही नगरके भिक्षुणी-निवासस्थानमा बस्नु भएकी यशोधरा भिक्षुणीको मनमा यस्तो कल्पना उठ्यो[2]।

३-७— "शुद्धोदन महाराजा, प्रजापति गौतमी, अभिज्ञान प्राप्त महास्थविराहरू तथा महर्द्धिक स्थविराहरू तेल नसकिएको बत्तीझैं

---

१. थेरी. अप. दा. पा. पृ. २५९ : यसोधराथेरीअपदानं ।

२. "एकस्मिं समये रम्मे, इद्धे राजगहे पुरे ।
पब्भारम्हि वरेकम्हि, वसन्ते नरनायके ।।
वसन्तिया तम्हि नगरे, रम्मे भिक्खुनुपस्सये ।
यसोधरा भिक्खुनिया, एवं आसि वितक्कितं ।।" थेरी. अप. दा. पा. पृ. २५९

Downloaded from http://www.dhamma.digital

शान्तपदमा पुग्नु भयो । लोकनाथको जोवन छँदै 'म पनि शिव-पदमा (सिवं पदं) जानु पन्यो' भन्ने कल्पना गर्नुभई आफ्नो आयु-संस्कारलाई हेर्नुहुँदा उही दिनमै आयु-संस्कार सिद्धिएको कुरा बुझ्नुभई पात्र-चीवर ग्रहण गरी, आफ्नो आश्रमबाट निस्की, एकशय पाँच[१] भिक्षुणीहरूका अगाडि लागी वहाँ महर्द्धिक, महाप्राज्ञ हुनु भएका सम्यक् सम्बुद्धका छेउमा जानुभयो[२] ।

---

१. नालन्दा पालिमा "सतेहि सहस्सेहि" भन्ने र सिंहल र रोमनमा "सतेहि सहपञ्चहि" भन्ने कुरा उल्लेख भएका छन् । यहाँ चाहि मैले सिंहलमा भएजस्तै उल्लेख गरेको छु ।

२. "सुद्धोदनो महाराजा, गोतमी च पजापती ।
अभिञ्ञाता महाथेरा, थेरियो च महिद्धिका ।।
"सन्ति गता व आसुं ते, दीपच्ची व निरासवा ।
लोकनाथे धरन्ते व, अहं पि च सिवं पदं ।।
"गमिस्सामीति चिन्तेत्वा, पस्सन्ती आयुमत्तनो ।
पस्सित्वा आयुसङ्खारं, तदहेव खयं गतं ।।
"पत्तचीवरमादाय, निक्खमित्वा सकस्समा ।
पुरक्खता भिक्खुनीभि, सतेहि सहस्सेहि सा ।।
"महिद्धिका महापञ्ञा, सम्बुद्धं उपसङ्कमि ।।"
भेरी, अप. दा. पा. पृ. २३०

Downloaded from http://www.dhamma.digital

क्षमायाचना

८– "शास्ताको चक्रांकित पादकमलमा अभिवादन गरी एक छेउमा बस्नु भएकी वहाँले यस्तो भन्नुभयो—

९-१०– 'हे महामुने ! तपाइका समक्ष म विन्ति गर्न चाहन्छु— 'म अठहत्तर (७८) वर्ष पुगें, बैंशको अन्तमा पुगें, प्रब्भारमा पुगें; मेरो बैश परिपक्व भयो, मेरो जीवन छोटो छ, तपाइलाई छाडेर जानेछु, मैले आफ्नो शरण बनाइसकेकी छु[१] ।

११– 'हे महावीर ! बैंशको अन्तमा मरण आइपुग्छ, आजको रातमा निर्वाणमा पुग्नेछु[२] ।

१२– 'हे महामुने ! जाति, जरा, व्याधि छैन तथा मरण

---

१. "अट्ठसत्ततिवस्साहं, पच्छिमो वत्तते वयो ।
पब्भारम्हि अनुप्पत्ता, आरोचेमि महामुनि ॥
"परिपक्को वयो मय्हं, परित्तं मम जीवितं ।
पहाय वो गमिस्सामि, कतं मे सरणमत्तनो ॥"
थेरी. अप. दा. पा. पृ. २६०

२. "वयम्हि पच्छिमे काले, मरणं उपरुद्धति ।
अज्ज रत्तिं महावीर, पापुणिस्सामि निब्बुतिं ॥
थेरी. अप. दा. पा. पृ. २०६

Downloaded from http://www.dhamma.digital

भन्ने पनि छैन, असंस्कृत अजरामरण-पुरमा जानेछु[१] ।

१३– 'शास्ताको उपासना गर्ने परिषद्लाई यदि मेरो कुनै अपराध थाहा छ भने उनीहरूले त्यसलाई शास्ताको अगाडि क्षमा गरून्[२] ।

१४– 'हे महावीर ! संसारमा विचरण गर्दा तपाइ प्रति मेरो कुनै त्रुटी भएको छ भने, म प्रार्थना गर्छु, मेरो अपराधलाई क्षमा गर्नुहोस्[३] ।'

१५-१६– "वहाँको वचन सुनी मुनीन्द्रले यस्तो भन्नुभयो— 'परिनिर्वाण भएर जानेलाई अधिक के भनूँ र; बरु मेरा सबै शासन-कारी परिषद्को शङ्का दूरगरी ऋद्धि देखाऊ' ।"

---

१. "नत्थि जाति जरा ब्याधि, मरणं च महामुने ।
अजरामरणं पुरं, गमिस्सामि असङ्खतं ।।"
थेरी. अप. दा. पा. पृ. २६०

२. "यावता परिसा नाम, समुपासन्ति सत्थुनो ।
अपराधमजानन्ति, खमन्तं सम्मुखा मुने ।।" थेरी. अप. दा. पा. पृ. २६०

३. "संसरित्वा च संसारे, खलितं चे ममं तयि ।
आरोचेमि महावीर, अपराधं खमस्सु मे ।।" थेरी. अप. दा. पा. पृ. २६०

Downloaded from http://www.dhamma.digital

ऋद्धि-प्रातिहार्य

१७– "मुनिको वचन सुनी यशोधरा भिक्षुणीले मुनिराजलाई वन्दना गरी यस्तो विन्ति गर्नुभयो—

१८-१९– 'हे वीर! म यशोधरा हुँ' घरमा तपाइको प्रजापति थिएँ; स्त्री-अङ्गमा प्रतिष्ठित भएकी म शाक्य कुलमा जन्मेकी थिएँ। हे महावीर! तपाइका घरमा भएका एकलाख छयान्नब्बे नवयुवती स्त्रीहरूका प्रमुख भई मैले सबै ऐश्वर्य प्राप्तगरें[१]।

२०– 'रूप तथा आचरण गुणले युक्त भएकी म परम यौवन प्राप्त प्रियवादिनी थिएँ; देवताहरूलाई झैं सबै मनुष्यहरूले मलाई सम्मान गर्दथे[२]।

---

१. "यसोधरा अहं वीर, अगारे ते पजापति।
साकियम्हि कुले जाता, इत्थि अङ्गे पतिट्ठिता॥
"थीनं सतसहस्सानं, नवुतीनं छदुत्तरं।
अगारे ते अहं वीर, पामोक्खा सब्बा इस्सरा॥"
थेरी. अप. दा. पा. पृ. २६१

२. "रूपाचारगुणूपेता, योब्बनट्ठा पियंवदा।
सब्बा मं अपचायन्ति, देवता विय मानुसा॥"
थेरी. अप. दा. पा. पृ. २६१

Downloaded from http://www.dhamma.digital

२१– 'शाक्यपुत्रका निवासस्थानमा भएका एकलाख कन्याहरूका प्रमुख भई (कञ्जा सतसहस्स पमुखा), समान सुख-दुःख अनुभव गरी नन्दनवनका देवताहरू झैं म बसें ।

२२– 'काम-धातुबाट उत्तीर्ण भई रूप-धातुमा प्रतिष्ठित भएको म समान रूपवती लोकनायक बाहेक अरू कुनं छंन[1] ।'

२३– "अनि सम्बुद्धलाई अभिवादन गरी (यशोधरा भिक्षुणीले) शास्तालाई ऋद्धि तथा अनेक प्रकारका महानऋद्धिहरू पनि देखाउनु भयो ।

२४-२६– "संसार चक्र समान काय, उत्तर कुरूलाई शीर, दुइ द्वीपलाई दुइ पखेटा, जम्बुद्वीपलाई आङ्, दक्षिण तलाउलाई पुच्छर, अनेक शाखाहरूलाई प्वाँखहरू, चन्द्र सूर्यलाई दुइ आँखा, मेरूपर्वतलाई मयूर, चक्रवाल पर्वतलाई चुच्चो र जम्बुरुखलाई खुट्टाहरू बनाई पंखा हम्कांउने जस्तै गरी आई लोकनायकलाई वन्दना गर्नु भयो ।

२७-२८– "हात्ती, घोडा, सागर, पर्वत, चन्द्र, सूर्य तथा शक्रको रूप पनि देखाउनु भई— 'हे महावीर ! म यशोधरा हुँ' भन्दै बुद्धको पादकमलमा वन्दना गर्दै सहश्रलोकधातुलाई सुपुष्पित पद्मकमल बनाई त्यसले बुद्धको चरणकमल छोप्नु भयो ।

---

१. "कामधातु मतिक्कम्म, सण्ठिता रूपधातुया ।
रूपेन सदिसा नत्थि, ठपेत्वा लोकनायकं ॥"
थेरी. अप. दा. पा. पृ. २६१

Downloaded from http://www.dhamma.digital

२९– "त्यस्तै गरी ब्रह्म रूपको पनि निर्माण गरी शून्यताको धर्मोपदेश गर्नु भई 'हे वीर ! म यशोधरा हुँ चक्षुमान्‌को पाद-कमलमा वन्दना गर्छु' भनी भस्मु भयो[1] ।

३०-३२– 'महामुने ! ऋद्धि, दिव्यश्रोत-धातु, तथा चेतोपरिय-ज्ञान अर्थात् परचित्त ज्ञानहरू पनि मेरा वशमा छन् । पूर्वेनिवासलाई जान्दछु, दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू क्षीण भएका छन्, अब उप्रान्त पुनर्भव पनि छैन । तपाइको कारणले अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण-ज्ञान पनि प्राप्त भएकै छ ।

अतीत-संस्मरण

३३– 'पहिलेका लोकनाथहरूसँग सङ्गम भएका कुराहरू तपाइले राम्रैसँग देख्नु भएकै छ; तपाइकैनिमित्त मैले धेरै अधिकार (=प्रणिधान) पूरा गरें ।

३४– 'हे महावीर ! मैले पूरा गरेका जुन पूर्वकुशल कर्महरू हुन् ती जम्मै पुण्यहरू तपाइकै कारणले कमाउन सकेकी हुँ भन्ने

---

१. "ब्रह्मवण्णं च मापेत्वा, धम्मं देसेसि मुञ्जतं ।
यसोधरा अहं वीर, पादे वन्दामि चक्खुम ।।"
थेरी. अप. दा. पा. पृ. २६२

Downloaded from http://www.dhamma.digital

कुरा तपाइले पनि स्मरण गर्नु भएकै होला[1] ।

३५– 'हे महावीर ! अभव्य-स्थानलाई[2] वर्जित गरी, अनाचार-लाई रोकी, तपाइकैनिम्ति मैले जीवन परित्याग गरें ।

३६-३९– 'हे महामुनि ! अनेक सहस्रकोटीबार तपाइले मलाई भार्याको रूपमा (अर्कालाई) दिनु भयो, तपाइकैनिम्ति म

---

१. "यं मय्हं पूरितं कम्मं, कुसलं सरसे मुने ।
तुय्हत्थाय महावीर, पुञ्ञ उपचितं मया ।।"
थेरी. अप. दा. पा. पृ. २६२

२. (१) जन्मैदेखि अन्धो हुनु, (२) जन्मैदेखि बहिरो हुनु, (३) बहुला हुनु, (४) लाटो हुनु, (५) प्रत्यन्त-गाउँमा जन्मिनु (६) दाश कुलमा जन्मिनु, (७) सँधै मिथ्यादृष्टिक हुनु, (८) लिङ्ग परिवर्तन हुनु, (९) नपुंसक हुनु, (१०) पञ्च-आनन्तर्य-कर्म गर्नु, (११) बट्टाइभन्दा स्यानो भई जन्मिनु, (१२) अवि-चीमा उत्पन्न हुनु, (१३) प्रलयको समयमा जन्मिनु, (१४) मार भएर जन्मिनु, (१५) कालकञ्ज असुरभई जन्मिनु, (१६) असंज्ञी-सत्वलोकमा उत्पन्न हुनु, (१७) शुद्धावासमा उत्पन्न हुनु तथा (१८) अरूपलोकमा उत्पन्न हुनु आदिलाई 'अभव्यस्थान' भनी भन्दछन् । श्री सद्धर्म-कोष पृ. २३१; चरि. पि. अ. क. पृ. २५९: पकिण्णककथा ।

Downloaded from http://www.dhamma.digital

त्यसमा पनि बेखुश भइन[1]। हे महामुनि ! अरूको उपकार गर्नको-निम्ति तपाइले मलाई अनेक सहश्रकोटीबार प्रदान गर्नुभयो, तपाइकै निमित्त म त्यसमा पनि बेखुश भइन। हे महामुनि ! अरूलाई खुवाउन-कोनिम्ति तपाइले मलाई अनेक सहश्रकोटीबार प्रदान गर्नुभयो, तपाइ-कैनिमित्त म त्यसमा पनि बेखुश भइन। यसरी अनेक सहश्रकोटीबार मैले जीवन-परित्याग गरें; भयत्राश हटाई शान्ति ल्याउनकोनिम्ति मैले आपनो जीवनलाई परित्याग गरें।

४०– 'हे महामुनि ! अङ्गगत अलङ्कारहरूलाई, नाना-प्रकारका वस्त्रहरूलाई तथा नारीका अग्र-रसहरूलाई (Scum) पनि मैले तपाइकैनिम्ति कुनै गोप्य राखिन[2]।

४१-४२– 'हे महामुनि ! मैले गाउँ, निगम, खेतहरू र छोरा छोरीहरूलाई पनि परित्याग गरें। हे महामुनि ! हात्ती, घोडा, गाईहरू र दासी परिचारिकाहरूलाई पनि अनेक असंख्यवार परित्याग गरें।

---

१. "नेककोटिसहस्सानि, भरियत्थायदासि मं।
न तत्थ विमना होमि, तुय्हत्थाय महामुनि ॥" थेरी. अप. दा. पा. पृ. २६२

२. "अङ्गगते अलङ्कारे, वत्थे नानाविधे बहू।
इत्थिमण्डे न गूहामि, तुय्हत्थाय महामुनि ॥" थेरी. अप. दा. पा. पृ. २६२

Downloaded from http://www.dhamma.digital

४३– 'याचकहरूलाई दान दिने बारेमा जब तपाइले मसँग सल्लाह गर्नु हुन्थ्यो तब त्यस उत्तम दानकार्यमा सहोल्यै पनि मेरो मन बेखुश भएको मलाई थाहा छैन[१] ।

४४– 'हे महावीर ! तपाइकैनिमित्त बहुविध संसारमा नानाविध दुःख कष्टहरू मैले असंख्यवार अनुभव गरें[२] ।

४५– 'हे महामुनि ! सुख प्राप्तिमा अनुमोदन गर्छु तर दुःख प्राप्तिमा दुर्मन हुन्न, तपाइकैनिमित्त म सबै ठाउँमा तुला जस्तै भएँ[३] ।

४६– 'हे महामुनि ! सुख दुःखको अनुभव गरी सम्बुद्धले भन धर्मलाई प्राप्त गर्नु भयो, मैले पनि सोही मार्गको अनुगमन गरी

---

१. "यं मय्हं पटिमन्तेसि, दानं दस्सामि याचके ।
विमनं मे न पस्सामि, ददतो दानमुत्तमं ।।" थेरी. अप. दा. पा. पृ. २६३

२. "नानाविधं बहुं दुक्खं, संसारे च वहुब्बिधे ।
तुय्हत्थाय महावीर, अनुभुत्तं असङ्खियं ।।" थेरी. अप. दा. पा. पृ. २६३

३. "सुखप्पत्तानुमोदामि, न च दुक्खेसु दुम्मना ।
सब्बत्थ तुलिता होमि, तुय्हत्थाय महामुनि ।।" थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://www.dhamma.digital

बोधिज्ञान प्राप्त गरें[१]।

धेरै अतीतका-संस्मरण

४७– 'अरू लोकनाथहरूको तुलनामा तपाइसँगको मेरो सङ्गम अधिक छ।

४८– 'हे महामुनि! म तपाइको परिचारिका हुँ, बुद्ध धर्मको गवेषण गर्दै तपाइकोनिम्ति मैले धेरै अधिकार पूरा गरेको छु[२]।

४९-५०– 'एकलाख चार असंख्य कल्पहरू अगाडि दीपङ्कर महावीर लोकनायक लोकमा उत्पन्न हुनु भयो। प्रत्यन्त-देश-वासीहरूले वहाँलाई निम्त्याए; वहाँको आगमनकोनिमित्त हर्षित भई सबैले बाटो सफा गरे।

५१– 'त्यस बखत वहाँ (=तपाइ) सुमेध भन्ने ब्राह्मण हुनुहुन्थ्यो र वहाँ पनि सर्वदर्शी बुद्धकोलागि बाटो बनाउँदै हुनुहुन्थ्यो।

---

१. "अनुमग्गेन सम्बुद्धो, यं धम्मं, अभिनीहरी।
अनुभोत्वा सुखं दुक्खं, पत्तो बोधिं महामुनि॥" थेरी. अप. दा. पा. पृ. २६३

२. "अधिकार बहुं मय्हं, तुय्हत्थाय महामुनि।
गवेसतो बुद्धधम्मे, अहं ते परिचारिका॥" थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://www.dhamma.digital

५२– 'त्यस बखत म सुमित्रा भन्ने ब्राह्मण कन्या भएकी थिएँ र म पनि त्यस समागममा पुगें[१] ।

५३-५७– 'शास्ताको पूजागर्न आठवटा कमलका फूलहरू हातमा लिई जनसमूहमा पुग्दा त्यहाँ मैले अत्यन्त सुन्दर स्वरूपका एक ऋषिलाई देखें[२] । वहाँको दयालु, अति प्रसन्न, प्रफुल्लित तथा मनोहर रूप देखेर मैले आपनो जीवन सफल ठानें । सफल पराक्रम भएर अरहन्त भएका वहाँ ऋषिलाई देखें अनि पूर्वकर्म-हेतुले सम्बुद्ध प्रति मेरो चित्त पनि प्रफुल्लित भयो । ऋषिको उत्तम रूप देखेर त मेरो चित्त झन् प्रफुल्लित भयो र मैले वहाँलाई 'हे ऋषि ! ममा दिने कुरा केही छैन, यही फूलहरू दिनेछु' भनी भनें । त्यस पछि पाँचवटा फूलहरू वहाँलाईदिंदै मैले 'हे ऋषि ! पाँचवटा हात तपाइका होउन् र मेरा तीनवटा होउन् । हे ऋषि ! यस कर्मद्वारा बोधि प्राप्तिकोनिम्ति तपाइसँग मेरो समागम होस्[३]' भनी भने ।

---

१. "तेन कालेनहं आसिं, कञ्ञा ब्राह्मणसम्भवा ।
सुमित्ता नाम नामेन, उपगच्छिं समागमं ।।" थेरी. अप. दा. पा. पृ. २६३

२. "अट्ठ उप्पलहत्थानि, पूजनत्थाय सत्थुनो ।
आदाय जनसम्मज्झे, अद्दसं इसिमुग्गतं ।।" थेरी. अप. दा. पा. पृ. २६३

३. "पञ्च हत्था तव होन्तु, तयो होन्तु ममं इसे ।
तेन मद्धि समा होन्तु, बोधत्थाय तवं इसे ।।" थेरी. अप. दा. पा. पृ. २६४

Downloaded from http://www.dhamma.digital

५८– 'अनि ऋषिले फूल लिनु भई, आइरहनु भएका महा-यशलाई जनसमूहमध्ये बोधिप्राप्तिकोनिम्ति फूल चढाउनु भयो[१]।

५९– 'जनसमूहका बीचमा (ऋषिलाई) देखनु भई महामुनि दीपङ्करले, प्रसन्न चित्त हुनु भएका महावीर ऋषिको बारेमा व्याकरण (=भविष्यवाणी) गर्नु भयो।

६०-६४– 'त्यस बखत महामुनि दीपङ्कर बुद्धले मेरो कर्मको बारेमा पनि सोझै व्याकरण गर्नु भयो— 'हे ऋषि ! यहाँदेखि अपरि-मेय्य कल्पहरूमा तिम्रानिम्ति यी (नारी) समचित्त, समकर्म, सम-कर्मकारी तथा कर्मद्वारा प्रिया हुनेछिन् र सुदर्शना, सुप्रिया, मनपर्ने, प्रियवादिनी भई उनको (सुमेधको) दायाद भई, ऋद्धिमती भई विहार गर्नेछिन्। जस्तै स्वामीले वस्तु रक्षा गर्छ उस्तै यिनले पनि स्वामीको रक्षा गर्नेछिन् र कुशल धर्महरूको पनि रक्षा गर्नेछिन्। [२]उनमाथि (=सुमेध माथि) उनी (सुमित्रा) अनुकम्पा राख्ने हुने छिन् र पारमी पूरागर्ने भई सिंहले खोरलाई भत्काए जस्तै गरी बोधिमा पुग्नेछिन्।'

---

१. "इसि गहेत्वा पुप्फानि, आगच्छन्तं महायसं।
पूजेसि जनसमज्झे, बोधत्थाय महाइसं॥" थेरी. अप. दा. पा. पृ. २६४

२. "तस्स ते अनुकम्पन्ती, पूरयिस्सति पारमी।
सीहो व पञ्जरं भेत्वा, पापुणिस्सति बोधियं॥" थेरी. अप. दा. पा. पृ. २६४

Downloaded from http://www.dhamma.digital

६५– 'यहाँ देखि अपरिमेय्य कल्प अघि बुद्धले जुन भविष्यवाणी गर्नु भयो, त्यो वचनलाई अनुमोदन गरी म त्यस्तै भएँ ।

अन्तिम-जन्म

६६-६७– 'वहाँको (सुमेधको) त्यो सुकृत्य कर्म प्रति चित्त प्रसन्न गरी, असंख्य कालसम्म देव-मनुष्य जुनिहरूमा अनेक सुख-दुःखको भोगगर्दै अन्तिम जन्ममा पुग्दा म शाक्य कुलमा जन्मिएँ[१] ।

६८– "रूपवती, भोगवती, यशवती, शीलवती तथा सर्वाङ्ग सम्पन्ना भई सबैको सत्कार प्राप्त गरी म कुलमा बसें[२] ।

६९– 'लाभसत्कार तथा यशकीर्ति आदि लोकधर्महरूले युक्त भई सम्मानपूर्वक घरमा बसें; कुनै भयविना तथा चित्तमा कुनै दुःख विना म घरमा बसें[३] ।

---

१ "पच्छिमे भवे सम्पत्ते, अजायिं साकिये कुले ।।" थेरी. अप. दा. पा पृ. २६५

२. "रूपवती, भोगवती, यससीलवती ततो ।
सब्बङ्गसम्पदा होमि, कुलेसु अभिसक्कता ।।" थेरी. अप. दा. पा. पृ. २६५

३. "लाभं सिलोकं सक्कारं, लोकधम्मसमागमं ।
चित्तं च दुक्खितं नत्थि, वसामि अकुतो भया ।।" थेरी. अप. दा. पा. पृ. २६५

Downloaded from http://www.dhamma.digital

७०– 'हे वीर ! त्यस बखत, क्षत्रीहरूको श्रेष्ठ अन्तःपुरमा मेरो उपकारलाई देखाउनुभई भगवान्ले यसो भन्नु भएको थियो—

७१– 'ती नारी उपकारीणी थिइन्, ती नारी सुख दुःखमा साथ थिइन्, ती नारी हितचिन्तक थिइन् र ती नारी अनुकम्पिका पनि थिइन्[१] ।

७२-८७– 'हे धर्मराज ! मैले धेरै अधिकारहरू (= प्रणिधी-हरू) पूरा गरेकि छु—अनेक···देवातिदेव भई बुद्ध हुनेहरूलाई प्रत्येक-बुद्ध हुनेहरूलाई तथा असंख्य बुद्ध श्रावकहरूलाई दान दिएँ...हे धर्मराज ! सुन्नुहोस् मेरो अधिकार महान् छ ।

८८– 'यसरी धर्ममा सुपरिचित भएकाहरू, सँधै धर्माचरण गर्ने धर्मचारीहरू यस लोक र परलोकमा सुखपूर्वक जीवन बिताउँछन् ।

८९– 'धर्मको आचरण विशुद्ध रूपमा गर्नु पर्छ अशुद्ध रूपमा गर्नु हुन्न; धर्मचारीले इहलोक र परलोकमा सुखपूर्वक जीवन बिताउन सक्छ[२] ।

---

१. "उपकारा च या नारी, या च नारी सुखे दुखे ।
अत्थक्खायी च या नारी, या च नारीनुकम्पिका ।।"
थेरी. अप. दा. पा. पृ. २६५

२. "धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ।।" थेरी. अप. दा. पा. पृ. २६६

Downloaded from http://www.dhamma.digital

९०-९१– संसारबाट विरक्त भई अनगारिकामा प्रव्रजित भएँ, सहस्र परिवारहरूका साथ अकिञ्चना भई प्रव्रजित भएँ। घर छाडी अनगारिकामा प्रव्रजित भएको आधा-महीना नपुग्दै चतुसत्यज्ञान प्राप्त गरें[१]।

९२– 'सागरको लहर जस्तै धेरै जनहरूले चीवर, भिक्षा-भोजन, प्रत्यय तथा शयनासनहरू ल्याउँछन्।

९३-९५– 'क्लेशलाई भस्म पारिसकें,...अनास्रवी भई विहार गर्दछु,...। बुद्धको अगाडि मेरो स्वागत नै छ,...बुद्धशासन पनि पूरा गरें। चार-प्रतिसम्भिदा प्राप्त गरेकी छु,...[२] बुद्ध-शासन पनि पूरा गरेकी छु।

९६– 'यसप्रकार दुःख पनि बहुविध र सम्पत्ति पनि बहुविध अनुभव गरी, विशुद्धभाव प्राप्त गरी सबै सम्पन्नतामा पुगेकी छु।

---

१. "निब्बिन्दित्वान संसारे, पब्बजि अनगारियं।
सहस्सपरिवारेन, पब्बजित्वा अकिञ्चना॥
"अगारं विजहित्वान, पब्बजि अनगारियं।
अड्ढमासे असम्पत्ते, चतुसच्चमपापुणि॥" थेरी. अप. दा. पा. पृ. २६६

२. माथि पृ. ४४४ मा उल्लेख भए जस्तै ५२ देखि ५४ सम्मका कुराहरू दोहऱ्याई पढ्नू।

Downloaded from http://www.dhamma.digital

९७– 'जसले स्व-आत्मलाई महर्षिको पुण्यकार्यकोनिमित्त प्रदान गर्नेछ, उसले त्यस कर्मद्वारा निर्वाण सम्पदा प्राप्त गर्ने छ[१] ।

९८– 'भूत, भविष्य तथा वर्तमानकाल क्षीण भइसक्यो, मेरा सबै कर्महरू पनि क्षीण भए, हे चक्षुमान्! पादकमलमा वन्दना गर्छु[२] ।' "

---

१. "या ददाति सकत्तानं, पुञ्ञत्थाय महेसिनो ।
सहायसम्पदा होन्ति, निब्बानपदमसङ्खतं ।।" थेरी. अप. दा. पा. पृ. २६७

२. "परिक्खीणं अतीतं च, पच्चुप्पन्नं अनागतं ।
सब्बकम्मं मम खीणं, पादे वन्दामि चक्खुम ।।" थेरी. अप. दा. पा. पृ. २६७

Downloaded from http://www.dhamma.digital

१२. कृशागौतमी स्थविरा

परिचय

कृशागौतमी (=किसागोतमी) स्थविरा श्रावस्तीमा एक सेठको कुलमा जन्मिनु भएको थियो। पछि सो कुल गरीब भएर गए पछि वहाँको विवाह श्रावस्तीकै धनीकुलका एक पुत्रसँग भयो र एक पुत्र पनि पाइन्। पछि सो पुत्रको मृत्युको कारणले गर्दा बुद्धकहाँ गई प्रव्रजित भएर अरहत्व लाभ गरी रूक्ष-चीवर धारिणी भिक्षुणी-हरूमध्येमा अग्र हुनुभयो। वहाँकै सम्बन्धमा सूत्र तथा अर्थकथाहरूको अध्ययन गरी यहाँ केही परिचय दिने प्रयास गरेको छु।

गृहस्थी-जीवन

थेरीअपदानपालि[1] अनुसार कृशागौतमी (=किसागोतमी) को जन्म सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नुभन्दा अगाडि नै श्रावस्ती नगरका एक सेठको कुलमा भएको थियो। उनको नाम

---

१. थेरी. अप. दा. पा. पृ. २४० : किसागोतमीथेरीअपदानं, गा. नं. १९

Downloaded from http://www.dhamma.digital

"गौतमी" थियो । सारै पातली भएकी हुनाले पछि उनलाई "कृशा-गौतमी" भन्न थाले र पछि गएर कृशागौतमीकै नामले प्रसिद्ध हुन गइन्[१] । सो सेठकुल पछि गरीब भएर गए तापनि गौतमीको विवाह श्रावस्तीकै एक सेठ-पुत्रसँग हुन गयो ।

यसै कुरालाई भिक्षुणी भइसके पछि कृशागौतमी स्थविराले आफ्नो गृहस्थीका कुरा सुनाउनु हुँदै थेरीअपदानपालिमा स्वयं यसरी उल्लेख गर्नुभएकी छ—

"पच्छिमे च भवे दानि, जाता सेट्ठिकुले अहं ।
दुग्गते अधने नट्ठे, गता च सधनं कुले[२] ।"

अर्थात्— "यो अन्तिम जन्ममा, म एक सेठको कुलमा जन्मेकी थिएँ तर पछि धनसम्पत्ति नाश भएर गरीब भएँ; किन्तु पछि सधन कुलमै गएँ ।"

"श्रावस्तीमा एक धनाढ्य सेठ थिए । उनको धनसम्पत्ति भस्म भए पछि सो सेठले खरानी थुपारी पसल थापे । त्यस बेला एक गरीब कुलकी गौतमी भन्ने एक कुमारीले खरानीलाई रत्नहरू भनी भन्दा

---

१. थेरी. गा. अ. क. पृ. १३८ : किसागोतमीथेरीगाथट्ठकथा; धम्म. प. अ. क. पृ. ३४४ : किसागोतमियावत्थु; सं. नि. अ. क. I. पृ. १४९ : किसागोतमीसुत्तवण्णना ।

२. थेरी. अप. दा. पा. पृ. २४०, गा. नं. १९

Downloaded from http://www.dhamma.digital

पसल थापिरहेका सेठले 'खोइ रत्नहरू ?' भनी हात थाप्दा सो कुमारीले त्यस खरानीढाट एक एक पसरगरी दिएको खरानी जम्मै रत्न नै भए। त्यस पछि सो सेठले उनको घरवार सोधी पछि आफ्नै छोरासँग विवाह गरिदिए" भन्ने कुरा संयुत्तनिकायट्ठकथाले[१] र धम्मपदट्ठकथाले[२] समुल्लेख गरेका छन्।

अङ्गुत्तरनिकायट्ठकथा[३] र थेरीगाथट्ठकथाले[४] भने "गरीब कुलमा जन्मेर पछि धनी कुलमा उनको विवाह भयो" भन्ने कुरा समुल्लेख गरेका छन्।

यसरी कृशागौतमी धनीकुलमा जन्मेर पनि गरीब भएर फेरि धनी कुलमै उनको विवाहभयो। त्यसैले पतिकुलमा उनका पति एकजनाले बाहेक अरू सबैले उनलाई गरीब भनी हेला गर्दथे। किन्तु जब उनले एक छोरो जन्माइन् तब उनलाई सबैले सम्मानको दृष्टिले हेर्नथाले[५]। जुन कुरा कृशागौतमी स्थविराले पछि आफ्नो गृहस्थी-

---

१. सं. नि. अ. क. I. पृ. १४९ : किसागोतमीमुत्तवण्णना।

२. धम्म. प. अ. क. पृ. ३४४ : किसागोतमियावत्थु।

३. अं. नि. अ. क. I. पृ. २०५: एककनिपातवण्णना, किसागोतमी।

४. थेरी. गा. अ. क. पृ. १३८ : किसागोतमीथेरीगाथट्ठकथा।

५. थेरी. गा. अ. क. पृ. १३८; अं. नि. अ. क. I. पृ. २०५; तर. धम्म. प. अ. क. र. सं. नि. अ. क. I. ले भने हेला गरेका कुराहरू उल्लेख गरेका छैनन्।

Downloaded from http://www.dhamma.digital

जीवनको कुरा बताउनुहुँदै स्वयं थेरीअपदानपालिमा यसरी उल्लेख गर्नु भएको छ—

"पतिं ठपेत्वा सेसा मे, देस्सन्ति अधना इति।
यदा च पसूता आसिं, सब्बेसं दायिता तदा[१] ॥"

अर्थात्— "मेरा पति एकजनाले बाहेक अरू सबैले भलाई गरीब, निर्धनी भनी हेर्दथे; जब म प्रसूति भएं तब सबैको दयापात्र भएं।"

पुत्र वियोग र बुद्ध

बालक पाइसके पछि सबै परिवारहरूलाई सन्तुष्टपारी आफू पनि अधिमन्वा सम्मानित भई, पुत्रको मुख हेर्दै खुशी भई गौतमी घरमा बस्न थालिन्। तर दैवको कुदृष्टि सोही हँसिलो बालक माथि बनं गई भरखरै हिंड्न, डुल्न तथा खेल्नसक्ने भइरहेको बेलामा सो बालकको मृत्यु भयो।

जब सबैले मृत-बालकलाई छाड्न लैजाने कुरा सुनाए तब उनको सारै चित्त दुख्यो र यस्तो सोच्न थालिन्—

---

१. थेरी. अप. दा. पा. पृ. २४० : किसागोतमीथेरीअपदानं, गा. नं. २०

Downloaded from http://www.dhamma.digital

"म अघि यसै घरमा सत्कार सम्मान रहित सबैबाट तिरस्कृत भई बसेकी थिएं। यो बालक जन्मे पछि सबैबाट सत्कार सम्मान पाउन थालें। अब फेरि यही बालकलाई नै 'बाहिर छाड्न लैजाऊ' भनी भन्दछन्।"

यस्तो सोची मनमा उत्पन्न भएको गहिरो शोकको कारणले उन्मत्त जस्ती भई, चित्त विक्षिप्त पारी मरेको बच्चालाई बानरीले कैं च्यापी मृत-पुत्रलाई काखमा लिई गौतमी "मेरो बालकलाई औषधी देऊ!" भन्दै घर-घर पिच्छे हिंड्न थालिन्। मानिसहरूले "मरेको बालकलाई कहाँको औषधी" भनी बताउँदा पनि उनले सम्झन सकिनन्। जति जति उनी मृत-पुत्रकोनिमित्त औषधी माग्दै हिंड्न थालिन् उति उति मानिसहरूले उनलाई "के तिमी पगली त भइनौ, मरेको बालकको पनि औषधी हुनसक्छ र!" भनी भने। यो कुरा सुनेर पनि उनले सम्झन सकिनन्, न त चित्तलाई नै समाल्न सकिन्; झन् झन् मृत-पुत्र काखमै लिई "लौ न, यो बालकलाई औषधी गरिदेऊ!" भन्दै प्रलाप गर्दै यत्रतत्र हिंड्न थालिन्।

त्यस बखत एक पण्डित पुरुषले देखी उनीप्रति दयालागी "यिनले शायद मृत्यु भनेको नै बुझेको छैनन् होलिन्, त्यसैले यिनी मृत-बालक बोकी, चित्त विक्षिप्त पारी औषधी माग्दै हिंडिरहेकी छिन्। बुद्धले बाहेक अरु कसैले पनि यिनको हृदय-शोकलाई शान्तपारी यिनलाई सम्झाउन सक्नेछैन। अतः यिनलाई बुद्धकहाँ जाने कुरा बताइदिन पऱ्यो" भन्ने सोची "अम्मे! तिम्रो पुत्रलाई

Downloaded from http://www.dhamma.digital

कसैले पनि औषधी गरी निको पार्न सक्ने छैन । बरू, महाकारुणिक बुद्ध भगवान् जेतवनको प्रमुख विहारमा बस्नु भएको छ, वहाँकहाँ गएमा मात्र शायद तिमीले औषधी पाउन सक्नेछ्यौ" भनी बताइ-दिए । अनि जेतवन विहारमा गई गौतमीले भगवान्लाई वन्दना गरी "भगवान् ! यो मेरो पुत्रकोनिमित्त औषधी दिनुहोस्, तपाइ औषधी गर्न जान्नु हुन्छ भन्ने कुरा सुनें" भनी विन्ति गरे पछि उनको हृदयमा ज्ञानको दियो बलिरहेको देख्नुभई महाकारुणिक बुद्धले "राम्रै गर्‍यौ, जो कि तिमी औषधीकोनिमित्त मकहाँ आयौ । त्यसो-भए जाऊ, शहरमा गई कुनै घरबाट सर्स्यौं मागेर ल्याऊ । तर त्यो सर्स्यौं त्यस्तो घरबाट ल्याउन सक्नु पर्छ कि जसको घरमा कुनै प्राणी मरेको छैन । अनि तिम्रो पुत्रको औषधी हुनेछ ।"

"हवस्, भन्ते" भनी गौतमी आश्वस्त भई श्रावस्ती नगरमा गई एक घरमा पसी "मेरो पुत्रलाई औषधी गर्नकोनिमित्त एक मुठी सर्स्यौं मागेर ल्याउनू भनी बुद्धले भन्नु भएको छ । अतः कृपया मलाई एक मुठी सर्स्यौं दिनुहोस्" भनी मागिन् ।

घरको मानिसले "ल लेऊ !" भनी दियो ।

अनि उनले सोधिन् — "तपाइको घरमा कुनै प्राणी मरेको छ कि छैन ?"

"गौतमी ! के भनेको, कति मरिसके भनी कसले बताउन सक्छ !"

"त्यसोभए, यो सर्स्यौंले मलाई काम दिँदैन । भगवान् बुद्धले

Downloaded from http://www.dhamma.digital

कुनै प्राणी नमरेको घरबाट सर्स्यौं ल्याउनू भनी भन्नु भएको छ" भन्दै अर्को घरमा गइन्। त्यहाँ पनि उनले कुनै न कुनै मरिसकेको कुराको जवाफ पाइन्। यसरी घर घरपिच्छे घुम्दा पनि उनले कसैबाट पनि "मरेको छैन" भन्ने कुरा सुन्न नपाउँदा **गौतमी**को मनमा यस्तो विचार पैदा भयो —

"अहो आश्चर्य! साँझसम्म[1] त्यतिका घरहरूमा घुमिसकेर पनि मैले कुनै पनि घरबाट 'मरेको छैन' भन्ने कुरा सुन्न पाइन। सबैका सबै घरहरूमा मरेका नै रहेछन्। मैले त मेरै पुत्र मात्र मरेको भन्ने ठानेकी रहिछु। म जस्ता पुत्र-पुत्री मरेका आमाहरू पनि धेरै नै रहेछन्" भन्ने आदि कुराहरू सोची आफ्नै मन हलुको पारी संझना आए पछि मोहमायाको कारणले फितलो भएको चित्तलाई स्वयं अवबोध भएको ज्ञानद्वारा चित्तलाई दरो पारी, आँखाबाट आँसू पुछी मृतक-बालकलाई मसानमा छाडी "धन्य हो, महाकारुणिक मार्ग दर्शक बुद्ध भगवान्‌लाई! कस्तो उपायद्वारा मेरो शोकरूपी शल्यलाई झिक्न लगाउनु भएको!!" भन्दै बुद्धको अनुपम गुणको स्मरण गर्दै प्रफुल्लित भई तथा वैराग चित्त लिई बुद्धकहाँ गई वन्दना गरी **कृशा-गौतमी** एक छेउमा उभिइरहिन्।

अनि बुद्धले "**गौतमी**! सर्स्यौं पायौ के?" भनी सोध्नु हुँदा **गौतमी**ले — "भन्ते! अब मलाई सर्स्यौंको काम छैन। बरु मलाई

---

१. धम्म. प. अ. क. पृ. ३४५ a

Downloaded from http://www.dhamma.digital

तपाइको शरणमा लिनुहोस्[१]। मैले त श्रावस्ती नगरमा कुनै पनि त्यस्तो घर पाउन सकिन जसको घरमा मरेको नहोस्।" भनी विन्ति गरिन्[२]। यस सम्बन्धमा पछि कृशागौतमी स्थविराले स्वयं भन्नु भएका कुराहरू तल "कृशागौतमी स्थविरापदान" शीर्षकको गा. नं. २१–२६ मा अनुदित भएका छन्।

गौतमीको उत्तर सुनेपछि भगवान्ले— "तिमीले त मेरं मात्र पुत्र मरेको होला भन्ने कुरा सम्झ्यौ। तर यो संसारमा कति मर्नेहरू छन्, कति पुत्र मर्नेहरू छन्! यो अनित्यको कुरा कुनै एक्लैलाई मात्र आइ पर्ने कुरा होइन, यो त सबैमाथि आइपर्ने ध्रुव सत्यको कुरो हो। उदयव्ययलाई न जानी शतवर्षसम्म जिउनुभन्दा उदयव्ययलाई जानी एकदिन भए पनि जिउनु नै श्रेयस्कर हुन्छ। पुत्रादि प्राणीहरूको हेरचाहमा व्यस्त हुँदा हुँदै सुतिरहेका गाउँलेहरूलाई मृत्युरूपी बाढी आई बगाएर लैजाने कुरै लैजानेछ" भन्नु हुँदै निम्न गाथाहरू सुनाउनु भयो—

---

१. अं. नि. अ. क. I. पृ २०५–६ : एककनिपातवण्णना, किसागोतमी; थेरी. गा. अ. क. पृ. १३८–३९ : किसागोतमीथेरीगाथट्ठकथा; सं. नि. अ. क. I पृ. १४९ : किसागोतमीसुत्तवण्णना; धम्म. प. अ. क. पृ. ३४४–४५ : किसागोतमिवत्थु।

२. धम्म. प. अ. क. पृ. ३४५ a.

Downloaded from http://www.dhamma.digital

"यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं।
एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं[१]॥

"न गाम धम्मो निगमस्स धम्मो,
न चापियं एककुलस्स धम्मो।
सब्बस्स लोकस्स सदेवकस्स,
एसेव धम्मो यदिदं अनिच्चता[२]॥

"तं पुत्तपसुसम्मतं, ब्यासत्त मनसं नरं।
सुत्तं गामं महोघो व, मच्चु आदाय गच्छति[३]॥"

---

१. धम्म. प. पा. पृ. २८ : सहस्सवग्गो, गा. नं. ११३; थेरो. अप. दा. पा. पृ. २४१, गा. नं. २७

२. थेरी अप. दा. पा. पृ. २४१, गा. नं. २८; यी गाथाहरूका अनुवाद तल "कृशागौतमी स्थविरापदान" शीर्षकमा भएका छन्। अङ्गुत्तरअट्ठकथा पृ. ३०६ र थेरीगाथट्ठकथा पृ. १३९ ले 'नगाम धम्मो...' भन्ने गाथा कृशागौतमीले भनेकी हुन् भन्ने कुरा उल्लेख गरेका छन्।

३. धम्म. प. पा. पृ. ४४ : मग्गवग्गो, गा. नं. २८७; अं. नि. अ. क. I. पृ. २०६; थेरी. गा. अ. क. पृ. १३९; धम्म. प. अ. क. प. ३४५ a.

Downloaded from http://www.dhamma.digital

प्रव्रज्यात्व

यति उपदेशहरू सुनेपछि कृशागौतमी स्रोतापत्ति फलमा प्रतिष्ठित भई[१] उनले भगवान्‌सँग प्रव्रज्या मागिन् । भगवान्‌ले स्वीकृति-दिनु भएपछि भगवान्‌लाई तीनपटक प्रदक्षिणा तथा वन्दना गरी उनी भिक्षुणी-उपश्रयमा गई प्रव्रजित र उपसम्पन्ना भइन् । प्रव्रजिता भए देखि वहाँलाई सबैले "कृशागौतमी स्थविरा" भनी भन्न थाले[२] । उपसम्पन्ना भएदेखि नै वहाँ विदर्शना ज्ञान गर्नु भयो र चाँडै नै प्रतिसम्भिदा-ज्ञान सहित अरहत्व पनि प्राप्त गर्नुभयो । यसै कुरालाई पछि वहाँले थेरीअपदानपालिमा यसरी उल्लेख गर्नु भएको छ—

"साहं सुत्वानिमा गाथा, धम्मचक्खुं विसोधयिं ।
ततो विञ्ञातसद्धम्मा, पब्बजिं अनगारियं ॥

"तथा पब्बजिता सन्ती, युञ्जन्ती बुद्धसासने ।
न चिरेनेव कालेन, अरहत्तमपापुणिं[३] ॥"

---

१. धम्म. प. अ. क. पृ. ५३६ : किसागोतमियावत्थु. मग्गवग्गो; अं. नि. अ. क. I. पृ. २०६; थेरी. गा. अ. क. पृ. १३९; धम्म. प. अ. क. पृ. ३४५ a.

२. धम्म. प. अ. क. पृ. ३४५ a.

३. थेरी. अप. दा. पा. पृ. २४१, गा. नं. २९–३०; यी गाथा-हरूका अर्थ तल "कृषागौतमी स्थविरापदान" शीर्षकमा अनुवाद भएका छन् ।

Downloaded from http://www.dhamma.digital

कुन ढङ्गले वहाँले अरहत्व साक्षात्कार गर्नु भयो भन्ने बारेमा धम्मपदट्ठकथाले यसरी उल्लेख गरेको छ—

"ध्यान भावनामा रत हुनुभई बसिरहनु भएकी स्थविरालाई एक दिन, उपोसथागारमा बस्ने पालो पऱ्यो। अनि दियो बाली उपोसथागारमा गर्नुपर्ने काम गरी बसिरहनु भएको बेलामा उदयव्यय भइरहेको दियोको बत्तीको शीखातिर ध्यान जाँदा वहाँले "यस्तैगरी यी सत्वलोकका प्राणीहरू पनि जन्मिन्छन् पनि मरण पनि हुन्छन्। जबसम्म निर्वाणमा पुग्दैनन् तबसम्म यो उदयव्ययको गति अविच्छिन्न रूपमा रहिनै रहन्छ। निर्वाणमा पुगेर मात्र जन्ममरणरूपी उदय-व्ययबाट विनिर्मुक्त हुनसक्छ" भन्ने सोची त्यसै लक्षणमा आरम्मण लिई भावना गर्नु भयो। यसै बेला गन्धकुटीमा बसिरहनु भएका बुद्ध भगवान्ले कृशागौतमी स्थविराको चित्तवृत्तिको अवस्थालाई थाहा पाई आभास फैलाउनु भई, वहाँको अगाडि बसेको जस्तो दृश्य देखाउनु भई 'गौतमी! त्यस्तै हो, अमृत-पदलाई नदेखिकन शयवर्षसम्म जिउनुभन्दा अमृत-पदलाई साक्षात्कार गरी एक दिन त के एकै क्षण जिउनु नै श्रेयस्कर हो भनी भन्नु भई निम्न गाथा सुनाउनु भयो—

'यो च वस्ससतं जीवे, अपस्सं अमतंपदं।
एकाहं जीवितं सेय्यो, पस्सतो अमतंपदं'[१] ॥

---

१. धम्म. प. पा. पृ. २८ : सहस्सवग्गो, गा. नं. ११४; अं. नि. अ. क. I, पृ. २०६; थेरी. गा. अ. क. पृ. १३९; धम्म. प. अ. क. पृ. ३४६ a.

Downloaded from http://www.dhamma.digital

यो गाथाको उपदेश सुनेर उपोसथागारमा बस्दा बस्दै कृशा-गौतमी स्थविराले प्रतिसम्भिदा ज्ञान सहित अरहत्व साक्षात्कार गर्नु भयो[१]।"

केही घटनाहरू

यसरी अरहत् भइसक्नु भएपछि रूक्ष-चीवर धारिणी भई जीवनभर दाताहरूले दान दिएको चीवरलाई त्यागी पंसुकूल-चीवर[२] मात्र धारण गर्ने विशेष नियम पालन गरी[३] वहाँले जीवन बिताउन थाल्नुभयो।

यही विशेष गुणलाई ध्यानमा राख्नुभई भगवान् बुद्धले एक दिन वहाँलाई रूक्षचीवर धारणगर्ने भिक्षुणीहरूमध्येमा अग्रछिन् भन्ने

---

१. धम्म. प. अ. क. पृ. ३४५ a : किसागोतमियावत्थु। सं नि. अ. क. I. पृ. १४९ : किसागोतमी सुत्तवण्णनाले भने— "सा खुरग्गेयेव अरहत्तं पापुणि" अर्थात्— "प्रव्रजित हुने साथ वहाँले अरहत्व साक्षात्कार गर्नु भयो" भन्ने कुरा उल्लेख गरेको छ।

२. पंसुकूल-चीवर भनेको कस्तो हो भन्ने बारेका कुराहरू बु. रा. पृ. २०३ र बु. प. पृ. १२३ को पादटिप्पणीमा उल्लेख भएका छन्।

३. अं. नि. अ. क. I. पृ. २०६; थेरी. गा. अ. क. पृ. १३९

Downloaded from http://www.dhamma.digital

औपचारिक घोषणा गर्नु भएको हो[1] । जुन कुरा तलका "अग्रस्थान" भन्ने मूल सूत्रले पनि समुल्लेख गरेको छ । यसै कुराको अनुस्मरण गर्नुभई कृशागौतमी स्थविराले आफ्नो अपदानमा "यस गुणमा प्रसन्न हुनु भएका जिनविनायकले परिषद्को बीचमा रूक्षचीवर धारिणीहरूमध्येमा मलाई अग्रस्थानमा राख्नु भयो" भनी उल्लेख गर्नु भएको हो । यी कुराहरू तलकै "कृशागौतमी स्थविरापदान" शीर्षकको गा. नं. ३६–३७ मा उल्लेख भएका छन् ।

एक दिन वहाँ श्रावस्तीको अन्धवनमा विवाविहारकोनिमित्त बसिरहनु भएको बेलामा पापीमार आई वहाँलाई परीक्षागर्दा वहाँले जुन किशिमको जवाफ मारलाई दिनु भएको छ तो कुराहरू तलकै "अन्धवन" शीर्षकको मूल सूत्रले नै बताएको छ ।

अर्को एक दिन, वहाँ एकान्तमा बसिरहनु भएको बेलामा बुद्धको उपकारलाई अनुस्मरण गरी जुन उदगार गाथाहरू प्रकट गर्नु भएको छ तो गाथाहरू र अरू जुन वहाँले स्त्रीहरूका सम्बन्धमा दुःखका कुराहरू बताउनु भएको छ तो सबै कुराहरू पनि तलकै "कृशागौतमी

---

१. अं. नि. अ. क I. पृ. २०६: एककनिपातवण्णना, किसागोतमी; थेरी. गा. अ. क. पृ. १३९; रूक्षचीवर धारिणी भिक्षुणीहरू-मध्येमा कृशागौतमी स्थविरा अग्र हुनु भए जस्तै भिक्षुहरूमध्येमा मोघराज स्थविर अग्र हुनुहुन्छ । अं. नि-१ पृ. २५ : एतदग्गवग्गो ।

Downloaded from http://www.dhamma.digital

स्थविरा गाथा" मा अनुदित भएका छन् ।

एक समय भगवान् बुद्ध राजगृहको गृद्धकूट पर्वतमा विहारगर्दै हुनुहुन्थ्यो । एक दिन रातको प्रथमयाम बितिसके पछि धेरै देवताहरूका साथ शक्रदेवेन्द्र भगवान्कहाँ आई धर्मोपदेश सुन्दै थिए ।

त्यस बखत कृशागौतमी स्थविरा भगवान्को दर्शनार्थ आकाश मार्गद्वारा त्यहाँ जानुभयो । त्यहाँ शक्र देवेन्द्रहरू उपदेश सुनिरहेको देखी आकाशबाटै बुद्धलाई वन्दना गरी फर्केर जानुभयो ।

यो देखी शक्रदेवेन्द्रले 'भन्ते ! को रहिछिन यी भिक्षुणी जो आकाशबाटै भगवान्लाई वन्दनागरी फर्केर गइन् ?' भनी सोध्दा बुद्ध भगवान्ले "महाराज ! पंसुकूल-चीवर धारिणी भिक्षुणीहरूमध्ये अग्र भएकी कृशागौतमी भन्ने स्थविरा मेरी पुत्री हुन्" भनी भन्नु भई त्यस बखत वहाँले देवताहरूलाई निम्न गाथा पनि सुनाउनु भयो[१]—

"पंसकूल धरं जन्तुं, किसं धमनि सन्थतं ।
एकं वनस्मिं झायन्तं, तमहं ब्रुमि ब्राह्मणं[२] ।"

अर्थात्— "पंसुकूल-चीवर धारणगरी कृश शरीर लिई, एक्लै जङ्गलमा बसी ध्यानरत भएर बस्नेलाई नै म सर्वश्रेष्ठ ब्राह्मण भन्द छु ।"

---

१. धम्म. प. अ. क पृ. ६३२ : किसागोतमियावत्थु, ब्राह्मणवग्गो ।

२. धम्म. प. पा. पृ. ५५ : ब्राह्मणवग्गो, गा. नं. ३९५

Downloaded from http://www.dhamma.digital

एक जन्ममा बोधिसत्व तित्रा (=तित्तिर) भई जन्मनु भएको थियो। त्यस बखत कृशागौतमी स्थविरा थलगोही (=गोधा) भई जन्मी बोधिसत्वका साथमा बस्नु भएको कुरा जातकट्ठकथाले[१] उल्लेख गरेको छ।

अरू कुराहरू तलका मूलसूत्रहरूद्वारा स्थविराको जीवन सम्बन्धी कुराहरू प्रष्ट भएका छन्।

भिन्नाभिन्न कृशागौतमीहरू

(१) कृशागौतमी— यिनी, तिस्स (=तिश्य) बुद्धका अग्र उपस्थायिका उपासिका थिइन्। बु. वं. पा. पृ. ३६०: तिस्सबुद्धवंसो।

(२) कृशागौतमी— यिनी, फुस्स बुद्धकी गृहस्थीकी पत्नी थिइन्। बु. वं. पा. पृ. ३६२: फुस्सबुद्धवंसो।

(३) कृशागौतमी— यिनी, सिद्धार्थ कुमारका काकाकी छोरी हुन्। यिनले नै सिद्धार्थ कुमारलाई 'निब्बुतपद' सुनाएकी थिइन्। यस सम्बन्धका कुराहरू माथि यशोधरा स्थविरा परिचयको 'पुत्रलाभ' शीर्षक अन्तर्गत उल्लेख भएका छन्।

---

१. जा. अ. क. IV. पृ. ४४: तित्तिरजातकं, नं. ४३८

Downloaded from http://www.dhamma.digital

(४) कृशागौतमी (स्थविरा)— वहाँकै कुराहरू यस संग्रहमा संग्रहित भएका छन् । वहाँ रूक्ष चीवर धारिणी भिक्षुणीहरूमध्येमा अग्र हुनुहुन्थ्यो ।

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र —

१–अन्धवनमा

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो ।

त्यस वखत कृशागौतमी (किसागोतमी) भिक्षुणी पूर्वाह्न समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भिक्षाटन्‌कोनिमित्त श्रावस्तीमा पस्नु भयो । श्रावस्तीमा भिक्षाटन् गरी, भिक्षाटन्‌बाट फर्की भोजनोपरान्त अन्धवनमा जानु भयो । अन्धवनमा पुगेपछि दिवाविहारकोनिमित्त अन्धवन भित्र गई एक रुखमनी बस्नुभयो ।

अनि पापीमार कृशागौतमी भिक्षुणीलाई तर्साउन र लोमहर्षण पार्न तथा समाधिबाट च्युत गर्न नियत राखी, जहाँ कृशागौतमी हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि कृशागौतमीलाई गाथाद्वारा भने—

---

१. सं. नि. I. पृ. १२९ : किसागोतमीसुत्तं, अ. क. I. पृ. १४९

Downloaded from http://www.dhamma.digital

"किं नु त्वं मतपुत्ता[1] व, एकमासि[2]
वन मज्झगता[3] एका, पुरिसं नु गवेस

अर्थ—

"हे मृतपुत्रा ! किन तिमी रुञ्चेमुख लि
रहेकी ? एक्लै जङ्गलको बीचमा बसी कुनै
त होइनौ ?"

यो सुनेर कृशागौतमी भिक्षुणीलाई
रहेछ यो ? मानिस हो कि देवता हो जो गा
फेरि कृशागौतमी भिक्षुणीलाई यस्तो लाग्यो— "यो पापीमार हो,
मलाई तर्साउन, लोमहर्षण पार्न तथा समाधिबाट च्युत गराउन
गाथा भन्द छ।" यो "पापीमार हो" भनी जानी कृशागौतमी
भिक्षुणीले पापी मारलाई गाथाद्वारा प्रत्युत्तर दिनुभयो—

१— "अच्चन्त मतपुत्ताम्हि[4], पुरिसा एतदन्तिका।
न सोचामि न रोदामि, न तं भायामि आवुसो॥

---

१. सिंहल, स्याम र रोमनमाः 'हतपुत्ता'।

२. सिंहल र स्याममाः 'एकमासी'।

३. रोमनमाः 'वनमज्झोगता'।

४. स्याम र रोमनमाः 'हतपुत्ताह्मि'।

Downloaded from http://www.dhamma.digital

२– "सब्बत्थ विहता[१] नन्दी,[२] तमोक्खन्धो पदालितो।
जेत्वान मच्चुनो[३] सेनं, विहरामि अनासवा' ति॥"

अर्थ—

१– "अवश्य पनि म मृत-पुत्रा छु; जस्तो मेरो पुत्र मरिसक्यो त्यस्तै गरी फेरि पुत्र मर्ला भन्ने डर पनि मसँग छैन, पुरुषको अन्त पनि भइसक्यो अर्थात् पुरुष खोज्नुपर्ने कारण पनि मसँग छैन त्यसैले हे आवुसो! म शोक गर्दिन, म रुन्न, न त म तिमीलाई देखेर नै डराउँछु।

२– "सबै नन्दी-रागहरूलाई टुक्रा टुक्रा पारिसकें, तमस्कन्धलाई हटाइसकें, मृत्यु-सेनालाई जितो म अनास्रवी भई विहार गरेकी छु।"

अनि, "कृशागौतमी भिक्षुणीले मलाई चिन्दछिन् जान्दछिन्" भन्दै दुःखी दुर्मन भई पापीमार त्यहीं नै अन्तरधान भएर गए।

× × ×

---

१. स्याममाः 'विहिता'।

२. सिंहल, स्याम र रोमनमाः 'नन्दि'।

३. सिंहलमाः 'मुचिनो'।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

२—अग्रस्थान

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खुनीनं लूख-चीवरधरानं यदिदं किसागोतमी[१]।"

अर्थ—

"भिक्षुहो! रूक्षचीवर धारिणी मेरा भिक्षुणी श्राविकाहू-मध्येमा कृशागौतमी (किसागोतमी) अग्रछिन्।"

× × ×

१. अं. नि-१ पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २०५

Downloaded from http://www.dhamma.digital

मूल पालि —

३—कृशागौतमी स्थविरा-गाथा

१— "[1]कल्याणमित्तता मुनिना, लोकं आदिस्स वण्णिता।
कल्याणमित्ते भजमानो, अपि बालो पण्डितो अस्स॥

२— "भजितब्बा सप्पुरिसा, पञ्ञा तथा[2] वड्ढति भजन्तानं।
भजमानो सप्पुरिसे, सब्बेहि पि दुक्खेहि पमुच्चेय्य॥

३— "दुक्खं च विजानेय्य, दुक्खस्स च समुदयं निरोधं।
अट्ठङ्गिकं च मग्गं, चत्तारि पि अरियसच्चानि॥

४— "दुक्खो इत्थिभावो, अक्खातो पुरिसदम्मसारथिना।
सपत्तिकं पि हि दुक्खं, अप्पेकच्चा[3] सकिं विजातायो॥

---

१. थेरी. गा. पा. पृ. ४३२ : किसागोतमीथेरीगाथा, अ. क. पृ. १३८

२. स्याममाः 'तथा पि'।

३. सिंहलमाः 'अप्पेकच्चे'।

Downloaded from http://www.dhamma.digital

५- "गलके[1] अपि[2] कन्तन्ति, सुखुमालिनियो[3] विसानि खादन्ति।
जनमारकमज्झगता, उभो,[4] पि ब्यसनानि अनुभोन्ति[4] ॥

६- "वपविजञ्ञा गच्छन्ती[5], अहं गाहं पतिं मतं।
पन्थम्हि[6] विजायित्वान, अप्पत्ता[7] व[7] सकं घरं[8] ॥

७- "द्वे पुत्ता कालकता, पती च पन्थे मतो कपणिकाय।
माता पिता च भाता, डय्हन्ति च एकचितकायं ॥

८- "खीणकुलीने[9] कपणे, अनुभूतं ते दुक्खं[10] अपरिमाणं।
अस्सू[11] च ते पवत्तं[12], बहूनि च जाति सहस्सानि ॥

---

१. रोमनमा: 'गले'।
२. स्याम र रोमनमा: 'अप'।
३. स्याममा: 'सुखुमालियो'।
४-४. स्याममा: 'द्वे ब्यसनानु भोन्ति पि'।
५. सिंहलमा: 'गच्छन्ति'।
६. स्याम र रोमनमा: 'पन्थे'।
७-७. स्याम र रोमनमा: 'अप्पत्ताहं'।
८ स्याम र रोमनमा: 'गेहं'।
९. स्याममा: 'खीणकुलम्हि'।
१०. बर्मीमा: 'दुखं'।
११. सिंहल, स्याम र रोमनमा: 'अस्सु'।
१२. स्याममा: 'पवत्तं हि बहूनि'; सिंहल र रोमनमा: 'पवत्तं बहूनि'।

Downloaded from http://www.dhamma.digital

९– "वसिता[1] सुसानमज्झे, अथो पि खादितानि पुत्तमंसानि।
हतकुलिका सब्बगरहिता, मतपतिका अमतमधिगच्छि[2] ॥

१०– "भावितो मे मग्गो[3], अरियो अट्ठङ्गिको अमतगामी।
निब्बानं[4] सच्छिकतं, धम्मादासं अवेक्खहं[5] ॥

११– "अहमम्हि[6] कन्तसल्ला, ओहितभारा कतं हि[7] करणीयं।
किसा[8] गोतमी[9] थेरी, विमुत्तचित्ता[10] इमंभणी[11]।"

अर्थ—

१– "मुनिको कल्याण मित्रतालाई धन्य छ! कल्याण-मित्रको

---

१. स्याम र रोमनमाः 'पस्सिं तं'।
२. सिंहलमाः 'अमतं अधिगच्छि'।
३. स्याममाः 'अयं मग्गो'।
४. स्याममाः 'निब्बानं पि'।
५. बर्मीमाः 'अवेक्खिं हं'; सिंहल र रोमनमाः 'अपेक्खि हं'।
६. स्याममाः 'अहम्हि'।
७. स्याम र रोमनमाः 'मे'।
८. बर्मीमाः 'कीसा'।
९. बर्मीमाः 'गोतमि'।
१०. स्याम र रोमनमाः 'सुविमुत्तचित्ता'।
११. सिंहलमाः 'अभणी'।

Downloaded from http://www.dhamma.digital

सत्संगत गर्दा मूर्ख पनि पण्डित हुन सक्छ भनी बहाँले (भगवान् बुद्धले) सत्वलोकलाई उद्देश्यगरी कल्याण मित्रको वर्णना गर्नु भएको छ[१]।

२– "सत्पुरुषको सत्संगत गर्नुपर्छ, सत्पुरुषको सत्संगत गर्नाले प्रज्ञा वर्धन हुन्छ अनि सत्पुरुषकै सत्संगत गर्दा सबै दुःखबाट पनि मुक्त हुन सकिन्छ।

३– "सत्पुरुषको सत्संगत द्वारा दुःख दुःख समुदय, दुःखनिरोध तथा अष्टाङ्गिकमार्ग सहित चतुरार्यसत्य ज्ञानलाई पनि जान्न सकिन्छ[२]।

४– "पुरुषदम्यसारथी हुनु भएका भगवान् बुद्धले— 'स्त्री-भाव दुःख हो, सौतेनी हुनु दुःख हो तथा कसै कसैलाई प्रथम प्रसव हुँदा दुःख नै हुन्छ' भनी भन्नु भएको छ।

---

१. कृशागौतमी स्थविरा अरहत् भई अग्रस्थान पनि प्राप्त भइ-सके पछि एक दिन वहाँ एकान्तमा बसिरहनु भएको बेलामा वहाँको चित्तमा आफ्नो जीवनी सम्बन्धी केही सम्मरणहरू भइरहेको बेलामा मनमा उत्पन्न भएका उदगार गाथाहरूको अनुवाद यहाँ गरिदिएको छु। यी गाथाहरू केही आफ्नो जीवनी सम्बन्धी र केही अरू घटनाहरू सम्बन्धी छन्। थेरी. गा. अ. क. पृ. १३९ : किसागोतमीथेरीगाथट्ठकथा।

२. यी तीन गाथाहरू बुद्धले भन्नु भएका उपदेशहरूलाई स्मरण गर्नुहुँदै भन्नु भएको हो। यस बारेमा बु. रा. पृ. ३२२ को सूत्रलाई ध्यानमा राख्नु बेश हुनेछ।

Downloaded from http://www.dhamma.digital

५– " (दुःखमा पीडित भएका स्त्रीहरूले) आफ्नो गर्धन पनि रेट्छन्, सुकुमारी भएर पनि विष खान्छन्, प्रसव हुन नसकी दुवैले (आमा हुने र गर्भको बालकले) व्यसनको अनुभव पनि गर्छन्[१] ।

६-७– "प्रसव हुनकोनिमित्त (घर) गइरहेको बेलामा बाटैमा बालक जन्माई आफ्नो घरमा न पुग्दै बाटैमा पति मरेको, दुवै पुत्रहरू पनि बाटैमा मरी आमा बाबुहरू तथा भाइ समेत चितामा जलेको कारणले कृपण भएकी स्त्रीलाई पनि मैले देखें[२] ।

---

१. यी दुइ (४ र ५) गाथाहरू, एक यक्षिणीले आफूले अघि भोग गरेका दुःखका कुराहरू भगवान्लाई सुनाएकी थिई । कृशागौतमी भिक्षुणीले पनि सोही स्त्रीका दुःखका कुरालाई स्मरण गरी बताउनु भएको हो भनी थेरी. गा. अ. क. पृ. १४१ मा समुल्लेख भएको छ ।

२. स्त्रीहरूलाई हुने दुःखहरू सम्झनु हुँदै पटाचारा स्थविराले यसै जीवनमा भोग्नु भएका कारणहरूलाई पनि स्मरण गर्नु भई वहाँले यी (६ र ७) दुइ गाथाहरू भन्नु भएको हो । थेरी. गा. अ. क. पृ. १४१ । यसरी स्त्री-दुःख सम्बन्धका कुराहरू स्मरण गर्नु भई अघि अघि आफूले पनि भुक्तभान पाएका केही कुराहरू बताउनु हुँदै आफूले आफैलाई अन्य पुरुषको रूपमा तलका गाथाहरू भन्नु भएको हो । थेरी. गा. अ. क. पृ. १४१

Downloaded from http://www.dhamma.digital

८– "कृपण हीन कुलमा तिमीले अप्रमाण दुःखहरू भोगगरि-सक्यौं, अनेक सहस्र जन्महरूमा तिमीले कैयौं आँसु बगाइसक्यौ ।

९– "श्मशानको बीचमा तिमी बसीसक्यौ, पुत्रमांस पनि तिमीले खाइसक्यौ, कुलनाश भई सबैले निन्दा गराई, विधवाभई तिमीले अमृत प्राप्त गर्‍यौ ।

१०– "मैले अमृतगामिनी आर्यअष्टाङ्गिक मार्गको भाविता गरिसकें; निर्वाण साक्षात्कार गरी धर्मको ऐना हेरिसकें ।

११– "रागादि शल्यबाट दूर भएं, गर्नुपर्ने गरीसकें, मार बिसाइ सकें भनी विमुक्तचित्त भएकी। कृशागौतमी स्थविराले यी कुराहरू भन्नु भयो ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल पालि—

४–कृशागौतमी स्थविरापदान

पद्मोत्तर बुद्ध

१– " [1]यहाँदेखि एकलाख कल्प अघि सबै धर्ममा पारङ्गत हुनु भएका पदुमोत्तर (पदुमुत्तर) भन्ने जिननायक उत्पन्न हुनुभयो ।

२– "त्यस बखत म, हंसवती नगरको एक कुलमा जन्मेकी थिएँ; वहाँ नरवरकहाँ गई वहाँको शरणमा गएँ[2] ।

३– "मैले वहाँको चतुसत्ययुक्त, मधुर तथा परम स्वादवाली, संसारबाट विमुक्ति गरी शान्ति सुख ल्याइदिने धर्म पनि सुने ।

४– "त्यस बखत वहाँले एक रूक्षचीवर धारिणी भिक्षुणीलाई अग्रस्थानमा राखी वर्णना गर्नु भयो ।

---

१. थेरी. अप. दा. पा. पृ. २३९ : किसागोतमीथेरीअपदानं ।

२. "तदाहं हसवतियं, जाता अञ्ञतरे कुले ।
उपेत्वा तं नरवरं, सरणं समुपागमिं ।।" थेरी. अप. दा पा. पृ. २३९

Downloaded from http://www.dhamma.digital

५-६– 'भिक्षुणीको गुणवर्णना सुनी मेरो चित्तमा अत्यधिक प्रीति उत्पन्न भयो र बुद्धको अगाडि अधिकार (=प्रणिधान) गरी, यथाशक्ति, यथाबल मुनिवरलाई सत्कारगरी त्यो स्थानकोनिम्ति प्रार्थना गरें। अनि सम्बुद्धले सो स्थानको अनुमोदन गर्नु भयो।

७-८– 'यहाँदेखि एकलाख कल्पमा, ओक्काक कुलमा गौतम भन्ने गोत्रले लोकमा शास्ता उत्पन्न हुनु हुनेछ। वहाँको धर्मदायाद प्राप्तगरी धर्मनिर्मित औरसपुत्री भई, कृशागौतमी भन्ने नामले शास्ताको श्राविका हुनेछ्यौ।'

९– "यो कुरा सुनी प्रमुदित भई जीवनभर जिन प्रति मैत्री चित्त राखी, विनायकलाई प्रत्ययहरूद्वारा परिचर्या गरें।

१०– "त्यस सु-कृत्य कर्मद्वारा र चेतना प्रणिधीद्वारा मनुष्य देह छाडी त्रयस्त्रिंश लोकमा गएँ।

काश्यप बुद्ध

११– "यस भद्रकल्पमा काश्यप भन्ने गोत्रमा उत्तम धर्मोपदेश गर्ने, महायशस्वी तथा ब्रह्मबन्धु हुनु भएका बुद्ध उत्पन्न हुनुभयो।

१२-१३– "त्यस बखत वाराणशीका किकी भन्ने नरेश्वर राजा वहाँको (काश्यप बुद्धको) उपस्थाक हुनुहुन्थ्यो। म वहाँकी धर्मा भन्ने पाँचौ छोरी भएकी थिएँ; जिनाग्रको उपदेश सुनी प्रव्रजित हुन चाहेकी थिएँ।

Downloaded from http://www.dhamma.digital

१४-१५– "किन्तु हाम्रा पिताले अनुमति दिनु भएन र हामीहरू घरमा बसी **बीसहजार वर्षसम्म** अप्रमत्त भई, कौमारी ब्रह्मचर्य पालन गरी, हामी सात कन्याहरू सुख समृद्धमा हुर्की, प्रमुदित भई हामीले बुद्धको निरन्तर उपस्थान गर्‍यौं ;

१६– " (ती सात कन्याहरू)—**श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा** र सातौं **सङ्घदायिका** हुन् ।

१७– "(अहिले हामीहरू) **क्षेमा, उत्पलवर्णा, पटाचारा, कुण्डलकेशा, मा, धर्मदिन्ना** र **विशाखा** समेत गरी सात हौं ।

१८– "ती सुकृत्य कुशल कर्मद्वारा, चेतना प्रणिधीद्वारा मनुष्य देह छाडी **त्रयस्त्रिंश** लोकमा गएँ ।

वर्तमान कथा

१९-२०– "यो अन्तिम जन्ममा म एक सेठको कुलमा जन्मेकी थिएँ, तर पछि धन नाश भएर गरीब भएँ; किन्तु पछि स-धन कुलमा गएँ । मेरो पति एक जनाले बाहेक अरू सबैले मलाई गरीब, निर्धनी भनी हेर्दथे; जब म प्रसूति भएँ तब सबैको दयापात्र भएँ[१] ।

---

१. "पच्छिमे च भवे दानि, जाता सेट्ठिकुले अहं ।
दुग्गते अधने नट्ठे, गता च सधनं कुलं ॥
"पतिं ठपेत्वा सेसा मे, देस्सन्ति अधना इति ।
यदा च पसूता आसिं, सब्बेसं दयिता तदा ॥" थेरी. अप. दा. पा. पृ. २४०

Downloaded from http://www.dhamma.digital

२१-२२– "जब त्यो काखमा सुख समृद्ध भएको कोमल तरुण बालक छातिमा काँढा बिजेको झैं यमको वशमा गयो तब म शोकले विह्वल भई, मृत कुणपलाई लिई, दीन-दुःखी भई, गहभरी आँसुपारी विलापगर्दै बाटामा हिंड्न थाले[१] ।

२३– "त्यस बखत मलाई देखेर एक जनाले बताए बमोजिम श्रेष्ठ भैषज्यविद्कहाँ गई— 'भो ! पुत्रसञ्जीवनी औषधी दिनुहोस्' भनी विन्ति गरें[२] ।

२४– "विनयन उपाय कुशल हुनु भएका जिनले मलाई— 'तिन घरमा मरण भएको छैन त्यस घरबाट सर्षौं लिएर आऊ' भनी भन्नु भयो[३] ।

---

१. "यदा सो तरुणो भद्दो, कोमलको सुखे धितो ।
सपाणमिव कन्तो मे, तदा यमवसं गतो ।।
"सोकट्टा दीनवदना, अस्सुनेत्ता मुखम्मुखा ।
मत कुणपमादाय, विलपन्ती गमामहं ।।" थेरी. अप. दा. पा. पृ. २४१

२. "तदा एकेन सन्दिट्ठा, उपेत्वा भिसक्कुत्तमं ।
अवोच देहि भेसज्जं, पुत्तसञ्जीवनं ति भो ।।" थेरी. अप. दा. पा. पृ. २४१

३. "न विज्जन्ते मता यस्मिं, गेहे सिद्धत्थकं ततो ।
आहरा ति जिनो आह, विनयोपायकोविदो ।।" थेरी.अ प. दा. पा. पृ २४१

Downloaded from http://www.dhamma.digital

२५– "अनि श्रावस्तीमा जाँदा मैले त्यस्तो घर पाउन सकिन; 'त्यस्तो घरबाट कहिले सर्यौं पाउन सकिएला र !' भनी भनेको सुने पछि मलाई होश आयो[१] ।

२६– "अनि कुणप-मृत शरीर छाडी लोकनाथकहाँ गएँ, टाढैबाट देखेर वहाँले मधुरस्वरले मलाई यस्तो भन्नु भयो[२]—

२७– "उदयव्ययलाई नजानीकन शयवर्ष जिउनुभन्दा, उदय-व्ययलाई जानेर, देखेर एकै दिन भए पनि जिउनु श्रेयस्कर छ[३] ।

२८– 'यो अनित्यता भनेको न ग्रामको मात्र धर्म हो, न निगमको मात्र धर्म हो, न त कुनै एक कुलकै मात्र धर्म हो—यो त

---

१. "तदा गमित्वा सावत्थिं, न लभिं तादिसं घरं ।
कुतो सिद्धत्थकं तस्मा, ततो लद्धा सतिं अहं ।।" थेरी. अप. दा. पा. पृ. २४१

२. "कुणपं छड्डयित्वान, उपेसि लोकनायकं ।
दूरतो व ममं दिस्वा, अवोच मधुरस्सरो ।।" थेरी. अप. दा. पा. पृ. २४१

३. "यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।
एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ।।" थेरी. अप. दा. पा. पृ. २४१

Downloaded from http://www.dhamma.digital

सबै लोकको मात्र होइन बल्कि देवताहरू समेतको पनि धर्म हो[१] ।'

२९-३०– "यी गाथाहरू सुनेर सो मैले **धर्मचक्षु विशुद्ध पारें**, अनि सद्धर्म जानिसके पछि अनगारिकामा प्रव्रजित भएँ। त्यसरी प्रव्रजित भइसके पछि जिन शासनमा दत्तचित्त भई चीरकाल न बित्दै मैले **अरहत्व प्राप्तगरें**[२] ।

३१– "ऋद्धि र दिव्यश्रोतलाई आपनो वशमा राखें, **शास्ताको शासनकारी भई** परचित्तलाई पनि जानें ।

३२– "दिव्यचक्षुलाई विशुद्ध पारी पूर्वनिवासलाई पनि जानें, सबै आस्रवहरूलाई क्षयगरी विशुद्ध र निर्मल पनि भएँ ।

---

१. "न गाम धम्मो निगमस्स धम्मो,
न चापियं एककुलस्स धम्मो ।
सब्बस्स लोकस्स सदेवकस्स,
एसेव धम्मो यदिदं अनिच्चता ।। थेरी. अप. दा. पा पृ. २४१

२. "साहं सुत्वानिमा गाथा, धम्मचक्खुं विसोधयि ।
ततो विञ्ञातसद्धम्मा, पब्बजि अनगारियं ।।
तथा पब्बजिता सन्ती, युञ्जन्ती बुद्धसासने ।
न चिरेनेव कालेन, अरहत्तमपापुणि ।।" थेरी. अप. दा. पा. पृ. २४१

Downloaded from http://www.dhamma.digital

३३– "मैले शास्ताज्ञाई चिनिसकें, बुद्ध शासनलाई पूरागरें, गर्नुगो भारलाई बिसाइसकें र भवजाललाई पनि छेदन गरिसकें।

३४– "जुन कारणकोनिमित्त घरछाडी अनगारिकामा प्रव्रजित भएको थिएँ सो मेरो अर्थ पनि पूरा भयो, सबै संयोजनहरू पनि क्षीण भए।

३५– "बुद्ध श्रेष्ठको प्रतापले अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाणमा मेरो ज्ञान विशुद्ध तथा निर्मल छ।

३६– "धूलो फ्याँक्ने ठाउँबाट, मसानबाट तथा सडकहरूबाट बटुली ल्याएका कपडाहरूद्वारा सङ्घाटी बनाई रूक्षचीवर धारण गर्छु[१]।

३७– "यस गुणमा प्रसन्न हुनु भएका जिन विनायकले परिषद्को बीचमा रूक्ष-चीवर धारिणीहरूमध्येमा मलाई अग्रस्थानमा राख्नु भयो[२]।

---

१. "सङ्कारकूटा आहित्वा, सुसाना रथिया पि च।
ततो सङ्घाटिकं कत्वा, लूखं धारेमि चीवरं॥" थेरी. अप. दा. पा. पृ. २४२

२. "जिनो तस्मि गुणे तुट्ठो, लूखचीवरधारणे।
ठपेसि एतदग्गम्हि, परिसासु विनायको॥" थेरी. अप. दा. पा. पृ. २४२

Downloaded from http://www.dhamma.digital

३८-४०— "क्लेशलाई भस्म पारिसकें,...अनास्रवी भई विहार गर्छु,... । बुद्धको अगाडि मेरो स्वागत नै छ,...बुद्ध शासन पनि पूरा गरें । चार प्रतिसम्भिदा प्राप्त गरें,[१]...बुद्धको शासन पूरा गरें ।"

Dhamma.Digital

१. माथि पृ. ४४४ को गा. नं. ५२–५४ दोहऱ्याई पढ्नू ।

Downloaded from http://www.dhamma.digital

१३. सिङ्गालकमाता स्थविरा

परिचय

सिङ्गालकमाता वा सिगालमाता राजगृहको एक धनाढ्य कुलगृहमा जन्मेकी थिइन् । बैंश पुगेपछि यिनको विवाह राजगृहकै एक सेठकुलमा भयो । यिनको एक पुत्र थियो । जसको नामै 'सिङ्गालक' वा 'सिगाल' रहेको थियो । यसै कारणले गर्दा यी दम्पत्तिहरूका नाम पनि 'सिङ्गालकपिता' र 'सिङ्गालकमाता' भन्ने रहन गएको हो[१] ।

सिङ्गालक पुत्रको मनमा बुद्ध-धर्म प्रति श्रद्धा थिएन । सिङ्गालकमाता र सिङ्गालकपिताहरू भने बुद्ध-धर्ममा श्रद्धा राख्दथे ।

सिङ्गालकपुत्रलाई बुद्धकहाँ पठाउन नसकेको कारणबाट सिङ्गालकमाताहरू चिन्तित थिए । "विहारमा जाँदा भिक्षुहरूलाई घुँडाको कपडा फाट्ने गरी घुँडाटेकी वन्दना गर्नुपर्छ । उपदेश सुनेर श्रद्धा भए पछि धन खर्च गरी दानदिन पर्ने हुन्छ" भन्ने आदि कुराहरू

---

१. अं. नि. अ. क. I. पृ. २०६: एककनिपातवण्णना, सिगालमाता ।
दी. नि. अ. क. II. पृ. ६८६ : सिगालसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

सोचो सिङ्गालकपुत्र विहारमा जान चाहन्थे। आमा बाबुहरू मने दिनहुँ झैं बुद्धकहाँ गई उपदेश सुनी समय समयमा बुद्ध प्रमुख भिक्षुसङ्घलाई दान पनि दिन्थे।

एक दिन, मरण हुन लागेको सिङ्गालकपिताले मरण-शय्यामा बसी पुत्र सिङ्गालकलाई नित्य छदिशाहरू नमस्कार गर्ने अति दिए। मरण हुने बेलामा भनेको पिताको वचन पालन गर्दै सिङ्गालकपुत्रले सधैं नदीमा गई नुहाइ धुवाइ गरी छदिशाहरूलाई नमस्कार गर्न थाले। पछि बुद्धले सो सिङ्गालकपुत्रलाई छदिशा नमस्कार गर्ने त्यसो होइन भनी उपदेश सुनाई उनलाई बुद्धधर्ममा दिक्षित गराउनु भयो[1]। यसै कुराको संस्मरणमा सिङ्गालकमाता स्थविराले थेरीअपदानपालिमा स्वयं यसरी उल्लेख गर्नु भएको छ—

"पुत्तो सिङ्गालको नाम, ममासि विपथे रतो।
दिट्ठिगहनपक्खन्दो, दिसापूजनतप्परो॥

---

